CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन

मुक्तिनाथ घिमिरे

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सास्कृतिक अध्ययन केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन

मुक्तिनाथ घिमिरे

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक	:	नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र
प्रकाशन मिति	:	२०७५ बैशाख १ गते (अभिनव वर्ष)
अनुदान	:	राजसभाका पूर्व सदस्य सम्माननीय शेरबहादुर प्ल्हन लामिछाने गुरूङज्यूको आर्थिक अनुदानबाट प्रकाशित
सर्वाधिकार	:	प्रकाशकमा
आवरण चित्र	:	लमजुङ, दुराडाँडास्थित सिँदुरे दुङ्गा
प्रकाशित प्रति	:	१०००
मूल्य	:	रू. ४००।-, संस्थागत रू. ५००।-
कम्प्युटर सेटिङ	:	टेकनाथ पाण्डेय
मुद्रक	:	आवृत्ति छापाखाना प्रा.लि. बागबजार, काठमाडौं, फोन : ०१-४१६७५७१
ISBN NO.	:	978-9937-0-6093-6

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

राजसभाका पूर्व सदस्य राजनीतिज्ञ, समाजसेवी,
संस्कृतिविद् तथा साहित्यकार सम्माननीय शेरबहादुर प्ल्हन
लामिछाने गुरुङज्यूका पूजनीय पिताज्यू ब्रिटिश सरकारबाट
I.O.M विभूषण र नेपाल सरकारबाट गोरखा दक्षिणवाहु
विभूषणद्वारा विभूषित, नेपाल भूतपूर्व सैनिक संगठन ,
लुम्बिनी अञ्चल सभापति तथा केन्द्रीय सदस्य,
समाजसेवी एवं शिक्षाप्रेमी सुवेदार मेजर
श्रीमान् जितबहादुर प्ल्हन लामिछाने गुरुङज्यू तथा
ममतामयी माता
श्रीमती नौली प्ल्हन लामिछाने गुरुङज्यूको
दिवंगत आत्माको
चिरशान्ति एवं पुण्यस्मृतिमा
समर्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ श्रीः ॥

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥
ॐ शान्ति : । शान्तिः ॥ शान्ति : ॥।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुवेदार मेजर जितबहादुर गुरुङ एवं श्रीमती नौली गुरुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य



शेरबहादुर गुरूङ

लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका १, जिता, रायपाली निवासी श्री मुक्तिनाथ घिमिरेले अत्यन्त मेहनतका साथ 'नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन' नामक अनुसन्धानमूलक पुस्तक तयार गर्नु भएको छ। यस पुस्तकलाई मुख्य रूपमा चार अध्यायमा विभाजित गरिएको छ। पहिलो अध्यायमा लमजुङको भौगोलिक अवस्थिति र ऐतिहासिक पृष्ठभूमिको बारेमा उल्लेख गरिएको छ। दोस्रो अध्यायमा लमजुङमा बोलिने गरेका भाषा, लमजुङका स्रष्टा र साहित्यको बारेमा उल्लेख गरिएको छ। साथै गैरसाहित्विक लेखकहरू र तिनका रचनाहरूलाई समेत चिनाउने काम भएको छ। तेस्रो अध्यायमा नेपालका अल्पसङ्ख्यक आदिवासी दुरा जातिको न्वारान, पुटपुटे, गुन्यूचोलो दिने, विवाह आदि जन्मदेखि मरणसम्मका संस्कारहरूको विवरण उल्लेख गरिएको छ। त्यसैगरी सोही समाजमा प्रचलित घाटु, सोरटी, कृष्णचरित्र जस्ता संस्कृतिलाई चिनाउने काम पनि भएको छ। पुसेपन्धमा खाजा खाने, महाशिवरात्रिको अवसरमा कर्पुटारका ईशानेश्वर महादेवमन्दिर परिसरमा ठाडोभाका गीत गाउने र छेलो हान्ने, चैतेदसैँको अवसरमा तुर्लुङकोट कालिकामन्दिर परिसरमा ठाडोभाका गीत गाउने र छेलो हान्ने परम्परा रहिआएको कुरालाई पनि यसमा समावेश गरिएको छ। त्यसका साथै हरेक वर्ष तीजको दर खाने दिनमा सियो राख्ने (गाउँका तन्नेरी-तरूनीका उपनाम राख्ने) र जिउती लेख्ने परम्परा पनि छ। त्यसका अतिरिक्त दुरा समाजमा प्रसिद्धि कमाएका व्यक्तिहरूको पहिचान गराउने काम पनि भएको छ। लमजुङे ठाडो भाकाका स्रष्टा, लोकगायक देउबहादुर दुरालाई चिनाउँदै अत्यन्त मार्मिक ढङ्गले उनका गीतको महत्व दर्शाइएको छ। चौथो अध्यायमा नेपालको माध्यमिक कालीन सभ्यता अर्थात् बाइसी चौबिसी राज्यकालको लमजुङको परिवेशलाई चिनाउने काम भएको छ। यसभित्र तत्कालीन लमजुङ राज्यका ऐतिहासिक,पुरातात्विक एवम् सांस्कृतिक महत्वका वस्तुहरूको अभिलेखीकरण गरिएको छ। वि.सं. १५५० मा यशोब्रह्म शाहलाई लमजुङको राजा स्थापना गरिएको थियो। यशोब्रह्म शाहलाई कास्कीकोटबाट लमजुङमा ल्याउँदाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झलक दुराडाँडाको च्यानपाटा स्थित खजे दुराको सालिक आफै बोलेको छ। लमजुडमा सालिक स्थापना गर्ने परम्पराको थालनी यसै सालिकबाट सुरूवात भएको हो। यी सबै कुरा यस पुस्तकमा उल्लेख गरिएको छ। यशोब्रह्म शाह लमजुड राज्यको राजा भएपछि राज्यको तर्फबाट स्थापना गरिएका अनेकौँ शक्तिपीठहरू र तिनको पूजाव्यवस्थापनको बारेमा पनि चर्चा गरिएको छ। राज्यको तर्फबाट शक्तिपीठहरू स्थापना गरेको सिको गरेर दुनियाँदारले पनि विभिन्न ठाउँमा शक्तिपीठहरू स्थापना गरी पूजाआजाको व्यवस्था मिलाएको कुरा पनि यसमा उल्लेख गरिएको छ। यशोब्रह्म शाहले राज्य सञ्चालन गरेपछि राज्यको तर्फबाट स्थापना गरिएका मुख्य आठ वटा कोटहरूको विवरण तिनको पूजा व्यवस्थापन र दसैँमा मौलो पूजा गर्ने परम्परालाई पनि यहाँ उल्लेख गरिएको छ। अनेकौँ कोट, गढी र गाँडाको महत्वलाई उजागर गर्ने काम पनि यसमा भएको छ। वि.सं. १५५० भन्दा अगाडिको घले शासकहरूका पालाको सभ्यता र परम्परालाई समेट्दै शाहवंश कालको लमजुड राज्यको गतिविधि, वि.सं. १८३९ मा लमजुड राज्य विशाल नेपालमा समाहित भइसकेपछिको अवस्थालाई समेत समेटिएको छ। लमजुड राज्यको मर्स्याङ्दी नदीदेखि पूर्वी क्षेत्र घेर्मुका अन्तिम घले राजा फैँचन घले र पश्चिमी क्षेत्र घलेगाउँका अन्तिम घले राजा क्याल्पो रोजुका सभ्यता एवम् परम्पराका कुरा पनि यसमा समेटिएका छन्।

बाग्लुमपानीको शिशिरढुङ्गामा कालु शाह र नारायण दुरालाई मारिनु, ठूलोस्वाँराको ठूलो ढुङ्गामा यशोब्रम्ह शाहलाई सिँदुरजात्रा गरेर राजा स्थापना गराउनु, ज्योतिषविद् एवम् वेद विशारद कुश्माखर घिमिरेले अभिमन्त्रित जलले अभिषेक गर्नु,बालुवाबेसी कूटकाण्ड सफल पारिनु, गाउँशहर र बेसीशहरलाई वर्षे र हिंउदे राजधानी कायम गराउनु,राज्यलाई व्यवस्थित गराएपछि राजगुरू कुश्माखर घिमिरेको अवधारणा अनुसार माथिल्लो पाताको अग्रभागमा सूर्य र तल्लो पाताको पृष्ठ भागमा चन्द्रमाको आकृति भएको लमजुड राज्यको झण्डा बनाउनु, भारदार खजे दुराको सहयोगमा कोटको सुव्यवस्था मिलाउनु नरपति शाहलाई बाहुनडाँडाको रजौटो बनाउनु, द्रव्य शाहलाई राइनासकोटको रजौटो बनाउनु, गोरखनाथबाट द्रव्य शाहले आशीर्वाद पाउनु, आफ्नै चलखेलले उनी गोरखा राज्यको राजा बन्नु, गोरखा कालिका र गोरखनाथको स्थापना गरी पूजाको व्यवस्था मिलाउनु, सोही वंशमा नेपालका देदीप्यमान नक्षत्र पृथ्वीनारायण शाहको जन्म हुनु, उनी हुर्के बढेर नेपालको एकीकरण अभियान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलाउनु, गोरखाबाट काठमाडौँमा राजधानी सार्नु, उनका शेषपछि राजेन्द्रलक्ष्मी र बहादुर शाहले त्यस अभियानलाई निरन्तरता दिनु, वि.सं. १८३९मा लमजुड राज्यलाई विसाल नेपालमा समाहित गराउनु, तत्कालीन लमजुडे राजा वीरमर्दन शाह र उनका समर्थकहरूले रातको समयमा गाउँशहर स्थित लमजुड दरबारका महत्वपूर्ण सामग्री लिएर बाङ्ग्रेमा गई बसोबास गर्नु, त्यहीँ इष्टदेवी कालिका स्थापना गरी राजराजेश्वरी नामकरण गर्नु, धेरै जमिन गुठीमा राखी तिनको पूजा व्यवस्थापन मिलाउनु, बाङ्ग्रेमा गएपछि तखतहरण नामक ठेली तयार गर्नु, सोही ठेलीमा यशोब्रह्म शाहका पालादेखि लमजुडे शाहवंशका राज्य सुव्यवस्थापनका लागि गरिएका महत्वपूर्ण कार्यको अभिलेखीकरण गर्नु, फेरि सोही ठेलीमा राज्य हरण हुँदाका घटना विवरणको अभिलेखीकरण गर्नु महत्वपूर्ण पक्ष हुन् । चारै वटा अध्याय सकिएपछि ती सबैको सारांशको रूपमा उपसंहार खण्ड प्रस्तुत गरिएको छ । त्यसका साथै परिशिष्ठ, चित्रसूची र सन्दर्भ सामग्री समेत राखिएको छ ।

अनुसन्धान क्षेत्रका दृष्टिले हेर्दा सामान्यतय पूर्वमा चेपे(चम्पावती नदी) र चक्रतीर्थ, पश्चिममा मादी नदी र ईशानेश्वर महादेव, उत्तरमा जगात तथा ताल एवम् दक्षिणमा चेपेघाट, तार्कुघाट र शिशाघाटलाई समेटिएको छ । त्यसका अतिरिक्त पूर्वमा गोरखा हुँदै काठमाडौँसम्मको झलक पनि देखाइएको छ । पश्चिमोत्तरतर्फ तत्कालीन आठ वटा कोटमध्येको एउटा बलियो किल्लाको रूपमा रहेको याङ्जाकोट र त्यसको सेरोफेरोलाई समेत समेटिएको छ । पुरातात्विक महत्वका वस्तुहरू सुन्दरबजार स्थित बरेटारको पौवा, कुन्छाभन्ज्याङको पौवा तथा जितामा अवस्थित सातधारेको पँधेरो जस्ता वस्तुहरूलाई पनि महत्वका साथ चिनाउने काम भएको छ । यशोब्रह्म शाहलाई लमजुङको राजा बनाउन कास्कीबाट चाँदीको जाबीमा बोकेर ल्याउने खजे दुराको पूर्णकदको सालिक २०३३सालमा दुराडाँडाको च्यानपाटामा खडा गरिएको छ । यशोब्रह्म शाहलाई ठूलोस्वाँराको एउटा ठूलो ढुङ्गामाथि बसालेर सिँदुरजात्रा गरिएको थियो । राजगुरू कुशमाखर घिमिरेले अभिमन्त्रित जलले उनलाई अभिषेक दिएका थिए । २०७१ सालमा पुस्तुन बाहुनडाँडामा कुशमाखर घिमिरेको अर्धकदको सालिक खडा गरिएको छ । जाबीमा बोकिएर आई लमजुङको राजा भएका व्यक्ति यशोब्रह्म शाहको अर्धकदको सालिक चाहिँ २०७५ सालमा गाउँशहरको लमजुङ दरबार परिसरमा स्थापना गरिएको छ । यी सबै कुरा यस पुस्तकमा समेटिएका छन् । तसर्थ यस पुस्तकका लेखकको अर्जुनदृष्टि ज्यादै गहिराइमा पुगेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब व्यक्ति लेखकतर्फ फर्केर हेर्दा: लेखक गैरजनजातिको ब्राह्मणको छोराले जनजातिको भाषा तथा संस्कृति जस्तो अमूल्य सम्पत्तिको सुरक्षा गरिदिनु ज्यादै सराहनीय काम भएको छ। अल्पसङ्ख्यक आदिवासी दुरा जातिको लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणका साथ उजागर गर्दै जाने कार्यलाई महान् सम्झनुपर्दछ। त्रिभुवन विश्वविद्यालयको विद्यार्थी हुँदा वि.सं. २०४९ सालमा स्नातकोत्तर तहमा दुरा जातिको भाषा र संस्कृतिका बारेमा शोधपत्र बुझाएर नेपालमा दुरा जाति छ, साथै त्यस जातिको भाषा तथा संस्कृति यस्तो हुन्छ भनी विश्वविद्यालय स्तरमा पुऱ्याउने पहिलो व्यक्ति उहाँ नै हुनुहुन्छ। तसर्थ दुरा जातिको भाषा र संस्कृति संरक्षण सम्बन्धी तयार गरिएको पहिलो अभिलेख सोही शोधपत्र नै हो। साझा प्रकाशनबाट प्रकाशित भएको गरिमा, नेपाल प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित भएको सयपत्री, गोरखापत्र संस्थानबाट प्रकाशित भएको मधुपर्क तथा नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय सांस्कृतिक अध्यायन केन्द्रबाट प्रकाशित भएको मिलन बिन्दु जस्ता उच्च कोटिका धेरै पत्रपत्रिकामा दुरा भाषा तथा संस्कृतिकाबारेमा उहाँका लेख रचना पढ्न पाइन्छ। सायद यो जाति नेपालभर चिनिएको पनि छैन होला। जापानी भाषाशास्त्री सियोसी तोबाद्वारा सम्पादित बिब्लियोग्राफी अफ नेप्लिज ल्याङ्ग्युएज एन्ड लिङ्ग्युइस्टिक (Bibliyography of nepalese Languastic and linguistic) नामक पुस्तकको नवौँ संस्करणमा दुरा जाति र तिनको भाषालाई चिनाउने काम पनि यसै पुस्तकका लेखकबाट भएको छ। त्यसैगरी युनेस्को (UNESCO) ले प्रकाशित गरेको भाषिक एटलास (Linguistic Atlas) मा दुरा जातिका विभिन्न पक्षको अभिलेख राख्न लगाउने काम पनि लेखकबाट नै भएको छ। दुरा भाषाको वर्णमाला नामक पुस्तक पनि उहाँले प्रकाशित गरिसक्नुभएको छ। उहाँले दुरा भाषाको शब्दावली पनि तयार गर्नुभएको छ। २०४९ सालमा स्नातक तहमा रहँदा पेस गरेको शोधपत्रले कोसेढुङ्गाको काम गऱ्यो। पछिल्लो समयमा सोही शोधपत्रलाई भऱ्याड बनाएर उहाँ अघि बढ्दै आउनुभयो। पछिल्लो समयमा उहाँ भाषा आयोगमा विज्ञको रूपमा रहेर काम गर्न थाल्नुभयो। नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन भनी किताबको नामकरण गरी लमजुडका कोट,गढी, शक्तिपीठहरूको विवरण राखेर नेपाल राष्ट्रको प्रारूप निर्माणमा लमजुडेहरूको महत्वपूर्ण भूमिका रहेको कुरा पनि यस पुस्तकमा उल्लेख छ। नेपाली राष्ट्रियताको परिवेशमा अरू सबै कुरा राखेर दुरा समुदायको सांस्कृतिक जीवनको पाटोलाई शीर्षकमा जोड दिइएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। दुरा जातिको भाषालाई एक हातले र संस्कृतिलाई अर्को हातले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा चिनाउन अघि बढ्ने लेखकले दुबै हातले धनु चलाउने महाभारतका अर्जुनको भूमिका निर्वाह गर्नुभएको छ। उहाँले कहिल्यै तिर्न नसक्ने गरी दुरा जातिलाई गुन लगाउनु भएको छ। दुरा जातिलाईमात्र होइन। एकातिर लमजुडको अमूर्त सम्पदालाई उजागर गरी मातृभूमिको ऋण चुक्ता गर्नुभएको छ भने अर्कातिर सोही कार्यले लमजुडे समाजलाई धेरै गुन लगाउनुभएको छ।

प्राज्ञिक दृष्टिले हेर्दा इतिहास, संस्कृति, पुरातत्व, भाषा, साहित्य, समाजशास्त्र, मानवशास्त्र तथा पर्यटनसँग सम्बन्धित विद्यार्थीहरू तथा अन्य जुनसुकै अध्येताका लागि पनि यो पुस्तक उपयोगी हुनेछ।

मेरा हजुरबुबा बालासिंह प्लहन गुरूङले फलामसँग भेडाको ऊन साट्ने पेसामा लमजुङको कर्पुटार जाँदा छेलो फाल्ने प्रतियोगितामा भाग लिंदा आफू विजय भएको कुरा मलाई सुनाउनुभएको थियो।

यस पुस्तक प्रकाशन गर्ने अवसर दिनुभएकोमा नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कार्यकारी निर्देशक वरिष्ठ संस्कृतिविद् डा. जगमान गुरूङज्यू, कम्प्युटर सेटिङमा सहयोग गर्ने टेकनाथ पाण्डेय, आवृत्ति छापाखानाका केदार अधिकारी र सहयोगीहरूलाई धन्यवादसहित आभार व्यक्त गर्न चाहन्छु।

पूर्व राजसभा सदस्य
सम्माननीय शेरबहादुर गुरूङ
मणिगाउँ दादरा
महाशिला गाउँपालिका, वडा नं. ६, फलामखानी
पर्वत जिल्ला, गण्डकी प्रदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शुभाशिक

भाषा संस्कृतिका अध्येता विद्वान् मुक्तिनाथ घिमिरेबाट तयार गरिएको नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन नामक अनुसन्धानमूलक पुस्तक सरसर्ती पढेँ। लोप हुनबाट जोगाउँदै दुरा जातिको अध्ययन पनि यसमा छ। जुन जातिका द्यौबहादुर दुराले नेपाली लोकगीतमा आफ्ना छाप छोडेका छन् र वर्तमानमा पनि विमाकुमारी दुराले आफ्नै नेपाली लोकगीत गाएर नेपाल राष्ट्रलाई मुग्ध पारेकी छन्। यस अध्ययनमा लमजुङको इतिहास र पुरातत्त्वको संक्षिप्त चर्चा समावेश छ। यति महत्त्वपूर्ण भाषा संस्कृतिको अध्ययनको निम्ति भाइ मुक्तिनाथप्रति हार्दिक शुभाशिक प्रदान गर्दछु।

यस्तै कार्याबाट नै नेपालको संस्कृतिले पूर्णता प्राप्त हुने हो।

राष्ट्रकवि माधव घिमिरे

२०७४/९/३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लमजुङ्को अमूल्य रत्न 'नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन'

लमजुङको दुराडाँडामा केही पुस्ता अगाडि बोलिने दुरा भाषा बोल्न जान्ने श्रीमान् मुक्तिनाथ घिमिरेले त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा प्रा.डा. बल्लभमणि दाहालका गुरुकुलमा "दुरा भाषाको व्याकरणात्मक स्वरूप" भन्ने शीर्षकमा शोधपत्र लेख्नुभएको थियो। दुराडाँडाको छिमेकी गाउँ जितामा जन्मे पनि दुरा भाषा सिक्न मन लाग्ने आफ्नै बाल्यकालको रहरले दुरा भाषा बोल्न जान्नेहरूसँग उहाँले दुरा भाषा बोल्न सिक्नुभएको रहेछ। अनौठो कुरा चाहिँ के भने, दुरा भाषालाई मातृभाषाको रूपमा बोल्नेहरूले पनि आफ्नो मातृभाषा सन्तानमा सार्न होस गरेनछन्। अनि दुरा भाषा बोल्ने आमाबाबुका छोराछोरीलाई पनि आफ्नो पुर्ख्यौली भाषा सिक्ने रहर मुक्तिनाथजीलाई जस्तै लागेनछ। त्यस ऐतिहासिक नाटकीय परिस्थितिले मुक्तिनाथ घिमिरेलाई आज दुरा भाषाका एकमात्र वक्ता बनाएको छ।

मुक्तिनाथ घिमिरे मेरा चेला हुनुहुन्छ। उहाँले दुरा भाषामै पि.एच.डी. गर्ने रहर पनि गर्न भएको छ। छैटौँ दशक काटिसकेका लमजुङकै कुन्छाको श्री शान्ति उच्च माध्यमिक विद्यालयका अवकाश प्राप्त प्राचार्य मुक्तिनाथजीको त्यो रहर र सङ्कल्प पुरा गर्न भविश्यको परिस्थितिले उहाँलाई दिन्छ कि दिँदैन, त्यो त मलाई थाहा छैन, मेरो उहाँलाई शुभकामना मात्र छ, तर दुरा जातिको सांस्कृतिक नासो भएर दुरा भाषा उहाँको मगज र जिब्रामा झुन्डिएको छ। जति छिटो नेपाल राष्ट्रका संस्था र शक्तिले उहाँले मात्र जानेको कुरा भाषा शब्दकोश वा अन्य पुस्तकका ढुङ्ग्रामा पगार्न र निखार्न सक्यो, त्यति मात्रामा उहाँसितको दुरा जातिको यो नासो दुराहरूलाई र नेपाल तथा विश्वलाई बुझाउन सक्नुहुन्छ। घिमिरेजी दुरा भाषा तथा संस्कृति दुबैको ज्ञता हुनुहुन्छ।

मुक्तिनाथजीले जानेको दुरा भाषाको ज्ञानका आधारमा उहाँलाई मात्र आधार बनाएर दुरा जातिका अरू ३०।४० जना सहभागीहरूका बिचमा नेपाल अदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सभाकक्षमा मिति:२०६८ साल वैशाख ३०, ३१ र जेष्ठ १ मा तिन दिन लगाएर भाषाविज्ञानको वर्णवैज्ञानिक प्रविधि प्रयोग गरेर मैले दुरा भाषाको वर्णमाला बनाइदिएँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसमा दुरा भाषाको वर्णको ज्ञान घिमिरेजीकै हो, प्रविधि र विज्ञान मात्र मेरो हो । त्यसै अन्तरक्रियाका आडमा आएका निष्कर्षमा सामाजिक पाटोतर्फ लागेर मुक्तिनाथजीले तयार गर्नुभएको "नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन" नामक यस किताबमा मूल रूपमा दुरा जातिको संस्कार तथा संस्कृतिलाई जोड दिइएको छ । साथै लमजुङ राज्यको माध्यमिककालीन सभ्यताका ऐतिहासिक, पुरातात्त्विक महत्त्वका वस्तुहरूको अभिलेख तयार गर्नु भएको छ । यस पुस्तकले लमजुङ जिल्लाको ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वको प्रतिनिधित्व गर्नेछ भन्ने मैले आसा राखेको छु ।

मुक्तिनाथजीले दुराहरूको यो पहिलो नासो बुझाउनुभयो । दोस्रो नासो बुझाउन उहाँले २०७० वैशाखदेखि दुराहरूलाई बोलचालको दुराभाषा सिकाउने अल्पकालीन कक्षा लिन थाल्नुभएको छ । काठमाडौँ, चितवनको माडी र भरतपुरमा त्यस्तै लमजुङको सुन्दरबजार र कुन्छा तथा तनहुँको स्याम्घा, कास्कीको पोखरा, लमजुङको नेटा जस्ता अनेक ठाउँमा दुराहरूको व्यापक सहभागिताका माझमा उहाँले त्यस्ता तालिम कक्षा लिएर दुराहरूलाई अभूतपूर्व उत्साह जगाउनुभएको छ । साथै संस्कृतिबारे जानकारी पनि लिनु भएको छ । यस पुस्तकमा लमजुङका विभिन्न वस्तु, ठाउँ र धेरै सङ्घसंस्थाहरूलाई समेत चिनाउने काम भएको हुँदा यसको विशेष महत्त्व रहनेछ भन्ने मलाई आसा छ ।

दुरा जातिको संस्कृति र चिनारीको आधार लिएर लमजुङको इतिहास, संस्कृति र पुरातत्त्वको अमूल्य पाटोलाई समेत सकेसम्म धेरै अभिव्यक्ति दिन सक्ने सामर्थ्य र शक्ति नेपाल आमाले मुक्तिनाथ घिमिरेलाई निरन्तर दिऊन् भन्ने मेरो शुभकामना छ ।

प्रा.डा. माधवप्रसाद पोखरेल
सानेपा, ललितपुर
१७ भाद्र २०७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

श्री मुक्तिनाथ घिमिरेज्यू दुरा जातिको भाषा र संस्कृतिको खोज अनुसन्धान एवं श्रीबृद्धि कार्यमा विगत चार दशकदेखि अनवरत् रूपमा लाग्नुभएको छ। उहाँ प्राज्ञिक व्यक्तित्व हुनुहुन्छ। अन्ततः उहाँले "नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन" नामक पुस्तक प्रकाशित गर्न लाग्नु भएको खबर पाउँदा ज्यादै खुसी लागेको छ। भाषा र संस्कृति जातीय पहिचानका धरोहर हुन्। दुरा जातिका पुर्खाहरूद्वारा सिर्जित एवं पुस्तान्तरण हुँदै जीवनशैलीको अभिन्न अङ्गको रूपमा स्थापित दुरा जातिको संस्कृतिको गहनतम् खोज अनुसन्धान गरी पुस्तकाकार दिई त्यसको संरक्षण गर्ने प्रयासद्वारा घिमिरेज्यूले दुरा जातिलाई ठूलो गुन लाउने काम मात्र गर्नु भएन, हामी दुई समूहका पुर्खा क्रमशः कुश्माखर घिमिरे र खजे दुराका बीचको ऐतिहासिक सद्भावलाई पुनः नवीकरण गर्ने गहन कार्य समेत गर्नु भएको छ। उहाँको यस किसिमको लोकहितैषी एवं प्राज्ञिक कार्यलाई म मुक्तकण्ठले प्रशंसा गर्दछु। भविष्यमा पनि यस किमिको खोज अनुसन्धानमूलक तथा सिर्जनात्मक कार्यमा घिमिरेजीको कलम निरन्तर चलिरहने छ भन्ने पूर्ण विश्वास राख्दै उहाँको उत्तरोत्तर प्रगति एवं सुस्वाथ्यको कामना गर्दछु।



गोकुलप्रसाद दुरा
अध्यक्ष, दुरा सेवा समाज
केन्द्रीय कार्यालय
वसुन्धरा, काठमाडौँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

नेपालको जातीय बगैँचा भित्रको लमजुङरूपी गमलामा सजिएको सानो तर मगमगाउँदो एउटा फूल दुरा जाति हो । मानवीय गुण अनुसार लमजुङबाट बसाइँ सरेर विभिन्न जिल्लामा बसोबास गर्दै आएको कुरा सर्वविदितै छ । अन्य विभिन्न जनजातिका मातृभाषा जस्तै यस जातिको पनि आफ्नै मातृभाषा छ । उसैगरी आ-आफ्नै संस्कृति, धर्म तथा परम्परा पनि कायमै छन् । यो जाति संकृतिमा धनी छ । विविध कारणबस प्रयोगमा नल्याउँदा यो जाति आफ्नो मातृभाषामा कताकता अलमलिए जस्तो छ । यस जातिको संस्कृति ज्यादै राम्रो छ । वि.सं. २०३३ साल कार्तिक २० गतेका दिन दुराडाँडाको च्यानपाटामा अवस्थित सर्वोदय माध्यमिक विद्यालयको रजत जयन्ती समारोह थियो । जनकविकेशरी धर्मराज थापा र समालोचक सरदार यदुनाथ खनालको उपस्थिति थियो । उहाँहरू दुबै जनाले संयुक्त रूपमा त्यो समारोहको उद्घाटन गर्नुभयो । सोही विद्यालय परिसरमा दुराहरूका पुर्खा खजे दुराको सालिक पनि खडा गरिएको थियो । उहाँहरू दुबै जनाले संयुक्तरूपमा उक्त सालिकको पनि अनावरण गर्नुभयो । त्यहाँ दुरा जातिका विभिन्न सांस्कृतिक झलकहरू प्रस्तुत गरिएका थिए । सोही समयदेखि दुरा जातिको संस्कृति तथा परम्पराको अध्ययन गर्ने बारेमा मलाई चासो बढेर आएको हो । त्यसको खोजी गर्नुपर्दछ भन्ने बिजबिन्दु मेरो मनमस्तिष्कमा उब्जियो । अनि दुरा समाजका पाका पुराना मानिसहरूसँग दुरासंस्कृतिबारे जिज्ञासा राख्न थालेँ । जन्मदेखि मृत्युसम्मका सबै संस्कार, सबै किसिमका धार्मिक कार्यक्रम, सबै खालका परम्परामा म संलग्न हुन थालेँ । गोठाला, खेताला, पानीपँधेरो, मेलापाता, हाटबजार, लोकगाथाका कार्यक्रम, देवकार्य, पितृकार्य, भोजभतेर आदि सबै क्षेत्रमा मेरो संलग्नता रहन थाल्यो । हरेक व्यवहारमा उनीहरूले संस्कृतिका साथमा अनविज्ञरूपले बोल्ने गरेका शब्दहरू पनि सङ्कलन गर्नथालेँ । खानपिन, नातागोता, साहु-असामी, लत्ताकपडा, भाँडाबर्तन, रीति रिवाज बारे जानकारी लिएँ । भाषा र संस्कृति बीच एकआपसमा सहसम्बन्ध रहन्छ । संस्कृति भित्र भाषा लुकेको हुन्छ भने भाषाले संस्कृतिको प्रतिनिधित्व गर्दछ । यिनै कुरालाई मध्यनजर राखी मैले दुरा जातिको भाषा तथा संस्कृतिको अध्ययन अनुसन्धान गर्न थालेँ । वि.सं. २०४५/२०४७ को शैक्षिक सत्रमा स्नातकोत्तर तहको नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयको आठौँ पत्रको प्रयोजनको लागि "दुराभाषाको व्याकरणात्मक स्वरूप" शीर्षकको शोधपत्र तयार गरी त्रि.वि. कीर्तिपुरमा बुझाएँ। लमजुङमा दुरा संस्कृति सबल छ र दुराभाषा पनि छ भनी त्रि.वि.को ढोका घचघच्याउने सोही शोधपत्र सबैभन्दा पहिलो सामग्री हो। उक्त शोधपत्रमा सांस्कृतिक र भाषिक दुबै पक्षलाई समेटिएको छ। त्यो समयमा मेरा श्रद्धेय गुरु प्रा.डा.श्री वल्लभमणि दाहालज्यूको महत्त्वपूर्ण योगदान रहेको थियो। त्यसैगरी श्रद्धेय गुरु प्रा.डा. श्री माधवप्रसाद पोखेलज्यूको प्रेरणा त्यो समयदेखि अहिलेसम्म अविस्मरणीय छ। यस जातिको मूल पुर्ख्यौली स्थल कुन्छाको दुरा बसेको चौतारोदेखि च्यानपाटाको खजेपार्क सम्म, नेटाको गणेशको मन्दिरदेखि तुर्लुङकोट कालिकाको मन्दिरसम्म र हाँडीखोला बर्धानठाँटीदेखि ठूलोस्वाँराको सिँदुरेढुङ्गासम्मको सेरोफेरो नै मेरो अध्ययन क्षेत्र हो। यो क्षेत्र मेरालागि एउटा विश्वविद्यालय नै हो। यहाँ भित्रको सांस्कृतिक, भाषिक तथा धार्मिक परम्परागत चलिआएको अवस्थाको समष्टिगत स्वरूप मेरो पुस्तकालय हो। यहाँ मैले खोजेका अध्ययनका पत्रा मेरा पुस्तकहरू हुन्। मेरो अनुसन्धानरूपी जिज्ञासाको प्यास मेटाइदिने व्यक्तिहरू मेरा गुरुहरू हुन्। यहाँबाट मैले प्राप्त गरेको ज्ञान पाठ्यांशभित्रको विषयवस्तु हो। यस क्षेत्रका दुराबस्ती भएका साबिक पाँच गाउँविकास समितिहरू (दुराडाँडा, चन्द्रेश्वर, सिँदुरे, नेटा र धुसेनी) सबै वार्ड र प्रत्येक घरपरिवारका सदस्यसँग म सम्पर्कमा पुगेको छु। त्यतिमात्र नभई लमजुङका सबै दुराबस्तीमा पनि पुगेको छु। अन्य धेरै जिल्लामा पुगेर त्यहाँको वस्तुस्थितिबारे पनि जानकारी लिएको छु। तालुको रगत पैताला र पैतालाको रगत तालु गरेर हिंड्दा मेरो शारीरिक परिश्रमको लगानी धेरै भिजेको छ। प्राज्ञिक लगानी उत्तिकै भिजेको छ। समय उत्तिकै खर्चिएको छु। आर्थिक लगानी पनि उत्तिकै भिजेको छ। सोही क्षेत्रको गणेश मालिका माविमा मैले अध्यापन गर्ने भएको हुँदा अध्ययनरत दुरा छात्रा छात्र र तिनका अभिभावकहरूका माध्यमबाट मैले दुरा जातिको भाषा तथा संस्कृतिको अध्ययन गर्न थालेको हुँ। त्यसपछिमात्र कार्यक्रमलाई विस्तार गर्दै ल्याएको हुँ।

३८ वर्ष २ महिना १० दिन शिक्षण सेवामा संलग्न रहेर तत्कालीन शान्ति उमावि कुन्छाबाट २०६९ कार्तिक ११ गतेदेखि सो सेवाबाट अवकास लिएको हुँ। यस अघि पनि आंशिक रूपमा मेरो अनुसन्धान जारी नै थियो। शिक्षण सेवाबाट अवकास लिएकै मितिदेखि लागू हुने गरी १. दुरा सेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाज वसुन्धरा, काठमाडौँ, २. जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जावलाखेल, ललितपुर र ३. त्रि.वि. भाषाविज्ञान केन्द्रीय विभाग कीर्तिपुरको संलग्नतामा नेपालका अल्पसंख्यक आदिवासी दुरा जातिको भाषा तथा संस्कृतिको अध्ययन अनुसन्धान गर्दैछु। मैले अहिले यसमा पूरा समय दिएको छु। परिशिष्टमा प्रस्तुत गरिएका सामग्रीका अतिरिक्त अन्य सामग्रीसमेत संलग्न गरी आवश्यक परेका ठाउँमा संशोधन समेत गरी अहिलेसम्म धार्मिक, भाषिक, सांस्कृतिक परम्परागत जीवन शैली आदिका बारेमा थप जानकारी धेरै लिएको छु। शिक्षण सेवाबाट अवकास लिएपछि अध्ययन अनुसन्धानमा क्रियाशील बन्नमा स्नातकोत्तर तहमा तयार गरेको मेरो शोधपत्र नै कोसेढुङ्गा साबित भएको छ। अन्य थप सामग्री सङ्कलन गर्नमा धेरै महानुभावहरूले मलाई सहयोग पुऱ्याउनुभएको छ। उदाहरण दुरा सेवासमाज केन्द्रीय कार्यालयका पूर्व अध्यक्ष श्री लोकबहादुर दुरा, वर्तमान अध्यक्ष कर्नेल श्री गोकुलप्रसाद दुरा, वरिष्ट उपाध्यक्ष सुबे. श्री लक्ष्मण दुरा, कोषाध्यक्ष श्री बलबहादुर दुरा, महासचिव बुद्धिबहादुर दुरा, सुरेश कुमार दुरा, पूर्व अध्यक्ष श्री किशोर दुरा, दुराभाषा संरक्षण समितिका संयोजक श्री मिथुन दुरा, दुरा सेवा समाजमा पूर्वमहासचिव एवम् पत्रकार श्री यमबहादुर दुरा, उपत्यकाबासी दुरा सेवा समाजका अध्यक्ष श्री भुवन दुरा, मोतीलाल दुरा (नेटा), स्वं.नरबहादुर दुरा, स्व. हरिबहादुर दुरा, स्व.भारसिंह दुरा, स्व. बुदुना दुरा हुनुहुन्छ। त्यसैगरी दुरा सेवा समाजका संरक्षक श्री वीर बहादुर दुरा, श्री केशबहादुर दुरा, श्री सोमामाया दुरा, सामाजिक अध्ययन केन्द्र, नेटा तथा दुरा सेवा समाज नेटा इकाइका अध्यक्ष श्री तुलबहादुर दुरा, श्री गगनसिंह दुरा, हरि दुरा, विक्रम दुरा, कमला दुरा, महेन्द्र दुरा (भरतपुर, चितवन), दुर्गाबहादुर दुरा (माडी, चितवन, श्री रतन दुरा (माडी, चितवन), रामशरण बराल, सुरज दुरा सहसचिव (कैलाली), श्री सूर्यनाथ न्यौपाने (खजेगाउँ, दुराडाँडा हाल भरतपुर, चितवन), सुरेशकुमार दुरा हुनुहुन्छ। बालकुमारी कलेज, नारायणगढका स्नातकोत्तर तहमा अध्ययनरत छात्रछात्रा श्री कमलराज घिमिरे र श्री आरती घिमिरेबाट सामग्री सङ्कलनतर्फ सहयोग मिलेको छ। फोटो सङ्कलनमा सहयोग पुऱ्याउने श्री रामेश्वर अधिकारी च्वाइस नेपाल हुनुहुन्छ। यस पुस्तकको नाउँ "लमजुङको सेरोफेरोमा दुरा समुदायको सांस्कृतिक जीवन" नामक यो किताब तयार गर्दा आवश्यक सामग्री जुटाउने काममा सहयोग पुऱ्याउने स्रोतव्यक्तिहरूको पनि महत्त्वपूर्ण भूमिका छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरण: श्री हृदयनाथ बराल (गाउँशहर), श्री बृहस्पति बराल (गाउँशहर), श्री सोमराज बराल (गाउँशहर), श्री माधव बराल, रामशरण बराल (गाउँशहर), जिल्ला मालपोत कार्यालय लमजुङका पूर्व कर्मचारी द्वय विश्वनाथ घिमिरे तथा रामबहादुर दुरा, त्यसैगरी दिलबहादुर शाह (बाङ्ग्रे), भीमनारायण शाह, (बाङ्ग्रे), चित्रबहादुर शाह (बाङ्ग्रे) र योगेन्द्रनारायण शाह (बाङ्ग्रे, खलकछाप) हुनुहुन्छ। त्यसैगरी श्री खम्बासिंह पुँवर थापा (ठूलीबेसी, बाहुनडाँडा हुनुहुन्छ। त्यसैगरी सामग्री सङ्कलन गर्नमा रामेश्वर अधिकारी च्वाइस नेपाल, मनोहरि सोती, चित्रबहादुर बोहोरा र कृष्ण सेढाईँ (जि.स.स. लमजुङ), पुष्पराज पौडेल (तथ्याङ्कविभाग, थापाथली हुनुहुन्छ। सामग्री सङ्कलनमा नै सहयोग पुऱ्याउनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनमा मानवशाश्त्र तथा समाजशाश्त्र विषयमा स्नातकोत्तर तहमा अध्ययनरत छात्र श्री विमलराज घिमिरे र छात्रा श्री चन्द्रा कोइराला हुनुहुन्छ। दुरा जातिका विद्यार्थीहरूको पठनपाठनलाई मध्यनजर राखी निश्चित मापदण्डको आधारमा केही विद्यार्थीहरूलाई छात्रवृत्ति दिने र दुरासंस्कृतिको संरक्षणका लागि आंशिक रूपमा आर्थिक सहयोग उपलब्ध गराइदिने संस्था च्वाइस नेपाल (नयाँ बानेश्वर, काठमाडौँ एवं सोही संस्थाका निर्देशक श्री विष्णुहरि अधिकारीज्यू लगायत दुरा भाषा, संस्कृति र लमजुङका विविध विषयतर्फ सद्भाव राख्ने संस्था तथा व्यक्तिहरू सबैलाई धन्यवाद दिन चाहन्छु।

कम्प्युटर टाइप गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने महानुभावहरू पीताम्बर पौडेल, कला पौडेल (क्वालिटी फोटोकपी, भरतपुर, चितवन), समीक्षा रेग्मी, जीवन ढुङ्गाना इ. बद्रीनाथ साँखी, विश्वप्रकाश ढुङ्गाना तथा निराजन ढुङ्गाना, सृष्टि कम्प्युटर, बेसीशहर, लमजुङलाई धन्यवाद टक्र्याउँछु। प्रविधिमा सहयोग पुऱ्याउने रवीन घिमिरे (जिता) र अजय घिमिरे (सदस्यसचिव, घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठान नेपाल)लाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी मैले शिक्षण सेवाबाट अवकास लिने समय नजिकै

आइपुग्दा बेग्लाबेग्लै ठाउँबाट तिनजना महानुभावहरूले मलाई एउटै प्रश्न सोध्नुभयो। उहाँहरू हुनुहुन्थ्यो १. च्वाइस नेपाल नयाँबानेश्वर, काठमाडौँका कन्ट्रीडाइरेक्टर इ. श्री विष्णुहरि अधिकारी (दुराडाँडा, लमजुङ) २. चेस नेपाल लमजुङका संस्थापक अध्यक्ष श्री राजकुमार पाण्डे (बेसीशहर, लमजुङ) र ३. तत्कालीन कुन्छा गाउँ विकास समितिका अध्यक्ष एवं सचिव श्री हीरामणि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शर्मा आचार्य (भरतपोखरी, कास्की) । प्रश्न यसप्रकार थियो : तपाईं शिक्षण सेवाबाट अवकास लिएपछि के काम गरेर बस्नुहुन्छ ? मैले पनि छोटो भाषाको प्रयोग गरी चार शब्दमा यस्तो उत्तर दिएको थिएँ : म कलम खेलाएर बस्छु । यो पुस्तक त्यसैको उपज हो ।

यस पुस्तकमा लमजुङभित्रका ऐतिहासिक, पुरातात्त्विक, पर्यटकीय एवं संस्कृतिमूलक सामग्रीहरूलाई पनि समेटिएको छ । यसमा देखिएका कमीकमजोरीलाई मनन गरी विद्वान् महानुभावहरूबाट सुझावको अपेक्षा पनि मैले राखेको छु ।

यस पुस्तकमा तत्कालीन लमजुङ राज्यभित्र स्थापित शक्तिपीठहरू र तिनको पूजाव्यवस्थापन, कोट, गढी, गौँडा, स्थापना र तिनको उचित व्यवस्थापन तथा आन्तरिक र बाह्य सुरक्षासाथ गति दिएर सुशासन चलाएका कुरालाई उजागर गरिएको छ । लमजुङ राज्यभित्र प्रयोगमा ल्याइएका कार्यक्रमलाई पछिल्लो समयमा अन्य राज्यमा पनि लागू गरिएका अभिलेख पनि यहाँ समावेश गरिएको छ । समग्रमा भन्नु पर्दा लमजुङबाट सुरु गरिएको प्राग्रूपले राष्ट्रिय रूप लिएको भेटिएको छ । त्यसो हुँदा नेपाल राष्ट्रको प्राग्रूप निर्माणमा लमजुङेहरूको महत्त्वपूर्ण योगदान छ भनेर निर्धक्कसाथ भन्न सकिन्छ ।

यस अघिको इतिहासलाई केलाएर हेर्दा विजयी राजामहाराजा तथा सम्भ्रान्त परिवारका सदस्यहरूको मात्र गाथा गाएको पाइन्छ । यस पुस्तकमा चाहीं : विजयी राजामहाराजादेखि सर्वसाधारण दुनियाँसम्मको अभिलेख राखिएको छ । हार्नेहरूको इतिहास पनि लेखिएको छ । समाजका विभिन्न क्षेत्र जस्तो, सामाजिक, धार्मिक, पुरातात्त्विक, सांस्कृतिक, साहित्विक, भाषिक जस्ता अनेकौं क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूको समावेशी ढाँचाले उनीहरूका कार्यको उचित कदर गर्दै ज्यूँदा व्यक्तिहरूको समेत इतिहास लेखिएको छ । साथै लमजुङमा प्रचलित मूर्त र अमूर्त संस्कृतिलाई पनि यसमा समावेश गरिएको छ ।

यस पुस्तकमा आफ्नो मन्तव्यको साथ शुभकामना राखिदिनुहुने महानुभावहरू सर्वश्री राष्ट्रकवि श्री माधवप्रसाद घिमिरेज्यू, सल्लाह, सुझाव र सहजीकरण गरिदिनुहुने आदर्णीय गुरुज्यू भाषाशास्त्री प्रा.डा. श्री माधवप्रसाद पोखेलज्यू, नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र लोकन्थली, भक्तपुरका कार्यकारी निर्देशक श्री जगमान गुरुङज्यू, तथा दुरासेवा समाजका अध्यक्ष श्री गोकुलप्रसाद दुराज्यू लगायत सबै पदाधिकारीहरूलाई हार्दिक कृतज्ञता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्पण गर्दछु । यो पुस्तक तयार गर्नमा प्रेरणाका साथ ठूलो सहयोग पुऱ्याउने विद्वान् वाल्मीकि क्याम्पसका सहप्राध्यापक श्री शान्तिकृष्ण अधिकारीप्रति हार्दिक आभार प्रकट गर्दछु । लमजुङमा मुख्य कार्यालय भएका र लमजुङसँग सरोकार भएका सामाजिक सङ्घसंस्थाहरूले पनि लमजुङका विभिन्न बस्तुहरूको अभिलेखीकरण गर्ने कार्यमा मद्दत पुऱ्याएका हुँदा ती संस्थाहरू र संस्थाका सञ्चालकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। त्यसैगरी दुरा संस्कृतिको संरक्षण सम्बन्धमा सहयोग पुऱ्याउने जिविस चितवनका तत्कालीन स्थानीय विकास अधिकारी एवम् सभापति श्री तिलक पौडेल तथा सोही कार्यालयका सामाजिक सुरक्षा अधिकृत श्रीप्रकाश पौडेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। त्यसैगरी दुरा संस्कृतिको संरक्षणमा सहयोग पुऱ्याउने सुन्दरनगरपालिकाका पूर्व कार्यकारी अधिकृत श्री सुकदेव लम्सालप्रति आभार व्यक्त गर्दछु। त्यसैगरी यो सामग्री तयार गर्दा सहयोग पुऱ्याउने पूर्व सहसचिव श्री रमेश अधिकारी (दुराडाँडा), ज्ञानु शाह (कुन्छा), सूर्यबहादुर दुरा (कुन्छा), सीता दुरा, कास्की, दुरा सेवा समाजका संस्थापक अध्यक्ष भक्तबहादुर दुरा, क्याप्टेन तुलबहादुर दुरा, समाजसेवी भीमबहादुर दुरा तथा देवबहादुर दुरा, उपत्यका दुरा महिला समाज, उपत्यका दुरा विद्यार्थी समाज तथा उपत्यका दुरा समाजका भूपू तथा वर्तमान पदाधिकारीहरू, सखरबहादुर दुरा, सुष्मा घिमिरे (अधिकारी), सिर्जना घिमिरे (वाग्ले) तथा सन्देशराज वाग्ले समेतको महत्त्वपूर्ण योगदान रहेको छ। संस्थागत रूपबाट हेर्दा यस पुस्तकमा उल्लेख गरिएका सामग्री सङ्कलन गर्न र अभिलेखीकरण गर्नमा जिल्ला समन्वय समिति, लमजुङ र त्यसका प्रमुख श्री लोकराज पाण्डे, मध्य नेपाल नगरपालिकाको कार्यालय तथा त्यसका प्रमुख रमेशकुमार पाण्डे, सुन्दरबजार नगरपालिकाको कार्यालय र त्यसका प्रमुख जनकराज मिश्र, बेसी शहर नगरपालिकाको कार्यालय र त्यसका प्रमुख गुमानसिंह अर्याल तथा राईनास नगरपालिकाको कार्यालय र त्यसका प्रमुख सिंहबहादुर थापाको महत्त्वपूर्ण भूमिका रहेको छ। मेरा सहकर्मी साथीहरू शिक्षणसेवाबाट निवृत्त भएपछि कोही राजनीति गरेर नेता बनेका छन्, कोही निजीक्षेत्रमा पुनः अध्यापनमा लागेका छन्, कोही व्यापारमा संलग्न भएका छन्, कोही शहर तिर बसोबास गरी तीनतले घरको छतबाट घुमीघुमी शहरको रमाइलो हेरेका छन्। म आफू निवृत्त हुँदा पाएको रकम लगानी गरी आफ्नो मातृभूमिको अमूर्त सम्पदालाई उजागर गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचित गराउने प्रयत्न गर्दैछु। दुरा संस्कृतिको संरक्षण गर्ने सम्बन्धमा सहयोग पुऱ्याउने जि.वि.स.चितवनका तत्कालिन स्थानीय विकास अधिकारी/सभापति श्री तिलक पौडेल तथा सोही कार्यालयका सामाजिक सुरक्षा अधिकृत श्री प्रकाश पौडेलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। त्यसैगरी सुबेदार आसबहादुर दुरा तथा चन्द्रबहादुर दुरा (सुन्दरबजार), रामचन्द्र भण्डारी (नेटा), बलविक्रम थापा 'ध्रुव' (जिता), राजेश्वर ढकाल (सुन्दरबजार) र अशोक घले (मोहोरियाकोट) प्रति आभार प्रकट गर्दछु। त्यसैगरी तनहुँको स्याम्घा निबासी दीनबहादुर दुरा तथा बहादुर दुराप्रति आभार प्रकट गर्दछु। प्रविधिमा सहयोग पुऱ्याउने रविन घिमिरे(जिता), अजय घिमिरे (सदस्य सचिव, घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठान, नेपाल) प्रति आभार प्रकट गर्दछु। यस पुस्तकमा उल्लेख गरिएका सामग्री सङ्कलन गर्न र अभिलेखीकरण गर्नमा संस्थागत रूपमा मध्यनेपाल नगरपालिका, सुन्दरबजार नगरपालिका, बेसीशहर नगरपालिका र राइनास नगरपालिकाको समेत योगदान रहेको छ।

त्यस्तै यो पुस्तक तयार गर्नमा प्रेरणा दिनुहुने, स्रोत सामग्री जुटाउनमा ठूलो मद्दत गरी ऐतिहासिक, पुरातात्त्विक, सामाजिक एवं सांस्कृतिक पक्षमा महत्त्वपूर्ण योगदान पुऱ्याइदिनुहुने नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, मनोहरा, भक्तपुरका कार्यकारी निर्देशक श्रद्धेय गुरु प्राज्ञ डा. श्री जगमान गुरुङज्यू एवम् राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। मेरो यस कार्यमा हौसला थपिदिने संस्था दुराडाँडा सेवा समाज तथा दुरा सेवा समाजका पदाधिकारी र सदस्यहरूमा हार्दिक आभार प्रकट गर्दछु। मेरो घरव्यवहारलाई संरक्षण गरी मलाई रचनात्मक कार्यमा फुर्सद दिलाइदिने मेरी जीवनसँगिनी श्री रामकुमारी घिमिरेलाई धेरै धन्यवाद दिन्छु। यस पुस्तकलाई डिजाइन गरी अन्तिम रूप दिनमा अथक प्रयास गर्नुहुने यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कम्प्युटर अपरेटर श्री टेकनाथ पाण्डेय प्रति आभार प्रकट गर्दछु। यस पुस्तकबाट पारिश्रमिक तथा मूल्य जुन शीर्षकको भए पनि उपलब्ध हुने रकम शिक्षण संस्था, धार्मिक संस्था रेडक्रस तथा अन्य सामाजिक संस्थामा सहयोग स्वरूप लगानी गरिनेछ।

२०७५ मार्ग २५

मुक्तिनाथ घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र
National Cultural Study Centre
वसुन्धरा, काठमाडौं
Vasundhara, Kathmandu

मिति (Date) २०७५/०१/०१

पत्रसङ्ख्या :
चलानी नम्बर :
Reference No.

विषय (Subject) :- शुभकामना ।

गोरखाका ६ घरमा पाण्डे, पन्त, अर्याल, खनाल, बोहोरा र राना थिए । लमजुङका ६ घरमा पुवाँर, भँडारी, राउत, शुर्याँल, दुरा र घिमिरे थिए । यी सबैको नाम थाह पाउन सकिएको छैन । यस सन्दर्भमा कुसुमाकर घिमिरे, नारयण दुरा र खजे दुराको नाम उल्लेखनीय छ । कालु शाहसँगसँगै नारायण दुराको पनि हत्या गरिएको थियो । त्यसपछि घिमिरेको काम्लो र दुराको नाम्लो गरी कुसुमाकर घिमिरे र खजे दुराले यशोब्रह्म शाहलाई लमजुङमा राजा स्थापना गरे । त्यसपछि राजा स्थापना गर्ने खसान्त भाइ (खस, बाहुन) र टीका (राज्य) दिने शेषान्त भाइ (गुरूङ पाँछ-पञ्च) को विचमा सहमति भयो र यशोब्रह्म शाहले लमजुङमा एक छत्र राज्य गरे ।

आधुनिक नेपालको एकीकरणको अभियानको शुभारम्भ गोरखाबाट भएको थियो तर यसको प्रारूप चाहिँ लमजुङमा तयार भएको थियो । सिङ्गो नेपाल राष्ट्रको निर्माण एवम् एक ढिक्का नेपाली राष्ट्रियताको भावनाको उद्‌बोधनका लागि यहाँका विविध समुदाय बिचको सद्‌भाव, समन्वय र योगदान रहेको छ । लमजुङका ६ घरमा दुरा सम्मिलन हुनु र खस, बाहुन एवम् गुरूङहरू बिच समन्वय र सहभागिता कायम हुनु नै नेपाल राष्ट्रको निर्माणको प्रारूप हो ।

यसरी नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको विकासमा दुरा समुदायको महत्त्वपूर्ण योगदान रहेको छ । यस्तो गरिमामयपूर्ण पुस्तकका लेखक मुक्तिनाथ घिमिरेलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु र यस पुस्तकको प्रकाशनका अनुदाता सम्माननीय पूर्व राजसभा सदस्य समाजसेवी शेरबहादुर गुरूङज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस पुस्तकको प्रकाशनको व्यवस्थापनका लागि आवश्यक सहयोग गर्नुहुने यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका उपलेखानियन्त्रक सुभाषप्रसाद पण्डित, हेडअसिस्टेन्ट तृष्णा कुँवर एवम् कार्यालय सहयोगी गीता श्रेष्ठलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसैगरी प्रकाशित सामग्रीको कम्प्युटर सेटिङ तथा डिजाइन गरी विषयको समायोजन र भाषा सम्पादनमा समेत सहयोग गरी यस पुस्तकको स्तर वृद्धिका लागि अथक परिश्रम गर्नुहुने यस अध्ययन केन्द्रका कम्प्युटर अपरेटर टेकनाथ पाण्डेयलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

जगमान

डा. जगमान गुरूङ
कार्यकारी निर्देशक
कार्यकारी निर्देशक

Tel: 01-4016556, Email: nsu.ncsc@gmail.com, Web: www.nsu.edu.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्केत

इ.	:	इन्जिनियर
उ.मा.वि.	:	उच्च माध्यमिक विद्यालय
गाविस.	:	गाउँ विकास समिति
जिविस	:	जिल्ला विकास समिति
जि.मु.	:	जिम्मुवाल मुखिया
डा.	:	डाक्टर
प्रा.	:	प्राध्यापक
प्रा.वि.	:	प्राथमिक विद्यालय
मा.वि.	:	माध्यमिक विद्यालय
स्व.	:	स्वर्गीय
वि.वि.	:	विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

अनुवाता श्री शेरबहादुर गुरुङज्यूको मन्तव्य	I
राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूको शुभाशिष	III
प्रा.डा. माधवप्रसाद पोखरेलज्यूको शुभकामना मन्तव्य	IV
गोकुल प्रसाद दुराज्यूको शुभकामना मन्तव्य	VI
मुक्तिनाथ घिमिरेज्यूको प्राक्कथन	VII
डा. जगमान गुरुङज्यूको शुभकामना मन्तव्य	XIII
सङ्केत सूची	XIV
अध्याय : एक	
लमजुङको परिचय	**१-२२**
१. लमजुङ शब्दको उत्पत्ति र विकास	१
१.१ भौगोलिक अवस्थिति	३
१.१.१ वन तथा ऊर्जा वातावरण	१३
१.१.२ लमजुङ जिल्लामा पाइने जडीबुटीहरुको वर्गीकरण	१४
१.२ ऐतिहासिक पृष्ठभूमि	१६
१.३ जनजीवन	१९
१.३.१ जात जाति र जीवन शैली	१९
१.३.२ नागरिक, धर्म र सक्षम/अक्षम (असक्षम.)	२२
अध्याय : दुई	
भाषा तथा साहित्य	**२३-५५**
२.१ नेपालमा बोलिने भाषा	२३
२.२ लमजुङमा बोलिने भाषा	२५
२.३ साहित्य	२६
२.४ स्रष्टा र सिर्जना	२६
२.५ साहित्यिक संस्थाहरु	३९
२.६ पत्रपत्रिका	४०
२.७ साहित्यिक पुरस्कारहरु	४१
२.८ पुस्तकालय	४१
२.९ गैर साहित्यिक लेखकहरु र तिनीहरुका विषयवस्तु	४३
२.१० भागवतमहिमा	४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : तीन

दुरा जातिको परिचय : संस्कार, संस्कृति र परम्परा ५६-१३२

३. आगमन, संस्कार, संस्कृति र परम्परा ५६

३.१ आगमन ६२

३.२ दुरा जातिको आगमन, बासस्थान एवं तथ्याङ्क ६३

३.३ प्रमुख सामाजिक संस्कारहरु ६५

३.३.१ जन्म ६६

३.३.२ न्वारान ६६

३.३.३ छैटी ६७

३.३.४ पास्नी (भात खुवाइ) ६७

३.३.५ क्षौर कर्म ६८

३.३.६ पुटपुटे ६८

३.३.७ गुन्यु चोली दिने ७०

३.३.८ विवाह ७०

३.३.९ मृत्यु ७७

३.४ सामाजिक पर्वहरु ८२

३.५ लोकगाथा ८२

३.५.१ घाटु ८३

३.५.२ सोरठी ९४

३.५.३ कृष्ण चरित्र १०४

३.६ धर्म तथा परम्परा १०७

३.६.१ धर्म १०७

३.६.२ कुल पूजा १०८

३.६.३ ख्यामा राख्ने १०९

३.६.१ अन्य परम्पराहरु ११०

३.७ दुरा समाजका केही अग्रणी व्यक्तित्वहरु १३१

अध्याय : चार

नेपाल राष्ट्रको प्राग्रूप निर्माणमा लमजुङ्गेहरूको योगदान १३३-२५७

४.१ घलेको योगदान १३४

४.२ गुरुङको योगदान १३५

४.३ घिमिरेको योगदान १३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.४ दुराको योगदान १३७
४.५ दलितहरुको योगदान १३७
४.६ अन्य नागरिकहरुको योगदान १३८
४.७ घिमिरेको उत्पति र विकास १४०
४.८ शाह वंशको लमजुङमा प्रवेश १४५
४.८.१ सिँदुरे ढुङ्गा १५५
४.८.२ रानी वसन्तावतीसँगको सहमति १५६
४.८.३ बालुवाबेसीकूटकाण्ड १५७
४.९ मर्स्याङ्दीको सेरोफेरो १६३
४.१० राज्यव्यवस्थापन १६६
४.११ लमजुङ कालिका स्थापना तथा पूजा व्यवस्थापन १६९
४.११.१ बडादशैँमा गरिने पूजा विधि १७६
४.११.२ चैते दशैँमा गरिने पूजा विधि १८१
४.११.३ कालिकाको निशान र लमजुङ राज्यको झण्डा १८४
४.१२ तुर्लुङकोट कालिका स्थापना तथा पूजा व्यवस्थापन १८९
४.१२.१ बडादशैँ १८९
४.१२.२ चैते दशैँ १९०
४.१३ अन्य शक्तिपीठहरू १९१
४.१३.१ उदीपुर कालिका १९२
४.१३.२. पाम्चोक कालिका १९३
४.१३.३. कपुरिश्वर महादेव १९४
४.१३.४ चन्द्रेश्वर महादेव १९४
४.१३.५. थान्सिङकोटकी मालिका १९६
४.१३.६ ज्वालादेवी भागिरथी १९८
४.१३.७ धुसेनीको बौद्धगुम्बा २००
४.१३.८ रायपाली कालिका २००
४.१३.८ राक्से कालिका २०२
४.१३.९ करङे खोलाका लक्ष्मीनारायण २०३
४.१४ राज्य र रजाइँ २००
४.१५ पुरानोकोटको धर्मसभा २०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.१६ लमजुङ दरबारको नीतिसभा २०३
४.१७ कोटको महत्व २०५
४.१८ कोटलाई दिइएको जिम्मा २०६
४.१९ विभिन्न गढीको अवधारणा २०७
४.२० घिमिरेलाई बिर्ता र इष्टदेवी स्थापना २११
४.२१ यशोब्रह्म शाह जाबीमा कि जवानीमा ? २१२
४.२२ राईनास मोहरियाका सम्पदा २१३
४.२२.१ राईनासका सम्पदा २१३
४.२२.२ मोहरियाका सम्पदा २१८
४.२३ द्रव्य शाहको गोरखा प्रस्थान २२३
४.२४ पृथ्वीनारायण शाहको उदय २२७
४.२५ बाङ्ग्रेमा राजराजेश्वरी स्थापना २३०
४.२६ थान्सिङकोट राजेश्वरी देवी २३१
४.२७ अन्य केही ऐतिहासिक ठाउँहरु २३३
४.२७.१ चक्रतीर्थ २३३
४.२७.२ सुन्दरबजार २३६
४.२७.३ कालीमराङ ठानाको सैनिक हाजिरी २३७
४.२७.४ कुन्छा २३८
४.२७.५ सुत्केरीले उभ्याएको ढुङ्गो २४१
४.२७.६ जिता २४३
४.२७.७ तान्द्राङ टक्सार २४७
४.२७.८ घलेगाउँ २४७
४.२७.९ काउलेपानी २५२
४.२८ दुराडाँडामा हलोक्रान्ति २५३

उपसंहार २५९-२६९
सन्दर्भसामग्री २७०-२७४
चित्रसूची २७३-२८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यायः एक

लमजुङको परिचय

१. लमजुङ शब्दको उत्पत्ति र विकास

लमजुङ शब्दको उत्पत्ति कसरी भयो र लमजुङ जिल्लाको अस्तित्व कसरी रहँदै आयो भन्ने अनुसन्धानको विषय हो। यसबारेमा विभिन्न मतहरू प्राप्त भएका छन्।

१. तिब्बती भाषामा लमको अर्थ लामा र जोङको अर्थ घर हुने भएकाले लमजोङ भन्दा भन्दै शब्द अपभ्रंश भएर लमजुङ नाम रहेको हुन सक्ने अनुमान गरिएको छ। (पन्त, २०५७ : पृ. १)

२. गुरुङ भाषामा लम भनेको लामा र जुङ भनेको गुफा भन्ने हुन्छ। गुरुङ जातिको पुजारी लाई लामा भनिन्छ पुजारी लामाहरू विशेष अध्ययनका लागि गुफामा बस्ने भएको हुँदा तिनै लामालाई सङ्केत गरी लमजुम भन्दा भन्दै लमजुङ नाम रहन गएको देखिन्छ। (जि.वि.स. लमजुङ, २०५९: पृ.१)

३. मगर भाषामा लमको अर्थ लामा र जुङको अर्थ गढी, चुली, घर वा दरबार भन्ने सङ्केत गरी लमजुङ नामकरण भएको पनि मत रहेको छ। लमजुङ जस्तै यहाँ प्याराजुङ, लाखाजुङ, भुजुङ, गिलुङ जस्ता गामठाम पनि रहेका छन्। लमजुङका धेरै खोला, नदीनालाका नामका पछाडि दी लगाइएको छ जसको अर्थ मगर भाषामा पानी हुन्छ। मर्स्याङ्दी, मादी, ङादी, पाउँदी, रुदी, खुदी आदि। (जि .वि स.लमजुङ : पृ.१)

४. कास्कीका कुलमण्डन शाहका छोरा कालु शाह लामा लामा जुँगा भएका व्यक्ति थिए। उनलाई यस ठाउँमा ल्याएर राजा बनाइयो। सबैले लामा जुँगावाला राजा भन्न थाले। विस्तारै लामाजुँगा, लमजुँगा, लमजुङ्गा हुँदै लमजुङ्ग भएर लमजुङ शब्दको विकास हुन पुगेको हो भन्ने स्थानीय किंवदन्ति पनि छ। तर कालु शाहलाई लमजुङमा ल्याएर राजा बनाउनु भन्दा पहिलेदेखि नै लमजुङको अस्तित्व कायम हुँदै आएको प्रमाण पुष्टि हुन्छ।

५. लामाजोङ "लामा-जोङ" अर्थात् ठूला लामाको किल्ला। डा. हर्क गुरुङले "मैले देखेको नेपाल" नामक पुस्तकमा यस्ता शब्द राखेर अगला अगला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालको उदाहरण दिएका छन् । सोही लामाजोङ शब्दबाट पछि लमजुङ हुन आएको हो भन्ने बुझिन्छ ।

६. वर्तमान लमजुङको उत्तरी घनपोखरादेखि माथि लमचुँ नामक एउटा थुम्को छ । लामा थरका गुरुङहरूले त्यस ठाउँमा जङ्गलको मङ्गल गरी आवाद गुल्जार गरेर बस्ती बसाई आफ्नो पैतृक स्थल कायम गरेका रहेछन् । लमचुँ भनेको पहिलो बस्ती भन्ने बुझिन्छ । त्यसकारण उक्त थुम्काको लमचुँ नामकरण भई त्यसैबाट लमजुँ हुँदै लमजुं, लमजुङ शब्दको विकास भएको हो । (स्रोत : गुरुङ)

७. दुराभाषामा पानीलाई चिनाउने ३ वटा शब्द प्राप्त भएका छन् । तिनको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ : (क) ति भनेको पानी सामान्य अर्थ हो । (ख) वाङ्जु भनेको वर्षा अर्थात् आकासबाट बर्सेको पानी हो । (ग) लाङ् भनेको पनि पानी नै हो तर देवकार्य, पितृकार्य गर्दा कर्मपात्रमा राखिएको तथा शिवजीलाई जलधारा दिंदा गाईको दूध मिसाइएको पानीलाई र गङ्गाजी एवं तीर्थस्थलको पानीलाई लाङ (जल) भनिन्छ । यस जिल्लामा चम्पावती, कर्मदा, गोमती, माहेन्द्री जस्ता पवित्र नदीहरू छन् । दूधपोखरी, बाहपोखरी (वराहपोखरी), मेमेपोखरी, इलमपोखरी, तातोपानी (बाहुनडाँडा) जस्ता पवित्र जलाशयहरू पनि छन् । तिनै पवित्र स्थलहरूको जललाई लाङ् भनिन्छ । त्यसैगरी सोही भाषामा चुँ को अर्थ भण्डार भन्ने हुन्छ । तसर्थ लाङ्चुँ जलभण्डार भन्ने अर्थ आउँछ । विस्तारै लाङ्चुँ पछि लाङ्जुँ, लाङ्जुं, लामजुं हुँदै लामजुङ र अन्त्यमा लमजुङ शब्दको विकास हुन आएको पनि देखिन्छ ।

यथार्थ जे होस् लमजुङ शब्द भोटवर्मेली भाषाबाट विकसित हुँदै आएको हो । उचित तर्क ल्याएर शब्द साबित गराउन सक्षम अनुसन्धानदातालाई हार्दिक स्वागत गर्ने वाचा गर्दै यसलाई यहीं बिट मारौँ ।

उत्तरतर्फ पहाड हिमालय पर्वत अन्नपूर्ण, लमजुङ, हिमालचुली, मनास्लुमा सीमाबद्ध छ भने दक्षिणतर्फ टार, फाँट एवं मैदानी भूभागले सुशोभित स्थल लमजुङ जिल्ला विश्वको मानचित्रमा एक सानो प्रतिमूर्ति जस्तो छ । गण्डकी अञ्चलभित्र पर्ने ६ वटा जिल्ला (गोरखा, मनाङ, लमजुङ, तनहुँ, कास्की र स्याङ्जा) मध्ये लमजुङ जिल्ला एक हो । गण्डकी अञ्चलनको कूल क्षेत्रफलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११.८ वर्ग कि.मि. को १६.४% सो क्षेत्रफल पर्दछ (मेचीदेखि महाकाली)। मनाङको तिलिचो ताल र थोरो भञ्ज्याङ आसपासका जलस्रोतबाट बग्दै नारखोला, दूधखोला, दोर्दी र चेपेलाई समाहित गरेर तार्कुघाट, चेपेघाट र सतीघाट हुँदै मुग्लिनतर्फ गएको मर्स्याङ्दी लमजुङ जिल्लाको सबैभन्दा ठूलो नदी हो। यसले लमजुङको मध्य भागमा बगेर शिर पुछार नै छिचोलेको छ। यो नदी मर्स्याङ्दी, कर्मदा र शीतप्रभाको नाउँले चिनिन्छ। पूर्वमा गोरखा, पश्चिममा कास्की, उत्तरमा मनाङ र दक्षिणमा तनहुँ लमजुङका सीमावर्ती जिल्लाहरू हुन्।

पूर्वमा चम्पावती र पश्चिमा माहेन्द्री नदीले परिवेष्ठित यस जिल्लाका दक्षिणी सीमानामा रिस्ती र पाउँदी खोला छन्। मध्य नेपालको सबैभन्दा उच्च मनास्लु हिमाल, अन्नपूर्ण, लमजुङचुली, बुद्धहिमाल जस्ता हिमालबाट बग्दै आएका नदी, नाला, खोला-खोल्साले यसको भौगोलिक स्वरूप बनेको छ। भौगोलिक विविधताले गर्दा विभिन्न ठाउँको हावापानी फरक फरक छ। आर्थिक तथा रहन सहनमा पनि विविधता छ।

लमजुङ जिल्ला नेपालको राजधानी काठमाडौँबाट करिब १५४ कि.मि. पश्चिम तथा नेपालकै पर्यटकीय नगरी पोखराबाट करिब ९० कि.मि पूर्वमा एक ऐतिहासिक महत्त्वको रूपमा परिचित छ। भौगोलक रूपमा मध्य पहाडी क्षेत्रदेखि हिमाली क्षेत्रसम्म फैलिएर रहेको यो जिल्ला नेपालकै झण्डै बीच भागमा पर्ने जैविक विविधताको धनी र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छ। गुरुङ जातिको बाहुल्य रहेको यो जिल्ला ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वको हिसाबले प्रमुख स्थानमा रहन्छ। नेपाललाई चिनाउने संस्कृति मध्ये लोकदोहोरी गीतको उद्गमस्थल पनि यसै जिल्लालाई मानिन्छ। यस जिल्लाको सदरमुकाम बेसीशहर पृथ्वी राजमार्गमा पर्ने तनहुँ जिल्लाको डुम्रे बजारदेखि ४२ कि.मि.उत्तरमा पर्दछ। (सहकारी एक झलक, २०६९: पृ.५७)

१.१ भौगोलिक अवस्थिति

लमजुङ जिल्लाको भौगोलिक अवस्थिति निम्नानुसार छ :

क्षेत्रफल : १६९२ व.कि.मि., ९१,६९,२०० हे.।

अक्षांश : २८° ०३' १९" देखि २८° ३०' ३८" उत्तरी अक्षांश।

देशान्तर : ८४° ११'२३" - ८४ ३८'१०" पूर्वी देशान्तर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उचाइ : समुद्र सतहबाट ३८५ मि. मध्यनेपाल, रम्घाटार ० देखि ८,१६२ मि. मनास्लु हिमालसम्म ।

सदरमुकाम : बेसीसहर ८०० मिटर उचाइ ।

सीमाना : पूर्व: गोरखा जिल्ला, पश्चिम : कास्की जिल्ला, उत्तर : मनाङ जिल्ला र दक्षिण तनहुँ जिल्ला ।

हावापानी : उपोष्ण, समशीतोष्ण, शीतोष्ण ।

राजनीतिक र प्रशासनिक विभाजन : (साबिक) विकास क्षेत्र : पश्चिमाञ्चल
अञ्चल : गण्डकी

हाल : गण्डकी प्रदेश केन्द्रीय निर्वाचन क्षेत्र:१, प्रादेसिक निर्वाचन क्षेत्र: २

हाल चार नगरपालिका र चार गाउँपालिका कायम गराइएको छ ।

गाउँपालिकाहरू

१. क्होलासोथार गाउँपालिका २.मर्स्याङ्दी गाउँपालिका

३. दूधपोखरी गाउँपालिका ४. दोर्दी गाउँपालिका ।

नगरपालिकाहरू

१. मध्यनेपाल नगरपालिका २. सुन्दरबजार नगरपालिका

३. बेसीशहर नगरपालिका ४. राईनास नगरपालिका ।

भू-उपयोग

क्र.सं	किसिम	क्षेत्रफल	प्रतिशत
१	वन क्षेत्र	६६,२१६	३९.३१
२	खेतीयोग्य जमिन	६१,८१९	३६.५
क	खेती गरिएको	४५,०५०	२६.६२
ख	खेती नगरिएको	१६,७६९	९.९१
३.	हिउँ चट्टानले ढाकेको	५,८९१	३.९१
४.	चरन बुट्यान	२५,१५४	१४.८७
५.	आवास	९१८	०.५४
६.	अन्य (सडक, बाटो, नदी, खोला	९,२०२	४.४४
	जम्मा	१,६९,२००	१००.००

मुख्य हिमाल

मनास्लु : ८,१६२ मिटर अन्नपूर्ण दोस्रो : ७,९३९ मि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनास्लु दक्षिण : ७९३७ मिटर हिमालचुली : ७,६४७ मि.

लमजुङ चुली ६,९८८ मिटर बुद्ध हिमाल : ६,६७४ मि.

मुख्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरु

बेसीशहर, गाउँशहर, लमजुङ दरबार,पुरानकोट, राइनासकोट, जिताकोट, गाँडाकोट, सिँदुरेढुङ्गा, कुन्छागढी, इलमपोखरी, हिलेटक्सार, घलेगाउँ, घनपोखरा, घोप्टे, जिम्दु, हरिसिङ डाँडा, सिउरूङ, जगत, स्याँगे, घेर्मु, बाहुनडाँडा, ङादी, भुलभुले, खुदी, नरूवाल, तार्कुकोट, गहते, बजारकोट गढी, कुन्छा,टक्सार, गुन्द्रुमपोखरी, रम्घाटार, दुईपिपले, समीभन्ज्याङ (पुरानो हटिया), तान्द्राङकोट गढी, इशानेश्वर महादेव, गिलुङ, घाम्राङ, भुजुङ, खासुर, पसगाउँ, नाल्मा, गिलुङ, काउलेपानी, उदीपुर कालिका,अकला मन्दिर,चेपेघाट ।

मुख्य धार्मिक एवं पर्यटकीय पोखरीहरु

दूधपोखरी,, बाह्रपोखरी (वराहपोखरी), मेमेपोखरी, इलमपोखरी, तातोपानी (बाहुनडाँडा)

मुख्य सांस्कृतिक चाडपर्वहरु

नव वर्ष, वैशाख पूर्णिमा, जनै पूणिमा, गाईजात्रा, कृष्णाष्टमी, तिज, कोजाग्रत पूर्णिमा, हरिबोधनी एकादशी, ल्होसार, माघे संक्रान्ति, शिवरात्री, बडादशैँ, चैते दशैँ, तिहार आदि ।

मुख्य बजारहरु

बेशीशहर, उदीपुर, भोटेओडार, सुन्दरबजार, पाउँदीबजार, तार्कुघाट, सोतीपसल, भोर्लेटार, खुदी, भुलभुले, ङादी, बाहुनडाँडा, घेर्मु, स्याँगे , जगत, च्याम्चे, तिलाहार, दुईपिप्ले ।

मुख्य नदीहरु र खोलाहरु

मर्स्याङ्दी, मादी, चेपे, मिदिम, दोर्दी, खुदी, ङादी, रिस्ती, पाउँदी, किसेदी, रुदी, पिस्ती, नाउँदी, लाङदी । मर्स्याङ्दी नदी लमजुङको मध्यभागबाट तल बग्दछ ।

मुस्ताङको मुक्तिक्षेत्रका १०८ धारा तथा काठमाडौँको बालाजुका २२ धारा जस्तै लमजुङको जितामा ७ वटा पानीका धारा बग्दछन् । एउटै मुलबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्केको पानी सात भागमा विभाजित गरिएको छ। सदाबहार सातधारेको पँधेरो निकै मनोरम छ। यो पँधेरो सप्तगण्डकी (त्रिशूली, बूढीगण्डकी, दरौँदी, मर्स्याङ्दी, मादी, सेती र काली) को प्रतीकका रूपमा चिनिन्छ। त्यसैगरी सप्तर्षि (गौतम, भरद्वाज, विश्वामित्र, जमदग्नि, वशिष्ट, कश्यप र अग्नि अथवा मरीचि, अत्रि, अङ्गिरस वा अङ्गिरा, पुलह, ऋतु, पुलस्त्य र वशिष्ठ) सँग पनि यसको इतिहास जोडिएको छ। उत्तरायणको सुरुवात् अर्थात् माघेसङ्क्रान्तिको दिन र दक्षिणायणको सुरुवात् अर्थात् श्रावणसङ्क्रान्तिको दिन सप्तर्षि आएर त्यस पँधेरामा स्नान गर्दथे भन्ने कींवदन्ति छ।

एउटै मूलबाट निस्केको पानीका सातवटा धारा अविच्छिन्नरूपमा सधैँ भरी चलिरहने तथा यति माथिको अग्लो भूभागमा निकै ठूलो जलस्रोत कलात्मक पर्खालमा सजिएका उच्च कलात्मक धाराबाट अनौठो दृश्य देखिने भएको हुँदा पर्यटकीय दृष्टिकोणले यो ठाउँ ज्यादै उपयुक्त छ।

धन,बल, विद्या, बुद्धि, जनएकता, मुद्दामामिला, उच्चतम् जलस्रोत र अत्यन्त राम्रो सालघारीको माध्यमबाट छिमेकी गाउँ, ठाउँ सबैलाई जितेको हुनाले यस ठाउँको जिता नामकरण गरिएको हो।

लमजुङ जिल्लाका मुख्य नदीहरू, प्रभाव पार्न सक्ने साबिक गाविस र समुदायहरू

क्र.स.	नदीको नाम	मुहान	बाढीको उच्च जोखिममा परेका स्थानहरू	मिसिने नदी
१	मर्स्याङ्दी नदी	तिलिचो ताल	स्याँगे, रामबजार, ङादी बजार, भुलभुले बजार, खुदी बजार, बेलघारी	त्रिशूली
२	मादी नदी	अन्नपूर्ण रेन्ज	ईशानेश्वर गाविसको रामबजार, भोर्लेटार गाविसको गुम्बावेसी	सेती
३	चेपे नदी	दूधपोखरी	मुगे, कोल्की गाविसको कुहेले	मर्स्याङ्दी
४	ङादी खोला	अन्नपूर्ण हिमाल	उपल्लो ङादी बजार	मर्स्याङ्दी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५	रुदी खोला	ताप्राङ धर्मशाला		मादी
६	किसेदी खोला	रिपे लेक	पाचोकको तल्लो बजार, साँधीखोला बजार, नौथर गाविसको सेरा बजार, श्रीमन्ज्याङ गाविसको सेरा	दोर्दी
७	रिस्ती खोला	कुन्छा (भलुवा)		मादी
८	पिस्ती खोला	नेटा (थान्सिङ)	बाङ्ग्रे, भोर्लेटार	मादी
९	मिदिम खोला	भुजुङ (बजेर खर्क)	स्याउली बजार, नाल्माको लाङ्दी फेदी, लक्ष्मीबजार, करापुटार, भोर्लेटार बजार	मादी
१०	पाउँदी खोला	नेटा (थान्सिङ)	कोइराला फाँट, सत्रसयफाँट, खहरे, पिरिन्ते बेसी, खत्रीठाँटी	मर्स्याङ्दी
११	खुदी खोला	लमजुङ हिमाल	खुदी बजार, पैयुँखोला दोभान, साविक सिमपानी गाविसको पूर्वेली टोल	मर्स्याङ्दी
१२	दोर्दी खोला	मेमेपोखरी	छोटेखोला, कीर्तिपुर बेसी, हिलेबजार, सेरा फाँट	मर्स्याङ्दी
१३	नाउँदी खोला	कुन्छा भन्ज्याङ	पुतलीबजार	पाउँदी खोला

(स्रोत : जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना लमजुङ २०७० नेपाल रेडक्रस सोसाइटी लमजुङ जिल्ला शाखा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हावापानी

यस जिल्लामा दक्षिणी–पश्चिमी वायुले प्रभाव पार्दछ । असारदेखि भदौसम्म मनसुनी हावाले पानी पार्दछ। हिउँदमा एशिया महाद्वीपको पश्चिमी भागमा उत्पत्ति भई पूर्व वहने आँधी बेहेरीले पानी पार्दछ । भू–बनौट अनुसार वर्षा र तापक्रममा पनि भिन्नता आउँछ । मर्स्याङ्दी र खुदीको दोभान नजिकै अन्दाजी ८२३ मिटर २६९९ फिटको उचाइमा मौसम अवलोकन केन्द्रमा अभिलेखीकरण गरिएको इ.सं १९६८–१९७० सम्मको वर्षभरिको औसत तापक्रम र वर्षा, कुन्छा आमडाँडा (९९७ मि. ३,२७० फि) मा सोही मितिको मौसम अवलोकन केन्द्रमा अभिलेखीकरण गरिए अनुसार वर्ष भरिको औसत तापक्रम र वर्षाको तालिका निम्नानुसार प्रस्तुत गरिएको छ–

स्थान	तापक्रम (से.ग्रे. मा)		वर्षा (मि.मि.मा)	
	अधिकतम	न्युनतम	अधिकतम	न्युनतम
खुदी	२५.९	१५.०	३,५१२ मि.मि.	२,९९४.४
कुन्छा			२,०५७.८ मि.मि.	१,९८७.२

माथिको तालिका अनुसार कुन्छामा भन्दा खुदीमा पानी बढी पर्ने देखिन्छ। भौगोलिक विविधताको कारण र स्थानीय भिन्नताको प्रवाहहरूको विविधताले वर्षाको अनुपातमा फरक पर्दछ। कुन्छाको अधिकतम र न्युनतम तापक्रम अप्राप्त ।

लमजुङ जिल्लामा चार प्रकारको हावापानी पाइन्छ

१. अति शीतप्रधान हावापानी

हिमरेखा वा सोभन्दा माथिका ठाउँमा अतिशीत प्रधान हावापानी पाइन्छ । अन्नपूर्ण, लमजुङ, मनास्लु, बौद्ध, दूधपोखरीको सेरोफेरोमा यो हावापानी पाइन्छ । यी ठाउँहरूमा बर्षभरिनै हिउँ जमिरहने, दक्षिणी ढालमा हिउँ पग्लिए पनि जाडो हुने, झ्याउ, काई र कठ्याङ्ग्रिएका झारमात्र देखिन्छन् । बरफविन्दुमा हावाको चाप बढी हुन्छ। मध्ये नेपालमा अन्दाजी ४,८७८ मिटर (१६,००० फिट) सम्मको उचाइलाई हिमरेखा मानिएको छ ।

२. शीतप्रधान लेकाली हावापानी

हिमरेखा देखि तल वृक्षरेखा अन्दादी ३,९६३ मि.(१३,०००) फिट) सम्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उचाइमा शीतप्रधान लेकाली हावापानी कायम रहन्छ। यस ठाउँमा सुनपाती, भैरूमपाती, काँढेझार र बुट्टा मात्र हुन्छन्। हिउँ पग्लेपछि झार, वनस्पति पलाउँछ। त्यहाँ भेडीखर्क छ। गाई भैँसीको चरनक्षेत्र छ। तसर्थ भेडीगोठ र गाई-भैँसीका बगाल राखेर चराउने चलन छ। बराहपोखरी लेक, तेलब्रुङ, रामब्रोङ, लेकहरूमा यस्तो हावापानी पाइन्छ।

३. ठण्डाशीतोष्ण हावापानी

इलमपोखरी, बराहपोखरी, तेलब्रोङ, रामब्रोङ, लेकहरूमा ठण्डा शीतोष्ण हावापानी पाइन्छ। वृक्षरेखा देखि २,१३४ मिटर (७००० फिट) सम्मको उचाइमा यस्तो हावापानी पाइन्छ। हिउँदमा हिउँ पर्छ भने वर्षामा शीतल हुन्छ। यहाँ वनसम्पदा, जीवजन्तु र कोणधारी रूखहरू बढी हुन्छन्।

४. न्यानो शीतोष्ण हावापानी

होचा डाँडाहरूमा र उच्च बेसीमा यो हावापानी पाइन्छ। दक्षिणी सीमावर्ती मादी, मर्स्याङदी र चेपेका किनारमा अर्ध-उष्ण हावापनी पाइन्छ। अन्य धेरै भागमा न्यानो शीतोष्ण हावापानी पाइन्छ। पाखो जमिन होचा डाँडामा र खेत अर्ध उष्ण टारमा छन्।

प्राकृतिक वनस्पति

जनसंख्याको बढ्दो चापले वनसम्पदा मासिदै गएको छ। उच्च पहाडी भागमा वन बाक्लो छ। यस जिल्लामा भएको वनस्पतिलाई निम्नानुसार विभाजन गरिएको छ :

क. ठण्डा मरूभूमिमा पाइने वनस्पति

यस ठाउँमा वर्षा याममा मात्र झ्याउ आदि वनस्पतिहरू पाइन्छन्।

ख. लेकाली वनस्पति

हिमरेखादेखि वृक्षरेखासम्मको भू-भागमा स-साना काँढेदार बुटाहरू, झारपात, घाँस, दुर्लभ जडीबुटीहरू पाइन्छन्। हिउँ पग्लेपछि रङ्गी विरङ्गी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फूलहरू देखापर्दछन् । हिउँ पग्ले पछिको समयमा त्यहाँ भेडीगोठ लैजाने चलन पनि छ ।

ग. ठण्डाशीतोष्ण हावापनी :

यो क्षेत्र सदाबहार कोणधारी वन, वृक्ष रेखादेखि तल अन्दाजी १,८३० मि. (६,००० फिट) सम्म फैलिएको छ । अधिक जीवजन्तु, सल्लो, गुराँस, धूपी, निगालो आदि वनस्पति प्रशस्त मात्रामा पाइन्छन् ।

घ. पतझड तथा मिश्रित वन

होचा डाँडा तथा टारमा पाइने सदाबहार वनमा सधैँ हिउँदमा पात झर्ने (पतझड) रूखहरू मिसिएको वन पाइन्छ । चिलाउने, खयर, चाप, सिमल, कटुस, जेठीमधु, पदम चाल्नु, हरिताल, अल्लो, कागजीपाट आदि वनस्पति प्रशस्त पाइन्छन् ।

पशुपक्षी : वनस्पतिको तुलनामा त्यसको शोभायमानका रूपमा अनेकौँ जीवजन्तुहरू पनि पाइन्छन् ।

वनक्षेत्रमा पाइने वन्यजन्तुहरू

चितुवा, भालु, बनेल, घोरल, हिउँचितुवा, स्याल, दुम्सी, खरायो, छुचुन्द्रो, चमेरो, चरीबाघ, झारल, थार, कस्तुरी मृग, रतुवा, बाँदर, वनबिरालो, लोखर्के, फ्याउरो, मलसाप्रो, न्याउरीमुसो, नाउर । लङ्गूर, वनमुसो आदि जङ्गली जनावरहरू पाइन्छन् ।

वनक्षेत्रमा पाइने चराचुरुङ्गीहरू

डाँफे, मोनाल, कुथुर्के, लाटोकोसेरो, हुँचिल, कोकले, फिस्टो मैना, लामपुच्छे, काग, सुगा, चिल, पानीहाँस, बकुल्ला, जटायु, कालिज, तित्रा, प्यूरा, ढुकुर, बट्टाई, सुगा, जुरेली, सारूङ, बाँडाई, धोबी, लाटोकोसेरो, हल्लेसो, चाँचर, कल्चौडे, लाहाँचे, लुइँचे आदि पाइन्छन् ।

खनिज पदार्थ

लमजुङ जिल्ला खनिज पदार्थले पनि धनी छ । यसको गर्भमा प्रशस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमूल्य निधिहरू छन् । उदाहरणका लागिः सिंगमर्मर, अभ्रख, नुनः मर्स्याङ्दी नदी को किनार तराँचे गाउँको मुनि उत्तर मनाङ जाने बाटोतिर ठाउँ ठाउँमा अघि अघि नुनिलो पानीको मूलबाट नुन बनाउने पनि गरिन्थ्यो । अझैपनि नुन बनाउन मिल्ने तलाउहरू देखिन्छन् । राँइदु र तानुङ यसका उदाहरण हुन् । बाढी पहिरोका कारण त्यस्ता तालहरू र मर्स्याङ्दी किनारका नुनका मूलहरू पुरिदै गएका छन् । (स्रोत : मेचीदेखि महाकाली)

यिनका अतिरिक्त जिता र तान्द्राङ टक्सार गाविसको सीमानामा पर्ने "तामाखानी" खोलाका वरिपरि तामाको खानी छ ।

जिल्लामा हुन सक्ने सम्भावित विपत्हरू :

१. बाढी पहिरो २. आगलागी ३. भूकम्प ४. महामारी ५. हावाहुरी र असिना ६. चट्याङ

१. बाढी पहिरो

हिमश्रृङ्लाहरू बाट हिमस्खलन हुने, अतिवृष्टिका कारण पानीको मात्रा बढेर त्यसको असर तीव्र रूपमा पहिरो आउन सक्नु, भूस्खलनका कारण नदी नालाले बाटो बदल्नु र अवैज्ञानिक तवरबाट ग्रामीण सडक निर्माण गर्नुका कारण बाढी पहिरोको सभ्भावना बढेको छ ।

२. आगलागी

यस जिल्लाका गाउँहरू ठूला बस्तीका रूपमा रहनु, आपसमा घरहरू जोडेर बनाउनु, खर या फुसका छाना हुनुका कारण बढी चैत, बैशाखमा र फाटफुट रूपमा अन्य महिनामा आगलागीका घटना हुने गरेका छन् ।

३. भूकम्प

हरेक वर्ष भारतीय भूखण्ड तिब्बतीय भूखण्ड मुनि १ इन्चको दरले घुस्रिने क्रम जारी छ । त्यो भाग नेपालमा पनि पर्ने हुनाले भूकम्प विज्ञहरूले नेपाललाई भूकम्प आउने सम्भावनाको जोखिम स्थान भित्र राखेका छन् । नेपाल, अमेरिका,जापान जस्ता मुलुकहरूमा एकैनासे भूकम्प आएमा नेपालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूलो धनजनको क्षति हुने कुराको अनुमान लगाउन सकिन्छ । ठूला जलविद्युत परियोजना सञ्चालन र निर्माणको क्रममा रहेको यस जिल्लामा भूकम्पीय सुरक्षाका उपायहरू, पूर्व तयारी र क्षति कम गर्ने सचेतनाका बारेमा सबै परिवार तथा समाजलाई सजग गराउनु आवश्यक छ ।

नोटः वि.सं.१९९० साल माघ २ गतेको ८.६.रेक्टर स्केलको महाभूकम्प, वि.सं. २०७२ साल वैशाख १२ गतेको ७.८ रे.स्केलको महाभूकम्प र २०७२ साल वैशाख २९ गतेको ६.७ रे.स्केलको महभूकम्पले पुऱ्याएको क्षति यसका उदाहरण हुन् ।

नोटः २०७२ साल वैशाख १२ गते शनिवार दिउसो ११.५६ बजे गएको ७.८ रे.स्केलको महाभूकम्पले पुऱ्याएको क्षतिः ५ जनाको मृत्यु भएको, १० हजार घर पूर्ण रूपमा क्षति भएका र ११ हजार घर आंशिक रूपमा क्षति भएका छन् । राष्ट्रिय योजना आयोगको अनुगमन र नतिजा अनुसार क्षति भएका जिल्लाहरूको वर्गीकरण क,ख,ग अनुसार लमजङ जिल्ला "ख" वर्गमा परेको छ (स्रोतः रेडियो मर्स्याङदी, २०७२ भाद्र १४ गते साँझ) । यस पटकको भूकम्पका सानातिना धेरै पराकम्पन पुससम्म गइरहेका थिए । २०७२ पुस २६ गतेसम्ममा ४२३ पराकम्प गएका थिए (स्रोतः CIN २०७२ पुस २६ गते साँझमा प्रशारण)

४. महामारी

यसमा झाडापखाला, हैजा, रूघा, निमोनिया, जन्डिस जस्ता रोगहरू खासगरी वर्षको समयमा देखापर्दछन् । धेरै व्यक्तिहरूलाई यस्ता कुनै रोग एकै समयमा फैलिएमा महामारीको रूप लिन्छ । तसर्थ जन चेतना जगाई उचित व्यवस्थापन मिलाई यस्ता रोगको न्यूनीकरण गर्नु जरूरी छ ।

५. हावाहुरी र असिना

प्राय : चैत्रदेखि जेष्ठ महिनासम्म अत्यधिक गर्मीका कारण हावाहुरी आउने, मान्छे बिरामी तथा बेहोश हुने,आँधीबेहेरीका कारण घरविहीन हुने, सामाजिक संघ संस्थाका संरचनामा क्षति पुग्ने गरेको पाइएको छ । साथै सो समयमा असिना परेर बालीनाली नष्ट हुने गरेको पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. चट्याङ

वर्षाको समयमा चट्याङबाट निकै जनधनको क्षति भइरहेको पाइएको छ।

१.१.१ वन तथा ऊर्जा वातावरण

वन : जङ्गलले ढाकेको क्षेत्रफल : ६६६७३ हे.
चरन : २२,६२६ हे.
बुट्यान : १७६४३ हे.
रेन्ज पोस्ट संख्या : ८
सामुदायिक वन संख्या : ३०४ (१९३१८.८४ हे.) ३४९०४ घरधुरी
कबुलियती वन संख्या : १३२ (५०९.०२ हे.) १११८ घरधुरी
निजी वन संख्या : ४१ (१४. ६५ हे.)
धार्मिक वन संख्या : १ (२.०३ हे.)

यस जिल्लामा अन्नपूर्ण संरक्षण क्षेत्र (ए क्याप) **A CAP (Annapurna Cunjervetion Area Project)** पनि छ। यस भित्र पर्ने गाविसहरू : (खुदी, सिम्पानी, ताघ्रिङ, घनपोखरा, भुजुङ, भोजे, उत्तरकन्या, पसगाउँ)। यस संस्थाले वातावरणको साथै विभिन्न वन्यजन्तु र जडीबुटीको समेत संरक्षण गर्दछ।

लघु वनपैदावार : निगालो, लोक्ता, भोर्लो, अल्लो (स्रोत : जिल्ला वन कार्यालय, लमजुङ)

ऊर्जा तथा वातावरण

खाना पकाउने इन्धनको स्रोत अनुसार घरपरिवारको विवरण :
काठदाउरा : ६९.५९ %, मट्टीतेल : ०.३५%
एल.पी. ग्याँस : १९.०१%, गोबरग्याँस : १०.३८%
बिजुली : ०.१२%, अन्य : ०.५५%
धूवाँ रहित गाविस : ५ (इलमपोखरी, मोहरियाकोट, गौँडा, प्यार्जुङ, कोल्की)
वैकल्पिक उर्जा केन्द्रको अनुदानमा निर्मित पेल्ट्रिक सेट : ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लघु जलविद्युत : १२
सोलार संख्या : ४४८९
सुधारिएको चुलो : ४९९२५ फलामे चुलो : ४५१
(स्रोत : जिल्ला ऊर्जा तथा वातावरण इकाइ जिविस, लमजुङ)

१.१.२ लमजुङ जिल्लामा पाइने जडीबुटीहरुको वर्गीकरण

लमजुङ जिल्ला समुद्री सतहदेखि अन्नपूर्णसम्ममा विभिन्न उचाइमा फैलिएको छ। तसर्थ यहाँ हावापानी पनि विभिन्न उचाइमा फैलिएको छ। हिमाली क्षेत्रदेखि बेसी टारसम्मका विभिन्न उचाइ र विभिन्न हावापानीमा जडीबुटीहरू पनि विभिन्न किसिमका पाइन्छन्। ती जडीबुटीहरूलाई निम्न वर्गमा विभाजन गरिएको छ।

१. औषधियुक्त जडीबुटीहरू
२. सुगन्धित तेलयुक्त जडीबुटीहरू
३. अन्य जडीबुटीहरू

ती जडीबुटीहरूको नाम निम्नानुसार छ :

१. औषधीयुक्त जडीबुटीहरू

क. जरा जाति : पाँचऔंले, जटामसी, सुगन्धवाल, विष, पाषणभेद, भ्याकुर, बोझो, कुरिलो, वनलसुन, सर्पगन्धा, इन्द्रेणी आदि।

ख. पातजाति : तेजपात, लौठसल्ला, धसिग्रे, भोर्लो, तितेपाती, असुरो आदि।

ग. बिउ र फल जाति : पिप्ला, कट्टुस, लप्सी, रिट्ठो, सुगन्धकोकिला, इन्द्रायणी, हर्रो, बर्रो, अमला आदि।

घ. विरूवा जाति : यार्सागुम्बा, झ्याउ, मजिठो, चिराइतो, तितेपाती, गुर्जो, घोडताप्रे, नागबेली, जीवन्ती आदि।

ङ. बोक्राजाति : काफल, दालचिनी, चुत्रो, भोजपत्र, छतिवन, टटलो, पलास, निम आदि।

च. फूल र भुवा जाति : सुगन्ध कोकिलाको फूल, धसिग्रेको फूल, गुराँसको फूल, नारेश्वरको फूल, बुकीफूल, कमलको फूल, आँकको फूल, मखमली फूल, कदमको फूल आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ. रङ्गको लागि प्रयोग गरिने जाति : पिप्ला, मजिठो, अमला, साल मेहदी, घण्टीफूल आदि ।

ज. गम र रेजिनको लागि : सिलाजित, खोटो, रक्तचन्दन, सालधुप आदि ।

२. सुगन्धित तेलधारी जडीबुटीहरू

सुगन्ध कोकिला, मेन्था, सयपत्री, मसला, सुगन्धवाल, सिट्रोनेला, पामारोजा, लेमनग्रास, तुलसी, केमोमाइल आदि ।

३. अन्य जडीबुटीहरू

असुरो, लालगेडी, नागबेली आदि ।

(स्रोत : लमजुङ जिल्लामा जडीबुटी : पृ. ८-९)

भू-संरक्षण

लमजुङ जिल्लामा भू-संरक्षण सम्बन्धी भएका कार्यको विवरण निम्नानुसार छ ।

उप-जलाधार क्षेत्र संख्या : ५०

जलाधार संरक्षण कार्य भएको : ४ (पाउँदीखोला, मर्स्याङदी, मजुवा र पिस्ती)

आयमूलक/जीविकोपार्जन कार्यक्रम : १५०

सशक्तीकरण तालिम : १६०

चिया बेर्ना उत्पादन (उत्तरकन्या) ६० हजार

यस जिल्लाको साक्षरता दर ६४.७९ प्रतिशत छ। जसमध्ये महिला ५४.०४ प्रतिशत र पुरुष ७६.७८ प्रतिशत छन् । यस जिल्लामा सिंचाई गरिएको क्षेत्र १३,९७० हेक्टर, पाइपबाट खानेपानी उपयोग गर्ने ९२%, पक्की शौचालय भएका घरधुरी २५,६०३ छन् । सडक पुगेका गाविसहरूको संख्या ५९ छ । उपजलाधार क्षेत्र संख्या ५० छ । लमजुङ जिल्लामा राष्ट्रिय वाणिज्य बैंक १, नेपाल बैंक लि. २, कृषि विकास बैंक ३ र निजी तथा अन्य वित्तीय संस्थाहरू १४ वटा रहेका छन् । वचत र सहकारी २० वटा छन् । यस जिल्लाको विद्युत् उत्पादनको क्षेत्र मध्य मर्स्याङ्दी ७० मेगावाट, खुदी हाइड्रोपावर ४ मेगावाट, सिउडी ५ मेगावाट र उपल्लो मर्स्याङ्दी ५० मेगावाट रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF .

१.२ ऐतिहासिक पृष्ठभूमि

नेपालको इतिहासको मध्यकालमा गण्डकी क्षेत्रमा चौवीसी राज्य र कर्णाली क्षेत्रमा बाईसी राज्य थिए। सोही बेला एक आपसमा सतर्क हुनुपर्ने अवस्था थियो। कहिले दुई राज्य मिलेर तेस्रो राज्यमाथि आक्रमण गर्दथे त कहिले पहिलो र तेस्रो राज्य मिलेर दोस्रो राज्यमाथि आक्रमण गर्दथे। वारम्वार यस्ता अनेकौं चलखेल भइरहन्थे। लमजुङलाई गरुड, गोरखालाई सर्प र काठमाडौं उपत्यकालाई भ्यागुतो मानेका प्रमाण इतिहासले दिइरहेको छ। पहिले गरुडको आँखा छलेरमात्र भ्यागुतोलाई निल्नु पर्दछ। त्यसो गरिएन भने गरुडले आफैंमाथि आक्रमण गर्न सक्छ भन्ने आशङ्का पृथ्वीनारायण शाहमा थियो (योगी नरहरिनाथ (सं) पृथ्वीनारायण शाहको दिव्योपदेश २०११, पृ. ५)। शाहवंशले गोरखामा राज्य सञ्चालन गर्नुभन्दा अघि त्यहाँ खड्का थरका खसहरूको रजाइँ थियो। तिनीहरूको रजाइँबाट ब्राह्मण, क्षेत्री र मगर जातका मानिसहरू असन्तुष्ट थिए। उनीहरू खड्काहरूलाई पटक्कै मन पराउँदैनथे। बडादशैंको टीका विजयादशमीको दिन दौडमा सबैलाई उछिनेर अगाडि जान सक्ने व्यक्ति गोरखा राज्यको राजा हुने परम्परा थियो। सोही परम्परा बमोजिम दशैंको दौडको मेलामा गोरखालीहरू जम्मा भएको ठाउँमा द्रव्य शाहले हमला गरे। गोरखालीहरू निःशस्त्र भएको अवस्था र द्रव्य शाहको टोली हतियारले सुसज्जित भई रणभूमिमा उपस्थित भएको अवस्था सिर्जना भयो। सोही अवसरमा द्रव्य शाहको जित र खड्काहरूको हार भयो।) यसरी द्रव्य शाह गोरखाका राजा भए (इ.सं १५५९ भाद्रकृष्ण अष्टमी – बालचन्द्र शर्मा)।

कुलमण्डन शाह स्याङ्जा आँधीखोला किनारमा स्थापना भएको खान राज्यका संस्थापक जैन खानको पाँचौं पुस्ताका "कुलमण्डन खान" कास्कीको राजगद्दीमा थिए। भारतका मुगल बादशाह (मुगल सम्राट) लाई कुलमण्डन खानले सुनको बाज लगेर चढाएका थिए। त्यसरी सुनको बाज चढाए वापत मुगल बादशाहले कुलमण्डन खानलाई शाहको उपाधी दिएका थिए। त्यसपछि कुलमण्डन खान कुलमण्डन शाह बनेका हुन्। यशोब्रह्म शाहका बाबु विचित्र खान हुन्। उनका छोरा राजा "नरराज खान" पछि शाही ठकुरीको राज्य राम्रो मानेर लमजुङका दुराहरूले पाल्पाका राजा रुद्र सेनको हमलाबाट बाँच्नका लागि यशोब्रह्म शाहलाई राजा बनाए। अनि राज्य बलियो तुल्याए (पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग १ पृ. ३)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलमण्डन शाहको बंसबृक्षका दुई भाइ छोरा : (खान्चा) जयत खाण र (मिन्चा) अजय खाण थिए। जयत खाणका वंशबृक्ष यसरी सुरु भएको भेटिएको छः श्री भुपालराव राणा (चन्द्रबंसी) हुन्। खाण भिरकोट र दशरथ खाण गरौँकोटमा गए। अजय खाणका चार भाइ छोरामध्ये क्रमशः भक्ति खाण नुवाकोट, सरिम्बु खाण सतौँकोट, बिचित्र खाण कास्की र जयदेव खाण (यिनको उल्लेख नभएको), जयदेव खाण पछि कुलमण्डन खाण (शाह), यशोब्रह्म शाह क्रमशः अरू राखिएको छ। यसको पूर्ण विवरण परिशिष्टमा देखाइएको छ। (स्रोतः राजराजेश्वरीको मन्दिर खलकछाप, बाङ्ग्रेको तखतहरण ठेलीबाट साभार)

राम शाहका पालामा पनि लमजुङ र गोरखाका बीचमा मुठभेड भयो तर लमजुङको हार भयो। सन् १६९३ मा नेपाल उपत्यकाबाट गोरखालीहरूलाई सहायता नआउने ठानेर लमजुङे राजा हरिनारायण शाहले चेपेपारि लिगलिग आफ्नो पञ्जामा लिए। त्यतिखेर गोरखामा पृथ्वीपति शाह राजा थिए। उनीबाट खटिएका माहिला राजकुमार रणशार्दूल शाह लिगलिग फिर्ता गर्न सफल भए। "लमजुङको दबदबा र वैमनस्यताले गर्दा गोरखालाई चौबीसी राज्य समूहमा रहन दिएन" (Vaidya T.R. Prithivi NarayanShah and his times, Unpublished thesis submitted in Allahabad University for D. Phill. 1973, p.49). गोरखाले आफ्नो राज्य विस्तार गर्नु अघि अरू चौबीसी राज्यहरूसँग सन्धि गर्न खोज्दा लमजुङको आशय बुझ्नु पर्दथ्यो। किनभने लमजुङ त्यति बेला शक्तिशाली थियो। लमजुङको विचार अनुसारमात्र सन्धिको कुरा गरेकोले गोरखाले लमजुङसँग सन् १८४३ मा सन्धि गऱ्यो। गोरखाको राज्य वृद्धि भएमा लमजुङलाई "लाखाबिस" दिने शर्त थियो। यसबारेमा पृथ्वीनारण्यण शाह र रिपुमर्दन शाहका बीच कुरा भएको थियो। कालु पाण्डेको कूटनैतिक चातुर्यले गर्दा गोरखा र लमजुङ बीच सन्धि भयो। सन्धि भए पनि चिरस्थायी हुन सकेन।

गोरखाले कान्तिपुरमाथि पटक पटक आक्रमण गरेको थियो। त्यसरी आक्रमण गर्न जाँदा लमजुङले आफू कान्तिपुरमाथि आक्रमण गर्न जाँदा आक्रमण गर्छ कि भन्ने आशङ्का पनि हुन्थ्यो। लमजुङले पश्चिमबाट आक्रमण नगरोस् भन्ने गोरखाको चाहना रहन्थ्यो। पर्वत, तनहुँ, कास्की र लमजुङ संयुक्त भएर गोरखासँग लडाइँ गरे। सन् १७८२ मा लमजुङ एकीकरण भित्र पऱ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यति बेलाका चौबिसी राज्यहरू मध्ये लमजुङ एक शक्तिशाली राज्यका रूपमा स्थापित भएको थियो। सन् १७८२ मा लमजुङ एकीकरणभित्र राजेन्द्र लक्ष्मीदेवीको नायबी कालमा बृहत् नेपाल अधिराज्यको अभिन्न अङ्ग भयो। लमजुङे राजाहरू यशोब्रह्म शाह, नरहरि शाह, चूडा शाह, अचिन्द्र शाह, नरेन्द्र शाह, केहरिनारायण शाह, भीम शाह, रिपुमर्दन शाह, वीरमर्दन शाह र वीरभूपाल शाह थिए भने मध्यकालमा गोरखा राज्यलाई सैनिक दृष्टिकोणले शक्ति सम्पन्न मानिन्थ्यो।

लमजुङ राज्य विशाल नेपालको एकीकरण भित्र परिसकेपछि तत्कालीन लमजुङे राजा वीरभूपाल शाह बाङ्ग्रेमा गई बसोबास गर्न थाले। बाँकी विवरण सम्बन्धित शीर्षकमा नै उल्लेख गरिने छ।

यशोब्रह्म शाहले लमजुङमा राज्य सञ्चालन गर्न थाले। उनले लमजुङ चारनालका गुरुङ पञ्चहरूलाई झिकाएर उनीहरूलाई राम्ररी हात लिए। त्यसपछि लमजुङमा एकछत्र राज्य गरे। लमजुङको उत्तरमा रहेको मनाङ भोटलाई पनि यशोब्रह्म शाहले आफ्नो प्रभुत्वमा पारे। कालु शाह परलोक हुँदा उनकी रानी वसन्तावती गर्भवती थिइन्। रानीको गर्भबाट साहेब जन्म्यो र प्रताप शाह नामकरण भयो। प्रताप शाहलाई दोर्दी पारि युलुङको रजाइँ दिइएको थियो। पछि लमजुङसँग टकराउ हुँदा प्रताप शाहको छत्र भङ्ग भयो। (गुरुङ ...)

आमाको चाहना अनुसार यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाह राईनासको मोहोडाको कार्यभार सम्हालेर बसेका थिए। उनले लिगलिगका घले राजा, गोरखा माझकोटका खड्का राजालाई जितेर गोरखामा शाह वंशको स्थापना गरे (पन्त २०४१:५३)। गोरखाको इतिहास पहिलो भाग/। नरपति शाहलाई बाहुनडाँडाको रजाइँ दिइएको थियो। यशोब्रह्म शाहका जेठा छोरा नरहरि शाह लमजुङको मूल दरबारका राजा भए। यस हिसाबले गण्डकी प्रस्रवण क्षेत्रमा शाह वंशको भीरकोट, गह्रौं, ढोर, नुवाकोट, सतौं, कास्की, लमजुङ र गोरखा यी आठवटा राज्य खडा भए । यी आठ राज्यलाई संयुक्त रूपमा भन्दा इतिहासको भाषामा आठ टीका भनिन्छ। (योगी नरहरिनाथ : इतिहास प्रकाश प्रथम अङ्क)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.३ जनजीवन

नेपाल बहुजाति, बहुधार्मिक र बहुभाषिक देश हो। यहाँ विभिन्न जाति, धर्म र भाषाभाषीका समुदायहरू एक आपसमा मिलेर बस्छन् र मिलेरै व्यवहार चलाउँछन्। नेपाल भित्रका ७७ जिल्लाहरू मध्ये लमजुङ पनि एउटा जिल्ला हो। यस जिल्लामा विभिन्न जाति, धर्म र भाषिक समुदायका मानिसहरूको बसोबास छ। विभिन्न क्षेत्रमा विभिन्न समुदायका मानिसहरू छिरलिएर बसेका छन्। विभिन्न जाति, विभिन्न धर्म र विभिन्न भाषिक समुदाय भएर व्यवहार चलाउँछन्। गाउँको विकास, जिल्लाको विकास र सामाजिक सङ्घ संस्थाको विकासमा सबै एकजुट भएको कुरा अध्ययनले बताएको छ।

१.३.१ जात जाति र जीवन शैली

लमजुङ जिल्लामा विभिन्न जातजतिका मानिसहरूको बसोबास छ। उहाहरणका लागि : बाहुन, क्षेत्री, तामाङ,कामी, सार्की, दमाई, घर्ती (भुजेल), दुरा, नेवार,मगर, ठकुरी, कुमाल, गुरुङ। यी मध्ये गुरुङ जातिको संख्या सबै भन्दा बढी छ। मध्य होचो महाडी भू-भाग र दक्षिणी टारमा मानव बस्ती धेरै छ। युवाशक्ति विभिन्न किसिमका रोजगारीमा संलग्न छ। क्षेत्रफलका दृष्टिले गण्डकी अञ्चलको दोस्रो ठूलो जिल्लाको रूपमा चिनिने जिल्ला लमजुङ हो। विभिन्न जाति र विभिन्न संस्कृतिले यो जिल्ला धनी छ। जनजीवन भित्रका कुरा गर्ने हो भने आफ्नै संस्कृतिभित्र वैवाहिक सम्बन्ध कायम गर्ने परम्परा छ। आजकाल प्रेमविवाहका कारण अन्तरजातीय तथा अन्तरसांस्कृतिक रूपमा पनि विवाह हुन थालेका छन्। विभिन्न धर्म मान्ने समुदाय भए पनि यहाँ धार्मिक सहिष्णुता छ। जनसंख्याको दृष्टिले गुरुङ, बाहुन र क्षेत्रीको संख्या धेरै छ। दलितबस्ती विभिन्न ठाउँमा छरिएर रहेको छ। यहाँका मानिसहरू धामी-झाँक्री, तन्त्र-मन्त्र र झारफुकमा पनि विश्वास राख्छन्। लमजुङको दक्षिणी भेगको अन्दाजी १,२२० मिटर (४००० फिट) उचाइमा बसोबास गर्ने अल्पसंख्यक आदिबासीको रूपमा दुरा जाति पर्दछ। यस जातिको रहन, सहन, चालचलन र लवाइ-खुवाइ आफ्नै किसिमको हुन्छ। लमजुङ जिल्लामा गुरुङ जातिको बाहुल्य भएको हुँदा यसबारे थोरै चर्चा गरिन्छ। गण्डकी अञ्चलको पश्चिमी सीमाना कालीगण्डकीदेखि बागमती अञ्चलको धादिङ जिल्लाको मध्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाग आँखु खोलासम्म यस जातिको बसोबास छ। पूर्वमा अरूण, तमोर, र ओखलढुङ्गा सम्म पुगेको छ। गुरुङ समुदायमा चारजाते घले, घोदाने, लामा र लामिछाने हुन्छन्। सोह्र जाते गुरुङमा क्रोम्जे, क्यब्जे, खात्र, खोलाली, घ्याब्रे, चोर्मे, जंग्रे, थीमे, थोर्जामी, थोर्छे, दोर्जाली, पाइगी, पोमे, ह्यज्यु, मिगी,योज्मे छन् भने रिलामे र सोगुन पनि भाइखलकमा भेटिन्छन्। पुरुषको पोशाकभोटो, कछाड, इस्टकोट, पाखीको पटुका, टोपी र गादा हुन्छ भने महिलाको पोशाकका मखमलको चोलो, मुगियाको गुन्यू, निलो, पहेलो पटुका, घलेक (स्यामा), टिकी (ताम्लो) र मुजेत्रो (क्रामु-कर्मु) प्रचलित छन्।

अन्त्यष्टी कर्म गर्दा मुर्दा जलाउने चिहान ढुङ्गाले बनेको हुन्छ। त्यस ढुङ्गामा तीनवटा प्वाल हुन्छन्। त्यहाँबाट दाउरा घुसारेर मुर्दा जलाइन्छ। पुरुष मर्दा उसको (श्रास्यी) मामा या सालो, जेठान मलामी जानु पर्ने हुन्छ। महिला मर्दा (आमयु) दाजुभाइ मलामी जानु पर्ने हुन्छ। "पाचे" को विधि अनुसार कर्म गरिन्छ। गुरुङसमाजमा पर्व विशेषमा कोसेली दिने चलन पनि छ। केटाले केटीलाई दिने कोसेलीलाई "छोनाम्" भनिन्छ भने केटीले केटालाई दिने कोसेलीलाई "फोनाम" भनिन्छ (स्रोत : मेचीदेखि महाकाली भाग ३)।

लमजुङ जिल्लामा माथि उल्लेखित जातिभन्दा बाहेक अन्य जातिहरू पनि छन्। ती हुन् - दशनामी, रानाभाट, खवास, बादी, माझी (बोटे) र चेपाङ। बोटे जातिमा पनि यस जिल्लामा पाखाबोटे र पानीबोटे गरी दुवै थरका बोटे पाइन्छन्। स्थलगत अध्ययनबाट यी कुराहरू जानकारी भएका हुन्।

नोटः माथि उल्लेख गरिएको दशनामी जातिलाई जातिभास्कर नामक ग्रन्थले यसरी चिनाएको छः गिरिः यह भगवान् शंकराचार्यके शिष्योंकी एक उपाधि जो संन्यासीयोंको दीगई है उसका भेद है इस सम्प्रदायमें दश नाम हैं सरस्वती, भारती, पुरी,तीर्थ, आश्रम,बन, गिरि, आरण्य, पर्वत; और सागर। इनमे सरस्वती, भारती और पुरी नामोंका सम्बन्ध श्रृंगेरी मठसे है। तीर्थ और आश्रमका सम्बन्ध द्वारिकाके शारदामठमे है। बन और आरण्यका सम्बन्ध जगन्नाथ पुरीके गोबर्द्धनमठसे है। गिरि, पर्वत और सागरका सम्बन्ध हिमालयके जोशीमठसे है सिद्धान्त सबके एक है (पृ.१६०)। लमजुङमा भएका दशनामी सम्प्रदाय यसै भित्रका हुन्।

यस जिल्लामा चर्को रूपमा रोजगारको समस्या पनि देखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोजगारीका लागि युवाशक्ति विदेश पलायन भएको छ। वैदेशिक रोजगारका आड लागेर प्रतिदिन युवाशक्ति विदेशिएको छ। युरोप, अमेरिका, अस्ट्रेलिया र जापान जस्ता विकसित मुलुकमा थोरै युवाशक्ति पलायन भएको छ। त्यसैगरी कतार, मलेसिया, अरब जस्ता खाडी क्षेत्रमा अत्यधिक रूपमा युवाशक्ति पलायन हुँदोछ। पुरुषहरू अत्यधिक खाडी क्षेत्रमा जाने र १।२ वटा बालबालिकालाई साथमा लिएर महिलाहरू शहरतर्फ पस्नाका कारण पहाडी गाउँघरमा बूढाबूढीमात्र रहेको अवस्था धेरै छ। युवाशक्ति बाहिर जाने, युवतीहरू र केटाकेटीहरू शहर पस्ने, गाउँघरमा बूढाबूढीहरूको बेहाल हुने अनि उर्वरा भूमि बाँझो रहने कुरा जटिल समस्याको रूपमा खडा भएको छ। सरकार, कृषिप्राविधिकहरू र धनवान् व्यक्तिहरूले रचनात्मक कार्यक्रम ल्याएर पहाडमा कृषिमा सुधार तथा आर्थिक क्रान्ति ल्याउनु पर्ने आवश्यकता देखिन्छ। त्यसो भए मात्र युवाशक्ति गाउँघरकै रोजगार तथा स्वरोजगारमा संलग्न हुन्छ र गाउँ घरको अनुहार बदलिन्छ।

१.३.२ नागरिक, धर्म र सक्षम/अक्षम (असक्षम)

नेपालमा नेपालीहरूको मात्र बसोबास छैन। त्यसैगरी लमजुङ जिल्लामा पनि नेपालीहरूको मात्र बसोबास छैन। यहाँ विभिन्न मुलुकका मानिसहरू आएर बसेका तथा जीविकोपार्जन गर्दै आएको कुरा तथ्याङ्कले बताएको छ। नेपालमा बसोबास गर्ने विभिन्न मुलुकका नागरिकहरूको तथ्याङ्क निम्नानुसार छ :

तालिका नं. १

	जम्मा	नेपाल	भारत	चिन	अन्य
	१,६७,७२४	१,६७,३९१	२८५	१	४७
पुरुष	७५,९१३	७५,६९३	२१३	०	७
महिला	९१,८११	९१,६९८	७२	१	४०

त्यसैगरी विभिन्न धर्मालम्बीहरूको पनि यस जिल्लामा बसोबास छ। त्यस्तै शारीरिक तथा मानसिक रूपले पनि यस जिल्लाका नागरिक सबै सक्षम छैनन्। धार्मिक दृष्टिले लमजुङको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनसङ्ख्या निम्नानुसार छ :

तालिका नं. २

	हिन्दु	बौद्ध	इस्लाम	किराँत	क्रिस्चियन	प्रकृति
पुरुष	७५,९१३	४८,५५०	२५,१८२	४५४	१३३७	३६
महिला	९१,८११	५८,४६१	३०,४०४	४८८	१,६३३	३१
जम्मा	१,६७,७२४	१,०७,०११	५५,५८६	९४२	२९७०	६७

बाँकी तलको तालिकामा क्रमशः

	वन	जेनिज्म	बहाई	सिख	अन्डिफाइन्ड
पुरुष	२६	०	३	०	३१२
महिला	३४	०	२	०	४१८
जम्मा	६०	०	५	०	७३०

लमजुङ जिल्लामा भएका नागरिकहरूको सक्षम तथा असक्षम अवस्था निम्नानुसार छ :

	शारीरिक अवस्था कमजोर	आँखाको अशक्त	श्रवण शक्ति कमजोर	श्रवण र अन्य कमजोर	दृष्टि कमजोर
पुरुष	७५,९१३	७६९	२८८	५३५	४३
महिला	९१,८११	५६७	३३५	५१०	४५
जम्मा	१,६७,७२४	१,३३६	६२३	१,०४५	८८

तालिका नं. ३

असक्षम जनसङ्ख्याः

	जिल्लाको जनसङ्ख्या	बोलीको समस्या	मानसिक असक्षमता	बौद्धिक दुर्बलता	विविध कमजोरी
पुरुष	७५,९१३	४४१	१२३	७६	२५७
महिला	९१,८११	३४४	९८	८१	२३३
जम्मा	१,६७,७२४	७८५	२२१	१५७	४९०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : दुई

भाषा तथा साहित्य

भाषा विचार विनिमयको माध्यम हो। भाषा मानव जातिको मात्र उच्चतम सभ्यताको नमुना हो। पशुपंक्षी कराउनु, अन्य कुनै आवाज दिनु, ताली पिट्नु, घण्टी बजाउनु जस्ता अनेकौँ सङ्केत भाषा होइनन्। आफ्ना मनमा लागेका कुरा सार्थक ध्वनिको रूपमा अरू समक्ष पुऱ्याउनु र अरूले बोलेका कुरा सार्थक रूपमा आफूले ग्रहण गर्नु भाषा हो। भाषा विज्ञानले यही कुरा सिकाउँछ। यसका अतिरिक्त सुस्त श्रवण अवस्थामा रहेका मानिसहरूलाई एक आपसमा दोहोरो कुरा गर्न मिलाइएको साङ्केतिक प्रविधिलाई पनि साङ्केतिक भाषको रूपमा भाषा विज्ञानले मानेको छ। ब्रेल लिपिको माध्यमबाट लेखिएका भाषा र लिपिको रूपमा आएर पनि त्यस्ता व्यक्तिहरूले एक आपसमा साङ्केतिक रूपले बोलीचालीको आवश्यकता पूर्ति गर्ने गरेका छन्। पूर्ण श्रवण भएका र सुस्त श्रवण भएका दुवै थरीले पनि एक आपसमा साङ्केतिक रूपमा बोलीचालीको अंश पूरा गर्ने गरेको पनि एक अध्ययनले बताएको छ। नेपाली साङ्केतिक भाषालाई पनि उदाहरणको रूपमा लिन सकिन्छ। जुम्ला साङ्केतिक भाषालाई उदाहरणको रूपमा लिन सकिन्छ। जुम्ला साङ्केतिक भाषा, भ्फान्कोट साङ्केतिक भाषा पनि भाषा विज्ञानले मानेका भाषा हुन्।

२.१ नेपालमा बोलिने भाषा

एथ्नोलगको मूल अङ्ग्रेजी संस्करणमा उल्लेख भए अनुसार अहिलेसम्म जानकारीमा आएका संसारभरि बोलिने भाषाहरूको संख्या झण्डै ७ हजार छ। नेपालमा नेपाली साङ्केतिक भाषा सहित १२३ वटा भाषाहरू सूचीकृत छन्। तीमध्ये ११९ वटा भाषा जीवित छन् भने चारवटा, वक्ताबारे जानकारी प्राप्त छैन। नेपालमा बोलिने भाषाहरूको छोटो टिपोट निम्नानुसार छ –

१. अङ्गिका [anp] २. अवधी [awa] ३. आठपरिया [aph] ४. उर्दू [urd] ५. काइके [kzq] ६. कागते [syw] ७. कायोर्ट [kyv] ८. किसान [sck] ९. कुके [ght] १०. कुम्हाली [kra], ११. कुरूख,नेपाली [kxl] १२. कुलुङ [kle] १३. कुसुन्डा [kgg] १४. कोइ [kkt] १५. क्यिरोङ [kgy] १६. खडिया [khr]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७. खाम, गमाले [kgj] १८. खाम, पश्चिमी पर्वते [kjl] १९. खाम,पूर्वी पर्वते [kif], २०. खाम, शेशी [kip] २१. खालि [klr] २२. गुरुङ, पूर्वी [ggn] २३. गुरु, पश्चिमी [gvr] २४.घले, उत्तरी [ghh] २५. घले, दक्षिणी [ghe] २६. चाम्लिङ [rab] २७. चुक्वा [cuw] २८.चुम [ttz] २९. चेपाङ [cdm] ३०. छन्त्याल [chx] ३१. छिन्ताङ [ctn] ३२. छुलुङ [cur] ३३. जिरेल [jul] ३४.जुम्ला साङ्केतिक भाषा [jus] ३५. जुम्ली [jml] ३६. जेरूङ [jee] ३७. झान्कोट साङ्केतिक भाषा [jhs] ३८. डोट्याली [dty] ३९. डोल्पो [dre] ४०. तामाङ, उत्तर पश्चिमी [tmk] ४१. तामाङ, दक्षिण पश्चिम [tst] ४२. तामाङ, पश्चिमी [tdg] ४३. तामाङ, पूर्वी [taj] ४४. तामाङ, पूर्वी गोर्खा [tg e] ४५. तिचुरो [ten] ४६.तिब्बती [bod] ४७. तिलुङ [tij] ४८. थकाली [ths] ४९. थाङमी [thf] ५०. थारू, कठरिया [tkt] ५१. थारू, कोचिला [thq] ५२. थारू, चितवनिया [the] ५३. थारू, डगौरा [thl] ५४ थारू, राना [thr] ५५. थुदाम [thw] ५६. थुलुङ [tdh] ५७. दनुवार [dhw] ५८. दराइ [dry] ५९. दुङमाली[raa] ६०. दुमी [dus] ६१. दुरा [drq] ६२. धिमाल [dhi] ६३. नाःबाः [nao] ६४. नाछेरिङ [nod] ६५. नार्फु [npa] ६६. नुब्री [kte] ६७. नेपाली [nep], बृहद्भाषा ६८. नेपाली [npi] पूर्वी पहाडी, गोर्खाली, गुर्खाली, खस कुरा, नेपाली, पर्वते, ६९. नेपाली साङ्केतिक भाषा [nsp], ६९. नेवार [new], ७०. पाल्पा [plp], ७१. पुमा [pum], ७२.फाङ् दुवाली (phw), ७३. बघेली (bfy],७४. बङ्गाली,(ben), ७५) बराम [brd], ७६. बान्तवा [bap], ७७. बाहिङ(bhj), ७८. बेलहरिया [byw], ७९. बोटे [bmj], ८०. ब्याङ्सी [bee], ८१. भुजेल [byh], ८२. भोजपुरी [bho], ८३. मगर,पश्चिमी [mr d], ८४. मगर,पूर्वी [mgp], ८५. मनाङ्बा [nmm], ८६. माझी [mjz], ८७. मारवाडी [rwr], ८८. मुगाली [lmh], ८९. मुगोम [muk], ९०. मुन्डारी [unr], ९१.मुसासा [smm], ९२.मेचे [brx], ९३.मेवाहाङ, पश्चिमी [raf], ९४.मेवाहाङ,पूर्वी [emg], ९५. मैथिली [mai] ९६. याक्खा [ybh], ९७. याम्फु [ybi], ९८. याम्फु, दक्षिणी [lrr], ९९. राउटे [rau], १००. राजवंशी [rjs], १०१. राजी [rji], १०२. लाप्चा [lep] १०३. लिङ्खिम [lii], १०४. लिम्बू [lif], १०५. लुम्बा-याक्खा [luu], १०६. लोके [loy], १०७. लोहोरूङ [lbr] १०८. ल्होमी [lhm] १०९. वाम्बुले [wme], ११०. वायु [vay], १११. वालिङ [wly], ११२. वालुङ्गे [ola], ११३. शेर्पा [xsr], ११४. संस्कृत [san], ११५. सन्थाली [sat], ११६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साःम [raq], ११७. साम्पाङ [rac], ११८. सुनवार [suz], ११९. सेके [skj], १२०. सोन्हा [soi], १२१. हिन्दी [hin], १२२. हुम्ला [hut], १२३. हेलम्बु शेर्पा [scp], (स्रोतः Ethnologue, 2012: p. 124-141)

२.२ लमजुङमा बोलिने भाषा (Mother tongue[Language)

नेपाल भरीमा बोलिने माथि उल्लेख गरिएका भाषाभित्र पर्ने केही भाषाहरू लमजुङ जिल्लामा बोलिन्छन्। कुन कुन समुदायका कति कति संख्याका वक्ताहरूले ती भाषा बोल्दछन् तिनको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ–

All	167724	75913	91811
1.Nepali	98318	44241	54077
2.Gurung	49339	22424	27515
3.Tamang	11045	5123	5922
4.Newari	3095	1434	1661
5.Dura	1621	674	947
6.Magar	1435	738	697
7.Urdu	536	234	302
8.Bhojpuri	435	328	107
9.Hyolmo/yulmo	241	113	128
10.Rai	222	113	109
11.Maithili	156	100	56
12.Tharu	108	76	32
13.Kumal	96	44	52
14.Hindi	83	59	24
15.Sign language	73	43	30
16.Chepang	57	33	24
17.Bhujel	32	16	16
18.Thakali	30	17	13
19. Limbu	21	14	7
20.Doteli	15	7	8
21. Others	71	33	38
22.Not reported	60	33	27

Source: Centre bureau of statistics

माथि उल्लेख गरिएका भाषाहरूमध्ये दुरा भाषा लोपोन्मुख अवस्थामा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.३ साहित्य

साहित्य समाजको दर्पण हो । मानव मात्रको सभ्यताको नमुना पनि साहित्य नै हो । लमजुङ जिल्ला साहित्यको खानी हो । यहाँ अनेकौँ साहित्यकारहरू जन्मेर लमजुङलाई चिनाउँदै राष्ट्रिय स्तरका साहित्यकारका रूपमा चर्चा पाइरहेका छन् । राष्ट्रिय स्तरको साहित्यिक सीमानामा उभिएर अन्तराष्ट्रिय जगत्तर्फ उन्मुख भएको पनि पाइएको छ । साहित्यको क्षेत्रमा कलम चलाउने विद्वान्हरू लमजुङमा धेरै छन् । पुस्तकको रूपमा आफ्ना साहित्यिक कृतिलाई नेपाली साहित्यको भण्डारमा राख्न सफल भएका स्रष्टा र उनका कृति(सिर्जना)लाई मात्र यस अध्ययनमा छोटकरीमा चिनाउन खोजिएको छ ।

२.४ स्रष्टा र सिर्जना :

पद्मविलास पन्त (राईनास, लमजुङ) -

विन्धवासिनी स्तुति, काशी संक्षिप्त काव्य यात्रा, सत्यनारायण कथाको पद्यानुवाद । फुटकर रचना - काशी संक्षेप यात्रा, श्लोक सङ्ग्रह (गोर्खा भाषा) भाग १९५६, समस्यापूर्ति कविता, श्रृङ्गारिक कविता, नीति प्रधान कविता, केही पद्यात्मक चिठीहरू ।

पद्ममाया कडरिया (धमिलीकुवा, लमजुङ) -

डाँडाकी जुन (२०२१), एकासी बर्षको रोदन (२०२१), जीवन-धारा (२०२२)

कोमलनाथ अधिकारी - (स्वाँरा, दुराडाँडा)

कोमल गीता (१९८९), राणा कुल चन्द्रिका (२०१३), कोमल चण्डी (२०१३), नैषधीय चरित (२०२०) छायानुवाद, मेघदूतको 'कोमल छाया' (२०२०), 'साहित्य दर्पण' अनुवाद (२०२३), कुमार सम्भव अनुवाद (२०२५), पृथ्वी दिव्योपदेश पद्यानुवाद (२०५९)

ठाकुरप्रसाद उपाध्याय अधिकारी - (स्वाँरा, दुराडाँडा)

विद्या महिमा (१९९५)

पुण्यशील उपाध्याय अधिकारी - (गिरे - चौर, दुराडाँडा)

आनन्द जीवन माला (१९९३)

रामचन्द्र शर्मा उपाध्याय घिमिरे - (चिसङकु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री जुद्ध प्रवाह (१९९३)

डिल्लीजङ्ग गुरुङ - (घनपोखरा)

कीर्तिदर्पण (१९८५), नेपाली तुलसी रामायण (छायानुवाद २०००), विदुरनीति, दुइटी नारी चार लोक (२०११, कपिल गीता (२०११), नौ कोपिला -चम्पूकाव्य २०१६), चौबीस गुरु (२०१६), बृन्दावन (२०१६), कुमारी -उपन्यास २०१७), उद्धवगीता -लघुकाव्य २०१६-२०१८), पुष्पाञ्जली (२०१८), चित्तबोध (२०२१), रामगीता (२०३४), लाँकुरी (लघुकाव्य, २०४६)

प्रेमोविहार (२०४६), डिल्लीजङ्ग गुरुङ

समुच्चय (२०६३) - यस पुस्तकमा कीर्तिदर्पण, नौ कोपिला, चौबीस गुरु, वृन्दावन, उद्धवगीता, कुमारी र लाँकुरी रहेका छन् ।

बद्रीनाथ सुवेदी - खुदी, लमजुङ

रुद्राध्याय सार (२०२२), अप्रकाशित कृति : पाण्डुलिपिमा सिमित - महेन्द्रोलयम् (खण्डकाव्य) संस्कृतमा । लमजुङ प्रवेश परिचय, के यो शम्भो ? कालकै खेल हो कि ?

टुकराज - पद्मराज मिश्र (सह-लेखन) - तार्कु

रजबन्धी (१९९६), रामकृष्ण कुवँर राणा (ऐतिहासिक उपन्यास) (१९९९), बुद्ध परिवारको क्रन्दन (२०१३), रिडी र राँची -हाँस्दै-रूँदै २०४८), मेरो अनुभूतिमा रुद्रराज पाण्डे (२०५१), टुकराज मिश्र एकल, अप्रकाशित कृतिहरू-प्राइमिनिष्टर हुनु अघि चन्द्रशमशेरको गतिविधि (सह-लेखन), देवशमशेरको राजिनामा (सह-लेखन), स्वार्थान्ध भीमशमशेर (सह-लेखन), न्यायको दिग्दर्शन (सह-लेखन), मेरो आत्मकथा (टुकराजको एकल), स्रेस्ता सम्बन्ध (टुकराजको एकल), अदालत सम्बन्ध टुकराजको एकल ।

शोभाकर उपाध्याय अधिकारी - अर्चलेनी, दुराडाँडा

श्री ५ को सवारी गौरव (२०२०), मातृवियोग (शोककाव्य २०५९)

श्री प्रसाद घिमिरे - चिसङ्कु

वैराग्य कल्पतरू (२००२), ऐन्द्रिय चाँदनी (२००५), सुदामा (नाटक २००५), मुहूर्त कल्पतरू (ज्योतिष २००६), विषयवासना (नाटक २०१७),

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छायाँ मेघदूत (२०२२), मानव धर्म (प्रथम खण्ड २०२२), अप्रकाशित कृतिहरू : चूडामणि दूत (खण्डकाव्य, मानव धर्म (द्वितीय खण्ड)

माधव घिमिरे – पुस्तुत, बाहुनडाँडा

नवमञ्जरी (कविता सङ्ग्रह – १९९४), घामपानी (बालकविता सङ्ग्रह २०१०), गौरी खण्डकाव्य, – २०१७, बाललहरी (कविता सङ्ग्रह – २०३५), अस्वत्थामा (गीतिनाटक २०५२), वैशाख (कविता सङ्ग्रह, २०६००, बिजुले र बिजुला (बालकविता सङ्ग्रह – २०६३), इन्द्रकुमारी (गाँथली र गजधम्मे सहित), विषकन्या (गीतिनाटक), बालकुमारी (गीतिनाटक), हिमालपारि हिमालवारि (गीतिनाटक), देउकी (गीतिनाटक), चारूचर्य (लेख/निबन्ध), मनचिन्ते मुरली (कथा), दुर्गा सप्तशती नागानन्द (संस्कृतबाट नेपाली अनुवाद) हिमकमल – प्रकाशोन्मुख (गीतिनाटक) । ऋतम्भरा – प्रकाशोन्मुख (महाकाव्य) ।

– गोविन्द प्रसाद सुवेदी – खुदी, लमजुङ

उठ रे विद्धतसिंह विशाल (२०४०)

– कृष्ण कुमारी अधिकारी – स्वाँरा दुराडाँडा

स्तुति पुण्य (२०६५)

– नरकान्त अधिकारी – स्वाँरा, दुराडााडा

शिव महिमा स्तोत्र, छायानुवाद (२०५३) भक्तिसूत्र, संक्षिप्त विवरण (२०५५), स्तुति – पुण्य (२०५८) पताञ्जली योग दर्शन टीका २०६१, अमरापुरीको नन्दन वन ,अनुवाद (२०६४)

– तीर्थराज अधिकारी – चारघरे दुराडाँडा

भूगोल सूत्र (गीत छन्दमा), २०१६, आफ्नै वाँसुरीको धुन (कविता संग्रह) २०५२, निर्वाचन (कविता संग्रह), सत्यकथा (भावानुवाद), नीति शतकम् (छायानुवाद) २०५७, तीनतारा एक आकाश (खण्डकाव्य) २०५७ पालोपैँचो नाटक पूर्णाङ्की २०६०, गीतमाला (गीतहरूको सँगालो) २०६०, भागवत सार (गद्यानुवाद २०६२), उपासना कवितात्मक, २०६७)

– श्रीकान्त अधिकारी – स्वाँरा दुराडाँडा

राजनीति एक सिद्धान्त (२०१५), पन्छी छोप्ने महाजाल (ऐतिहासिक रूपक) २०४०, अमृत सँगाल्ने मौरीको गोला (रूपक) (२०४०) गुरुकुल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रम दुराडाँडाको अभिव्यक्ति (२०४४)

- गुणराज कोइराला - कोइरालाफाँट, दुराडाँडा
  लमजुङ, खण्डकाव्य (२०४६)
- सोमनाथ भण्डारी - बाङ्ग्रे
  म बिउँझिएँ जीवनको घडी
- सूर्यनाथ सुवेदी - खुदी लमजुङ
  साइ अवतार दीपक
- यदुनाथ 'सरल' - अर्चलेनी, दुराडाँडा
  सिर्जनाका धुन कविता संग्रह), २०६४
- इन्द्रबहादुर गुरुङ - गिलुङ
  तोता सोफू (तीन कुरा) २०५७ गुरुङ भाषाको शब्दकोश
- इन्द्र विलास अधिकारी - स्वाँरा, दुराडाँडा
  पश्चिमी साहित्य सिद्धान्त (२०६१) समालोचना **The poetry of Laxmi Prasad Devkota and the Bristish Romantic poets** (२०५९) अनुवाद प्यारिस वार्ताहरू (वहाइ दर्शन), बहुभाषिक देशमा पुस्तक साझा प्रकासन ।
- मदन रेग्मी काठमाडौं - नरदेवी, पुख्यौंली थलो तार्कु, लमजुङ
  मदन रेग्मीका कविता (कविता संग्रह), २०३६,

वेदराज पन्त खत्रीचौर, उदीपुरः
  वकपत्र विचार प्रधान लेख संग्रह, साक्षी कविता संग्रह ।
- तीर्थराज कोइराला - खमारीबोट, कुन्छा
  विजया आविर्भाव (२०४६) वाल्कीकि स्मृति काव्य (२०५६) धरतीकी छोरी (कविता सङ्ग्रह) (२०६२)

मेख सिं क्लेमु - गिलुङ
  अनौठो प्रेम (उपन्यास) **A Shattered Dream** (अंग्रेजी कविता सङ्ग्रह) उकालो ओरालो (उपन्यास)

-मुक्तिनाथ शर्मा न्यौपाने - खुमरूक, दुराडाँडा
  विद्रोह (खण्डकाव्य) २०५५, काठमाडौं देखि लण्डनसम्म (यात्रा संस्मरण) २०५७, सर्वोदय (ऐतिहासिक गीतिकाव्य) (२०६३), श्रीमद्भागवत भित्रका केही प्रसङ्ग (२०६०), पानी र नानी (बालगीति कविता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०६१), बेलायततिरका झझल्का (दैनिकीका पानाबाट) सम्झनाका झझल्का (कविता सङ्ग्रह) (२०६३), सानी चरी गौँथली (बालकविता संग्रह, तीर्थाटन (यात्रा संस्मरण) २०६४, चिन्तनको चौतारी (शास्वत चिन्तन सङ्ग्रह) २०६५, दिदी बहिनीको किताब (२०६५), नानीको बानी (बाल काव्य २०६६), बब्लु र सुगा (बालकथा सङ्ग्रह) २०६६, थिरिथिरी (बालकविता)– २०६७, मनका तरङ्ग (२०६६)

– कोमलनाथ कोइराला,कोइराला फाँट, दुराडाँडा

अन्नपूर्णा शोकशतक (खण्डकाव्य) २०२६

–मेदिनी सुवेदी – खुदी, सिम्पानी

मर्स्याङ्दीका सुसेली (कविता सङ्ग्रह) २०५५ , मेदिनीको समस्या कुटुरो (२०६६) डाँफेदूत (नेपाली पन झल्किने संयोगान्त दूतकाकाव्य) २०६७ सम्पादनः राष्ट्रकवि माधव घिमिरे अभिनन्दन ग्रन्थ

– रामचन्द्र अधिकारी – सिरूवारी, भारते

नारी कि जारी (उपन्यास) सन् १९७५

तीर्थराज अधिकारी, घोत्रेश्वाँरा – भोटेओडार

अधुरो जीवन (खण्डकाव्य), २०६२

पद्मपाणि विरक्ति – अलैँचे, लमजुङ हाल गीतानगर, चितवन,

सिर्जनाका कोशेली, २०२४

केदार काश्यप – चिसङ्कु, लमजुङ

तीन फूल एक क्षेप्यास्त्र (संयुक्त सिर्जना) २०५१, पश्चाताप (सामाजिक नाटक) २०५२

रविकिरण निर्जीव – अलैँचे, लमजुङ ,हाल भरतपुर, चितवन

नव जीवनको फूलवारी (कविता संग्रह) २०२३, छेपेटार (खण्डकाव्य) २०४२, सोझा निर्जीवका वाङ्गा निबन्धहरू (२०४७), कालो कर्णालीको सेतो छायाँ (उपन्यास) २०५६, ऐजेरू लागेको पीपल (बालकाव्य) २०६३, सोझा निर्जीवका थप वाङ्गा निबन्धहरू (२०६४), आत्मदान (२०६९), थारू र एबोका सांस्कृतिक दुरूस्ती २०७१, आमाको दूधको ...(उपन्यास) २०७२, चितवनको माटो मेरो बाटो (उपन्यास) प्रकाशोन्मुख

रुद्रनिधि तिवारी – तिलाहार, चिती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपाल (शोक काव्य) (२०२७), स्थानीय भजन (भजनसङ्ग्रह) २०७०,

कृष्णबाबु तिवारी – तिवारीडाँडा, चिती

खत्र्याक खुत्रुक, २०५९,

स्थिरबाबु घिमिरे.... चिसंकु, लमजुङ ...

गीता दर्पण

चन्द्रवदना घिमिरे – मन्जाङ, लमजुङ

प्रयास (कविता संग्रह) २०५६ श्वेता (शोककाव्य) २०५६

देवीप्रसाद सुवेदी – खुदीवेणी, लमजुङ

वर्णविन्यास एक चिनारी (२०४३), हाम्रो भाषा (भाग १–५) २०४३, मेरो दैनिकीका पानामा चीन (यात्रा संस्मरण) २०५५, अभिव्यक्ति र विष्लेषण (समालोचना) २०५५, सिपाही र जुलुस (कथा संग्रह) २०५५, महान विभूति बालकृष्ण सम, नेपाली शिक्षा परिषद (२०६१), समको सुखान्त नाट्यकारिता (२०६४) नाट्य सिद्धान्त र सुखान्त नाट्यमान्यता (२०६४) नाट्य सिद्धान्त र सुखान्त नाट्यमान्यता २०६५, कथा विविध (२०६६)

–. रामबहादुर घिमिरे – जिता,

धर्मवीर कमला (संस्मरण)

– विष्णुहरि घिमिरे – चिसङ्कु ईशानेश्वर – ८

ईशानेश्वर वंशावली (पद्यमा) २०६४

– दीपक सोती – खमारीबोट, कुन्छा

मेरी मर्स्याङ्दी (लघुकाव्य) २०२९, दुइ बत्ती निभेर (लघुकाव्य) २०३०, समालोचना (शोककाव्य २०४१ जगदम्वा (शोक गीति काव्य) २०४५

– रामचन्द्र घिमिरे शास्त्री – चिसङ्कु, करापुटार

तीन फूल एकाउन्न क्षेप्यास्त्र (कविता संग्रह) २०५१, चुँडिएको मुना (कविता संग्रह) २०५२ निर्वासन खण्डकाव्य २०५२

काशीराज सुवेदी – खुदी, सिम्पानी

नीति शतक

– गोविन्द बाबु तिवारी – तिवारीडाँडा, चिती

तेस्रो कोण (सामुहिक कविता संग्रह) २०४४ उपसंहार कविता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोविन्दबहादुर कुवँर - भोटेओडार, लमजुङ

समयको पदचापहरू (कविता संग्रह) २०४७ मौन आवाज (कविता सङ्ग्रह) २०४८ ताते ताते (बाल कविता सङ्ग्रह) २०५८

मित्रराज घिमिरे - चिसङ्कु, कर्पुटार

कर्पुटारका सुसेली (कविता संग्रह) २०५२, मनको डालीमा (२०७३), कविता सङ्ग्रह

रह शर्मा - अलैँचे, लमजुङ

भ्रम (लघुकाव्य) २०५५, वचन (गीत सङ्ग्रह) २०५६, विसङ्गति (गीत कविता संग्रह) २०५७, अब के हुन्छ ? (लेख संग्रह) २०६१, सेलरोटी बालकविता संग्रह) २०६३, दौरा सुरुवाल (विविध लेख संग्रह) २०६५, पहाडको फेदीको पाहुनाघर नियात्रा सङ्ग्रह) २०६६, दृष्टि बिम्ब (निबन्ध)२०६९, परेवाको खेल (बालकविता) २०६९

हरिहर सविता - अलैँचे, लमजुङ

कालरात्री आन्दोलन (कथा संग्रह) २०४७, मणि (शोक काव्य) २०४८, जानुका शोककाव्य २०४८, प्रचण्डलाई पत्र (काव्य) २०६४, पुष्पपत्र (महाकाव्य) २०६५

भाग्यशाली अधिकारी, चन्द्रेश्वर ७, दुराडाँडा

यो एउटा भरिपूर्ण मरूभूमि कविता संग्रह २०५८, आमाको क्रन्दन खण्डकाव्य २०६०, मनुको खुसी (बालकथा संग्रह)

मुक्तिनाथ घिमिरे - जिता , लमजुङ,

तीन कुने तारा (लघुकाव्य कविता संग्रह सहित) २०३६

बमबहादुर थापा 'जिताली' - जिता, लमजुङ

बसुन्धरा (कविता संग्रह) २०४५ धोती न टोपी (हास्यव्याङ्ग्यात्मक कविता सँगालो २०४९, जापानी छन्दमा नेपाली कविता २०६४, औचित्यवादको आलोकमा लेखनाथ र उनका कविता (समालोचना) २०६६, छत्तीस छन्दको छहरा (कविता संग्रह) २०६७

विजयराज न्यौपाने - बोराङ, लमजुङ

१. सुनटिकी र जुनटिकी (बालकविता संग्रह, २०५०) २. बोराङ (कविता सङ्ग्रह २०५४) ३. बालगीत (बालगीत सङ्ग्रह, २०५६) ४ बाल-रत्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(बालकविता संग्रह, २०५८) ५. न्यौपाने बन्धु सन्देश (कविता संग्रह, २०६५) ६. हेमराज स्मृति-काव्य (२०६६) ७. लमजुङको साहित्विक इतिहास, २०६८ ८. हरियो मकै (बालकविता सङ्ग्रह, २०६९) ९. मुक्तिनाथ यात्रा (यात्रा काव्य, २०६९) १०. नेपाली बालुन सँगालो, मूल सङ्कलक एवं सम्पादक , २०७१) । १०.घिमिरे गोविन्दबाबु स्मृति काव्य (२०७१)

नोट: विजयराज न्यौपानेले अरूले कलम नचलाएको विषयवस्तु "लमजुङको साहित्यिक इतिहास" नामक ग्रन्थको माध्यमबाट लमजुङका साहित्यकारहरू र तिनका सिर्जनाको अभिलेखीकरण गरेर ठूलो गुन लगाएका छन् ।

ध्रुवकिरण रेग्मी - अलैंचे, लमजुङ

नारी पीडा (कविता संग्रह) २०५२, दरिद्रताको परिवेश (कविता सङ्ग्रह) २०६२, अशान्तिले जन्माएको सेतो चोली (गीति संग्रह) २०६४, मेरो विवू, इन्जेक्सन र एमर्जेन्सी (कविता संग्रह) २०६५

रामहरि शर्मा 'शराह' उदीपुर - शहर सङ्गोष्ठी

पूर्णबहादुर अधिकारी - कानेस्वाँरा, दुराडाँडा

अनुभूतिका त्रिवेणी (निवन्ध संग्रह) २०६५

भीमनाथ घिमिरे - साइँलीटार

आधारविनाको जिन्दगी (A life without sopport) ल.प. देवकोटाको अनुवाद ।

पशुपतिनाथ तिमल्सेना - चन्द्रेश्वर -७, दुराडाँडा

जनकवि युद्धप्रसाद मिश्र (२०५६), प्रगतिवादी कविता, काव्यता र प्रवृत्ति (२०६४), युद्धप्रसाद मिश्रको जीवनयात्रा र काव्यात्मक मान्यता, युद्धप्रसाद मिश्रको कविता यात्राको विकासक्रम, युद्धप्रसाद मिश्रको कविताको विश्लेषण

डा. मुकुन्द पथिक - रम्घा, लमजुङ

वसन्तका फूलहरू गीति संग्रह २०६३, आँशुको झरी (शोक गीति काव्य) २०६३, हरि (गीत संग्रह) २०६४, नेपाली कुराकानी, बगैँचाका फूलहरू (बालगीत सङ्ग्रह) वि.सं. २०७१ (२०१५)

पुष्पलता आचार्य - रम्घा, लमजुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता संग्रह, सपनाका बोझहरू २०५३, म, मृत्यु र आकाश २०५४, एक्लो यात्री २०५६, विरानो टापु २०६४, गीत लोकगीत सङ्ग्रह, सङ्गम सन्ध्या आधुनिक गीत सङ्ग्रह, २०५१ गाउँको माया आमाको काख २०५२, मनका छालहरू (हिन्दी रूपान्तर) २०५९, समयको हुरी २०५२, दोहोरी गीत सँगालो २०५३, यात्रा र ठेसहरू २०५३, मनको घाउ २०५५, लोक सुसेली २०५८, अर्को घाउ २०६३, पोखिएका खुसीहरू गीति कथा २०६४ भजन संग्रह, अन्जुली(२०५१) हरिद्वार (२०५६), सबका मालिक एक (२०६५),फट्याङ्ग्राको कविगोष्ठी (बालकथा सङ्ग्रह), २०६१ चरी .वालकाव्य) २०६३, साई पुष्पाञ्जली (भजन सङ्ग्रह २०६३), दिदी भाइ (बालकाव्य) २०६३, आमा-छोरा (बालकाव्य २०६३, रित्तो वर्तमान कथा सङ्ग्रह २०५१, सुरुहीन अन्त्य कथा सङ्ग्रह २०५३, अर्को किनारासम्म कथा सङ्ग्रह २०५३, प्रेम वस्ती कथा सङ्ग्रह, २०६४, उपन्यासः मादीकी पूर्णिमा (२०५९), लामो अन्तराल पछि (२०६०), रोजी २०६१, जयन्ती नियोग बैङ्क (२०६४), पुष्पलालको असम यात्रा (यात्रा संस्मरण) २०६०, बगलामुखी स्तोत्र (नेपाली रूपान्तर) २०५५, मनका छालहरू (सूत्र काव्य २०५६), श्रद्धाञ्जली (खण्डकाव्य) २०५८, पुष्प कलश (शेरशायरी, रूपमान्तर) २०६०, गहिरो घाउ (काव्य) २०६३ प्रणयवार्ता (सूत्र काव्य) २०६४, एस्. एम्. एस् (काव्य २०६४)

नोटः पुष्पलता आचार्यका बारेमा प्रकाशित दुई पुस्तकः १ पुष्पलता महाकाव्य (२०६४) लेखकः माधव वियोगी २. पुष्पलता (शोक र सङ्घर्ष) सन्ः २००३, सं. आर. के..पाण्डे ।

लालबहादुर भुजेल, पोखरीटाउका, दुराडाँडा –

परिवेश (कविता सङ्ग्रह) २०६५, पराकाष्टा (हाइकु सङ्ग्रह)–२०६३, ताङका कविता २०६५, भुन्टे खरायो (बाल कविता) २०७१, चटपटे र पानीपुरी (बालकविता) २०७२, कर्मको फल (लघुकथा सङ्ग्रह) २०७४, कुहिरोको पहाड (छिजो कविता सङ्ग्रह) २०७४, Mountain of Mist - Conversation) 2074

प्रेमशाली घिमिरे – करापुटार, चिसङ्कु –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनका तरङ्गहरू (कविता सङ्ग्रह) २०६४, पिता (उपन्यास) २०६७

श्रीकृष्ण न्यौपाने - बोराङ लमजुङ

छली भाग १ (लघुकाव्य) २०४८

आनन्द 'आँसु' घिमिरे - करापुटार , चिसङ्कु

तीन फूल एकाउन्न क्षेप्यास्त्र (संयुक्त कथा संङग्रह) २०५१, अस्मिता (उपन्यास) २०५२

तेजनारायण अधिकारी - सिरूवारी, भार्ते

गुरु (नाटक सङ्ग्रह) २०६१

कमला के.सी. - शेरा, बेसीशहर

दियालो (कविता सङ्ग्रह) २०६१/०६२,, पल्लो घरकी कान्छी (उपन्यास) २०६३, तीजको कोसेली (गीत सङ्ग्रह) २०६४

विमल पराजुली 'प्रेरित'-धमिलीकुवा, लमजुङ

नरौ बालक देश पनि रूनेछ (कविता सङ्ग्रह) २०६१

सरस्वती श्रेष्ठ 'सरू' - सोतीपसल, लमजुङ

नेपाली गजलमा नारी हस्ताक्षर (संयुक्त गजल सङ्ग्रह) २०६२, थुँगा थुँगा जिन्दगानी (गीत सङ्ग्रह) २०६३

खुसीराम न्यौपाने - विचौर, लमजुङ

सहिदको सम्मान (खण्डकाव्य) २०४७

ईश्वरमणि अधिकारी - देउराली, भारते

सगरमाथा आरोही अरविन (२०५८) , समयको तस्वीर (२०६१)

केयरसिंह गुरुङ - घाम्राङ, भोजे

गुरुङ जातिमा विवाह प्रथा (२०४८),नेपाली लोककथा सङ्ग्रह (२०५३)

सीताराम कोइराला - कोइरालाफाँट , लमजुङ

अनर्थ (कथा सङ्ग्रह) २०६२, समवादमा स्रष्टाहरू २०६४

कामना सुवेदी - खुदी, सिम्पानी

साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्व (२०५५)

वासुदेव न्यौपाने, बोराङ, लमजुङ

पृथ्वीको आँसु (कविता सङ्ग्रह), २०५७

वासुदेव थापा - सिम्पानी, लमजुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्थाको ज्वालामुखी (२०६४), मानव गाथा (महाकाव्य) २०७०

कृष्णमुरारी पौडेल - भोर्लेटार, लमजुङ

रित्तिएको आँसु (सामाजिक उपन्यास) २०६०

दीपक श्रेष्ठ 'समिप' - सोतीपसल, लमजुङ

भूगोल भित्र नकोरिएको देश (गजल सञ्चयन) २०६२

रोशन न्यौपाने - खुम्रूक, दुराडाँडा

तित्राका फूलहरू (बालकथा सङ्ग्रह) २०४६

जमुना गुरुङ- गहते, तार्कु

आँसु पिएका आँखाहरू (खण्डकाव्य) २०५३

शान्ता पन्त- उदीपुर, लमजुङ - खोसिएका खुसी (खण्डकाव्य) २०६१

विनोद 'विवश' थापामगर - उम्लिस्वाँरा, गौँडा

अनिमा (बालकविता सङ्ग्रह) २०५८

अनु अधिकारी - स्वाँरा, दुराडाँडा

अनुभूति (बालकविता सङ्ग्रह) २०५८

होम बहादुर प्यासी - सिम्पानी, लमजुङ

चलमल (कविता सङ्ग्रह) सह सिर्जन (२०६०)

पशुपतिनाथ 'लाटा' न्यौपाने

बोराङदेखि बाहुनडाँडासम्म (कविता सङ्ग्रह) २०६७ कसले के भन्छ ? (कविता) २०६८, कति बाठी रसना (बालकाव्य) २०७२, हाम्रा चाडपर्वहरू (बाल कविता) २०७३, गाउँखाने कविता (प्रश्नोत्तर ज्ञानमाला) २०७३

खुसीराम डौलिया :

१. प्रतीक्षा (२०७१) सामाजिक उपन्यास, २. समयका छालहरू (२०७१) कविता सङ्ग्रह, ३.मातृभूमि (२०७१) कविता सङ्ग्रह

लक्ष्मीप्रसाद पौडेल "जिताली" : जिता :

एक पुस्तक अनेक सिर्जना (२०७१) कविता सङ्ग्रह, आधारभूत चिन्तन (२०७३) कविता सङ्ग्रह

सम्राट उपाध्याय, दुराडाँडा......... ....

लिभिङ गडेश अफ काठमर्डौ (कथा), गुरु (कथा)

कृष्णहरि खनाल, तान्द्राङ टक्सार : (ज्ञानदर्शन) २०६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवराज पहाडी, दुराडाँडा :

१. पहाडी पालुवा (मुक्तक सङ्ग्रह) २०६९, २.शक्ति शब्दको (हाइकु सङ्ग्रह) २०७१ (सन्:२०१४), ३.रागको राप (मुक्तक सङ्ग्रह) २०७३ भदौ (अगस्ट, २०१६)

दशरथ तिवारी , कुन्छा, हाल नवलपरासी :

लमजुङदेखि नवलपुरसम्म (कविता सङ्ग्रह) वि.सं २०७१, सन् २०१४

रामचन्द्र न्यौपाने (वनवासी), पुस्तुन,बाहुनडाँडा

वनवासी कविता (सङ्ग्रह) २०७१

भोलानाथ न्यौपाने/जय भोला न्यौपाने, भागिरथी भन्ज्याङ , कुन्छा

१. सिर्जनाका फूल (मुक्तक सङ्ग्रह) २०६६, २. जय राष्ट्र नेपाल आमा (कविता सङ्ग्रह (२०६७), ३. बाल ज्ञान मञ्जरी (बाल साहित्य) २०७३

विश्वनाथ न्यौपाने, दुराडाँडा, खुम्रूकः

युगको बोली (कवितासङ्ग्रह) २०७० सन् २०१३

मधु घिमिरे, चिसङ्कु : मधुरस (कवितासङ्ग्रह) २०७१

गीता रेग्मी, जिता,रायपाली, हाल चितव

१. परिचय कथा (कथासङ्ग्रह) २०६५, २.पुस्तान्तरण (संयुक्त कथासंग्रह) २०६६, ३. ज्योतिका युगीन स्वरहरू (संयुक्त कवितासंग्रह) २०६७, ४. पश्चिमाहरूको देशमा (नियात्रा संग्रह) २०६९,.५. तीज स्मारिका (सम्पादन) २०६५, ६. भृकुटी स्मारिका (सम्पादन) २०७१, ७. यात्राका प्रतिबिम्बहरू २०७१, ८. भूकम्पका अनुभूतिहरू २०७२, ९. ज्ञानबिन्दु (अनुसन्धान सङ्ग्रह) सहसम्पादन) २०७२, १०. पत्थरै पत्थर (नियात्रा) २०७४

विकास थापा, नेटाः

१. मौनताका सुस्केराहरू (कविता) २०७१, २.फूलमाथिको जून (कविता) २०७१

रमा अधिकारी (घिमिरे), जिता, रायपाली, हाल चितवन

चेलीलाई तिजको कोसेली

देवेन्द्रप्रसाद खनिय, दुराडाँडा, हाल काठमाडौँ

१.आँसुको धारा (शोककाव्य) २०६५, २.आमाको काख (कविता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०७१, ३. भजनमाला (भागवतसार भजन) २०७२

ऋषिकान्त अधिकारी, स्वाँरा, दुराडाँडा

१. जागृति (लघुउपन्यास), २. बोलेअनुसार काम गर (लघुनाटक)

३. मर्स्याङ्दीको सन्देश (कविता सङ्ग्रह) २०७०

माइल्दाइ न्यौपाने (टीकाराम), दुराडाँडा

१. कथाव्यथा (२०६३) शोककाव्य, २. चर्केका मुटु (२०६७) कोशकाव्य, ३. भुइँचालाको सवाई (२०७२) गीतिकाव्य, ४. आँसुको त्रिवेणी (२०७३), लघुकाव्य

हेमराज घिमिरे, बाहुनडाँडा

१. छाती भित्र देश दुख्दा (सन् २००४) कविता

२. फूलका आँसुहरू (२०७१) हाइकु सङ्ग्रह

गिरिधारी विशिष्ट घिमिरे, बाहुनडाँडा, हाल चितवन (टाँडी)

आमा (२०६५) शोककाव्य, प्रेरणा (२०७०) कवितासङ्ग्रह

ठाकुरप्रसाद छाँगा, स्वाँरा, दुराडाँडा

लन्डन आइबाट (२०७४) यात्राकाव्य, नायग्राः छाँगा (२०७४) यात्राकाव्य

तीर्थराज अधिकारी, भोटेओडार

१. अधुरो जीवन (खण्डकाव्य) २०६२, २. प्रेमदर्पण (खण्डकाव्य) २०७३

लक्ष्मीप्रसाद मिश्र, सुन्दरबजार - रातो बाकस (लोक कविता) २०७४

श्रीकृष्ण न्यौपाने - पुष्पहार (कविता-२०७५)

(नोटः लमजुङका साहित्यको उचित मूल्याङ्कन र साहित्यकारहरूको यथोचित कदर गर्दै भुलभुले निवासी माननीय सभासद श्री जमिन्द्रमान घलेले लमजुङका नयाँ पुस्ताका केही स्रष्टाहरूका सिर्जना खरिद गरी बेसीशहर स्थित लक्ष्मीनारायण पुस्तकालय, जिल्ला विकास समिति लगायतका धेरै संस्थामा ती पुस्तकहरू वितरण गरिदिएका छन् । उनले ती पुस्तकहरूको महत्त्व बढाउने, स्रष्टाहरूको मनोबल, आत्मबल तथा आत्मविश्वास बढाउने र पाठकहरूले सुलभ तरिकाले पढ्न पाउने व्यवस्था मिलाइदिएका छन् । राजनीतिक व्यक्ति भएर पनि प्राज्ञिक योगदान पुऱ्याउनु उनको महत्त्वपूर्ण योगदान देखिन्छ । साहित्यप्रति आस्था र साहित्यकारप्रति श्रद्धा राखिदिएकोमा निज घलेलाई लिपिकै माध्यमबाट साधुवाद छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.५ साहित्यिक संस्थाहरू

साहित्यको उन्नति गराउन र नयाँ नयाँ साहित्यकारहरूलाई प्रेरणा दिनका लागि चेतनशील साहित्यकारहरूले विभिन्न ठाउँमा साहित्यिक संस्थाहरू खोलेर तिनको विकास गर्दै अगाडि बढेका अभिलेखहरू लमजुङमा धेरै छन्। ती संस्थाहरूको छोटो चिनारी निम्ननुसार छ।

साहित्यिक संस्थाको नाम	ठेगाना	खुलेको मिति
दूधपोखरी प्रतिभा परिवार	भोटेओढार	२०४३
लमजुङ युवा साहित्यिक समाज	बेसीशहर	२०५१
हिमालचुली साहित्य प्रकाशन	बेसीशहर	२०५६
चन्द्रज्योति साहित्य समाज	बेसीशहर	२०५८
टरेली साहित्य समाज	भोर्लेटार	२०६०
हिमालचुली कला साहित्य प्रतिष्ठान	बेसीशहर	२०६४
अखिल नेपाल लेखक सङ्घ लमजुङ	लमजुङ	२०६५
पिङ्गल छन्द प्रतिष्ठान नेपाल	लमजुङ	२०६७
मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान	काठ्माडौं	२०५३
डिठ्ठा श्रीप्रसाद उपाध्याय स्मृति प्रतिष्ठान	पोखरा	२०५६
नौलो सुनगाभा प्रकाशन परिवार	लमजुङ	२०६०
बाल एकीकृत सहयोग मञ्च भारते, लमजुङ	लमजुङ	२०४८
चिती साहित्य समाज	चिती, लमजुङ	२०६८
ठाडोभाका लोककला प्रतिष्ठान, नेपाल, लमजुङ	लमजुङ	२०७२
नेपाल लेखक सङ्घ लमजुङ	लमजुङ	२०७३

(नोटः लमजुङको साहित्यिक इतिहास विजयराज न्यौपाने) का अतिरिक्त थप सामग्री समेत समावेश गरिएको)

नोटः हिमालचुली कला साहित्य प्रतिष्ठान, लमजुङले नेपालकै पहिलो कार्यक्रम रोपाइँ साहित्य, दाइँ साहित्य र पर्यटन साहित्य कार्यक्रम सञ्चालन गराउँदै आएको छ। साथै नेपाल प्रज्ञा-प्रतिष्ठानसँगको सहकार्यमा लमजुङे ठाडोभाका गीतलाई माथि उठाउने काम पनि गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.६ पत्रपत्रिका

वि.सं २००७ सालको राजनैतिक परिवर्तन पछि पत्रपत्रिका प्रकाशनमा आउनु पर्ने हो तर आउन सकेनन् । २०४४ सालदेखि मात्र लमजुङमा पत्रपत्रिकाको इतिहास शुरू हुन्छ । ढिलै भएपनि लमजुङ जिल्ला पत्रपत्रिकाको क्षेत्रमा धनी छ । यहाँबाट निस्कने पत्र पत्रिकाले नेपाली साहित्यलाई ठूलो सहयोग पुऱ्याएका छन् । ती पत्रपत्रिकाको छोटो चिनारी निम्नानुसार छ :

लमजुङे कविता सँगालो-२०४४, काँचुली-२०५३, उब्जनी हवाई साहित्यिक पत्रिका-२०५४, कायापलट-२०५७, नवकोपिला-२०५७, चन्द्रज्योति कविता सङ्ग्रह - २०५८, नौलो प्रतिबिम्ब - २०५८, गौँडाको सेरोफोरो - २०५८, नौलो सुनगाभा - २०६०/२०६१, बालमझेरी- २०६३, मोफसलको अविराम यात्रा-२०६५, परम्परागत साहित्य स्वर्णवर्ष स्मारिका २०६७ ।

(१) मुखपत्रको रूपमा प्रकाशित साहित्यिक सामयिक सङ्कलनहरू :

अन्नपूर्णको काख - २००९, गण्डकी मुहान - २०२०, लमजुङ - २०२४-२०२६, मर्स्याङ्दी - २०२८, वेग- २०३७, दन्को - २०३७-२०३८, क्रान्ति-२०३९, मर्स्याङ्दी - २०५४, रजत स्मारिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा लमजुङ - २०४५/०४६, भन्ज्याङ-२०४६, लमजुङ-सङ्गम-२०५०, इन्द्रेणी-२०५१, रेयुकाइ-उद्यान-२०५२, मर्स्याङ्दी वाङमय स्मारिका- २०५५, मर्स्याङ्दी - २०६५, नवप्रभात-२०५६, लमजुङ विकास बुलेटिन - २०५६, अनुपम - २०५६, सुधा सङ्गम -२०५६, डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिका - २०५६, शहीद स्मारिका - २०५७, शहीद मुक्ति-नाथ स्मृति ग्रन्थ - २०५९, टरेली - २०५९, बालबगैँचा - २०६१, बाल-अङ्कुरण - २०६२, जन्मभूमिको ममता - २०६१, अन्नपूर्णाको काख - २०६३, औडाह - २०६१ स्कुल सञ्चालक समिति लमजुङ, लमजुङ विद्यार्थी समाज त्रि.वि. काठमाडौंको स्मारिका - २०६५, न्यू लमजुङ दर्पण - २०६५

समाचारमूलक पत्रिका तथा एफ. एम. रेडियो -

हाल अस्तित्वमा रहेका पत्रपत्रिकाहरू:

१. अन्तरङ्ग : २०४९, २. लमजुङ जागरणः २०६४, ३. लमजुङ दर्पणः २०७१, ४. लमजुङ पत्रः २०७२, ५. स्वतन्त्र शक्तिः २०७२, ६. लमजुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रत्न पाक्षिकः २०७२, ७. नागरिकः २०७३

एफ.एम.रेडियो

१. मर्स्याङ्दी एफ. एम. २०६४, २. रेडियो लमजुङ - २०६६, ३. रेडियो चौतारी - २०६९, ४. रेडियो भोटेओडार - २०६९

२.७ साहित्यिक पुरस्कारहरू

लमजुङ जिल्लामा जन्मेर, हुर्केर यसै ठाउँका लमजुङ हिमाल, मनास्लु हिमाल, मर्स्याङदी, मादी, गोमती, सुधा जस्ता जलस्रोत, हरियाली पाखा पखेरा, राष्ट्रिय फूल लालीगुराँस लगायत अनेकौँ फूलहरू, अनेकौँ फलफूल तथा विभिन्न संस्कृतिलाई विषयवस्तु बनाएर साहित्य सिर्जना गर्ने लमजुङे सर्जकहरू लगायत अन्य जिल्लाका सर्जकहरूलाई समेत प्रोत्साहन दिन सकिने गरी खोलिएका साहित्यिक पुरस्कारहरू भित्रका विभिन्न प्रतिभा तथा स्मृति पुरस्कारहरूको टिपोट निम्नानुसार छ :

दूधपोखरी प्रतिभा पुरस्कार (२०४३) लमजुङ

साहित्यकार बी.पी. प्रतिभा पुरस्कार (२०४९) लमजुङ

माधव घिमिरे साहित्य पुरस्कार (२०५७) लमजुङ

डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति प्रतिभा पुरस्कार २०६१ (पोखरा कास्की)

सानुमाया तमु प्रतिभा पुरस्कार (२०५६) लमजुङ

वसुन्धरा-प्रेम प्रतिभा पुरस्कार

पण्डित होमनाथ सुवेदी स्मृति पुरस्कार (२०६४)

("मर्स्याङ्दी वाङमय प्रतिष्ठान" काठमाडौं मार्फत पुरस्कार दिने)

अन्य साहित्यिक संघ संस्थाहरू, गैरसरकारी संघ संस्थाहरू, शिक्षण संस्थाहरू, पुस्तकालयहरू तथा विभिन्न क्लबहरूबाट पनि साहित्यिक प्रतिभाहरूलाई उनीहरूको प्रतिभा र कृतिको उचित मूल्याङ्कन गरी पुरस्कार दिने व्यवस्था छ।

२.८ पुस्तकालय

शैक्षिक र प्राज्ञिक पक्षको विकासका लागि पुस्तकालयको ज्यादै ठूलो महत्त्व रहन्छ। शिक्षक, विद्यार्थी तथा सर्वसाधारण जोसुकैले पनि सहज रूपमा पढेर ज्ञान आर्जन गर्न पाउनु राम्रो पक्ष हो। लमजुङ जिल्लामा २००७ सालभन्दा अगाडि साहित्यिक विकासलाई अघि बढाउनुका साथै पुस्तकालय खोल्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्रपत्रिका झिकाउने प्रयास संस्थागत रूपमा भएको भेटिन्छ । त्यस समयदेखि पछि सम्म खुलेका पुस्तकालयहरूको छोटो टिपोट निम्नानुसार छ :

» पद्म (घुम्ती) पुस्तकालय अर्चलेनी, दुराडाँडा (२००४)
» पद्मोदय पुस्तकालय (२००५) बन्दीपुरबाट घुम्ती पुस्तकालयको रूपमा दुराडाँडामा ल्याइएको)
» प्रभात पुस्तकालय धुवाँआउने ठाँठी, दुराडाँडा (२००८)
» भारती पुस्तकालय दुराडाँडा (२०१२।०१३) (पछि दुवैलाई मिलाएर प्रभा पुस्तकालय बनाइएको)
» महेन्द्र पुस्तकालय खुदी (२०१३ सालतिर)
» जन-आनन्द पुस्तकालय तार्कुघाट (२००८)
» जनकल्याण पुस्तकालय तार्कुघाट (२००९)
» सर्वोदय पुस्तकालय जिता, सप्तधारा (२००९।१०)
» जनविकास पुस्तकालय मन्जाङ, (२०१० सालतिर)
» तिवारी वाचनालय चिती, तिलाहार (२०१० सालतिर)
» भारतीय पुस्तकालयं राउलेपानी, दुराडाँडा (२०१२।०१३ सालतिर)
» ईशानेश्वर पुस्तकालय चिती, तिलाहार (२०१४।०१५)
» कुसुमाकर पुस्तकालय पुस्तुन, बाहुनडाँडा (हाल चन्द्रोदय मा.वि. मातहतमा पुस्तकालय चलेको छ ।)
» प्रभा पुस्तकालय दुराडाँडा (२०१८।०१९)
» (माथि उल्लेखित प्रभात पुस्तकालय र भारती पुस्तकालय संयुक्त रूपमा मिलान गरी प्रभा पुस्तकालय स्थापना भएको)
» जनचेतना पुस्तकालय दोपहरे, रम्घा (२०२५)
» द्यौराली अध्ययन मण्डल विचौर (२०२६। ०२७) तिर)
» अन्नपूर्ण पुस्तकालय समीभन्ज्याङ (२०२८)
» लक्ष्मीनारायण सामुदायिक पुस्तकालय बेसीशहर (२०२८) (२०५४ सालदेखि विशेष अस्तित्वमा आएको)
» घुम्ती पुस्तकालय भोटेओडार (२०४०) माथिको पद्म (घुम्ती) पुस्तकालयलाई भक्ति नमुना मा.वि. र लक्ष्मी मा.वि. मन्जाङका साथ ती दुवै ठाउँहरूलाई समेत समेटिने गरी घुम्तीका रूपमा पुस्तकालय चलाइएको)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

» कान्ति युगचेतना पुस्तकालय गाउँशहर (२०४५)कोमल पुस्तकालय पाणिनी, दुराडाँडा (२०५०)
» लालीगुराँस आमा समूह पुस्तकालय बोराङ (२०५१)
» सूर्योदय चेतनशील पुस्तकालय(२०५२) भार्ते
» रेयुकाइ पुस्तकालय बेसीशहर (२०५२)
» अमृत हिमाली वाचनालय स्वाँरा, दुराडाँडा (२०५५, दर्ता २०५८)
» मर्स्याङ्दी सामुदायिक पुस्तकालय भोटेओडार (२०६४)
» भोटेओडार सार्वजनिक पुस्तकालय, भोटेओडार २०७२)
» लक्ष्मीनारायण पुस्तकालय

माथि उल्लेखित पुस्तकालयहरूमध्ये बेसीशहरमा रहेको 'लक्ष्मी नारायण सामुदायिक पुस्तकालय" सबैभन्दा व्यवस्थित छ । त्यो पुस्तकालय साधन सम्पन्न छ । नियमित रूपमा कार्यालयीय ढाँचाले चलेको छ । पुस्तकालय व्यवस्थापन समितिले यस पुस्तकालयलाई उचाइमा पुऱ्याएको छ । गोरखापत्र, कान्तिपुर जस्ता राष्ट्रिय स्तरका पत्रपत्रिका पनि नियमित रूपमा आइरहने व्यवस्था मिलाइएको छ । यस पुस्तकालयमा करिब ८ हजार पुस्तक छन् भने कम्प्युटर, फोटोकपी र इन्टरनेटकोसमेत सुविधा छ । यो पुस्तकालय विश्व मानचित्रमा ज्ञान उर्जा विकास गराउने १० वटा पुस्तकालयहरूको सूचीमा पर्न गएको छ ।

२.९ गैर साहित्यिक लेखकहरू र तिनीहरूका विषयवस्तु

साहित्यका अतिरिक्त भूगोल, इतिहास, स्वास्थ्य, राजनीति जस्ता अनेकौँ विषयमा पनि लमजुङे लेखकहरूले कलम चलाएका छन् । त्यसरी समाजलाई प्राज्ञिक ऊर्जा दिन सक्नु पनि महत्त्वपूर्ण पाटो मानिन्छ । यस अभियानमा त्यस्ता गैर साहित्यिक लेखकहरू र तिनीहरूले समेटेका विषयवस्तुहरूको छोटो टिपोट दिने काम गरिएको छ ।

इतिहाससँग सम्बन्धित लेखकहरू :

डाः डिल्लीरमण रेग्मी, (तार्कु), डा. कृष्णकान्त अधिकारी (दुराडाँडा), डा. कृष्णबहादुर थापा (थान्सिङ), लक्ष्मी थापा (मोहोरिया), कृष्णप्रसाद न्यौपाने (दुराडाँडा), डा. विष्णुप्रसाद घमिरे तार्कु आदि ।

भूगोलसँग सम्बन्धितः डा. हर्क गुरुङ (तराँचे, भुलभुले), तीर्थराज शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(दुराडाँडा)

अन्तराष्ट्रिय कानुन :

प्रा. डा. सूर्यप्रसाद सुवेदी (खुदी, हालः बेलायत)

आर्थिक भूगोल तथा प्रशासन : नारायणभक्त पौडेल, शारदाभक्त पौडेल (गिरेचौर दुराडाँडा), मुक्तिनाथ घिमिरे (गाउँशहर), वसन्त घिमिरे (जिता), मुक्तिनाथ न्यौपाने (खुम्रुक) आदि ।

सामाजिक शिक्षा :

इन्द्रविलास घिमिरे (मन्जाङ)

गणित/विज्ञान :

डा. शिवराम न्यौपाने (देवतापानी, दुराडाँडा डा. महेन्द्रनाथ सुवेदी (खुदी)

जलशक्ति/प्रविधि र विकास :

डा. आनन्दबहादुर थापा (मोहोरिया), सूर्यनाथ न्यौपाने, लालबहादुर भुजेल (दुराडाँडा), प्रेमप्रसाद दवाडी (बोराङ) आदि ।

भाषा, शिक्षा, संस्कृति :

इन्द्रबहादुर गुरुङ, मेखसिं क्लेमु (गिलुङ), डा. पूर्णकान्त अधिकारी (दुराडाँडा), ऋषिकेश घिमिरे (साहिँलीटार), रामबहादुर गुरुङ (बाहुनडाँडा) अर्जुन थापा (सम्झनाको आकृतिहरू-२०७५), लक्ष्मण थापा (अनुभवको आकृति-लेख सङ्ग्रह-२०७५) आदि ।

धर्म/दर्शन/ज्योतिष :

नरकान्त अधिकारी दुराडाँडा), कविराज कृष्णकान्त न्यौपाने (धारापानी), रामकृष्ण घिमिरे (भोर्लेटार) ।

अङ्ग्रेजी पाश्चात्य साहित्य :

डा. इन्द्रविलास अधिकारी, (दुराडाँडा), डा. रामेश्वर अधिकारी (सिरूवारी, भार्ते) ।

स्वास्थ्य : श्रीमान् श्रीमती ईश्वर न्यौपाने (बिचौर), डा. ऋषिकान्त अधिकारी

जनजाति/राजनीति : मेखसिं क्लेमु तमु ।

वैदेसिक रोजगारी : सूर्यप्रसाद पण्डित (तार्कु)

(स्रोतः विजयराज न्यौपाने, २०६८, पृः. ४२०)

रुद्रनिधि तिवारी, चितीः प्राथमिक उपचार (रेडक्रसमा आधारित)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०७०) मुकुन्द पथिक, रम्घाः कुराकानी (कन्भर्सेसन) जुलाई : २००९, पुनः प्रकाशन : जुलाई २०१४

संस्कृतितर्फः

रामबहादुर गुरुङ, ताघ्रिङ – गुरुङ जातिको सांस्कृतिक परम्पराहरू (२०६२)

ऋषिकान्त अधिकारी, स्वाँरा, दुराडाँडा – १. दुरा जातिको परिचय (२०६२)

गोकुलप्रसाद दुरा, तुर्लुङ – दुरा जातिको परिचय (२०५६)

दुरा सेवा समाज, बसुन्धरा, काठमाडौँ – दुरा जातिको भाषा, परम्परा र संस्कृतिः २०५०,

खोजमूलक

कृष्णप्रसाद अधिकारी,पाँचघरे, दुराडाँडा

द्वन्द्वपीडित पार्श्वचित्र लमजुङ (२०७२)

पर्यटनतर्फः

डा. टकराज गुरुङ – Mountain tourism in Nepal (A.D. 2007)

भाषातर्फः

मुक्तिनाथ घिमिरे, जिता – दुरा भाषाको वर्णमाला (२०७४)

धर्मसम्बन्धीः

नेत्र आचार्य, (सम्पादक), मानसाग्निको स्वधर्म, प्रकाशकः सर्वोदय सेवा आश्रम, लमजुङ (२०७३)

केही स्मृति ग्रन्थहरु

१. डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिका (२०५६) १. डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिका प्रकाशन समिति
२. शहीद मुक्तिनाथ अधिकारी स्मृति-ग्रन्थ (२०५९) प्रकाशकः मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान
३. ठाकुरप्रसाद छाँगा (अधिकारी) स्मृति ग्रन्थः (२०६९) प्रकाशकः छाँगा स्मृति ग्रन्थ प्रकाशन मूल समिति
४. लेखनाथ अधिकारी स्मृति गन्थ (२०६९) प्रकाशक विजया अधिकारी
५. श्रीकान्त अधिकारी स्मृति ग्रन्थ (२०७०) प्रकाशक गायत्री अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. बहिदार तीर्थराज न्यौपाने स्मृति ग्रन्थः (२०७२) मुख्य सम्पादक विजयराज न्यौपाने
७. पण्डित बद्रीनाथ सुवेदी स्मृतिग्रन्थ (२०७२) स्मृति ग्रन्थ प्रकाशन समिति काठमाडौँ, प्रमुख सम्पादक जीवन अधिकारी
८. नारायणभक्त पौडेल स्मृति ग्रन्थ (२०७२) प्रकाशकः जमुना पौडेल
९. लमजुङदेखि सदनसम्म लेखनाथ अधिकारी (२०७३) प्रकाशक विनोद अधिकारी
१०. विष्णुप्रसाद गौली स्मृतिग्रन्थ (२०७४) सीता गौली
११. स्मृतिका पानामा साहिँला गुरु, (२०७५) तीर्थराज शर्मा स्मृति ग्रन्थ प्रकाशन समिति, काठमाडौँ नेपाल ।
१२. कृष्णबहादुर के.सी स्मृति ग्रन्थ प्रकाशोन्मुख
१३. तिलकनाथ शर्मा (अधिकारी) – स्मृति ग्रन्थ प्रकाशोन्मुख
१४. होमनाथ सुवेदी – स्मृतिग्रन्थ प्रकाशोन्मुख

२.१० भागवत महिमा

राज्यमा शान्ति सुव्यवस्था कायम होओस् ,समाज नैतिकतामा अडियोस्, समस्त पितृ मोक्ष होऊन्, बृद्धबृद्धाहरूमा शान्ति मिलोस्, धर्मशास्त्रको महत्त्व सबैले बुझून् भन्ने हेतुले लमजुङ जिल्लामा प्रायः तागाधारी समाजमा उहिल्यैदेखि नै आआफ्ना गच्छे अनुसार आआफ्ना घरमा सप्ताह लगाउने चलन थियो। तागाधारी भनेको जनै लगाउने समुदाय हो। यसभित्र ब्राह्मण, क्षेत्री र ठकुरी पर्दछन्। सप्ताह भनेको श्रीमद्भागवत महापुराण पारायण पढ्दै त्यसको अर्थ लगाएर भक्तजनहरूलाई कथा सुनाएर समापन गर्नु हो। त्यो कार्यक्रम आजकाल बोझिलो हुँदै आयो। तसर्थ सात दिनसम्म एउटै पण्डितले भन्ने गरेको भागवत सामान्यतय सात जनाले एकै दिनमा पढेर सिध्याउने परम्पराको थालनी भएको छ। त्यसरी एकै दिनमा सामुहिक रूपमा भागवत पढ्ने पद्धतिलाई एकाह भनिन्छ। यसलाई दुई किसिमले प्रयोग गरेको पाइएको छ। एउटा निश्चित पितृमोक्षका निमित्त लगाइन्छ। त्यो चाहिँ जसका आमा, बाबु जो कुनैको स्वर्गारोहण भयो, तिनको वार्षिक श्राद्धका अवसरमा भागवत पाठ गराउने परम्परा छ। त्यसलाई पितृसूक्त भनिन्छ। सात जना ब्राह्मणलाई भागवत पाठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न लगाइन्छ। पहँलो टीकाको प्रयोग गरिन्छ। जसका नाउँमा पितृसूक्त पाठ गरिएको हो, तिनै पितृ मोक्ष हुन्छन् भन्ने लोकको विश्वास छ। अर्को चाहिँ समस्त पितृको उद्धारका लागि भागवत पढाइन्छ। यसमा सामान्यतयाः सात जना भागवत पाठ गर्ने हुँछन्। शिवजीलाई जलधारा दिँदै रुद्री पाठ गरिन्छ। साथै वेद, सप्तशती र विष्णुसहस्रनाम समेत पाठ गरिन्छ। यसरी १२।१४ जना ब्राह्मणहरूले पाठ गर्छन्। यस कार्यक्रममा मूल कर्म भागवत पाठ हुन्छ भने अरू सबै शाखा कर्म हुन्छन्। मूलकर्म भागवत पाठ चाहिँ एकै दिन सात जना पण्डितहरूले पढ्दा एक जना पण्डितले सात दिन सम्म पढे सरहको हुन्छ। पाठ पढ्ने कार्य सकेपछि श्रीमद्भागवतको कुनै एउटा मार्मिक खण्डको नेपाली भाषामा भक्तजनहरूलाई कथा सुनाउने परम्परा छ। यसमा रातो टीकाको प्रयोग गरिन्छ। श्रीमद्भागवत ज्ञान महायज्ञ लगाउनाले पितृमोक्ष हुने, हिन्दु सनातन धर्मको संरक्षण हुने र त्यसको माध्यमबाट समाजलाई नैतिकताको बाटो देखाउने काम हुन्छ।

आजकाल सार्वजनिक संस्थाहरूमा सामुहिकरूपमा श्रीमद्भागवत ज्ञानमहायज्ञ लगाई सात दिनसम्म कथा सुनाउने परम्पराको विकास भएको छ। शिक्षण संस्था, अस्पताल, बृद्धआश्रम, एम्बुलेन्स खरिद, प्रतिष्ठित व्यक्तिहरूको सालिक निर्माण तथा उनका नाउँमा बगैँचा निर्माण जस्ता महत्त्वपूर्ण कार्यमा रकम जम्मा गर्ने यसको उद्देश्य रहेको छ। यस कार्यक्रमबाट आम्दानी पनि प्रशस्त भएको छ। यो हिन्दू सनातन धर्ममा आधारित कार्य हो। तर यस्ता संस्थामा हिन्दूधर्मालम्बीका अतिरिक्त बौद्ध, मुस्लिम, क्रिश्चियन धर्मालम्बीहरूको समेत संलग्नता हुन्छ। दुरा तथा गुरुङ समाजमा पनि थोरै थोरै भएपनि सप्ताह लगाउने परम्परा पहिले पनि थियो। तुर्लुङका सुब्बा परिवारका दुराहरूले सप्ताह लगाएका अभिलेख छन्। त्यो परिवारमा आजकाल पनि कसैको मृत्यु भएपछि लामा पुरोहित लगाएर तीन दिनमा काज क्रिया तथा अर्घौं समेत सिध्याउने काम एकातिर छ। यो बौद्धमार्गीको पद्धति हो। अर्कोतर्फ हिन्दू सनातन धर्ममा आधारित नियम बमोजिम १३ दिनसम्म क्रिया बस्ने चलन पनि छ। वार्षिक श्राद्धका दिन श्राद्धका साथ एकाह लगाएको कुरा अहिले पनि स्थलगत अध्ययनबाट थाहा पाइएको छ। आदिम कालदेखि तिनीहरूका गुरुपुरोहित दुराडाँडाकै अधिकारी ब्राह्मण छन्। यस उदाहरणबाट यो समाजमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक सहिष्णुता छ भन्ने बुझिन्छ । डा.स्वामी प्रपन्नाचार्यले "वेदमा के छ ?" भन्ने पुस्तकमा धर्मको बारेमा यसरी चर्चा गरेका छन् : "... ....यो आजको कुरा होइन, लाखौँ वर्ष पुरानो कुरा हो । यो आदिमानव धर्मको स्वरूप, हामी यसैमा पाउँछौँ । त्यसपछि पुरातन हिन्दूधर्मबाट विभक्त भएका धर्महरू यी हुन् : पारसी, बौद्ध, युनानी, रोम, वैण्डिक, स्ट्युटनिक, स्कान्डेनेबियन, केल्टिक स्लावोनियन यी नौ धर्म पुराणकालसम्ममा फिँजिएर पृथक् भए ।" पृ. ६० । यसरी हेर्दा हिन्दू धर्मबाट अन्य विभिन्न धर्महरू फैलिएका देखिन्छन् । त्यस अन्तर्गत बौद्ध धर्म एउटा हो । आजको समाजमा पनि अरू धर्मसँग भन्दा यी दुई बीच नजिकको सम्बन्ध छ । दुरा तथा गुरुङ समाजमा यी दुबै धर्मलाई महत्त्व दिएर मान्दै आएको पाइन्छ ।

घनपोखराका नरजङ्ग सुब्बाले आफ्नो घरमा ब्राह्मण पण्डित बोलाएर पुराण श्रवण गराउने गर्थे । उनले कथा भन्न लगाउने गुरुज्यू चिसङ्कुका नारायणदत्त घिमिरे थिए । ती सुब्बा धनी मानी, सामाजिक एवं प्रतिष्ठित व्यक्ति थिए । त्यो सेरोफेरोमा आफ्नो समूह गुरुङ समाजमामात्र होइन सबै वर्ग र समुदायबाट उनी सम्मानित थिए । उनी संस्कृत साहित्यका प्रकाण्ड विद्वान् थिए । धर्मशास्त्रका मर्मज्ञ समेत थिए । नरजङ्ग सुब्बाले आफ्नै घरमा सप्ताहको आयोजना गर्ने, नारायणदत्त घिमिरेले पुराण वाचन गरेर कर्ताहरू तथा अगन्तुक भक्तजनहरूलाई कथा सुनाउने गर्थे । हरेक वर्ष बेग्लाबेग्लै पुराण लगाउने, अन्य सामग्रीका साथ त्यो पुस्तक गुरुज्यूलाई दान दिने गर्थे । यसरी उनले धेरै वर्ष पुराण लगाएर पुराणका धेरै पुस्तक गुरुज्यूलाई दान दिएका थिए (स्रोत : जगमान गुरुङ) ।

लमजुङ चिसङकुका मूलपण्डित नारायणदत्त घिमिरेको घरमा १८ पुराणका १८ वटा ठेली छन् । यिनी चन्द्रशमशेर राणाको पालामा मूलपण्डित थिए । लमजुङ ,उपल्लो घनपोखराका सुब्बा मनलाल गुरुङ , उनका जेठा छोरा नरजङ्ग गुरुङ र कान्छा छोरा डिल्लीजङ्ग गुरुङले मूलपण्डित नारायणदत्त घिमिरेलाई उक्त १८ पुराण दान गरेका थिए । चन्द्रशमशेर राणाको पालामा लमजुङ, उपल्लो घनपोखराका सुब्बा मनलाल गुरुङ, उनका जेठा छोरा नरजङ्ग गुरुङ र कान्छा छोरा डिल्लीजङ्ग गुरुङले सुब्बाङ्गी सहित मनाङ, मुस्ताङ, चितवनको ठोरी र बुटवल यी चार नाकाको जगात भन्सार उठाउने ठेक्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएका थिए। यी गुरुङ सुब्बाहरूले चिसङ्कुका मूलपण्डित नारायणदत्त घिमिरेलाई आफ्ना गुरु मानेका थिए। उनीहरूले वर्षेनी काशीबाट पुराणका एक –एक ठेली झिकाएर त्यसको पारायण गरी मूलपण्डितलाई दान गर्दथे। यसरी १८ वर्षमा १८ वटा पुराण पारायण पनि गरे र दान पनि गरे। मूलपण्डित नाराणदत्त घिमिरेका चौथो पुस्ताका सन्तति आनन्द घिमिरेको सङ्ग्रहमा उक्त १८ पुराणका ठेलीहरू अझै पनि सुरक्षित छन्। ती अठार पुराणको नामावली निम्नानुसार छ :

१. ब्रह्मपुराण २. पद्मपुराण ३. विष्णुपुराण ४. शिवपुराण ५. भागवत वा देवीभागवत पुराण ६. नारदपुराण, ७. मार्कण्डेय पुराण, ८. अग्निपुराण, ९. भविष्यपुराण, १० ब्रह्मवैवर्त ११. लिङ्गपुराण १२. वराहपुराण १३. स्कन्दपुराण १४. वामनपुराण १५. कूर्मपुराण १६. मत्स्यपुराण १७. गरुडपुराण १८. ब्रह्माण्ड पुराण।

यस्ता १८ वटा पुराण त्यहाँ सुरक्षित छन्। यसरी लमजुङको एउटा बाहुनगाउँमा गुरुङले दान गरेका १८ पुराणका ठेली सङग्रहित छन्। यो ज्यादै रोचक विषय हो। अतः हिन्दू धर्म र संस्कृतिको यस समन्वयात्मक सम्पदाको संरक्षण र सम्बर्द्धनमा राज्यले समुचित ध्यान दिन आवश्यक छ (स्रोतः मिलनबिन्दु)।

त्यो परिवारलाई जङ्गपरिवार भनिन्छ। जङ्गपरिवारमा बच्चाबच्ची जन्मेपछि ११ दिनमा ब्राह्मण पण्डित लगाएर न्वारान गरिन्छ। मृत्यु हुँदा ब्राह्मण पुरोहित लगाएर १३ दिनसम्म क्रिया गर्ने परम्परा पनि छ। त्यसपछि वार्षिक श्राद्ध गर्दा ब्राह्मण गुरुज्यूहरू जुटाएर एकाह लगाउने परम्परा पनि छ। अन्य गुरुङ समुदायले जन्मदेखि मृत्युसम्मका सबै कर्म लामा पुरोहित लगाएर सम्पन्न गर्दछन्। यसबाट धार्मिक सहिष्णुताका साथ हिन्दू सनातन धर्म र बौद्ध धर्म दुबैलाई सन्तुलन गरी व्यवहार चलाएको बुझिन्छ।

चिसङ्कुमा नै ईशानेश्वर आध्यत्मिक विद्यापीठ नाउँ नरेको एक संस्था खोलिएको छ। त्यस संस्थालाई जिल्ला विकास समिति लमजुङबाट हिन्दू धर्मका १८ पुराणमध्ये निःशुल्क रूपमा १४ पुराणका एक एक स्थान पुस्तक उपलबध भएका छन्। नियमित एक व्यक्तिले होइन, सोही ठाउँका पठित व्यक्तिहरूमध्ये जुनसुकै व्यक्तिले भए पनि नियमित रूपमा पढेर पुराण सुनाउने काम भइरहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस संस्थाले पनि भागवत महिमालाई विशेष जोड दिएको बुझिन्छ ।

लमजुङ जिल्लाको खुदीमा वि.सं. १९८६ मा तत्कालीन राणा सरकारबाट अनुमति लिई "भारद्वाज" नामक एक आश्रम खोलिएको थियो । त्यहाँ संस्कृत भाषाको पढाइ हुन्थ्यो । साथै हिन्दू सनातन धर्मको पनि संरक्षण गरिन्थ्यो । पं.बद्रीनाथ सुबेदीको अगुवाइमा त्यो संस्था चल्दै आएको थियो । अङ्ग्रेजी शिक्षाको प्रचार बढ्दै आएपछि त्यो आश्रम शिथिल भयो । कसैले त्यस संस्थालाई निरन्तरता दिन चाहेमा हस्तान्तरण गर्न सकिने कुराको जानकारी दिएर उनै बद्रीनाथ सुबेदीले आह्वान गरे । त्यसबारेमा बद्री गुरुले श्रीकान्त अधिकारीलाई लेख्नुभएको पत्र तथा श्रीकान्त अधिकारीको भनाइको केही अंश यस्तो छः.....त्यसै बखत दुराडाँडा भाषापाठशालाका पण्डित तीर्थराज अधिकारी (जलुकेनी) खुदीमा आइपुग्नुभएको रहेछ । उहाँमार्फत् गुरु पं. बद्रीनाथले एउटा पत्र मेरो नाउँमा पठाउनुभएको थियो । उहाँको हृदयबाट बुझिन्छ "संस्कृत र संस्कृतिको विनाश हुन लाग्यो, बचाऔं बचाऔं" भन्ने गुहारको आवाज जस्तो लाग्यो । पत्रमा भने तपाई अगाडि सर्नुहोस् दुराडाँडाले यो काम गर्न सक्छ । संस्कृत माध्यमिक विद्यालय खुलोस् । म स्वयंसेवक शिक्षक बनेर त्यहीँ आउँछु (स्रोतः पं. बद्रीनाथ सुवेदी स्मृतिग्रन्थ, २०७२: पृ.४) । त्यो पुकारपत्र दुराडाँडाको जनभेलामा सुनाएर आश्रम ल्याउने अनुमति लिएको कुरा पनि उक्त पुस्तकको पानामा श्रीकान्त अधिकारीको भनाइबाट नै थाहा लाग्दछ ।

दुराडाँडाका श्रीकान्त अधिकारीले आफ्नो गाउँमा त्यो आश्रम ल्याएर संरक्षण दिने काम गरेका हुन् (स्रोतः कोमल सुवेदी स्थानीय बुद्धिजीवी, घनश्याम सुवेदी स्थानीय बुद्धिजीवी) ।

नोट : सुवेदीको गोत्र भारद्वाज हो । सोही गोत्रको नाउँबाट "भारद्वाज आश्रम" खोलिएको कुरा स्थलगत अध्ययनबाट जानकारी मिल्दछ ।

दुराडाँडा, कीर्तिपुर स्थित पाणिनि संस्कृत माध्यमिक विद्यालय परिसरमा त्यो "गुरुकुल आश्रम" छ । त्यसलाई "सनातन धर्म सेवासंघ गुरुकुल आश्रम" भनिन्छ । सोही आश्रमको माध्यमबाट शिक्षा मन्त्रालयको अनुमति लिई पाणिनि संस्कृत मा.वि. स्थापना गरिएको हो । सोही ठाउँमा त्यो आश्रम सञ्चालन गरिएको छ । औपचारिक रूपले हेर्दा यो नै लमजुङको जेठो आश्रम हो भन्ने बुझिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त आश्रम स्थापना पश्चात् खोलिएका संस्थाहरू : १.कामधेनु गौशाला २.साधुसन्त भवन (स्वाँरा निबासी कृष्णकुमारी अधिकारीको सङ्कल्प र डा. पूर्णकान्तको आर्थिक लगानीमा निर्मित)। ३. नन्दन वन ४. वेदव्यास पुराण मञ्च ५. शिवमन्दिर ६. याज्ञवल्क्य हवनशाला (देवतापानी निबासी माणिकराज बास्तोलाकी आमा धर्मकुमारी बास्तोलाको आर्थिक लगानीमा निर्मित, (स्रोत: भोजराज बास्तोला, स्थानीय बुद्धिजीवी) ७. गार्गीमञ्च (स्थानीय शिवमायाद्वारा स्थापित अक्षयकोष "शिवमाया गुठी" को ब्याजद्धारा निर्मित)। त्यहाँ खासगरी पञ्चपर्व (संक्रान्ति, पञ्चमी, एकादशी, औँसी र पूर्णिमा) का दिनहरूमा प्रसङ्ग मिलाएर पुराण श्रवण गराइन्छ। अधिकमास, क्षयमास तथा चौमास (आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशी सम्म) मा पनि सोही प्रसङ्ग मिलाएर पुराण पाठ गर्ने परम्परा छ। त्यसमा पनि श्रीमद्भागवत महापुराणका कथाहरूलाई बढी सुनाउने गरिन्छ। सोह्रश्राद्धमा चाहिँ गरुडपुराण पाठ गरी त्यसका मार्मिक पक्षको कथा सुनाइन्छ। गरुडपुराण भन्नाले प्रेतकल्प चाहिँ होइन त्यति बेला मूलखण्ड नै पाठ गरिन्छ (स्रोत: पं.तोयनाथ अधिकारी, अध्यक्ष, सनातन धर्म सेवा संघ गुरुकुल आश्रम)।

यसरी त्यस ठाउँमा रचनात्मक कार्यक्रम, आध्यत्मिक शिक्षा र भागवत महिमालाई बढी महत्त्व दिएको बुझिन्छ। लमजुङ जिल्लामा भागवत महिमाले निकै राम्रो श्रेय कमाएको छ। श्री मद्भागवतका ज्ञाता गुरुज्यूहरू तथा गुरुआमाज्यूहरूलाई बेलामौकामा बोलाएर ल्याई भागवतका कथा भक्तजनहरूलाई सुनाउने गरिन्छ। त्यसबाट भएको आम्दानीले संस्थाको भलाइ हुने खालका काम गरिन्छन्। शिक्षण संस्था, अस्पताल, बृद्धआश्रम र प्रतिष्ठित ब्यक्तिको सालिक निर्माण तथा उनका नाउँमा पार्क निर्माण जस्ता कार्यमा सो रकम लगानी गरेका उदाहरण छन्। यस्तै यस्तै कार्यक्षेत्रमा रकम जम्मा गर्ने उद्देश्यले भागवतलाई प्रयोग गरिएको छ। उदाहरणका लागि : श्री मङ्गला उच्च माध्यमिक विद्यालय सोतीपसल, श्री शान्ति उ. मा. वि.कुन्छा, श्री सर्वोदय उ.मा.वि. दुराडाँडा, श्री आदर्श बाल उ.मा.वि. बरेटार, सुन्दरबजार, श्री भविष्यनिर्माण मा.वि. पहिरे, भोटेओडार आदि। त्यस्तै नमुना सामुदायिक अस्पताल सुन्दरबजार। त्यस्तै "लमजुङ राजधानी एकता समाज काठमाडौँ" नामक संस्थामार्फत काठमाडौंको वनस्थलीमा श्रीमद्भागवत ज्ञानमहायज्ञ लगाई त्यसबाट उठेको रकमले एम्बुलेन्स

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खरिद गर्ने जस्ता कार्यक्रमहरू सक्रियताकासाथ भइरहेका छन्। त्यसैगरी "स्वामी शङ्करानन्द सरस्वती महाराजजी"को सङ्कल्पमा तुर्लुङकोट कालिका र थान्सिङकोट मालिकाको पादस्थल एवं स्थानीय ज्वालादेवी भागिरथीमाईको परिसर तथा गोत्रप्रवर्तक मौद्गल्य ऋषिका सन्तानको पुर्ख्यौली स्थल मानिने कोइरालाफाँटमा एक बृद्धआश्रम खोल्ने उद्देश्यले श्रीमद्भागवत ज्ञानमहायज्ञ लगाई रकम सङ्कलन गर्ने कार्य पनि सम्पन्न भइसकेको छ। कोइराला सेवा समाज, स्थानीय धुसेनी गा.वि.स.का सम्पूर्ण सङ्घसंस्था एवं भक्तजनहरू लगायत छिमेकी गा.वि.स.का धेरै भक्तजनहरूको उल्लेख्य सहयोग मिलेको थियो। त्यस आश्रमलाई संस्थागत रूप दिई विभिन्न कार्यक्रम सञ्चालन गर्ने उद्देश्य रहेको छ।

लमजुङ जिल्लाको साबिक तार्कुघाट गा.वि.स. ३ हाल राईनास नगरपालिका वडा नं. ८ हर्राबोटमा एउटा बृद्धआश्रम छ। त्यो संस्था "सर्वोदय जेष्ठ नागरिक आश्रम" को नाउँले परिचित छ। त्यो ठाउँ पाउँदीबजारको पूर्वपट्टि मर्स्याङ्दी नदीको किनारमा पर्दछ। २०६८ कार्तिक २० गतेदेखि अश्रमलाई चालू गरिएको हो। पोखरा निबासी पं. श्री कमलनयन गौतमज्यूको मुखारविन्दबाट कथा वाचन भएको थियो। सप्ताहबाट उठेको रकमले आश्रमका भवनहरू निर्माण गरिएका छन्। साधारण तथा आजीवन सदस्यहरू बनाई उनीहरूबाट रकम उठाइएको पनि छ। मुठीदान, चन्दा सङ्कलन आदि स्रोतबाट संस्था चलाइएको छ। असहाय तथा आश्रममा बस्न चाहने बृद्धबृद्धाहरूलाई त्यहाँ राख्ने व्यवस्था छ। बेवारिसी एवं अपाङ्ग व्यक्तिहरूलाई पनि आश्रममा ल्याएर आबास र भोजनको व्यवस्थाका अतिरिक्त उपचार समेत गराइएको छ। त्यतिमात्र नभई त्यस्ता व्यक्तिको देहावसान भएपछि जिल्ला प्रहरी कार्यालयको रोहबरमा सनाखत गरी अन्त्यष्टी गरिदिएका अभिलेख समेत छन्। आफ्नो सम्पत्ति त्यहीं बुझाएर बस्ने, खाने एकथरी छन्। अर्का थरी आश्रममा बस्ने, खाने र लागेको रकम एकमुष्ट वार्षिक रूपमा तिर्ने खालका छन्। अर्का एक थरी पूर्ण रूपले असहाय छन्। तिनलाई संस्थाले नै भरणपोषण र आबासको व्यवस्था मिलाएको छ। सर्वोदय बृद्ध आश्रम सेवा समितिले त्यो व्यवस्था मिलाएको छ। त्यसमा सोही संस्थाका संस्थापक अध्यक्ष श्री कृष्णराज ओलियाको महत्त्वपूर्ण भूमिका छ। त्यस आश्रमको वरिपरिको करेसाबारीको खेतीले आश्रममा बस्नेहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तरकारीको निर्बाह हुन्छ । त्यहाँ गाई पनि पालिएका छन् । तसर्थ त्यो संस्थामा यथेष्ट गोरसको व्यवस्था पनि छ । त्यस आश्रममा धेरै बृद्धबृद्धा बस्तछन् । बृद्धबृद्धाहरूलाई भरणपोषण तथा आबासको व्यवस्थामात्र होइन, त्यस आश्रममा त धेरै महत्त्वपूर्ण कुराहरू पनि छन् । बिरामीलाई राम्रोसँग उपचार गर्ने साधन तथा औषधिको व्यवस्था पनि छ । त्यहाँ एक पुस्तकालय पनि छ । धर्मशास्त्र, नीति, अध्यत्म शिक्षा र आयुर्वेदसँग सम्बन्धित धेरै पुस्तक त्यहाँ पढ्न पाइन्छ । विभिन्न जातका वनस्पति रोपेर । राम्रो खालको उद्यान बनाउने कार्यक्रम पनि अघि बढाइएको छ । सोही आश्रमको परिसरमा १०८ शिवलिङ्ग स्थापना गरिएका छन् । मर्स्याङ्दी नदीको नजिकै १०८ वटा बेलका रूख हुर्काउने अभियानको पूर्वाधार पनि खडा भइसकेको छ । तुलसीको वन, चौतारा र तिनमा वरपिपल सार्ने काम पनि भइरहेको छ । २०७२ साल वैशाख १२ गतेको महाभूकम्पले ध्वस्तगराएको राईनासकोटका १४ वटा आबास गृह र एउटा सामुदायिक भवन निर्माण तथा एउटा घुमाउने घरको मर्मत गराउने काम पनि यस संस्थाले गरेको छ । अमेरिकी दाता नतासा बाट रकम जुटाएर सो काम गरिएको हो (स्रोत: कृष्णराज ओलिया, अध्यक्ष "सर्वोदय जेष्ठ नागरिक आश्रम" सेवा समिति ।

घिमिरेहरूका मूलपुर्खा कुश्माखर घिमिरेको सालिक तथा पार्क बनाउने उद्देश्यले बाहुनडाँडामा श्रीमद्भागवत महापुराण वाचन गरी कथा श्रवण गराइएको उदाहरण पनि महत्त्वपूर्ण छ । बाहुनडाँडाको पुस्तुनमा सप्ताह लगाएर रकम जम्मा गर्ने कुरा सजिलो थिएन । दुर्गम क्षेत्र भएर पनि मानिसको चाहना र त्यागका कारण त्यो कार्यक्रम पनि पूर्ण रूपले सफल भएको थियो । घिमिरेकी चेली सुश्री तारा घिमिरेको मुखारविन्दबाट कथा वाचन भएको हो ।

भागवत महिमाकै कुरा गर्दा लमजुङ मूलकी चेली सुश्री तारा घिमिरेको मुखारविन्दबाट नारायणगढमा श्रीमद्भागवत ज्ञान महायज्ञ लगाई जग्गा खरिद गर्ने काम समेत भइसकेको छ । सोही ठाउँमा प्राणनाथ अनाथ सेवा आश्रम खोलिएको छ । वि.सं. २०६५ सालमा खोलिएको त्यस संस्थाको जग्गाको क्षेत्रफल २० रोपनी छ । त्यस आश्रममा अनाथ बालबालिकाहरू छन् । तिनलाई खाने, बस्ने र पढाउने व्यवस्था सोही संस्थाले गरेको छ । तिनीहरू स्थानीय बज्रयोगिनी माध्यमिक विद्यालयमा पढ्दछन् । प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरू भरतपुरतर्फ गएर पढ्दछन् भने तिनको पनि आबास र भोजनको व्यवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसै आश्रममा हुन्छ । त्यहाँ असहाय दिदीबहिनीहरू छन् भने बृद्ध बा,आमाहरू छन् । माताजी तारा घिमिरेका दिदीबहिनी त्यस आश्रमको व्ययस्था मिलाएर त्यहीँ बस्तछन् । ती छात्रछात्राहरूलाई संस्कृत भाषा पढाउन एक जना पण्डित बाहिरबाट आउने जाने गर्दछन् । सुरुमा नारायणगढमा भागवत वाचन गरी प्राप्त दान रकमबाट त्यसको जग बसालिएको हो । तारा घिमिरेका आमाबुवाले निजको विवाह खर्च स्वरूप दिनुभएको रकम र दान तथा चन्दा समेत मिलाई जग्गा खरिद गरिएको हो । सो संस्थाको रेखदेख र संरक्षणका लागि एक समिति पनि छ । त्यो समितिले त्यसको व्यवस्थापन मिलाउँछ । मुठीदानबाट त्यहाँको रसदपानीको व्यवस्था मिलाइएको छ ।

यसमा मूल संरचना नेपालकै प्रथम महिला भागवत वाचिका तारा घिमिरेकै हो । यो विशुद्ध परोपकारी संस्था हो । यसमा घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठान नेपाल नामक संस्थाले पनि सहयोग पुचाएको छ (स्रोत : सुश्री तारा घिमिरे) । घिमिरेकी चेली नेपालकै प्रथम महिला भागवत वाचिका बनेर त्यति ठूला ठूला कार्यक्रम अघि बढाउँदै अन्य गुरुयोजना समेत अघि सारेकी हुँदा निजलाई लिपिकै माध्यमबाट साधुवाद छ ।

तारा घिमिरेलाई प्राज्ञिक क्षेत्रमा यति माथि पुऱ्याउन उचित वातावरण मिलाइदिने निजका माता, पिता श्री ....घिमिरे र उहाँका परिवारलाई लिपिकै माध्यमबाट साधुवाद छ ।

तारा घिमिरेले माथि उल्लेखित जग्गामध्येबाट ८ रोपनी जग्गा घिमिरेहरूका कुलदेवताको मन्दिर बनाउनका लागि घडेरी दिनुभएको छ ।

(स्रोत : बलभद्र घिमिरे, अध्यक्षः घिमिरे वंश अनुसन्धान तथा कल्याण प्रतिष्ठान, भरतपुर, चितवन) घिमिरेका कुलदेवताको मन्दिर निर्माणस्थल एवं मन्दिरको रेखाङ्कन माथिका सम्पूर्ण कार्यक्रमहरू भागवतमहिमाबाट प्रेरित छन् । उक्त कार्यक्रहरूलाई सफल पार्नमा लमजुङे मूलका घिमिरे बन्धुहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ ।

भागवतकै प्रसङ्ग उठाउँदा जिताली मूलका भरतपुर, चितवन निबासी बलविक्रम थापा (ध्रुव)को सङ्कल्पमा, जितालीको सक्रियतामा, प्रारम्भिक रूपमा मध्यनेपाल नगरपालिको र गौण रूपमा सुन्दरबजार नगरपालिकाको सद्भावबाट जिताको चिन्डेमा अवस्थित राक्सेकालिका देवी मन्दिर परिसरमा श्रीमद्भागवत धनधान्यचल ज्ञानमहायज्ञ लगाएर चितवन निबासी पं.श्री बालकृष्ण अर्यालज्यूको मुखारविन्दबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा श्रवण गर्दाको अवसरमा ठूलो परिमाणमा नगद र जिन्सी सङ्कलन भयो। जिन्सीलाई नगदमा परिणत गरियो। त्यसको केही भाग अक्षयकोषमा राखी त्यसबाट आउने ब्याजको रकमले तिनै देवीको पूजा व्यवस्थापनमा खर्च गरिने र केही रकम हालसम्म ओझेलमा परेका जिताभित्रका, मध्यनेपाल लगरपालिका भित्रका र लमजुङभित्रका शक्तिपीठहरू, ऐतिहासिक एवम् पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण र सम्बर्धनमा स्थानीय उपभोक्ताहरूसँग सहकार्य गरी जोडकोषको आधरमा लगानी गरिने उद्देश्य रहेको छ। बसाइँ सरी अन्यत्र बसोबास गरेर पनि आफ्नो मातृभूमि तर्फ फर्केर उक्त कार्यको अगुवाइ गर्नुका साथै हिन्दुसनातन धर्मको संरक्षणमा लागेकामा निज थापालाई लिपिकै माध्यमबाट साधुवाद छ।

भागवत् श्रवणका कारणले व्यक्तिमा सनातन हिन्दु धर्मको संरक्षण, ईश्वर भक्ति, गुरुभक्ति, मातृभक्ति, पितृभक्ति, राष्ट्रप्रेम, मानवीयता, अहिंसा, अनुशासन, नैतिकता र प्रकृतिप्रेम आदि भाव जगाउने काम गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय: तीन

दुरा जातिको परिचय : आगमन, संस्कार, संस्कृति र परम्परा

३. आगमन, संस्कार, संस्कृति र परम्परा

नेपाल बहुजाति, बहुभाषा, बहु धर्म र बहु संस्कृतिको देश हो । एकतामा अनेकता र अनेकतामा एकता यसै ठाउँमा पाइन्छ जाति, भाषा, धर्म र संस्कृति फरक फरक भएपनि एक आपसमा सहिष्णुताको भावना सबैमा छ । सबैका बीच समन्वय छ । त्यस्तै लमजुङ जिल्ला पनि विभिन्न जाति, भाषा, धर्म र संस्कृतिले सुशोभित जिल्ला हो । यस जिल्लामा बसोबास गर्दै आएका धेरै जाति छन् । ती मध्ये दुरा जातिको बारेमा यस अध्ययनमा चर्चा गरिएको छ ।

नेपालका अल्पसंख्याक आदिवासी दुरा जातिको मूल पूर्ख्यौली स्थल लमजुङ हो । यो जाति लमजुङमा कहाँबाट आयो र कहिलेदेखि बसोवास गर्न थालेको हो । यस बारेमा गहनतम् अध्ययन गर्न जरूरी छ । दुरा जातिको उत्पत्ति बारेमा र उनीहरूको लमजुङमा आगमन भएको बारेमा विभिन्न विद्वान्हरूका विभिन्न मत छन् । तिनै मतको यहाँ विश्लेषण गरिन्छ ।

१. योगी नरहरिनाथले – "हिमालयन देवो देश" नामक पुस्तकमा दुरा जातिको बारेमा यसरी पुष्ट्याइँ गरेका छन्–

–भूता भूटा भुटा भोटे भूतोकमी देवयोनमः
लम्बा लामा इति प्रोक्ता रुद्रा हि रूदरा दुरा.........।६८

मनाङ र मुस्ताङको बीचमा पर्ने रुद्रा भोटबाट नेपालमा प्रवेश गरेको जातिलाई रुद्रा भोटबाट आएको रुद्रा भन्दा भन्दै रूदुरा, "दुरा" भन्न थालिएको हो ।

२. पथिक कवि लक्ष्मी आचार्यले देवताका सन्तान नेपाली नामक पुस्तकको पृ.१७ मा यो कुरा उल्लेख गरेका छन् – देवयोनि विशेषमा जेठो हाँगोलाई जेष्ठ भनिन्थ्यो र जेष्ठको जेठो भयो । जेठोबाट जाड भयो, जाडबाट जाड जाडे संज्ञाले तिनलाई चिनाउँछ । भगवान् शिवलाई रुद्र पनि भनिन्छ । रुद्रका कतिपय गणका मानिसको संज्ञा रूदुरा भयो र हाल दुरा संज्ञाले तिनलाई बुझाउँछ ।

३. नेपाली बृहत् शाब्दकोश (पृ. ६५७) ले दुरा जातिलाई यसरी चिनाएको छ – दुरा (ना.) नेपाल अधिराज्यको लमजुङ जिल्ला भित्रको दुराडाँडामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिकाल देखि नै बसोबास गरी आएको, आफ्नै भाषा - संस्कृति भएको तर त्यसलाई बिस्तारै भुल्दै गएको एक जाति ।

४. "मेचीदेखि महाकाली" भाग ३ (पश्चिमाञ्चल विकास क्षेत्र) भन्ने पुस्तकमा दुरा जातिको बारेमा यसरी पुष्ट्याइँ गरिएको छ -

दुराका पुर्खाहरू भारतीय राजपुतको दरवारमा नोकरी गर्थे । मुसलमानको आक्रमणले तहस नहस हुँदा राजपुत महिलाहरू आफ्ना नोकरहरूसँग भागेर लमजुङमा आई बसोबास गरे । उनकै सन्तानहरू "दुरा" हुन् भन्ने स्थानीय किंवदन्ति छ । सोही पुस्तकमा यो कुरा पनि उल्लेख भएको पाइन्छः दुराडाँडाः पहिले दुरा जातिका मानिसहरूले बढी मात्रामा बसोबास गरेको डाँडा भएकोले यसलाई दुराडाँडा भनिएको भन्ने जनश्रुति छ । यही डाँडाका मानिसहरूले राजा यशोब्रह्म शाहलाई कास्कीका राजा कुलमण्डनसँग मागेर ल्याई लमजुङमा राजा बनाएको कुरा इतिहासकारहरूले उल्लेख गरेका छन् (२०३१: पृ.१८९) ।

५. पं.ज्वालाप्रसाद मिश्रले आफ्नो जाति भाष्कर भन्ने पुस्तकमा बौद्धमार्गीको चिनारी गराउँदै दुरा जातिको बारेमा छोटो टिप्पणी दिएका छन् ।

ऋग्वेद, यजुर्वेद र अथर्ववेदमा वैश्यवर्णनको प्रमाण मिल्दछ । ऋ. १०/९०/१२ यजु. अ. ३१.मं.११ -उरू तदस्य यद्वैश्यः) वैश्य उसको जंघाबाट उत्पन्न भए । अथर्व वेद-मध्यस्तदस्य यद्वैश्यः) अथर्व वेदमा मध्यभागबाट उत्पत्ति भएका । शतपथ ब्राह्मणले लेखे अनुसार -भूरिति वै प्रजापति ब्रह्म अजनयत्) (भुव इति क्षेत्र स्वरिति विशम् एतावद्वै इदं सर्व यद्ब्रह्म क्षेत्र विट्) अर्थात् भू यह शब्द उच्चारण करके प्रजापति ने ब्राह्मणका, भुव इस शब्दले क्षेत्रियको, और स्वः यहशब्द उच्चारण करके वैश्यको उत्पन्न किया ।

इस वैश्य जाति से ही शैव और जैन और बौद्ध धर्मकी विशेष पुष्टि आइथी, बौद्ध धर्म इनके कारण दूर दूर तक फैल गयाथा बहुतसे शैव और जैन मतके मन्दिर भारत मे ही नहि चीन, काबुल, यमद्वीप, सुमात्रा आदि भारतके महासागरके दीपो और उपद्वीपोमे सुशोभित हुए थे ...(मिश्र, सन् १९८३: पृ.२२१) फेरि यसैमा "अथ बौद्ध भेदा शीर्षकमा १६ किसिमका बौद्ध मार्गी भित्र "दुरा"लाई राखिएको छ ।

माथि उल्लेख गरिएका प्रमाणहरूलाई केलाउँदा योगी नरहरिनाथको भनाइ अनुसार रुद्रा भोटबाट छिरेर नेपाल पसेको जाति रुद्र शब्दबाट दुरा हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आइपुगेको भन्ने प्रमाणित हुन्छ । त्यस्तै लक्ष्मी आचार्यले देवयोनिसँग जोडेर रुद्रगणलाई मानिसको संज्ञा दिएर ती मानिस दुरा हुन् भनी पुष्ट्याइँ गरेका छन् । नेपाली बृहत्शब्दकोशमा आदि कालदेखि नै लमजुङ जिल्लामा बसोबास गर्दै आएको भनी पुष्ट्याइएको छ । त्यसैगरी मेचीदेखिमहाकालीले राजपुत महिला र उनका नोकरबाट उत्पत्ति भएका भनी चिनाएको छ । त्यस्तै ज्वालाप्रसाद मिश्रले बौद्धमार्गीको बसोबास चीनतर्फ भएको बौद्ध पीठ पनि चीन तर्फ धेरै भएका भन्दै लगेर बौद्ध मार्गीहरूलाई चिनाउँदा दुरालाई पनि समावेश गरेका छन् । त्यसैमा प्रजापति (ब्रह्मा) का सन्तानका रूपमा वैश्य जातिलाई पनि समावेश गरेका छन् । तसर्थ वर्णका दृष्टिले वैश्य, धर्मका दृष्टिले बौद्धमार्गी, बसोबासका दृष्टिले हिमालको नजिक र जातिका दृष्टिले दुरा यी सबै कुरा एक आपसमा मिल्दा जुल्दा छन् । मेचीदेखिमहाकाली नामक पुस्तकमा दिएको राजपुत महिला र तिनका नोकरबाट दुराका सन्तान उत्पत्ति भएका हुन् भन्ने कुरामा ती नोकरहरू के जात हुन्, के खालका हुन्, यथार्थता के हो त्यसबारे अध्ययन हुन बाँकी नै छ । तसर्थ यसमा सत्यता देखिदैन ।

नेटा साबिक गाविस वडा नं. ७ थान्सिङ, भन्ज्याङगाउँ निवासी माथवरसिंह गुरुङ (लामा) का साथमा रहेको पुरानो लेख्य सामग्रीका अनुसार: परापूर्वकालमा लमजुङ जिल्लाको गोमती नदी (मिदिमखोलो) को पूर्वी किनार हालको नेटा गाविस र सिँदुरे गाविसको सीमा रेखाको सेरोफेरो बर्धान फाँट, बर्धान ठाँटी नजिकै कौशिला थरकी कएउटी कौशिला नाम गरेकी एउटी महिला सूर्यको मुख र मर्दको मुख हेर्दिन भनी तपस्या गरेर बसेकी थिइन् ।

दयालु मानिसहरूले बस्ने आश्रम र खानाका लागि दूध, फलफूल जस्ता सात्विक आहारको व्यवस्था मिलाइदिए । उनले तपस्या गरेको १२ वर्ष पुगेपछि एक दिन उनकी बालदोस्ती महिला उनैलाई भेट्न भनी आश्रममा आइन् । ती साथीको साथमा खुटुखुटु हिंड्ने रहर लाग्दो छोरो पनि थियो । ती दुई महिलाका बीच एक आपसमा भलाकुसारी भए । केहीबेर पछि तिनीहरू फर्के । ती तपस्विनीको चित्त खल्बलियो । उनको उमेर पनि केही माथि पुगेको थियो । भोलिपल्ट बिहान ओछ्यानबाट उठेर सधैंको झैँ गङ्गाजीमा स्नान गरिन् । त्यसदिन भने तुरुन्तै कुटीमा नपसी सूर्य उदाउने बेलासम्म नदी किनारमा तपस्या गरिरहिन् । सूर्योदय भयो । ती महिलाले खुल्ला रूपले सूर्यतर्फ हेरेर सूर्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जल चढाइन्। मनमनै आफ्ना कुरा राखिन्। लामो समयसम्म उनले तपस्या गरि नै रहिन्। सूर्यमा रुद्रतेज उत्पन्न भएपछि उनको मुख मण्डलमा सूर्यको दृष्टि पऱ्यो। उनी गर्भिणी भइन्। प्रकृतिको नियम पूरा भएपछि उनका दुई भाइ (जुम्ल्याहा) छोराहरू जन्मे। केही वर्ष त तिनीहरूको सुरक्षा गर्दै थिइन्। पछि पुनः वैराग्यले छोयो। उनी अर्को ठाउँमा तपस्या गर्न गइन्। ती दुई भाइ छोरा दिनानुदिन बढ्दै गए। सूर्यको तेजको प्रभाव परेको हुँदा सूर्यवंशी, कौशिला आमाको गर्भबाट जन्मेका हुँदा कौशिला गोत्र र सूर्यको दूर दृष्टिबाट आगम भएका हुँदा दूर आगम दुरागम दुरागम भएर पछि दुरा भएका हुन्। तसर्थ दुराहरू रुद्रका सन्तानहुन् (स्रोतः ज्ञानबिन्दु पृ. १४१)।

"स्कन्द पुराणको माघमाहात्म्यमा उल्लेख भएअनुसार शिवजी किराँत भएका, पार्बती किरातिनी भएर आ-आफ्ना ढङ्गले दुबै जना मर्त्यमण्डलमा घुमफिर गरेका, पार्बती किराँतिनी भएर तपस्या गरिरहँदा एक्लै भए पनि आफूलाई डर नलाग्ने कुरा उनले शिवजीलाई बताएकी छन्। शिवजीलाई आफ्नो नजिक आउन दिएकी छैनन्। पार्बतीतर्फ शिवजीको दृष्टि पर्दा उनै किराँतरूपी शिवजीका काल्पनिक योगबलले एक मानस पुत्र उत्पत्ति भयो। त्यसलाईलाई रुद्रगणमा सामेल गरियो। त्यसैका सन्ततिले मानवको रूप लिए। उसका सन्तान त्यहीँ फैलिए। यस जातिका पुर्खाले पहिल्यै घुमफिर गरेको र खेलेको ठाउँ हिमालको सेरोफेरो हो। अनि नेपालका विभिन्न ठाउँ घुम्दै बसोबास गर्न थाले यसरी शिवजीको दूरदृष्टिबाट आगम भएर दूर आगम, दुरागम हुँदै दुरा बन्न पुगे। अनि त्यसैबाट दुरा जातिको मानव विकास र समाज विकास हुँदै आयो (स्रोत : दुरा स्मारिका पृ. ७४)। पछि तिनैका सन्तान दुरा जातिको रूपमा स्थापित भए। राष्ट्रिय तथा अन्तराष्ट्रिय कलमवीरहरूका नजरबाट अलिकति ओझेलमा परेको, कमै चर्चामा आउने जाति भएको हुँदा यस जातिको बारेमा समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणबाट पनि अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यकता देखिन्छ। दुल्लु दैलेख,पर्वतको दुरानकोट, कास्कीको आर्कुम जस्ता ठाउँहरूमा उनीहरूको बसोबास भएको, फेरि बसाइँ सर्दै लमजुङ आइपुगेका हुन् भन्ने बारेमा धेरै चर्चा भइसकेका छन्। अन्य विभिन्न जातिका मानिसहरूले आफूहरू बसाइँ सर्दा आफ्ना इष्टदेवका प्रतीक वस्तुलाई सन्दुसमा अथवा झोलामा राखेर साथैमा लगी आफ्नो बासस्थानको नजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेर यथाशक्ति पूजा आराधना गरेका प्रशस्त उदाहरणहरू छन् । दुरा जातिमा पनि यस्तो बलियो प्रमाण छ । त्यो के भने लमजुङमा दुरा जातिले सबैभन्दा पहिले व्यवस्थित बसोबास गरेको ठाउँ तुर्लुङ हो । त्यस गाउँको शिरोभाग तुर्लुङकोटमा परापूर्व कालमा नै नार्खु नाउँ गरेको इष्टदेव स्थापना गरेका थिए । लमजुङमा दुरा जातिको बसोबास जहिलेदेखि सुरु भयो त्यसै बेलादेखि नार्खुको पूजा गर्न थालिएको हो । अहिले पनि तिनको पूजा आराधना आफ्ना विधिविधान अनुसार कायमै छ । दुरा भाषामा शिवजीलाई नार्खु भनिन्छ । नार्खु दुरा जातिका इष्टदेव हुन् ।

आत्रेय गोत्र हुनेहरू अत्रि ऋषिका सन्तान हुन् । श्रीधुम गोत्र हुनेहरू धौम्य ऋषिका सन्तान हुन् । कश्यप गोत्र हुनेहरू कश्यप ऋषिका सन्तान हुन् भन्ने भनाइ पनि जनमानसमा छ ।

अब प्रसङ्ग आउँछ आर्य र अनार्यको । "ऋग्वैदिक कालमा पनि आपसमा परस्पर विरोधी दुई दल थिए...आर्य र अनार्य । यिनीहरूको आपसमा अलग अलग छुट्याउने कुरा छालाको रङ, भाषा र पूजापाठ नै थियो (स्रोत :हाम्रो समाज एक अध्ययन पृ.५८) ।

जनकलाल शर्माको यो भनाइ अनुसार बाक्लो छाला, पहँलो वर्ण (मङ्गोल समूह), आफ्नो मातृ भाषा सहितको, पूजापाठको मात्रा कम भएको अनार्य जाति समूहमा दुरा जाति पर्दछ ।

त्यसैगरी जनजाति उत्थान प्रतिष्ठान कार्यदलले यसरी पुष्ट्याइँ गरेको छः आफ्नो मातृभाषा र परम्परागत रीति रिवाज भएको तर चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्था भित्र नपर्नेहरू जनजाति अन्तर्गत पर्दछन् । (नेपालका आदिवासी जनजातिहरू पृ.३)

यसरी विश्लेषण गरेर हेर्दा दुरा जातिलाई अनार्य वर्गका, मङ्गोल समुदायका जनजातिका रूपमा लिन सकिन्छ । हिन्दू वर्णाश्रम धर्म भन्दा भिन्न, आफ्नै संस्कार, संस्कृति, रहन-सहन र मातृ भाषा भएको जाति दुरा जाति हो । आफ्नो संस्कार, भाषा र संस्कृतिलाई जोगाइराख्नु पर्दछ भन्ने मान्यताका साथ कार्यन्वयन गर्नु उसको दायित्व हो । धर्मका दृष्टिले यो जाति बौद्ध धर्मावलम्वी हो ।

आफ्नो संस्कार, संस्कृति, रहन-सहन र भाषालाई जोगाउन सकियो भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो पहिचान जीवित र सशक्त रहन्छ भन्ने कुरा दुरा जातिले बुझिराख्न जरूरी देखिन्छ। जनसंख्या थोरै हुनु, बसाइँ सरेर विभिन्न जिल्लामा पुग्नु, त्यहाँ पनि ज्यादै कम संख्यामा रहनुका कारण आफ्नो पहिचानलाई यथावत् राख्न नसकेको कुरा पनि अध्ययनले बताएको छ। जनसंख्या तालिका र त्यसको विश्लेषणमा यो कुरा स्पष्ट नै छ। भाषाका दृष्टिले यो जाति धेरै पछाडि परेको छ। बसाइँ सरेर जानेहरूले भाषाको संरक्षण गर्न सकेनन्। मूलथलो नछोडी बस्नेहरूलाई पनि मातृभाषाको बारेमा कुरा गर्दा हम्मे हम्मे परेको छ। मूलथलो नछोड्नेहरूका सामुन्ने पनि भाषिक दुर्घटना हुनै आँटेको छ। त्यसो भयो भने राष्ट्रिय सम्पत्तिको हिनामिना हुने कुरामा दुई मत छैन। किनभने कुनै पनि भाषा राष्ट्रको अमूल्य सम्पत्ति हो।"

शब्दसंयोजन पृ. ५८ प्रकृतिको उपासना गर्नु, प्राकृतिक वस्तुहरूलाई पुज्नु, पितृपूजा गर्नु, एकै ठाउँमा गुचुमुच्च घर बनाएर बस्नु, अन्य जातिका मानिसहरूसँग कम सम्पर्क गर्नु, आफ्नो समुदायमा मिलेर बस्नु, प्रायजसो समूहमा मिलेर पर्म लगाएर काम गर्नु जस्ता व्यवहार आदिबासी दुरा जातिका पहिचानका विषयहरू हुन्। यस जातिका विशेषता भनेका पनि यिनै हुन्। घाटु, सोरठी, कृष्णचरित्र जस्ता संस्कृतिमूलक वस्तुहरूको प्रदर्शन गर्नु पनि दुरा जातिका विशेषताहरू हुन्। त्यसैगरी रिसिडे खाने, खोइ खाने, थासो फ्याँक्ने रोदि बस्ने, दोखालो गर्ने, जस्ता परम्परा पनि यिनीहरूका विशेषताहरू नै हुन्। यी सबै संस्कृति र परम्परा यस जातिका सम्पत्ति हुन्। गुरुङ, मगर, तामाङ जस्ता जातिहरूमा पनि यस्ता प्रचलन पाइन्छन्। यी वस्तुहरूले जनजाति हुन् भन्ने मात्र छुट्याउँछ तर जनजाति भित्रका कुनचाहिँ जाति हुन् त ? संस्कृति र परम्पराले मात्र त्यो कुरा छुट्याउन सकिँदैन। जनजाति भित्रको जाति छुट्याउने मुटु भनेको मातृभाषा हो र मुटुको धड्कन भनेको प्रत्येक मातृभाषीका जिब्रामा मातृभाषा सलबलाउनु हो। तब मात्र भाषा जीवित रहन्छ। अनि बल्ल जनजाति भित्रका जातिहरूको वास्तविक पहिचान हुन्छ।

दुराका पुर्खाहरू तिब्बतबाट धौलागिरी, छेहेरा नदीको आसपास हुँदै, दुल्लु दैलेखमा आएको भेटिन्छ। त्यसपछि पर्वतको दुरानकोटमा बस्न थाले, त्यहाँ सम्म दुलालको रूपमा चिनिएका छन्। पश्चिमबाट पूर्वतर्फ सर्ने क्रममा दुरानकोटबाट लमजुङ आए। त्यसपछिमात्र दुरा भन्ने गरेको पाइन्छ। ठाउँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारमा जातिगत परिचय दिएको पाइन्छ । पछिल्लो समयमा पनि ठूलो स्वाँराको पामाइँबाट तनहुँ, चितवन जस्ता ठाउँमा बसाइँ सरेर गएकालाई पामाली भन्ने गरेको पाइन्छ । करापुबाट आएका धिङ्गाललाई करापुले धिङ्गाल भन्ने गरेको ज्वलन्त उदाहरण पनि छ । त्यसो हुँदा भविष्यमा पामाली दुरा, करापुले धिङ्गाल जस्ता उपथरमा परिणत हुन्छन् कि भन्ने आशङ्का देखिन्छ । त्यसको रोकथाममा सचेतनामूलक कार्यक्रम पनि अगाडि बढाउनु पर्ने देखिन्छ ।

३.१ आगमन

दुराका पुर्खाहरू उनको उद्‌गमस्थल तिब्बतबाट मनाङ र मुस्ताङको बीचमा पर्ने रुद्राभोट हुँदै नेपालमा प्रवेश गरेका थिए । उनीहरू धौलागिरी, छेहेरा नदी, दुल्लु-दैलेख हुँदै पर्वतको दुरानकोटमा आएर बसे । त्यहाँबाट पूर्व सर्दै कास्कीमा बसोबास गर्न थाले । त्यहाँ बसेकै समयमा एक जना दुरा पुर्खाको स्वर्गारोहण भयो । उनका सन्ततिले ती पुर्खाको अन्त्यष्ठि गरे । तिनीहरूले त्यसै ठाउँमा उनै पुर्खाको

उद्धारका लागि अर्घौं (पितृकार्य) गरे । सोही कारणले पछिल्लो समयमा त्यस ठाउँलाई अर्घौं भन्न थालिएको हो । कास्कीबाट मादी नदीको किनार हुँदै उनीहरूले लमजुङ प्रवेश गरेका हुन् । दुराहरूका साथमा रहेको सनदपत्रबाट यही कुरा थाहा लाग्दछ । पछि कसैले सोही ठाउँमा पौवा बनायो । अनि त्यस ठाउँलाई स्थानीय बासिन्दाहरूले अर्घौंपौवा भन्न थाले । अर्घौंपौवाको सेरोफेरोमा अहिले पनि दुराचौर भन्ने ठाउँ त छँदै छ । यसबाट पनि दुराहरूले त्यस ठाउँमा बसोबास गरेका रहेछन् भन्ने कुरा पुष्टि हुन्छ ।

नोटः यो जाति पहिले दुलालको रूपमा भेटिन्छ । जस्तोः दुल्लुदैलेखमा हुँदा एक जना पुर्खा लम्बबाहु दुलाल भन्ने थिए । पश्चिमबाट पूर्वतर्फ सर्ने क्रममा पर्वतमा बसोबास छइञ्जेल यो जाति दुलालको रूपमा भेटिन्छ । पर्वतको दुरानकोटबाट कास्की सर्दा दुराको रूपमा परिचित भएको पाइन्छ । यसरी हेर्दा पर्वतसम्म दुलाल र पर्वतदेखि पूर्व लागेपछि दुरा भन्ने गरेको कुरा पनि उनीहरूका साथमा रहेको सनदपत्रबाट थाहा लाग्दछ । दुरानकोटबाट सर्दा दुरा भएको हुँदा ठाउँको आधारमा जातिगत परिचय दिएको पाइन्छ । पछिल्लो समयमा पनि ठूलोस्वाँराको पामाइँबाट तनहुँ, चितवन जस्ता ठाउँमा बसाइँ सरेर गएका व्यक्तिहरूलाई पामाली भन्ने गरेको पाइन्छ । करापुबाट बसाइँ सरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यत्र गएका दुराहरूलाई करापुले धिङ्गाल भन्ने गरेको ज्वलन्त उदाहरण छ । नास्के गाउँबाट अन्यत्र सरेकालाई नास्केली, खरबारी गाउँबाट अन्यत्र सरेकालाई खरबारे, तुर्लुङबाट अन्यत्र सरेकालाई तुर्लुङे र हाँडीखोलाबाट अन्यत्र सरेर गएकालाई हाँडीखोले भन्ने गरेका उदाहरण पनि छन् । त्यसो हुँदा भविश्यमा पामाली, करापुले, नास्केली, खरबारे, तुर्लुङे र हाँडीखोले जस्ता उपथरमा परिणत भएर तिनै तिनै उपथरले जातिकै रूप लिन्छन् कि भन्ने आशङ्का देखिन्छ । त्यसको रोकथामका लागि सचेतना कार्यक्रम अगाडि बढाउनु पर्ने पनि देखिन्छ ।

३.२ दुरा जातिको आगमन, बासस्थान एवं तथ्याङ्क

नेपाल राज्य भरीमा स्पष्ट खुलाइएका जाति ११७, दलित अन्य, जनजाति अन्य तथा तराई अन्य समेत ३ र नखुलेका अन्य ५ समेत जम्मा १२५ जाति छन् भनेर केन्द्रीय तथ्याङ्क विभागले प्रतिवेदन अघि सारेको छ । ती मध्ये दुरा जाति पनि एक हो । राष्ट्रिय जनगणना २०६८ बमोजिम नेपालमा दुरा जातिको तथ्याङ्क निम्नानुसार छ :

तालिका नं.: १

नेपालमा			जम्मा	महिला		पुरुष	
			५३९४		२९८४		२४१०
शहरिया			१०९२		५७१		५२१
ग्रामिण			४१९२		२४१३		१७७९

यसमा महिला र पुरुष गरी ११०जनाको अभिलेख देखिएको छैन । विभिन्न जिल्लाको तथ्याङ्क निम्नानुसार छ :

तालिका नं.: २

जिल्ला			जम्मा			महिला	पुरुष
सप्तरी			१५			५	१०
ललितपुर			७६			३८	३८
काठमाण्डौं			२१९			१०६	११३
चितवन			५४९			३०३	२४६
लमजुङ			३१५९			१८०५	१३५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तनहुँ			८२२			४४९	३७३
स्याङ्जा			२७			१५	१२
कास्की			३९८			२२०	१७८
रूपन्देही			१५			४	११
डोटी			१४			६	८

अहिले सम्मको दुरा सेवा समाजको प्रतिवेदन तथा दुरा भाषाको वर्ण निर्धारण पुस्तिकामा पनि दुरा जातिको बसोवास भएका जिल्लाहरू निम्नानुसार छन् -

लमजुङ, तनहुँ, कास्की, चितवन, रौतहट, ओखलढुङ्गा, रामेछाप, कैलाली, डोटी, नवलपरासी, काठमाण्डौं र ललितपुर (दुराभाषाको वर्ण निर्धारण-२०६८)। दुरा जातिको बसोबास भएका जिल्लाहरूको संख्या १२ देखिन्छ। राष्ट्रिय जनगणना २०६८ ले रौतहट, कैलाली, रामेछाप, ओखलढुङ्गा चार जिल्लालाई कटौती गरी स्याङ्जा र सप्तरी दुई जिल्लालाई थप गरी १० वटा जिल्लामा दुरा जातिको बसोवास भएको व्यहोरा प्रमाणित गर्‍यो। डोटी जिल्लाबाट कैलाली जिल्लाको धनगढीमा बसाइँ सरी गएका दुई परिवार दुराको अभिलेख भेटिएन। रामेछाप जिल्लाका साबिक गाविसहरू मध्ये कुनै एउटा गाविसलाई दुरागाउँ गा.वि.स भन्दछन् तर त्यो गाविसमा दुरा छैनन्। रामेछाप र ओखलढुङ्गा दुबै जिल्लामा दुरा जातिका मानिसहरूको बसोबास छ तर उनीहरू आफ्नो परिचय दिंदा दुरा मगर भनेर दिने गरेका, कुरा बुझ्ने (श्रोताहरूले) पनि दुरा मगर भनेर बुझेका, दुरा शब्दबाट अलमलिएर पछिल्लो शब्द मगर सँग मात्र परिचित भएर दुरा छोड्ने क्रमशः मगरतर्फ उन्मुख वा विलय हुँदै गएको कुरा जानकारीमा आएको छ (स्रोतः ओमबहादुर गुरुङ, रामेछाप)। निष्कर्षमा भन्नु पर्दा यिनीहरू धेरै ठाउँमा त्यसरी नै विलय भएका छन्।

शहर, गाउँ, पहाड तथा तराईमा हुनेहरूको अभिलेख यस्तो छः

तालिका नं.: ३

शहरमा	१०९२
गाउँमा	४२०२
जम्मा	५३९४
यसमा ११० जनाको अभिलेख छैन।	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहाडमा	४७५९
तराई	६३५

कूल जनसंख्या : ५३९४

विभिन्न अञ्चलको अभिलेख यस्तो छः

तालिका नं.: ४

पुर्वाञ्चलमा	३४
मध्यमाञ्चलमा	८८०
पश्चिमाञ्चलमा	४४४६
मध्यपश्चिमाञ्चल	१७
सुदुरपश्चिमाञ्चल	१७
जम्मा	५३९४

The Indigenous Languages of Nepal (ILN) नामक पुस्तकमा नेपालका ५९ जातिको चिनारी दिइएको छ। तिनमा दुरा जातिलाई पनि सामेल गरिएको छ। तथ्याङ्क दिने क्रममा त्यस पुस्तकमा दुरा जातिको कूल जनसंख्या ५,१६९ देखाइएको छ। तथ्याङ्क फरक प्रकृतिको देखिन्छ। तसर्थ यस जातिको यथार्थ तथ्याङ्क निकाल्ने काम अझै बाँकी छ।

सात प्रदेशको सङ्घीय नेपालमा दुरा जातिको बस्ती निम्नानुसार रहेको छः

तालिका नं. ५

क्र.सं.	प्रदेश नं.	जिल्ला
१	१	ओखलढुङ्गा
२	२	रौतहट
३	३	रामेछाप, चितवन, काठमाडौँ, ललितपुर
४	४	लमजुङ, तनहुँ, कास्की, नवलपरासी
५	७	डोटी, कैलाली

३.३ प्रमुख सामाजिक संस्कारहरू

जन्मदेखिमृत्युसम्मका हरेक रीति-रिवाज, सामाजिक प्रचलनहरूलाई सामाजिक संस्कार भनिन्छ। दुरा समाजमा प्रचलित सामाजिक संस्कारहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्नानुसार छन्- जन्म, छैटी, न्वारान, पास्नी, क्षौर, पुटपुटे, गुन्यूचोलो, विवाह, मृत्यु

३.३.१ जन्म

बच्चा जन्मेपछि उसको नाल काटिन्छ। साल झरेपछि नजिकैको चोखो ठाउँमा लगेर गाडिन्छ। बच्चालाई नुवाइ-धुवाइ गरेर तेल लगाइन्छ। छोरो जन्मे भाले कुखुरो र छोरी भए पोथी कुखुरो काटेर सुत्केरी आमालाई मासु र भात खुवाइन्छ। यति खेर बच्चालाई बाहिर निकालिदैन। न्वारान नगरेसम्म आमालाई छुवाछुत गर्न दिइदैन। मूल, जेष्ठा, अश्लेषा जस्ता नक्षत्रमा बच्चा जन्मेको भए न्वारानको दिन शान्ति गर्ने चलन हुन्छ।

३.३.२ न्वारान

दुरा समाजका बच्चा बच्चीको न्वारान गर्दा ३ दिन, ५ दिन, ७ दिन, ९ दिन र ११ दिन मध्ये जुन कुनै दिनमा पनि कर्म गरेको कुरा स्थलगत अध्ययनले बताएको छ। न्वारानको दिन बच्चालाई बाहिर निकालिन्छ। बच्चालाई बाहिर निकाल्दा छोरो भए धनुकाँड छोरी भए रक्सीको पुङ सहित कुखुराको मासु एक भाग र अर्को भाग भात राखिएको हुन्छ। पातको सोली बनाई त्यसमा अन्य खाने कुरा र एक माना चामल राखी ढुङ्गाको साथी बनाई बच्चालाई नचाउँदै बाहिर निकालिन्छ। अनि क्बच्चालाई नुहाइ धुहाइ गरिन्छ। पुरोहितबाट न्वारान गराई नामकरण गरिन्छ र घरभित्र गहुँत छरिन्छ। न्वारानमा पाठ पूजा, होम आहुती गरी कन्यालाई दक्षिणा दिइन्छ। मूल, जेष्ठा, अश्लेषा जस्ता दोष लाग्ने नक्षत्रमा बच्चा जन्मेको भए त्यसको विधि पुऱ्याई शान्ति गर्ने चलन छ। त्यस्तो भएमा माटाका भुड्काको कलश स्थापना गर्ने, त्यहीं जौ, तिल, गहुँत मिसाउने, काठको हलो, जुवा, गोरु, बनाएर बाँसका चाल्नामा राख्ने चलन छ। कलशको भुड्को पनि चाल्नामै राखिन्छ। धर्म गुरुले मन्त्र पढ्छन्। राहु ग्रहलाई पछाडि या देब्रे पारेर चन्द्रमालाई अगाडि या दाहिने पारेर त्यही कलशको पानी चाल्नाबाट तल झारेर सोही बच्चालाई नुहाइदिने चलन छ। यति कर्म गरिसकेपछि शान्ति हुन्छ भन्ने विश्वास छ। त्यसपछि चाल्नो र कलश बनाइएको भुड्को घरमै राखेर बाँकी सामान लगेर दोबाटोमा फ्याँक्ने चलन छ। सुत्केरीलाई १५ दिनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानी छुन दिने परम्परा छ।

यहाँ महिलाहरू जुटेका हुन्छन्। त्यसपछि एक जना आमा बच्चालाई बोकेर अलि पर जान्छिन्। नजवात शिशु छोरी हो भने आइज नानी ! फर्केर आइज ! ठूली भए पछि तलाई लाहुरेसँग विवाह गरिदिउँला भनी अरूले रमाइलो गर्छन्। छोरो हो भने आइज बाबु, फर्केर आइज ! ठूलो भएपछि तलाई लाहुरे बनाइदिउँला, तेरो विवाह गरिदिउँला भनी ठट्टा मस्करी गर्दै घरमा बोलाउँछन्। त्यस दिन आफ्नो गच्छे अनुसार खसी या कुखुरा काटेर भोज खाने चलन छ। सो कार्यक्रममा त्यस घरका बाहेक गाउँघरका छोरा मान्छे समावेश हुने चलन छैन।

३.३.३ छैटी

बच्चा जन्मेको छैटौं दिनको रातमा भावी आएर बच्चाको निधारमा भाग्य लेख्छ भन्ने विश्वास छ। बच्चा जन्मिदाको साइतमा ल्याएको भाग्यमा निर्भर गराउनका लागि त्यस रातमा जाग्राम बस्ने चलन छ। त्यसलाई छैटी भनिन्छ। छैटौं दिनको रातमा षष्टिकादेवीको पूजा गरिन्छ। अनि नाच, गान, बजान, गर्ने, खसी या कुखुरा काटेर, मासु, भात पकाउने, रोटी पकाउने, मासु, भात, रोटी, रक्सी खाएर रातभर जाग्राम बस्ने चलन छ। छैटीमा आएका निम्तालुहरूले बच्चालाई दीर्घायुको काममा गर्दै आशीर्वाद दिन्छन्। बच्चालाई पनि रातभर जागै राख्ने प्रयास हुन्छ। भोलिपल्ट बिहान नाच गान गर्ने टोलीलाई घरपरिवारले टीका लगाइदिने, थालमा, चामल, फूल यथाशस्य रुपियाँ राखेर विदाइ गर्ने चलन छ।

३.३.४ पास्नी (भात खुवाइ)

अन्य जातिमा झैं दुरा जातिमा पनि छोराको ६ महिना र छोरीको ५ महिनामा भात खुवाइ गरिन्छ। पुरोहितले दिन ठम्याउँछन्। भात खुवाइमा मामली लागयत अन्य इष्टमित्रहरूलाई बोलाइन्छ। पुरोहितबाट निर्धारण गरिएको समयमा शुक्र ग्रहलाई बच्चाको देब्रे या पछाडि र चन्द्रमालाई दाहिने या अगाडि पारेर राख्नु पर्छ। अनि सुन घोटेको चाँदीको डबल (सिक्का) र भद्राईलाई चराको चुच्चाले सुरुमा तीन वटी कन्याले क्रमशः भात खुवाउँछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि आमाबुबा, मामली र बन्धुहरू लगायतका इष्टमित्रहरूले सोही क्रमले बच्चालाई भात खुवाउँछन् । सकभर गाई वर्गको कन्याबाट पहिलो पटक भात खुवाउन लगाउने चलन छ ।

३.३.५ क्षौर कर्म

दुरा जातिको छोराको क्षौर कर्म गर्दा ५ वर्ष, ७ वर्ष या ९ वर्षमा गरिन्छ । मामाबाट क्षौर कर्म हुन्छ । भान्जाका लागि मामाले टोपी र चाँदीका बाला ल्याएको हुन्छ । १ पाथी धान, १ माना चामल, भेटी स्वरूप केही रुपियाँ (यति ल्याउने भन्ने छैन), नैवेद्यका लागि रोटी राखिन्छ ।सबै सामग्री गाईको गोठमा लैजान्छन् । बच्चालाई पनि उहीँ लैजान्छन् । त्यसपछि बत्ती बाल्दछन् । दियो,कलशको पुजा गर्छन् । अनि बच्चालाई गाईको दाम्लाले बाँधेर दुबो र पाती मुखमा चपाएर मामाले कपाल क्षौर गर्छन् (काट्छन्)। त्यसपछि मामाले नै टोपी, बाला र टीका लगाइदिन्छन् । त्यसपछि आफूले ल्याएको रोटी फलफूल र सोही घरमा पकाएको रोटी समेत मामाका हातबाट भान्जालाई खान दिने चलन छ । भान्जाले पनि मामालाई मान्यता राख्ने चलन छ । त्यहाँ टक्र्याइराखेको चीज मामाको हुन्छ ।

गुरुङ समाजमा पनि बच्चाको क्षौर कर्म गर्दन् । छोरो ३,५,७,९ बिजोर वर्षको हुँदा उसको क्षौर गरिन्छ । मामा तथा कुन वर्गको मान्छेसँग जुर्दछ त्यही वर्गको मान्छेलाई बोलाएर आँगनमा गाईवस्तुलाई घाँस दिने जस्तो टाट्नो बनाएर उखु गाडी कपाल काट्ने बालकलाई डोरीले बाँधी मुखमा दुबो राखी कपाल काट्ने चलन छ ।

माथि उल्लेखित संस्कार दुरा जाति र गुरुङ जातिका उस्तै उस्तै हुन् । फरक देखिएका चलन आ-आफ्नै परम्परामा आधारित हुन् ।

३.३.६ पुटपुटे

ज्येष्ठ पुत्र जन्मिएपछि शुभ दिन ठहराई मावलीहरूबाट भानिजको सुस्वास्थ्य, सुख, समृद्धि एवं दीर्घायुका लागि (मारूनी, सोरठी, कृष्णचरित्र आदि) नाचका साथ गीतबाटै आशीर्वाद दिने कार्यक्रमलाई पुटपुटे भनिन्छ । भानिजको घरमा गाईवस्तु, बालीनाली, सुनचाँदी, हिरामोती लगायत सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिजले भरिपूर्ण होस् साथै ईश्वरले सधैँ मनोकांक्षा पूरा गरिदिऊन् र लाख वर्ष आयु होस् भन्ने शुभकामनालाई साङ्केतिक रूपमा प्रस्तुत गर्दछन् ।

दुरा समाजमा जेठा छोराको पुटपुटे झार्ने चलन हुन्छ । छोरो ७ वर्षदेखि १३ वर्षको हुँदा यो कर्म गरिन्छ । मामलीकहाँ नाच लगाएको मौकामा अथवा नाच नभएपनि आग्रह गरेर मामलीलाई पुटपुटे झार्न निम्ता दिइन्छ । निम्तालाई मामलीले स्वीकृत गरेपछि भान्जाको तर्फबाट रोटी, रक्सी र नगद रू.८००।- (समय अनुसार बढ्न पनि सक्ने) का साथ भान्जालाई मामली गाउँमा लगेर पुटपुटे झार्ने कर्म गरिन्छ । यदि मामली कहाँ लगिएन भने मामलीलाई आफ्नै घरमा बोलाइन्छ । मामलीबाट नाचगान गर्ने डफ्फा आउँछ । आफ्ना गाउँले समेत जुट्दछन् । पुटपुटे झार्ने कर्म पनि धर्म गुरुले जुराएर शुभ साइत ठहऱ्याएका दिनमा मात्र हुन्छ । धर्म गुरु पनि सो कार्यक्रममा साथै हुनुपर्छ । धर्म गुरुले कर्म सिकाउँछन् फूल, अक्षता, रुपियाँ, नाङलामा धान र दस्तुर टक्ऱ्याउँछन्, पुटपुटे विधिवत् कर्म गरेको बेला सो कर्म गरिने कुमारका परिवारका सदस्यहरू पंक्तिबद्ध भएर बस्छन् । मामली माली गाउँलेले सबैलाई टीका लगाइदिन्छन् । त्यसदिनको प्रमुख व्यक्ति त्यै कुमारलाई पहिले टीका लगाइन्छिन् । आमालाई पहिले गुरुबाउ र गर्राले टीका दक्षिणा दिने काम गर्छन् । अनि मामली र इष्ट मित्रले क्रमै सँग सो काम गर्छन् । पुटपुटे झार्दा खासगरी सोरठी नाचलाई महत्त्व दिइएको हुन्छ । अन्य स्थानीय नाचगान पनि संलग्न गराइन्छ । पछि मामलीले थाल नचाउँछन् । अनि खाजा खुवाउँछन् । आमालाई मुजेत्रो, बाबुलाई साफा, बच्चालाई टोपी र चाँदीको बालो दिन्छन् । कुमारका मामलीको टोलीबाट रोलक्रम अनुसार धर्मगुरु र मामली पक्षबाट बच्चाको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै साफा, पगरी, नोटका फुल लगाइदिएर आशीर्वाद दिन्छन् । रातभर नाच गान, र वाद्यवादनको काम हुन्छ । सो कर्म गराएवापत मामलीलाई आफ्नै घरमा बोलाइएको अवस्था भएकोले यथाशक्य रुपियाँ दान दिए हुन्छ । खसी, राँगो काटेर ठूलो भोज दिन्छन् । मासु-भात र रक्सी खुवाएर मामलीलाई सम्मान गरिन्छ । पुटपुरे झारेको कुमारको गलामा रक्षासूत्र (धागो) लगाइदिन्छन् ।

गाउँले युवायुवतीहरूबाट पनि उक्त कुमारलाई यथाशक्य रुपियाँ दिने चलन छ । गाउँका गुरुबाउ, रोदिघर आमा, मुखिया, इष्टमित्र सबैले बेग्लाबेग्लै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपले रुपियाँ दिन्छन् । ती सबै रुपियाँ, मामलीले दिएका साफा पगरी समेत सबै कुमारका हुन्छन् । घरतर्फबाट गुरुबाउलाई साफा र नोटका फूल लगाइदिन्छन् नाचगान गर्छन् । अनि मामली विदा हुन्छन् । पछि मामली पक्षबाट खोई (भोज) खाँदा रुपियाँ चढाउने जति भान्जा पक्षका सबैलाई निम्ता गर्छन् । पुटपुटेमा विवाहमा भन्दा पनि ठूलो हाँचो हुन्छ । यो कर्म जेठा छोराको मात्र गरिन्छ अरूको गरिदैन । एकमात्र छोरो भएपनि पुटपुटे झारिन्छ ।

३.३.७ गुन्यु चोली दिने

दुरा जातिमा छोरीलाई ३ देखि ११ वर्ष सम्म विजोर वर्षमा गुन्यू चोलो दिने चलन छ । छोरीको मासिक धर्म सुरु नहुँदै गुन्यु चोलो दिनेभन्ने कुरा पनि यसैमा जोडिएको छ । यस अघि लगाएको कपडा गन्जी, फ्रक जे सुकै भए पनि त्यसलाई परिवर्तन गरी नयाँ गुन्यू, चोलो लगाउन दिइन्छ । यसलाई कर्म चलाउने पनि भनिन्छ ।

३.३.८ विवाह

विवाह संस्कार अनुसार दुरा जातिमा सबैभन्दा पहिले वर्गचक्रलाई आधार मान्ने चलन छ । वर्ग १२ वटा हुन्छन् । ती यस प्रकार छन्– १. मुसा २. गाई ३. बाघ ४. बिरालो ५. गरुड ६. नाग ७. घोडा ८. भेडा ९. बनार १०. चरा ११. कुकुर १२. बनेल । मृग । उमेर गन्दा पनि यसैलाई आधार मान्ने चलन छ । एक वर्गको अवधी एक वर्षकै हुन्छ । यसरी सबै वर्गको एक चक्र पूरा हुन १२ वर्ष लाग्छ । चक्र पूरा भएपछि फेरि दोहोरिन्छ । हरेक वर्ष पुस महिनाको १५ गतेदेखि वर्ग फेरिन्छ । यसलाई ल्होसार भन्छन् । विवाह पूर्व थर गोत्रलाई पनि यस जातिले ख्याल गर्छ । निम्न थर गोत्रको आधारमा वैवाहिक सम्बन्ध कायम गर्ने परम्परा छ ।

क्र.सं.	जाति थर	गोत्र
१.	पाचे	आत्रेय
२.	दोर्दे	कौशिला
३.	ङ्गिल	कौशिला
४.	पुइँ	श्रीधुम
५.	क्याउसा	कश्यप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुरा समाजमा विवाह गर्दा गोत्रलाई होइन थरलाई मान्यता दिइन्छ। जातिगत रूपबाट क्याउसा र पुइँ भाइखलक हुन्। दोर्दे, धिङ्गाल र पाचे भाइखलक हुन्। पुइँ र क्याउसासँग धिङ्गाल दोर्दे र पाचेको एकआपसमा लेनदेन मिल्छ ।

अर्को तर्फबाट हेर्दा दुरा समाजमा तीन किसिमका विवाह संस्कार भएको पाइन्छ। ती हुन् मागी विवाह, चोरी विवाह र प्रेम विवाह। हिजोआज प्रायः चोरी विवाह हुँदैन (दुरा जातिको संस्कृति पृ ९)। छोराको विवाह गर्ने तयारीमा पुग्दा दुई जनालाई कलिया (लमी) बनाएर केटी माग्न पठाइन्छ। केटीका आमा बाबुले छोरी दिन मन्जुर गरेपछि अर्को दिन साइपाटा लगाउन जानुपर्छ। उनै कलिया दुलहाको घरबाट दहीको ठेकी, रक्सी, रोटी र भाले कुखुरो लिएर दुलहीको घरमा जान्छन्। त्यसै दिन विवाहको तिथि मिति किटान गरिन्छ। दुलही पक्षबाट यो यो चीज चाहिन्छ भनी माग गरे अनुसारको सामान ल्याउने सल्लाह हुन्छ।

साइपाटा

विवाह छिन्ने दिनलाई “वाक्दन्त बोल्ने दिन पनि भनिन्छ। वाक्दन्तमा दुलहा पक्षबाट दुलहीकहाँ केही सामग्री लगिन्छ। त्यसलाई साइपाटा (माङ्गलिक द्रव्य) भनिन्छ। त्यो सामग्री यस प्रकारको हुन्छ : दुलहा पक्षबाट ८/१० वटा धाप्रे (ढोसा रोटी) पेरूङ्गामा राखेर ल्याउनु पर्दछ। एउटा नयाँ ठेकी एउटा पोथी कुखुरो जुटाउनु पर्छ। चाँदीको डबल, सालको पात, रायोको साग र सिन्का पनि साथै लैजानु पर्छ।

यति खजना तयार, गरी दुलहीको घरमा जम्मा पारिन्छ। दैलामा गाईको गोबरले पोतेर ठाउँ शुद्ध गरी दीप कलश पूजा गरेर वाक्दन्त बोलिन्छ। केटीका घरको दैलाको भित्रपट्टि केटीको बाबु र बाहिरपट्टि केटाको बाबु बस्छन्। केटाका बाबुले आफूले ल्याएको सामग्री केटीका बाबुलाई दिन्छन्। केटीका बाबुले ती सामग्री आफ्ना हातमा लिन्छन्। केटीको बाबुले केटाको बाबुसँगः मेरी छोरी...तपाईको छोरो...लाई दिएँ, शुभ लग्न ठहऱ्याई लिन आउनुहोला” भनी वाक्दन्त बोलेको हुन्छ। ती सबै सामग्री भित्र लगेर राखिन्छ। ठेकीको दही र पुचाइको रक्सी थोरै थोरै झिकेर फँसोमा चढाउने परम्परा छ। फँसो भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चोखो ठाउँ , पवित्र चौकी, पूजा गर्ने ठाउँ हो ।

मागी विवाह

केटा पक्षबाट दुलही आमाका लागि, भाइका लागि, मावलीका लागि, गाउँको मुखिया, र सियाँका लागि ढोसा रोटी, रक्सी जस्ता सामान लैजाने चलन हुन्छ । ज-जसलाई भनेर लगिएको हुन्छ तिनै तिनैलाई बुझाउनु पर्दछ । अमाखुको जाँड लैजाने चलन पनि कतै कतै भेटिन्छ । दुलहाको घरबाट जन्तीका साथमा ल्याइने जाँडलाई अमाखुको जाँड भनिन्छ । दुलहीलाई गहना, कपडा र श्रृङ्गारका सामान पनि लगिएका हुन्छन् । केटा पक्ष र केटी पक्ष दुबैथरिको सहमतिमा खर्चको आकार मिलाउँछन् ।

दुरा जातिको विवाहमा जगिया लगाइँदैन । आवश्यक सामग्री तयार पारिसकेपछि दुलहा अन्माइन्छ । दुलहाका साथ जन्ती अघि पछि लागेर दुलहीका घरतर्फ जान्छन् । दुलहीको घर नजिकै पुगेर जन्ती उभिन्छन् । घरपट्टिका तर्फबाट त्यहाँ ५ वटा चिराख बालिन्छ । अनि जन्ती पर्सिने काम हुन्छ । सोही ठाउँमा गाईको गोबरले लिप्ने काम गरिन्छ । दुलहालाई त्यही ठाउँमा उभ्याइन्छ । दुलहीको बाबु करुवामा पानी लिएर सोही ठाउँमा तयार भइराखेको हुन्छ । दुलहीको बाबुले पानीको धारो लगाएको हुन्छ । त्यहाँ भानिजले साथ दिन्छ । दुलहीको बाबुले जुवाइँलाई बोकेर भतेर खाने ठाउँतिर ल्याउँछन् । भतेर खुवाउन जन्तीलाई तयार गराइन्छ । भतेर खुवाउने बेलामा दुलहाका बाबुछोरा कलिया, दुलहाको साथी लगायत ४, ५ जनालाई ठूलो, ठूलो टपरीमा खाद्य परिकार टक्र्याउने परम्परा छ । ती बाहेक अरू जन्तीलाई सामान्य टपरीमा भतेर खानदिने चलन छ । दुलहाको बाबुले पानी समातेर अनुमति दिए पछि मात्र जन्तीले भतेर खान्छन् । भतेर खाइसकेपछि जन्ती विश्राम गरेर बसेको बेला घरबेटीले दुलहालाई हुक्कामा तमाखु भरेर ल्याइदिन्छन् । दुलहाले तमाखु खान लागेको मौकामा घरबेटीले आन्द्राको माला लगाई रमाइलो मनाउँछन् । मनोरञ्जनका लागि त्यसो गरिएको हो ।

त्यसपछि दुलहालाई दुलहीका घरभित्र लगिन्छ । दुलहा र दुलहीलाई एकै ठाउँमा राखेर विवाहको कर्म गरिन्छ । भूईँमा केराको पात ओछ्याउने, दुलहाले सात वटा र दुलहीले नौटवटा साना साना भातका भाग लगाउने गर्दछन् । ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येक भागमा अदुवा, माछा, रोटी, दूध, दही र रक्सी नैवेद्यका रूपमा थोरै थोरै राखिन्छ । पितृ जुधाउने, गोत्र पढाउने काम त्यसै बेला हुन्छ । विवाहकै प्रसङ्गमा दुलाहाको बाबुले दुलहा तर्फ फर्केर मेरी...नामकी छोरी तपाईँलाई शिर पाउ धोई सुम्पिएँ, मारे पाप पाले पुण्य हुने गरी दिएँ भनेपछि दुलहाले पनि पाल्छु पाल्छु भन्छ । माथि केराका पातमा लगाइएका भाग मध्ये दुलहाले लगाएको भागमा दुलहीले र दुलहीले लगाएको भागमा दुलहाले पूजा गर्दछन् । अहिलेसम्म दुलहीले माइत तर्फकै कपडा लगाएकी हुन्छे । अब दुलहाले ल्याएका गहना कपडा पहिराइन्छ । त्यसपछि मात्र दुलहाले दुलहीको सिउँधोमा सिँदुर हाल्छ । सिँदुर हाल्दा माइती पक्षले हेर्दैनन् । दुलहाको साथमा पठाउने खजनाको विवरण यस्तो छ–काकाको लागि खसीको अगाडिको दाहिने साप्रो, मामलीका लागि अर्को एउटा साप्रो, ठूलीआमा, मुसीआमालाई करङ । कलियालाई टाउको तयार पारिन्छ । ती बाहेक खसीको साप्रो (रून्चे साप्रो), चामल, ठड्यौरो सबै सामग्री थुन्सेमा राखिन्छ । ती सबै सामान दुलहाका घरतर्फ लगिन्छ । अब दुलहीका माइततर्फ दुलहाले दिनुपर्ने दस्तुरमा : हजुरआमा पर्नेलाई रू: २ का दरले, आमा पर्नेलाई रू.१ का दरले, फुपू ४, दिदी ४, आमाले लिने दस्तुर सोथो रू ६०/- सबै एक मुष्ट गरी ढोगानी भेटानी दिनुपर्दछ । छोराको विवाहमा जुवाइँबाट सासुआमालाई दिने दस्तुरलाई सोथो भनिन्छ । यस्ता दस्तुरका रकम समयानुकूल बढ्दै जान्छन् । उता दुलही भतेर उठाउने काम चलिराखेको हुन्छ । कलियाले पोले फाल्ने काम गर्छ । पोले फाल्ने भनेको भतेरको जुठो हाडखोर, अँगार, खरानी सबै फालेर भान्सा सफा गर्नु हो । सो काम गरे वापत (प्होले फालेवापत) कलियालाई साफा पगरी लगाई धान, चामल, रोटी, रक्सीका साथ माथि उल्लेख गरिएको खसीको टाउको समेत राखेर विदा दिने चलन छ । यति गरिसकेपछि दुलही अन्माइन्छ । छोरी बिदाइ गर्ने सामग्री तयार गरिसकेपछि भान्जाले पेरूङ्गोमा रोटी र रक्सीको बोतल राखी एउटा लामो साठामा झुन्ड्याएर नाच्ने काम गर्दछ । त्यसलाई भार नचाउने भन्दछन् । यति गरिसकेपछि दुलही अन्माउने परम्परा छ । जन्ती दुलही लिएर फर्किन्छन् ।

यता दुलहाका घरमा गाउँ घरका महिला जुटेर रत्यौली खेलिरहेका हुन्छन् । जन्ती दुलही लिएर घर आइपुग्छन् । त्यतिखेर जन्ती पर्सिने काम गरिन्छ । दुलही भित्र्याउँदा ५ या ७ धानका थुप्रामा पिठो राखी बत्ती बालिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुलहाका दिदीबहिनीले दुलहीको बाटो छेक्छन् । दस्तुर बुझाएर प्रवेश गर्नुपर्छ।

घरभित्र दुलहा दुलहीलाई टीका लगाएर दुलहीको मुख हेर्ने, रूपैयाँ दिने महिलाहरूको एकातिर सो काम भइरहन्छ भने अर्कातिर दुलही भित्र्याएपछि छोरामान्छेहरू जुटेर नव दम्पत्तिको भाग्यरेखा हेर्ने परम्परा छ । भाग्यरेखा हेर्दा ढोकामा कुखुरो काटेर आँगनमा फ्याँक्छन् । कुखुराको दाहिने भाग उठ्यो भने दुलहा शक्तिशाली हुने र देब्रे भाग माथि उठेमा दुलही शक्तिशाली हुने कुरा पहिले परीक्षण गर्छन् । कुखुराको बाहिरी शरीरको परीक्षण गरिसकी पेटभित्र कलेजो हेर्दछन् । यसलाई चिङ हेर्ने भनिन्छ । कुखुराको चिङ (कलेजो) तन्दुरुस्त भएमा नव दम्पत्तिको भाग्यरेखा अत्यन्त राम्रो हुन्छ भनिन्छ । कलेजाको टुप्पो लुलो भएर लत्र्यो भने दाहिनेतर्फ लत्रेमा दुलहाको भाग्य कमजोर हुनाले घरवार हुन कठिन हुन्छ भन्ने विश्वास छ । त्यसैगरी देब्रेतर्फ लत्रेको भएमा दुलहीको भाग्य कमजोर हुनाले घरवार हुन कठिन हन्छ भन्ने कुरामा पनि विश्वास राख्छन् । दुलही पोइलाजान सक्ने सम्भावनाको कुरा पनि यसैमा जोडिएको हुन्छ (स्रोत: दुराभाषाको व्याकरणात्मक स्वरूप) ।

विवाहमा बाजा (पञ्चेबाजा) बजाउने कुरा रमाइलाका लागि मात्र भएको हुँदा हुन पनि सक्छ र नहुन पनि सक्छ ।

प्रेम विवाह :

दुरा समाजमा प्रेम विवाहको प्रचलन पनि पाइन्छ । विद्यालयमा पठन पाठन गर्दा, रोदि घरमा हास खेल गर्दा, हाटबजार जाँदा, चाडपर्वमा भेटघाट हुँदा, मेलापात जाँदा एक आपसमा माया प्रीति बसी गरिने विवाह नै प्रेम विवाह हो । यसरी विवाह गर्दा निश्चित ठाउँमा केटाले केटीलाई भेट गरी आफ्नो घरमा ल्याउँछ । त्यस्ती कन्या कुटुम्बकी छोरी हुनुपर्छ । यसमा केटीको पनि पूर्ण रूपले मञ्जुर भएको हुन्छ । त्यो कुरा आमा बाबुले स्वीकार गरी घरमा भित्र्याउँछन् । सो कुरा थाहा पाएपछि गाउँको आमा समूह भेला भएर रत्यौली खेल्ने चलन पनि छ । त्यसपछि अन्य कुनै दिनमा रत्यौली टोली, भाइखलक छरछिमेकी र अन्य इष्टमित्रलाई बोलाएर भोज खुवाउने चलन छ ।

आजकाल जुनसुकै विवाह गरिएको भएपनि दुलही भित्र्याए पछि बिहे घरमा गाउँघरका आमा समूह जुटेर रातभर नाच गान गरी रूपैयाँ सङ्कलन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर कोषमा जम्मा गर्ने परम्पराको विकास भएको छ।

प्रेम विवाहमा टीका थाप्ने संस्कारः दुरा जातिमा प्रेम विवाह र चोरी विवाह (व्यवहार मिल्दो इष्टमित्रबाट केटी चोरेर ल्याई गरिएको विवाह) भएको छ भने दशैँको टीकाको दिन वा अन्य समयमा दुलहाको घरतर्फबाट दुलहीको माइती, मामली, ठूलीआमा, मुसीआमा (सानीआमा)लाई रोटी, रक्सी, बोका, खसी, राँगो लिई मान्न जाने संस्कार पाइन्छ। यसरी जाँदा उनीहरूले पनि कोसेली स्वीकार गरी यथाशक्य दाइजो (गर्धुवा) दिन्छन्।

विवाह नहुने महिना साउन भदौ, असोज, कार्तिक, पुष र चैत्र हुन्। आजकाल चोरी विवाह निस्क्रिया हुँदै गएको छ।

दुरा जातिको विवाहमा देखिएको परम्परा

विवाहमा दुलहीको गोडा धुँदा कुटुम्बले पानी दिनुपर्दछ। उदाहरणः

पुइँकी छोरी दुलही छ भने बाबुले उसका गोडा धुँदा धिङ्गाल कलिया (मामा थरको) ले पानी हालिदिनु पर्दछ। धिङ्गालले गोडा धुँदा पुइँ थरको कलियाले पानी हालिदिनुपर्दछ। अन्य थरमा पनि सोही क्रमले पानी दिने परम्परा छ।

लगनको पात टिप्न जाँदा

विवाहमा लगनको पात टिप्न भनी कुटुम्ब खालका दुई जना कन्या केटी जान्छन्। दुई वटा सालका पोथ्रा जोडेर चन्दन, अक्षता, फूलपाती चढाएर पूजा गर्छन्। भेट्नासमेत लाछेर ७ वटा पात टिप्नु पर्दछ। त्यसलाई लगनको पात भन्दछन्। त्यसपछि अरू धेरै जनाले पात टिप्न मिल्दछ। पात लिएर विवाहघरमा आए पछि त्यस घरका आमाहरूले पातैसमेत उनीहरूलाई अक्षताले पर्सिन्छन्। त्यसपछि मात्र पात घरभित्र लगिन्छ।

सम्बन्ध विच्छेद

विवाह भइसकेपछि केटाकेटीका बीचमा अनमेल भयो भने सम्बन्ध विच्छेद गर्न सकिने चलन पनि छ। केटीबाट छोडपत्र गर्ने चाहना भएमा रू ३००।- र केटाबाट छोडपत्र गर्न चाहेमा रू.५००।- त्यसको औपचारिकता पूरा गर्नु पर्दछ। त्यसमा गाउँका भलाद्मी र दुवै तर्फको प्रतिनिधि जुटाई छोडपत्र (पारपाचुके) गरेको कुरा सार्वजनिक गराइन्छ। त्यसपछि ती दुईजना दाजु र बहिनी सरह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् । एक आपसमा सम्बन्ध केही पनि हुँदैन । आजकाल कानुनी रूपमा परिवर्तन भयो । पारपाचुके नगरिएकी दुलही सम्बन्धित दुलहालाई छोडी अर्कोसँग पोइल गएमा जसले लगेको हो उसले अघिल्लो श्रीमान्‌लाई उसको धनमाल बुझाउनु पर्दछ । अघिल्लो लोग्नेलाई साधु र पछिल्लो लोग्नेलाई जार भन्ने चलन छ (दुरा भाषाको व्याकरणात्मक स्वरूप) । हाल जारी तिर्ने चलन लोप भइसकेको छ । आजकाल केटी पोइल गएर जारीको प्रसङ्ग ल्याउनु भन्दा एक आपसमा केटा र केटी बीच कानुनी रूपमा सम्बन्ध विच्छेदको प्रचलन आएको छ ।

सुझाव : विवाह गर्दा तकडकभडकका साथ धेरै खर्च नगर्दा राम्रो हुने देखिन्छ ।

आर्य संस्कार संगको तुलना

बौद्ध धर्मावलम्वी मङ्गोल समाजको दुरा जाति र हिन्दू धर्मालम्वी आर्य समाजको ब्राह्मण तथा क्षेत्री जातिको बसोवास नजिक नजिक छ । त्यसो हुँदा भाषा, धर्म, संस्कृति, संस्कार रहन सहन जस्ता धेरै कुरामा दुवै समाज एक आपसमा प्रभावित भएको कुरा स्थलगत अध्ययनले बताएको छ । त्यसैगरी धर्म तथा संस्कृतिमा एक आपसमा सहिष्णुताको भावना पनि विकसित भएको छ । यी दुई थरी बीच संस्कारजन्य रूपमा मिल्दा जुल्दा कुराहरू निम्नानुसार छन् :

आर्य, संस्कार संगको तुलना

१. नवजात शिशुलाई न्वारानका दिनमा मात्र घरबाट बाहिर निकाल्नु ।
२. मूल, जेष्ठा, अश्लेषा जस्ता अरिष्ट नक्षत्र परेको दिनमा जन्मेका बालबालिकाको न्वारानका दिन शान्ति गर्नु ।
३. छैटी मनाउनु
४. छोरीको ५ महिनामा र छोराको ६ महिनामा पास्नी (भात खुवाइ) गर्नु
५. मामाबाट क्षौर कर्म गराउनु
६. छोरीलाई गुन्युचोलो एकै प्रक्रियाले दिनु ।
७. विवाहमा छोरीका गोडा धुनु
८. विवाहमा लगनको पात टिपेर ल्याई पर्सेर मात्र घरत्रि लगिनु
९. दुलही भित्र्याउँदा दुलहाका दिदी बहिनीले बाटो छेक्नु ।
१०. दुलही भित्र्याउँदा धानका थुप्रामा पिठो राखी बत्ती बाल्नु ।
११. सिँदुर हाल्ने प्रक्रिया मिल्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.३.८ मृत्यु

दुरा जातिको कुनै व्यक्तिको मृत्यु भएपछि पहिले धर्मगुरु (लामा) बोलाएर ल्याउनु पर्दछ । उनैको निर्देशनमा निम्नानुसारको सामग्री तयार गर्नु पर्दछ । १०८ पालामा बत्ती राखिएको हुनुपर्दछ । पाला लहरैसंग मिलाएर राखिएको हुन्छ । पालाका आडमा एउटा कलश राखिएको हुन्छ । कलशको मुखमा फूल राखिएकोहुन्छ । कलशको आडमा मेन्डल । राखिन्छ । मेन्डल भनेको भगवान् बुद्धको प्रतीक हो । तिनै सामग्रीको नजिकै गिलासको चामल माथि धातुको साधनमा फुर्वा (ध्वजा) राखिन्छ । त्यो ध्वजा पाँच रङ्गको हुन्छ । त्यसलाई शान्तिको प्रतीक मानिन्छ । अर्को शब्दमा त्यसलाई धत्तर पनि भनिन्छ ।

माथि उल्लेखित पाँच रङको ध्वजाको सबैभन्दा तल पहेलो रङ हुन्छ । सो भूमण्डलको प्रतीक हो । त्यो भन्दा माथि हरियो रङ हुन्छ । त्यो जलमण्डलको प्रतीक हो । माझमा रातो रङ हुन्छ । त्यो सौर्यमण्डलको प्रतीक हो । त्यो भन्दा माथि सेतो रङ हुन्छ । त्यसलाई वायु मण्डलको प्रतीक मानिन्छ । सबैभन्दा माथि निलो रङ हुन्छ । त्यसलाई आकास मण्डलको प्रतीक मानिन्छ । यसरी संसारको संरचना, प्राणीको संरचना भएका चीज पञ्चतत्त्व (पृथ्वी, जल, तेज, वायु र आकास) को प्रतीक रूपमा पाँच रङको ध्वजालाई मान्यता दिइएको शास्त्रीय प्रमाण छ । यस ध्वजालाई "लुङ्दो" भनिन्छ । घरमा लुङ्दो राख्नु पनि शान्तिको आराधना गरिएको हो । दुरा जातिका प्रत्येक घरमा एक एक वटा लुङ्दो खडा गरिएको हुन्छ । त्यसरी लुङदो राखिदिने काम शास्त्रीय विधि अनुसार लामाले नै गर्दछन् । नयाँ वर्षको उपलक्ष (वर्ग फेरिएपछि) मा लुङ्गो फेर्ने परम्परा छ । यसबाट घरपरिवारमा सुख शान्ति मिल्छ भन्ने विश्वास लिइन्छ । हरेक वर्ष पुस १५ देखि नयाँ वर्ष सुरु हुन्छ ।

फुर्वाको आडमा निम्न सामग्री हुन्छन् धुइपे-कचौराको चामलमा सिन्के धुप गाडेको

पुष्पे : कचौरामा राखेको फूल
आत्र्याम: कचौरामा राखेको पानी (खाने पानी)
पेदम् : कचौरामा राखेको पानी (मुख धुने पानी)
पुष्पे : फूल
धुइपे : धुप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आलोगे : बत्ती

गब्दे : दिनको भोजनमा पानी

नैवेदः नैवेद (फलफूल)

स्याब्द : बाजागाजा (शंङ्ख)

माथि उल्लेख गरिएका विभिन्न सामग्रीहरू मध्ये कतिपय सामग्री दोहोरिएका छन् । धुपले वातावरण स्वच्छ बनाउँछ । फूलले सौन्दर्य बढाउँछ । पेदम् भनेको मुख धुनका लागि राखिदिएको पानी हो । आत्र्याम भनेको पिउने पानी हो । आलोगे बत्ती दोहोरिएको छैन । दिन रात सधैं उज्यालका लागि राखिएको हो । गब्दे भनेको दिनको भोजनका लागि राखिएको पानी हो । नैवेद्य (फलफूल) खानका लागि र स्याब्द (शङ्ख) बजाउनका लागि राखिएका सामान हुन् । मृतकलाई स्वच्छ शान्त र सुन्दर वातावरणमा बस्न मिलोस्, साथै फलफूल र जलले खानपिनको आवश्यका पूरा होओस् भनी यी सामग्री राखिएका हुन् । सामग्री दोहोरिनु भनेको दिनको समय र रातको समयमा आवश्यकता अनुसार खानपिनको व्यवस्था मिलाइएको हुन्छ । त्यस्ता दुई किसिमका सामग्री राख्नाको आसय एकथरी घरतर्फको र अर्को थरी मामली या छोरीबेटी तर्फको भन्ने पनि छ ।

दुई ठाउँमा बुद्धको प्रतीक राख्नुको आशय प्रेतात्मा बुद्धमा गएर मिलोस् भनेको हो । मृतकले बुद्धत्व प्राप्त गरोस् भनेको हो । बौद्ध धर्म अनुसार गौतम बुद्धका विभिन्न अवतार हुन्छन् भन्ने विश्वास छ । माथि उल्लेखित भगवान् बुद्धका दुई मूर्ति मध्ये पहिलोलाई मेन्डल मानिएको छ । त्यो एउटा बुद्धको प्रतीक हो । त्यसै गरी दोस्रोलाई फुक्वाच्याक्रेसी भनिएको छ । त्यो भनेको भगवान् बुद्धको अर्को अवतार हो । पहिलो स्थानको बुद्धको प्रतीकलाई फुक्वाच्याक्रेसी भन्न मिल्दैन । त्यसैगरी दोस्रोस्थानको फुक्वाच्याक्रेसीलाई मेन्डल भन्न मिल्दैन । यो कुरा बौद्ध धर्मको शास्त्रीय मान्यता हो । धर्मगुरुहरूले पनि यसै कुराको वकालत गर्दछन् । (स्रोत : दोर्दे दुरा, धर्मगुरु) माडी, चितवन ।

माथि उल्लेखित सामग्री सजाइसकेपछि लामाले न्ङर्सी (गजो) र द्याङ्ग्रो पनि नजिकै राख्छन् । यति बेलासम्म मृतकको लास त्यसै ठाउँमा हुन्छ । माथिका सामग्रीको विधिवत् आराधमा गरी लास उठाउने तयारी गरिन्छ । दुरा जातिको बाबुआमा जो कोहीको देहावसान भएको बेला छोरीको, जुवाइँ र मावलीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिवार्य रूपमा उपस्थिति हुनुपर्दछ । आफ्ना छोरी तथा मामली नभए दाजु भाइका छोरी तथा मामलीलाई अनिवार्य उपस्थित गराउनु पर्दछ । ती दुवै थरीको मान्यता एकै हुन्छ । लासलाई मसानघाट (च्यान्डाडामा) लैजाने विधि निम्नानुसार छ ।

छिकुटा बाँधेको बाँसको घारामा गोडा घरतर्फ फर्काई हिमाल देखिने गरी लास लैजाने चलन हुन्छ । एक जना छोरो मान्छे अघि अघि हिंड्छ । उसको साथमा एक हातमा आँसी हुन्छ । अर्को हातमा टुप्पातर्फ कपडा बेरेको एउटा बाँसको लिङ्गो हुन्छ । त्यो सेतो कपडा ३ मिटर लामो हुन्छ । त्यसलाई आला भनिन्छ । आलालाई मृतकको प्रतीक भनिन्छ । त्यसपछि एक हातमा तेल राखिएको चरेसको थाल र अर्को हातमा ऐना लिएर एउटी छोरी हिंड्छिन् । अरू छोरीहरूले बाटो हिंड्दा बीच बीचमा लावा र पैसा छर्दै गर्छन् । ३ मिटर लामो सेतो कपडालाई डोरीको माध्यमबाट मृतक राखिएको खटमा जोडिएको हुन्छ । ५ जना छोरीबेटी एक एक वटा बाँसका लिङ्गा हातमा लिएर त्यो सेतो लुगा सहित लासको अघि अघि हिंड्छन् । त्यसपछि लास बोक्ने छोरा मान्छे छोराहरू हिंड्छन् । अरू अरू मलामी पनि क्रमशः पछि पछि हिंड्छन् । शङ्ख, घण्ट, झ्याली र ढ्याङ्ग्रो बजाउँदै जान्छन् । घाटमा लास राखेपछि लामाको निर्देशन अनुसार छोरीबेटीले मृतकलाई तेल लगाइदिन्छन् ।

लामाको पहिरन

मृतकको अन्त्यष्टिमा जाँदा धर्मगुरु (लामा) को विशेष खालको पहिरन हुन्छ । पहिरनको नमुना निम्नानुसारको हुन्छ : पहेँलो गन्जी, रातो, लुङ्गी, रातो घुम्टो, जुत्ता चप्पल लगाएको हुन्छ । अघि पछि सहज अवस्थामा त्यस्तो पहिरन हुँदैन । मलामी लास लिएर च्यानडाँडामा पुग्छन् । अन्त्यष्टि कर्म गर्नुभन्दा अगाडि छोरीहरूले अघि चरेसको थालमा ल्याएको तेल मृतकको शरीरमा लगाइदिन्छन् । त्यसलाई कारास गर्ने भनिन्छ तेल लगाइसकेपछि मृतकको अनुहार देखिने गरी ऐना देखाइदिन्छन् । ऐनामा मृतकको अनुहार देखिएपछि त्यो कर्म पूरा हुन्छ । स्वर्ग जाँदा सिँगार, पटार, गराएर पठाइएको हो भन्ने परम्परागत विश्वास छ । माइत ससुरालीबाट मृतकको नाउँमा गोडामा प्यूरी दिने कर्म पनि यो समाजमा उत्तीकै महत्त्वपूर्ण छ । घरतर्फको १ माना चामल र बत्ती बालेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिरानमा राखी माटो, खरानी, आगो जेसुकै परेको भए पनि त्यसको मर्यादा राखी आजकाल कुनै निश्चित ठाउँमा लास जलाउने चलन छ । अस्तु चाहिँ सुरक्षा साथ राखिन्छ । लामाको साथमा एउटा किताब हुन्छ । त्यसमा लास फ्याँक्ने विधि र अर्घौं गर्ने विधि गरी दुई खण्ड हुन्छन् । पहिलो दिन अन्त्यष्टि कर्म गर्दा लामाले एक खण्ड पढ्दछन् । अन्त्यष्टि कर्म सकेर उनीहरू फिर्ता हुन्छन् । दुरा जातिमा लामा र घ्याब्रे गरी दुई प्रकारका धर्म गुरु हुन्छन् । पितृ कार्यमा कुनै एउटा विधिमा लागू हुने गरी प्रयोग गरिन्छ । घ्याब्रेले काटमार गर्दछन् भने लामाले काटमार गर्दैनन् । घ्याब्रेले पनि आजकल काटमार गर्न छोड्दैछन् । घ्याब्रेले किताब प्रयोग नगरी मुखैले काम गर्छन् । लामाको विधि अनुसार किताब पढेर लास उठाउने अन्त्यष्टि सकेर फर्किने काम हुन्छ काटमार हुँदैन । रङले सजाइएको लुङ्दो राखिएको हुन्छ । अर्को मण्डपमा तयार गरिएका सामग्रीको नमुना निम्नानुसार छ –

माथि उल्लेखित सामग्रीको देब्रेतर्फ एउटा ध्वजा हुन्छ । लिङ्गमा राखिएको सेतो कपडा ३ मिटर लामो हुन्छ । त्यसलाई आला भनिन्छ । आलालाई मृतकको प्रतीक मानिन्छ । रोटी, थैली र बासा सँगै जुटाएर पेरूङ्गाको टुप्पामा राखिएको हुन्छ । घाटमा लगेको चाहिँ होइन नयाँ आला बनाइएको हुन्छ । त्यसको दाहिनेतर्फ (माथिल्लो पङ्क्तिमा धत्तर, बुद्धको प्रतीक र फुर्बा राखिएको हुन्छ । यी तीन चीजलाई यहाँ क्रमशः ब्रह्मा, विष्णु र महेश्वरको प्रतीक मानिएको हुन्छ । बीचमा कलश स्थापना गरिन्छ ।

तल्लो पङ्क्तिको माझमा सबैभन्दा ठूलो र अग्लो मूर्ति हुन्छ । त्यो मेन्डल (भूमि) हो । मेन्डल भनेको पृथ्वीको प्रतीक हो । मेन्डलको दायाँ बाँया (दुवैतर्फ) विभिन्न सामग्रीहरू राखिएका हुन्छन् । तिनको विवरण यस्तो छ – यस धर्तीबाट छुट्कारा लिएको मृतक प्रेतको रूपमा आलामा छ । उसलाई पिउन भनी एउटा भाडाँमा पानी राखिएको छ । सौन्दर्यका लागि अर्को भाडाँमा फूल राखिएको छ । बास्ना लिनका लागि धूप राखिएको छ । धूप सल्काइएको छ । उज्यालाका लागि पानसमा बत्ती बालिएको छ । शोभाको लागि कलश भरी पानी राखिएको छ । खाना खानका लागि फलफूलको प्रसाद राखिएको छ । मानोरञ्जनका लागि बाजा राखिएको छ । बेला मौकामा बाजा बजाइन्छ । दिनको लागि एक कित्तामा र रातको लागि एक कित्तामा गरी दुवैतर्फ ती सामग्री राखिएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिहान बेलुकाको लागि भन्दा पनि मिल्छ ।

मूल पण्डित(लामा) बस्ने र अरू पण्डितहरू बस्ने आसन पनि छुट्याइएको हुन्छ । अर्घौं गरिन्जेल बजाउने ढ्याङ्ग्रो पनि त्यँही राखिन्छ । विभिन्न किसिमका बाजा बजाइन्छ । ती मध्ये झ्याली, सहना, शङ्ख, घण्ट काङ्ली (एकोहारो बजाउने बाजा) रतुम (नरसिंगा जस्तो) बाजा थुन्दर (ढमरू) बजाइन्छन् । मूलरूपमा छोरो क्रिया बस्नुपर्दछ । क्रियापुत्रीले चोखो खाएर अलगै बसेर क्रिया गर्ने चलन छ । अर्घौं पनि सँगै गर्दा काम एकैचोटि सकिन्छ ।

अर्घौंमा तोर्मा बाट्ने चलन पनि हुन्छ । तोर्मा भनेको भगवान् बुद्धको प्रतीक हो । व्यावहारिक जीवनमा आइपर्ने कुराहरू त्यहाँ राखिएका हुन्छन् ।

९ जनाले किताब पढेका हुन्छन् । ९ वेद सरहको पाठ पढिएको हुन्छ । उही पाठ्य सामग्री ९ जनाले पढ्दा कहीँ कसैले पढेको अशुद्ध भयो भने या कसैले पढ्दा छुट्यो भने पनि समुच्च रूपमा पढिएको हुँदा पाठ परिपूर्ति भयो भन्ने विश्वास लिइएको हुन्छ । अर्घौंमा बाजाका विभिन्न ताल हुन्छन् । आवश्यकता अनुसार शान्तिको ताल र क्रान्तिको ताल प्रयोगमा ल्याइन्छ । शान्ति र क्रान्तिका प्रतीकहरू पनि मनुष्य जीवनका व्यवहार सँग मिल्दाजुल्दा हुन्छन् । तीन दिन लगाएर अर्घौं गरिन्छ । राती दिनै पढ्ने काम निरन्तर भइरहन्छ । बाजा बजाउने काम पनि निरन्तर भइरहन्छ । अर्घौंको कर्म गरिसकेपछि अस्तु सेलाउने काम आउँछ । यसको मूल मन्त्र भनेको राम यम खम हो । अर्थ क्रमशः आगो, हावा, पानी हो । आगोले खाएपछि (जलाए पछि) हावाले लान्छ । अब बाँकी रहेको खरानी पानीले बगाएर लान्छ । टाढाबाट लास ल्याउन नसकेको खण्डमा अस्तुलाई पोलेर खरानी ल्याइन्छ । त्यसलाई लासको प्रतीक मानेर अन्य काम गरिन्छ । त्यसलाई बाँसको ढुङ्ग्रामा राखेर डिकुरोमा पनि प्रयोग गरिन्छ । नजिकै भएमा अस्तु माटोमा दबाउने चलन पनि हुन्छ । अर्घौं थालेको मितिले तीन दिनमा समाप्त गरिन्छ । अर्घौं समाप्त हुँदाका दिनमा डोकाको बाहिर पट्टि कपडा मोहोरलास र भित्र पट्टि मान्छे बसेर सोही डोको ओडेर नाच्ने चलन छ । त्यसलाई डिकुरो नचाउने भनिन्छ । यसबाट मनोरञ्जन हुन्छ । माथिको फोटाको आधारमा दुरा समाजमा धेरै मृतकहरूको सामुहिक रूपमा अन्त्यष्टी र अर्घौं गर्न मिल्दछ भन्ने कुरा प्रमाणित हुन्छ ।

मरेको ४ दिन या १३ दिन पछि ४५ दिन भित्र अर्घौं गरिने खास पुरानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधि हो । मान्छे मरेपछि अन्त्यष्टिको लगत्तै अर्घौं थाल्ने चलन पनि छ । आजकाल चार दिन पछि अर्घौं गर्ने चलन ल्याइएको छ । छोराहरू च्यान्डाँडाबाट नै कपाल खौरेर आएका हुन्छन् । चोखो खाएर कोराभित्र नै बस्छन् । कोराभित्र बस्ने भनेको क्रिया गर्न बस्ने व्यक्ति अरू कुनै मानिस या जीवजन्तुसँग छुवाछुत नगरी एकान्त एवं सुरक्षित कोठामा बस्ने भनेको हो । अर्घौं समाप्त भएपछि मात्र तिनीहरू शुद्ध हुन्छन् र बाहिर निस्कन्छन् । त्यसपछिमात्र छुवाछुत खुल्दछ । अर्घौं गर्दाको खजना, जुवाइँ, मामली, छोरीबेटी, कर्ता, धन्दा गर्ने तरिका, अर्घौंको विधि तथा सामग्री दुरा समाज र गुरुङ समाजमा एकै किसिमको हुन्छ । आगनको डिल मुन्तिर एउटा बाँसको मुड्को गाडिएको हुन्छ । त्यसमा सातवटा आँख्ला हुन्छन् । प्रेतात्माको रूप लिएको मृतक पुछारको आँख्ला देखि क्रमशः माथि चढ्दै स्वर्ग पुग्छ भन्ने विश्वास लिइन्छ । यस्तो कर्म गर्दा घ्याब्रेले किताव पढ्दैनन् । उनको मौखिक विद्या हुन्छ । आधा वेद मुखैले पढ्छन् भने आधाका लागि किताब पढ्छन् ।

३.४ सामाजिक पर्वहरू

समाजमा विभिन्न समयमा गरिने सामाजिक क्रियाकलापहरूलाई सामाजिक पर्वहरू भनिन्छ । ती पर्वहरू परम्परामा आधारित हुन्छन् । यसमा दुरा जातिले पनि हिन्दु सनातन धर्ममा आधारित पर्वहरूलाई आधार मान्ने गरेको पाइन्छ । बैशाखपूर्णिमाका दिन नयाँ वर्ष मनाउने, साउने सङ्क्रान्तिका दिन लुतो फाल्ने (अगुल्टो फाल्ने), कृष्ण जन्माष्टमी, तीज, दशैँ, तिहार आदि पर्वहरू मान्ने गर्छन् । पुसे पन्ध्रमा खाजा खाने, माघे सङ्क्रान्तिको अवसरमा तरूल खाने, फागुपूर्णिमाका दिन फागु खेल्ने, शिवरात्रिका दिन शिवको पूजाआराधना गर्ने, चैतेदशैँ मान्ने जस्ता अन्य पर्वहरूलाई पनि महत्त्व दिएको पाइन्छ । यस्ता सामाजिक पर्वहरू हिन्दु सनातन धर्मभित्र मिल्ने भएका हुँदा यस शीर्षकलाई विस्तृत वर्णन यहाँ गरिएको छैन ।

३.५ लोकगाथा

संस्कृति भनेको जीवनशैली हो । आफ्नो परिवार, आफ्ना इष्टमित्र सँग र आफ्नो समाजमा चलिआएको चलनचल्तीका व्यवहारलाई नै संस्कृति भनिन्छ । संस्कृति विना मानिसको अस्तित्स्व रहँदैन । संस्कृतिले व्यक्तिलाई, जातिलाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजलाई र राष्ट्रलाई नै चिनाउने काम गर्दछ। हरेक जातिका आआफ्ना संस्कृति हुन्छन्। संस्कृतिकै आडमा कुनैपनि जातिले प्रतिष्ठा पाउँछ। यस अध्ययनमा दुरा जातिका संस्कृतिलाई चिनाउने प्रयास गरिएको छ। संस्कृति लोकगाथामा अडिएको हुन्छ। लोक या जनधरातलले आफ्नो ठाउँलाई चिनाउँदै, त्यहाँको परिवेशलाई उजागर गर्दै, आफ्नै परम्परा र संस्कृति झल्काउँदै गाउने गाथालाई लोकगाथा भन्छि। लोकगाथा भन्नु र लोकगीत भन्नु एउटै हो।

३.५.१ घाटु

घाटु ना (भो.ब) कुमारी युवतीहरूले मन्त्रसहितको गीत गाएर अङ्ग विन्यासका साथ नाचिने पुराना कथामा आधारित गुरुङ जातिको लोक नृत्य (नेपाली बृहत् शब्दकोश (पृ.३७३)।

नेपाली बृहत् शब्दकोशले पुष्ट्याइँ गरे झैँ गरी मन्त्र पढेर अङ्ग प्रत्याङ्ग विन्यास गरेर पुराना कथाका आधारमा गीत गाएर, वाद्यवादनका साथ नचाइने नाच घाटु हो। यो नाच बैशाख पूर्णिमा भन्दा अगाडि (१५ दिन अगाडि देखि) नचाइन्छ। गुरुङ समाज, दुरा समाज र मगर समाजमा यो नाच नचाइन्छ। घाटुनाच यी सबै जातिको साँझा संस्कृति हो।

घाटु नाच नचाउनु पूर्व रजस्वला नभएका आकर्षक अनुहार भएका २ जना किसोरीलाई छनौट गरिन्छ। नाचको आसपासको समयमा चोखो नितो गरी बस्नु पर्ने कुरा पनि सिकाइन्छ। ती दुई नानीहरू मध्ये एउटालाई परशुराम राजा पासैरामा र अर्कीलाई अम्बावती रानीको प्रतीक मानिन्छ। राजा र रानीका प्रतीकका रूपमा नाच्ने पात्रहरू कुटुम्ब हुनुपर्दछ। उनीहरू मूल नायक नायिका एकै किसिमको केटीको भेषमा देखिन्छन्। चोलो र बुट्टेफरिया लगाउँछन्। घाँटीको आडमा दुबैतर्फ सोली राखेका सुनको नौ गेडेको हार गलामा लगाउँछन्। तलसम्म लत्रिएको टलकदार पोतेको झुत्तो पनि गलैमा लगाउँछन्। कानमा ठूला ठूला सुन र ढुँग्री लगाउँछन्। सिन्कामा उनिएको फूल र लाबा सजाइएका कागजका मुकुट शिरमा लगाउँछन्। अगाडिपट्टि अलिकति फुर्को छोडेर निलो या पहेँलो पटुका कम्मरमा बाद्छन्। त्यहाँ जुटेको समाजले गुरुबाउ तथा गुरुआमालाई पगरी (साफा) गुथाएर सम्मान गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क. सतीघाटु

दुरा समाजमा बढी प्रचलित सतीघाटु भएको हुँदा यस अध्ययनमा सतीघाटुलाई विशेष महत्त्व दिएर चर्चा गरिन्छ । सुरुमा दुई कन्यालाई माथि उल्लेख गरिएको विवरण अनुसार सिँगारेर लिपपोत गरेको चोखो ठाउँमा गुन्द्री बिछ्याएर त्यहीँ माथि तिनलाई बसालिन्छ । गुरुबाउहरूले गीत गाउँछन् । गीतको बोल अनुसार तिनीहरू काम्ने पाठ आउँछ । गीतको बोल यस्तो हुन्छ :

हिमैचुली देवता आएला हा... रे आजुको दिनमा अफनाए गुरुज्यूले डाकी बोलायो हा...रे जोरेको कन्याको आँगै चढी आऊ हा (तीन पटक) । हिमैचुली देवाता हा...रे बरैचुली देवता...आफनाए थानैमा बस्यला ...मायारो पीरती बाँचौला हा... (प्रत्येक चरणमा तीन तीन पटक गाउने) । देवचुली, वरचुली भनेर पुकारेको चाहिँ महादेव र पार्बतीलाई आह्वान गरिएको हो । माथिका गीत गाथाको आधारमा सुरुमा काली गाईको गोबर र सात जमुना (सात समुद्र) को जलले लिपेर जमिन चोख्याउने प्रसङ्ग आउँछ । आफ्ना गुरुले बोलाएको हुँदा हिमचुलीदेखि बरचुलीका सम्मका देवतालाई यसै ठाउँमा आउन आह्वान् गरिन्छ । यसमा हिमालय पर्वतदेखि महाभारत श्रृङ्खला/चुरे पर्वत लगायतका देवदेवीलाई निमन्त्रण गरेको हो भन्ने अर्थ बुझिन्छ । गाईको गोबर र समुद्रको जलले लिपेको ठाउँलाई देवली (देवालय प्रतिक) मनिएको छ । माया प्रीति लाउने, नाच्ने प्रसङ्ग पनि त्यहीँ जोडिएको हुन्छ । आँगन पुजेर ब्रह्मानीलाई ल्याऊ भनी मैयालाई अह्राएको छ भने चोखो पानी र चोखै अक्षताले धरती मातालाई पूजा गर्न बहिनीलाई अह्राइएको छ । माथिको विवरण अनुसार घाटु नचाउने निश्चित ठाउँ लिपपोत गरिसकेपछि धरतीमाता, चन्द्र,सूर्य र चन्डी देवीलाई नमस्कार गर्ने चरण आउँछ । सुरुमा आँगन लिप्ने गीत (ढिलो) गाउँछन् । गीतको बोल यस्तो हुन्छ -

> लिप ओ रे हा... काली गाईको गोबरले लिपैला हा (हा रे सातौ जमुनाको पानीले लिपैला हा ... (तीन पटक), अर्को तीन पटक अर्को तीन पटक ।
>
> हिमैचुली देवता आएला हा...रे आजुको दिनमा अफनाए गुरुज्यूले डाकी बोलायो हा...रे जोरेको कन्याको आँगै चढी आऊ हा (तीन पटक)
>
> बरैचुली देवता आएला हा रे आजुको दिनमा आफनाए गुरुज्यूले डाकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोलायो हा...रे जोरेको कन्याको आँगै चढी आऊ हा... (तीन पटक)
हिमैचुली देवाता हा...रे बरैचुली देवता... आफनाए थानैमा बस्यला...मायारो पीरती बाँचौला हा...(प्रत्येक चरणमा तीन तीन पटक गाउने)

(हिमचुली देवता, वरचुली देवता भनेर महादेव र पार्वतीलाई संवोधन गरिएको हो भन्ने कथन छ। हिमचुलीको ठाउँमा देवचुली पनि हुन सक्छ।)

उठी नाचला देवलीमै नाचला देवली मै हिउँकालै जागौं मैया खेलैला जुहारी देऊ (तीन पटक)
दोस्रो चरणमा आँगन पूजागर्ने (छिटो गाउने)
(अरू तीन तीन पटक)
चोखोरो अक्षता चोखोरा पानी लिऊ बहिनु हा रे धरतीको मातालाई पुजैला हा रे चोखेरो पानील पुजैला हा रे धरतीको मातालाई पुजैला (तीन पटक)
तेस्रो चरणमा जुहार्ने (ढोग गर्ने)
धरतीको मातालाई जुहारी देऊ हा धरतीको मातालाई जुहारिदेऊ चन्द्रमय सुरुज्यूलाई हा...चन्द्रमय सुरकज्यूलाई जुहारी देऊ (दुई पटक)
गिरियारो मातालाई...(दुई पटक)
चन्दीरो मातालाई ...(दुई पटक)
यसरी गीत गाउँदै गएपछि तिनीहरू काम्छन्।

त्यसरी काम्ने भनेको तिनका आङमा सरस्वती चढ्ने हो। पहिले जुन काम्छ त्यसलाई राजा र पछि काम्नेलाई रानीको प्रतीक मान्ने चलन छ। यदाकदा रमिता हेर्ने मध्येबाट पनि कुनै कन्या नाच्न सक्छिन् त्यसो भयो भने एक राजा र दुई रानी भएर घाटु नाच्ने पनि हुनसक्छ। घाटुको कथावस्तु अनुसार राजाको घर अयोध्या हो भने रानीको घर जनकपुर हो। अयोध्याबाट जनकपुरमा केटी हेर्न आउँछन्। केटी राम्री लाग्छ र माग्ने प्रसङ्ग चल्दछ। दक्षिण दिशाको गर्ग जैसीलाई विवाहको लगन हेर्न लगाइन्छ। विवाहको लगन मंसिर महिनाको १२ गते विहीवारको दिन निस्कन्छ। ती दुई बीच विवाह गरिन्छ। विवाह पश्चात् केही समय राम्रोसँग व्यवहार चल्दछ।

त्यसपछि लडाइँको प्रसङ्ग आउँछ। यसमा राम लक्ष्मण धनुष र अहेरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(शिकारी) कुकुर लिएर साइता हेरी पाइता सारी जङ्गल जान्छन्। सामारी, काउले, ककनी, खजुरीको लेक जान्छन्। हिमचुलीको काँठमा कस्तूरी मृग खोज्छन्। खजुरी लेकको काँठमा धनुषको ताँदो सेप्न लगाइन्छ। यसमा गायन र वाद्यवादन ढिलो हुन्छ। अनि राम लक्षुमन दाजुभाइ भएर तित्तरी, मलेवा, लुकुना, हरिण र कस्तूरीका बगाललाई छेक भन्दै छिटो छिटो गाइन्छ। वारिडाँडा, पारिडाँडा गर्दै अहिरा खेल्दा राम लक्षमन धेरै थाक्छन्। उनीहरू तिर्खाउँछन्। गङ्गाको पानी पिउने प्रसङ्ग आउँछ। त्यसपछि गण्डकी नदी तथा जमुना नदीको तीरतीर सुनले बाँधेको श्रीखण्डको बाँसुरी बजाऊ भैया भन्ने गीत गाइन्छ। त्यसपछि गण्डकीको निरतीर जाल हानेर माछा मार्छन्। रामज्यूको फूलबारीमा सुनौलो मृग देखिन्छ। रामज्यूले धनुकाँडले ताकेर त्यस मृगलाई हान्छन्। मृगको एउटा खुट्टो भाँचिन्छ। तीन खुट्टा टेकेर मृग भाग्छ। कानखुरले गैंडुधारा दिएर पूजा गर भैया भन्ने प्रसङ्गको गीत छिटो छिटो गाइन्छ। राजाबाट उनीहरूलाई घोडा बकस मिल्छ। कलकत्ताको मैदान, मधेसको मैदान, दिल्ली शहरको मैदान पर्वतको मैदान विभिन्न ठाउँमा लक्ष्मनले घोडा धपाउने प्रसङ्ग आउँछ। घोडालाई पछ्यौरी बाँध्ने, झिरिनाय सुतरी (खिरिलो डोरी) ले लक्षमणले घोडा बाँध्ने प्रसङ्ग आउँछ। वारि पिपल पारि पिपल पिपलको छाँया डाली नुगाएर घोडाको बछेटालाई दुबो, दाना देऊ भन्ने कुरा छिटो छिटो भनिने गीतको बोलमा आउँछ। यसपछि पासैरामा राजा र अम्बवती रानी बीच त्रिपासा खेल्ने प्रसङ्ग आउँछ। सुनका त्रिपासा हुन्छन्। राजा रानी त्रिपासा खेल्छन्। पहिले राजाले दश बीस रूपैंया, घोडा र सुनको औंठी जित्छन्। ती चीज रानीले हार्छिन्। त्रिपासा खेल्दै जाँदा पछि दश बीस रूपैंया, घोडा सुनको औंठी खटिया, शिरको पगरी र साततले घर समेत राजाले हार्ने र रानीले जित्ने हुन्छ। यसमा ढिलो गीत गाइन्छ। माथिका सबै चीज हारेर राजा विदेशिएको घटना क्रम ढिलो ढिलो गीतको लयमा गाइन्छ क्रमशः दुई, तीन भन्दै दशै महिना दशै मासे..." भनेर ढिलो गाएर दशै महिनासम्म पुऱ्याइन्छ। असारैला भनेको गर्भिणी हो। अनि बालकृष्णको जन्म हुन्छ। ठूलो हर्क बढाइँ हुन्छ। राजा रानीलाई दश बीस रुपिँया, घोडा र औंठी दक्षिना दिइएको कुरा जनाएर छिटो छिटो गीत गाइन्छ। त्यसपछि भोजनको कुरा आउँछ। तित्तरी, मलेवा, लुकुना, हरिण तथा कस्तूरीको मासु खाने प्रसङ्गको गीत ढिलो ढिलो गाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाहुना बोलाउने प्रसङ्गमा बाबै, आमै, फुपू मामा आउने पालुङ्गिया खटियामा सतरङ्गी गुँदरीमा बस्ने कुरा गीतिलयमा ढिलो गाइन्छ। चोखो पानी लिन लगाएर बाबै, आमै, फुपै र मामैलाई भोजन खान दिने प्रसङ्ग आउँछ। भोजन गरिसकेपछि चोखो पानीले मुख कुल्ला गरी चोखै सिन्काले दाँत कोट्याउने र चोखो दतिवनले चोख्याउने कुरा गीतको लयमा ढिलो गाइन्छ।

अब लडाइँको प्रसङ्ग आउँछ। पासैरामा ढाल छातीमा भिरेर खुँडा हातमा लिएर बाबु, आमा, फुपू, मामा सबैलाई एक एक जदौ गरी लडाइँमा जाने अनुमती माग्दछन्। उनीहरूबाट आफनाय जमुधारा जोगाई लेउ अरिकाको जमुधारा नही बरू लेऊ हा" भन्ने सन्देश पाउँछन्। जोर पगरी माथमा गुथेर, रातो पटुका कम्मरमा बाँधेर साइता हेरेर पाइता सारेर पासैरामा राजा रण संग्राममा होमिन्छन्। लडाइँमा जाने साइत माघ १५ गते शनिवार निकालिएको छ। नरसिहं राजा र पासैरामा राजाका बीच दिल्ली शहर मैदानमा ठूलो युद्ध भयो। पासैरामा राजा गेंडै पर्‍यो हा...। यस्तो गीत गाइन्छ पासैरामा राजा लडाइँमा परेको खबर बाहिर आयो। पहिले काली कौवाले खबर ल्यायो। बाबु आमा, फूपू, मामा, गाउँको मुखिया लगायतले त्यो खबर सुने। मुखियालाई निधो गरिदेऊ भन्ने प्रसङ्ग आउँछ। गाउँको पारूपाते नाउँको कटुवालले निधो ल्याउँछ। सरिसुगाले समाचार ल्याउँछ। लडाइँमा परेको कुरा निधो हुन्छ। अब अम्ववती रानी सती जाने प्रसङ्ग आउँछ। सुनकलस्य झारीमा गंगाजल राखेर स्नान गराइन्छ। रानी सती जाने बेलामा भल भल रूदै भन्दै गरेर यसरी कामको व्यवहार चलाउने कुरा ल्याउँछिन् राजाले पालेको अहेरी कुकुर रोएमा मासु भात दिई बुझाउँला। मुसा मार्ने बिरालो रोए दूध र भात दिई बुझाउँला। सरीसुगा रोयो भने झिनुवाका चामल दिई बुझाउँला। ब्रह्मचारी बाहुन रोएमा पालुङ्गिया खटिया दिई बुझाउँला। मण्डली जोगी रोएमा मण्डला दिई बुझाउँला। बालकृष्ण पुत्र रोयो भने वरकी फरकी हियाराको दूध दिई बुझाउँला। भन्दै बच्चाको प्रसङ्गलाई बढी जोड दिइएको छ। आफू सती जाने भएपछि बच्चा आमाको जिम्मा लगाउँछिन्। त्यो प्रसङ्गको गीत यस्तो छ –

"भातै भोकाउँदा भातै ख्वाइदेऊ हा...पानी तिर्खाउँदा पानी ख्वाइदेऊ छोडें आमै ज्यू हा...रे तमुराय आश्रमैमा छोडें आमैज्यू हा...रे तमुराय आश्रमैमा छोडें आमैज्यू हा...।" रानी अम्ववती हिंड्न लाग्दा छोरो रोएर फरियाको डिमै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समातेको प्रसङ्ग ल्याइन्छ । मारे पाप पाले पुण्य आमैज्यू । तपाईको आश्रममा बालक छोडेँ भन्ने विरहका गीत गुन्जिन्छन् । त्यसपछि आमाले, बाबुले, फुपूले मामाले दिएका सुनरूपी खिचरी रानीमा अम्बवती गृयाको दान भनेर गीत गाइन्छ । अनि दरस्यानी दरजीलाई बोलाई पासैरामा राजाको साथ अम्ववती रानी सती गइन् बिपिमरो र सिपिमरो बजाइदेऊ भन्ने गीत गुन्जिन्छन् । सती जाँदा बजाइने बाजा बिपिमरो र सिपिमरो रहेछन् भन्ने कुराको यसबाट जानकारी मिल्दछ । सेती काली नदीको नाउँ लिएर गण्डकी क्षेत्रलाई केन्द्रविन्दु बनाइएको कुरा गीतगाथाबाट बुझिन्छ ।

राजा पासैरामा मरिसकेपछि अम्ववती घरबाट निस्केर घाटमा आइपुगेगी हुन्छिन् । अब चिता तयार गर्ने प्रसङ्गका दुखदायी गीत रन्किन थाल्छन् । यति खेरको गीतको भनाइ र बाद्यवादन ढिलो हुन्छ । गीतको बोल " बालीकाठको काठै काटी खब्बुवा गढाऊ हा रे बालैकृष्ण पुत्र मेरो खम्लुवा गढाऊ हा रे बालैकृष्ण पुत्र मेरो खम्बुवा गढाऊ । " आमालमाई सोलामा चढाउनका लागि सामग्री जुटाउन छोरो बालकृष्णलाई अह्राएको कुरा गीतमा पाइन्छ । कालीकाठ, कुमारीकाठ नरिकाठ र श्रीखण्डको काठ काटी खम्बा बनाउने सोलाङ्गीको काठले सोला पँजाउने अर्थात् सोला बनाउने, ज्योतिसरा मोतिसरा, पात पिताम्बरको ध्वजा चिरी चँदुवा टाङ्ने प्रसङ्गका गीत गाइन्छन् ।

रानीमा अम्ववती दूध छायाँ हेर हा...रे पासैरामा पापी राजा नही देखा हा...पासैरामा पापी राजा झलक्कै देख्यो हा...रे पासैरामा पापी राजा मुसुक्कै हाँस्यो हो ।" यति भएपछि रानी अम्ववती सतित्वको परीक्षामा सफल हुन्छिन् । गाईको गोबरको कुण्ड बनाएर त्यसमा गाईको दूध राखेर हेर्न लगाइन्छ । यस प्रसङ्गमा सती नारीले मात्र आफ्ना पतिदेवको छायाँ देख्न सक्छन् भन्ने विश्वास लिइएको छ । ज्योतीसरा, मोतीसरा नेतीको ध्वजा चिरेर विरपट बाँध्ने श्रीखण्डको चन्दनले सोला (चिता) को पूजा गर्ने, चारै सुर, चारै कुनाको पूजा गर्ने, र पासैरामा र अम्बवतीलाई सोलामा चढाउने दुखदायी गीत गाइन्छन् । अनि अम्ववती रानीले यसरी आदेश दिएको गीत गुन्जिन्छ "पासैरामा अम्ववती सोलाचढाऊ हा...रे अम्ववति सोला चढाउ, हा रे बालैकृष्ण पुत्र मेरो सोला चढाऊ हा ।" रानी सोला चढिसकेकी हुन्छिन् । अनि छोरालाई उनैको आदेश भएका रूपमा गीत गाइन्छ" बालैकृष्ण पुत्र मेरो दाहिने ब्रत लेऊ...दाहिने ब्रत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी गरी अग्यानी जलाऊ ।" छोराले तीन पटक दाहिने व्रत गरेर चितामा आगो सल्काएको प्रसङ्ग आउँछ । चारै सुर, चारै कुना आगो लगाइन्छ । आगोले पहिले चदुवा, ध्वजा टिप्छ । एकातिर राजा रानीको लास जल्न थाल्छ । अर्कातिर गायक कलाकारहरू" धरिमाको दुवारा अघारिदेऊ पापको दुवारा लाइदेऊ" भनेर गीत गाउँछन् । चैतन्यरूपी आत्मा जीव तत्त्व उडेर गयो । अज्ञानी मूढो जलेर खाक भयो, भष्म भयो । त्यो अगाँर गंगाजलले बगाएर काशी पुऱ्यायो । त्यो प्रसङ्ग घाटुनाचको सबै भन्दा उत्कर्ष हो । यति खेर घाटुसारे (घाटुनाच नाच्ने) भूइँमा ढुलुमुलु परेका हुन्छन् ।

अब घाटुसारेहरूलाई जगाउने प्रसङ्ग आउँछ । गिदाङ्गेहरूले गीतको बोल र बाजाको तालमा ती नानीहरूलाई जगाउनु पर्दछ । यो पनि एउटा संवेदनशील अवस्था र चुनौतीको विषय हो । यदि तिनीहलाई जगाउन सकिएन भने एकातिर नर्तकी घाटुसारेको मृत्यु हुनु अर्कातिर गिदाङ्गेहरू असफल हुनु त्यस्तो अवस्था सिर्जिन्छ । सती नारीले गाईका दूधको कुन्डमा आफ्ना पतिदेवको अनुहार देख्न सक्नु र सोलामा जलाइएको प्रतीकका रूपमा रहेका घाटु सारेलाई गिदाङ्गेले जगाउनु दुबै सबल पक्ष हुन्, सफल पक्ष हुन् । नत्र दुबै दुर्वल पक्ष हुन् । असफल पक्ष हुन् । घाटुसारेहरूलाई जगाउने मन्त्र यस्तो छः मरनु त भयो राजै मरङ्गीको देश जनिमः त लियौ राजै पुतलीको भेष (३ पटक) उँभै ढल्यो सेती चमर उँधै ढल्यो काली चमर जगाइदेऊ हा...रे ज्योतिसरा मोतीसरा जगाइदेऊ । उँभै ढल्यो काली चमर...। उभैं ढल्यो सेती चमर...।" यसरी बाजाको तालमा गीत गाइन्छ । अनि घाटुसारे नानीहरू क्रमशः गीत र बाजाको तालमा शरीरका अङ्ग चलाउँदै विस्तारै उठ्छन् । गुरुबाउ, गुरुआमालाई सुरुमा मान सम्मान नगर्दा विघ्न बाधा उत्पत्ति हुन्छ भन्ने परम्परा पनि छ । गुरुबाउ र गुरुआमाको सम्मान गरेर मात्र घाटु थालनी गर्दा निर्बिघ्नताका साथ सम्पन्न हुन्छ भन्ने विश्वास पनि छ । घाटुको थालनीमा गुरुबाउ गुरुआमाको जति महत्त्व झल्काइँन्छ घाटुको अन्त्यमा घाटु सारेलाई जगाउँदा गुरुबाउको उत्तीकै परीक्षणको घडी हुन्छ । घाटुनाचको उत्कर्ष यहीं आएर टुँगिन्छ ।

अन्तिम चरणमा विदावादीको गीत आउँछ । गीतको बोल साली धानको अक्षता माली गाईको दही सुवर्णको थाल हा...रे गामैखेरे मुखियाले टीका लगाइदेऊ हा...रे छ्यै महिना वरिषा दिन हाँस्यो, खेल्यो मुखियाज्यू विदावादी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देऊ यस गीतलाई ६ पटक सम्म बाजाको तालमा गाइन्छ। चोखो पानी, चोखै अक्षता र फूलपाती यतिञ्जेल घाटुसारे नाचेको ठाउँमा घाटुसारेलाई नै पूजा गर्न लगाइन्छ। यसलाई थला पूजा भनिन्छ। घाटुको थालनी गर्दा जुन ठाउँमा जसरी पूजा गरिएको थियो त्यसै ठाउँमा नाच नचाएर अन्तिम दिनमा पनि उही क्रमले पूजा गर्न लगाइन्छ। यी दुई पूजा सुरुको पूजा र विसर्जनको पूजा हुन्। त्यसपछि "चण्डी जाने" प्रसङ्ग आउँछ –चण्डी – ना .(सं) ? दुर्गा, देवी – ने .बृ. शब्दकोश पृ. ३९१) गाउँबाट अलिकति पर ढुङ्गामाटाको प्रयोग गरी एउटा ढिस्को बनाइएको हुन्छ। त्यसलाई चण्डीको प्रतीक मानिन्छ। नाचको अवधिभर घाटुसारेको आङमा चण्डीदेवी चढ्दछिन् भन्ने विश्वास लिइएको हुन्छ। चैत्र वैशाखको चर्को घामले पोल्यो हामीलाई छहारी बनाइदिने माइती हुन् भन्ने प्रसङ्गको गीत गाइन्छ। पूर्णिमाको जूनको प्रसङ्ग आउँछ। वैशाख शुल्क पूर्णिमाको अवसरमा शुभ साइत पारेर घाटु सेलाउने काम हुन्छ। घाटु नाचको सुरु देखि अन्त्य सम्म प्रयोगमा ल्याइएका ढकिया, काँगियो, बाँसुरी, त्रिपासा, घोडा, लौरी, धूप ध्वजा आदि सबै सामग्री चण्डीलाई चढाइन्छ। चण्डीमातालाई चढाइन्छ। चण्डीको परिसरमा पनि गान बजान चल्दछ। हिमचुली बरचुलीका देवतालाई बोलाइन्छ। जोर कन्याको आङमा चढी आऊ भनी आह्वान् गरिन्छ। गुरुको माध्यमबाट देवता बोलाइएको हुन्छ। देवता आएर आफ्ना थानमा बस अब माया प्रीति छुटाइदेऊ भनी गीत गाइन्छ। ६ महिना वर्ष दिन हाँस्यो खेल्यो, आजको दिनमा माया प्रीति छुटाइदेऊ भनी यसै भनाइलाई धेरै पटक गीति लयमा गाइन्छ।

यतिबेला चण्डीस्थान परिसरमा कुसुण्डा नाच देखाइन्छ। कुसुन्डाको वास्तविक सक्कल देखाइन्छ। जङ्गलका झारपात, रूखका बोक्रा, लहरा शरीरमा लगाएर अनौठो पहिरनमा मान्छे देखिन्छन्। झुत्रा, थोत्रा कपडा पहिरिएर नक्कली घोडा चढेर एक जना छोरो मान्छे नाच्छ। त्यस्तै झल्लरी कपडा लगाएर महिलाको भेषमा अर्को एक जना छोरो मान्छे नै नाच्दछ। हास्य व्यङ्ग्यात्मक गीत, नाच र क्रियाकलाप प्रस्तुत गरिन्छ। यसलाई जोगी नचाउने पनि भनिन्छ। अब चण्डीबाट फर्किने प्रसङ्ग आउँछ। यतिखेर गाइने गीतको बोल अर्कै हुन्छ। "हिंड्दा र डुल्दा पाली पै पुग्यो हा...हो फरकी हेरन रामपुर हाइरिमै जोवन।" वसन्तपुरको लिङ्गे पिङ दोहोरो मच्चाउँला भन्ने प्रसङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउँछ । त्यस्तै गीतको बोल दुखीको छोरा छोरी धनी घरमा पुग्यो पुऱ्याउने कोसेली खाजीमै पुऱ्याउने कोसेली । खट्टे खाँदा दाँत दुख्यो रोटी पकाउने, काटेको कर्कलो, फाटेको पेरूङ्गो मामालाई कोसेली, मामालाई कोसेली, मामाले दिएको दुइहाते पछ्यौरी ठोका बजारौ झल्काउँला भनी हास्य व्यङ्ग्य खालका गीत गाएर रमाइलो गर्दै फर्किने परम्परा छ । सती घाटुको कथामा सतीलाई जलाइएको ठाउँ मर्स्याङ्गदी नदी र चेपे खोलाको दोभान मुन्तिर पालुङटारको नजिकै हो । सोही समयदेखि त्यस घाटलाई सतीघाट भनिएको हो ।

नोटः माथि उल्लेखित पासैरामा राजा र अम्बावती रानी भनेका पात्रहरू कालु शाहका छोरा .प्रताप शाहका श्रीमान् श्रीमती हुन् भन्ने विश्वास गरिएको छ । पासैरामालाई प्रताप शाहको प्रतीक मानिएको छ भने अम्बावतीलाई पासैरामाकी रानी को प्रतीक मानिएको छ । लडाइँमा त्यही सेरोफेरोमा राजा मारिएका र रानी सती गएर राजारानीको अन्त्यष्टिी गरिएको घाट भएको हुनाले त्यस घाटलाई सतीघाट भनिएको रहेछ । रानी सती गएको घाट भएर नै सतीघाट भएको कुरा त जनजिब्रोबाट नै बुझिन्छ । त्यो ठाउँ लमजङ, तनहुँ र गोरखा तीन जिल्लाको सङ्गम चेपेघाट भन्दा थोरै तल पर्दछ ।

सती घाटु नचाउँदाको समयमा आवश्यक पर्ने सामग्रीहरू

१) बेसार र अक्षेता २. फूल ३. वीरपाट (मुढे पात्रो) ४. वीरपट बाँध्ने धागो ५. गाईको गोबर ६. लावा र यसलाई फूलसँग मिसाएर सिन्कामा उन्ने काम गरिन्छ) ७. बेसार र सिँदुर (घाटुसारेलाई सिगार्नका लागि) ८. चोखो –प्रयोग नगरिएको) गुन्द्री अथवा मान्द्रो –बस्ने प्रयोजनका लागि ९. घाटुसारेलाई पहिऱ्याउने गरगहना १०. ढकिया (२ वटा) ११. काँगियो (२ वटा) १२. त्रिपासा (३ वटा) १३. धनुष २ वटा १४. मृगको सपेटा (१ वटा) प्रतीकात्मक १५. घोडा (१ वटा) १६. कटारी (२ वटा) १७. अमलतान (२ वटा) ।

घाटुनाचको समापनका साथ यी सबै सामग्री चण्डी स्थानमा चढाइन्छ (स्रोत सतीघाटु) ।

घाटु सेलाउँदा टीकाको किसिमः

१.छोरीबेटीले कर्तालाई रातो टीका र फूल लगाइदिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.कर्ताले छोरीबेटीलाई दही र अक्षता लगाइदिने ।

३. मावलीले कर्तालाई श्रीखण्ड र रक्तचन्दनको टीका लगाइदिने ।

कुसुन्डा नचाउँदा गाइने गीतको एक झलकः

वनै बस्ने,वनै खेल्ने, वनै खाने वनै राजा आफै कुसुन्डा ।
रसमा रस पिंजरै रस छेखो भैमा हिमैचुली ।
सुन हो रे आफै कुसुन्डा /... ... ...।

(स्रोतः बुद्धिमान दुरा/धम्पु)

सुझाव : १ राम लक्ष्मणले सिकार खेल्दा मृगको एउटा खुट्टो खसेको तीन खुट्टा टेकेर जङ्गल गएको कुरा गीति कथामा उल्लेख छ तर राजालाई सिकार चढाउँदा एक काँधमा धनुष र अर्को काँधमा सिकार लिएर राम लक्ष्मण दरबार आए भन्ने कुरा उल्लेख भएको छ। मृग मारेकै देखाउनु पर्ने ।

२. कान र खुरले गैडुधारा दिएको कुरा गीति कथामा उल्लेख छ तर तीन खुट्टाले भागेको मृगको एउटा खुट्टाको खुर त छ तर कान लिन त मृग मार्नै पर्छ । यसमा पनि मृग मारेकै देखाउनु पर्ने छ ।

३. वीरपट (मुढेपात्रो) घाटुनाचको सामग्रीको रूपमा राखिएको छ तर प्रयोगमा ल्याइएको कुरा देखाइएको छैन । साइत हेरी पाइतो सार्दा वीरपटलाई फुकाएर हेरेको पाठ हुनुपर्ने देखिन्छ ।

४. मूल पुरुष पात्र पासैराम छ, शिकार खेल्ने राम लक्षुमन छन्, कुन राजालाई शिकार चढाइएको हो खुलाइएको छैन ।

आर्य संस्कृतिको हिन्दू धर्मालम्वीहरू सँगको चालचलन, परम्परा र संस्कृति सँगको तुलना :

१. गाईको गोबर र गङ्गाजललाई पवित्र मान्नु ।
२. शुभकार्य, पूजा आजा गर्ने ठाउँ गाईको गोबरले लिपेर चोखो गर्नु ।
३. चन्दन, अक्षता र फूललाई पूजा सामग्रीको रूपमा प्रयोग गर्नु ।
४. जन्ती पर्सिदा दही अक्षताको महत्त्व दिनु ।
५. सिंदुर परेको सिँउदो -कपाल) जेठाजुलाई देखाउन हुन्न भन्ने मान्यता रहनु ।
६. राम, लक्ष्मण पात्र, धनुष हतियार, शिकारी कुकुर र मृगको शिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिल्दाजुल्दा कुरा हुनु ।

७. परशुराम राजा पौराणिक पात्र हुन् भने नरसिंह चाहिँ भगवान् विष्णुको चौथो अवतार पौराणिक पात्र नै हुन् । ती पात्र देखाउनु ।
८. सती प्रथा, सोलाको पूजा, परिक्रमा र चितामा आगो लगाउनु ।
९. सेती, काली गण्डकीको महिमा गाइनु ।
१०. त्यस्तो कुण्डमा हेर्दा सती नारीले आफ्ना पति देवको अनुहार देख्नु ।
११. लास जलाएर खाक बनाई गङ्गाजीमा बगाई काशीमा पठाउनु ।
१२. चण्डीदेवीको महिमा हुनु ।
१३. साइत हेर्न मुढे पात्रो सामग्रीको रूपमा राखिनु ।
१४. २०५१ सालमा स्थापना गरिएको दुरा सेवा समाज नामक एउटा संस्था छ । त्यसले दुरा जातिको भाषा, संस्कृति र परम्परालाई जोगाउने काम गर्दै आएको छ ।

ख. बाह्रमासे घाटुः

बाह्रमासे घाटु रमाइलाका लागि जहिले पनि नचाउन सकिन्छ । पासैरामा राजा र अम्बावती रानीको गीत गाथा प्रस्तुत गरेको भेटिन्छ ।

गीतको नमुना यस्तो छः

जाग हा...हे...यमवती रानी जाग हा...हे...परशुराम राजा जागैला ।
सीता रानी फूलै रानी, गोलाइँचीको फूल फुलीमरहू ।

बाऱ्हमासे घाटुमा पासैराम राजाले लडाइँ जितेर फर्केको घटनालाई गीतको माध्यमबाट प्रस्तुत गरिन्छ । यसरी मूलपात्रहरू राजा रानी मिलन भएको देखाइन्छ । सामान्य नाच गान हुन्छ । गाउँघरमा कोही अतिथिहरू आउँदा उनको स्वागत सत्कारका लागि पनि यो नाच नचाइन्छ । मनो रञ्जनका लागि पनि यो नाच नचाउन सकिन्छ । पात्रहरू सतीघाटुकै सक्कलमा राखिन्छ तर मुकुट लगाइँदैन । प्रतियोगितात्मक संस्कृतिको प्रस्तुति प्रदर्शन गर्दा पनि यो नाच नचाइन्छ । ठूला ठूला उत्सव तथा महोत्सवमा पनि यो नाच नचाइन्छ । अनि यसमा चण्डी जगाउने गीत गाइँदैन ।

यसको अलगै गीत पनि हुँदैन, सतीघाटुका गीतमध्येबाट बीच बीचबाट गीत थुतेर गाइन्छ । त्यो बाहेक अन्य गीतहू पनि गाइन्छ । मनोरञ्जनका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रमाइला गीतहरू पनि गाइन्छ। यसरी दुरा समाजमा घाटु दुई प्रकारका हुन्छन्।

सतीघाटु र बाह्रमासे घाटुमा फरकः

१. सतीघाटुमा देउराली जगाउनु पर्दछ तर बाह्रमासेघाटुमा पर्दैन।
२. सतीघाटुमा आवश्यक सामग्रीका रूपमा बिरपट ल्याउनु पर्दछ तर बाह्रमासेघाटुमा पर्दैन।
३. सतीघाटुमा गर्राभाइको नाउँमा घान हाल्दै लाभा भुट्दै गर्नु पर्दछ तर बाह्रमासेघाटुमा पर्दैन।
४. सतीघाटुमा मुडेपात्राको पाना काटेर मुकुट बनाउनु पर्दछ तर बाह्रमासेघाटुमा पर्दैन।
५. सतीघाटुमा नाचगानको आखिरीमा सती जगाउने गीत गाउनु पर्दछ तर बाह्रमासेघाटुमा पर्दैन।
६. सतीघाटुमा राजा युद्धमा मारिन्छन् र रानी सती जान्छिन् तर बाह्रमासे घाटुमा राजाले युद्ध जितेर हर्ष र उल्लासका साथ सबै जना फर्कन्छन् रानी सती जान्नन्।
७. सतीघाटु वियागोन्त हुन्छ भने बाऱ्हमासेघाटु संयोगान्त हुन्छ।
८. सतीघाटुमा वैशाखपूर्णिमाको भोलिपल्ट अर्थात् घाटु सेलाउँदाका दिन जोगीनाच नचाइन्छ तर बाऱ्हमासे घाटुमा त्यसो गरिदैन।
९. सतीघाटु नचाउँदा प्रयोगमा ल्याइएका हतियारहरू जम्मा गरेर पूर्णिमाको दिनमा ती सबै हतियारहरूको पूजा गरिन्छ तर बाऱ्हमासेमा त्यसो गरिदैन।
१०. बाऱ्हमासेघाटुमा कुसुन्डा नाच नचाइन्छ तर सतीघाटुमा नचाइँदैन।
११. बाऱ्हमासेघाटुमा टुक्राटुक्री गीत गाइन्छ तर सतीघाटुमा गाइँदैन।
१२. सतीघाटुका गीत गाउँदा डाँडि डाँडि (खण्ड खण्ड) मा "हा...रे... भनिन्छ भने बाऱ्हमासेघाटुमा हा...हो/हा...हे... भनिन्छ। यसरी गीतको तालको आधारमा सतीघाटु र बाऱ्हमासेघाटु छुट्याउन सकिन्छ।
१३. सतीघाटुमा घाटुसारेले आँखा चिम्लेका हुन्छन् तर बाऱ्हमासे घाटुमा आँखा चिम्लदैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४. सतीघाटुमा देउता जगाउने गीत गाइन्छ भने बाऱ्हमासेमा त्यस्तो गीत गाइँदैन ।

१५ सतीघाटुमा त्यसैको मात्र गीतगाथा पूरै गाइन्छ भने बाऱ्हमासे घाटुमा बीच बीचबाट थुतेर गीत गाइन्छ ।

१६. सतीघाटुमा राजारानीले मुकुट लगाएका हुन्छन् तर बाऱ्हमासेघाटुमा मुकुट लगाएका हुँदैनन् ।

बाह्रमासेघाटु र सतीघाटुमा मिल्दा कुराहरू

१. अक्षेतापाती चारै दिशा र आकासपातालतिर पनि छरिन्छ । देवीदेउराली तथा आँगनको समेत पूजा गरिन्छ । जमिन लिपेर मान्द्रो बिछ्याइन्छ । कलश थापेर थालमा अक्षेतापाती राखी पूजा गरिन्छ ।

२. मूलकथा र त्यसको गीत एउटै हुन्छ ।

३. पात्रहरू उनै हुन्छन् ।

४. श्रीखण्ड घोट्ने गीत दुबैमा गाइन्छ ।

५. फट्के भाका र लस्केभाका दुबैमा गाइन्छ ।

नोट : यहाँ फट्केभाका भन्नाले छिटो छिटो गाइने र लस्केभाका भन्नाले ढिलो ढिलो गाइने तरिकालाई सम्भनु पर्दछ । उही एउटा गीतलाई छिटो र ढिलो गाउँदाको शैलीलाई फट्केभाका र लस्केभाका भन्ने गरिएको हो ।

नोटः यहाँ गीतिलयमा पासैरामा भनिन्छ भनेर लेखिएको छ तर वास्तवमा घाटुका नायक पात्र राजाको नाउँ परशुराम हो भने नायिका पात्र रानीको नाउँ अम्बावती हो ।

३.५.२ सोरठी

नेपाली बृहत शब्दकोशले दिएको अर्थ बमोजम सोरठी–ना. (सं. सौराष्ट्रि) गुरुङ, मगर, सार्की आदि जातिमा प्रचलित गीति नाट्यको एक भेद –पृ. १३७८) । दुरा समाजमा प्रचलित सोरठी गीत ज्यादै जनप्रिय छ । गाउँठाउँमा राम–रमिता हुँदा, कुनै संघ संस्थाको उत्सव मनाउँदा, गाउँमा कुनै ठूला ठूला मानिस आउँदा स्वागत सत्कार गर्दा, आफ्नो गाउँ ठाउँबाट प्रतिनिधित्व हुने गरी रमाइलो मनाउँदा तथा प्रतियोगितामा सहभागी हुँदा पनि आफ्नो जातिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिचान दिनु पर्दा यस जातिले सोरठी नाच देखाउँछ, नचाउँछ। त्यसैगरी पुटपुटे झार्दा सोरठी नाच नचाइन्छ। नाचको साथमा गीत गाउने र मादल बजाउने चलन हुन्छ। नाच, गान र बजानले विशेष रौनक ल्याउँछ। यसका पनि विभिन्न चरण हुन्छन्। उठेर गाउने, बसेर गाउने, गीतको बोल अनुसार अभिनय गर्ने, सोही अनुरूप मादलको ताल ल्याउने अनेकौं ताल सुर हुन्छन्। उदाहरणका लागि एउटा सानो नमुना यहाँ प्रस्तुत गरिन्छ। सोरठी नाचको वास्तविक चलन अनुसार गाउँ घरको एक जना मुखियाको घरमा सोरठी नाच नचाउन जानका लागि टोली तयार हुन्छ। टोलीलाई गर्रा पनि भनिन्छ। त्यसरी सहभागी हुने व्यक्तिहरूको समुच्च शब्दलाई गर्रा भाइ भनिन्छ। मुखियाले पनि सोरठी नाचको समूहलाई आफ्नो घर आँगनमा नाच देखाउनका निम्ति बोलाएको हुन्छ। मुखियाको घरपरिसर तगारो बाहिर टोली पुग्छ। टोलीले मादल बजाउँछ। त्यतिखेरको मादलको ताल बेग्लै हुन्छ। त्यसलाई बटुवा ताल भनिन्छ। बाटामा बजाउने ताल भएको हुँदा त्यसलाई बटुवा ताल भनिएको हो। त्यति बेला मुखियाको तगारो बन्द गरिराखेको अवस्था हुन्छ। टोलीले खोल्ने अनुरोध गरी गीत गाउँछ। गीतको बोल–

नाचै सुहायो भने तगारी उघारिदेऊ !
नाचै सुहायो भने तगारी उघारिदेऊ !

तगारोको बाहिरी भागमा उभिएर टोलीले यो गीत गाउँदै मादल बजाउँदै गर्छ। अघिको बटुवाताल भन्दा अहिलेको तगारो खोलिदेऊ भन्ने गीतको साथमा मादलको ताल भिन्नै खालको हुन्छ। त्यसपछि मुखियाको घरपरिवारबाट तगारो खुलाइन्छ। टोलीका सदस्यहरू एक–एक गरी पंक्तिबद्ध भएर बडो अनुशासित र शिष्ट शैलीमा आँगनमा आइपुग्छन्। त्यतिखेरको गीतको बोल यस्तो हुन्छ - (मादलको तालमा)

आँगनी बढारिदेऊ, आँगनी बढारिदेऊ।

घरपरिवारका सदस्यबाट आँगन बढारेको अभिनय गरेपछि मादलको तालसँगै यस्तो गीत गाइन्छ –

गुँदरी बिछ्याइदेऊ, गुँदरी बिछ्याइदेऊ।

घरपरिवारका सदस्यबाट टोलीका सदस्यहरू बस्नका लागि गुन्द्री ओछ्याइन्छ। टोलीले मादलको तालमा फेरि गीत गाउँछ। गीतको बोल यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ:

दियो बाली उज्यालो बनाइदेऊ, दियोबाली उज्यालो बनाइदेऊ,

त्यसपछि घरपरिवारका सदस्यबाट बत्ती बालिन्छ। त्यसपछि बल्ल टोली गुन्द्रीमा बस्छ।

यसै सन्दर्भमा ठकान् (ठाकान्) हाल्ने काम हुन्छ। ठाकान् हाल्नु भनेको अब कार्यक्रम सुरु हुन्छ भन्ने सङ्केत हो। यसमा मादल बजाइन्छ। मादलको ताल बेग्लै हुन्छ। मादलको तालको साथमा थपडी पनि ठोकिन्छ। यस कर्मलाई ठाकान् हाल्नु भनिन्छ। यो पनि एउटा महत्त्वपूर्ण पाठ हो। ठाकान हाल्दा कुनै व्यक्ति काम्दछन् पनि। त्यसरी काम्नु भनेको सरस्वती आँङमा चढेको हो भनी विश्वास लिइन्छ। त्यस अवस्थामा मादललाई अर्को तालले बजाउनु पर्दछ। त्यसलाई सरस्वती छुटाउने ताल भनिन्छ। त्यसरी मादल बजाउने व्यक्ति सिपालु हुनुपर्दछ। त्यसपछि गर्रा बाँध्ने पाठ आउँछ। गर्रा बाँध्नु भनेको त्यस टोलीले आफ्नो कार्यक्रम गरिञ्जेल सम्म (आदिदेखि अन्त्यसम्म) कुनै किसिमको बिघ्न बाधा नपरोस् र सहज रूपमा कार्यक्रम सम्पन्न गर्न सकियोस्, कार्यक्रम निर्बिघ्नता पूर्वक सफल पार्न सकियोस् भनी चारै दिशाका देवीदेवतासँग प्राथना गरिएको हुन्छ। मादलको तालमा गर्रा बाँध्ने गीत गाइनछ। गीतको बोल यस्तो हुन्छ।

पूर्वकी देउता शरण तिम्रो, पश्चिमकी देउता शरण तिम्रो उत्तरकी देउता शरण तिम्रो, दक्षिणकी देउता शरण तिम्रो। यसरी चारै दिशाका देवदेवीसँग शरण परिसकेपछि वास्तविक सोरठीको नाच, गान र बजानको कार्य सुरु हुन्छ। अहिले सम्मका कर्म सबै सोरठी नाचका पूर्वकर्म (पूर्वाङ्ग) हुन्।

सोरठीनाच नचाउँदा नाच्ने पात्र ३ जना हुन्छन्। ती तीनै जना छोरा मान्छे नै हुन्छन्। ती मध्ये एक जना केटाको भेषमा र दुईजना केटीका भेषमा हुन्छन्। केटाको भेषमा रहने व्यक्तिको पहिरन -सेतो रङको ठुटे भोटो र कालो इष्टकोट हुन्छ। तल जामा लगाएको हुन्छ भने शिरमा टोपी लगाएको हुन्छ। नीलो पटुका हुन्छ। केटीको पहिरन गुलाफी रङको मखमलको चोलो, बुट्टेगुन्यू, थोरै अनुहार देखिने गरी घुम्टो नमारी दुबैतर्फका छेउ तल झारिएको अवस्थाको पछ्यौरी ओढाइएको हुन्छ। नाच्दा शिरबाट पछ्यौरा नझरोस् भनी टाउकामा कपडाको रूमाल बाँधिएको हुन्छ। कम्मरमा एउटा फुर्को देखाएर पहेँलो पटुका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँधिएको हुन्छ । हातमा चुरी घाँटीमा कण्ठ र कानमा सुन लगायत धेरै गहना हुन्छन् । बाहिरबाट झलक्क हेर्दा एउटा केटो र दुइटी केटी हुन् भन्ने भान पर्दछ । ती तीनै जना युवा अवस्थाका नै हुन्छन् र केटालाई जैसिङे राजाको प्रतीक मानिन्छ भने केटीहरूलाई उनैका रानीको प्रतीक मानिन्छ । केटाको पहिरनमा देखिनेलाई बिजबारे भनिन्छ भने केटीका पहिरनमा देखिनेलाई मारूनी भनिन्छ । तसर्थ यस नाचलाई मारूनी नाच भन्ने गरेको पनि पाइन्छ । पहिले राजारानीको असाध्यै राम्रो मेल मिलाप भएको थियो । पछि राजा जुवाडे हुन्छ, ज्यँड्याहा हुन्छ । नशेवाज हुनाका कारण गहना बेचेर खान थाल्छ । उनीहरू गहना बिहीन हुन्छन् । अनि पहिलेका घटना सम्झेर, राजाले दिएका गहनालाई एक एक गरी सम्झदै शिरदेखि पाउँसम्म (गीतको बोलमा) पुऱ्याउँछन् । पछि उही राजाले गहना बेचेर खायो भनेर विरहको गीत गाउँछन् । त्यतिखेर पाउदेखि शिरसम्मका गहना बेचेर खाएको विवरण आउँछ । अगाडि राजाले दिएको गहनाको विवरणको ठीक उल्टो हुने गरी उही राजाले बेचेर खाएको विवरणलाई गीतको माध्यमबाट प्रस्तुत गर्दछन् । पहिले यै राजाले दिएका गहना भनेर प्रत्येक गहनाको विवरण प्रस्तुत गर्दा नाच निकै रोचक देखिन्छ । पछि यै राजाले गहना बेचेर खायो, अब यसको आसा छैन, हाम्री माइत जाऔं भनेर विरहको गीत गाउँदा नैरास्य लाग्दो वातावरण हुन्छ । रहस्या बुझ्ने दर्शकलाई करूण रसले भरिएको गीतले मुटुमा गाँठो पार्दै रूवाउन समेत बाध्य गराउँछ ।

गीतको बोल यस्तो छ –

शिरै लाउने शिरैफुल आफै राजाले दिएको (दियाको)
कानै लाउने सुनिया आफै राजाले दिएको
नाकै लाउने बेसारा आफै राजाले दिएको
गलै लाउने पोमाला आफै राजाले दिएको
गोडै लाउने पैंजरी आफै राजाले दिएको

यिनै पक्तिंलाई दोहोऱ्याइ तेहोऱ्याइ गरेर गर्रा भाइले गीत गाउँछन्, मादल बजाउँछन् । गर्रा भाइमा ८ देखि १० जनासम्म रहन्छन् । कसैले नाङ्गा मादल बजाउँछन् त कसैले मादललाई ठूलो रूमाल, मजेत्रो विशेष कुनै कपडाले बेरेर बजाउँछन् । ती दुइटी रानीलाई मारूनी भनिन्छ । त्यो राजालाई बिजाबारे भनिन्छ । बिजाबारे माझमा रहन्छ भने मारूनी दुई छेउमा रहन्छन् । गीत र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मादलको तालमा नर्तक टोली अभिनय गर्दै फन्का मार्दै ठूलो क्षेत्र समेटेर नाच्दै परसम्म पुग्दै फर्कंदै गर्दछन् । पटक पटक यो क्रियाकलाप दोहोरिन्छ । गर्रा भाइ (वाद्यवादक तथा गायकहरू) पनि स्वत फुर्त रूपमा नाचेकै अभिनयमा गान बजान गर्दछन् । यतिखेर निकै रमाइलो हुन्छ । गर्रा भाइ पनि खुसी भएर हँसिला देखिन्छन् । मारूनी र बिजाबारे पनि प्रसन्न मुख मुद्रामा नाच्दछन् । उनीहरको नाच पनि फुर्तिलो हुन्छ ।

जब यो गीत सकिन्छ तब गीतको प्रसङ्ग अर्कातिर जान्छ । गीतको प्रसङ्ग विरहको रूपमा आउँछ । यसमा पाउदेखि शिरसम्मका गहना राजाले बेचेर खाएको कुरा देखाई विरहको गीत गाउँछन् । यसरी उल्ट्याएर गीत गाउने शैलीलाई फट्के हान्ने भनिन्छ ।

गीतको बोल यस्तो छ – (मादलको तालमा)

- गोडै लाउने पैँजारी आँफै राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।
- गलै लाउने पोमाला आफैं राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।
- नाकै लाउने बेसरा आफैँ राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।
- कानै लाउने सुनिया आफै राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।
- शिरै लाउने शिरैफुल आफै राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।

नाचगानलाई अरू रोचक बनाउने, कार्यक्रम लम्ब्याउने कुरा आयो भने गीतमा कपडाको किसिम पनि प्रस्तुत गरिन्छ ।

गीतको बोल यस्तो छ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिरमा ओढ्ने पछ्यौरी आफैँ राजाले दियाको,
आङमा लाउने चोली आफैँ राजाले दियाको,
कम्मरमा बाँध्ने पटुकी आफैँ राजाले दियाको,
जाङमा लाउने फरिया आफैँ राजाले दियाको,

अब फट्केतर्फ जाँदा गहनाकै क्रमले तलबाट क्रमशः माथि लगिन्छ।

उदाहरण -

□ आङमा लाउने फरिया आफैँ राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।

□ कम्मरमा बाँध्ने पटुकी आफैँ राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।

□ आङमा लाउने चोली आफैँ राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।

□ शिरमा ओढ्ने पछ्यौरी आफै राजाले बेची खायो,
यसै राजाको आसा मलाई छैन,
चली जाऊँ माइतीको देश ।

गहनाको प्रसङ्ग होस् वा कपडाको प्रसङ्ग होस् फट्के हान्दा वाद्यवादक तथा गायकहरू सबै गर्रा भाइ निस्क्रिया जस्ता देखिन्छन् । उनीहरूले नरमाइलो मानेको भाव झल्किन्छ। मारूनी र बिजावारे पनि खिन्न मुखमुद्रामा हुन्छन्। उनीहरूको नाच पनि लोभ्रो हुन्छ। सुरुको गीतमा र फट्के हान्दाको गीतमा मादलको ध्वनि र ताल पनि फरक फरक ढङ्का हुन्छन् । सोह्र (१६) किसिमका हाँगा भएका गीतको समुच्च नाउँ सोरठी हो । यहाँ प्रस्तुत गरिएको नाच, गान र वाद्यवादन एउटा मात्र हाँगो हो। छोरीबेटीको घरमा कुमारको पुटपुटे झार्न भनी माइती पक्षबाट सोरठी नाचको टोली जाने परम्परा छ । यस कार्यक्रमलाई विशेष महत्त्वको दृष्टिले हेरिन्छ। यसमा पनि सम्पूर्ण क्रियाकलाप माथिकै जस्ता हुन्छन् ।

द्वापर युगमा कौरव र पाण्डवका बीच ज्यादै महत्त्वका साथ जुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेलिएको कुरा महाभारतले बताउँछ । कौरब पक्षबाट शकुनी र पाण्डव पक्षबाट युधिष्ठिरले जुवा खेलेका थिए । आफ्नो श्री सम्पत्ति सबै हारेर युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव पाँच पण्डव द्रौपदीलाई साथमा लिएर बाह्र वर्ष वनबास र एक वर्ष गुप्तबास गएका थिए भन्ने कुरा पनि महाभारतमा नै उल्लेख छ । त्यसैगरी नल राजा र दमयान्ती रानी पनि वनबास गएको कुरा महाभारतले नै बताउँछ । नल राजा नामी जुवाडे थिए भन्ने कुरा पनि महाभारतले नै बताउँछ । जुवाडे हुनाका कारण उनले पनि सर्वस्व हारेका हुन् । महारानी भएर दरबारमा बसी सुखभोग गर्ने बेलामा वनबास जाँदा द्रौपदी र दमयान्तीलाई कति ठूलो मानसिक चोट पर्‍यो होला ? लोकले उनै पात्रहरूलाई प्रतीक बनाई तिनै कथाहरूका आधारमा लोकगाथा तयार गरी प्रयोगमा ल्याएको हो ।

तत्कालीन लमजुङ राज्यमा दुरा जातिको बाहुल्य भएको समय वि.सं १५५० भन्दा अघिदेखि नै लमजुङमा यस जातिको बसोवास भएको प्रमाणित हुन्छ । सोरठी नाच कहिलेदेखि सुरुवात भयो यसको निश्चित तिथि मितिको किटान गर्न सकिँदैन । दुरा जातिले आफ्नो पहिचान झल्काउने संस्कृति मध्ये सोरठी नाचलाई एक हो भनेर अङ्गीकार गरेको हुदा वि.सं १५५० भन्दा अघिदेखि नै यो नाच नचाइन्थ्यो । किनभने राजा रजौटाहरूसँग सम्बन्धित गीत गाथाहरू दुरा समाजमा धेरै प्रचलित छन् । दुरा समाजमा विद्यमान कथाहरूमा पनि राजा रानीका प्रसङ्ग आउँछन् । सोरठी नाच पनि ज्यादै पुरानो र राजा रानीको प्रसङ्ग जोडिएको हुँदा यसलाई दुरासमाजको सनातन नाच गानको रूपमा लिन सकिन्छ । सोरठी नाच दुरा समाजमा मात्र होइन गुरुङ र मगर समाजमा पनि धुमधामका साथ नचाइन्छ । दुरा समाजले जसरी आफ्नो संस्कृति मानेको छ । गुरुङ तथा मगर समाजले पनि उसरी नै आफ्नो संस्कृति भनेर मान्दछ । साउने संक्रान्तिमा मादल खुलेपछि नाच, गान सुरु हुन्छ । सोरठी नाच खासगरी कार्तिक, मंसिर महिनामा नचाइन्छ । श्रीपञ्चमीमा सरस्वतीको पूजा गरेर यसलाई थन्क्याइन्छ । असारको महिना मादल, नाचगान बन्द हुन्छ ।

नोटः श्रावण सङ्क्रान्तिदेखि श्रीपञ्चमीसम्मको समयलाई अग्निमल्लर भनिन्छ । यतिखेर सोरठी तथा कृष्णचरित्रका गीत गाइन्छन् । श्रीपञ्चमीदेखि वैशाखपूर्णिमासम्मको समयलाई जलमल्लर भनिन्छ । यतिखेर सतीघाटु नचाइन्छ र त्यसैको गीत गाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुझाव : परापूर्वकालमा सोरठी नाचमा महिलाहरूको सहभागिता थिएन। नाच, गान, बजान सबै ठाउँमा पुरुषहरूको मात्र सहभागिता हुन्थ्यो। महिलाहरू दर्शकमात्र हुने चलन थियो। अहिले आधुनिक युगमा हरेक क्षेत्रमा खुला वातावरण भएको छ। पढाइ, लेखाइ, खेल कुद, जागिर, सामाजिक, सेवा, विभिन्न संघ संस्थामा सहभागिताका लागि हुने प्रतिनिधित्व जस्ता क्षेत्रमा महिला वर्ग पछि परेको छैन। आधा आकास, आधा धर्ती र आधा महासागर ढाकेको महिला जगत्लाई कुनै कुरामा पनि पछि पार्न हुँदैन। समतामूलक समाज र समावेशी कार्यक्रमबाट कसैलाई पनि पछि पार्न हुँदैन। आधुनिक कालका सांस्कृतिक कार्यक्रमहरूमा युवायुवतीहरूको बराबर रूपमा सहभागिता भएको भेटिन्छ। तसर्थ अबका दिनहरूमा नचाइने सोरठी नाचमा बिजाबारेको ठाउँमा युवक र मारूनीका ठाउँमा युवतीहरूको प्रयोग गर्दा उपयुक्त नै हुन्छ। त्यो नै समय सापेक्षा हुन्छ।

आर्य संस्कृति सँगको तुलना

सोरठी नाच मङ्गोल सम्प्रदायको बौद्ध धर्मालम्बीहरूको निजी परम्परामा आधारित संस्कृति हो। आर्य संस्कृतिको हिन्दू धर्मालम्बीहरूको निजी परम्परासँग मिल्ने केही कुराहरू यस भित्र छन्। तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

१. आर्य संस्कृति अन्तर्गत हिन्दू धर्मालम्बी बाहुन क्षेत्री वर्गका मानिसहरूले सनातन रूपमा परम्परादेखि खेल्दै आएको खेल बालुन हो भने मङ्गोल संस्कृति अन्तर्गत बौद्ध धर्मालम्बी दुरा वर्गका मानिसहरूले सनातन रूपमा परम्परादेखि खेल्दै आएको खेल सोरठी नाच हो।

२. खेल खेल्ने पात्रहरू (वास्तविक नाच देखाउने पात्रहरू) दुबैमा छोरामान्छेहरूमात्र हुन्छन्।

३. बालुनमा (खैजडी – मुजुरा) र सोरठीमा मादल बजाएर दुबै कार्यक्रममा वाद्यवादनको प्रयोग गरिन्छ।

४. हिन्दू संस्कृति अनुसार कुनै पनि यज्ञ गर्दा नारायण कवच पढ्ने (मन्त्र पढ्ने) चलन हुन्छ। यो मन्त्र यस्तो हुन्छ – पूर्वे रक्षतु गोविन्दः आग्नेयाम् धरणीधर ? याम्याम् रक्षतु वाराहो नारसिंहस्तु नैऋते ॥१॥ वारूण्यांकेशवो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्षेद् वायव्यां मधुसूदन : । उत्तरे श्रीधरो रक्षेद् ऐशान्यातु गदाधर : ॥२॥ उर्घ्व गोबर्धनो रक्षेद्अधस्तातु महेश्वर । एवं दशदिशो रक्षेद् वासुदेवो जनार्दन : ॥३॥ बौद्ध संस्कृतिको सोरठी नाचमा पनि कार्यक्रमको थालनी भन्दा अगाडि चारैतिरका देवदेवीलाई पुकारेर (कवच गरेर) गर्रा बाधेर मात्र खास कार्यक्रमको थालनी गरिन्छ । (गर्रा बाँध्ने गीत माथि आइसकेको छ) ।

५. हिन्दू धर्मालम्बीका यज्ञमा गर्दा मूल कर्मको थालनी गर्नुभन्दा पहिले पूर्वाङ्ग (दीप, कलश, गणेश, रक्षाबन्धन, कवच, अर्घ्य, चार वेद,। ब्रह्मा, विष्णु, महेश्वर, सुरो-चरू, प्रणिता र पक्षिणी पूजा) गरे जस्तै नाच-गान, बजान) थालनी गर्नु भन्दा अघि पूर्वाङ्ग (बटुवाताल, तगारो उघार्ने ताल, आँगन बढार्ने ताल, गुन्द्री बिछ्याउने ताल, बत्ती बाल्ने ताल) को कर्म गरिसकेपछि मात्र मूल कर्ममा प्रवेश गरिन्छ ।

आर्य संस्कृतिसँगको तुलना :

१. आर्य संस्कृति तथा हिन्दू धर्ममा चलेका बाहुन, क्षेत्री वर्गका मानिसहरूले पितृ कार्य गर्दा र मङ्गोल संस्कृति तथा बौद्ध धर्ममा चलेका दुरा, गुरुङ वर्गका मानिसहरूले पितृकार्य गर्दा केही कुरामा समानता पाइन्छ । उदाहरण :

१. ब्रह्मा, विष्णु महेश्वरलाई सर्वोपरि स्थानमा र पितृकार्य गरेको ठाउँमा बौद्ध मार्गीले भूमिको प्रतीक मानी मेन्डललाई अरू सामग्री भन्दा उच्च गराई राखेको तथा हिन्दू मार्गीले पनि पितृकार्य गर्दा भूमिको प्रतीक उच्चमाटोको ढिस्को बनाएर कर्म गर्नु ।

३. बत्ती, कलश, पानी, फूल, फलफूल दुबै थरीले प्रयोग गर्नु ।

४. यो संसारको पञ्चतत्त्व (पृथ्वी, जल तेज वायु र आकास) का परम भक्त प्रकृतिका पुजारी दुवैथरी देखिनु ।

५. मृतक व्यक्ति प्रेतको रूपमा रहिञ्जेल सम्म आलामा बास गर्छ भनी आलालाई बौद्ध मार्गीले प्रतीक मानेजस्तै माटाको ढिस्को डिकुरोमा प्रेतात्मा बसेको हुन्छ भनी उसैको प्रतीक मान्ने काम हिन्दू धर्मालम्बीले गर्नु ।

६. बौद्धमार्गीले आलालाई र हिन्दूले डिकुरोलाई प्रेतात्माको प्रतीक मान्ने हुँदा दुबै थरीले प्रतीकात्मक वस्तुमा विश्वास गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. मृतक व्यक्तिको लासको अवशेष (अस्तु) को उचित व्यवस्थापन दुवै थरीले गर्नु ।

८. पञ्चकको समय (धनिष्ठा देखि रेवती नक्षत्र सम्ममा) मृत्यु भएको भए दुवै थरीले शान्तिका लागि पञ्चकको विधि गर्नु ।

९. मृतात्मा परमात्मामा विलय हुन्छ भनी दुवै धर्मालम्बीले विश्वास गर्नु ।

अपवाद : आधुनिक युगसँगै बसाइँ सर्ने परिपाटीका कारण दुरा समाजका मानिसहरू नयाँ ठाउँमा, सुविधायुक्त ठाउँमा गएर बस्ने गरेका हुँदा लास गङ्गाजीमा लगी जलाएर खाक गराई पानीमा बगाइदिने चलन छ । यो चलन पूर्ण रूपमा हिन्दूहरू सँग मिल्दछ । उदाहरण : तनहुँको शिशाघाटमा, कास्कीको सेती गण्डकीमा र चितवनको देवघाटमा त्यसो गरिन्छ ।

कारणवस तत्काल अर्घौं गर्ने अनुकूल नमिलेमा एक वर्षसम्ममा वा सो भन्दा पछि पनि पितृ तार्ने उद्देश्यले अर्घौं गर्ने चलन हुन्छ। यस्तो चाहिँ अपवादको रूपमा कमै हुन्छ । तत्काल अर्घौं नगर्दा चोखो खाएर, अलगै बसेर सामान्य रूपमा क्रिया गर्ने चलन छ । (स्रोत: लोकबहादुर दुरा, अध्यक्ष दुरा सेवा समाज)

३.५.३ कृष्ण चरित्र

दुरा समाजमा यसलाई चलित्र, चरित्र मात्रै पनि भन्दछन् । वास्तवमा यो पौराणिक पात्र भगवान् श्रीकृष्णाको चरित्रको वर्णन हो । यसमा कृष्णको बाललीलालाई विशेष महत्व दिएको पाइन्छ । त्यसको गीतको बोल यस्तो हुन्छ -

बासुदेव र देवकीको बिहे हुन लाग्यो
हेरन आयो मागन आयो
देवकीको बिहे गर्न मागन आयो ।
यसको गीत गाथा पनि निकै लामो हुन्छ ।
वाद्‌य वादन र नाच पनि सँगै चलाइन्छ ।

यसलाई चरित्र पनि भनिन्छ । सोरठी राग र तालमा मिलाएर प्रस्तुत गरिएको लोकनृत्य कृष्ण चरित्र हो । यो पनि सोरठी जस्तै छडकिलो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा चार जना मादले, एकजना पुर्सुङ्गे र दुईजना मारूनी हुन्छन् । मारूनीका भेषमा छोरामान्छे नै नाच्छन् । पुरानो कृष्ण चरित्र पहिलेदेखि नै प्रचलित थियो । लमजुङ, घनपोखराका सुब्बा नरजङ्ग गुरुङ (इ. सन् १९०३) ले पुरानो कृष्ण चरित्रलाई संशोधन गरी बाह्र लीलाको कृष्ण चरित्र रचेर गरेको प्रचार प्रचलित छ । कतिपय ठाउँमा पुरानै कृष्ण चरित्रलाई चलन चल्तीमा ल्याएको पनि भेटिन्छ । सुब्बा नरजङ्ग गुरुङका भाइ सुब्बा डिल्लीजङ्ग गुरुङले पनि कृष्ण चरित्रमा केही सुधार गरेका थिए (गुरुङ, २०४६:२३, बन्धु, २०५८ : २७४)

कृष्णको बाललीला :

वासुदेव र देवकीको विवाह हुन्छ । कन्यादान पछि कंस आफै लोकन्त बनेर बहिनी पुऱ्याउन जान्छ । बीच बाटामा पुगेपछि देवकीलाई डोलीबाट उतारेर शीतलमा बस्छन् । त्यतिबेला कंसलाई निद्रा लाग्छ । बहिनीले पाएका छोरा छोरीले तिमीलाई मार्छन्, लोकन्त जान हुँदैन भन्ने आकासवाणी हुन्छ । अनि कंस हातमा खुकुरी लिएन बहिनीलाई काट्न तम्सिन्छ । यिनबाट जन्मेका छोरा छोरी तिमीलाई सुम्पनेछौं, यिनलाई नकाट्नुहोस् भनी वसुदेवले बिन्ती गरेपछि बाचा गरेपछि उसले मार्दैन । सिपाहीहरू प्रयोग गरेर बहिनी ज्वाइँलाई नेल, हतकडी लगाई कारागारमा थुनेर राख्छ । सातै गर्भसम्मका भान्जाहरूलाई मार्छ । आठौँ सन्तानका रूपमा कृष्ण जन्मिन्छन् । जन्मनासाथ कृष्णले काखमा बसेर बातमार्न थाल्छन् । सिपाहीहरू आफैँ निदाउँछन् । जेलका ढोका खुल्छन् । कृष्णले आफूलाई गोकूल पुऱ्याइदिने आग्रह गर्छन् । बाबु कृष्णलाई लिएर ढोका बाहिर निस्कन्छन् । अँध्यारोमा नागका मणिले बाटो उज्यालो बनाउँछ । कृष्णले शेषनागलाई अघि बढाएर खोलाको पानी सुकाउँछन् । अनि सरासर गएर यशोदाका काखमा कृष्णलाई राखी उनका काखमा सुतिरहेकी बिजुला देवीलाई लिएर लाग्छिन् । बल्ल सिपाहीहरू बिउँछिन्छन् । ढोका बन्द हुन्छ । अनि सिपाहीले कंसलाई खबर गर्छ । हतारिँदै कंस त्यहीँ आइपुग्छ । त्यसैबेला देवकीले सातै बाला मारिसक्यौ। यो एउटालाई त नमार भनेर आग्रह गर्छिन् । कंसले त्यो कुरा सुन्दैन र ती बालिकालाई भूइँमा पछार्न खोज्छ । यसलाई मार्छु भनेर दुई हातमा समातेर उचालेर थेचार्ने लाग्दा पाखुरी मात्रै उसको हातमा आउँछ । बालिका देवीका रूपमा प्रकट भएर तेरो काल गोकुलमा छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छिन् । अनि उसले सभा बेलाउँछ । त्यहाँ ठूलो छलफल चल्छ । असनु यज्ञ गर्ने र सो यज्ञमा भान्जालाई बोलाउने निष्कर्ष हुन्छ । यज्ञको निम्ति कृष्णलाई फूल टिप्न पठाइन्छ । त्यति खेरको गीत गाथा यस्तो छ–

कंस : जाउन भानिज, ल्याउन भानिज, कमलको फूल टिपी ल्याउन भानिज

कृष्ण : जान्न मामा, जान्न मामा शिरमा लाउने टोपी छैन, जान्न मामा ।

कंस : शिरमा लाउने टोली दिउँला, जाउन भानिज, ल्याउन भानिज, कमलको फूल टिपी ल्याउन भानिज ।

यस्तै गीत धेरै हुन्छन् । कृष्ण फूल टिप्न जान्छन् । आमाले नजाऊँ भन्दा पनि मान्दैनन् । कमल, मखमली, हजारिया, बाह्रमासे, गुर्धौली, सूर्यमण्डल जस्ता अनेकौँ फूल घुँडा टिप्नु पर्ने हुन्छ । काली नागले क्रमशः कृष्णको पाउ, घुँडा, पेट, हृदय र शरीरमा पुगेर उनलाई खान लाग्छ । यत्तिकैमा आकासबाट गरुड झर्छ र नागलाई टिपेर लैजान्छ । सबै फूल टिपिसके पछि फूल बोकी हिंड्नुहोस् म झिँगाको रूप लिएर आउँछु भन्दछन् । फूलको भारी बोकेर आमा जग्गेमा पुग्छिन् । जग्गेमा फूल चढाउँदा काली नाग देखिन्छ । त्यसै कालीनागले डसेर कंस मर्छ । त्यसपछि कृष्ण गोकुल छोडेर वसुदेव र देवकीसँग मथुरामा जान्छन् । यो आख्यान पौराणिक कथामा आधारित छ । विभिन्न भौगोलिक क्षेत्रमा प्रस्तुत गर्दा स्थानीय रङ्ग तथा स्थानीय पन पनि झल्किन्छ ।

आर्य संस्कृति सँगको तुलना

यो कृष्णचरित्र पूरै पौराणिक कथामा आधारित छ । त्यसैलाई विभिन्न स्वर लोक लयमा उतारेर गाइएको हो ।

नोटः भगवान् श्रीकृष्णको बाललीलालाई बाहुन, क्षेत्री समुदायमा बाललीला भन्दाभन्दै बालुन/बालन भन्ने गरिएको, दुरा, गुरूङ, मगर समुदायमा चलित्र/चरित्र भन्ने गरिएको थारू समुदायमा अष्टमीकी व्रत भन्ने गरेर श्री कृष्ण जन्माष्टमीको दिनलाई केन्द्रबिन्दु बनाइएको, र नेवार समुदायमा कलाप्रेमी भनेर श्रीकृष्णको रथयात्रा गराइने परम्परा भएको हुँदा यी सबैले भगवान् श्रीकृष्णको महिमालाई जोड दिएको पाइन्छ । यस कार्यले गर्दा यिनीहरू सबै हिन्दुसनातन धर्मको पेरीफेरीमा रहर आ–आफ्ना शैलीले श्रीकृष्णको लीलालाई महत्त्व दिएको पाइन्छ । भावनात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टिले यी सबैको मत एउटै छ । यसरी ढुङ्गाको आधार माटो र माटाको आधार ढुङ्गो भने झैँ गरी यी विभिन्न जातका मानिसहरू सामाजिक, धार्मिक र व्यावहारिक सहिष्णुताका साथ एउटै फूलबारीमा मिलेर बसेका छन् । बाहुन, क्षेत्री समुदायले नचाएको बालुन हेर्न, दुरा,रूगुरूङ, मगर तथा नेवार समुदायका मानिसहरू जान्छन् । त्यसैगरी दुरा,गुरूङ, र मगर समुदायले नचाएको कृष्णचरित्र र नेवार समुदायले गराएको रथयात्रा हेर्न बाहुन,क्षेत्री,दुरा,गुरूङ तथा मगर समुदायका मानिसहरू जान्छन् । यसरी विभिन्न जातका फूलका थुँगा एउटै मालामा उनिएर एकाकार हुने हाम्रो परम्परा छ ।

सुझाव : राष्ट्रिय स्तरबाट नै देउबहादुर दुराको बारेमा गहनतम अध्ययन गर्नुपर्ने ।

३.६ धर्म तथा परम्परा

३.६.१ धर्म

दुरा जाति मङ्गोल वंशको हो । आर्य समाजसँगको सम्पर्कले आर्य संस्कृतिका कर्महरूलाई पनि मान्दै आएका छन् । बाटो बनाउने, पँधेरो निर्माण गर्ने, चौतारो बनाएर वरपिपल सार्ने जस्ता धेरै सामाजिक काम गरेका अभिलेख पनि छन् । दुराको चौतारी कुन्छा, बर्धान ठाँटी नेटा, दुराका चौर पोखरा, दुराको टहरो काठमाण्डौं जस्ता धेरै उदाहरणीय काम दुरा समाजकै व्यक्ति वा समूहले गरेका छन् । जन्म, पुनर्जन्म, स्वर्ग-नर्क, पाप-पुण्य, ईश्वरीय वरदान, तन्त्रमन्त्र, प्रकृतिपूजा, दैवीशक्ति, भाग्यमा निर्भर जस्ता कुराहरू यस जातिले मादन्छ । गाई पाल्ने, गाईलाई लक्ष्मीको रूपमा पूजा गर्ने, गाईको दूध, घिउ, दही, गहुँत, गोबर पवित्र मान्ने जस्ता कर्म यिनीहरूमा हुन्छन् । गाई भैंसी पालेर गोरसको पनि राम्रो उपभोग गर्दछन् । विष्णु, शिव, गणेश, कालिका, मालिका आदि देवदेवीलाई मान्दछन् । लाखबत्ती बाल्ने, गङ्गाजीमा फूल लैजाने जस्ता धार्मिक काम पनि यिनीहरू गर्दछन् । अरू सबै देवकार्य र पितृकार्यमा लामा पुरोहित मान्दछन् । सत्यनाराण्याको पूजामा चाँहिं बाहुनलाई नै पुरोहित मान्दछन् । (दुरा भाषाको को व्याकरणात्मक स्वरूप) । मङ्गोल वंशज र बौद्धमार्गीका दृष्टिले यिनीहरू गौत्तम बुद्धलाई पनि मान्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.६.२. कुल पूजा

दुरा जातिका मानिसहरू मध्ये आ-आफ्ना गोलका दाजुभाइ भेला भएर विधि-विधान अनुसार पितृ एवं इष्ट देवतालाई सम्झेर गरिने पूजालाई कुल (कुलायन) पूजा भनिन्छ। कुल पूजामा पुरोहित र ज्वाइँको अनिवार्यता हुन्छ। सम्बन्धित गोलका दाजुभाइहरू एउटाको घरमा सामेल हुन्छन्। पूजामा चाहिने सामग्री हुन्-दीप, कलश, गणेश, बाँसका लिङ्गाको जगिया। पूजा गरिने घरको आँगनमा पोतेर चोखो बनाएको ठाउँमा सामान राखिन्छ। त्यहीं जगिया लगाइन्छ। त्यसपछि कुखुराको फुल, अदुवा, काँचो धागो, फूल, चन्दन अक्षता तयार गरिन्छ। असला माछा र बाँसका ढुम्रा चाहिन्छन्। कुल पूजा गर्ने बाँसमा ढुम्रालाई कुल/तुँ फैलु भन्दछन्। कसैकसैले ढुम्राको सट्टा बाँसको चोयाको कोक्रो बनाएर पूजा गर्दछन्। त्यसलाई चुँ फैलु भन्दछन्। कुल पूजालाई फैलु पूजा पनि भन्दछन्। दुरा भाषामा तुँको अर्थ ढुम्रो र चुँको अर्थ कोक्रो हो। ढुम्राको मान राख्ने, कोक्रोको मान राख्ने भनेको तुँ फैलु र चुँ फैलु हो। यसको अर्थ पनि कुल पूजा नै हो। एकजना कर्ता बस्नु पर्छ। नुवाइ धुवाइ गरेर चोखो भएर बसेको पुजारीले पुरोहितको आज्ञाअनुसार पूजा गर्दै जानु पर्छ। लामाले वेद पढ्दै निर्देशन दिंदै गर्दछन्। भन्दा फैलु पूजा भने पनि एउटा ढुम्रामा कुलपूजा भनेर पितृलाई सम्झना गर्दै पूजा गर्छन्। अर्को ढुम्रामा धन सम्पत्तिलाई सम्झना गरेर पूजा गर्दछन्। त्यसलाई फैलुपूजा भन्दछन्। पूजा सकेर दुवै ढुम्रा घरको तलामा सुरक्षा साथ राख्दछन्। चैत्र र कार्तिकमा कुलदेवतालाई असला माछाको हाल्ने चलन छ। धर्मगुरु लामाबाट जगियाको भित्रपट्टि पिठाको रेखी हालिन्छ। सूर्यको दक्षिणायन र उत्तरायणको आधारमा रेखी हालिन्छ। सूर्य उदाउने तर्फको रेखीको मुहुडालाई पूर्व भनिन्छ। क्रमैसंग दिशा उपदिशा र आकाश-पातालको पूजागर्न धर्मगुरुले कर्तालाई लगाउँछन्। सरून (उत्तरानक्षेत्रदेखिरेवती नत्रत्र सम्म) छलेर पंचमी जस्ता शुभतिथिमा कुल पूजा गर्दछन्। त्यसै मेसामा सूर्य चन्द्रको पनि पूजा हुन्छ।

रेखीको चित्र पूर्वमा काठको पूजा
दक्षिणमा फलामको पूजा
पश्चिममा आगोको पूजा
उत्तरमा पानीको पूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

ईशान्यमा बतासको पूजा
आग्नेयमा माटोको पूजा
नैऋत्यमा अमृतको पूजा
वायव्यमा सृष्टिको पूजा
आकाशमा राहुको पूजा
पातालमा केतुको पूजा हुन्छ ।

त्यहाँ, कुल र फैलु पूजा गर्दछन् । एकातिर त्यो पूजा चल्दै जान्छ भने अर्कोतर्फ २ जना जुवाइँ भएर आफ्ना ससुराली टोलमा जाति घर छन् उतिवटै ढुम्रा तयार गर्दै जगिया लगाई पूजा गर्न दिँदै हिँड्दैछन् । एक घरका लागि ५ वटाको दरले बाँसका लिङ्गा तयार गर्दछन् । प्रत्येक छेस्का बुनेर ढुम्रामा राखिन्छन् । अरू इष्ट मित्रहरूलाई पनि बोलाइएको हुन्छ । उक्त कार्यमा इष्टमित्रले पनि सहायता दिन्छन् ।

पूजाको कर्म पूरा भएपछि भेडाको एउटा पाठो काटेर बलि चढाइन्छ । अनि पूजाको सबै काम सकिन्छ । २ जना जुवाइँ एक घरका लागि ५ वटाका दरले लिङ्गा, तोरण, ध्वजा पताका, एक एक ओटा ढुम्रा एक एक वटा सेता माछा तिनै बाँसका ढुम्रासंगै राखेर निस्कन्छन् । ससुराली टोलका प्रत्येक घरमा लगेर घरको भित्रपट्टि धुरीमा चोयाले बाँधेर उक्त सबै सामग्री प्रत्येक घरमा स्यूरिदिन्छन्। ससुरालीबाट प्राप्त चिया र रक्सी पिउँदै हिड्छन् ।

३.६.. ख्यामा राख्ने

आश्विन शुल्क षष्ठीका राती अर्थात् ठूलो दशैंको षष्ठीका रातीमा क्याउसा थरका दुराहरूले घर घरमा आ–आफ्ना पितृलाई संझेर आ–आफैले पूजा गर्ने पानी चढाउने गर्छन् । भोलिपल्ट फूलपातीले छुन्छ भनेर त्यसै दिन पूजा गरेका हुन् । धिङ्गाल थरका दुराहरूले सप्तमीका राती पितृपूजा गर्दछन् । भोलिपल्ट रगतले छुन्छ भनेर त्यसो गरिएको हो । नत्रभने अष्टमीका रातीमा ख्यामा राख्ने चलन हो । कसैले अष्टमीकै रातमा ख्यामा राख्छन् । त्यसो गर्दा महाअष्टमीको बलिको रगत नपर्दै पितृ पूजा गर्दछन् । त्यसलाई खेमा राख्ने भन्दछन् । उनीहरू त्यस रातलाई खेमा राख्ने रात भन्दछन् । रातीमा नाच गान गरी जाग्राम पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछन् । ख्यामा राख्दा पनि असला माछा चाहिन्छ ।

३.६.४ अन्य परम्पराहरू

कुनै पनि समाजमा परम्परादेखि चलिआएका सनातन रूप लिएका त्यो समाजले मान्यता दिंदै आएका चाल चलनलाई सामाजिक परम्परा भनिन्छ। परम्परालाई मान्यता राखेमा समाजको, व्यक्तिको अस्तित्व रहने नत्र भने समाजको पनि व्यक्तिको पनि अस्तित्व समाप्त हुने कुरा परम्पराले देखाउँछ। यसै सन्दर्भमा दुरा जातिमा चल्दै आएका सामाजिक परम्परालाई तल प्रस्तुत गरिएको छ ।

३.६.४.१ मर्यादा (अभिवादन)

अरू जातिमा झैँ दुरा जातिमा पनि मर्यदा (अभिवादनको) को आफ्नै किसिमको महत्त्व छ । छोराले आमा बाबुलाई गोडामा ढोग्नु पर्दछ । छोरीले आमा-बाबु, दाजुलाई भूइँमा क्रामु (मुजेत्रो) राखेर त्यहीँ शिर झुकाएर ढोग्नु पर्दछ । बुहारीले सासुलाई गोडामा ढोग्दछन् भने भूइँमा क्रामु राखेर शिर झुकाई ससुरालाई अभिवादन गर्दछन् । भान्जालाई र जुवाईँलाई गोडामा ढोग्ने चलन छ । भान्जीले मामालाई, मामाघरका हजुरबुबा-हजुरआमालाई भूइँमा क्रामु राखेर त्यहीँ शिर झुकाई ढोग्नु पर्दछ । दाजुभाइले दिदी-बहिनी र फुपूलाई गोडामा ढोग्नु पर्दछ । सम्धी-सम्धिनीका बीचमा झुकेर नमस्कार चल्दछ । यसमा छोरीका आमा-बाबुले पहिले नमस्कार गर्दछन् ।

३..६.४.२ रिसिङे खाने

खेतबारीमा काम गर्दा पर्मा लगाएर काम गर्ने, पहिलो पटक मेलामा पर्मा लगाउन उपस्थित भएका खेतालाहरूबाट केही रकम लिने । अशक्तहरूकहाँ गएर समूहले नै काम गरी निमकस्वरूप रुपैंया जम्मा गर्ने, आफूहरूले पनि रकम उठाएर जम्मा गरी त्यसबाट जम्मा भएको रकमले कुनै एक दिन भोज खाने परम्परा छ । त्यस्तो भोजलाई रिसिङे खाने भनिन्छ । दुरा जातिमा रिसिङे खाने परम्परा छ । घर गाउँभन्दा अलिकति पर खेत, बारी चौर कुनै ठाउँमा छाप्रो या पाल टाँगेर त्यस भित्र मासु भात, तरकारी, फलफूल जाँड, रक्सी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्ता खाद्य परिकार खाने परम्परा छ। त्यहाँ नाच,गान पनि हुन्छ।

३.६.४.३ खोइखाने

घाटु नचाउने कार्यक्रम बनेपछि जुन गाउँमा घाटु नचाइने हो त्यसका छरछिमेक तथा उनीहरूका इष्ट मित्रहरूलाई निम्ता गरिन्छ। नाच सकिएर घाटु सेलाइसकेपछि अनकुल मिलाएर कुनै समयमा भोज खाने परम्परा छ। घाटुको भोज खाने चलनलाई खोइखाने भनिन्छ। जाचमा बोलाइएका छर छिमेक तथा इष्टमित्रहरूलाई खोइखाने समयमा पनि बोलाइन्छ। गाउँबाट अलिकति पर सम्म ठाउँमा एउटा छाप्रो बनाइन्छ। आजकाल पाल टाङ्ने चलन ल्याइएको छ। त्यहाँ सबै जना जुटेर मासु,भात, जाँड रक्सी, फलफूल लगायतका अनेकौं खाद्य परिकार तयार गरी खाने, नाच गान गर्ने परम्परा छायसरी ३/४ दिनसम्म रमाइलो गरिन्छ। खोइखाने भनेपछि सती घाटु नचाएपछि खाइने भोज भन्ने बुझ्नु पर्दछ।

३.६.४.४ पुसेपन्ध्रको खाजा

पुस पन्ध्रको अवसरमा माइती पक्षका बाबुहरू तथा दाजुभाइहरू चेलीबेटीकहाँ खसी लिएर जान्छन्। चेलीबेटीले पनि रोटी तथा रक्सी तयार गर्दछन्। अनि खसी काटेर रोटी र रक्सीको साथमा मासु खान्छन्। साथै त्यस अवसरमा स्थानीय नाचगानका साथ मनोरञ्जन पनि गर्दछन्। यो प्रथालाई "पुसेपन्ध्रको खाजा" भन्दछन्। अर्को दिनमा पनि अरू दाजुभाइका चेलीबेटीकहाँ गएर त्यसै गरी खाजा खाने र मनोरञ्जन गर्ने गर्दछन्। आफ्ना घरका महिलाका माइती पक्ष पनि त्यसैगरी आफ्ना घरमा आएर खानपिन तथा मनोरञ्जन गरेर फर्किन्छन्। पुस पन्ध्रदेखि त्यो महिना भरी नै यो परम्परा लागू हुन्छ। यसैदिनदेखि नयाँ वर्ग पनि सुरु हुन्छ। तिब्बती चिनीयाँ पात्रोअनुसार पुसे पन्ध्रदेखि नयाँ वर्ष आरम्भ हुन्छ।

३.६.४.५ चेलीबेटीले बाटो छेक्नेः

गाउँघरमा कुनै नाचगान लगाइसकेपछि त्यहाँ आएका इष्टमित्र, बन्धुबान्धव सबै बिदा भएर फर्किन लाग्दा तगारामा, गेटमा अथवा त्यो घरको निकास क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँका चेलीबेटी भेला हुन्छन् । त्यहीँ भूइँमा गुन्द्री बिछ्याएर त्यहाँ माथि डालो या नाङ्लो र त्यहाँ माथि पेरूङ्गामा रोटी र पुङमा रक्सी राखेर नाचगान गर्न थाल्दछन् । गुन्द्री माथि झामु पनि बिछ्याउँछन् । यो क्रियाकलापलाई चेलीबेटीले बाटो छेक्ने भन्दछन् । ती पाहुना छोरामान्छे र घरतर्फका छोरीमान्छेका बीचमा दोहोरी नाचगान चल्दछन् । केही समय मनोरञ्जन गरेपछि सोही डालामा, नाङ्लामा, झामुमा पाहुना पक्षले केही रुपियाँ राखिदिन्छन् । अनि त्यहीँ सबैले थोरै थोरै रक्सी पिउँछन् र पेरङ्गो समेतै रोटी लिएर जान्छन् । रुपियाँ नराखी ती चीज नउठाउने परम्परा छ । रुपियाँ यति नै राख्नु पर्दछ भन्ने चाहिँ छैन । त्यहाँ राखिएको रकम चेलीबेटीको हुन्छ भने खाजा चाहिँ पाहुनाको हुन्छ । आफ्ना समूहको कोष बढाउने काममा सो रकम जम्मा गर्दछन् ।

३.६.४.६ सामाजिक संस्था रोदि

गुरुङ भाषामा रो भनेको सुत्ने र धिँ भनेको घर हो "रोधि" भन्नाले सुत्ने घर भन्ने बुझिन्छ । अघि अघि गाउँ घरका युवा युवतीहरू त्यसै घरमा भेला भएर धागो कात्ने धागोबाट विभिन्न सामान बुन्ने काम गर्दथे । उदाहरणमा उनीका राडी, पाखी, बक्खु जस्ता सामग्रीलाई लिन सकिन्छ । पछि त्यो शब्द अपभ्रंश भएर "रोदि" भयो । काम पनि परिवर्तन भएर नाच गान तथा बाद्यवादनमा सऱ्यो । त्यसपछि त रोदिघर भनेपछि नाच गान गर्ने घर भन्ने बुझिन थालियो । दुरा समाजमा "रोदि बस्ने" प्रचलन छ । गाउँघरमा दिनभरि मेलापाता गएर कामले थाकेर आएका युवायुवतीहरू साँझमा त्यसै रोदि घरमा भेला हुन्छन् । दिनभरका आफ्ना दुखः सुखका अनुभवहरू एक आपसमा आदन प्रदान गर्दछन् । मादल बजाउने, गीत गाउने, नाच्ने गर्दछन् । त्यसरी बसे भन्दैमा, मनोरञ्जन गरे भन्दैमा नकारात्मक उच्छृङ्खल क्रियाकलाप भने प्रायः हुँदैन । सामाजिक वातावरण खुला भए पनि आत्म संयमी भई विश्वासमा चलेका हुन्छन् ।

रोदि घरमा केटीलाई रिमैरानी, फुलरानी, दहीरानी र केटालाई फुलसाही, रामसाही, मनसाही जस्ता उपनाम राख्ने परम्परा छ । यस चलनलाई "सियो"भन्दछन् । (दुरा जातिको संस्कृति (गणेशमान गुरुङ पृ.२८) रोदि बस्ने प्रचलन दुरा समाज र गुरुङ समाजको साझा परम्परा हो । मगर समाजमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि रोदि बस्ने परम्परा छ ।

आधुनिक दृष्टिकोणले रोदिको परिभाषा गर्ने हो भने पाश्चात्य समाजमा पाइने नाइट क्लब जस्तै एउटा क्लब हो तर यौन सन्तुष्टिको लागि संगठित संस्था भने रोदि होइन । रोदिमा यौन स्वतन्त्रता हुन्छ अरे भन्ने कुरा एउटा भ्रम मात्र हो । रोदिमा चोखोमाया, फुको ठट्टा अवश्य हुन्छ । प्रेम र विलासमा धेरै अन्तर हुन्छ । रोदिको चलन नभएका समुदायमा पनि कतिपय अवाञ्छनीय व्यभिचारहरू भएको पाइन्छ । उच्छृङ्खलता, व्यभिचार र विलास भन्ने कुरा मानिसको स्वभाव र आचरणमा भर पर्ने कुराहरू हुन् । अतः सच्चा हृदयले हाँसी खेलेकोमा त्यसलाई यौन स्वतन्त्रता भन्न मिल्ला र ? के मानिसले मानिसमा प्रेम गर्न मिल्दैन के नारी जातिलाई स्वतन्त्रता नदिई रूढीवादी अन्धविश्वासमा जकड्याई राख्ने हो भने त्यो कुरा भिन्नै हो ।

रोदि युवक र युवतीका छुट्टा छुट्टै पनि हुन्छन् । बेलुका खानपिन गरी समवयका युवा युवतीहरू रोदिघरमा जम्मा हुन्छन् । हातले गर्ने काम युवाबाट धागो झिक्ने, कम्बल, बक्खु, थैलो, भाङग्रा सिउने आदि काम गर्दछन्, मनोरञ्जनको साधन केही नभएको गाउँले समाज भएको हुँदा रोदिघरमा नाच गान गरी दिन भरिको दुख र थकाइलाई बिर्सेर आनन्द लिन्छन् । युवतीहरूको रोदिघरमा युवकहरू पनि आउँछन् । रोदिघरका बूढालाई रौस्यो बायु र बूढीलाई रौस्यो आमा भन्दछन् । रोदिका युवतीहरूलाई रौस्यो भनिन्छ । रौस्यो आमा र रौस्यो बाबुले आफ्ना रौस्योहरूलाई असल शिक्षा दीक्षा दिन्छन् र उनीहरूकै निर्देशनमा रौस्योहरू हुन्छन् । घाटु, सोरठी , कृष्ण चरित्र, भक्ति आदि परम्परागत सांस्कृतिक नृत्य र ठेटर जस्ता आधुनिक नाचको संचालन गर्ने अभिभारा यही रोदिका रौस्योहरूले बहन गरेका हुन्छन् । यसरी विविध सांस्कृतिक परम्पराहरूको हस्तान्तरण र जगेर्ना गर्ने काममा रोदिका यी युवतीहरूको अग्रणी भूमिका रहेको हुन्छ । समूहमा मिलेर बस्ने, व्यवहार गर्ने, समझदारी र अनुशासनको पाठ सिके पछि विवाह गरेर गार्हस्थ्य जीवन बिताउन सजिलो पर्दछ । वास्तवमा गार्हस्थ्य जीवनमा प्रवेश गर्न युवतीहरूका लागि रोदि एउटा उपयुक्त पाठशाला हो (गुरुङ, २०६४: पृ १६५-१६६) ।

रौस्योहरू आफ्ना मायादु माइतिहरूसंग हुरी पर्म गर्ने गर्दछन् । रोदिका युवायुवतीहरूमा सिलु प्रेंवको चलन छ । पहिले सम वयष्कका युवकहरूले नयाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मादलको उपहार लिएर युवती कहाँ जान्छन् । ती प्रत्येकलाई युवतीहरूलेकम्तीमा पनि एकसय गोटाको दरले रोटी र सोही अनुसारको रक्सी पठाइदिन्छन् वा लिएर आफै पनि जान्छन् । युवकहरूले वनतरूल, कालिज, प्यूरा आदि चराचुरूङ्गीको मासु,खिर जस्ता चीज पेरूङ्गामा ल्याइन्दिछन् । युवतीहरूले पनि भाङग्रा, खादि वा ऐंठे बुनेर युवकहरूलाई दिन्छन् । त्यसको सट्टामा युवतीहरूलाई क्रामु किनेर लगिदिन्छन् । यसरी सेलु प्रेंव युवायुवतहिरूलाई मायाको माइती र मायाकी बहिनी भन्दछन् (गुरुङ, त्यही...)

आधुनिक युगमा प्रचलित युवा क्लब, आमा समूह, बाबु समूह, टोल सुधार जस्ता संस्थाहरूको काम पनि पुरानो समयमा रोदिबाट नै भएको कुरा अध्ययनले बताएको छ । उदाहरणका लागि रोदिघरमा वर्षको एक चोटि गाउँ घरका प्रत्येक घरबाट घरमूली (घरको बाबु) हरू रोदिघमा जुट्ने, युवा शक्तिलाई पनि त्यहीँ बोलाउने, गाउँघरको थितिरिति बसाल्ने गर्दथे । त्यो वर्ष भरि गाउँ घरमा उत्पादन गरिएका बस्तुहरूको निश्चित मूल्य कायम गर्ने काम हुन्थ्यो । जस्तै खसी बोकाको मासुको मूल्य घिउ, तेल, खुदोको मूल्य, अन्नको मूल्या सामान्य कृषि काम गर्ने खेतलाको पारिश्रमिक दर, सिकर्मी डकर्मीहरूको पारिश्रमिक दर रोदिघरबाट निर्धारण गरेपछि एक वर्षसम्मका लागि सोही भाउताउ कायम रहिरहन्थ्यो । त्यसै गरी सालको एक चोटि दशैंको अवसरमा बाटो बनाउने, बाटाको वरिपरि, तलमाथि झारफाँड गर्ने, पोखरी, पानी पधँरा, धारा, कुवा मर्मत तथा सफा गर्ने, आवश्यक परेको ठाउँमा अनिवार्य रूपमा एक एक दिन प्रत्येक घरबाट झारा जाने नियम बसालिथ्यो र कार्यान्वयन पनि हुन्थ्यो । गाउँघरमा कसैले सामाजिक मर्यादालाई उलङ्गन गऱ्यो भने के कति रकम जरिवाना वा चन्दाको रूपमा लिने, कुन हदसम्मको सजायाँ गर्ने जस्ता निर्णय हुन्थे । गाउँघरका मुद्दा मामिला भरसक गाउँघरमै मिलाउने कार्यक्रम बनाइन्थ्यो । यसरी रोदि प्रथा सामाजिक संस्थाको रूपमा स्थापित भएको थियो । अहिले आएर रोदि प्रथा पछाडि परेको हो । त्यसैको आधुनिक तथा विकसित रूपमा आमासमूह, बाबुसमूह, अनेकौं युवाक्लवहरू खुलेका छन् । पहिले रोदिघरबाट गरिने छलफल तथा निर्णयका काम अहिले आएर यिनै संस्थाले गर्न थालेका छन् । कुनै ठाउँमा रोदिघरमा नाचगान, बजान जस्ता मनोरञ्जनात्मक क्रियाकलाप मात्र हुन्थे भने माथि उल्लेखित छलफल तथा निर्णयहरू मुखियाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरबाट हुन्थे । मुखियाको घरमा गाउँका सबै घरका प्रतिनिधिहरू उपस्थित हुन्थे । त्यहीँ विभिन्न कुराको छलफल र निर्णय हुन्थ्यो ।

३.६.४.७ देउबहादुर दुरा (वि.सं. १९५०-१९९३)

लमजुङ जिल्लाको साबिक नेटा गाविस वार्ड नं १ (हाल मध्यनेपाल नगरपालिका वडा नं. १० ठूलो हाँडी खोला बर्धान्मा वि.सं १९५० मा देउबहादुर दुरा जन्मेका हुन् । उनी सामान्य परिवारमा जन्मेका हुन् । सानै उमेरदेखि हासखेल ठट्टामस्करी र रङ्ग रौसमा लाग्ने उनी रोमान्टिक स्वभावका थिए । शारीरिक बनौटका दृष्टिले उनी अत्यन्त राम्रा थिए । गोरो वर्ण, ठाडो मुहुडा, पुष्टछाती पोटिलो अनुहार, हट्टाकट्टा शरीर भएका देउबहादुर आकर्षक व्यक्तित्व थिए । सेतो रङको नैनसुतको ठुटे भोटो, कालो इष्ट कोट, सेतो धरो र कालो रङको कार्चोपी टोपी लगाउँथे । इष्टकोटमा झुम्का पनि हुन्थे । इष्टकोटको दाहिने खल्तीमा बाहिर पट्टि झुम्का निकालेर रातो रूमाल पट्याएर राख्थे । उनको लवाइ आकर्षक हुन्थ्यो ।

उनी ज्यादै बलिया पनि थिए । केटाकेटी अवस्थामा हाक्की खेल्ने, बल दाँज्ने भनेर खेलाँइची गर्दा पनि आफ्ना दोस्ती दौँतरीहरूमा सबैभन्दा उनै बलिया थिए । लमजुङे ठाडो भाका गीतको सुरुवात यिनैले गरेका हुन् । देउबहादुर दुराभन्दा अघि पनि सुषुप्त रूपमा कसैले त्यस्तो खालको गीत गाउने गरेका त हुँदा हुन् तर स्थापित हुन सकेनन् । देउबहादुर दुराको चल्ती फिर्ती नहुँदासम्म ठाडो भाका गीत गाइँदा पनि गाइँदैनथ्यो र नाम पनि सुनिँदैनथ्यो । यिनले सुरु गरे पछि गीत गुन्जिन थालेको र नाम पनि सुनिन थालिएको हो ।

शिवरात्रिका दिनको रातभर हुँदै भोलिपल्ट बिहान समेत कर्पुटरमा, फागुपूर्णिमाका दिनको रातीदेखि भोलिपल्ट बिहान सम्म धुलपुरे बजार (भोर्लेटार) मा यो गीत गाउन थाले । तीजको दिनमा च्यानपाटाको बजारमा उनले यो गीत गाउन थाले । हरि बोधनी एकादशीका दिनमा गुम्बाघाट, शिशाघाट जस्ता हाटबजारमा पनि गीत गाउन थालियो । त्यसैगरी चैते दशैंको रामनवमीको दिनमा तुर्लुङकोट कालिका मन्दिर परिसरमा पनि यो गीत गाउन थालियो । यदाकदा जिता सातधारेको ठूली पोखरीको मैदानमा पनि उनले यो गीत गाउँथे । यसरी लमजुङका विभिन्न ठाउँमा गीत गाएर उनले आफ्नो प्रतिभाको पहिचान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएका थिए । कर्पुटारको शिवालय परिसरमा उनले सबै भन्दा पहिले ठाडो भाका गीत गाउन मुख खोलेका हुन् भन्ने कुरा उनकै छोरा मोतीलाल दुराबाट यो पंक्तिकारले जानकारी लिएको हो । उनी त्यतिबेला १७ वर्षका थिए रे भनेर देउबहादुर दुराकी बुहारी चिनीमाया दुराबाट पनि यो पंक्तिकारले सूचना पाएको हो । देउबहादुर दुराले गीत गाउने, मनिरामले मादल बजाउने, पञ्चसुब्बा गुरुङले गीत छोप्ने र पुतली दुराले प्रत्युत्तर दिने यो ठाडो भाका गीत मण्डलीले त्यतिबेला आदर्श रूप लिएर श्रेय कमाएको थियो । उनको गीत यस्तो थियो ।

"देउबहादर तीसको मनिराम बीसको पुतली पन्ध्रकी । यो पहिलो चरण कसैको नि होइन हो सूर्य चन्द्रकी ।" देउबहादुर दुराको गीतको साथमा अभिनय पनि उत्तिकै राम्रो थियो । उदाहरणः देउबहादुर तीसको (आफूतिर देखाउने) मनिराम बीसको (मनिराम तिर देखाउने) पुतली पन्ध्रकी (पुतली तिर देखाउने) गर्दथे । यो भनाइ (फेद) हो । अब दोस्रो भनाइ (टुप्पो) तिर जाँदा यो पहिलो चरण कसैको नि होइन (हात हल्लाउने), हो सूर्य चन्द्रकी (आकासतिर देखाउने) यसरी शब्दले, भावले र अभिनयले दर्शक तथा श्रोताहरूलाई मन्त्रमुग्ध पार्न सक्ने कला उनमा थियो । उनको अर्को गीतको उदाहरण :

तुर्लुङकोट मुनि बज्यो शङ्ख धुनी जोगी छ कि जालन्धर ।
कदमको छायाँ सुन मेरो माया, नगर है सेखी, नेटाको सिमलको रूख ढलेदेखि,
काँचुपाते काइना शीतल पाको छैन, धोबी लुगा धुँदा त्यसो भाको हुँदा परेँ म त अलन्तर ॥

यसरी धेरै बेर भट्याएर गीत गाउने गर्दथे। यसको रहस्य के भने नेटामा लक्ष्मी दुरा निकै सिपालु गाइका थिइन् । उनीसँग देउबहादुरको गीति टक्कर मिल्दथ्यो । ती महिलाको अल्पायुमै निधन भएको कारण आफू मिल्दो जोडी भेटिएन भन्ने उनका गीतको भाव झल्कन्थ्यो । माथिका गीतको प्रत्युत्तर पुतलीबाट आउँथ्यो ।

नक्कले कुखुराको बाह्र बीस चल्ला मोहोलाले भत भत ।
दाम पैसालाई गनी सिमलको रूख ढल्यो भने पनि
बोली होला कस्तो बगैँचामा रूखै छैन भने जस्तो
लाहुरेदाइको झोला त्यसै भर होला तिम्रो बोली लतपत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी दोहोरो गीत चल्दथे ।

त्यस्तै अर्की पिचारी दुरासँग पनि देउबहादुरको गीतको टक्कर पर्दथ्यो । देउबहादुरको अर्को गीतको नमुना यस्तो थियो

◊ कता गए बाघ भालु ? कता गए मृग ? कता गयो शिकारी ? तित्तरीलाई किउँ हजुर मैले के पो दिऊँ ? म आफै छु भिकारी ॥ यस्तो गीत सुनेर पिचारी दुराले यसरी प्रत्युत्तर दिन्थिन् ।

◊ बाह्र बीस कुखुराको तेह्र बीस चल्ला हुर्काउँला कनिकाले । बिरगन्जको सलाई, मुखले राम्रो राखे पनि पाथी भात खाए जस्तो हुने थियो मलाई, लाहुरेदाइको झोला भिकारी छु भनी किन बोल्या होला ? किनभाको अनिकाले ?

त्यसैगरी देउबहादुरको अर्को गीत यस्तो थियो ।

◊ देउबहादुर दुरा झऱ्यो कर्पुतिर घमासान जसो होला । घुयँत्रालाई भिचि हजुर अब साइनो मिची माया लाउन कसो होला ?

◊ यसरी उनी रोमान्टिक पाराका गीत गाएर रमाइलो गर्दथे ।

◊ देउबहादुर दुराले गीत गाउँदा ठूलोस्वाँराका मनिराम दुराले मादल बजाउँथे । उनी मादल बजाउन सिपालु थिए ।

देउबहादुर दुराले गीत गाउँदा गीत छोपेर उनलाई साथ दिने काम कास्की मिजुरेका पञ्चसुब्बा गुरुङले गर्दथे ।

◊ देउबहादुर दुरापछि कास्की, जिल्ला हंसपुरका बखतबहादुर गुरूङले ठाडोभाका गीत गाएका थिए ।

◊ उनीपछि बाङ्ग्रेका भैरवहादुर राना भाट, तान्द्राङका जमानसिंह दुरा, कुन्छाकी भक्ति दुरा, तान्द्राङकी सकुन्धरा गुरुङ आदि गायक कलाकार निस्के । देउबहादुर दुराको प्रतिनिधि गायक कलाकारका रूपमा भेडीखर्के साहिला (दीर्घराज अधिकारी) स्थापित भए । आफू बाह्मणको छोरो भएर पनि दुरा जातिको संस्कृतिलाई बँचाउने काममा उनको ठूलो योगदान छ । ठाडो भाका गीतका कलाकारहरूलाई साफा गुथाइदिने नोटका फुल लगाइदिने र अबिरजात्रा गर्ने परम्परा छ । तित्तरीलाई किउँ, घुयँत्रालाई भिचि जस्ता दुरा भाषाका शब्दहरू पनि संस्कृति भित्र लुकेका रहेछन् । गीतका साथसाथै भाषालाई समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उजागर गरेको छ । वि.सं १९९३ मा उनको स्वर्गारोह भयो ।

◊ मध्य नेपाल नगरपालिका-१०, हाँडिखोलाको ठूलो वर्धान भन्ने ठाउँ जहाँ देउबहादुर दुराको जन्म भएको थियो । सोही क्षेत्रमा मध्य नेपाल नगरपालिकाको आर्थिक लगानीमा एउटा ठूलो घुमाउने घर निर्माण गराइएको छ । त्यसलाई दुरा सङ्ग्रहालयको रूपमा राखिएको छ । देउबहादुर दुराको सम्झनामा निर्माण गरिएको सो सङ्ग्रहालयको "देउबहादुर दुरा स्मृति भवन" नामकरण गरिएको छ ।

३.६.४.८ लमजुङे ठाडो भाका

लमजुङ जिल्लामा ज्यादै लोकप्रिय भएर बहुप्रचलित भएको लोक गीत लमजुङे ठाडो भाका हो । महाशिवरात्रिको अवसरमा विशेष गरी कर्पुटारमा यो गीत गाइन्छ । त्यस्तै फागु पूर्णिमाको अवसरमा धुलपुरे (भोर्लेटामा) गाइन्छ । त्यसैगरी तीजको दिनमा च्यानाटामा यो गीत गाउने चलन छ । उक्त समय बाहेक अन्य जुन कुनै समयमा र ठाउँमा पूजा आजा, रामरमिता, संघ संस्थाको उत्सवको अवसर पारेर पनि यो गीत गाउने चलन छ । मनोरञ्जनका लागि पनि यो गीत गाउने गरेको भेटिएको छ । गीतको साथमा मादल बजाइन्छ । यसमा एकजना छोरो मान्छे र एकजना छोरी मान्छे मूल गायक कलाकारका रूपमा रहन्छन् भने अन्य सहयोगी दुवै पक्षका ३/४ जनाका दरले बसेका हुन्छन् । उनीहरूले गीत छोप्न र मादल बजाउनमा मद्दत पुऱ्याउँछन् । साथै गीतको स्वर पूरा गर्न सहयोग गर्दछन् । सुरुमा ठाडो भाका गीत गाउँदा देउबहादुर दुरा छोरो मान्छेको भेषमा ठडिएर नाच्दै गीत गाउने र मनिराम दुरा (ठूलो स्वाँरा) छोरीमान्छेको भेषमा बसेत गीत गाउने गरेका हुन् । करापुटारका महादेवको मन्दिर नजिकैको पार्वतीको मन्दिर भएको गरामा उक्त कार्यक्रम भएको थियो । पछि महिलाको ठाउँमा महिला नै रहेर गीत गाउने परम्पराको विकास भएको हो । त्यसरी गीत गाउने पहिलो महिला नेटाकी लक्ष्मी दुरा हुन् भनी हाँडीखोला सानो वर्धानका नरबहादुर दुरा (पाचे) ले यो पक्तिंकारलाई बताएका हुन् ।

सन्तान प्राप्तिका लागि रातभर उभिएर (ठडिएर) शिवजीको नाउँमा बालिने बत्तीलाई ठाडोबत्ती भनिन्छ । त्यस्तो ठाडोबत्ती बाल्ने चलन करापुटारमा ज्यादै लोकप्रिय र सहज मानिन्छ । त्यसरी बत्ती बाल्ने महिला अनगिन्ति हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाडोबत्ती बाल्ने ठाउँमा गाइने गीत भएर ठाडो भाका गीत भनिएको पनि हुनसक्ने बुझिन्छ। लमजुङमा गाइने ठाडो भाका गीत भएको हुँदा यसलाई लमजुङे ठाडो भाका भनिएको कुरा पुष्टि हुन्छ। ठाडो भाका गीत गाउँदा मूल गायक छोरो मान्छे उभिएर गीत गाउने अरू दुबै थरीले बसेरै छोप्ने परम्परा हो। त्यसैगरी छोरीमान्छेले गीत गाइन्जेल (भट्याइन्जेल) छोरो मान्छे ठडिइरहने र गीत टुङ्ग्याएपछि सबैले गीत छोप्दा नाच्ने चलन छ। आफूले गीत गाउँदा पनि ठडिएर गीत गाथा भट्याइरहने र गीत टुँगिएपछि नाच्ने गर्दछन्। नाचमा ठूलो परिश्रम पर्दैन। हल्का तरिकाले नाच्ने हुनाले दिनभर, रातभर नाच्दा पनि थाकेको महसुस हुँदैन। छोरो मान्छे उभिएर गीत गायँदै नाच्ने र छोरी मान्छे बसेर गाउने परम्परा हो तर छोरो मान्छे पनि बसेर नाचेको भेटिएको छ। छोरो मान्छे उभिएर नाचेको रोचक देखिन्छ। दुवै थरीले एक आपसमा धेरै भन्दा धेरै फुँदा गाँसेर गीत गाउँछन्। गीतको भाकामा एक आपसमा ठाडो शैलीमा प्रश्न गर्ने र सोही शैलीमा उत्तर दिने परम्परा भएको हुनाले यसलाई ठाडो भाका गीत भनिएको पनि बुझिन्छ। लमजुङबाट यो गीतको थालनी भएको हुँदा यस गीतलाई लमजुङे ठाडो भाका भनिएको हो। लमजुङ बाहेक गोरखा, तनहुँ र कास्कीमा यसको प्रभाव छ। यसका स्रष्टा देउबहादर दुरा हुन्। ठाडो भाका क्षेत्रीय दृष्टिले लमजुङको पहिचान र सांस्कृतिक दृष्टिले दुरा जातिको निजी पहिचान हो। भेडीखर्के साहिँला (दीर्घराज अधिकारी) वि.सं.१९९०-२०७४

पछिल्लो समयमा आएर देउबहादुर दुराको उत्तराधिकारीका रूपमा भेडीखर्के साहिला भनिने दीर्घराज अधिकारी स्थापित भए। लमजुङे ठाडोभाकामा गाइने उनका गीत निकै राम्रा र रोचक छन्। भेडीखर्के साहिँलाले गीत गाउँछन् रे भन्ने सुने पछि टाढा टाढाबाट श्रोताहरू त्यस ठाउँमा खचाखच हुन्थे। उनी दुराडाँडा, सिँदुरेमा जन्मे हुर्केर परेवाडाँडामा आई बसोबास गरेका कलाकार हुन्। उनी ठाडोभाका शिरोमणिका नाउँले चिनिन्छन्। हिमचुली कला साहित्य प्रतिष्ठान,लमजुङले उनलाई त्यो उपाधी दिएको हो। उनी २०७२ सालको "नुर गङ्गा प्रतिभा पुरस्कार, काठमाडौँबाट सम्मानित भइसकेका व्यक्ति हुन्। उनी बसेर गीत गाउँथे। उनका साथमा रहेर गीत छोप्ने र मादल बजाउने काम देवीबहादुर गुरुङले गर्थे। देवीबहादुर गुरुङ पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक सशक्त कलाकार हुन् । लमजुङे संस्कृतिलाई माथि उठाउनमा उनको ठूलो योगदान छ । जेष्ठ नागरिक कल्याण समिति लमजुङले २०७२ साल असोज १४ गते लमजुङ जिल्लाबाट जेष्ठ नागरिकहरूलाई गरेको सम्मानमा लमजुङको संस्कृति संरक्षण, कला र साहित्यको प्रबर्धनमा उल्लेखनीय भूमिका निर्बाह गरेको भनी उनी सम्मानित भइसकेका छन् । उनी नेटा थान्सिङमा जन्मे, हुर्केर हाल सुन्दरबजारमा बस्छन् । ठाडोभाका गीत संरक्षणका लागि देवीबहादुर गुरुङ निर्देशक, धनबहादुर गुरुङ तथा काशी गुरुङ प्रायोजक र शेरबहादुर गुरुङ सहयोगी भएर विभिन्न ठाउँमा ठाडोभाका गीत प्रस्तुति सञ्चालन गरेका धेरै अभिलेख छन् ।

लमजुङको हिमचुली कला साहित्य प्रष्ठिानले २०६७ सालको महाशिवरात्रिका दिन कर्पुटारका इशानेश्वर महादेवको मन्दिर परिसरमा ठाडोभाका गीतको आयोजना गरेको थियो । भेडीखर्के साहिँला भनिने दीर्घराज अधिकारी र तनहुँ बन्दीपुरकी उत्तम गुरुङ बीच चर्को प्रतिस्पर्धा भएको थियो । लमजुङकै भोर्लेकी बुद्धिमाया दुरा तथा थान्सिङका धनबहादुर गुरुङले पनि ठाडोभाका गीत गाएका थिए । त्यस कार्यक्रमको प्रायोजन नेपाल प्रज्ञा–प्रतिष्ठानले गरेको थियो । प्राज्ञ द्वय प्रमुख तथा विशिष्ट अतिथिहरू बुद राना र डा. बेञ्जु शर्माले भेडीखर्के साहिँला र उत्तम गुरुङलाई दोसल्ला ओढाएर सम्मान गर्दै सम्मानपत्र समेत दिएका थिए । यस कार्यक्रमको लागि नेपाल प्रज्ञाप्रतिष्ठानले प्रायोजन गरेको थियो । सो गीति कार्यक्रको छायाङ्कन पनि गरिएको छ । यसको निर्देशक देवीबहादुर गुरुङ, निर्माता धनबहादुर गुरुङ र सहयोग पुऱ्याउने शेरबहादुर गुरुङ हुन् । सोही अवसरमा ईशानेश्वर महादेवको मन्दिर तथा त्यहाँको व्यवस्थापनका लागि धनबहादुर गुरुङले दुई लाख रुपियाँ चन्दा दिएको अभिलेख पनि यहीँ समावेश गरिएको छ । यस्ता धेरै सांस्कृतिक छायाङ्कन बेलायतमा लगेर नेपाली संस्कृतिको प्रचार गरेका अभिलेख पनि छन् । यस्ता कार्यक्रमा उनको समय, परिश्रम र धनको समेत धेरै लगानी भिजेको छ । यस्ता छायाङ्कनलाई देवी गरूङले लमजुङका विभिन्न गाउँ ठाउँमा लगेर निःशुल्क प्रदर्शन गरी प्रचारमा ल्याएको कुरा पनि यहाँ समावेश गरिएको छ । त्यसैगरी भोर्लेटार, थान्सिङको ठूलीचौर, नेटा, तनहुँको ठुल्दुङ्गा, तनहुँकै भन्सार जस्ता धेरै ठाउँमा ठाडोभाका गीत प्रस्तुत गरिएका अभिलेख छन् । २०६८ सालको चैतेदशैँको पूर्णिमाको अवसरमा तनहुँको ठूलढुङ्गा बजारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाडोभाका गीत सञ्चानलन गरिएको थियो। दीर्घराज अधिकारी र उत्तम गुरुङ गायक कलाकार थिए। ऐतिहासिक सांस्कृतिक धरोहरहरूको संरक्षण गरौँ भन्ने मूल नाराका साथ सो कार्यक्रम अघि बढाइएको थियो। तत्कालीन प्रधान सेनापति श्री छत्रमानसिंह गुरुङको प्रमुख आतिथ्यमा "चैतेदशैँ पूर्णिमा मेला २०६८" ठूल्दुङ्गाबजार उद्घाटन समारोहको कार्यक्रम सञ्चालन गरिएको थियो। २०७४ भदौ २६ गते भेडीखर्के साहिँला (दीर्घराज अधिकारी) को स्वर्गारोहण भयो। यी बाहेक लमजुङे ठाडोभाका संरक्षका लागि विभिन्न ठाउँबाट विभिन्न व्यक्तिले पहल गरिरहेका छन्। उदाहरण:

नेटातर्फ:

लक्ष्मी दुरा, धनबहादुर दुरा, गौमाया दुरा, देउमाया दुरा, राधा भण्डारी, चनमती दुरा, खौमाया दुरा, बालकुमारी दुरा,सन्तमाया दुरा, हस्तबहादुर दुरा, यमबहादुर दुरा (हाँडीखोला), पूर्णमाया दुरा (बाँसपानी), मङ्ली दुरा (कानीस्वाँरा), निर्माया दुरा तुर्लुङ, नन्दमाया दुरा, शेरजंग दुरा (सिँदुरे), विष्णुमाया दुरा (सालडाँडा), ढूलोघर स्यानी (तान्द्राङ), जमानसिंह दुरा (तान्द्राङ),सकुन्धरा गुरुङ (तान्द्राङ), मकैस्वाँरा माहिला, मोतीलाल दुरा (हाडीखोला),भैरवबहादुर रानाभाट (बाङ्ग्रेबेसी), विष्णुमाया दुरा (कोइरालाफाँट), राममाया दुरा (कानीस्वाँरा), डल्ली दुरा (कानीस्वाँरा), कालीबहादुर दुरा (कानीस्वाँरा), बुद्धिमान दुरा (धम्पु), सीता दुरा (कास्की), सोमा दुरा (कानीस्वाँरा), पूर्णमाया दुरा (कानीस्वाँरा), कुम्भराज दुरा वाद्यवादक (कानीस्वाँरा), नरमाया गुरुङ (छत्रेढुङ्गा, बाङग्रे) मञ्जु वि.क.(गाउँशहर) सुबेदार टकबहादुर गुरुङ (चित्रेपाङ, गोरखा), कृष्णबहादुर परियार (थान्सिङ)।

३.६.४.९ कर्पुटारका महादेव :

परापूर्वकालदेखि कर्पुटारमा इशानेश्वर महादेवको पुजा गर्ने चलन चलेको पाइन्छ। शिवरात्रिको दिन बिहानैदेखि भक्तजनहरूको घुइँचो लाग्दछ। शिवपार्वतीको पुजा गरी गाईको दुध चढाउने परम्परा छ। रातभर नाचगान बजान हुन्छ। भोलिपल्ट बिहान नुवाइधुवाइ गरेर शिवपार्वतीलाई जल चढाउने चलन छ। यी महादेवको पूजा व्यवस्थापनको लागि गुठीको व्यवस्था छ। गुठी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेको देवदेवीको पूजा चलाउनका लागि उनै देवदेवीको नाउँमा राखिएको जग्गा हो । सोही गुठीको माध्यमबाट पूजा चलाउने परम्परा छ । हरेक वर्ष महाशिवरात्रिको दिनमा शिवजीको पूजा गरी रुद्रीपाठ का साथ जलधारा दिइन्छ । साथै नजिकै रहेका गणेश र पार्वतीको पनि त्यसै दिन पूजा आराधना गरिन्छ । पश्चिम नेपालमा यी महादेवको विशैष महिमा छ । काठमाडौँ स्थित पशुपतिनाथको जात्रा पछिको काठमाडौँ भन्दा पश्चिमी नेपालको सबैभन्दा ठूलो जात्रा लाग्ने तीर्थस्थल यही हो । यहाँ लमजुङ, तनहुँ, कास्की, गोरखा, चितवन, नवलपरासी, स्याङ्जा तथा गुल्मीदेखिका भक्तजनहरू मेला भर्न आउने गरेको कुरा स्थलगत अध्ययनले बताएको छ । त्यस ठाउँमा महाशिवरात्रिको मेला भर्न आउने भक्तजनहरू करिब ६० हजारको हाराहारी हुने गरेको कुरा स्थानीय व्यक्तिहरूबाट थाहा लाग्दछ । शिवभक्ति बाबाजीहरू त नेपालबाटमात्र होइन भारतबाट पनि धेरै नै आउँछन् । धार्मिक पर्यटकीय दृष्टिले त्यो ठाउँ राम्रो मानिन्छ । यसै कर्पुटार भन्दा माथि पर्ने चिसङ्कु गाउँ साहित्यकार डिट्ठा श्रीप्रसाद घिमिरेको जन्मस्थल हो ।

३.६.४.१० छेलो

छेलो ना. (सं शैलेक) १. फलाम वा ढुङ्गाको डल्लो हत्केलामा लिई कुममाथिबाट ताकेको रेखामा उभिई सकेसम्म टाढा पुग्ने गरी हुत्याउने खेल (ने.बृ.शब्दकोश, पृः ४५८) । निश्चित तौल भएको, निश्चित मापदण्डको फलाम वा ढुङ्गाको डल्लो हातमा लिने, निश्चित रेखामा उभिएर निश्चित घेरा भित्र रहेर कुमभन्दा पछाडि हात नपुऱ्याई सकेसम्म अगाडि धेरै टाढा हुर्‍याउने खेल छेलो हो । यो खेल बलिया युवाहरू बीच प्रतिस्पर्धामा खेल्ने चलन हुन्छ । गाउँघरमा त ढुङ्गाकै डल्लो प्रयोग गर्ने परम्परा छ । मादी नदीमा गएर नदी किनारमा रहेको धेरै माथिबाट नदीले बगाउँदै, खियाउँदै गरी ल्याएको साह्रो बलियो, गोलो, डल्ले ढुङ्गो ल्याइन्छ । शिवरात्रिको भोलिपल्ट बिहान कर्पुटारमा, फागु पूर्णिमाका दिनको भोलिपल्ट बिहान धुल्पुरे (भोर्लेटार)मा चैते दशैंको नवमी (रामनवमी) का दिन दिउसो तुर्लुङ कालिकाको परिसरमा र तीजको दिनमा च्यानपाटामा छेलो हान्ने चलन पुरानो परम्परा नै हो । आजकाल सिँदुरेको मैदानमा पनि तिथिमिति मिलाएर छेलो हान्ने परम्पराको थालनी भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छेलो जित्ने व्यक्तिलाई टाउकामा साफा गुथाएर नोटका माला लगाइ दिएर अबिर जात्रा गराउने बलिया बलिया व्यक्तिले काँधमा बोकेर हुर्रे लगाउँदै बजार परिक्रमा गराउने परम्परा छ। छेलो खेलको स्रष्टा देउबहादुर दुरा हुन्। उनको चल्ती फिर्ती हुनुभन्दा अगाडि छेलो हान्ने चलन थिएन। सबैभन्दा पहिले मादीको ढुङ्गो ल्याएर शिवरात्रिको भोलिपल्ट बिहान कर्पुटारमा देउबहादुर दुरा एक्लैले छेलो हानेर यो खेलको सुरुवात गरेका थिए। त्यतिबेला यात्रुहरूलाई अनौठो प्रदर्शन भएको थियो। यो के हो ? कसो हो ? भनी प्रश्न चलेका थिए र अब अर्को व्यक्तिले यसै ढुङ्गालाई त्यहाँबाट फालेर यो डोब कटाउनु पर्ने यसको उद्देश्य हो भनी उनले उत्तर दिएका थिए। त्यो पटक त्यत्तिमात्र भएर अर्को वर्ष देखि प्रतिस्पर्धामा छेलो हान्ने पम्पराको विकास भएको कुरा नेटा गा.वि.स वार्ड नं १ सानो वर्धान निवासी ९० वर्षीय पाचे बूढा (नरबहादुर दुरा) ले यो पंक्तिकारलाई बताएका हुन्। उनको भनाइ अनुसार त्यो समय वि.सं. १९७० थियो। पछि यसको विस्तार भएर माथि उल्लेखित विभिन्न समयमा विभिन्न ठाउँमा छेलो हान्ने परम्पराको विकास भएको हो।

पछिल्ला दिनहरूमा छिमेकी जिल्लाहरूमा पनि छेलो हान्ने परम्पराको विकास भएको छ। उदाहरण : तनुहुँ जिल्लाको मिर्लुङ। छेलो हान्ने परम्परा दुरा जातिको निजी पहिचान हो भने क्षेत्रीय दृष्टिले यसको थालनी लमजुङबाट भएको हो। छेलोको आधुनिक रूप सटपुटलाई लिन सकिन्छ।

नोटः वि.सं. २०३७ सालभन्दा अगाडि दुरा समाजको युवाशक्ति रोजगारीको सिलसिलामा बेलायती सेना तथा भारतीय सेनामा भर्ती हुन जाँदा गुरूङ तथा मगर जस्ता अन्य जातिको पहिचान दिई भर्ती भएर निवृत्त जीवन बिताएका अभिलेख धेरै छन्। नेपालमा भने दुराकै पहिचानबाट भर्ती हुन मिल्थ्यो। विदेस जाँदा जात ढाँट्नुपर्ने कारणको बारेमा माथि नै चर्चा भइसकेको छ। यहाँ दुरा जातिले आफ्नै पहिचान दिने प्रयासको स्वाभिमानी अवधारणा र सफलतालाई चिनाउन खोजिएको छ। २०३७ सालको पुस महिनामा तत्कालीन सिंदुरे गाउँपञ्चायतका प्रधानपञ्च कप्तान बखानसिंह दुरा, उपप्रधानपञ्च जि.मु. भीमबहादुर दुरा, सुमे.मनबहादुर दुरा, कमानसिंह दुरा र लोकबहादुर दुरा मिलेर लमजुङका तत्कालीन जिल्लापञ्चायतका सभापति हरिप्रसाद अधिकारीलाई साथ लिएर काठमाडौँ गए। आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवेदन र जिल्लापञ्चायतको सिफारिस पनि साथैमा लगेका थिए । त्यो प्रतिनिधि मण्डलले राजदरबार, परराष्ट्र मन्त्रालय, भारतीय दुताबास र बेलायती दुताबासमा निवेदन दियो । दुराकै पहिचानबाट भारतीय सेना र बेलायती सेनामा भर्ती हुन पाउने व्यवस्था मिलाइयोस् भन्ने उनीहरूको माग थियो । उनीहरू फर्केर गाउँमा आए । त्यसै वर्षको फागुन महिनामा पेन्सन थाप्न पोखरा जाने भू.पू. सैनिकहरूलाई भारतीय तथा बेलायती पेन्सन क्याम्पका अफिसरहरूले अब आयन्दा दुरा समाजको युवाशक्तिले आफ्नै जाति दुराकै पहिचानबाट भर्ती हुन सक्ने व्यवस्था भएको छ भनेर सम्बन्धित निकायबाट आएको पत्र पढेर सुनाए । त्यहाँदेखि यताको दुरा समाजको युवाशक्ति उनकै जातिगत पहिचान दुराबाट नै ती ती ठाउँमा भर्ती हुने गरेको छ । साथै अन्य देसमा जानु परे पनि दुराकै पहिचानबाट जान मिलेको छ । यस मानेमा त्यो प्रतिनिधि मण्डल सफल भयो । यसको अवधारणा ल्याउने व्यक्ति दुरा सेवा समाजका पूर्व अध्यक्ष लोकबहादुर दुरा हुन् ।

३.६.४.११ मदिरा उत्पादन

दुरा जातिका महिलाहरूले मदिरा उत्पादन गर्दछन् । खास गरी जाँड र रक्सी गरी दुई किसिमको मदिरा उत्पादन गर्नु उनीहरूको पुर्ख्यौली धर्म र पेशा नै हो । त्यसबाट घरव्यवहार चलाउने, इष्टमित्र तथा आयलगयलहरूलाई समेत मान सम्मान गर्ने परम्परा छ । त्यस्तो चीज उत्पादन गर्न उनीहरू आत्मनिर्भर हुन्छन् । मदिराजन्य चीज उत्पादन गर्नका लागि मुख्य मसला भनेको मर्चा हो । मर्चा भएन भने चीज बन्दै-बन्दैन र मर्चा छ भने अरू मसला वा औषधि केही पनि चाहिँदैन । पहिले मर्चा उत्पादन गर्नुपर्दछ । त्यसपछि मदिरा उत्पादन गर्न सकिन्छ । मर्चा तयार गर्नका लागि विभिन्न किसिमका जडी बुटीहरूको आवश्यकता पर्दछ । मर्चा बनाउने कच्चा पदार्थका रूपमा चाहिने बनस्पति (जडीबुटी) सबै आफ्नै गाउँ ठाउँका वनजङ्गल, पाखा, खेत बारी र भीर पहरामा पाइन्छन् । तिनलाई चिन्न सक्नु सङ्कलन गर्नु र मात्रा मिलाउनु सबै भन्दा महत्त्वपूर्ण पक्ष हो । थोरै व्यक्तिले मात्र ती जडीबुटी चिनेका हुन्छन् । त्यस्ता बुटीको मात्रा मिलेन भने गुणस्तरीय चीज उत्पादन हुँदैन । त्यस्ता वनस्पति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(जडीबुटी) र तिनको मात्रा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

S.No	Name	Phonetic Symbol	Class	Percent
1.	ज्योरि	d^zori	Herb	50%
2.	खाइँ	K^hai˜	Herb	10%
3.	इँपारि	i˜pari	Tree	6%
4.	बासा	basa	Tree	5%
5.	जिम्पि	d^zimpi	herb	4%
6.	बोअ्	boʔ	Hrb	4%
7.	फाइँ	phai˜	Herb	3%
8.	टिगि	Tigi	Creeper	3%
9.	ताका	Taka	Herb	3%
10.	ङिअ्बो	ŋiʔbo	Herb	3%
11.	च्युना	t^sjuna	Herb	2%
12.	गुम्थि	gumt^hi	Herb	2%
13.	बो	Bo	Herb	2%
14.	पाका	Paka	Herb	1%
15.	फाका	p^haka	Herb	1%
16.	थ्याम्पु	t^hjampu	Herb	1%

माथि उल्लेख गरे अनुसारका वनस्पति (जडीबुटी) सङ्कलन गरी घाममा सुकाएर निश्चित मात्राको आधारमा एकै ठाउँमा जम्मा गरी कुटेर मसिनो धुलो (चूर्ण बनाउनु पर्दछ) । जडीबुटीका अतिरिक्त मर्चा पार्ने मुख्य चीज कोदो हो । कोदोलाई पिनेर धुलो (पिठो) बनाउनु पर्दछ । ४:१ को अनुपातमा दुवै थरी पिठो राम्रोसंग (सबै ठाउँमा पुग्ने गरी) मल्नु पर्दछ । कोदाको पिठो ४ ग्राम भए जडीबुटी चूर्ण १ ग्राम हुनुपर्दछ । अर्कातर्फ एउटा भाँडोमा पानी उमाल्नु पर्दछ । सामान्य हिसाब गर्दा १६ कि.ग्रा. कोदाको पिठोमा ४ कि.ग्रा. जडीबुटी चूर्ण (बुटी) मिलाएर २० कि.ग्रा.कच्चा सामग्रीमा आवश्यक पर्ने (२० लि. जति) उमालेको पानी मिलाउनु पर्छ । त्यसलाई मुछेर साना साना डल्ला पार्नु पर्दछ । ती डल्लालाई थेप्च्याएर रोटी (केक आकारमा) बनाउनु पर्छ । त्यसमा फुको पिठोको सहयोगं चाहिन्छ । परिधि ७.५ से मि र मोटाइ २ से मि. हुन्छ । पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्य कार्यको प्रयोगका लागि सजिलो र सहज होस् भनी त्यसो गरिएको हो। माथि उल्लेखित सामग्रीबाट माथि उल्लेखित साइजका गोटा केक बन्दछन्। त्यसरी तयार पारिएको चीजलाई मर्चा भनिन्छ। तल गुन्द्री बिछ्याएर एक आपसमा नखापिने गरी प्रत्येक केकलाई मिलाएर राख्नु पर्दछ। त्यसलाई गुन्द्रीमा फिँजाइसकेपछि माथिबाट पनि गुन्द्रीले नै छोप्नु पर्दछ। गुन्द्रीको ठाउँमा पराल प्रयोग गरे पनि हुन्छ। त्यति गरिसकेपछि त्यसलाई राती दिन निश्चित ठाउँमा सुरक्षा साथ रहन दिनु पर्छ। गर्मी मौसम भए चार दिन र जाडो मौसम भए एक हप्ता त्यतिकै रहन दिनु पर्दछ। त्यसमा ढुसी पलाउनु पर्दछ र मौसम हेरी जति दिन आवश्यक पर्छ त्यति दिन रहन दिंदा उचित हुन्छ। त्यति भएपछि मर्चा पाको हुन्छ। त्यसको तौल अन्दाजी ५० ग्राम हुन्छ। अनि थन्क्याउनका लागि डालो, थुन्से, बोरा जे भएपछि प्रयोगमा ल्याउन सकिन्छ। साथै आवश्यकता अनुसार तत्कालै त्यसको प्रयोग गर्न पनि सकिन्छ। त्यसमा शक्ति हुन्छ। तापक्रम दिनसक्ने गुण हुन्छ। पशुहरूमा हार्बोन शक्ति बढाउँछ। पशुहरूलाई खान दिंदा फाइदा नै हुन्छ। राँगो, गोरु, बोको जस्ता भाले वर्गका जनावरलाई दिंदा बढी प्रभावकारी हुन्छ। पशुहरूमा अरूची हुने, पेट ढाडिने र छेर्ने भएमा मर्चा खुवाइदिनाले आराम हुन्छ। पशुहरूको पेटमा विषादि परेको भएपनि यसले औषधिको काम गर्दछ। पशुहरूका लागि यो एक प्राकृतिक(अर्गानिक) औषधी हो

अर्को ठाउँमा पनि यसलाई प्रयोग गरिन्छ। मदिराजन्य चीज उत्पादन गर्दा प्रयोग गरिने बुटी (औषधि) यही हो। पहिले एउटा भाडाँमा कोदो उसिन्नु पर्दछ। उसिन्दा केही कोदाका दाना फुट्नुपर्दछ। त्यसपछि त्यसलाई अगेनोबाट बाहिर उतार्नु पर्दछ। त्यो सेलाए पछि एउटा सफा भाँडो (नाङलो, डालो, मान्द्रो जस्ता) मा राख्नु पर्दछ। अनि त्यसमा मर्चा फुटालेर सबै ठाउँमा पुग्ने गरी मल्नु पर्दछ।

मलिसकेपछि त्यसलाई एउटा माटाको घ्याम्पोमा अथवा प्लाष्टिकको ड्रममा राखेर बलियो बिर्को लगाउनु पर्दछ। त्यसमा स्वादिलो अम्लीय पन नआएसम्म त्यहीं रहन दिनु पर्दछ। गर्मी मौसममा छिटो र जाडो मौसममा ढिलो स्वादिलो अम्लीय पन आउँछ। त्यसलाई जाँड पर्नु भनिन्छ। अनि त्यसलाई झिकेर पानीमा मिचेर छपनीले छानी सेतो रस तयार पारिन्छ। त्यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाँड भनिन्छ। पिउनका लागि त्यो ज्यादै उपयोगी हुन्छ। त्यसलाई डबकामा राखेर पिउने चलन छ। आवश्यक पर्दा जतिखेर पनि झिकेर प्रयोगमा ल्याउन सकिन्छ। यसको सेवन गरेपछि त्यसको प्रभाव ढिलो पर्दछ र धेरै समयसम्म लागिरहन्छ। त्यसले मानिसको शरीरमा लालीमा चढाउँछ। कोदोको ठाउँमा चामल प्रयोग गरेर पनि सोही तरिकाले जाँड बनाउन सकिन्छ। त्यसलाई भातीजाँड भनिन्छ। पानी प्रयोग नगरी ठोस जाँडलाई घिउ, तेल, मसला मिलाई फुराएर खाँदा ज्यादै स्वादिलो हुन्छ। त्यसलाई ख्क्षए मष्भत को रूपमा लिइन्छ। पानी मिलाएर छपनीले छानेर पनि रस पिउन मिल्दछ। जाँडमा प्रसस्त अल्कोहल हुन्छ। माथिकै तरिकाले मर्चा मलेको कोदो सोली या थुन्सेमा राखेर ढुसी उम्रिए पछि रक्सी पार्न मिल्दछ। रक्सी पार्न प्रयोगमा आउने सामग्री र विधिः सबै भन्दा तल तामाको भाँडो बसालिन्छ। त्यसलाई ताउलो भनिन्छ। ताउलोमा जाँड राखिन्छ। ताउलो माथि पिँधमा रिङ्गै घेरामा दुला दुला भएको घ्याम्पो आकारको माटाको भाँडो जसलाई हण्डा भनिन्छ त्यो राखिन्छ।

त्यो भन्दा माथि माटाको आरी राखिन्छ। त्यो आरी रित्तो हुन्छ। त्यसलाई नानी भन्दछन्। त्यो भन्दा माथि तामाको आरी हन्डाको मुखमा राखिन्छ। त्यसलाई बट्टा भन्दछन्। आरी भरि चिसो पानी राखिन्छ। बीचको भाग खाली हुन्छ। त्यस हन्डालाई अगेनामा बसालिन्छ। अगेनामा दर्बिला दाउरा राखेर चर्को आगो बालिन्छ। आरीको पानी उम्लिए पछि त्यसलाई बिस्तारै सानो भाँडाले झिकेर फालिन्छ। त्यसमा अर्को चिसो पानी भरिन्छ। एवं रीतले तीन पटक पानी फ्याँकिसकेपछि हन्डाभित्रको खाली भाँडो (नानी) मा पसिना जम्मा भएको हुन्छ। त्यही पसिनालाई रक्सी भनिन्छ। यो पद्धतिमा तीन तह हुन्छन्। त्यसैले साङ्केकि भाषामा यसलाई तीनतले भन्दछन्। यसरी तयार गरेको रक्सीलाई तीनपाने रक्सी भनिन्छ। यस्तो रक्सी सबैभन्दा राम्रो हुन्छ। गुणस्तरीय रक्सी यस्तै हुन्छ। देवकार्य तथा पितृकार्य गर्दा र स्तरीय इष्टमित्रका लागि यस्तो खालको रक्सी प्रयोगमा ल्याइन्छ। सक्कली मदवालीहरूले यस्तै रक्सी प्रयोग गर्दछन्। सक्कली मदवालीहरू भनेका देवकार्य तथा पितृकार्य गर्दा रक्सीको प्रयोग गर्नै पर्ने र परम्परादेखि आफ्ना पुर्खाहरूले रक्सी या मदको सेबन गर्दै आएको वर्ग हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो भन्दा बढी चार पाने, पाँच पाने, सात पाने...आदि आदि हुँदै गएको रक्सी क्रमशः गुणस्तर हीन हुँदै जान्छ। त्यसले पार्ने प्रभावमा फरक हुँदै जान्छ। नक्कली मदवालीहरूले रक्सीको पहिचान कम र उपभोग बढी गरेको अध्ययनले बताएको छ। नक्कली मदवालीहरू भनेका देवकार्य तथा पितृकार्यमा रक्सी चढाउनु पनि नपर्ने र परम्परादेखि आफ्ना पुर्खाहरूले पनि रक्सी या मदको सेबन नगर्दै आएको वर्ग हो। नक्कली मदवालीहरूले बढी नशा सेबन गर्नुका कारण , महिलाहरूले आम्दानीको स्रोत जुटाउनाका कारण र सजिलोका कारणले पनि रक्सी पार्ने पद्धमिा परिवर्तन आएको कुरा एक अध्ययनले बताएको छ। पुरानो पद्धतिको प्रयोग गरेर रक्सी पार्दा समय धेरै लाग्ने र दाउरा बढी खर्च हुने गर्दछ। परिवर्तित पद्धतिको प्रयोग गर्दा समय थोरै लाग्ने र दाउराको पनि किफायत हुने गर्दछ। तर पुरानो पद्धतिको प्रयोग गरेर तयार पारेको रक्सी गुणस्तरीय र स्वास्थ्यको लागि पनि राम्रो हुन्छ भनी रक्सीका पारखीहरू बताउँछन्। नयाँ पद्धतिबाट तयार गरेको रक्सीनाई पनि पारखीहरू परिवर्तित पद्धतिको जस्तै हो भनी विश्लेषण गर्दछन्।

रक्सी पिएपछि त्यसको प्रभाव छिटै पर्न जान्छ र छिटै नशाले छोड्दछ। रक्सीमा प्रसस्त अल्कोहल हुन्छ। यसले मानिसको शरीरमा लालीमा चढाउँछ। परिवर्तित पद्धतिमा ताउलोभित्र जाँड राखिन्छ। त्यसमाथि नानी राखिन्छ। ताउलाको मुखमा एउटा भाँडोमा पानी राखिन्छ। यसमा दुई तहमात्र भएको हुँदा यसलाई साङ्केतिक भाषामा दुईतले भनिन्छ। वर्तमान समयमा हेर्दा रक्सी पार्ने प्रविधिमा परिवर्तन आएको पनि पाइएको छ। अरू प्रविधि उस्तै तर भित्रमाटाको आरी राख्ने ठाउँमा धातुको एउटा पातो राखेर त्यसको मुख छेउ गोलो बनाइन्छ। त्यो गोलो भागबाट पाइप घुसारेर बाहिर निकालिन्छ। अनि पसिना धारो वा थोपाका रूपमा निरन्तर पाइपबाट बाहिर आउएछ। त्यहीं एउटा भाँडो थापिदिनाले रक्सी त्यसैमा जम्मा हुन्छ। दुरा जातिका देवकार्य तथा पितृकार्यमा मदिराजन्य चीजहरू प्रयोगमा ल्याइने परम्परा छ।

३.६.४.१२ दुरा जाति भित्रका जान्नु पर्ने कुराहरू

१. वैवाहिक सम्बन्ध कायम गर्दाको शैली:

पाचे, दोर्दे धिगांल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुइँ क्याउँसा

२. सत्यनारायणको पूजा र रुद्री लगाउँदा बाहुन पण्डितलाई प्रयोग गरिन्छ भने अन्य सम्पूर्ण देवकार्य र पितृकार्यमा लामा या घ्याब्रेलाई गुरु पुरोहितको रूपमा प्रयोग गरिन्छ ।

३. देवकार्य र पितृकार्यमा ठाउँ अनुसार लामा या घ्याब्रे मध्ये कुनै एउटालाई प्रयोग गरिन्छ । समग्रमा भन्नु पर्दा दुबै थरीलाई प्रयोगमा ल्याइएको छ । अहिंसाका कारण आजकाल लामालाई बढी प्रयोगमा ल्याउन थालिएको छ ।

४. देवकार्य तथा पितृकार्य गर्दा लामा पण्डित भएमा किताब हेरेर पढ्ने र काटमार नगर्ने परम्परा छ भने घ्याब्रे पण्डित हुँदा किताब नहेरी मुखैले पढ्ने र काटमार गर्ने परम्परा थियो । आजकाल काटमारलाई हटाउँदै ल्याएको पाइएको छ ।

५. मान्छे मरेपछि लास डाडाँमा लगेर अन्त्यष्टि गर्ने पुरानो परम्परा हो भने आजकाल गङ्गाजीमा लगेर अन्त्यष्टि गर्ने परम्पराको पनि विकास भएको छ । दुबै ठाउँमा लास जलाउने चलन छ ।

६. दुरा समाजकी कुनै महिलाले प्रेमपाशमा परी कुनै पनि गैर दुरासँग वैवाहिक सम्बन्ध कायम गरेको खण्डमा त्यस्ता महिलालाई दुरा जातिका वास्तविक कर्म (देवकार्य तथा पितृकार्यमा सामेल न गराउने परम्परा छ । त्यसका अतिरिक्त फँसो र जाँडको घैटो. पनि छुन नदिने चलन छ । साथै त्यस्ती महिलाई माइतघरको तलामा जानसमेत नदिने परम्परा छ ।

७. मामाकी छोरी फुपूको छोरालाई पहिलो प्राथमिकता दिएर विवाह गराइन्छ । त्यस्तो सम्भव नभएका अन्य कुटुम्ब कहाँ जाने चलन छ । फुपूकी छोरी मामाको छोराले विवाह गर्ने परम्परा छैन ।

८. छोराको विवाह गरी दुलही भित्र्याए पछि ढोकामा कुखुरो काटेर आँगनमा मिल्काई कुखुराको कलेजाको माध्यमबाट दुलहा दुलहीको भाग्य रेखा हेर्ने परम्परा छ । त्यसलाई "चिङ् हेर्ने" (चिया हेर्ने) भनिन्छ ।

९. हरेक वर्ष नयाँ वर्ग सुरु भएपछि घरमा रहेको पुरानो लुङ्दो फेरी नयाँ लुङ्दो राख्ने परम्परा छ ।

१०. देवकार्य तथा पित्रकार्य लगायत अन्य पर्वहरूमा पनि दही मिसाएको सेता अक्षता मात्र प्रयोग गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. विवाहमा दुलहीका गोडा धुदा गोडा धुने मान्छे र पानी दिने मान्छे कुटुम्ब कुटुम्ब हुनु पर्दछ ।
१२. रजस्वला भएको समयमा नुवाइ धुवाइ गरेर अन्य काममा सामेल हुने तर देवकार्य र पितृकार्यमा सामेल नहुने परम्परा छ । साथै घरको तलामा पनि नजाने परम्परा छ । त्यसका अतिरिक्त जाँडको घैँटोलाई पनि नछुने चलन छ ।
१३. विवाह भइसकेकी छोरीबेटीले माइतीघरको जाँडको घैँटोमा हात हाल्न मिल्दैन । आवश्यक नै पऱ्यो भने डाडुको प्रयोग गर्ने परम्परा छ । साथै माइतीघरको तलामा राखिएको कुलको ढुम्रो छुन हुँदैन ।
१४. दुरा जातिका आदिदेव शिवजी (रुद्र) हुन् ।

नोटः यहाँ उल्लेख गरिएको विवरण विभिन्न ठाउँको अध्ययनबाट तयार गरिएको हो । विभिन्न बस्ती अनुसार केही चलनचल्ती फरक पनि भेटिएका छन् ।

३.६.४.१३ जिम्ति लेखन

हरेक वर्ष तीजको दरखाने दिनमा गाउँका युवायुवती रोदीघरमा भेला हुने र सियो राख्ने परम्परा थियो । सियो राख्ने भनेको उपनाम राख्ने भनेको हो । रोदीघरमा, मेलापातमा र जात्रामा सोही उपनामको प्रयोग गरिन्छ । अरू समयमा चाहिं वास्तविक नाम नै प्रयोग गरिन्छ । त्यसदिन घरका भित्तामा नाग, खजुरो, भ्यागुतो, माछा जस्ता जीवजन्तु, लाँकुरी, फूल जस्ता अनेकौं वनस्पति, चन्द्र, सूर्य, हिमाल तथा पहाडका चित्र लेख्ने परम्परा हुन्छ । यो परम्परालाई जिम्ती लेख्ने भनिन्छ । जिम्ति लेख्ने भनेको चित्र लेख्ने हो । चन्द्र, सूर्य, हिमाल, पहाड, प्राणी तथा वनस्पतिका चित्र लेख्ने भएका हुँदा यो जाति प्रकृतिको उपासक हो भन्ने बुझिन्छ । साथै शिव र पार्वतीका चित्र लेख्ने परम्परा पनि छ । यो समाजले शिव र पार्वतीलाई इष्टदेव र इष्टदेवीका रूपमा मान्ने गरेको पाइन्छ । आजकाल रोदी बस्ने चलन हराउँदै गए पनि समाज घरमा भेला भएर जिम्ति लेख्ने गरेको पाइएको छ । रोदिघरमा, मेलापात र जात्रामा सियोको प्रयोग गर्ने र अन्यत्र खास नामबाट नै सम्बोधन गर्ने गरेको पाइन्छ । सियो (उपनाम) का नाम–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरो मान्छेका :

राम साइ, डाल साइ, श्याम साइ आदि ।

छोरी मान्छेका :

रामरानी, सुनरानी, फुलरानी आदि ।

३.७ दुरा समाजका केही अग्रणी व्यक्तिहरू

१. दलभीम दुराः प्रथम विश्वयुद्धमा स्वतन्त्रताको लागि लडेर विदेशबाट तक्मा पाउन सफल व्यक्ति

२. पतिराम दुराः हाँडीखोलाका द्वितीय विश्वयुद्धमा वफादारपूर्ण काम गरेर मरणोपरान्त वीरचक्र *(V.C.)* पाउने व्यक्ति

३. बखानसिंह दुरा, भागु,सिँदुरेः दुरा सेवा समाजका प्रथम संरक्षक

४. दुर्गाबहादुर दुराः कुन्छा, पहिलो विद्यावारिधि

५. गोकुलप्रसाद दुराः तुर्लुङ, नेपाली सेनामा पहिलो कर्नेल (दुरा समाजबाट)

६. भक्तबहादुर दुराः तुर्लुङ, दुरा सेवा समाजको संस्थापक अध्यक्ष

७. लोकबहादुर दुराः ठूलोस्वाँरा, जनजाति महासंघको प्रथम उपाध्यक्ष (दुरा समाजबाट)

८. सूर्यप्रसाद दुराः कैलाली, नेपाल सरकारको प्रथम सहसचिव (दुरा समाजबाट)

८. यमबहादुर दुराः भागु, पत्रकारिता विषयमा पहिलो स्नातकोत्तर (दुरा समाजबाट)

१०. गोविन्द दुराः कुन्छा, कानुन विषयमा पहिलो स्नातकोत्तर (दुरा समाजबाट)

११. विमाकुमारी दुराः भागु, प्रथम राष्ट्रिय गायक कलाकार (दृरा समाजबाट)

१२. सावित्री दुराः स्याम्घा, तनहुँ, प्रथम सभासद (दुरा समाजबाट)

१३. गायत्री दुराः स्याम्घा,तनहुँ, प्रथम प्रदेश सभासद (दुरा समाजबाट)

१४. शान्तिश्री दुराः ठूलोस्वाँरा, दुई विषयमा स्नातकोत्तर (शिक्षातर्फ स्वास्थ्य र जनसङ्ख्या, स्वास्थ्यतर्फ नर्सिङमा स्नातकोत्तर दुरा समाजबाट)

१५. सिर्जनशोभा दुराः तुर्लुङ, पहिलो एम.बि.बि.एस डाक्टर (दुरा समाजबाट)

१६. धुपा दुराः ठूलोस्वाँरा, पहिलो राष्ट्रिय नर्तकी (फिल्मी स्टार,दुरा समाजबाट पहिलो))

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल आयल निगमका कर्मचारी मिथुन दुरा (सिँदुरे) अधिकृत तहमा पुगेका छन् । भागु निबासी राजु दुरा बेलायती सेनामा क्याप्टेन पदमा पुगेका छन् । पत्रकारितामा ख्यातिप्राप्त व्यक्ति भागु निबासी यमबहादुर दुरा हुन् । भागु निबासी स्व. बखानसिंह दुरा बेलायती सेनामा कप्तानको उपाधि लिन सफल व्यक्ति हुन् । उनी दुरा सेवा समाजका संस्थापक अध्यक्ष समेत हुन् । वीरबहादुर दुरा (कानेस्वाँरा), केशबहादुर दुरा (तुर्लुङ) र तुलबहादुर दुरा (नेटा) दुरा भाषा खोजकर्ता हुन् । लमजुङ ठाडोभाका जगाउनमा ठूलो प्रयास गर्दै आएका व्यक्तिहरू पोखरा हरियो खर्क निबासी बुद्धिमान दुरा (धम्पु) र हाँडीखोला, बर्धान निबासी यमबहादुर दुराको महत्त्वपूर्ण भूमिका रहेको छ । गायक कलाकारका रूपमा भीमबहादुर दुरा (गैरीगाउँले) सशक्त छन् । त्यस्तै आदिवासी जनजाति महासंघको उपाध्यक्ष पदमा पुग्न लोकबहादुर दुरा सफल भएका छन् । विजया दुरा (ढकालथोक, तुर्लुङ) र सुजन दुरा (काठमाडौँ) सैनिक अफिसरमा पुग्न सफल भएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : चार

नेपाल राष्ट्रको प्रागरूप निर्माणमा लमजुङेहरूको योगदान

इतिहासका दृष्टिले लमजुङ जिल्ला धेरै धनी छ। घले राजाहरूले शासन गरेको इतिहास पनि यहीँ छ। लमजुङ राज्यमा अराजकता फैलिएको समयमा कास्कीबाट यशोब्रह्म शाहलाई ल्याएर राजा बनाएर परिस्थिति सहज बनाई लमजुङेहरूको जिउ धनको सुरक्षा गराएको इतिहास पनि यहीँ छ। घिमिरे र दुरा एक भएर राज्यको सुरक्षाका साथ विकासका लागि घिमिरे राजगुरु तथा दुराहरू भारदारिया भएको इतिहास पनि यहीँ छ। सिसिर ढुंगा, लमजुङे पानी, रानी ओडार, सिदुरे ढुङ्गा, बालुवाबेसी जस्ता ऐतिहासिक स्थल पनि यहीँ छन्। घिमिरे र दुराको सहयोग लिएर शाह वंशीय राजाले इष्टदेवी स्थापना गरेर मध्यकालीन नेपालको नमुना खडा गरेका इतिहास यहीँ छन्। उदाहरण तुर्लुङकोटकी कालिका र लमजुङ कालिका, लमजुङदरबार, बेसीशहर स्थित लक्ष्मीनारायणको मन्दिर, पुरानोकोट, तुर्लुङकोट, जिताकोट, तान्द्राङकोट याङ्जाकोट, बजारकोट तार्कुकोट, राईनासकोट र कुन्छाको गढी यी सबैले त्यति बेलाको इतिहास बोकेका छन्। एउटा मूलबाट निस्केको पानी सात वटा धारामा विभाजन गरी सातधारे, सप्तधारा नाउँ रहेका उदाहरण पनि यहीँ छन्।

त्यस्तै–तामाखानी, काभ्रेठाना, सेरा जस्ता नाउँ रहेका इतिहास पनि सोही समयका उपज हुन्। यी सबै चीज नेपाल राष्ट्रका सम्पत्ति हुन्। यी सबै चीजलाई राज्यले सुरक्षा दिनुपर्दछ। त्यसका लागि सरकार बलियो हुनुपर्दछ। नेपालको इतिहासलाई कोट्याउँदा नेपाल राष्ट्रको प्रागरूप निर्माणमा लमजुङेहरूको महत्त्वपूर्ण भूमिका देखिन्छ। लमजुङको विचलित परिस्थितिलाई एकत्रित गरी स्थायी सरकार बनाउनका लागि धेरै प्रयास गरेको देखिन्छ। त्यो समयमा लमजुङमा पुवाँर (थापा), भँडारी, राउत, सुयाँल, दुरा र घिमिरे एकजुट भएर राज्यको काममा लागेका रहेछन् भन्ने बुझिन्छ। कास्कीबाट कालु शाहलाई ल्याउँदा मादी नदी तरेर नदीका किनारको एउटा ठूलो ढुङ्गामा विश्राम गराएका थिए। त्यसो हुँदा त्यस ढुङ्गालाई कालो ढुङ्गो भनिएको हो। पुरानोकोटमा राजा स्थापना गरेपछि तीन महिनाको अवधिमा शिकार खेल्ने निहुँ पारी बाग्लुङपानीको शिशिरढुङ्गामा उनी मारिए। दोस्रो पटक यशोब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहलाई ल्याएर ठूलोस्वाँराको एक ठूलो ढुङ्गामा अबिरजात्रा गरी तुर्लुङकोटमा राजा स्थापना गरेको अभिलेख भेटिन्छ। त्यसपछि अवसर हेरेर गाउँशहरमा राजा स्थापना गरिएको हो। त्यसपछि बल्ल राज्य व्यवथापनमा सुधार आएको हो। त्यसपछि स्थायी सरकारले राज्यको सम्पूर्ण काम गरेको हो। सोही अवसरमा लमजुङेहरूले जे जति काम गरे ती सबै कार्य नेपाल राष्ट्रको निर्माणका पृष्ठभूमिका रूपमा स्थापित भए।

४.१ घलेको योगदान

घेर्मुमा राजधानी कायम गरी राज्य सञ्चालन गर्ने राजा फँचन घले साम्दी घले हुन्। उनको दरबारमा घोडा बाँध्ने गरेको खम्बा ढुङ्गाको थियो। त्यो ढुङ्गामा प्वाल पारिएको थियो। त्यसै प्वालमा दाम्लो छिराइएको हुन्थ्यो। त्यसले मजबुत कार्यको सङ्केत दिन्छ। त्यसैगरी घोडालाई दाना खुबाउने गरेको ढुङ्गाको डुँड बनाउनु पनि नमुनादायक काम हो। ढुङ्गाको ओखल बनाएर धान कुट्ने गरेको ओखल पनि भेटिएको छ। राज्यमा यस्तै दरो काम हुनुपर्दछ भन्ने एउटा उदाहरण पनि यसलाई मान्नुपर्दछ। दरबार क्षेत्र वरिपरि खनजोत गर्दा इटाका टुक्रा भेटिन्छन्। त्यसो हुँदा त्यो समयमा इटाको प्रयोग गरेका रहेछन् भन्ने पनि बुझिन्छ। दरबारको नजिकै अन्दाजी १५–२० मिटर लम्बाइ, ७५ से.मि. चौडाइ र ५० से.मि.गहिराइ भएको ढुङ्गाको गारो लगाइएको एउटा सुरुङ छ। त्यसबाट दरबार क्षेत्रको पानी जम्मा गराएर टाढा पठाइएको रहेछ भन्ने बुझिन्छ। दरबारमा इँटाको प्रयोग र ढल निकासको व्यवस्था उही समयमा लमजुङमा प्रयोग भएको थाहा लाग्दछ। साथै सफाइमा जोड दिइएको कुरा पनि यसबाट बुझिन्छ। त्यसै दरबारमा चार फिट गहिरो सतहमुनि तीन फिट अग्लो, छ फिट लम्बाइ भएको इँटाको पर्खाल भेटिएको छ। स्थानीय बासिन्दाले शौचालय बनाउँदा छ फिट जमिनमुनि मानिस छड्के परेरमात्र हिँड्न मिल्ने ६ फिट अग्लो दुबैतिर ढुङ्गाको पर्खाल, माथि ढुङ्गाको छपनी राखेको, लाइट बालेर हेर्दा त्यसको अन्तिम सीमाना नदेखिने सुरुङ फेला पऱ्यो। पुरातत्त्व विभागसँग सम्पर्क गर्दा सम्बन्धित क्षेत्रबाट खर्च व्यहोरिदिएमा हेर्ने कुरा भएको थियो तर काम भएको छैन।

त्यसैगरी घलेगाउँमा राज्य खडा गरी शासन चलाउने राजा क्याल्पो रूजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिल्दी घले हुन् । उनका पालामा आदिशक्ति देवी (शक्तिपीठ) को स्थापना गर्नु, देवी पूजा गरेर उनका नाउँमा शान्तिका प्रतीक एकजोर परेवा उडाइदिनु, पिउने पानीका सात वटा कुवा निर्माण गराउनु, बस्तुभाउलाई पिउने पानीको व्यवस्थाका लागि पोखरी निर्माण गरेर पानीले भरिपूर्ण गराउनु, आदि शक्ति देवीको प्रतीक चिह्न षटकोणलाई राज्यको निसान बनाउनु, देवीको प्रतीक मानेर षटकोणको पूजा गर्नु आदि कारणले त्यसपछिको नेपाल राष्ट्रलाई बाटो देखाएको कुरा साबित हुन्छ । सेनाका उच्च पदको चिह्न षटकोण हुनु, त्रि.वि.को लोगोमा षटकोण हुनु यी पछि प्रयोगमा ल्याइएका कुरा हुन् । षटकोणको प्रयोग चाहिँ घले राजा क्याल्पो रूजीका पालामा प्रयोग भएको भेटिन्छ ।

४.२ गुरुङको योगदान

प्राज्ञ डा.जगमान गुरुङको सङ्ग्रहमा रहेको गुरुङ वंशावलीमा कालु शाहलाई लमजुङको गिलुङ नजिकको डढुवा छापमा ल्याएर राखी अवसर हेरी पुरानोकोटमा गादी चराएको उल्लेख छ । यशोब्रह्म शाहलाई ल्याउँदा भने तल्लो तल्लो बाटोबाट ल्याएर दुराडाँडामा पुऱ्याएको पाइन्छ । आफू लमजुङको राजा भएपछि यशोब्रह्म शाहले अब यी गुरुङहरूसँग जोरी खोज्नु हुँदैन । यिनलाई राज्य शासनको केही हक अधिकार दिई आफ्नो पक्षमा लिनसके राज्य अकण्टक हुन्छ र यिनलाई माध्यम बनाएर यिनी जस्तै अरू जातलाई जित्न सकिन्छ भन्ने रणनीति बनाए । अनि लमजुङ चारनाल (मादीदेखि पूर्व, मर्स्याङ्दीदेखि पश्चिम, थान्सिङकोटदेखि उत्तर र उँभोखोलादेखि दक्षिण) का गुरुङ पाँछ (पञ्च भलाद्मी) लाई लमजुङ दरबारको धर्मसभामा बोलाए । गुरुङहरूले पनि हामीले हरियो (धानको नल) भन्न पाएनौँ, पँहेलो (धानको बाला) भन्न पाएनौँ, अब शाही राजासँग मिलेर जुग भुँज्ने थिति बाँधेर बस्नुपर्दछ भन्ने मतो गरी लामा गुरुङका पुर्खा कुबिक्स्याल र सबक्स्याल, घोताने गुरुङका पुर्खा काँक्स्याल र लामिछाने गुरुङका पुर्खा पुरूक्स्याल यी चार पुर्खा लमजुङ दरबारको धर्मसभामा गए (गुरुङ, २०३४: २०-२१) ।

यशोब्रह्म शाहबाट तिमी गुरुङहरूले धर्म छोड्यौ भने म पनि कालु शाह जस्तरी मारिने छु, त्यसै हो भने के कुरा गर्नु, तिमीहरूले धर्म राखिदियौ भने म राजा हुन पाउने छु, के भन्छौ ? भनी सोधनी हुँदा महाराजबाट थिति बक्स हुन्छ भने हामी राजा मान्छौँ भनेर गुरुङहरूले भने । त्यसपछि वंशराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डे, विजयी थापा, जैसर बोहरा, हीरामणि राना, सिवसर खनाल, रामसर अर्ज्याल, दामु दुरा सबै बसेर थितिको बन्दोबस्त भयो। चूडाकर्म, विवाह, मैयाँका गोडधुवा, गादी, देशप्रदेश हुँदा पाउदुखानी यति तिमीहरूले मान्नू। सिर्तो मेरो, बिर्ता तिम्रो। तिमीहरूका अघिदेखिको सनातन कुलधर्म लामा-ध्याबृँले गर्ने काम लामा-ध्याबृँले गर्नू। ब्राह्मणले गर्नु पर्ने काम उपाध्याय ब्राह्मणले गर्नू। जिया नमास्तु। चाक चकुई माफ। यस्तो प्रकारको थिति बन्दोबस्त भई लमजुङ चारनाल र उँभोखोलामा समेत गुरुङहरूको सिर्तो बिर्ता कायम भयो (गुरुङ, त्यहीः २०-२१)। यसरी स्थिति बाँधेपछि लमजुङको शासन पद्धति राम्रो हुँदै आयो। त्यसपछिको समयमा राज्य विस्तार हुँदै गर्दा नेपाल राष्ट्रको प्रागरूप निर्माणमा गुरुङहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

वि.सं. १८६२ मा देवदेवीको गुठी र ब्राह्मणको कुशबिर्ता हरण हुँदा पनि लमजुङ चारनालका गुरुङहरूको सिर्तो बिर्ता हरण भएको थिएन। वि.सं. १८७१ मा महाकाली नदीलाई सीमाना मानेर नेपाल र अङ्ग्रेजको बीच सन्धि भएपछि लमजुङ चारनाल र उँभोखोला समेतका गुरुङहरूको सिर्तो बिर्ता हरण भयो (गुरुङ, त्यहीः २२)। त्यसपछि लमजुङमा शाह राजा स्थापना गर्ने खसान्त भाइ (६ थर) र टीका दिने शेषान्त भाइ (गुरुङ) हरूले यी राजाको विवाह भएको रहेनछ भनी विवाहको बन्दोबस्त पनि मिलाए ।

४.३ घिमिरेको योगदान

लमजुङ राज्यमा शाहवंशको स्थापना गराउनमा कुश्माखर घिमिरेको महत्त्वपूर्ण भूमिका रहेको छ। यहाँका सानातिना राज्यलाई एकत्रित पारेर मुख्य राजधानी गाउँशहर बनाउनु र त्यस अघिका सानातिना रजौटाहरूलाई सम्बन्धित क्षेत्रका शासक बनाएर लमजुङ राज्यलाई बलियो बनाउनमा शाहवंशीय राजाहरूलाई मदत पुऱ्याउनु जस्ता काम देखिन्छन्। लमजुङ राज्यको झण्डा निर्माण गर्नमा कुश्माखर घिमिरेको योगदान देखिन्छ। त्यतिमात्र नभई पुरानोकोट कालिका, तुर्लुङकोट कालिका तथा लमजुङ कालिका जस्ता धेरै शक्तिपीठहरूको स्थापनामा सहयोग पुऱ्याई पूजाव्यवस्थापन मिलाउनु जस्ता काम पनि कुश्माखर घिमिरेले गरेका थिए।

बाह्य आक्रमणबाट राज्यलाई जोगाउन सीमासुरक्षाका लागि ठाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउँमा कोटघर तथा गढी स्थापना गराउनु महत्त्वपूर्ण काम देखिन्छ। त्यसै गरी आन्तरिक रूपमा एक आपसमा सामञ्जस्य ल्याउनका लागि समावेशी ढाँचाले कामको बाँडफाँड गराउनु पनि उल्लेखनीय योगदान देखिन्छ। विभिन्न शक्तिपीठहरूको पूजाव्यवस्थापनमा पनि कामको बाँडफाँड गरिएको देखिन्छ। उदाहरणका लागि पुरानोकोट कालिकाका कर्ता पुजारी गुरुङ र गुरुपुरोहित घिमिरे गराउनु, तुर्लुङकोट कालिकाका कर्ता पुजारी दुरा र गुरुपुरोहित अधिकारी गराउनु, बेसीशहरका लक्ष्मीनारायणको पुजारी घिमिरेलाई नियुक्त गर्नु, लमजुङ कालिकाको पूजाव्यवस्थापन मिलाउनु जस्ता धेरै कार्यमा राजगुरु कुश्माखर घिमिरेको ठूलो योगदान देखिन्छ।

४.४ दुराको योगदान

सानातिना रजौटाहरूलाई हटाएर, एकआपसको झैझगडाको अन्त्य गर्न र राज्यलाई विकासतर्फ डोऱ्याउन एकताको आवश्यक परेको समयमा यशोब्रह्म शाहलाई लमजुङ राज्यको राजा बनाउन खजे दुरा जस्ता शक्तिशाली पुर्खाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु, राज्यको आन्तरिक मामिला समायोजन गर्दा नारायण दुरा जस्ता व्यक्तिले ज्यानको बाजि लगाएर महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु गढी–गाँडाको स्थापना र राज्यको सुरक्षा गर्ने कार्यमा मदत पुऱ्याउनु, राज्यको भलाइ हुने कार्यमा लागदा लागदै ज्यानको बलिदान दिई अरूलाई ठूलो प्रेरणा दिनु, बालुवाबेसी कूटकाण्डमा ठूलो भूमिका खेल्नु, राज्यमा शान्ति सुरक्षा कायम गरी विकास तथा निर्माणका कार्यमा सहयोग पुऱ्याउनु जस्ता काम भएका थिए। दुराको उत्पति एवं विवरण तेश्रो अध्यायमा दिइसकिएको छ।

त्यसै समयमा लमजुङ राज्यभित्र पुवाँर, भण्डारी, राउत, सुयल, घिमिरे, दुरा यति छ थरको विशेष वर्चस्व कायम थियो। यी छ थरले आँट गरेमा राज्यमा जस्तोसुकै काम पनि गर्न सक्ने अवस्था देखिन्थ्यो। यी बाहेक अन्य शेषान्त भाइ र खसान्त भाइहरूले पनि ठूलो सहयोग पुऱ्याएका थिए।

४.५ दलितहरूको योगदान

लमजुङ कालिकाको मन्दिरमा बजाउने नगराको घार विश्वकर्माले बनाएका हुन्। त्यसलाई छालाले मोहोर्ने काम दुलालले गरेका हुन्। कालिकालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाइदिने पोशाक परियारले सिलाएका हुन् । कालिकाको निसानरूपी पताका पनि परियारले सिलाएका हुन् । मन्दिरमा टाङ्ने ध्वजापताका परियारले काटेका हुन् । मन्दिरमा टाङ्ने झल्लर परियारले सिलाएका हुन् । कालिकाको निसानको दण्ड विश्वकर्माले बनाएका हुन् । कालिकाको मन्दिरमा बजाइने घण्ट विश्वकर्माले बनाएका हुन् । मन्दिरका कलश र पाला विश्वकर्माले बनाएका हुन् । राज्यमा परिचालन गर्ने सिक्का ओसारपसार गर्ने तोडाचर्सा दुलालले सिलाएका हुन् । शाहवंशले पूर्वतिर राज्य विस्तार गर्दै जाँदा माथि उल्लेख भए अनुसारका सामग्रीका साथै अन्य थप सामग्री पनि तिनै तिनै वर्गले बनाउँदै गए । गोरखा, धादिङ, नुवाकोट हुँदै काठमाडौँको हनुमान ढोकामा इष्टदेवी पुऱ्याउँदा त्यस्ता सामग्री बनाउने त दलितहरू नै थिए । मुलुकको एकीकरणले राष्ट्रियताको रूप लियो । तसर्थ नेपाल राष्ट्रको प्राग्रूप निर्माणमा दलितहरूको समेत महत्त्वपूर्ण भूमिका देखिन्छ । नेपाल राष्ट्रको प्राग्रूप निर्माणमा माथि उल्लेख गरिएका सबै लमजुङेहरूको योगदान रहेको छ ।

गाउँ शहरको बानिया थुम्कामा एउटा घुमाउने घर निर्माण गरिएको छ । त्यसलाई बडो साजसज्जाका साथ “दलित सङ्ग्रहालय”का रूपमा स्थापना गरिएको छ ।

४.६ अन्य नागरिकहरूको योगदान

तत्कालीन लमजुङ राज्यको गाउँको राजधानी रहेको ठाउँ गाउँशहरको दरबारमा राज्यको तर्फबाट कालिका देवीको स्थापना गरिएको थियो । तिनै कालिकाका कर्ता पुजारी तथा गुरुपुरोहित लगायत अन्य सुसारेहरू समेत २२ थरी छन् । पूजाको रोलक्रम मिलाउने जिम्मा पाएका अर्याल छन् । तिनीहरूको विवरण लमजुङकालिका पूजाव्यवस्थापनमा दिइएको छ । तुर्लुङकोट कालिकाका पुजारी अधिकारी छन् । यशोब्रह्म शाहलाई राजा बनाउन भनी कास्कीबाट लमजुङमा ल्याउँदा लक्ष्मीनारायण बोकी ल्याउने व्यक्ति समन्त अधिकारी र जितराम भण्डारी हुन् (अधिकारी,२०६२ (२००४): पृ.९) । पछि तिनै लक्ष्मीनारायण बेसीशहरमा स्थापना गरिएको हो । शक्तिपीठहरूको स्थापनामा अधिकारी र भण्डारीको योगदान देखिन्छ । त्यो परम्परा विस्तारै पूर्वतिर सार्दै लगिएको कुरा इतिहासबाट थाहा लाग्दछ । माथि उल्लेख गरिएका सबैको एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक ठाउँमा एक न एक योगदान रहेका छन् (स्रोतः हृदयनाथ बराल, बृहस्पति बराल तथा सोमराज बराल, लमजुङ कालिकाका पुजारी)।

शाह वंशको राज्य विस्तार हुँदै जाँदा शक्तिपीठहरू स्थापना गर्दै जाँदा र तिनका पूजाव्यवस्थापनमा यो प्रथा बढ्दै गएको देखिन्छ। द्रव्य शाहले गोरखामा राज्य गर्न थालेपछि स्थापना गरिएकी गोरखा कालिकाको पूजाव्यवस्थापन पनि यस्तै ढाँचाको छ तर त्यहाँको पूजाव्यवस्थापन यहाँको भन्दा धेरै माथिल्लो तहको छ। यसैको आधारमा त्यहाँ बढी स्तरिया बनाइएको हो। त्यसपछि स्थापना गरिएका नेपालका राष्ट्रिय स्तरका शक्तिपीठहरूको पूजाव्यवस्थापनमा माथि उल्लेख भएको प्रथा लागू गरेको पाइएको छ।

तुर्लुङकोट कालिकाका पुजारी अधिकारी थरका ब्राह्मण छन्। जातिभास्कर नामक ग्रन्थले अधिकारीलाई यसरी चिनाएको छः "अधिकारी ब्राह्मणः यह बंगाल तथा उडिसा के ब्राह्मणो का एक भेद है यह प्रायः चैतन्य स्वामीके शिष्य होते हैं यह उपाधि भेद है पहले इनके पूर्वज शास्त्रादिमें अधिकार रखतेथे इस कारण यह पदवी पाई (पृ.१५९)।" यस अर्थमा पठित ब्राह्मण हुनाका कारण कालिकाका पुजारी गुरुपुरोहित पदमा नियुक्त गरेको हुन सक्ने सम्भावना देखिन्छ। यशोब्रह्म शाहका पालादेखि हालसम्म अविच्छिन्न रूपमा उनै अधिकारीहरूले पूजा चलाइरहेका छन्। पछि स्थापना गरिएका शक्तिपीठहरूमा यहाँको पूजाव्यवस्थापनको सिको गर्दै अन्य पूजा चलाएको पाइन्छ। यो पूजाव्यवस्थापनले राष्ट्रिय रूप लिएको पाइएको छ। साथै त्यस समयमा शाह वंशको स्थापना र राज्यव्यवस्थापनमा अधिकारीको पनि सहयोग मिलेको थियो।

परियार वर्गको कटुवालको महत्त्वपूर्ण भूमिका रहेको पाइएको छ। यशोब्रह्म शाहका पालामा लमजुङ दरबारको पटाङ्गिनीमा उभिएर "हिमालीहावाको जाडो छल्नका लागि भोलिदेखि दरबारका सबैजना राजारानीका साथ बेसी सर..." भन्ने र जाडो सकिएपछि "गर्मी छल्नका लागि भोलिदेखि दरबारका सबैजना राजारानीका साथ गाउँ सर..." भनेर कराउँदै सूचना प्रवाह गरी महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। यसैको आधारमा पछि गएर गाउँ सरबाट गाउँशहर तथा बेसी सरबाट बेसीशहर बन्न गएको तथ्य खुल्दछ। सबैभन्दा भरपर्दो सञ्चारको माध्यम पनि त्यही हो। अहिले पनि लमजुङ, तनहुँ, कास्की,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाग्लुङ, बाजुरा, गोरखा जस्ता धेरै जिल्लामा यो कटुवाली प्रथा छ। यो चलन सबैभन्दा पहिले लमजुङबाट नै सुरु भएको हो भन्ने बुझिन्छ।

४.७ घिमिरेको उत्पत्ति र विकास

ब्रह्माण्डको एक सूक्ष्मतम् खण्ड यस पृथ्वीको सृष्टि भएको पनि अरबौं वर्ष भइसकेको मानिन्छ। भौतिकवादी धारणाको आधारमा हेर्दा पनि मानव जातिले नवपाषाण कालमा प्रवेश गरेको पनि ८००० इ.पू. मानिन्छ। पूर्वीय पौराणिक दर्शन अनुसार सत्ययुग (१७,२८,०००), त्रेतायुग (१२,९६,०००), द्वापर युग (८,६४,०००) र कलि युग (४,३२,०००) वर्ष गरी क्रमशः परिभ्रमण गर्दछन्। वर्तमानमा कलि युगको पालो छ। सृष्टिकालदेखि हाल सम्म यसले अठ्ठाइसौँ पटक फन्को मारेको मानिन्छ। हाल कलि युगको पालो छ। यो पनि अहिले ५११६ वर्ष व्यतीत हुँदैछ। यति लामो परिवर्तनमा यस धर्तीमा कति परिवर्तन आए, कति प्रजातिका प्राणी तथा वनस्पति उदाए र अस्ताए। तिनको खोजतलास गरी अभिलेख राख्ने कुरा अथाह जस्तो भएको छ। इतिहास, वंश चरित्रको अभिलेख राख्ने चलन धेरै पुरानो हो। श्रीमद्भागवत् महापुराण, हरिवंश पुराण रामायण तथा महाभारत जस्ता ग्रन्थहरूमा सूर्यवंशी, चन्द्रवंशी, यदुवंशी, कुरूवंशी आदिको उल्लेख भएको पाइन्छ। देश र समाजको उत्थानका लागि शासक पक्षको मात्र नभई जनताको बारेमा पनि खोजी गर्नु, जानकारी लिनु र अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यक हुन आउँछ। तसर्थ नेपालमा पनि प्रजातन्त्रको पुनर्स्थापना पश्चात्, राजनैतिक इतिहास मात्र नभई तत्कालीन आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र शैक्षिक इतिहासको पनि अध्ययन अनुसन्धान गरी समग्र पक्षको अभिलेखीकरण तयार गर्नेतर्फ त्रि.वि. लगायत अन्य विश्वविद्यालयका विद्वान्हरू अग्रसर हुन थालेको पाइन्छ। यी सबै पक्षको अध्ययन अनुसन्धान गर्नु पर्ने काम धेरै बाँकी छ। जनता पक्षबाट हेर्दा केही वर्ष यता कोइराला, भट्टराई, पौडेल, सुवेदी, खनाल, आदिले आ–आफ्ना वंशावली प्रकाशमा ल्याएका छन्। घिमिरे थरका पनि कतिपय क्षेत्रका अध्येताहरूले निकै अगाडिदेखि कलम चलाउन थालेको पाइन्छ। उदाहरण :

१. "आशौच विज्ञान तथा घिमिरे वंशावली" नामक पुस्तक काठमाडौं टङ्गालका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. सोमनाथ घिमिरे व्यासले वि.सं २०१५ सालमा तयारी एवं घनानाथ शर्माद्वारा प्रकाशन ।

२. "मन्जाङको घिमिरे वंशावली" नामक पुस्तक मन्जाङ, लमजुङका पं. एकदेव घिमिरेद्वारा तयारी एवं २०३४ मा प्रकाशन ।

३. "तनहुँ म्याग्दीको घिमिरे वंशावली" पं.गङ्गाधर घिमिरेद्वारा निर्माण एवं विश्वनाथ घिमिरे टाँडी, चितवन' २०४८ मा प्रकाशन ।

४. "घिमिरे वंशावली" नामक पुस्तक काठमाडौं एवं पूर्वेली घिमिरे बन्धुहरू सु.श्री भीमप्रसाद, डिल्लीप्रसाद आदिद्वारा २०५३ सालमा प्रकाशन ।

५. "घिमिरे वंशावली" नामक पुस्तक पश्चिमतर्फका घिमिरे बन्धुहरूद्वारा २०५५ मा बुटवलबाट प्रकाशन ।

६. यसरी विभिन्न क्षेत्रमा बसोबास गर्ने घिमिरेहरूले लमजुङ, तनहुँ, गोरखा आदि जिल्लाको बेसी मानिने चितवन – नवलपरासी क्षेत्रका काश्यप गोत्रीय घिमिरेहरू मिलेर "घिमिरे वंशावली (मध्यखण्ड)" नामक पुस्तक २०६८ मा प्रकाशित गरेका छन् । यस पुस्तकमा पूर्वतर्फका दोलखा, रामेछाप, ओखलढुङ्गा, सिँधुली र सिराहादेखि पश्चिम र कपिलवस्तुदेखि पूर्वका जम्मा ३८ जिल्लाका घिमिरेहरूको वंशावली विवरण समावेश गरिएको छ । सोही कारणले यसलाई "घिमिरे वंशावली (मध्यखण्ड)" नामकरण गरिएको हो ।

पौराणिक कथन अनुसार हाल वैवस्वत मन्वन्तर चल्दैछ । मन्वन्तर भनेको "ब्रह्माको एक दिनको चौधौँ भाग; एकहत्तर चतुर्युगको समय हो । मन्वन्तरको अर्को अर्थ "मनु" हो । "मंनु" भनेका "मनुष्यका मूल पुरुष मानिने"; ब्रह्माजीका छोरा; मनुष्यका प्रतिनिधि एक प्रसिद्ध व्यक्ति हुन् । मन्वन्तर १४ वटा हुन्छन् । ती निम्नानुसार छन्: १. स्वायंभुव २. स्वारोचिष ३. उत्तम ४. तामस ५. रैवत ६. चाक्षुष ७. वैवस्वत ८. सावर्णि ९. दक्षसावर्णि १०. ब्रह्मसावर्णि ११. धर्मसावर्णि १२. रुद्रसावर्णि १३. रौचदैवसावर्णि १४. इन्द्रसावर्णि । यी १४ मन्वन्तर पालैसँग घुम्दछन् । एउटा मन्वन्तरको समयावधि सकिएपछि अर्को मन्वन्तरको समय सुरु हुन्छ । त्यतिखेर स्वर्गका राजा इन्द्र पनि बदलिन्छन् र यमराज पनि बदलिन्छन् भन्ने कुरा श्रीमद्भागवत महापुराणमा उल्लेख छ । वैवस्वत भनेको सातौँ मन्वन्तर हो । अहिले यसैको पालो छ । यस मन्वन्तरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माजीको सङ्कल्पबाट मरीचि, अत्रि, अङ्गिरस, पुलत्स्य, पुलह, ऋतु, वशिष्ठ आदि ऋषिहरू प्रकट भएको मानिन्छ। हरिवंश पुराणको सातौं अध्यायमा उक्त ऋषिहरूको उत्पत्तिबारे यसरी लेखिएको पाइन्छ :

"मरीचि अत्र्याङ्गिरसौ पुलस्त्य पुलहः ऋतु ।
ब्राह्मणे मानसः पुत्रः बशिष्टश्चेति सप्तम ।"

ती सात ऋषिमध्येका जेठा मरीचिका मानसपुत्र कश्यप ऋषि थिए। यिनले दक्षप्रजातिका १३ कन्यासँग विवाह गरी तिनैका तर्फबाट देव, दानव, पशु, पन्छी, मानव आदि जन्मेर संसारको सृष्टिकर्मलाई अगाडि बढाएको कुरा स्कन्द पुराणको हिमवत्खण्डमा उल्लेख भएको पाइन्छ। अन्य अन्य मानसपुत्रहरूबाट पनि अनेक गोत्र, प्रवर तथा वंश परम्परा चल्दै आएको पाइन्छ। हाम्रा आदि ऋषि, महर्षिहरू मध्येका एक कश्यप ऋषि र काश्यप ऋषि एउटै हुन् भन्ने कसैको मत छ। यी दुई बेग्लाबेग्लै हुन् भन्ने कुरा तलको प्रमाणबाट सिद्ध हुन्छ।

१. शिव पुराणको वायवीय संहिताको उत्तरखण्ड नवम् अध्यायको योगाचार्य गणना अनुसार –

"सुधामा कश्यपश्चैव वशिष्ठो विरजास्तथा ।
अत्रिरूग्रो गुरुश्रेष्ठ श्रवणोऽथ श्रविष्टक : ॥१४॥

कुणिश्च कुण बाहुश्च कुशरीर : कुनेत्रक : ।
काश्यपो ह्युसनः चैव च्यवनश्च वृहस्पति ॥१५॥

३. अर्को उहाहरण पनि यस्तो छ :

सुधामा काश्यपश्चैव वशिष्ठो विरजास्तथा
अत्रिरूग्रस्तथाचैव श्रवणोऽथ श्रविष्ठक ॥१९॥
कुणिश्च कुणिवाहुश्च कुशरीर : कुनेत्रक : ।
कश्यपो ह्युशना चैव च्यवनोऽथ वृहस्पति ॥२०॥

(स्रोत कुर्म पुराण,अध्याय ५१)

पद्मपुराण सृष्टिखण्डमा उल्लेख भए अनुसार सातौँ मन्वन्तरमा वैवस्वत मन्वन्तर पर्दछन्। यस वखत अत्रि, वशिष्ट, काश्यप, गौतम, भारद्वाज, विश्वामित्र र जमदग्नी सप्त ऋषि हुन्। अब भविष्यमा हुनेवाला सावर्ण्य मन्वन्तरमा – "अश्वत्थामा, ऋष्यशृङ्ग, कौशिक्य, गालव, शतानन्द, काश्यप र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परशुराम सप्तर्षि हुने छन्" भनिएको छ ।

त्यस्तै "संस्कृत साहित्य कोश" (चौखम्बा, वाराणसीबाट १९९५ मा चौथो संस्करण स्वरूप प्रकाशित पृ. १३६-१३७) का अनुसार काश्यप संहिताका रचयिता पनि काश्यप ऋषि देखिन्छन् । त्यो पुस्तक आयुर्वेदको प्राचीन ग्रन्थ मानिन्छ । उक्त ग्रन्थमा सूत्रस्थान, विमानस्थान, शरीरस्थान, इन्द्रिय स्थान, चिकित्सा स्थान, कल्पस्थान, खिल स्थान आदिको चर्चा गरिएको छ । आयुर्वेदका विभिन्न अङ्ग, तिनका अध्ययन विधि, तान्त्रिक स्वरूप, पुत्र जन्मेको छैटौँ दिनमा गरिने पूजाको महत्त्व आदिबारे चर्चा पाइन्छ । सत्वाल विद्यालङ्कारले त्यसको हिन्दीमा अनुवाद गरेका छन् ।

काश्यप ऋषि ठूला विद्वान् एवं मन्त्रद्रष्टा पनि थिए । यिनी गोत्र प्रवर्तक ऋषि हुन् । घिमिरे, शाह, शाही (ठकुरी), माभी, गोदार, गर्तौला, बोगटी, पाँडे, बडाल, बुढाथोकी, थापा आदिका वंशपुरुष पनि मानिन्छन् । उनै ऋषिका सन्तान मानिनाले यी थरहरूको काश्यप गोत्र हो । काश्यप गोत्रीहरूको मूल थलोको बारेमा विभिन्न पुराण इतिहासलाई केलाउँदा हिमवत् खण्ड कैलासका महादेव मनुबाट मानव वंशको उत्पत्तिको वर्णन तथा विश्वमा फैलिदै गएका काश्यप सन्ततिको बसोबासका बारेमा जानकारी हुनेछ । जगत्का ज्ञानगुरु काश्यप ऋषिको ज्ञान साधना एवं प्रसार केन्द्र काश्यपबाट काश्यपी, काश्यापकुट, काश्यपकोट हुँदै शब्द अपभ्रंश भएर कास्कीकोटको रूपमा विकसित हुँदै आएको मानिएको छ । काश्यप ऋषिको तपोभूमि आजकाल कास्कीकोट नामले प्रसिद्ध छ । हाल नेपालका ७५ जिल्लामध्ये एक यस जिल्लालाई कास्की नामकरण गरिएको छ । यही कास्कीकोटको भूगर्भ गुफा काश्यप ऋषिको तपोभूमि भएको हुँदा हालसम्म पनि उक्त गुफामा पूजा आराधना गरिदै आएको शाश्वत सत्यलाई अङ्गीकार गर्नै पर्छ ।

अर्को उहाहरण यस्तो छ -

"कश्यपश्च भारद्वाजे शाण्डिल्य सांस्कृतस्तथा ।
कात्ययनोपमन्युश्च काश्यपश्च धनञ्जयः ॥
कविस्तो गौतमो गर्गो भरद्वाजस्तथैवच ।
कौशिकश्च वशिष्ठश्च वत्स पारासरस्तथा ॥
इत्येते कान्यकुब्जाना गोत्रान्याहुश्च पोडष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(स्रोत : जातिभाष्करपृ. ४४)

यसरी गोत्र प्रवर्तक ऋषिहरूको नामावली केलाउँदा विभिन्न ग्रन्थहरूमा 'कश्यप ऋषि र काश्यप ऋषि' बेग्लाबेग्लै दुई व्यक्ति हुन् भन्ने प्रमाण भेटिन्छ। त्यसैगरी प्रवर पनि फरकफरक भेटिन्छ। उहाहरण :

"काश्यप गोत्रस्य काश्यपावत्स नै ध्रुवेति त्रिप्रवरस्य।

कश्यप गोत्रस्य कश्यपासित देवलेती त्रिप्रवरस्य।

(स्रोत : कर्मकाण्ड प्रदीप पृ. १९) - १९८)

वंशावलीलाई केलाउँदै जाँदा पुराना वंशावलीको आधारमा सोमनाथ घिमिरे "व्यास" ले तयार पार्नु भएको वंशावलीमा ब्रह्मादेखि हालसम्म ११६ पुस्ता पुगेको देखिन्छ। अरू अध्येताहरूका दस्तावेजमा भने सो भन्दा कम छ। सोमनाथ "व्यास" को वंशावलीमा मत्स्यपुराणमा उल्लेख भएका विविध ऋषिका नाम र उज्जैनतर्फ रहने व्यास (घिमिरेकै एक शाखा) को पुर्ख्यौली नाम समेत जोडिएको बुझिन्छ। यी दुवै थरीको मिलन विन्दु भनेको अझै गहनतम अध्ययनको विषय हो। काश्यप ऋषिका शाखा सन्तानले शिक्षाको विकास गरे। विद्वत्ताकै कारणले उनीहरूले आफ्नो नाउँको पछाडि "व्यास" लेख्ने गरेको पाइन्छ।

उहाहरण : सान्दीपनी व्यास - भगवान् श्रीकृष्णका गुरु, अधो गुरुकुले व्यास, "व्यास उपाधि प्राप्त। उनकै कुलमा गुणपाल व्यास, आशौच विज्ञान तथा घिमिरे वंशावली (२०१५) का लेखक सोमनाथ घिमिरे (शास्त्री) लाई पछि सोमनाथ व्यास भनेर चिनाइन्छ। उज्जयिनीका घिमिरेहरूले अझै पनि आफूहरूका उपाधि "व्यास" लेख्छन्। उनीहरूले सभ्यता र संस्कृतिको विकास गरे। विद्वता, सभ्यता र संस्कृतिकै आधारमा कहिले हिमवत्खण्डमा र कहिले मैदानी क्षेत्रमा समेत पुगे। उनीहरूले आ-आफ्ना ज्ञानको साधना गरे । काश्यप ऋषिकै बंशजमध्येका गुणपाल विद्वान् थिए। विक्रम आदित्यले विक्रम संवत् स्थापना गर्ने चाहना गरे। विक्रम संवत् स्थापना गर्नमा गुणपालको बौद्धिक एवं शास्त्रीय सहयोग रह्यो।

काश्यप ऋषिका सन्तान कास्कीकोटबाट भारतको उज्जैन नगरीमा बसाइँ सरी गएको प्रमाण लमजुङ दरबारको ऐतिहासिक दस्तावेज (भोजपत्र) मा लेखिएको पुरानो अभिलेखबाट स्पष्ट हुन आउँछ। यिनै ऋषिका सन्तान मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही गुल्मीको घमिर तथा अन्य स्थानमा समेत बसोबास गरेको पाइन्छ। सुदुर पश्चिमाञ्चल क्षेत्रका जिल्लाहरूबाट घिमिरेहरूको बसोबास भएको अभिलेख प्राप्त हुन बाँकी छ। हाल घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठानको अभिलेख अनुसार करिब ७० जिल्लामा घिमिरेहरूको बसोबास भएको र अन्य ५ वटा जिल्लामा अनुसन्धान हुन बाँकी छ। कास्कीकोटबाट भारतको उज्जैन नगरीमा बसाइँ सरी गएका घिमिरे वंशमध्येका एक गुणपाल व्यास विक्रम सम्वत् को स्थापना कालतिर पश्चिम नेपालको घमिरमा आई बसोबास गर्ने क्रम मिलाउँदै गरेका देखिन्छन्। त्यहाँ आउने व्यक्ति हरिदास हुन्। यिनैका वंशमा सदानन्द, मसुराज, सुरराज,कन्धराज र औजघट (औघट) भए। तिनीहरू घमिरमा बसे। गुणपालदेखि औघट समम १९ पुस्ता देखिन्छन्। घमिरमा रहने अन्तिम साझा बाजे औजभट्ट अर्थात् औघट हुन्। यिनका छोराहरू मध्ये तारू- मुसीकोट, सरयु-गुल्मी, घनिश्वर (धौलु) धुर्कोट, अजमिर, गजाधर-लमजुङमा बसाइँ सरी आएका हुन्। स्थानीय बासिन्दाले उनीहरूलाई पुरानो ठाउँको आधारमा चिनाउँदा घमिरे बाजे भनी सम्बोधन गर्न थाले। विस्तारै घमिरे - घम्मिरे हुँदै जाँदा शब्द अपभ्रंश भएर "घिमिरे" थर कायम हुन आएको हो। अगाडिको काश्यप र व्यास शब्दको सट्टा "घिमिरे"शब्द स्थापित भयो। तसर्थ घिमिरे शब्दले सम्बोधन गरिएका प्रथम व्यक्ति औघटका छोराहरू हुन्। औघटका काहिँला छोरा "गजाधर" लमजुङ आएका हुन्। गजाधरका दुई भाइ छोरा कुश्माखर र नामाखर हुन्। कुश्माखर घिमिरेले खजे दुरा सहितका व्यक्तिहरूको सहयोगमा नुवाकोट कास्कीका राजा कुलमण्डन शाहका छोरा यशोब्रह्म शाहलाई ल्याएर शाके १४१५ (वि.सं १५५०) मा लमजुङका राजा बनाएको प्रमाण भेटिन्छ। उमेरमा अलिकति फरक भए पनि सहकार्यका दृष्टिले कुश्माखर घिमिरे र खजे दुरा समकालीन देखिन्छन्। कुश्माखर घिमिरेको जन्म वि.स. १५१० मा भएको जानकारी भेटिएको छ। त्यसैगरी खजे दुराको जन्म पनि वि.सं. १५०५ मा भएको आधार भेटिएको छ (स्रोत : तखत हरण पत्र खलकछाप स्थित राजराजेश्वरीको मन्दिर)।

४.८ शाह वंशको लमजुङमा प्रवेश

गण्डकीप्रस्रवणक्षेत्रमा नेपाल उपत्यकाका शासकहरूको प्रभुत्व छुटेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ स्थानीय घलेराजाहरूले रजाइँ गर्न थाले। वर्तमान लमजुङ हिमालको दक्षिणी काखमा रहेको क्होल (क्वल)का घले सबैभन्दा शक्तिशाली भएर निस्के। क्होलमा ठूला ठूला तीनवटा गुरुङ बस्ती थिए। म्रुँधिँच्ह्रो नामक अग्लो डाँडाको टुप्पामा पनि घले राजाको दरबार थियो। गण्डकीप्रस्रवण क्षेत्रमा सेन, शाह र मल्ल राजवंशको उदय पश्चात् ती घले राज्यहरू त्यसैमा विलिन भए। (गुरुङ, २०३५ : ९१) लमजुङको घेर्मुमा घलेराजाको दरबार थियो। अहिले पनि त्यहाँ अवशेषका रूपमा घोडा बाँध्ने प्वाल पारिएका ढुङ्गाका खम्बा, घोडाले दाना खाने ढुङ्गाका डुँड तथा धान कुट्ने ढुङ्गाका ओखल देख्न पाइन्छ। गण्डकी प्रस्रवण क्षेत्रका धेरै राज्यमा क्षेत्रीय वंशका राजाले राज्य गर्न थाले। लमजुङ राज्यमा राम्रो विकास हुन पनि सकेन। त्यतिखेर लमजुङका कुश्माखर घिमिरे राजनीतिज्ञ, कुटनीतिज्ञ, विद्वान्, ज्योतिषी र चतुर व्यक्तिका रूपमा स्थापित भइसकेका थिए। कुश्माखर घिमिरे वैज्ञानिक एवं दैवज्ञ थिए (स्रोतः गण्डकी सामाजिक गुठी)।

दुराहरू पश्चिमबाट पूर्वतर्फ लागेको भेटिन्छ। आदि पुर्खा लम्बबाहु दुलाल श्री उचैनगरी धौलागिरी मलुवा देश, छेहेरा नदी, चिताउराघाटमा भएको भेटिन्छ। त्यहाँबाट आएका पुर्खाको नाम सत्तल दुलाल, खजै दुलाल हो। उनीहरू भेरी अञ्चलको जाजरकोटमा आई बसे। त्यसपछि प्युठानको रुकुममा आई बसे। ती दुईको समय त्यहीँ बित्यो। त्यसपछि यता आउने पुर्खाहरू बोधे दुलाल र खजै दुलाल हुन्। उनीहरू पर्वतको शिशाघाट, दुरानकोटमा आई बसे। तिनको समय त्यहीँ बित्यो। त्यसपछि अघि बढ्ने पुर्खा दधिराम दुरा र मधै दुरा हुन्। ती दुई जना लमजुङको मादीको घाटसम्म आई बसे। सिँदीबाट चामु धिङ्गाल र गोर्जेबाट शुकराज केपछा पनि त्यही आए। यी चार पुर्खा र कुश्माखर घिमिरे पाँच जना मिलेर कास्कीकोटका राजा कुलमण्डन शाहका छोरा मागेर ल्याई लमजुङमा राजा स्थापना गर्ने मतो बाँधे। कास्कीकोटका महाराजसँग बिन्ती गर्दा उनले कालु शाह अघि लगाइदिए। राजाका साथमा केही व्यक्तिहरू र सामग्री पनि पठाएका थिए। खड देवता लिई आउने आले मगर थर १, लक्ष्मी नारायण देवता लिई आउने अधिकारी ब्रह्मण थर १, घडी लिई आउने खत्री थर १, खारी लिई आउने तेयारी थर १, अरू पठाएका थर थोरहरू अम्बरने थर १, राउत थर १, ब्रही थर १, भँडारी थर १, सुयँल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थर १ र पुखेर (मुखेर) थर १। यसरी राजा ल्याई पुरानोकोटमा राजा थापेको भेटिन्छ (अधिकारी, २०६२: पृ. ५)। दुराहरूका साथमा रहेको सनदपत्रमा पनि यो कुरा उल्लेख छ। बास्तोला थरका ब्राह्मण पनि साथमा आएका थिए भन्ने थाहा लाग्दछ।

त्यस्तै खजे दुरा पनि राजनीतिज्ञ तथा कुटनीतिज्ञ थिए। उनी हट्टाकट्टा, तन्दरुस्त, बलिया पनि थिए। खजे दुरा, गजे (चामु) धिङ्गाल, लक्ष्मण दुरा, शुकराज क्याउसा र कुश्माखर घिमिरे यी पाँच जना लमजुङका पञ्च पुर्खाको नाउँले प्रतिष्ठित थिए। त्यथि बेला लमजुङको राज्य व्यवस्था सन्तोषजनक रहेनछन।

त्यसै समयमा लमजुङ राज्यभित्र पुवाँर, भण्डारी, राउत, सुयल, घिमिरे, दुरा यति छ थरको विशेष वर्चस्व कायम थियो। यी छ थरले आँट गरेमा राज्यमा जस्तोसुकै काम पनि गर्न सक्ने अवस्था देखिन्थ्यो। यी बाहेक अन्य शेषान्त भाइ र खसान्त भाइहरूले पनि ठूलो सहयोग पुऱ्याएका थिए।

ती सबैले मतो बाँधेर कास्कीका राजा कुलमण्डन शाहका माहिला छोरा कालु शाहलाई लमजुङ पुरानोकोटमा राजा थापेका थिए। उनले ३ महिना शासन चलाए। कालु शाहलाई पाँजोका घले राजाले शिकार खेल्न जाऔँ भनी शिशिरढुङ्गा भन्ने वनमा लगी व्यजो हानेर मारे (गुरुङ, २०३४ : २३)। डा. हर्क गुरुङको भिन्गेटस अफ नेपाल (Vignettes of Nepal) नामक पुस्तकमा पनि 'कालु शाहीलाई घले राजाले बाग्लुङ पानीमा शिकार खेलेर मारे" भन्ने कुरा उल्लेख छ। साविक बाग्लुङ पानी गा.वि.स. वडा नं ६ मा एउटा ठूलो ढुङ्गो छ। त्यस ढुङ्गालाई "शिशिर ढुङ्गा" भनिन्छ। शाके १४१५ (वि.सं १५५०) को समयमा सोहीं ढुङ्गामा कालु शाही र नारायण (नारान) दुरालाई घले राजाका सन्तानले एकैचोटि हत्या गरेका थिए। राजाको इतिहास लेखियो। जनताको इतिहास लेखिएन। नारायण दुरा फुर्तिला, चल्तापुर्जा एवं कूटनीतिज्ञ थिए। सोही कारणले उनको पनि हत्या गरिएको थियो। बाग्लुङपानी र त्यस क्षेत्रका नागरिकहरूले शिशिर ढुङ्गालाई एक "ऐतिहासिक धरोहर मान्दछन्। हाल त्यस ठाउँमा गाडी चल्ने सडक पुगेको छ। डोजर लगाएर सडक निर्माण गर्दा त्यहाँका मानिसहरू एकजुट भएर त्यस ढुङ्गालाई, उप्काउन र फुटाउन नदिई तलबाट ढुङ्गाको आड दिएर सुरक्षा साथ राख्ने काम भएको छ। त्यस क्षेत्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसहरू त्यो बाटो हिँड्दा शिशिर ढुङ्गामा फूलपाती चढाएर नमस्कार गर्छन् । कसैले त ढोग्छन् पनि । उनीहरू सोही क्रमले ओहोर दोहोर गर्दछन् । राज्यको तर्फबाट दुनियादारको छोरो मारिएको नेपालकै यो पहिलो घटना हो । उनको बारेमा अध्ययन हुन बाँकी नै छ र अध्ययन पनि गर्नु पर्दछ ।

त्यस ढुङ्गाको बारेमा अर्को एउटा रोचक कथा पनि छ । परापूर्व कालमा कुनै ठाउँमा विवाह सम्पन्न गरी दुलहा दुलही लिएर बाजा बजाउँदै एक हूल जन्ती त्यही बाटो आउँदै थिए । अचानक आँधीबेहेरी आएर असिना र पानी पऱ्यो । ती जन्ती त्यही ढुङ्गामुनिको ठूलो ओडारमा बसे । पानी धेरै बेरसम्म परिरह्यो । आखिरमा त्यो ढुङ्गो तल जमिनमा धसियो । ती जन्ती जति सबै एकै ठाउँमा स्वाहा भए । त्यस पछिका दिनहरूमा त्यस ढुङ्गामाथि गएर बस्दा यदाकदा बाजा बजेको रन्को आउँछ भन्ने स्थानीय किंवदन्ति छ ।

त्यो ढुङ्गो भएको ठाउँ साबिक बाग्लुङपानी गाविसको वडा नं.६ कपुरगाउँ भन्दा दक्षिण पश्चिमतर्फ वनभित्र पर्दछ । ढुङ्गो चाहिँ मोटरबाटो भन्दा माथि छ । स्थानीय नयाँ मानिसहरूले त्यसलाई ढोग्ने ढुङ्गो भन्दछन् ।

यहाँ शाहवंशका बारेमा थोरै प्रसङ्ग कोट्याउँदा उचित नै होला। शाही ठकुरीहरू चितौर र सिसौदिया कुलसँग सम्बन्धित देखिन्छन् । यिनका पुर्खाहरू चितौरको पतनपछि नेपालको पहाडी क्षेत्रमा प्रवेश गरेको पाइन्छ। इतिहासकारहरू बीच मत भिन्नता त पाइन्छ तैपनि यथार्थताको नजिक यसरी जान सकिन्छः चितौरगढमा प्रथम चन्द्रवंशी राजा भट्टारक ऋषिराज राणाजी थिए भने तेत्तिसौँ भुपति राणाजी राव थिए । यिनका तिन भाइ छोरा थिए। ती हुन्ः १उदयबम २. फत्तेसिंह ३.मनमथ । मनमथ मुसलमानको आक्रमणबाट बच्न उज्जैन गए । यिनका छोराहरू ब्राह्मल्कि र भुपति झगडाको कारणले उज्जैनबाट रिडी पहाडतिर लागे । त्यहाँबाट यिनी इ.सन् १४९५ मा भिरकोटको खिले भन्ने ठाउँमा पुगे । यिनका खान्चा खान र मिचा खान दुई भाइ छोरा थिए । खान्चा खानले ढोरमा मगरातको ठूलो क्षेत्रमा राज्य सञ्चालन गरे । मिचा खानले नुवाकोटमा राज्य गरे । यसरी यी दुई दाजु भाइका दुई वटा स्वतन्त्र राज्य खडा भए । नुवाकोटको राजसिंहासनमा जयन खान, सूर्य खान, मिचा खान विचित्र खान, जयदेव खान र कुलमण्डन बसे । दिल्ली सम्राटलाई रिझाएकोले उनीबाट शाहको उपाधि पाए । यिनको वंश शाही ठकुरी भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(स्रोतः शैक्षिक पल्लव) ।

राजा कुलमण्डन शाह वि.सं.(१५२५-१५८३) नेपालका शाहवंहीय राजाहरूमा यिनको नाउँ अग्रणी स्थानमा रहेको छ। यिनका बाबु नराज खानले खड्काकोटका खड्का खसहरूलाई अपदस्त गरी ७०० कास्कीको स्थापना गराएका थिए । यिनले ७०० कास्कीलाई ८००० कास्की गराएका थिए । त्यो समयमा घरधुरीको आधारमा यस्तो नामकरण गर्ने परिपाटी थियो। यसबाट उनले राज्यविस्तार गरेका थिए भन्ने कुरा बुझिन्छ। उनी गर्मी मौसममा कास्कीकोटमा बस्थे भने जाडो मौसममा बाटुलेचौर र लामाचौरका बीचको जमिनमा निर्मित दरबारमा बस्थे। सोही आधारमा ''कहिले राजा लामाचौर कहिले राजा कास्की, ऐरी लाग्यो चापाकोट शिकार फँस्यो मास्की" भन्ने उखान बन्न गएको थियो। उनलाई कुनै स्रोतले जगति खान र कुनै स्रोतले विचित्र खान भनेको पनि पाइन्छ । उनले दिल्लीका वादशाह (मुगल सम्राट) लाई पस्मिना र आठपाटे काम्लो लगी उपहार दिएका थिए। सुनको बाज उपहार चढाएका थिए भन्ने कुरा पनि इतिहासमा फेला पर्दछ। उनै बादशाहबाट शाही तोहफा पाएर शाही भएको प्रसङ्ग पनि नेपालको इतिहासमा पाइन्छ। त्यति बेला आफ्नो खानदान प्रख्यात गराउने आकाङ्क्षाले यस्तो काम गरिन्थ्यो। उनका छोरा यशोब्रह्म शाह लमजुङका राजा भए। कुलमण्डन शाह पछि उनैका छोरा जलाल शाह कास्कीका राजा भए (स्रोतः गण्डकी सामाजिक गुठी)। यशोब्रह्म शाह १५५०...। नरहरि शाह १६१६...। चूडा शाह , अचिन्द्र शाह, नरेन्द्र शाह, केहरीनारायण शाह, भीम शाह(दशिवन्त), रिपुमर्दन शाह १८०२-१८२९, वीर भूपाल शाह १९२९...। वि.सं. १५५०- १८३९ सम्म लमजुङ राज्य स्वतन्त्र थियो। लमजुङका राजा चितौरिया वंश, कुलमन्डन खानदान, भारद्वाज गोत्रीय, ८००० कुरिया रहेको बुझिन्छ। क्षेत्रफलको हिसाबले सानो भए पनि लमजुङ राज्य सैनिक दृष्टिले महत्त्वपूर्ण थियो भन्ने बुझिन्छ। गोरखा राज्यलाई अरू बाहिरी राज्यहरू मध्ये लमजुङको बढी डर थियो।

गोरखाको माझकोटमा जस्तै लमजुङ गाउँशहर कालिकामन्दिर परिसरमा प्रशस्त पुराना हातहतियार थुप्रो पारिएका छन्। तिनका साथमा दुई वटा तोप पनि छन्। तीमध्ये एउटामा डश्री संवत् १५९८" कुँदिएको छ। यसबाट लमजुङ राज्यमा शाहवंशीय शासन स्थापना भएपछि सामरिकशक्ति बढाउने प्रयत्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको देखिन्छ । लमजुङका दोस्रा राजा नरहरि शाहका पालामा गोरखा राज्य स्थापना भएको र त्यसको भूमिका यशोब्रह्म शाहले पहिले नै तयार गरेका थिए । वि.सं. १६१६ मा द्रव्य शाहले गोरखा राज्य स्थापना गरेपछि लमजुङको राईनासमा पनि त्यसको प्रभाव परेको थाहा लाग्दछ । नरहरि शाहले चक्रतीर्थमा बाबुको श्राद्ध गर्दा बालुवामा हतियार लुकाएका, गोरखाको गुरुङथोकसम्म द्रव्य शाहलाई लमजुङेले लखेटेका थिए । द्रव्य शाह गोरखाका राजा त भइहाले । उनका शेषपछि लमजुङका राजा चूडा शाहले गोरखाको लिगगिमा कब्जा जमाए पछि छेपेटारमाथि दखल पर्न गयो । हलिथुमम्मा थुर्प रह्यो । पछि गोरखालीले लमजुङेलाई धपाए । लमजुङेले बारपाक क्षेत्रलाई कब्जा गरे । जसका कारण भोटको नुन आउने बाटो बन्द भयो । अनि गोरखालीलाई नुनको अनिकाल पऱ्यो । पछि तनहुँमा पनि नुन बन्द भयो । गोरखासँग मिल्न जाँदा बारपाकका मुखियालाई हात लिएर नुन छुटाए । तनहुँले गोरखालाई हात्ती दिएको र हात्तीलाई नुन खुवाउनुपर्दछ भन्ने निहुँले त्यसो गरिएको थियो । सोही कारणले गोरखालीले बारपाकका मुखियालाई मारिदिए । त्यसो हुँदा पछिसम्म बारपाक गोरखासँग भड्किइरह्यो ।

कालु शाहलाई मारे पछि फेरि शेषान्त भाइ र खसान्त भाइको मतो बाँधेर घिमिरेको काम्लो र दुराको नाम्लो गरी कुश्माखर घिमिरे र खजे दुराले कास्कीबाट यशोब्रह्म शाहलाई ल्याएर लमजुङको गादीमा चढाए (योगी, २०३१: १५३) । यसरी वि.सं १५१५ मा आफ्ना नाल निशाना, हात हतियार, बाजा गाजा नगरासाथ दलबल सहित त्यो लश्करले लमजुङमा प्रवेश गऱ्यो । राज्य सञ्चालन गर्न थालेपछि उत्तरपट्टि बाखेजगतमा मूल ठाना राखियो । बागलुङपानी, तुर्लुङकोटमा गढी खडा गरेर दुराहरू समेतको जिम्मामा नाकाबन्दी गरिएको थियो । दक्षिणतर्फ बज्रकोट, तार्कुकोट, मैदानी भागमा खेती गर्ने जनताहरूलाई विश्वासमा लिई तार्कुकोटमा गढी बनाइयो । राइनास कोटमा पनि फौज राखियो । त्यसैगरी दुर्गम भागबाट हुन सक्ने खतरा झेल्न बाहुनडाँडा र जगत्को गौँडामा गस्ती बसाल्दा उत्तरी भेगका जनताहरूको आस्था खस्किन थाल्यो । अतः घलेहरूले स्थायी समाधान हुने गरी मेलमिलाप गर्ने र नाका फुकाउन पहल गर्न थाले । राजापक्षबाट पनि जनतालाई राहत दिन भलाममा वार्ता गर्ने सल्लाह भयो । बालुवाबेसी कूटकाण्ड हुनु, राज्यको सुरक्षा व्यवस्था बलियो हुनुबाट घले पक्षका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाइकेहरू भागी दुर्गम उत्तरी भेगतर्फ लागे। जनताले राजा स्वीकार गरेकाले समस्या समाधान भयो। शासन एवं सामरिक बन्दोबस्त बेसीशहरमा पनि आवश्यकता अनुसार मुकाम कायम गरी राज्य व्यवस्था सञ्चालन गर्ने परम्परा बन्यो। गाउँशहर मूल दरबारमा इष्टदेवी कालिका र गुरु गोरखनाथको स्थापना गरियो। साथै पुरानोकोटमा देवीस्थान, लामीडाँडा श्रीकोट, उदीपुर र गहतेमा पनि कालिका स्थापना गरिएको थियो। बेसीशहरमा लक्ष्मीनारायण मन्दिर स्थापना गरी गुठीको व्यवस्था गरियो। लमजुङ कालिकाको मात्र ९०० मुरी खेत मध्ये ३०० मुरी अक्षता र ६०० मुरी कामदार तथा कालिकाका सुसारेहरूलाई खान्की रहेको थियो। १ मुरी बीजको जग्गा उनीहरू बस्ने कुरियाका लागि गुठी राखिएको थियो। ती गुठीका जग्गा केही व्यक्तिका नाउँमा कायम भएका छन् भने केही गुठीकै रूपमा कायमै छन्। राजा यशोब्रह्म शाह(जसवम् जिजु) बाट सबै थर जातिहरूलाई मान्य हुने स्थानीय परम्परा जाति, धर्म र संस्कारको सम्मान हुने गरी रीतिस्थिति बाँध्ने काम भयो। बेसी बस्नेहरूले शेषाली गुरुङहरूलाई खेती गर्न आठ खेत दिने र गुरुङहरूले बेसी बस्नेहरूलाई गोठ राख्न आठ खर्क छोडिदिने सम्झौता भएको थियो। त्यसैगरी हरेक वर्ष पुस १५ गते सबै जातजातिले आपसी सद्भावका साथ कर, मालपोत लगायत व्यक्तिगत व्यवहार मिलाई चाडवाडको रूपका आर्थिक वर्ष मनाउने निर्णय पनि सोही समयमा भएको थियो। वस्तु विनिमय, नापतौल तथा दरभाउको मापदण्ड पनि सोही समयमा निर्धारण गरिएको थियो। लमजुङमा अझै पनि जसबम जिजुका पालादेखिको रीतिस्थिति भन्ने भनाइ सामाजिक चालचलनमा प्रचलित छ। एवं रितले आपसी सहयोग, मेलमिलाप तथा सद्भावका आधारमा वि.सं.१५५० देखि १८३९ (१३ पुस्ता २८९ वर्ष लामो अवधि) सम्म यशोब्रह्म शाहदेखि वीरमर्दन शाहले नेपाल लगायत छिमेकीहरूबाट समेत श्रेय कमाएर लमजुङलाई एक ढिक्का बनाएर राखेको देखिन्छ। यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाहले लिगलिगकोट हुँदै गोरखाको गद्दी आरोहण गरेपछि गोरखा कालिकाको प्रतिस्थापन गरेको तथ्य पाइन्छ। यसकारण पनि गाउँशहर कालिका गोरखा कालिकाकी दिदी हुन् भन्ने भनाइ छ (स्रोत : लमजुङ महोत्सव २०६९ को ब्रुसर)। त्यसपछि लमजुङको उत्तरमा अवस्थित मनाङ भोटलाई पनि यशोब्रह्म शाहले आफ्नो प्रभुत्वमा पारे (गुरुङ : त्यही : १२४)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालु शाहलाई मारेपछि उनकी रानी जसताती (वसन्तावती) ले अलापविलाप गरिन् । अब यहाँ बस्न सकिँदैन भनी भागेर माइत जान लागेकी थिइन् । यो कुरा कुश्माखर घिमिरेले थाहा पाएर रानीलाई रोक्ने व्यवस्था मिलाए । बर्धानठाँटीभन्दा माथि साविक सिँदुरे गाउँ विकास समितिको वडा नं.१ मा पर्ने पखेरामा एउटा ओडारमा रानीलाई लुकाइराख्ने काम भयो ।

रानीलाई लुकाएको ओडार भएको हुँदा त्यसलाई रानीओडार भन्न थालिएको हो । एउटा टोली रानीलाई सुरक्षा दिएर त्यहीं बस्यो । कुश्माखरकी श्रीमती यशोदा गुरुआमाले पनि रानीको सुरक्षाका लागि पहरा दिएकी थिइन् । एक टोली कास्कीतर्फ लाग्यो । माथि उल्लेखित ५ थरले कुलमण्डन शाहसँग अर्को छोरो दिनुपर्‍यो भनी अनुनय विनय गरे । पहिले त उनकी रानीले आफ्ना छोराहरू मार्नका लागि लमजुङ पठाउने हो र ? भनिन् । राजाले पनि त्यस प्रस्तावको इन्कार गरेपछि धेरै बिन्ती भाउ गर्ने र सुरक्षा व्यवस्था कडा गर्ने कुराको आश्वासन दिए । छोरो शासक हुन्छ भने लमजुङ पठाएर के फरक पर्छ त ? भनेर कुलमण्डन शाहले रानीको चित्त बुझाए । साहिँलो छोरो यशोब्रह्म शाहलाई अघि लगाइदिए । यसो पनि भनिन्छ – जेठो छोरो बाहेक अरू जुनसुकै पनि रोजेर लान सक्छौ भनी कुलमण्डन शाहले त्यो टोलीलाई भनेका थिए । सबै दाजुभाइ सुतिरहेको ठाउँमा गएर हेर्दा यशोब्रह्म शाह आफू सुतेको ठाउँबाट माथि सिरानतर्फ सरेका थिए । त्यस्तो मान्छे भाग्यमानी हुन्छ भन्ने विश्वासले लमजुङेले उनैलाई रोजे भन्ने कुरा पनि लमजुङमा व्यापक रूपमा चर्चा भइरहन्छ । यशोब्रह्म शाहलाई चाँदीको जाबीमा बोकेर ल्याएको कुरा च्यानपाटा, दुराडाँडा स्थित खजे दुराको सालिकले पुष्टि गर्दछ । उक्त सालिक तत्कालीन सर्बोदय हाईस्कुलको रजतजयन्तीको अवसर पारी २०३३ सालमा स्थापना गरिएको हो । २०३३ साल कार्तिक २० गते जनकवि केसरी धर्मराज थापा र सरदार यदुनाथ खनालले संयुक्त रूपमा त्यस सालिकको अनावरण गरेका हुन् । उक्त शिलापत्रमा लेखिएको विवरण हुबहु यस्तो छ :

॥खजे दुरा ॥

श्री शाके १४१५ श्री संवत् १५५० आषाढ १५ गते

रविवार तिथि दशमी श्रीसूनदर्योदयरिष्टघटिषु ९।१५

शिंहलग्नमा खजे दुरा र उनिका सहयोगी भै जसभू शाहलाई गादी गराएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालिक निर्माण गर्ने कालीगढ दुराडाँडा, खजेगाउँ निबासी मनबहादुर विश्वकर्मा हुन्। सालिक निर्माण खर्च स्थानीय खजेगाउँको दुरा समाजले व्यहोरेको थियो। पछि त्यो सालिक भाँचियो। २०४० सालमा अर्को सालिक खडा गरिएको हो। त्यस पटकको खर्च चाहिँ वातावरण मन्त्रालयले व्यहोरेको थियो। दोस्रो सालिक बनाउने कलाकर्मी पनि उनै मनबहादुर विश्वकर्मा हुन्।

अघि ऐतिहासिक कालमा स्याङ्जाको लसर्घादेखि धादिङको सामरी (साम्री) सम्म घले राजाहरूले राज्य गर्दथे। लसर्घाको राज्य जैन खानको समयमा जितेका भीमसेनका पालामा कस्केलीले चढाएको वंशावलीमा उल्लेख छ। कास्की रजस्थल, कास्की देउमाडी र लमजुङ हिमालको फेदीमा अवस्थित क्होलका घले राजालाई जगती खान साहीले जिते। लमजुङका घले राजालाई जसबम शाहले जिते। लिगलिगका घले राजा र गोरखा माझकोटका खड्का राजालाई द्रव्य शाहले जिते। बार्पाक, स्यार्तान, अठारसयखोला, सल्यान, चरङ्गे र धादिङका घले राजालाई राम शाहले जितेका थिए। त्यसपछि पनि धादिङ, कटुन्जे र साम्रीका जनताले घलेलाई राजा मान्न लागेका रहेछन्। नरभुपाल शाहले त्यहाँका घले राजाहरूलाई परास्त गरे। यसरी आफ्नो राज्य निर्मूल भएपछि पनि गुरुङहरूले ठकुरीलाई सत्ताधारी राजा मानेर स्थानीय तहमा शासनको हक अधिकार सङ्ग्रह गरी स्वायत्त शासन चलाएका थिए। पछिसम्म पनि पश्चिममा पर्वतको दुर्लुङ, पूर्वमा धादिङको मैधि, उत्तरमा कास्कीको सिक्लेस, लमजुङको घनपोखरा, गोरखाको बारपाक र दक्षिणमा तनहुँको ढोर जसपुर र चितवनको कपिलासपुर सोलाभाँजा भन्ज्याङसम्म गुरुङहरूको राजनैतिक वर्चस्व कायम थियो। खास गरी मादी मर्स्याङ्दीको बीच तथा मर्स्याङ्दीको सिरानका दायाँबायाँका इलाका लमजुङ चारनाल र उँभो खोलामा गुरुङहरूको स्वायत्त शासन थियो। पश्चिम किल्ला काँगडातर्फ लडाइँको उद्घोष चल्दा वि.सं. १८६२ मा देवीदेवताका गुठी र बाहुनको कुशबिर्ता हरण गरी सैनिकहरूको खान्कीमा दरिएको थियो। तर लमजुङ चारनाल र उँभोखोला समेतका गुरुङको सितोबिर्ता भने हरण भएको थिएन। वि.सं. १८७१ मा लमजुङ चारनालको सितोबिर्ता हरण गरी सेर्मा लिएको हो र त्यही बेलादेखि नै गुरुङहरूको स्थानीय स्वायत्त पनि अन्त्य भयो (लमजुङ समगम)।

जसभू राजालाई कास्कीबाट बोकेर ल्याइएको थियो। त्यो बेला अहिलेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो गाडीको सुविधा थिएन । कास्की देखि लमजुङसम्म हिंडेरै आउनु पर्दथ्यो । त्यसो हुँदा बीच बीचमा बास बस्नु पर्दथ्यो । कास्कीबाट हिंडेर लमजुङतर्फ आउँदा जहाँसम्म आइपुग्दथे त्यहाँ एउटा घरमा बास माग्नु पर्दथ्यो । बास बस्ने घरको पिंढीमा भएको गुन्द्रीमाथि कुश्माखर घिमिरेले आफ्नो साथमा भएको काम्लो ओछ्याउँथे । खजे दुराले सोही काम्लो माथि नाम्लो बिसाउँथे । त्यसरी राजालाई काम्लामा राखेपछि बल्ल आफूहरू सुरक्षा दिएर वरिपरि बस्तथे । काम्लो भनेको उनीबाट निर्मित ओछ्याउने साधन हो । जति रात बास बस्नु परेपनि उनीहरूले यही तरिका प्रयोगमा ल्याउँथे । खजे दुरा ज्यादै संवेदनशील थिए । उनी एक जिम्मेवार व्यक्ति थिए । कहीं कतैबाट कसैले प्रतिशोधको भावनाले हेर्छ कि भनेर राजालाई आफैले बडो माया र जतनका साथ बोकेका थिए । उनीहरू मादी नदी तरेर लमजुङ प्रवेश गरे । अहिले त्यस ठाउँमा एउटा झोलुङ्गेपुल छ । त्यसको थोरै तल गाडी चल्ने गरेको पक्की पुल छ ।

सोही पुलको नजिकै मादीको किनारमा एउटा ठूलो ढुङ्गो छ । थोरै समयका लागि तिनीहरू त्यसै ढुङ्गाको आड लागेर बसे । अघि कास्कीबाट यशोब्रह्म शाहका दाजु कालु शाहलाई लमजुङमा राजा बनाउन ल्याउँदा त्यसै ढुङ्गामा विश्राम गराएका थिए । कालु शाहलाई राखेको ढुङ्गो भएको हुनाले त्यस ढुङ्गालाई कालोढुङ्गो भन्न थालिएको हो । त्यो परम्परा अहिले पनि कायमै छ । कालु शाहको चाँडै नै हत्या भएको हुँदा अब त्यस्तो नहोस् भनी सोही टोलीका भद्रभलाद्मीहरूले त्यसै ढुङ्गासँग यशोब्रह्म शाहलाई मित लगाइदिए । यसको आशय मादी किनाराको कालो ढुङ्गो जस्तै अटल र नदी जस्तै शालिन बनी एकनासले यशोब्रह्म शाहले लमजुङमा शासन गर्न सकून् भन्ने थियो । त्यसका साथै त्यो ढुङ्गो मादीको किनारमा रहेसम्म शाहवंशको शासन अटल रहोस् भन्ने आशय पनि थियो । त्यो समयदेखि यता त्यस ढुङ्गालाई मितेरी ढुङ्गो भन्न थालिएका हो (स्रोत : मिलनबिन्दु) ।

त्यहाँबाट उठेर रामबजार हुँदै केही समय हिंडेपछि उनीहरू मिदिम खोलामा आइपुगे । मिदिम खोलो (गोमती गङ्गा) तरेपछि साबिक नेटा गा.वि.स. १ र सिंदुरे गा.वि.स. १ मा पर्ने बर्धान फाँटको माथिपट्टि रहेको कुवा नजिकै समथर ठाउँमा उसै गरी काम्लो ओछ्याएर नाम्लो बिसाए । राजालाई काम्लामा राखेर त्यस कुवाको चिसो पानी पिलाए । आफूहरूले पनि पानी पिए । त्यहाँदेखि यता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस कुवालाई लमजुङे कुवा र त्यो पानीलाई लमजुङे मुलको पानी भन्ने परम्परा बसेको हो। अद्यपि त्यो भनाइ यथावत् नै छ। सबैले त्यस कुवाको पानी पिएर तिनीहरू उकाला लागे। ठूलो स्वाँराको एउटा ठूलो ढुङ्गाको नजिकै यशोब्रह्म शाहलाई बसालेर आफूहरू पनि त्यहीँ बसे।

४.८.१ सिँदुरे ढुङ्गा

सिँदुरे ढुङ्गा लमजुङ राज्यको एकीककरणको धरोहरको रूपमा चिनिन्छ। वि.सं.१५५० आषाढ १५ मा यशोब्रह्म शाहलाई लमजुङ राज्यका राजा स्थापना गरी लमजुङेले सिँदुर जात्रा गरेको ढुङ्गो हो। कुश्माखर घिमिरेले अभिशेष दिने र जनताले हर्ष प्रकट गरेको प्रतीकको रूपमा यो ढुङ्गो चिनिन्छ। साबिक सिँदुरे गाविस वडा नं. ५ हाल सुन्दरबजार नगरपालिका वडा नं.११ मा रहेको सिँदुरे ढुङ्गाबाट हेर्दा माछापुच्छ्रे, अन्नपूर्ण, लमजुङ हिमालजस्ता हिमश्रृङ्खला देखिन्छन्। जिताकोट, तान्द्राङकोट, थान्सिङकोट, तुर्लुङकोट, फल्याङकोट, नालमा, पर्यटकीय स्थल घलेगाउँ, मालिङ, भुजुङ, गिलुङ, पसगाउँ, घान्द्राङ जस्ता महत्त्वपूर्ण ठाउँ देखिन्छन्। गोलीटार बजार, मादी तथा गोमती नदी पनि स्पष्ट रूपमा देखिन्छन्। यो एक रमणीय एवम् पर्यटकीय स्थल हो। यही ढुङ्गाको नामले यो ठाउँलाई सिँदुरे भनिएको हो।

सिँदुरे जात्रा पश्चात् तुर्लुङकोटमा ल्याएर सुरुमा राजा स्थापना गरिएको थियो। त्यो ठाउँ तुर्लुङको डढुवा हो। त्यो बेला घिमिरे समाजमा कसैको मृत्यु भएमा दुराले १० दिन र दुराको मृत्यु भएमा घिमिरेले ५ दिन जुठो बार्ने परम्परा थियो। वि.सं. २००७ साल सम्म त्यो चलन कायमै रह्यो। यसको कारण घिमिरे र दुरा एकआपसमा दाजुभाइ हौँ भन्ने भावनात्मक सम्बन्ध हो (स्रोत : मिलनबिन्दु)।

माथि उल्लेख भएको यशोब्रह्म शाहलाई लमजुङमा राजा स्थापना गर्दा अधिकारीहरूको पनि योगदान रहेको पाइन्छ। जातिभास्कर नामक ग्रन्थले अधिकारीलाई यसरी चिनाएको छः अधिकारी ब्राह्मण-यह बंगाल तथा उडीसाके ब्राह्मणोंका एक भेद है यह प्रायः चैतन्यस्वामीके शिष्य होते हैं यह उपाधिभेद है पहले इनके पूर्वज शास्त्रादिमें अधिकार रखतेथे इस कारण यह पदवी पाई (पृ.१५९)। परम्परादेखि नै शास्त्रको अधिकार पाएका र राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थापना गर्दा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नाका कारण राजा यशोब्रह्म शाह, राजगुरु कुश्माखर घिमिरे र भारदारिया प्रमुख खजे दुराको अगुवाइ तथा समुच्च पञ्चपुर्खाको निर्णय अनुसार तुर्लुङकोट कालिकाको पुजारी गुरुपुरोहित पदमा अधिकारी थरका ब्राह्मणलाई नियुक्त गरेको प्रमाण भेटिन्छ। साथै उनै कालिको उमराउ कर्ता चाहिँ दुरालाई नियुक्त गरेको प्रमाण पनि भेटिन्छ (स्रोतः शाक्तपत्र)। पुजारी गुरुपुरोहित र पुजारी कर्ता अहिलेसम्म पनि क्रमशः अधिकारी ब्राह्मण र दुरा यथावत् नै बहाली भइरहेका छन्।

४.८.२ रानी वसन्तावतीसँगको सहमति

कालु शाही र नारायण दुरालाई घलेका सन्तानले बाग्लुङ पानीको शिशिर ढुङ्गामा निर्मम हत्या गरेपछि रानी वसन्तावती डराइन्। उनी भाग्दै माइत जान लाग्दा माथिका छ थरले पहराको एउटा ओडारमा सुरक्षा साथ पहरा दिएर लुकाइराखेका थिए। रानी लुकाएको ओडार भएको हुँदा त्यसलाई पछि रानी ओडार भन्न थालिएको हो।

जसभू शाह (यशोब्रह्म शाह) लाई लमजुङ ल्याएपछि उनीसँग रानी जसतावती (वसन्तावती) को विवाह गरिदिऊँ भनी खसान्त भाइ (खस, बाहुन) र शेषान्त भाइ गुरुङ पाँछ (पञ्च) ले मतो गरी रानीकहाँ बिन्ती गर्न गए। "हिजो रजाइँ गरी खानु भनी सुनको नाम्लाले बोकेर ल्याएको राजारानी हर्दापर्दा यो गत भयो तर आज पनि पटबन्दीमा रहू" भनेर बिन्ती गरे। त्यसपछि रानीले तिमीहरूले भनेको कुरा मनासिब हो तर म दोजिया की छु। मेरो गर्भबाट साहेब जन्म्यो भने के हुन्छ भनेर सोधिन्। त्यसपछि पञ्चले साहेब जन्मे राज्य छुट्ट्याइदिउँला, मैयाँ जन्मे गोडधुवा दिएर विवाह गरिदिउँला भने। त्यसपछि राजा यशोब्रह्म शाहले कालु शाहका विधवा रानी आफ्नै भाउजूलाई विवाह गरे। त्यसपछि रानीको कोखबाट साहेब जन्म्यो। रानीले अघि कबोल गरेका पञ्च भलाद्मीलाई बोलाइन्। तिमीहरूले यस्तो कबोल गरेका थियौ। मेरो कोखबाट साहेब जन्म्यो। अब के हुन्छ भनिन्। पञ्च भलादमीले दोर्दी पारी राज्य छुट्ट्याइदिए। युलुङ तिनको राजधानी भयो। कालान्तरमा लमजुङसँग कूट हुँदा तिनको राज्य छत्रभङ्ग भयो। तिनको सन्तान रहेन (गुरुङ, २०३४ : २३)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.८.३ बालुवाबेसीकूटकाण्ड :

बालुवाबेसी कूटकाण्डका उन्नायक खजे दुरा हुन्। बौद्धिक र कूटनीतिक शैलीमा पछाडिबाट सहयोग पुऱ्याउनेहरू धेरै थिए भन्ने बुझिन्छ। माझमा मर्स्याङ्दी नदी बग्दछिन्। दायाँतर्फ साबिक खुदी गा.वि.स. पर्दछ भने बायाँतर्फ साबिक भुलभुले गा.वि.स. पर्दछ। मर्स्याङ्दीको पुल तरेर भुलभुलेतर्फ गएपछि थोरै माथि दाहिनेतर्फ एउटा ठूलो गुफ फेला पर्दछ। त्यो भन्दा माथि नुनखानी भन्ने ठाउँ छ। त्यसलाई भुलभुलेको नुनखानी भन्दछन्। भुलभुलेमा पहिले नुनखानी थियो। न्युन रूपमा प्रयोग गरिएको थियो। "नन्देस्वाँराको बाटामुनि धानखेतमा नुन सुकाउँथे। पछिल्लो समयमा त्यो खासै प्रयोगमा आएन। आजकाल त्यस ठाउँलाई मर्स्याङ्दी नदीले च्यापेकी छन्। नुनखानी भन्दा माथि उत्तरपूर्वतिरबाट आएको ङादीखोलो मर्स्याङ्दीमा मिसिन्छ। ङादी तरेपछि बाहुनडाँडा सुरु हुन्छ। ङादीखोलो भुलभुले र बाहुनडाँडाको सिमानामा पर्दछ। त्यस ठाउँलाई दोभानचौर भन्दछन्। ठिक त्यसैको तल उपल्लो मर्स्याङ्दीको बाँध छ। दोभानचौरको पारि खुदीतर्फ थाकन, ढगै गाउँ पर्दछन्। त्यसको माथि डाँडामा सिउरूङ पर्दछ। अहिले सिउरूङ पर्यटकीय गाउँका रूपमा स्थापित भएको छ। मर्स्याङ्दीको किनारमा अर्खलेबेसी पर्दछ। त्यो ठाउँ खुदी गाविसको वडा नं. ८ मा पर्दछ। खुदी गाविस ६ र ८ को सीमाना साबिक बाहुनडाँडा गाविस वडा नं.८ लामपाटाको फेदी, तातोपानी र बालुवा मैदानको बीचमा मर्स्याङदीमा अवस्थित अर्खलेबेसीको झोलुङ्गेपुल मुन्तिरको ठाउँ खुदी थाकनबेसीको सेरोफेरोमा पर्ने मर्स्याङ्दीको छेउलाई पनि बालुवा भन्दछन्। त्यसैको पारिपट्टि केही तल साबिक भुलभुले गाविस वडा नं. ५ मा पर्ने मैदानलाई बालुवाबेसी भन्दछन्। त्यो ठाउँ ङादी खोला मुन्तिर दोभानचौरको तल्लो भेगमा पर्दछ। शेषान्त भाइ, खसान्त भाइ तथा घलेका सन्तान बीच भएको घटना अर्थात् बालुवाबेसी कुटकाण्ड भएको ठाउँ त्यही हो।

बालुवाबेसी कूटकाण्डको केन्द्रबिन्दु त्यही हो। फैँचन भुलभुले र बाहुनडाँडाको राजनीतिक सीमाना ङादी खोलो भए पनि भौगोलिक बनौटका दृष्टिले साबिक भुलभुले ५ को बालुवाको मैदान र साबिक बाहुनडाँडा ८ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्ने लामपाटाको फेदीको बालुवाको मैदानको क्षेत्र एकै किसिमको हो । तसर्थ यो सबै ठाउँलाई बालुवाबेसी भन्न मिल्दछ । बालुवामा हतियार लुकाएर लडाइँ गरेको ठाउँ यही हो (स्रोतः जमिन्द्रमान घले, स्थानीय बुद्धिजीवी एवं पूर्व सभासद र तीर्थ बस्नेत, स्थानीय बुद्धिजीवी एवं समाजसेवी तरापु) । ङादी खोलाभन्दा माथि साबिक बाहुनडाँडा गाविस वडा नं. ८ मा पर्ने लामपाटाको तल्लो छेउ मर्स्याङ्दीको किनारमा एउटा ठूलो ढुङ्गो छ । त्यसको आकार सोली घोप्ट्याएको जस्तो छ । तसर्थ त्यस ढुङ्गालाई सोलीघोप्टे ढुङ्गो भन्दछन् । आफू केटाकेटी अवस्थामा सोही बाटो तलमाथि गर्दा त्यसै ढुङ्गा मुनि बस्ने गरेको र आफू लगभग त्यहाँ उभिन मिल्ने अवस्था भएको कुरा राष्ट्रकवि माधवप्रसाद घिमिरेको अनुभव पनि यसमा समावेश गरिएको छ । घिमिरेको अनुभव पनि यहाँ समावेश गरिएको छ । त्यो ढुङ्गो नै सोलीघोप्टे ढुङ्गो हो (स्रोतः राष्ट्रकवि माधवप्रसाद घिमिरे) ।

बाहुनडाँडा गाविस ८ लामपाटाको छेउ, मर्स्याङ्दी नदीको किनारमा रहेको ढुङ्गालाई सोलीघोप्टे ढुङ्गो भन्दछन् । बालुवाबेसी कूटकाण्ड हुँदा त्यसै ढुङ्गामा फैंचन घलेलाई मारिएको थियो । बालुवाबेसीमा खैलाबैला हुन थालेपछि अब निको चाल छैन भनी घले राजालाई लुकाउन त्यसै ढुङ्गामा लगिएको थियो तर बचाउने सम्भावना रहेन ।

त्यसै ठाउँमा घले राजाका सन्तान र शेषान्त भाइ, खसान्त भाइ तथा उनका सहयोगी बीच लडाइँ भएको थियो । पूर्व सल्लाह अनुसार लडाइँ मात्र गरेर राज्यको विकास हुँदैन । एक आपसमा शत्रुत्वको भावना बसिरहन्छ । सधैँ त्रास भइरहन्छ । त्यसकारण अब एक आपसमा मेल मिलाप गर्नु पर्‍यो, मित्रता कायम गर्नुपर्‍यो भनी दुवै थरीको सहमति भयो । त्यतिबेला घले राजाका सन्तान एकातिर थिए भने अर्कातर्फ शाहबंशीय राजाका समर्थक, शेषान्तभाइ, खसान्त भाइ र भारदारियाहरू थिए । घले राजाको दरबार घेर्मुमा थियो । निश्चित दिनमा दुवै थरी भेला भए । विना हतियार भेला हुने भन्ने पूर्व सल्लाह थियो । सोही सल्लाह बमोजिम घलेका सन्तान विश्वासमा परेका थिए । मेलमिलापको उपलक्ष्यमा विभिन्न खाद्य परिकार जुटाएर भोज खाने सल्लाह भयो । भोजको साथमा रक्सीको प्रयोग गरिएको थियो । घलेका सन्तानलाई एक लहरमा राखियो भने बाँकी अरूलाई अर्को लहरमा बस्ने व्यवस्था मिलाइयो । घलेका सन्तानलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरेसका डबकामा जाँडरक्सी खान दिइएको थियो। किनभने उनीहरूलाई राजखलक भनेर मान-मर्यादा गरिएको हो। बाँकी सबैलाई नेभाराका पातबाट तयार पारिएका दुना टपरीमा खाने व्यवस्था मिलाइएको थियो। ती दुना टपरीका पिँधमा प्वाल पारिएको थियो जसका कारण धेरै जाँडरक्सी चुहेर बालुवामा सोसियो। जाँड रक्सी धेरै सेवन गर्नाका कारण घलेका सन्तान बेसरी लठ्ठिए। बाँकी सबैले अघिल्लो दिनमा बालुवामा लुकाइराखेका हतियार झिकेर एकतर्फी युद्ध मच्चाए। बस्दा पनि हतियार लुकाएको बालुवामाथि शाहका समर्थकहरू बसेका थिए भने अर्कातर्फ घलेका सन्तान बसेका थिए। जसका कारण घलेका सन्तान धेरै सखाप भए। यसरी कूटनीतिक तरिका अपनाई घलेका सन्तानलाई सखाब पारेका थिए। फैंचन घलेलाई जोगाउन लैजाँदै गर्दा सोही सोलीघोप्टेढुङ्गामा विपक्षीहरूले उनको हत्या गरेका हुन्। निसानाको रूपमा अहिले पनि त्यो ढुङ्गो यथावत् छँदैछ।

त्यसपछि शाह वंशका राजालाई सहयोग पुऱ्याई सुरक्षित ढङ्गले राज्य सञ्चालन गराइएको थियो। बालुवाबेसी कूटकाण्ड मच्चाउनमा हलोचन गुरुङको ठूलो हात थियो। उनी घले राजाका भारदारिया थिए। सिङ्दीका हलोचन गुरुङ त्यस समयका चल्तापुर्जा र घले दरबारसँग निकै नगिच एवं विश्वासिला व्यक्ति थिए। घले राजाले आफ्नी राजकुमारी हलोचन गुरुङका छोरासँग विवाह गरिदिन वचन दिए। तर वास्तबमा राजकुमारीको साटो नोकर्नीकी छोरीलाई राजकुमारी भनी विवाह भयो। पछि यसको भेद खुल्यो। यसको नतिजा हलोचन गुरुङका परिवार, सन्तति र घले राजा बीच मन मुटाव बढ्न थाल्यो र भित्र भित्रै यसको बदला लिने भाव हलोचन गुरुङ सन्ततिमा जागृत भयो। यो बदला लिने भावको सदुपयोग कालु शाहको हत्या पश्चात् झन् दरिलो बन्दै गयो। घले राजाले कालु शाहलाई हत्या गर्दा नारायण दुराको पनि हत्या भयो। नारायण दुराका छोरा लक्षिमन (लक्ष्मण) दुरा, हलोचन गुरुङका छोराहरू र कुसुमाकर घिमिरे बीच छलफल भयो (अधिकारी, २०६२ः पृ.७-८)।

बालुवाबेसीको बालुवा रगताम्य भएको थियो। मर्स्याङ्दीको पानी पनि रगताम्य भएको थियो। त्यो प्रभावले अहिले पनि मर्स्याङ्दीको किनारको पानी रातो र बाक्लो छ साथै बालुवाबेसीको बालुवा पनि रातो छ भन्ने स्थानीय व्यक्तिहरूको किंवदन्ति पनि छ। घलेका सन्तानले त्यो सेरो फेरोको पानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिउँदैनन् भन्ने कुरा पनि सुन्नमा आउँछ। (स्रोत : लोकनाथ घिमिरे, स्थानीय बुद्धिजीवी), त्यस घटनामा मारिएका लमजुङका अन्तिम राजा फँैचन घले हुन् (स्रोत : रामबहादुर गुरुङ, पूर्व राज्य मन्त्री)। बालुवाबेसीको क्षेत्र त ठूलो छ। त्यति बेलाको युद्ध पनि ठूलै भएको थियो। रणभूमि त त्यही नै हो। फँैचन घलेलाई मारेको ढुङ्गो पनि त्यही सोलीघोप्टेढुङ्गो नै हो। घट्टेखोलाको नजिकैको सानो खोलो रगताम्य भएको पनि हो। तसर्थ त्यही सानो खोलाको पानी रातो छ साथै त्यस ठाउँको बालुवा पनि रातो छ भन्ने धारणा छँदैछ। त्यसका अतिरिक्त त्यही सानो खोलाको पानी घलेका सन्तानले पिउँदैनन् भन्ने कथन छ (स्रोत : तीर्थ बस्नेत, स्थानीय बुद्धिजीवी एवं समाजसेवी)। लडाइँ चाहिँ त्यही बालुवामैदानमा भएको हो तर फैँचन घलेलाई मारिएको ठाउँ थाकनबेसीको ढुङ्गामा हो भन्ने व्यक्तिहरू पनि पाइन्छन्। त्यो ढुङ्गामाथि जिप बसालेर पुल निर्माण गरिएको छ। त्यो ढुङ्गो उपल्लो मर्स्याङदीको विद्युत परियोजनाको ड्याम्पको खुदीतिरको छेउमा पर्दछ। अब तर्क के आउँछ भने भुलभुलेतर्फको बालुवामैदानमा लडाइँ हुने, मर्स्याङदी पारि खुदीतर्फको ढुङ्गामा फैँचन घलेलाई मार्ने कुरा अमिल्दो देखिन्छ। अहिलेको जस्तो नदी तर्ने साधन फट्के, साँघु तथा पुल केही पनि थिएनन्। त्यति छिटो र सजिलोसँग मर्स्याङदी तर्ने सम्भावना पनि देखिदैन। तसर्थ लामपाटाको फेदीको ढुङ्गामा फैँचन घलेलाई मारेको कुरा सम्भावित देखिन्छ। बालुवाबेसी कूटकाण्डका उन्नायक खजे दुरा हुन्। उनका सन्तानका बारेमा अध्ययन हुनबाँकी नै छ। बालुवाबेसी कूटकाण्ड हुनुभन्दा पहिले घले राजाका बिरोधीहरूले वरिपरि घेरा हाल्दै थिए। उनलाई बँचाउन उनैका सहयोगीहरूले धेरै प्रयास गरेका थिए। बिपक्षीहरू घेर्मुको सेरोफेरोमा रिङ्न थालेपछि घले राजालाई जोगाउन मर्स्याङ्दी नदी तारेर ताघ्रिङमा लगिएको थियो।

त्यहाँ पनि तलबाट शत्रुहरू हमला गर्न आए भने शत्रुहरूलाई हटाउने कडी रचना गरेका थिए। अघि आफ्नो सुरक्षाका लागि घले राजाले ताघ्रिङ माथिको भिरको डिलमा एउटा ठूलो ढुंगो उभ्याएर राखेका थिए। शत्रुहरू आक्रमण गर्न पछिपछि आए भने उनीहरूले थाहा नपाउने गरी माथिबाट सोही ढुङ्गो पल्टाएर शत्रुहरू सखाव पार्ने षडयन्त्र रचेका थिए। त्यस्तो परिस्थितिमा ढुङ्गो लडाउनका लागि केही व्यक्ति तैनाथ गरी राखेका पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए । सो ढुङ्गो अहिलेसम्म यथास्थानमा उही अवस्थामा छ । त्यसै समयमा त्यो ढुङ्गाको नजिकै भलायो जातको रूख काटेर आलो काठका मुढा समेत तयार पारी राखेका थिए । शत्रुहरूले आफूलाई लखेट्दै आए भने ढुङ्गाका साथमा मुढा पनि लडाइदिँदा चोट लाग्नुका साथै भलायोको भुसले शरीर चिलचिल्याउने हुँदा उनीहरू निस्तेज होऊन् भन्ने मनोवैज्ञानिक कारण पनि थियो । भलायोको चोपले शरीरमा खटिरा निस्केर पछिसम्म पनि पाक्ने र दु:ख दिने भएको हुँदा बाँचेका शत्रुहरूलाई दीर्घरोगी बनाएर पछिसम्म पनि दु:ख दिइरहने नियत राखेका थिए भन्ने कुरा बुझिन्छ । शत्रु आए भने लडाइदिने भनी डिलमा उभ्याएको ढुङ्गामा भलायोको काठको गल लगाइएको, त्यो ढुङ्गो माझमा फुटेको त्यसै ठाउँमा गल घुसारिएको, त्यो गल यथावत् नै रहेको, पछि त्यै गल बनाएको काठ पलाएर आएको, अनि ठूलो रूख भएको र अहिले सम्म पनि सोही ढुङ्गामा त्यही काठको ठूलो रूख छँदैछ भन्ने स्थानीय किं वदन्ति छ (स्रोत : रामबहादुर गुरुङ, पूर्व राज्य मन्त्री)

लमजुङ राज्यमा लडाइँ भएको समयमा घले राजालाई बँचाउनका लागि लुकाउन लगिएको ठाउँ साविक ताघ्रिङ गाविसको वडा नं. ३ मा पर्ने छापडाँडाबाट लेक जाने बाटामा पर्दछ । बीच बाटामा धलोखर्क भन्ने ठाउँ छ । त्यहाँ एउटा चौतारो छ । सोही चौतारामा घले राजालाई विश्राम गराइएको थियो । तसर्थ त्यस चौतारोलाई राजा बस्ने चौतारो भन्दछन् । स्थानीय गुरुङ भाषामा म्रँु कुँब ङे (अर्थ क्रमशः राजा बस्ने चौतारो) भनिन्छ । त्यस चौतारोबाट फेरि बोकेर स्याँगे देखि माथि उपल्लो ताघ्रिङ देखि पारि भिरमा लगेर लुकाएका थिए । त्यसो हुँदा त्यस ठाउँलाई "म्रँु कुँब प्रो" (राजा बसेको भिर) भन्ने चलन अहिले पनि छदैछ । त्यो बेला स्थानीय जिरे गुरुङले राजालाई सुरक्षा साथ नाम्लाले बोकेर लगेका थिए । राजालाई त्यसरी सहयोग पुऱ्याए वापत जिरे गुरुङलाई सुनको डल्लो पुरस्कार मिलेको थियो । अनि त्यो परिवार साहू भयो । सोही कारणले उनका सन्तानलाई अहिलेसम्म पनि साहूखलक भन्दछ । त्यो परिवारको ताघ्रिङमा बसोबास छँदैछ (स्रोतः आइतमाया गुरुङ, स्थानीय बुद्धिजीवी) । पहिले त राजालाई त्यसरी लुकाएर सुरक्षित गराएका थिए । कति दिनसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुक्ने, घले राजालाई असजिलो परेको थियो। सोही अवसरमा शाही राजाका समर्थक, शेषान्त भाइ, खसान्त भाइ, भारदारिया लगायत सबैले सम्झौता गर्न भनी बोलाएका हुन्। सोही अवसरमा बालुवाबेसी कूटकाण्ड मच्चिएको हो। सो काण्ड सफल भएपछि त्रासको वातावरण भएन। त्यो बेला चिप्ला तथा मनाङ पनि घले राजाकै राज्यभित्र पर्दथे। त्यहाँको घले समाजमा अर्को एउटा कथन पनि छ। त्यो के भने बालुवाबेसीमा लडाइँ गर्न जाने प्रसङ्गमा घेर्मु स्थित घलेको दरबारबाट एक थरी दाजुभाइ लडाइँका लागि तयार भएर निस्के। अर्का थरी दरबारमा नै बसे। सारांशमा भन्नु पर्दा आफूहरू दरबारमा बसेर हामीलाई लड्न पठाए भनेर त्यो पक्ष असन्तुष्ट भयो। रिसको आवेसमा आएर दरबारमा बस्ने भाइको प्रतीक मानी चाइँदाको रूखमा धनुकाँड हानेका थिए। उनीहरू लडाइँमा सखाब भए। दरबारमा बस्ने चाहिं बाँचे। त्यहाँदेखि यता घलेहरूले चाइँदाका रूखको दाउरा तथा स्याउला केही पनि प्रयोग नगर्ने परम्परा छ। आफ्ना पुर्खाको प्रतीक मानेर त्यस जातको रूख नकाट्ने र सुकेका मुढा पनि प्रयोग नगर्ने परम्परा छ। खुदी तथा बाहुनडाँडाको सेरोफेरोका वनभित्र थोरै सङ्ख्यामा त्यस जातका रूख भेटिन्छन्। चाइँदा भनिने वनस्पतिको मझ्यौला खालको रूख हुन्छ। त्यो वनस्पति फुल्दैन। लमजुङमा "चाइँदा" दुर्लभ वनस्पतिका रूपमा चिनिन्छ। त्यसलाई घलेले सराप दिएको भनिन्छ।

घेर्मु भन्ने ठाउँ घले राजाको दरबार भएको ठाउँ हो। मनाङको डावलबाट उनीहरू त्यहाँ आएका हुन्। घेर्मुको पहिलेको नाम क्ले म्रुँ हो। यसको अर्थ क्ले भनेको घले र म्रुँ भनेको राजा हो। क्लेम्रुँ भनेको घले राजा भन्ने अर्थ हुन्छ। अहिले पनि क्लेम्रुँ भनिन्छ। घले जातिले खेतमा बसोबास गरेको रहेछ भन्ने बुझिन्छ। पछि सोही शब्द अपभ्रंश भएर घेर्मु भएको हो। पछिसम्म पनि मनाङको डावलमा घेर्मुका घलेहरूको घडेरी छँदै थियो। राज्यसत्ताबाट हटेपछि तिनीहरू लाखापाखा लागे। घेर्मुबाट भिरपुस्तुन, उस्ता, खासुर, बन्सारको खिनचोकमा गएर बसोबास गरेका हुन्। घेर्मुमा ब्राह्मण जातिको बसोबास भयो। पछि तिनीहरूले पनि जग्गा बिक्री गरे। त्यसपछि चिप्ला तथा सन्जापुदेखिका मानिसहरू आएर सोही जग्गामा बसी आवादगुल्जार गर्न थाले। (स्रोतः कुलबहादुर घले, स्थानीय बुद्धिजीवी एवं समाजसेवी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(नोटः घले राजाका पालामा आफू र आफ्ना सन्तानको सुरक्षा गरी तलबाट आउने शत्रुहरूलाई ढुङ्गा पल्टाइदिएर मार्ने तथा नियन्त्रण गर्ने शैली धेरै पछि गोरखामा द्रव्य शाहले राज्य गरेपछि त्यसका पनि धेरै पछि राम शाहले धादिङमा पनि प्रयोग गरेको पाइन्छ ।)

४.८ मर्स्याङ्दीको सेरोफेरोः

सप्तगण्डकीको केन्दबिन्दु मर्स्याङ्दी नदी हुन् । हिमालय पर्वतबाट उत्पत्ति भई गण्डकी प्रस्रवणक्षेत्र हुँदै देवघाटमा एकत्रित हुने सम्पूर्ण जलस्रोतलाई यहाँ मर्स्याङ्दीको सेरोफेरो सम्झनुपर्दछ । मर्स्याङ्दी नदी लमजुङ जिल्लाको प्राकृतिक मेरूदण्ड हो । यसले ठूला ठूला इतिहास बोकेको छ । बलुवाबेसी कूटकाण्ड पनि यसैको गर्भमा भएको हो । लमजुङभित्रको मर्स्याङ्दीलाई हेर्दा यसमा अनेकौं खोलानाला मिसिएका छन् । पाउँदी, दोर्दी, प्यार्दी, किसेदी, मजुवा, भलाम, खुदी, ङादी आदि अनेकौँ जलस्रोत यसमा एकत्रित भएका छन् । ङादीखोलो कटेर माथि लागेपछि बाहुनडाँडा सुरु हुन्छ । देवीस्थान डाँडाभन्दा माथि पुस्तुन गाउँ पर्दछ । त्यहाँ घिमिरेहरूका पुर्खा कुश्माखर घिमिरेको अर्धकदको सालिक छ । त्यो सालिक वि. सं. २०७१ सालमा स्थापना गरिएको हो । उक्त सालिक स्थापना सम्बन्धी सम्पूर्ण विवरण सोही सालिक स्थापना गरिएको स्तम्भमा लेखिएको छ । उक्त सालिकका निर्माता कालिगड नवलपरासीको गैँडाकोट निबासी हरि पत्थरकटा हुन् । त्यसको लागत खर्च घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठान नेपालले वहन गरेको छ ।

सालिकमा लेखिएको विवरण हुबहु यस्तो छ :

श्री गणेशाय नमः

लमजुङ राज्य एवं सूर्यचन्द्र अंकित उक्त झण्डाका प्रवर्तक घिमिरे वंशका कुलशिरोमणि श्री ३ कुश्माखरको शालिक प्रथम महिला भागवत वाचिका विदुषी सुश्री तारा घिमिरे, इतिहासविद् डा.श्री विष्णुप्रसाद घिमिरे एवं इन्जिनियर डा.श्री हेमनाथ घिमिरेबाट संयुक्त रूपमा अनावरणको कार्य आज मिति २०७१ वैशाख १२ गते रोज ६ मा सु-सम्पन्न भयो ।

नेपाली साहित्यका शिखर पुरुष राष्ट्रकवि श्री माधवप्रसाद घिमिरेको पुर्ख्यौली स्थल पनि सोही ठाउँ हो । यो ठाउँ साविक बाहुनडाँडा गा.वि.स.मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ । बाहुनडाँडा र दुराडाँडाको बीचमा अन्वन्यास्रित सम्बन्ध छ । किनभने सबैभन्दा पहिले बाहुनहरूको बस्ती बसेको हुनाले त्यस ठाउँलाई बाहुनडाँडा भनिएको हो । त्यसैगरी सबैभन्दा पहिले दुराहरूको बस्ती बसेको हुनाले दुराडाँडा भनिएको हो । बाहुनडाँडा र दुराडाँडा बीच अनोन्याश्रित सम्बन्ध छ । दुराडाँडाले पनि बाहुन डाँडाले जस्तै लामो इतिहास बोकेको छ ।

तत्कालीन शाह बंशलाई ठूलो सहयोग पुऱ्याएका हुनाले खासुर र बडागाउँका बीचको खोल्सीबाट उत्तर घले राजाको दरबार भएको ठाउँ घेर्मु समेत कुश्माखर घिमिरेले बिर्ता पाएका थिए । गुरुङ भाषामा क्ले भनेको घले र म्रुँ भनेको राजा हो । राजा बसेको ठाउँबाट यसको नामकरण भएको हो । घेर्मुको खास नाउँ क्ले म्रुँ हो । जनजिब्रोको आधारमा पछि पछि घेर्मु भन्न थालिएको हो । वि.सं. १९९० सालको नापीसम्म त्यो क्षेत्र घिमिरेहरूकै नाउँमा थियो । त्यति बेलाका कागजपत्रमा क्ले म्रुँ लेखिएको अभिलेख भेटिन्छ । पछि वि.सं. २०४० सालको नापीमा घिमिरेहरूको नाउँमा थोरै जग्गा रहेको कुरा जिल्ला मालपोत कार्यालय लमुङबाट थाहा लाग्दछ । यसको कारण घिमिरेहरू बसाइँ सर्दै अन्यत्र जानु रहेको तथ्य खुल्दछ ।

त्यसै गरी दुराहरूले पनि शाह बंशीय राजालाई ठूलो सहयोग पुऱ्याएका थिए । त्यसो हुँदा दुराडाँडाको सेरोफेरो दुराहरूले बिर्ता पाएका थिए । तिनै दुराहरूले पहिले बसोबास जमाएका हुनाले त्यस ठाउँलाई दुराडाँडा भन्न थालिएको हो । त्यसरी बिर्ता पाएका लेख्यसामग्री बाहुनडाँडाका घिमिरेहरूका साथमा छँदै छन् (स्रोतः रामबहादुर गुरुङ, पूर्वराज्यमन्त्री) ।

बाहुनडाँडा सकिएपछि रातो खोलो आउँछ त्यो खोलो बाहुन डाँडा र घेर्मुको सीमानामा पर्दछ । त्यो भन्दा माथि घेर्मुफाँट पर्दछ । तल फाँट छ भने माथि भिर पखेरो छ । अहिलेको घेर्मुफाँटमा त्यो समयमा घले राजाको राजधानी थियो । त्यस समयमा प्रयोग गरेका केही सामग्री अहिले पनि भेटिन्छन् । घोडालाई दाना खुबाउने ढुङ्गाको डुँड घेर्मु स्थित घले राजाका पालामा धान कुट्ने गरेको ढुङ्गाको ओखल घेर्मुमा घले राजाका पालामा दुर्ग बनाएर आफू सुरक्षित भई शत्रुलाई गोली हान्न भनी तयार गरी राखेका खाडलमा आजकाल ढुङ्गाको पर्खाल लगाएर परालका टौवा बनाउने काम भएका छन् । त्यस ठाउँमा अन्दाजी १०-१५ मिटर लम्बाइ,७५ से.मी चौडाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र ५० से.मि.गहिराइ भएको ढुङ्गाद्वारा निर्मित एउटा अत्यन्त राम्रो सुरुङ छ। त्यो सुरुङ घले राजाको दरबारको भग्नावशेषको आडैमा छ। दरबारको भग्नावशेषका रूपमा कतै कतै इटा पनि पाइन्छन्। त्यो समयमा इटाको प्रयोग गरेका रहेछन् भन्ने पनि बुझिन्छ। त्यसलाई तत्कालीन दरबारका आसपासमा भएको पानी तर्काउने नालाको रूपमा प्रयोग गरेका रहेछन् भन्न सकिन्छ। तसर्थ लमजुङमा सबैभन्दा पहिले नालाको सुरुवात यसै ठाउँबाट भएको हो भन्न मिल्दछ। यहाँबाट अन्यत्र पनि सिको गर्दै गएको हुन सक्छ। त्यसकारण यसलाई नेपालको इतिहासमा माध्यमिककालीन सभ्यताको एक नमुना भन्न सकिन्छ।

घेर्मु भन्दा माथि चिप्ला पर्दछ। उपल्लो चिप्ला र तल्लो चिप्ला भनिने त्यसका पनि दुई भाग छन्। बहुनडाँडा र जगतको बिचमा लिलीभिर पर्दछ। त्यो भिर ज्यादै खतरा छ। बाटो साँघुरो छ। तल हेर्दा मर्स्याङ्दी नदी देखिन्छ। अघि एक पटक कनकमणि दीक्षित मनाङ गएका थिए। आफ्नो काम सकेर उनी फर्किन आँटे। मनाङबाट फर्केको कुरा फोनबाट काठमाडौँमा जानकारी पठाए। त्यसपछि फोन भएको ठाउँ जगातमा आएर फेरि घरमा जानकारी पठाए। अब बाहुनडाँडा नपुगी फोन भएको ठाउँ थिएन। त्यसै बीचमा उनी तिन दिन सम्म सम्पर्क विहीन भए। ठूलो खैलाबैला मच्चियो। उनलाई खोज्न भनी घरपरिवारबाट मान्छे लमजुङ आए। लिलीभिरको साँघुरो बाटो पार गर्दा तल खसेर पहरामा अल्झिएर एउटा रूख समातेर बसेका रहेछन्। माथि साँघुरो बाटो , तल मर्स्याङ्दी नदी, उनी छङ्गाछुर भिरको माझमा थिए। तिन दिनसम्म पानी पनि नपिई उनले त्यसै भिरमा एक्लै रात पनि दिन पनि बिताए। पत्ता लागेपछि डोरीको माध्यमबाट उनको उद्धार गरिएको थियो। त्यसको लगत्तै हेलिकोप्टर झिकाएर उहाँलाई काठमाडौँ पुऱ्याइएको थियो। आफूलाई जस्तो सङ्कट आगामी दिनहरूमा कसैलाई पनि नपरोस् भनी उनले आफ्नै निजी लगानीमा त्यस भिरको बाटाको छेउमा फलामे तारबार लगाइदिएका छन्। त्यसले गर्दा स्थानीय बासिन्दाहरू र यात्रुहरू लाई समेत ठूलो राहत मिलेको छ। पुनर्जीवन पाएकोमा दीक्षितजीलाई बधाई र बाटो सुरक्षित बनाइदिनुभएकोमा लिपिकै माध्यमबाट साधुवाद छ।

साबिक घेर्मु गाविसको वडा नं. ९ को क्षेत्रलाई खानीगाउँ भन्दछन्। त्यहाँ एउटा पानीको कुवा थियो। पहिले पहिले त्यस मूलको पानी झिकेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै भाँडामा राखेर उमालेपछि त्यो भाँडामा नुन जम्मा हुन्थ्यो। छरछिमेकका मानिसहरू बिहान दाउरा र भाँडा लिएर त्यस ठाउँमा आउँथे। कुवाबाट पानी झिकेर ठूलो भाँडामा जम्मा गर्दथे। आगो फुकेर त्यो पानी पकाउँथे। पानी सुकेर जम्दथ्यो। अनि नुनमा परिणत हुन्थ्यो। त्यही नुन बोकेर साँझमा घर फर्कन्थे। त्यसरी बनाएको नुन बिक्री हुन्थ्यो। त्यो नुन लमजुङमा मात्र सिमित नभई गोरखा, तनहुँ र कास्कीमा समेत पुऱ्याइन्थ्यो। त्यहाँ नुनको काम गर्नेले सरकारलाई न्युन दस्तुर बुझाउनुपर्दथ्यो। नुनखानीको छेउको गाउँलाई चैक्यु भन्दछन्।

घेर्मु र ताघृङको बीचमा चैक्यु पर्दछ। गुरुङ भाषामा चै भनेको नुनिलो र क्यु भनेको पानी हो। तसर्थ त्यसलाई नुनिलो पानी भनिएको हो। नुनिलो पानीलाई खारपानी पनि भनिन्छ। पहिले त्यस ठाउँलाई नुनपानी खानीगाउँ भन्दथे। पछि आएर खानीगाउँ मात्र भन्न थालिएको हो।

घेर्मुफाँट कटेर चिप्लालाई दाहिनेतर्फ पारी देब्रे लाग्दै मर्स्याङ्दीको पुल तरेपछि स्याँगे बजारमा पुगिन्छ। त्यो ठाउँ ताघ्रिङ गा.वि.स.मा पर्दछ। स्याँगे बहुचर्चित पर्यटकीय स्थल हो। यहाँ ठूलो एवं लामो पानीको छहरो छ। त्यो छहरो दुई खण्डमा विभाजित भएको छ। उपल्लो छहरो १८० मिटर लामो छ भने तल्लो छहरो १२० मिटर लामो छ। त्यहाँ क्यानोनिङको व्यवस्था छ। क्यानोनिङ भनेको डोरीको माध्यमबाट पानीको छाँगामा तलमाथि गर्ने प्रविधि हो। यस छहरामा स्वदेशी तथा विदेशीहरू सहभागी हुन्छन्।

स्याँगे र जगातको बिचमा अर्को पनि खतरा भिर छ। त्यसलाई झितैको भिर भन्दछन्। पहिले त्यो बाटो ओहरदोहर गर्दा डोरीको माध्यमबाट तलमाथि गर्नु पर्दथ्यो। आजकाल बाटो बनाउँनाले धेरै सुबिधा भएको छ।

त्यो भन्दा माथि जगात पर्दछ। जगात भन्दा माथि च्याम्चे पर्दछ। च्याम्चेबाट माथि लागेपछि दाहिनेतर्फ तालडाँडा पर्दछ भने देब्रेतर्फ म्यार्दीखोला पर्दछ। त्यो खोलो लमजुङ र मनाङको सिमाना पर्दछ। त्यसैगरी तालडाँडाको पनि तालका माझको खोलाबाट माथि मनाङ सुरु हुन्छ।

४.१० राज्यव्यवस्थापन

बालुवाबेसी कूटकाण्ड पछि लमजुङ राज्यको वातावरण शान्त भयो भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएपछि मात्र यशोब्रह्म शाहलाई पुरानाकोटको दरबारमा ल्याइयो । सबैभन्दा पहिले निर्माण गरिएको कोट भएको हुनाले त्यसलाई पुरानो कोट भनिएको हो । त्यसको केही महिना पछिमात्र राजालाई गाउँशहर ल्याएर राज्याभिषेक गरिएको हो । त्यसपछिमात्र गाउँशहरलाई दरबार भन्न थालिएको हो । त्यसपछि राज्य सञ्चालनको मार्गचित्र कोर्न थालिएको हो ।

थोरै समय तुर्लुङकोटमा रहँदा राजगुरु कुश्माखर घिमिरे र खजे दुराको सल्लाहले सोही ठाउँमा इष्टदेवी कालिका स्थापना गर्ने अवधारणा बनाएका थिए । लमजुङ दरबारमा बसेर राज्य सञ्चालन गर्न थालेपछि उनै राजगुरु कुश्माखर घिमिरे, यशोब्रह्म शाह र खजे दुराको सल्लाह बमोजिम पुरानोकोटमा कालिका स्थापना गरेका हुन् । त्यसपछि गाउँमा इष्टदेवी लमजुङ कालिका स्थापना गरेका हुन् । त्यसैगरी बेसीमा पनि सोही समयमा लक्ष्मीनारायण स्थापना गरी गुठी र पूजा व्यवस्थापन गरिएको हो । लक्ष्मीनारायणको नियमित पूजा व्यवस्थापनको जिम्मा त्यहीँका घिमिरेलाई दिइएको थियो ।

लक्ष्मीनारायणको मन्दिर नजिकै नारायणको बाहन गरुडको मूर्ति पनि छ । सो मूर्ति लक्ष्मीनारायणतर्फ फर्केर हात जोडेको अवस्थामा छ । त्यो मूर्ति पनि उही समयमा निर्माण गरिएको थियो । त्यो गरुडको मूर्तिले, लक्ष्मीनारायणको मूर्तिले रं मन्दिरले नेपालको इतिहासको माध्यमिककालीन सभ्यताको प्रतिनिधित्व गर्दछन् । त्यो बेला लक्ष्मीनारायण स्थापना गरे तापनि मन्दिर भने पछि निर्माण गरेको तथ्य खुल्दछ । सोही शिलामा उल्लेख भए अनुसार : हिरावतीकी बुहारी जसतावतीले निर्माण गरेको मन्दिर श्री संवत् १६६७ भनेर लेखिएको छ । यस मन्दिरको विशेषता राजपरिवारका छोरामान्छे लक्ष्मीनारायणको दर्शन गर्न नआउने र छोरीमान्छे मात्र आउने परम्परा देखिन्छ (स्रोतः गुरुदत्त घिमिरे पुजारी) ।

त्यति बेला दिइएको पूजाको कामको जिम्मा र पुजारीको दर्जा , उपाधि अहिले पनि कायमै छ । त्यसैगरी मर्स्याङ्दी नदीको नजिकै रहेका कर्मदेश्वर महादेवका पुजारी पनि घिमिरे नै छन् । त्यहाँको पूजा व्यवस्थापन पनि पहिलेदेखि नै चलिआएको हो ।

जाडो मौसममा जाडो बढ्न थालेपछि "भोलिदेखि बेसी स... र" भनेर एक व्यक्तिले पटाङ्गिनीबाट कुर्लिंदै उर्दी दिन्थ्यो । त्यसरी उर्दी पाएका दिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोलिपल्ट राजपरिवारका सदस्य लगायत दरबारियाहरू सबै बेसी सर्थे। जाडो छइन्जेल उहीँ बस्थे। गर्मी मौसममा पनि गर्मी बढ्न थालेपछि बेसीको पटाङ्गिनीमा उभिएर त्यसरी नै "भोलिदेखि गाउँ स... र" भन्दै एक जना कुर्लिन्थ्यो। त्यसको भोलिपल्ट दरबारिया टोली गाउँमा सर्थ्यो। जाडोको दरबार बेसीमा थियो भने गर्मीको दरबार गाउँमा थियो। यसरी यशोब्रह्म शाहका पालामा शीतकालीन दरबार बेसीमा थियो भने गृष्मकालीन दरबार गाउँमा थियो। यदाकदा निकै गर्मी बढेको बेलामा पुरानोकोटको दरबारमा पनि सो टोली गएर बस्थ्यो। यो कुरा अहिले पनि स्थानीय स्तरमा जनश्रुतिको रूपमा छँदैछ। पहिले पहिले आधिकारिक संस्थालाई कोट भनिन्थ्यो। सोही कोटबाट आदेश दिने चलन थियो। कोटको प्रमुखले आदेश दिन्थ्यो। कोटको आदेश जनतालाई सुनाउने व्यक्तिलाई कोटवाल, कट्टुवाल भन्न थालिएको हो। त्यसरी कराउने व्यक्तिले पहिले झ्याली बजाउँथ्यो। कोटमा झ्याली बजेपछि सबैको ध्यान त्यतै खिचिन्थ्यो। अनि उसले कोटको आदेश सार्वजनिक गर्दथ्यो। दरबारको परिपरि बस्नेहरूका लागि त त्यो सूचना भयो तर टाढाटाढा हुनेहरूका लागि त त्यतिले मात्र भएन। तिनीहरूका लागि त गाउँका नजिकै रहेका डाँडामा, थुम्कामा उभिएर कोटमा कुर्लिए झैँ कुर्लिएर सूचना दिनुपर्दथ्यो। यस्तो पद्धतिलाई "कट्टुवाल कराउन" भन्न थालिएको हो। कोटपाल भनेको किल्लाको सुरक्षा गर्ने व्यक्ति, कोटको अधिपधि, दुर्गरक्षक हो। उसले खटाएको व्यक्तिले सूचना प्रवाह गर्दथ्यो। त्यसैलाई कट्टुवाल भनिएको हो। कट्टुवाल कराउने प्रथाको थालनी लमजुङबाट गरिएको हो। पछि द्रव्य शाहले यही पद्धति गोरखामा भित्र्याएका हुन्। "गाउँ स...र" र "बेसी स...र" भनिंदै आएको चलनचल्ती अनुसार पछिका दिनहरूमा शहर बनेपछि गाउँशहर र बेसीशहर भन्न थालिएको हो। पहिले त शहर थिएन। यशोब्रह्म शाहका पालामा दरबारमा नियुक्त भएको कट्टुवाल परिवारका सन्तानले निरन्तर रूपमा अहिले पनि त्यो काम गरिरहेका छन्। यिनीहरूको पनि पुस्तावली छ। प्राप्त जानकारी अनुसार पछिल्ला पुस्तामा आउँदा १. पदारे नगर्ची २. गदारे दमै ३. धन्जे दमै ४. सन्ते दमै ५. डिलबहादुर परियार त्यसै वंशका हुन्। यशोब्रह्म शाहका पालामा लमजुङ दरबारको पटाङ्गिनीबाट सबभन्दा पहिले सूचना प्रवाह गर्ने अर्थात् कट्टुवाल घोक्ने व्यक्ति भीमसिने नगर्ची हुन्। उनले लामा लामा दारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालेका थिए । त्यसो हुँदा उनलाई दारी दमै पनि भन्दथे । हाल गाउँशहरमा कट्टुवाली काम गर्ने व्यक्ति डिलबहादुर परियार सोही वंशका १८औँ पुस्ताका सन्तति हुन् (स्रोतः कुसुरी परियार, स्थानीय बयोबृद्ध तथा डिलबहादुर परियार, साथमा सहयोग पुऱ्याउने सोमराज बराल कालिकाका पुजारी)

हाल बेसीशहरमा लमजुङ जिल्लाको सदरमुकाम छ ।बेसीमा बसेको बेला रानीले पानी भर्ने कुवा, रानीले नुहाउने कुवा भएको हुँदा बाहुनबेसीको पुछारमा पर्ने कुवालाई "रानीकुवा" भनेर उही समयदेखि भन्ने गरेको प्रमाण छ ।

४.११ लमजुङ कालिका स्थापना तथा पूजा व्यवस्थापन

कालिका, दुर्गाभगवती , चण्डी जे नाम भने पनि ती सबै शक्तिका प्रतीक हुन् । तिनको महत्त्व दशैँसँग जोडिएको हुन्छ । दशैँ भनेको शक्तिको उपासना हो । दशैँ कहिलेदेखि सुरु भयो भनेर ठ्याक्कै भन्न सकिँदैन तर वैदिककालदेखि यसको महत्त्व बढ्दै आएको कुरा थाहा लाग्दछ । वैदिककालको अन्त्यमा अथर्ववेदको रचना भयो । त्यसमा पाञ्चायन देवतालाई महत्त्व दिइएको छ । गणपति अथर्व शीर्षम्,शिव अथर्व शिर्षम्, विष्णु अथर्व शीर्षम्, सूर्य अथर्व शीर्षम् र देवी अथर्व शीर्षम् भन्ने पाठ छन् । तीमध्ये देवी अथर्व शीर्षम् भन्ने पाठमा दुर्गादेवीको महिमा बताइएको छ । जसरी श्रीमद्भागवतगीतामा यो चराचर जगतको सर्वेसर्वा विष्णुस्वरूप भनी श्रीकृष्णलाई मानिएको छ ठीक त्यसैगरी देवी अथर्वमा पनि यो चराचर जगतको सर्वेसर्वा दुर्गा भगवती हुन् भनी उनको महिमाको वर्णन गरिएको छ । त्यहाँ नीति नियम, आदर एवं स्वागत सत्कारका कुराहरू उल्लेख गरिएका छन् ।त्यसैको माध्यमबाट समाजलाई ज्ञान दिन थालेपछि संस्कारको विकास हुँदै आएको हो । आश्विनशुक्ल प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म १५ दिनको अवधि भित्र दशैँको महत्त्व छ । देवीमहिमाका दृष्टिले हेर्दा आश्विन शुक्लपक्षको प्रतिपदादेखि दशमीसम्म १० दिन विशेष रूपले दसैं मनाइन्छ । शैवशास्त्रको विकास भएपछि चार किसिमका देवीको उपासना गर्दै आएको पाइएको छ । शरद ऋतुको असोजमा, हेमन्त ऋतुको पुसमा, वसन्त ऋतुको चैतमा र गृष्म ऋतुको असारमा दुर्गा देवीको पूजा गरिन्छ । यिनलाई क्रमशः शारदीय दुर्गापूजा, हैमन्तिक दुर्गापूजा, वासन्तिक दुर्गापूजा र ग्रैष्मिक दुर्गापूजा भनिन्छ । शक्तिको उपासना गर्ने शाक्तहरूले पुस र असारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि जमरा राखेर ग्रैष्मिक दुर्गापूजा मनाउँछन्। शाक्तहरू भनेका तन्त्रशास्त्रको साधना गर्नेहरू हुन्। हिन्दुधर्मालम्बी नेपालीहरूले शारदीय दुर्गापूजा धुमधामसित राजकीय सम्मानकासाथ मनाउने परम्परा छ। वासन्तिक दुर्गापूजालाई चैतेदशैँका रूपमा चैत्रशुक्ल अष्टमीका दिन एक दिनमात्र मनाउने चलन छ। शरदमा देवी प्रवोधनम्। देवी बिउँझिन्छिन् भनिएको छ। हेमन्तमा भोजनम्। भोजन गर्छिन् भनिएको छ। वसन्तमा शयनम्। शयन गर्छिन् अर्थात् सुत्छिन् भनिएको छ। त्यसैगरी ग्रिष्ममा परिवर्तनम् कोल्टे फेर्छिन् भनी तन्त्रशास्त्रमा बताइएको छ। वर्षाऋतु र शिशिर ऋतुमा अरू ऋतुको जस्तो देवी महिमा भेटिदैन। शारदीय दुर्गापूजालाई बढी महत्त्व दिनमा प्राकृतिक र व्यावहारिक कारणहरू पनि जोडिएका छन्। यतिखेर खोलो, पहिरो पनि हटिसकेको हुन्छ। मौसम सफा हुन्छ। हिलो - मैलो, धुलो - तुसारो हुँदैन। हिमाल टिलिक्क टल्केको देखिन्छ। आकास छर्लङ्ग खुलेको हुन्छ। विभिन्न जातका फूल फुलेर जताततै रातै र पहेँलै देखिन्छ। वनजङ्गल पनि हरियाली देखिन्छ। धानकोदो जस्ता खेतीबाली गोडिसकेर किसानहरूलाई पनि फुर्सद मिलेको हुन्छ। खेतीबाली हराभरा भएको हुन्छ। फुर्सदको समय हुनाका कारण इष्टमित्रकहाँ जान आउन पनि सजिलो पर्दछ। त्यसो हुँदा शारदीय दुर्गापूजालाई आदिमकालदेखि महत्त्व दिँदै आएको कुरा बुझिन्छ।

पहिले शक्तिको रूपमा दशैँ मनाइन्थ्यो। सोही अवसरमा खेलको माध्यमबाट शक्तिको प्रदर्शन गरिन्थ्यो। त्यसैको अवशेषका रूपमा अहिले पनि अर्घाखाँची, गुल्मी, प्युठान, लुम्बिनी अञ्चलको पहाडी भूभागमा धेरै मात्रामा, कास्कीकोट जस्ता ठाउँमा विजयादशमीको दिन सराय खेल्ने चलन छ। सराय खेल्ने भनेको युद्धमा प्रयोग गरिने खुँडा, खुकुरी जस्ता नाङ्गा हतियारहरूनाई हातमा लिएर नगराको तालमा नचाउने क्रियाकलाप हो। लुम्बिनी अञ्चलको पहाडी भूभाग,गुल्मी, प्युठान जस्ता धेरै ठाउँमा विजयादशमीका दिनदेखि चार दिनसम्म बाजागाजाका साथ सरायनाच नचाई आज खोलामा पुगेर विसर्जन गरियो भनी रेडियो समानान्तर प्युठानले २०७२ कार्तिक ८ गते प्रशारण गरेको हुँदा यसको महत्त्व बढ्दै आएको हो कि भन्ने बुझिन्छ। छोटकरीमा भन्नु पर्दा अहिले आएर सद्भावको रूपमा दशैँ मनाइन्छ। उचित वातावरण नपाउनाका कारण डाइनोसार संसारबाटै लोप भएर गयो। हात्ती र गैँडा पनि अहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्कटमा छन् । यिनलाई आरक्षण चाहिएको छ । त्यसैगरी दशैं मनाउने परम्परा पनि सङ्कटमा पर्दै जान लागेको छ । यसलाई पनि आरक्षण दिनु पर्ने अवस्था छ । ब्रिटिश सरकार इसाई धर्मावलम्बी हो । उसले नेपाली पल्टनलाई गोरखा पल्टन भन्ने गरेको र कैयौँ वर्ष अघिदेखि लागू गरेका परम्परा एवं नीति नियमहरूलाई अहिले पनि सुरक्षित गराइराखेको छ । हिन्दुधर्मावलम्बीहरूको सबैभन्दा ठूलो चाड बडादशैँ सङ्कटमा पर्ला जस्तो छ । पहिले दशैँ मनाउँदा कोटको मौलो पूजा गरेर पहिले सोही मौलोमा टीका लगाइदिने चलन थियो । अनि उमराउले त्यसै मौलामा आफ्नो निधार जोड्दथे । मौलामा कालिकाको पूजा हुन्छ । मौलाको टीकामा निधार जोडेपछि आफ्नो निधारमा पनि टीका लाग्ने भयो । त्यसो गर्ने भनेको सिधै कालिकाको हातबाट आफूले टीका लगाइमागेको मानसिक मर्यादा हो। यो पनि संस्कृति भित्रको एउटा परम्परा हो। आफूभन्दा मान्यजनबाट टीका लगाउँछन् । त्यसपछिमात्र उनले रैती दुनियालाई टीका र जमरा लगाइदिन्थे । अहिले रङ्क र रैती भन्ने चलन छैन । साथै त्यसरी टीका लगाइदिने चलन पनि छैन । आजकाल त सामान्य खालको पूजा गरेर टीका लगाउने चलन छ ।

देव देवीका नाउँमा पशु बध गर्ने चलन राम्रो होइन । पशुअधिकारको कुरा पनि अहिले चर्को रूपमा आइरहेको छ । यस धर्तीमा पशुपक्षीले पनि जिउन पाउनुपर्दछ । देवीको पूजा गरिसकेपछि कुस्माण्ड , घिरौँलो , उखु , नरिबल, सुपारी जस्ता फलफूलहरू बलि एवं पञ्चबलिको प्रतिकको रूपमा चढाउन सकिन्छ । जीवको बलि दिएर मासुकै चरू हवन गर्नुको सट्टा सुपारी हवन गरेर त्यसैका भष्मको तिलक निधारमा लगाउने परम्पराको थालनी गर्न पनि सकिन्छ ।

महाभारत कालमा ठूलो युद्ध भयो। धेरै धनजनको क्षति भयो । कतिले पति गुमाएर एकल जीवन बिताउनुपऱ्यो । कतिका छोराछोरी मर्नाले काख रित्तियो। पशुपक्षी धेरै नष्ट भए। वनस्पति नष्ट भयो। फलफूल तथा बिउबिजन मासिँदै गयो ।समाजमा अराजकता फैलियो । महामनिषीहरूद्वारा नैतिक शिक्षाको प्रतिपादन भयो । रामायण र महाभारतका उत्कृष्ट पात्रहरूको महिमा गाउने कुरा अगाडि बढाउने काम भयो । व्यक्तिलाई, परिवारलाई, समाजलाई राष्ट्रलाई र विश्वलाई नै बाटो देखाउने, नैतिकवान् बनाउने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सच्चरित्रवान् बनाउने उद्देश्यले शास्त्रको रचना गर्ने काम भयो । अनि सबैभन्दा ठूलो पर्व दशैंको सन्दर्भमा विजया दशमीको दिनमा साना मानिसले आफूभन्दा ठूला मान्यजनहरूको हातबाट टीका लगाइमाग्ने, ठूलाबडाले आफूभन्दा साना व्यक्तिहरूलाई निधारमा टीका लगाइदिएर आशीर्वाद दिने परम्पराको विकास भयो । अशीर्वादको मूलमन्त्र यो हो :

आयु द्रोणसुते श्रेयं दशरथे शत्रुक्षयं राघवे ।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने ॥
शौर्यं सन्तनवे बलं हलधरे सत्यश्च कुन्तीसुते ।
विज्ञाने विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥

छोरामान्छेलाई टीकाजमरा लगाइदिँदा माथिका व्यक्तिहरूका प्रतीक मानेर आशीर्वाद दिइन्छ । त्यसैगरी छोरीमान्छेलाई टीकाजमरा लगाइदिँदा भन्ने मन्त्र यस्तो छ :

जयन्ती मङ्गला काली भद्रकाली कपालिनी,
दुर्गा क्षमा शिवो धात्री स्वाहा स्वधा नमस्तुते ।

यसको आशय माथि उल्लेखित् देवीहरूका प्रतीक मानिएको हो । आधुनिक युगमा आएर मानिसहरू गाउँबाट शहर पस्न थाले । शहरबाट पनि विदेश पस्न थाले । उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, रोजगारी आदिका कारणले आ-आफ्नो गच्छे अनुसार एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्न थाले । आफ्नो जन्मभूमि, इष्टमित्र, रितीरिवाज, संस्कार एवं संस्कृतिलाई बिर्सेर धनमुखी बन्न थाले । पाश्चात्य संस्कृतिदेखि प्रभावित भए । त्यतिमात्र होइन, धर्मपरास्त भएर पनि माथि उल्लेखित आफ्ना सबै कुरा बिर्सेर बस्न थाले । अहिलेको जस्तो गरी भविश्यमा दशैं मनाउने परिपाटी नहोला । जमरा राख्ने काम पनि झ्याउ हुन्छ । जमरा राख्ने कोठा चाहिन्छ । जमरा राख्ने ठाउँ र त्यसको वरिपरि लिपपोत गर्नु पर्छ । चोखो नितो गर्नु पर्छ । त्यसमा समय खर्च गर्न पनि मान्छेले गाह्रो मान्छन् । त्यसो हुँदा भविश्यमा गएर आज दशैं हो है भन्दै परिवारका सदस्य आ-आफ्ना घरमा जुटेर मिठो मसिनो खाने, सामान्य रूपले दशैंको सम्झना मात्र गर्ने दिन आउन सक्ने प्रबल सम्भावना छ ।

आदिम कालमा दुर्गा भगवतीले शुम्भ, निशुम्भ, महिषासुर जस्ता राक्षसहरूलाई मारेर असत्यमाथि सत्यले विजय प्राप्त गरेको दिनलाई आधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानेर विजयादशमीको उत्सव मनाउने गरेको शास्त्रीय प्रमाण छ। त्यसैगरी भगवान् रामचन्द्रले लङ्काका राजा रावणलाई मारेर सतीशिरोमणि सीतालाई आफ्नो राजधानी अयोध्यामा ल्याउनका लागि विजय प्राप्त गरेको दिन आश्विन शुक्ल दशमी नै हो। यसरी असत्यमाथि सत्यले विजय प्राप्त गरेको दिन भएको हुनाले यस दिनलाई विजया दशमीको दिन भनिएको तथ्य खुल्दछ। यसबाट पनि विजयादशमीको महत्त्व बढेको कुरा धर्मशास्त्रमा उल्लेख छ। छोटकरीमा भन्नु पर्दा यो असत्यमाथि सत्यको विजय भएको दिन हो। आधुनिक युगमा आएर काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य मानव जातिका यी छ वटा शत्रुहरूमाथि विजय प्राप्त गर्न सक्नु महत्त्वपूर्ण पाटो हो। मान्छेले मान्छेलाई नै शत्रु सम्झनु अज्ञानता हो। मानवले मानवलाई शत्रु सम्झनु मानव अधिकारको हनन गर्नु हो। हत्या, हिंसा, आतङ्क, चोरी, डकैती, खूनखराबी र असत्यको बाटो त्याग गरी सत्पात्र बन्न सक्नु पनि विजय प्राप्त गर्नु हो। समाजलाई सभ्य, शिष्ट, परिष्कृत, अनुशासित, नैतिकवान् र चरित्रवान् बनाउन सक्नु पनि विजय प्राप्त गर्नु हो। त्यसैगरी प्राणी जातिलाई “कु” गर्नबाट जोगिन सक्नु पनि विजय प्राप्त गर्नु हो। यस धर्तीमा जन्म लिएपछि संसारका जुनसुकै प्राणीलाई पनि बाँच्ने र प्रकृतिमा रमाउने अधिकार छ। बुद्धिजीवी प्राणी मानिसले निर्धा पशुलाई निमोठ्नु, मार्नु र देवदेवीका नाउँमा बध गर्नु राम्रो कुरा होइन।

विजयकै सिलसिलामा तुर्लुङकोटमा एक भारदारिया बैठक बस्यो। त्यो बैठकले लमजुङे जनताको जिउ र धनको सुरक्षा गर्न सफल भएको निष्कर्ष निकाल्यो। त्यसलाई ठूलो विजय मानी अब राजधानी सारौँ भनी मतो बाँध्यो।

लमजुङको परिस्थिति सहज भएपछि तुर्लुङबाट राजधानी पुरानोकोटमा सारियो। तत्कालीन लमजुङ राज्यमा सबैभन्दा पहिले कोट स्थापना गरिएको यसै ठाउँमा हो। पछि क्रमशः अन्य ठाउँमा पनि कोट स्थापना गर्ने क्रम बढेर आयो। कोटहरूमध्ये यस ठाउँको कोट सबैभन्दा पुरानो भएको हुँदा यस ठाउँलाई पुरानोकोट नामकरण गरिएको हो। केही समय पछिमात्र राजधानी गाउँशहर सारियो। राजगुरु कुश्माखर घिमिरेद्वारा निकालिएको शुभ साइत र भारदारिया प्रमुख खजे दुराको नेतृत्वमा गरिएको सुरक्षा व्यवस्थाका आधारमा यशोब्रह्म शाहलाई गाउँशहर ल्याइएको हो। गाउँशहर स्थित लमजुङ दरबारको निर्माण र इष्टदेवी कालिकाको स्थापना सोही समयमा गरिएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यकालीन नेपालको ऐतिहासिक तथा पुरातात्त्विक नमुनाका रूपमा लमजुङ दरबारलाई लिन सकिन्छ ।

लमजुङ दरबारमा रहेर व्यवस्थित ढङ्गले राज्य सञ्चालन गर्न थालेपछि इष्टदेवी कालिकाको पूजा व्यवस्थापनको कुरा अगाडि बढाइयो । राजगुरु कुश्माखर घिमिरेको परिपाटी बमोजिम तत्कालीन राजा यशोब्रह्म शाह, कुश्माखर घिमिरे र भारदारिया समेत मिलेर व्यवस्थित ढङ्गले कालिका देवीको पूजा व्यवस्थापन मिलाए । त्यसमा लमजुङ दरबार क्षेत्रका वरिपरि रहेका सबै जात जातिलाई समेटेर एउटा एउटा कामको जिम्मा दिइएको थियो । आधुनिक युगमा प्रयोगमा ल्याइएको समावेशीको नमुना जस्तै गरी तत्कालीन समयको कामको विवरण निम्नानुसार छ ।

क्र. सं	नाम	जाति/थर	ठेगाना	सुविधा
१	नगरा बजाउने	नगर्ची	गाउँशहर	गुठी
२	मालश्री गाउने र चण्डीस्थानमा कलश लैजाने	खवासिनी	बेसीशहर	गुठी
३	हतियार सान लगाउने	विश्वकर्मा	गाउँशहर	गुठी
४	फूल टिप्ने, द्वारे	बस्नेत	बेसीशहर	गुठी
५	गङ्गाजल ल्याउने	बस्नेत	बेशीशहर	गुठी
६	चन्दन ल्याउने	थापा	साम्दी, बेसीशहर	गुठी
७	पाठ पढ्ने	बाह्मण (बराल)	बाहुनबेसी	दक्षिणा
८	घण्ट बजाउने	आले, राना मगर	चनौटे, चण्डीस्थान	गुठी
९	शङ्ख बजाउने	ब्राह्मण (पुजारी ४ जना)	बाहुनबेसी	दक्षिणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०	निशान लिने	बस्नेत	बेसीशहर (गङ्गाजल ल्याउने	गुठी
११	नगरा (दमा) मोहोर्ने	दुलाल	गाउँशहर	गुठी
१२	ब्याड बनाउने (फूल जमाउने) बलि दिने राँगो तऱ्याउने समेत)	नेवार	गाउँशहर	गुठी
१३	भजन गाउने (भजन मण्डली)	नेवार	गाउँशहर	गुठी
१४	दूध, कुभिन्डो ल्याउने, अक्षेते	खत्री	दारेगौंडा, गाउँशहर	गुठी
१५	कट्टुवाल (समाचारवाहक)	नगर्ची	गाउँशहर	गुठी
१६	कलश उजिल्याउने	सुनार	गाउँशहर	गुठी
१७	ताला चापी राख्ने	बोहोरा	गाउँशहर	गुठी
१८	सुरक्षा व्यवस्था	जिल्ला प्रशासन कार्यालय	बेसीशहर	
१९	रोठ पकाउने	कुँवर योगी		सिधा र नगद
२०	दाउरा ल्याउने	नेवार्नी	गाउँशहर	गुठी
२१	गाजल पार्ने	मौलिनी/ खवासिनी	बेसीशहर	गुठी
२२	घडी थाप्ने	बस्नेत	बेसीशहर	गुठी

माथिकै शीर्षकमा समेटिने गरी अर्याल थरका व्यक्तिले बलिको रोलक्रम मिलाउने पुरानो परम्परा थियो। पछि गाविसले सो रोलक्रम मिलाउँथ्यो। आजकाल नगरपालिकाले त्यो काम गर्दछ। यसरी "लमजुङ कालिका" को पूजा व्यवस्थापनमा सहयोग पुऱ्याउने २२ प्रकारका कार्यक्षेत्र र २२ वटै प्रकारका सुसारेहरू छन्। तिनलाई कालिकाका २२ सुसारे भनिन्छ। अर्यालले पूजाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोलक्रम मिलाउने जिम्मा पाएका हुन्। लमजुङबाट धार्मिक दृष्टिले राष्ट्रियता समेटिदै गएको हुँदा नेपाली राष्ट्रियताको परिवेशमा माथि उल्लेख गरिएका सबैको योगदान देखिन्छ। आजकाल नगरपालिकाले त्यो व्यवस्था मिलाउँछ। देवीको पूजाको समयमा देवी भएको कोठाबाट अर्को पूजाकोठामा सार्दा बोहोराले देवीलाई उनको अनुहार नहेरी एउटा रातो मुजेत्रो ओढाइदिएर बुई थाप्छन्। देवी बुइमा आउँछिन् भन्ने मान्यता छ। अनि अर्को कोठामा लगेर राखिन्छ। त्यसपछिमात्र पूजा हुन्छ। पूजाकोठामा ब्राह्मण, बोहोरा, राना र आले एक एक जना गरी जम्मा चार जनामात्र रहन्छन्। सोही समयमा पुरानोकोटको थाप्लामा पनि देवीको स्थापना गरिएको थियो। बडा दशैं र चैते दशैंमा त्यहाँ पनि पूजा गरिन्छ। ती देवीका पुजारी, पुरानोकोटका गुरुङ छन्। पात्ले गराका गुरुङ महिलाहरूले पात टिपेर ती देवीको पूजा व्यवस्थापनमा सहयोग पुऱ्याउँछन्। देवीको पूजाका लागि पात टिपेर ले, पात ले भन्दा भन्दै त्यस ठाउँको नाउँ नै "पात्ले" रहन गएको कुरा स्थलगत अध्ययनबाट जानकारी मिल्दछ। त्यहाँ पनि गुठीको व्यवस्था छ (स्रोत: हृदयनाथ बराल, कालिका पुरोहित)।

४.११.१ बडादशैंमा गरिने पूजा विधि

घटस्थापनाका दिनदेखि पूजा पाठ सुरु हुन्छ। हरेक दिन १३ अध्याय सप्तशती (चण्डी) पाठ गरिन्छ। घटस्थापना देखि अष्टमीसम्म शुक्ल यजुर्वेद (४० अध्याय वेद) पाठ गरिन्छ। दुई जना देवीका पुजारी हुन्छन्। प्रतिपदाका दिनदेखि पञ्चमीका दिनसमम प्रत्येक दिन एक एकवटा छाग बलि दिइन्छ। षष्टीका दिन बोको र राँगो दुवै बलि दिइन्छ। सप्तमी र अष्टमीमा पञ्चवलि (बोको, राँगो, भेडो, कुष्माण्ड र हाँसको फुल) दिइन्छ।

षष्ठीका दिन अपरान्हमा पण्डित, बोहोरा, घडिवाल, राँगे, पाठे, चन्दने समेत सात जना फूलपाती लिन बेसीशहर झर्छन्। त्यसदिन बेलुका उनीहरू भूतप्रेतको पूजा गरेर एउटा बोको बलि दिन्छन्। राति सोही प्रसाद खाएर वेसीमै बस्छन्। भोलिपल्छ सप्तमीका दिन बिहान मर्स्याङ्दी नदीमा स्नान गरी कलसमा जल लिएर बेलपत्र टिपी डोली स्थापना गरेर त्यहाँबाट फर्किन्छन् रफूलबारीवाट कसैसँग नबोली फूल टिप्दछन्। उनीहरूबिच एकआपसमा भने कुराकानी हुन्छ। कालिकाको फूलबारी भनेको हालको फूलबारी मन्चदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तल सरकारी कार्यालयहरू र सामुदायिक अस्पताल परिसर समेत त्यसबेलाको फूलबारी थियो। त्यसै फूलबारीबाट फूलपाति तथा नवपत्रिका (केरा, दारिम, धान, हलेदो, माने, कर्चुर, बेल, अशोक र जयन्ती) टिपेर गाउँशहर कालिका मन्दिरमा पुऱ्याइन्थ्यो। हाल फूलबारी छैन। त्यस ठाउँमा रहेको मन्चलाई मात्रै फूलबारी मन्च भनेर चिनिने गरेको छ। फूल टिप्ने आधार फूलबारी हो तर बाटाको वरिपरि फूल तथा फलफूल टिप्न उनीहरूलाई छुट हुन्छ। आवश्यक पर्ने जति फूल टिपेर जम्मा गर्छन्। फुलबारीको जग्गा पहिले लमजुङ कालिकाको फूलबारीको गुठी थियो। त्यहींबाट फूल टिपेर गाउँशहर लैजाने परम्परा थियो। बिस्तारै त्यो जग्गालाई रैकर गराएर व्यक्ति विशेषले आफूखुशी भोगचलन गर्न थाले। हालको फूलबारी मन्चको क्षेत्र नै गुठीको जग्गा हो तर देवीको नाउँको फूलबारी छैन।

मध्याह्नमा गाउँ शहरतर्फ उकाला लाग्छन्। दुई जनाले फूलको डोली बोक्छन्। डोलीका अघि पछि चार जना हुन्छन्। ती मध्ये अघिल्ला दुई जनाले एक एक वटा उखु र पछिल्ल्ला दुई जनाले एक एक वटा केराका थम्मा लिएका हुन्छन्। एकजना सहयोगी हुन्छ। तिनीहरू सुरक्षाकर्मीका रूपमा रहेका हुन्छन्। अरू मानिसहरू पनि साथ लागेर आउँछन्। उनीहरू हालको चण्डी मनि पुरानो चण्डीमा आएर बस्छन्। गाउँशहरबाट बाजागाजा सहित भजनमण्डली सोही ठाउँतर्फ आउँदै गरेको आवाज आएपछि तिनीहरू त्यहाँबाट उकालो लाग्छन्। ती दुई थरीका बीच उपल्लो चण्डीमा भेट हुन्छ। फूलको डोली बोक्ने दुई जना माझमा, उखु र केरा बोक्ने दुई दुई गरी चारजना चारतिर अघिपछि हुँदा जगियाको माझमा डोली जस्तो देखिन्छ।

ब्राह्मणहरूले डोली र फूलको पूजा गर्दै डोली छेक्छन्। तीन पटक परिक्रमा गर्छन्। त्यहीं रेखीपाती गरी पूजा सुरु हुन्छ। पूजा पश्चात् एउटा कुभिण्डो र एउटा बोकाको बलि दिइन्छ। बेसीबाट डोली ल्याउनेले साँझमा त्यही प्रसाद खान्छन्। गोधूली साँझमा त्यो फूलपाती लमजुङ दरबार कालिका मन्दिरमा भित्र्याइन्छ। बाजागाजा तथा फूल पनि त्यसैमा मिसाइन्छ। यसै सन्दर्भमा एउटा विश्वास के छ भने दरबारदेखि एउटी खवासिनीले कलश टाउकामा चढाएर चण्डीसम्म पुऱ्याउने कामको जिम्मा हुन्छ। त्यस समयमा कलश ज्यादै गह्रौं महसुस हुन्छ। एउटीले धान्न नसकेर अरू चार पाँच जनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहायता गरिदिनु पर्दछ । कलश चण्डीमा पुऱ्याएपछि त्यहाँ रेखीपाती गरेर कुभिन्डो र बोकाको बलि दिएपछि देवी कलशबाट फूलको डोलीमा सर्छिन् । अनि कलश हलुङ्गो हुन्छ र एउटी महिलाले मात्र बोक्छिन् । उता बेसीबाट ल्याइएको डोली गह्रौं हुन्छ । त्यसमा अरू चार, पाँच जनाले थप सहयोग पुऱ्याइदिनु पर्दछ । त्यो डोली दरबारमा नपुऱ्याउँदासम्म गह्रौं हुन्छ । दरबारमा डोली भित्र्याएपछि स्वतः हलुङ्गो हुन्छ । त्यति बेला देवी डोलीबाट दरबार भित्रिइन् भन्ने विश्वास लिइन्छ (स्रोतः गौमाया आले, पूजामा सामग्री जुटाउन संलग्न हुने स्थानीय महिला) । देवी नदेखिने तर गह्रौं हुने हुँदा देवीको तान्त्रिक शक्ति त्यहाँ प्रयोग भएको हो भन्ने जनविश्वास छ ।

सधैं कालिका रहने गरेको कोठाबाट कालिकालाई प्रतिपदाको दिन अर्को कोठामा लगिन्छ । सप्तमी सम्म त्यहीं पूजा हुन्छ । सप्तमीको साँझमा फेरि अर्को कोठामा लगिन्छ । अष्टमीका दिन बिहानदेखि पूजा पाठ सुरु हुन्छ । घडी पला हेरेर सामान्यतय अष्टमीको मध्याह्नको सेरोफेरोमा भित्र पूजा हुन्छ । यसमा पूजाको निश्चित समय किटान गरी गुठी संस्थानले मालपोत कार्यालय लमजुङलाई र मालपोत कार्यालयले पुजारीलाई आदेश दिने (साधकपत्र दिने) परम्परा छ । एकजना कर्ता सञ्चालक र एकजना सहयोगी मालपोत कार्यालयबाट खटिएर आउँछन् । पूजा व्यवस्थापन मन्दिरभित्र र मन्दिरबाहिर दुवैतिर हुन्छ ।

नियमित पूजा विधि : दीप, कलश, गणेश, ब्रह्मा, विष्णु, महेश्वर, महाकाली, महालक्ष्मी, महासरस्वती, रुद्र कलश, शान्ति कलश, स्वस्ति कलश, कागेश्वरी, वागीश्वरी, सिंहासन, उच्च सिंहासन, नवग्रह, षोडषमातृ, पाञ्चायन, गृहवास्तु, ध्रुवादि अष्टबसु , दश दिकपाल, द्वादश आदित्य, सप्तमरूत आदिको पूजा गरिन्छ । यसमा वैदिक विधिअनुसार षोडषोपचार पूजाको प्रयोग गरिन्छ ।

राजगुरु कुश्माखर घिमिरेको अवधारणा अनुसार निर्माण गराएर राखिएको त्यहाँभित्र एउटा तामाको रोचा (तामाको ठूलो गाग्री) छ । त्यो मूल कलश हो । त्यसको मुख केराको बुङ्गो जस्तो छ । त्यस कलशमा बाहिरबाट पूजा गरिसकेपछि एउटा बटन दबाइन्छ । बटन दबाएपछि चारतिर छुट्टाछुट्टै मुख खुल्दछन् । चारवटा पाता चारतिर फर्किन्छन् । पूर्वमा विष्णुको, पश्चिममा ब्रह्माको, उत्तरमा शिवको र दक्षिणमा शेषनागका चित्र देखिन्छन् । तिनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्रपट्टि कमलको फूल जस्तो छायाङ्कन देखिन्छ। ती चारवटै चित्रबाट झल्झलाकार उज्यालो आउँछ। त्यस कलशको भित्री भागको पूजा गरिन्छ। पूजा सकेपछि अर्को बटन दबाइन्छ। अनि चारवटै पाता यथास्थानमा मिल्न जान्छन, । अनि रोचाको मुख केराको बुङ्गो जस्तो देखिन्छ। त्यस कलशलाई बाहिर निकाल्ने चलन छैन। कालिका देवी र त्यो रोचा सार्वजनिक रूपमा देखाइँदैन (स्रोतःहृदयनाथ बराल - मूल पुरोहित)।

अष्टमीको दिन नियमित पूजा पश्चात् बलि दिने क्रम यथावत् नै हुन्छ। महाअष्टमीका राती "कालरात्रि" जगाइन्छ। सन्ध्याको पूजा विधिवत् गरिसकेपछि बाहिर पटाङ्गिनीमा निस्कनु पर्दछ। अघि अघि एकजना चिराख (त्रिशूल जस्तो द्विशूल भएको फलामको दण्डमा तोरीको तेलमा भिजाइएको कपडा मोहोरेर दुईवटा ज्वाला भएको) बाल्दै उज्यालो बनाउँदै बाटो देखाउँदै हिड्दछन्। चिराख पछि एकजना निशान (आयताकारको रातो झण्डा) लिएर, अर्को एकजना शान्ति कलश लिएर बाहिर निस्कन्छन्। त्यसपछि शङ्ख, घण्ट, कर्नाल, झ्याली-झ्यास्टा, कर्ताल जस्ता अनेकौँ पुरातात्त्विक बाजा बजाउँदै अनेकौँ सुसारेहरू बाहिर आउँछन्। त्यसपछि दरबार अगाडि पटाङ्गिनीमा पूजा सुरु हुन्छ। भित्रको जस्तै गरी आधा घण्टा पूजा हुन्छ। शान्ति कलशमा सबै थोकको पूजा हुन्छ। त्यो बाहेक निशानको पूजा, भूईँमा देवीको पूजा तथा सरस्वतीको पूजा र महाप्रसादको कलशको समेत पूजा गरिन्छ। घिमिरेले मौलाको पूजा गर्छन्। त्यसपछि बेलपत्र चढाइन्छ। अनि बलिका लागि सङ्कल्प पढिन्छ। सङ्कल्प पश्चात् आले रानाले मौलामा बाँधिराखेको राँगालाई महाप्रसाद (जाँड) खुवाएर मत्याउँछन्। अनि शिरदेखि पुच्छरसम्म नुहाइदिन्छन्। निशानको मुखमा कुभिन्डाको बलि दिइन्छ। त्यसपछि मौलामा बाँधिराखेको राँगाको बलि दिइन्छ। अष्टमीको रात्रिमा ठीक सूर्य अस्ताउँदा सरकारी राँगो काटिन्छ। अनि भूईँमा, ढुङ्गामा देवीलाई मात्र बलि दिइन्छ। मूल कलशमा भेडाको पाठो काटेर बलि दिइन्छ। हाँसको फूल हंस बाहिनी सरस्वतीलाई बलि दिइन्छ।

पूजा अवधिभर चिराख बालिराखेकै हुन्छ। तैपनि बलि दिने अवधिमा चिराखेले चिराख हल्लाउने, निशानलेले निशान हल्लाउने, ब्राह्मणले शङ्ख फुक्ने, आले रानाले घण्ट बजाउने, धुन्धुली बाजा तगायत आ-आफ्ना साथैमा भएका बाजा सबैले बजाउँछन्। बोहोराले बाजाको तालमा राँगो काट्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौराणिक कालमा आदिशक्ति दुर्गा भगवतीसँग महिषासुर दैत्यले लडाइँ गरेको थियो। मत्त राँगालाई भगवतीले बध गरेकी थिइन्। सोही महिषासुरको प्रतीक राँगो बनाएर महाप्राण सेवन गराई उन्मत्त राँगालाई बध गराइएको झलकप्रसाद आउने गरी राँगो काटिन्छ। राँगोबाहेक अरू सबै चीज दरबारमा भित्र्याइन्छ। (स्रोत : हृदयनाथ बराल, बृहस्पति बराल तथा सोमराज बराल पुरोहितहरू)

कालिकाका मूल पुजारी बोहरा हुन्। आफ्नो घरमा कालिका पूजा गरेर, कालरात्रि जगाएर मात्र बोहरा पुजारी दरबारमा कालिका पूजा गर्न जाने परम्परा छ। किनभने दरबारमा गएपछि त्यहाँको सम्पूर्ण काम नसकी घर आउन नमिल्ने हुनाले पहिले घरको पूजाको काम सकेर दरबार जाने गरिएको हो। अर्को कुरा पुजारीहरू सबै अभ्यस्त भइरहन र पालो समेत मिलाउनका लागि बोहरा, आले र राना हरेक पटक आलोपालो गरेर पूजामा संलग्न हुने परम्परा छ। गुरुपुरोहित भने यथायथास्थानमा रहेर पाठ गर्ने परम्परा छ (स्रोत: शान्ति बोहरा, मूल पूजारी, गाउँशहर)।

सो क्षेत्रको रखवारको लागि चैत्रमा एकचोटि र कार्तिकमा एकचोटि गरी वर्षमा दुई चोटि कनफटा साधु (गोरखनाथका चेला)द्वारा प्रत्येक घरमा रातीमा फेरी लगाउनेव्यवस्था समेत मिलाइएको थियो। फेरी लगाउने भनेको मानववस्तीको कुनै निश्चित क्षेत्रमा छेदभेद, डाङ्किनी, साकिनी, भूतप्रेत, मरि मसान आदि कुनै चीजले दुःख नदिऊन् भनी रातीमा कनफट्टा साधुले मन्त्र पढेर गरिएको रखवार हो। त्यसमा कालिका, गुरु गोरखनाथ तथा हनुमानको गाथा गाइन्छ। यशोब्रह्म शाहका पालामा राज्यसञ्चालनमा दुनियाको सकारात्मक या नकारात्मक धारणा के रहेछ भनेर गोप्य रूपमा आशय बुझ्नका लागि एक व्यक्तिलाई गोरखनाथको चेलाको रूपमा साधु बनाएर घर घरमा पठाइएको थियो। ऊ व्यक्तिबाट यथार्थ विवरण पनि आउने गर्दथ्यो। राजगुरु कुशंमाखर घिमिरेले त्यो अक्कल खटाएर आफ्नै खलकको नाताले भतिजा पर्ने सुन्दरप्रसाद घिमिरेलाई कनफट्टा साधु बनाएर त्यस कामको जिम्मा लगाएका थिए (स्रोतः बलभद्र घिमिरे, कनफट्टा साधु सुन्दरप्रसाद घिमिरेका सत्राँै पुस्ताका सन्तान, मृगस्थली, काठमाडौँ)।

दरवारको मूल ढोकाको पश्चिम पट्टिको खुल्ला खाल (कोठा) मा अग्नि स्थापना (हवन आदि) गरिन्छ। पञ्चवारिणी हवन गरिसकेपछि पटाङ्गिनीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गइन्छ । पटाङ्गिनीको काम सकेपछि भोग दिएको राँगा र बोकाको कलेजो र फोक्सो चण्ड, मुण्ड दैत्यको प्रतीकको रूपमा त्यसै यज्ञमा हवन गरिन्छ ।

सप्तशती (चण्डी) को आठौँ अध्यायको ६३ वटा श्लोकपढ्दै त्यो मासु होम्दै गरिन्छ । तत्पश्चात् अन्य भक्तजनहरूबाट ल्याइएका पञ्चबलि दिइन्छ । अनि मात्र फुटकर भाकल क्रमशः बोका, कुखुरा र परेवाको बलि दिइन्छ । पञ्चवलि तथा भाकल ल्याउने भक्तजनहरू आफैँ मण्डपमा गएर आफ्नो उद्देश्य पूरा भएको सम्भिएर पानी समाती सङ्कल्प गर्ने परम्परा छ । त्यसपछि तिलकपाती, टीकाटाला, दान दक्षिण गरी पूजामा संलग्न सबैका लागि भोजन गर्ने बाटो खुल्दछ ।

महानवमीका दिन सोही क्रमले पूजा गरिन्छ र पञ्चवलि दिइन्छ । यिनका अतिरिक्त ब्राह्मण जातिका दश वर्ष मुनिका ९ वटा कन्यालाई दुर्गा सप्तशतीमा उल्लेख भए अनुसार नवरात्रमा पूजा गरिने दुर्गादेवीका "दुर्गा कवच" मा वर्णित नौ रूप – १. शैलपुत्री २. ब्राह्मचारिणी ३. चन्द्रघण्टा, ४. कुष्माण्डा, ५. स्कन्दमाता ६. कात्यायनी ७. कालरात्रि ८. महागौरी र ९. सिद्धिधात्री नाउँका नवदुर्गाको क्रमश : एक एक प्रतीक मानी पूजा गरिन्छ । (स्रोतः दुर्गासप्तशती)

कन्या पूजा गर्ने दूध कुभिन्डेले हो । कन्याका गोडाको जल, रक्षाबन्धन र तिलकपाती राजसत्ता रहिन्जेल राजदरबारमा पठाउने परम्परा थियो । राजसत्ताको अन्त्य भएपछि लमजुङ कालिकाको पूजा गरिसकेपछि रक्षाबन्धन, तिलक र फूलपाती राष्ट्रपति भवन,काठमाडौँमा पठाउने परम्परा छ (स्रोतः रेडियो चौतारी बेसीशहर, लमजुङ २०७२ कार्तिक ३ गतेको प्रशारण ।

विजयादशमीका दिन पनि पूजा विधि पूर्ववत् नै हुन्छ तर भोग दिइँदैन । विसर्जन पूजा गरेर देवदेवी तथा पूजा सामग्री थन्क्याउने काम हुन्छ । पुरोहित ब्राह्मणका हातको टीका थाप्न वरपरका भद्रभलादमी तथा सर्वसाधारण व्यक्तिहरू आउँछन् । टीका जमरा लगाइमाग्छन् । प्रतिपदादेखि दशमीका दिनसम्म साँझमा जल चढाएर आरती गरिन्छ । दुर्गा पूजा विसर्जन गर्दा त्यहाँ भएको जल, फूलप्रसाद पूर्व शुक्र भएमा पश्चितर्फ उत्तर पानीमा लगेर सेलाउने र पश्चिम शुक्र भएमा पूर्वतर्फको पहरे धारा पँधेरामा लगेर सेलाउने परम्परा अद्यापि छँदैछ । यसको आशय जल,फूलप्रसाद सेलाउँदा शुक्रलाई पछाडि पार्ने भन्ने बुझिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.११.२ चैते दशैँमा गरिने पूजा विधि

प्रतिपदादेखि षष्टीसम्म बडा दशैंको जस्तै पूजा पाठ गरिन्छ र बलि दिइन्छ। सप्तमीको रात्रिमा नियमित सरकारी बलिको अतिरिक्त ११ वटा कुभिन्डो र बोकाको पनि बलि दिइन्छ। साँझमा जल चढाएर आरती गर्ने काम सधैँ हुन्छ। चैत्राष्टमीका दिन बिहान भित्री पूजा ठूलो दशैँको जस्तो हुन्छ। बाहिर पटाङ्गिनीमा दिउँसो मध्याह्नमा उही क्रमले पूजा गरिन्छ। उसै गरी नियमित पञ्चवली दिइन्छ। त्यसपछि मात्र भाकल पञ्चबलि दिइन्छ। अनि फुटकर भाकल दिइन्छ। यसमा एउटा कुरा के छ भने नियमित पञ्चवलि सकिएपछि अन्य पञ्चबलिको हकमा घिमिरे समाजको जो कोहीले पञ्चबलि दिन ल्याएको छ भने निजलाई पहिलो प्राथमिकता दिने परम्परा छ। त्यसै गरी फुटकर भाकल दिन ल्याएका मध्येमा पनि घिमिरे थरका व्यक्तिको भाकललाई पहिलो प्राथमिकता दिने परम्परा अद्यपि कायमै छ।

यस पटक सात वटी कन्याको पूजा गरिन्छ। उनीहरूको गोडाको जल, रक्षाबन्धन र तिलकपाती राजसत्ता छइन्जेल राजदरबारमा पठाउने परम्परा थियो। तर अहिले छैन। बडादशैँमा नौ वटी कुमारी र चैते दशैँमा सातवटी कुमारीको पूजा गर्ने परम्परा छ। यसको कारण बडादशैँमा विजयादशमीका दिन पूजा गरिने हुँदा नवदुर्गाका नौ वटै कुमारीको प्रतीक मानेर पूजा गरिन्छ भने चैते दशैंमा चैत्राष्टमीको दिन साँझमा पूजा बिसर्जन गरिने हुँदा क्रमश : सातवटी कुमारीको प्रतीक मानेर पूजा गरिन्छ।

कालिकाको मन्दिर (दरबारदेखि अलिकति पर भैरवको स्थान छ। भैरव दुर्गा भगवतीको बाहन हुन्। भैरवका पुजारी आले राना छन्। त्यहाँ तिनै आलेका सन्तानले पूजा गरेर एउटा बुचो काटेर भोग दिन्छन्। भैरवको पूजा पनि दुवै दशैँमा हुन्छ। चैत्राष्टमीको साँझमा पूजाको बिसर्जन हुन्छ। बिसर्जनको तरिका बडादशैँको जस्तै हुन्छ। सोही साँझमा दरबारको बाहिर भजन कीर्तन हुन्छ। अनेक किसिमका नाचगान, वाद्यवादनको रौनकले निकै रमाइलो हुन्छ। ठाडो भाका गीत गाउने, पाङ्दुरे नाच नचाउने परम्परा छ। त्यो साँझमा संलग्न भजन मण्डलीलाई एउटा सरकारी राँगो र तमाखु खाने रकम दुवै दशैँमा आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दरबार अगाडि पटाङ्गिनीमा एउटा मौलो छ । यशोब्रह्म शाहका पालामा लमजुङ दरबार खडा गरी कालिका प्रतिस्थापन गर्दा त्यो मौलो खडा गरिएको हो । राजगुरु कुश्माखर घिमिरेले शुभ साइत पारेर सो मौलो स्थापना गरेका हुन् । दुवै दशैँमा मौलो पुज्ने काम घिमिरेले गर्छन् । सरकारी पञ्चबलि पछि घिमिरेको पञ्चबलिलाई प्राथमिकता दिनाको मूल कारणबारे जिज्ञासा राख्दा कालिका देवीका मूल पूजारी हृदयनाथ बरालको भनाइ यस्तो रह यो - "घिमिरेहरू राजगुरुका वंश र मौलाका धनी भएका हुनाले सरकारी पञ्चबलि पछि घिमिरेको पञ्चबलिलाई प्राथमिकता दिनु भनी लमजुङ कालिका पूजाविधि" भनिने कागजमा उल्लेख भएको हुँदा त्यसो गरिएको हो । पछिल्ला दिनहरूमा भने पूजाको रोलक्रमको व्यवस्था गा.वि.स. ले मिलाउने गरेको थियो । आजकाल नगरपालिले सो काम गर्दछ ।

माथि उल्लेख गरिए अनुसारका २२ सुसारेहरू सबैलाई पहिले गुठीको जग्गा नै थियो । पछि आएर ती सबै जग्गा व्यक्ति व्यक्तिका नाउँमा रैकर गरिए । आजकाल मूल पूरोहित ४ जना र २२ थरी सुसारे सबैलाई दुवै दशैँमा भत्ता आउँछ । जिल्ला "मालपोत कार्यालय लमजुङ" मार्फत सो भत्ताको रकम उपलब्ध गराउने परम्परा छ । रैकर गरिएको गुठीको जग्गाबाट प्राप्त आम्दानी मूलधनलाई अपचलन नगरी त्यसबाट आउने ब्याजको ७०% (प्रतिशत) रकम कालिकाको पूजा व्यवस्थापनमा खर्च गरिने र ३०% (प्रतिशत) रकम प्रशासनिक तथा लेखापरीक्षण खर्चमा प्रयोग गरिने परम्परा बसालिएको छ । सो रकम गुठी संस्थानले परिचालन गर्दछ । गुठी संस्थानले मालपोत कार्यालय मार्फत पूजा व्यवस्थापनमा खर्च पठाउँछ (स्रोत:जिल्ला मालपोत कार्यालय लमजुङ) । कालिकाको मन्दिरदेखि अलिकति पूर्वतर्फ स्थापित गोरखनाथका पुजारी कनफटा जोगीलाई सिधाको यवस्था छ । वर्षको दुई पटक कार्तिक र चैत्रमा रातीमा फेरी लगाई त्यो क्षेत्रको रखबार गराउने परम्परा पनि त्यसै समयमा बसालिएको हो ।

पुरानोकोट गढीकी देवी (गढीमाई) का पुजारी पुरानोकोटे गुरुङ छन् । त्यहाँ पनि आजकाल गुठीबाट भत्ताको व्यवस्था छ । पञ्चबलिको रकम उही क्रमले आउँछ । ठूलो दशैँमा प्रतिपदा र महानवमीको दिनमा, चैते दशैँमा प्रतिपदा र अष्टमीको दिनमा कालिका मन्दिरबाट १ जना ब्राह्मण पुरोहित गएर पूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ गराउने परम्परा छ। त्यहाँको मौलो पुजारी पनि घिमिरे नै छन्। दुवै ठाउँमा मौलाका धनी घिमिरेलाई पनि देवीको प्रसाद स्वरूप ११ वटा सरकारी बोका उपलब्ध हुन्छन्।

४.११.३ कालिकाको निशान र लमजुङ राज्यको झण्डा

कालिकाको निशानः

यशोब्रह्म शाहका पालामा मनाङसम्म लमजुङ राज्यको विस्तार भएको थियो। राजगुरु कुश्माखर घिमिरेले यशोब्रह्म शाहलाई राजनीति, कूटनीति र चतुर्‍याइँ बारे उचित सल्लाह दिन्थे। त्यसै समयमा कुश्माखर घिमिरेको सोचाइ अनुसार एउटा कालिकाको निशान बनाइएको थियो। रातो रङको आयताकार ध्वजालाई देवीको निशान मानियो। प्रत्येक बडा दशैंको नवमीको र प्रत्येक चैते दशैंको अष्टमीको दिनमा अन्य सामग्रीका साथ निशानलाई पटाङ्गिनीमा निकालिन्छ। निशानका बारेमा थप कुरा लमजुङ कालिका पूजा व्यवस्थापनमा बताइएको छ।

लमजुङ राज्यको झण्डाः

त्यसैगरी कुश्माखर घिमिरेकै सोच अनुसार त्यसै समयमा लमजुङ राज्यको झण्डा बनाइएको थियो। वेदका वाणी "तमसोमा ज्योतिर्गमय" (उज्यालोले अन्धकारलाई नाश गर्छ)", (असतोमा सद्गमय) सत्यले असत्यलाई नाश गर्छ) भन्ने दर्शनको आधारमा तामाका त्रिकोणात्मक २ वटा पाता मध्ये क्रमशः माथिल्लो पातामा सूर्य र तल्लो पातामा चन्द्रमाको विम्व राखियो।।। दुबै पातामा ८, ८ कोण बनाइएको थियो। यसको अर्थः आप क्षीर कुशग्राणी, दधिसर्पिश्चराक्षता, तिला पुङ्गीफलश्चैव, अष्टांकऽर्घ्य पकृर्तिता। यसको आशय : सूर्य र चन्द्रलाई अर्घ्य दिंदा हावा, पानी, कुश, दही, सस्यूँ, अक्षता, तिल र सुपारी यी आठ चीज मिलाएर मात्र दिनु पर्ने शास्त्रीय विधान छ। केही आधारभूत शास्त्रीय प्रमाणहरू : अष्ट चिरञ्जीवी (मार्कण्डेय, (बलि, व्यास, हनुमान्, विभीषण, कृप, परशुराम र अश्वत्थामा)। अष्टनागः (शेष, बासुकि, तक्षक, कर्कोटक, पद्म, महापद्म, शङ्खचूड र कुलिक)। अष्टसिद्धिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अणिमा, महिमा, गरिमा लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व)। अष्ठमूर्ति : (पृथ्वी, जल, तेज, वायु आकाश, सूर्य, चन्द्र र यजमान)। अष्टाक्षरी मन्त्र : ॐ नमो नारायणाय। श्रीकृष्ण शरणं मम। शिवजीको अष्टाक्षरी मन्त्रः ॐ सदा शिवाय नमः। चार वेदः ऋक्, यजु, साम र अथर्व तथा चार उपवेद : आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्यवेद समेत (चार वेद र चार उपवेद गरी) आठको सङ्ख्या पुऱ्याइएको छ। चार दिशा : पूर्व, पश्चिम, उत्तर, दक्षिण र चार उपदिशा ईशान्य, आग्नेय, नैऋत्य, वायव्य गरी सङ्ख्या आठ पुऱ्याइएको छ। त्यसैगरी यसमा तिथिलाई पनि आधार मानिएको छ। तिथि भनेका "चन्द्रमानका गणनाअनुसार आउने तथा घटबढ हुने शुक्लपक्ष र कृष्णपक्षका कुनै पनि दिन; परेवादेखि औँसी वा पूर्णिमासम्मका दिन" हुन्। चन्द्रमाको गतिलाई आधार मानेर तिथिको विकास भएको हो। शुक्लपक्ष द्वितीयादेखि चन्द्रमा क्रमशः बढ्दै गएर पूर्णिमाको दिनसम्ममा पूरा हुन्छ। त्यसलाई पूर्णचन्द्र भनिन्छ। त्यस्तै कृष्णपक्षको प्रतिपदादेखि क्रमशः चन्द्रमा घट्दै जान्छ। कृष्णपक्षको औँसी र शुक्लपक्षको प्रतिपदा तिथिमा चन्द्रमा देखिदैन। यसरी चन्द्रमाका १६ कला पूर्ण हुन्छन्। शुक्लपक्ष अष्टमी तिथिको दिनमा चन्द्रमा ठीक आधा हुन्छ। त्यसलाई अर्धचन्द्र भन्दछन्। १६ तिथिमध्ये २ वटा तिथिमा चन्द्रमा देखिदैन। १४ वटा तिथिमा मात्र चन्द्रमा देखिन्छ। तसर्थ गणितीय दृष्टिकोणबाट पनि शुक्लपक्षको अष्टमी तिथिमा अर्धचन्द्र हुन्छ। लमजुङ राज्यको झण्डामा अर्धचन्द्र राखिएको र त्यो दिन शुक्लअष्टमी भएको हुँदा अष्टकोण राखिएको प्रमाण भेटिन्छ।

त्यस्तै आदि शक्ति भगवती अष्टभुजावाली हुन्। उनका आठ वटै हातमा एक एक वटा वस्तु छन्। जस्तोः १.शङ्ख २.चक्र ३.गदा ४. पद्म ५.त्रिशूल ६.धनुष ७.खड्ग र ८.ॐ। यी सबै वस्तुमा एक एक शक्ति छन्। कालिका भनिने दुर्गा भगवती शक्तिशाली भएकी हुँदा उनको आराधना गरिएको छ। तसर्थ लमजुङ राज्यको झण्डा तयार गर्दा यी आठ वस्तुलाई विशेष महत्त्व दिइएको कुरा बाङ्ग्रे, खलकछाप स्थित राजराजेश्वरीको मन्दिरमा अवस्थित "शाक्तपत्र"मा उल्लेख गरिएको छ। शाक्तपत्र भनेको शक्तिको उपासना गर्नेहरूले तत्सम्बन्धी बनाएका नीति नियमको दस्तावेज हो।

त्यसैगरी पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु र आकास) तथा त्रिगुण (सत्व, रजो र तम) यी सबैको सङ्ख्या ८ हुँदा त्यसलाई पनि लमजुङ राज्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झण्डा तयार गर्दा प्रयोगमा ल्याइएको छ (स्रोत:शाक्तपत्र) ।

त्यसैगरी "बुद्धं शरणं गच्छामि। धम्मं शरणं गच्छामि।" भन्ने गौतमबुद्धका अष्टाक्षरी मन्त्रलाई पनि आधार मानिएको छ। गौतमबुद्धका अष्टमार्ग : 1. Right vision (सम्यक दृष्टि)। 2. Right Speech (सम्यक वाचा) 3. Right Action (सम्यक कर्म) ।4. Right Livelihood (सम्यक जीवन) 5. Right Effort (सम्यक व्यायम) 6. Right Determination (सम्यक सङ्कल्प) 7. Right mind fullness (सम्यक एकाग्रता) 8. Right Meditation (सम्यक समाधि) (स्रोत : नेपाली समाज र संस्कृति)। यसरी हिन्दू धर्म र बौद्ध धर्मका मूल नीतिहरूलाई आधार मानेर लमजुङ राज्यको झण्डाको संरचना गरिएको थियो। त्यसैगरी त्यो समयमा लमजुङ राज्यमा कोटको माध्यमबाट आठ वटा शक्तिपीठहरूको स्थापना गरिएको थियो। ती प्रत्येक शक्तिपीठमा एक एक मौलो खडा गरिएको थियो। दशैं दशैंमा ती सबैको पूजा गरिन्थ्यो। तिनलाई अष्टशक्तिको रूप मानिन्थ्यो। तसर्थ लमजुङ राज्यको झण्डा निर्माण गर्नमा यसलाई महत्त्वपूर्ण आधार मानिएको थियो। उक्त प्रमाण तखतहरण पत्रमा पनि उल्लेख गरिएको छ। शक्तिपीठ र मौलाको बारेमा कोटको महत्त्व शीर्षकमा विस्तृत विवरण खुलाइएको छ। त्रिकोणात्मक २ पातामध्ये माथिल्लो पाताको एकतर्फ सूर्य र तल्लो पाताको अर्कोतर्फ चन्द्र भएको कुरा अध्ययनले बताएको छ। दुबै बिम्ब हेर्नका लागि दुबै तर्फ जानु पर्ने अवस्थाका ती पाता थिए। त्रिकोणात्मक पाता बनाउनाको आशय सत्व, रज, तम तीन गुणलाई अँगालिएको हो। यस भित्र त्रिदेव (ब्रह्मा, विष्णु र महेश्वर)को महत्त्व पनि जोडिएको छ। त्यस्तै अ, उ, म् अर्थात् ॐ को अर्थ पनि यसै भित्र घुसेको छ। ती दुई त्रिकोणात्मक पाता जोड्नका लागि एउटा दण्ड राखिएको थियो। त्यसको आशय धर्ती र आकासलाई जोड्ने मेरूदण्डरूपी काल्पनिक रेखालाई आधार मानिएको हो। त्यस झण्डाको बिँड लामो थिएन। उक्त झण्डा निर्माण गर्दाका सम्पूर्ण आधारभूत कुराहरू बाङ्ग्रे, खलकछाप स्थित श्री राजराजेश्वरी देवीको मन्दिरमा रहेको भोजपत्रमा लेखिएको पुरानो दस्तावेजको आधारमा यहाँ प्रस्तुत गरिएको हो। यशोब्रह्म शाहका नरहरि शाहतर्फका सन्तति श्री भीमनारायण शाहको साथमा चाबी रहेको राजरजेश्वरीको मन्दिर खलकछाप दरबारको पुजाकोठामा काठको मधुस भित्र राखिएको लेख्यसामग्रीलाई नै मूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधार मानिएको छ। यस्तै यस्तै ऐतिहासिक महत्त्वको काम गर्ने कुश्माखर घिमिरेले लमजुङ राज्यमा श्री ३ को उपाधी प्राप्त गरेको कुरा केसरमहल स्थित केसर पुस्तकालयमा अवस्थित "घिमिरे वंशावली" शीर्षकको अभिलेखबाट जानकारी हुन्छ। सोही श्री ३ को उपाधीलाई आधार मानेर पछि जङ्गबहादुर राणाले वि.सं.१९१३ मा श्री ५ सुरेन्द्रबाट श्री ३ महाराजाको उपाधी प्राप्त गरेका हुन्। श्री ३ को उपाधि प्राप्त गर्ने कुरा के भने श्री ५ को उपाधि लिएको व्यक्ति मुख्य राजा हुन्थे भने श्री ३ को उपाधि पाउने व्यक्ति सहायक राजा हुन्थे। श्री ३ सहायक राजा हुनका लागि भौगोलिक आधार चाहिने हुँदा लमजुङ र कास्कीलाई आधार लिइएको थियो। त्यसको मूल कारण पनि जङ्गबहादुर राणाको जन्मस्थल कास्कीको ढुङ्गेसाँघु हो। उनको गृहजिल्ला र छिमेकी जिल्लालाई आधार लिएको कुरा स्पष्ट हुन्छ। बडादशैंमा महाअष्टमी जाँदो र महावनवमी आउँदो रातको समय जसलाई कालरात्रि भनिन्छ सोही रातमा र चैतेदशैंमा चैत्राष्टमीको बिहान दरबारभित्रै झण्डाको पूजा गरिन्छ तर त्यसलाई सार्वजनिक गरिदैन। लमजुङ राज्यको पहिलो झण्डाको फोटो सुरुमा लमजुङ राज्यको झण्डा बनाउँदा कुश्माखर घिमिरेको परिकल्पना, यशोब्रह्म शाहको आदेश र खजे दुराको सहयोग मिलेको थियो।

नोटः लमजुङ दरबारकै प्रसङ्ग उठाउँदा यस दरबार परिसरमा २०७५ सालमा एउटा अग्लो स्तम्भमाथि यशोब्रह्म शाहको अर्धकदको सालिक स्थापना गरिएको छ। स्तम्भको चारै पाटामा विभिन्न प्रसङ्गका अभिलेख राखिएका छन्।

१. मुहुडा भागमा लेखिएको विवरण हुबहु निम्नानुसार छः

लमजुङ जिल्ला बेसीशहर लगरपालिका वडा नं. ३ गाउँशहर स्थित शक्तिस्वरूपा कालिका भगवती मन्दिर तथा लमजुङ दरबारको ऐतिहासिक, पुरातात्विक, धार्मिक र पर्यटकीय महत्वलाई प्रबर्द्धन गर्न स्थानीय सबै पक्षको चाहना बमोजिम श्री श्री जंग गणको प्रत्यक्ष सक्रियतामा लमजुङ दरबार तथा कालिका भगवती मन्दिर परिसरमा तत्कालीन लमजुङ राज्यका राजा यशोब्रह्म शाहको अर्धकद सहितको शालिक प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाज्यूद्वारा अनावरण सुसम्पन्न भयो। इति संवत् २०७५ साल आश्विन महिना २८ गते रोज १ शुभम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तम्भको दोस्रो पाटोमा लेखिएको हुबहु विवरण निम्नानुसार छः

ऐतिहासिक, पुरातात्विक, धार्मिक र पर्यटकीय महत्त्वलाई प्रबर्द्धन गर्न श्री श्री जंग गणले गरेका कार्यहरूः

१. यशोब्रह्म शाहको मूर्ति सहितको स्तम्भ निर्माण
२. प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाबाट नयाँ निशान अर्पण
३. लमजुङ कालिकाको पुरानो पर्दा फेर्ने काम
४. मनिदर तथा दरबार परिसरमा अर्थिङको व्यवस्था
५. मनिदरमा नयाँ मौलोको व्यवस्था
६. निशान राख्ने दराजको व्यवस्था
७. गार्डेनिङ (बगैँचा निर्माण)

सहयोगी हातहरूः

१. प्राध्यापक श्री कपतराज सिंह रठोर (ऐतिहासिक सामग्री सङ्कलक)
२. प्र.से.श्री फफणीन्द्रबहादुर थापा (ज.प्रा.) (स्थानीय ऐतिहासिक सामग्री सङ्कलक)
३. इन्जिनियर प्र.से.श्री किरण श्रेष्ठ (स्तम्भ डिजाइनर)

इति संवत्२०७५ आश्विन महिना २८ गते रोज १ शुभम्

तेस्रो र चौथो पाटोमा क्रमशः शाही परिवार राजाहरूको योगदानकाबारेमा र कालिकाका सेवामा रहेका विभिन्न थर (२२) सुसारेहरूको विवरण दिइएको छ। साथै त्यस समयमा घिमिरेका योगदानको समेत विवरण लेखिएको छ। जसमा कालिकाको पूजाको समयमा वेद पाठ गर्ने र ज्योतिषको काम समेत घिमिरे ब्राह्मणले गने क'राको अभिलेख छ।

शक्तिस्वरूपा कालिकाको मन्दिर परिसरमा ऐतिहासिक, पुरातात्त्विक, धार्मिक एवम् पर्यटकीय महत्त्वको काम गरी हिन्दु सनातन धर्मको समेत संरक्षण हुने काम गरिदिएकोमा निज प्रधानसेनापति श्री पूर्णचन्द्र थापाज्यूलाई लिपिकै माध्यमबाट साधुवाद छ।

शक्तिस्वरूपा कालिकाको प्रसङ्ग उठाउँदा कालिकाका २२ सुसारेमध्येका स्थानीय दलितहरूले पनि पुरातात्त्विक महत्त्वका काम गरेका छन्। उदाहरणका लागि गाउँशहरको बानियाथुम्कामा एउटा घुमाउने घर निर्माण गरिएको छ। त्यसभित्र दलित समुदायले प्रयोगमा ल्याउने गरेका सम्पूर्ण औजारहरू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्कलन गरी व्यवस्थित ढङ्गले सजाएर राखिएको छ। तीमध्ये कतिपय सामग्री कालिकाको पूजा गर्दाको समयमा प्रयोगमा ल्याइने खालका छन्। त्यो घर दलित सङ्ग्रहालयको रूपमा छ। त्यसले पर्यटकीय महत्त्वको रूप पनि लिएको छ। भविश्यमा त्यसको महत्त्व झन् बढ्नेछ। यसरी पुरातन वस्तुहरूको सङ्कलन गरी संरक्षण गरेकोमा ती दूरदर्शी दलितहरूलाई लिपिकै माध्यमबाट साधुवाद छ।

४.१२ तुर्लुङ्कोट कालिका स्थापना तथा पूजा व्यवस्थापन

लमजुङमा यशोब्रह्म शाहलाई राजा बनाएपछि सबैभन्दा पहिले लमजुङ कालिका स्थापना गर्ने काम भयो। बेसीतर्फ लक्ष्मीनारायण स्थापना गरिएको हो। त्यसपछि तुर्लुङकोटकी कालिकालाई शक्तिपीठको रूपमा स्थापना गरियो।

तुर्लुङकालिका स्थापना पश्चात् पूजा व्यवस्थापन निम्नानुसार चलाउने गरेको पाइएको छ :-

४.१२.१ बडादशैँ

घटस्थापनाका दिनदेखि षष्ठीसम्म सप्तशती पाठ गरी सामान्य पूजा गरेर कुभिन्डो काटेर भोग दिने परम्परा छ। यति काम गाउँकै कोटघरमा हुन्छ। सप्तमीका दिन दुई जना दुरा स्वाँराको साहूपँधेरामा गएर स्नान गर्दछन्। त्यसपछि विभिन्न जातका फूल र फल जम्मा गर्दछन्। अदुवा, उखु, केरा लगायतका सामग्री पनि जम्मा गर्दै अघि बढ्छन्। जयन्तीको फूल अनिवार्य रूपमा ल्याउनु पर्दछ।द एक थरीले ती सामान ल्याउँछन्। पुजारी कर्ता र गुरुपुरोहित चण्डीस्थानमा जान्छन्। चण्डीदेवीको पूजा गरेर एउटा बोको काटेर भोग दिने चलन छ। चण्डीको फूलप्रसाद र ती दुई व्यक्तिले ल्याएका फलफूल सबै कोटघरमा लगेर भित्र्याइन्छ। यस कार्यलाई फूलपाती भित्र्याउने भनिन्छ। महाअष्टमीमा दिन कालरात्रि मनाइन्छ। देवीको पूजाआजा गरेर जून डाँडामाथि बसेपछि एउटा बोको काटेर बलि दिइन्छ। त्यसको कलेजो हवन गरिन्छ। बोको काटेपछि चन्द्रमा देख्न हुँदैन भन्ने परम्परा छ। महानवमीका दिन बिहान तुर्लुङकालिकाको मन्दिरमा गइन्छ। मौलामा रेखीपातीका साथ पूजापाठ गरी त्यही पञ्चबलि दिइन्छ। कोटघरमा एउटा बोको र एउटा राँगो काटिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टाउको भित्र लगिँदैन, कुभिण्डो मात्र लगिन्छ। कुभिन्डो, कुखुरो, परेवा, पाडो र पाठो गरी पञ्चबलि सोही मौलामा काटिन्छ। यो पूजामा मूलकर्ता दुरा र गुरुपुरोहित अधिकारी थरका ब्राह्मण हुने परम्परा छ। यशोब्रह्म शाहका पालामा बनाइएको नियम अहिले पनि यथावत् नै छ। देवीमन्दिर नजिकै भैरवको स्थान पनि छ। भैरवको पुजारी दुरा हुन्छन्। भैरवको पूजा गरेर एउटा बुची (सुँगुरको पाठी) काटेर भोग दिने परम्परा छ। दशमीको दिन कोटघरमा देवीको पूजा गरी गुरुपुरोहितले कर्ता, गन्यमान्य, बूढाबूढी तथा कन्याहरूलाई टीका लगाइदिएपछि त्यहाँको फूल-अक्षता घर-घरमा लगेर मात्र प्रत्येक घरमा टीका खुल्दछ। त्यतिखेर बन्दुक पड्काएर टीका खुलेको सङ्केत दिइन्छ। बडादशैँमा खजेगाउँका अधिकारीहरू र वरबोटका खनियाहरूले पनि एक एक ओटा बोका ल्याएर कालिकाको पूजामा सामेल हुन्छन्। गुठीको जगा कमाइगरी खाएका कारण त्यसो गरिएको हो। खनियाहरूले गुठी कमाइ गरी खाएका र उनीहरूले खजेगाउँका अधिकारीलाई पुजारी खटाएको परम्परा भेटिन्छ। हाल खजेगाउँका अधिकारी पुजारीका रूपमा छैनन्।

४.१२.२ चैते दशैँ

दुर्गाभरी कालिकाको मन्दिरमा दुर्गासप्तशती पाठ गर्ने,अष्टमीका दिन पूजाआजाका साथ पञ्चबलि दिने काम हुन्छ। नवमीका दिन कोटघरमा पूजा गरेर एउटा बोको र एउटा राँगो काट्ने परम्परा छ। कालिका मन्दिरमा चाहिँ पूजाआजा गरेर एउटा बोको काटेर बलि दिइन्छ। त्यस दिन कालिका मैदानमा जात्रा लाग्दछ। दिनभरी नाचगान,बाद्यवादन हुन्छ। चर्को प्रतिस्पर्दाका साथ छेलो प्रतियोगिता पनि हुन्छ। अघिपछिको समयमा कालिकालाई पञ्चबलि भएमा पुरोहित गएर पूजा गर्ने चलन छ। दशैँको समयमा बाहिरबाट पञ्चबलि आएमा नियमित पूजा र पञ्चबलि सकेपछि मात्र भाकल तथा पञ्चबलि दिने परम्परा छ। कालिका पूजा व्यवस्थापनको लागि सरकारी गुठीको व्यवस्था पनि छ।

पूजाआजाका दृष्टिले हेर्दा कालिका,कोटघर तथा चण्डीदेवीका बीचमा त्रिकोणात्मक सम्बन्ध देखिन्छ। यी शक्तिपीठहरूको पूजा गर्दा पञ्चेबाजा बजाउने परम्परा छ। गुरुपुरोहित अधिकारी ब्राह्मण, कर्तापुजारी दुरा तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगारा बजाउने नगर्चीका लागि छुट्टा छुट्टै गुठीको रूपमा जगाको व्यवस्था छ। त्यसैबाट आएको आम्दानीले पूजा चलाउने परम्परा छ।

राज्यकोतर्फबाट इष्टदेवी कालिका स्थापना गरी पुजा व्यवस्थापन गराएपछि गाउँ समाजकोतर्फबाट पनि त्यसबारेमा चासो बढ्न थाल्यो। तुर्लुङकोटमा भएका दुराहरूले पनि आफ्नो गाउँको सबैभन्दा माथि डाँडामा आफ्ना इष्टदेवता थापना गरे। ती देवतालाई उनीहरू नार्खु भन्दछन्। नार्खु दुराभाषाबाट ल्याइएको शब्द हो। यसको अर्थ शिवजी हुन्छ। तसर्थ शिवजी दुराहरूका आराध्य देवता हुन्। सामान्यतय अघिपछि नार्खु पुजा गरिंदैन तर विशेष परिस्थितिमा भने पुजा गर्ने चलन छ। उदाहरणका लागिः सुक्का खडेरी परेको समयमा पानीको आवश्यकता पर्दा त्यहाँ नार्खु पुजा गरेर भैँसी काटी भोग दिने चलन छ। नार्खुको स्थान जमिनको सतहभन्दा केही तल कुवा जस्तो आकारमा छ। भैँसी काटेर भोग दिंदा रगतले त्यो कुवा भरिन्छ। त्यहाँको रगतमा स्याउला चोभलेर त्यो सेरोफेरोमा जताततै रगत दल्ने परम्परा छ। भोग नखाने देवतालाई भोग दिइएकोमा उनी रिसाएर सोही रगत पखाल्नका लागि पानी पार्छन् भन्ने जनविश्वास छ।

राज्यकोतर्फबाट तुर्लुङकालिका स्थापना गरिसकेपछि जनस्तरबाट पनि दुराडाँडाको खजेगाउँमा खजे दुराको नेतृत्वमा एक शक्तिपीठको स्थापना गरिएको थियो। उक्त शक्तिपीठलाई खजेगाउँकालिका भन्दछन्।

स्थानीय दुरा समाजले दशैँको सन्दर्भमा विधिवत् रूपमा ती देवीको पूजा गर्दछन्। यो मन्दिर पनि माध्यमिक कानिल सभ्यताको एक नमुनाको रूपमा स्थापित भइआएको छ। माथि उल्लेखित विवरणमध्ये मुलभूत कुरा सोही मन्दिरको शिलालेखले बताउँछ।

दुराडाँडामा सबैभन्दा पहिले दुरा जातिको बसोबास भएको हो। त्यसमा पनि पहिलो बस्ती खजेगाउँ नै हो। त्यसपछि अधिकारी ब्राह्मणहरूले बस्ती बसालेका हुन्। अनि बल्ल अरू विभिन्न जातिको बसोबास हुन थालेको हो। उक्त कुरा स्थलगत अध्ययनले बताएको छ।

खजेगाउँमा मानवबस्ती बसेपछि दैनिक रूपमा पानीको प्रयोगका लागि पँधेरो निर्माण गरियो। मानवबस्ती बाक्लो हुँदै आएपछि आवश्यकता र सुबिधाका लागि अर्को पँधेरो पनि निर्माण गरियो। त्यहाँ भएका दुई वटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पँधेरामध्ये तल्लो पँधेरोलाई दुराको पँधेरो भन्ने चलन छ । दुराको पँधेरोभन्दा थोरै माथि अर्को पँधेरो छ । बाहुनको पँधेरो भनेको त्यही हो । सामान्यतः ती दुई पँधेराको नाम अनुसार नै अपङ्गी उपभोग गरेको पाइन्छ ।

४.१३ अन्य शक्तिपीठहरू

गाउँशहरकी कालिका स्थापना पश्चात् सरकारी रैरकम दिने गरी गुठीको समेत व्यवस्था मिलाई अरू अरू ठाउँमा पनि शक्तिपीठहरू स्थापना गर्ने काम भयो । जसमध्ये गुठी संस्थान, काठमाडौँ र जिल्ला मालपोत कार्यालय, लमजुङमा प्राप्त अभिलेख अनुसार ती शक्तिपीठहरूको छोटो विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

४.१३.१ उदीपुर कालिका

उदीपुर कालिकाको मन्दिर मर्स्याङ्दी नदीको किनारमा अवस्थित छ । मन्दिर परिसरबाट माथि फर्केर हेर्दा उदीपुर डाँडाको केही भाग खुँडे भएको देखिन्छ । त्यसैबाट क्रमशः तल हेर्दै जाँदा धेरै पहिले पहिरो भासिएको जस्तो देखिन्छ । साथै त्यो पहाडदेखि कालिका मन्दिरसम्मको भाग पहिरिएको जस्तो छ र त्यस वरपरका ढुङ्गा पनि पहिराका ढुङ्गा जस्ता छन् । अथवा ओल्लो पल्लो क्षेत्रका भन्दा त्यहाँका ढुङ्गा फरक छन् । जमिनको माटो पनि गेगरेन छ । परापूर्व कालमा ती देवी उदीपुरको डाँडामा जङ्गलभित्र थिइन् । कुनै रातमा उदीपुरका बासिन्दाहरूलाई सपना दिइन् । म पहाडबाट मर्स्याङ्दी नदीको किनारमा सर्दै छु । त्यसो हुँदा तिमीहरू अन्यत्र सर : भनेकी थिइन् । नभन्दै त्यसको केही दिन पछि एक मध्य रातमा डाँडै समेत सलल पारी साथमा लिएर मर्स्याङ्दीको किनारमा गएर बसेकी हुन् भन्ने स्थानीय किं वदन्ति छ । जे होस् ती देवी लमजुङको एक शक्तिपठिको रूपमा स्थापित हुँदै आएकी छन् । गुठीसंस्थान कार्यालय, काठमाडौँ र जिल्ला मालपोत कार्यालय, लमजुङको अभिलेखको आधारमा भन्ने हो भने कालिका रूपी शक्तिपीठहरूको स्थापनाको क्रममा यी देवीको पनि स्थापना गरिएको हो । आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म नियमित पूजा हुन्छ । त्यसैगरी चैते दशैँमा पनि चैत्रशुक्ल प्रतिपदादेखि दशमीसम्म नियमित पूजा हुन्छ । नियमित पूजाको बलि दिने कुरा अष्टमीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन मात्र हुन्छ । भाकल ल्याउने भक्तजनहरूका बलि अघिपछि पनि दिइन्छ । एकादशी, औँसी र प्रतिपदाका दिनमा बलि दिने चलन छैन । देवीलाई बोका बलि दिइन्छ । उनको वाहन भैरवलाई कुखुराको बलि दिइन्छ । भैरवको स्थान त्यसै मन्दिरको बाहिरपट्टि छ । घटस्थापनाका दिन पुजारीमध्येका एक जना लमजुङ दरबार जान्छन् । त्यहाँ कालिका पूजाको पूर्व सल्लाह र पूर्व कार्यक्रम हुन्छ । शक्तिपीठका पुजारीहरूको वरणी गरिन्छ । सो कर्म लमजुङ कालिकाका मूल पुजारीहरूबाट हुन्छ । उहाँबाट आ-आफ्ना शक्तिपीठका पुजारीका रूपमा वरणी भएर फर्किन्छन् । त्यसका भोलिपल्टदेखि दशमीका दिनसम्म कालिका पूजा एवं चण्डी पाठ गर्दछन् । वर्षको एक पटक बडादशैँमा यी कालिकाको पूजा व्यवस्थापनका लागि एउटा सरकारी बोको र केही रकम उपलब्ध हुन्छ ।

यी देवीका पुजारी कर्ता तामाङ र पुरोहित पन्त हुन् । आधुनिक सभ्यताका कारण पन्तहरू पुजारी बन्न असमर्थ भएका हुनाले गुरुपुरोहित फेरबदल हुँदै आएको कुरा स्थलगत अध्ययनबाट थाहा लाग्दछ । हाल त्यहाँ पूजा व्यवस्थापन समिति गठन भएर पूजाको व्यवस्था मिलाउने गरिएको छ । मन्दिर परिसरमा विवाह, ब्रतबन्ध जस्ता कार्यक्रम धेरै हुन्छन् । त्यहाँ पुराना सैनिक हतियार धेरै छन् ।

उदीपुरमा नेपाली सेनाको गण रहन थालेपछि बडादशैँको फूलपातीका दिन उदीपुर कालिकाको पूजा गरिसकेपछि त्यहाँको फूलप्रसाद सैनिक गणमा भित्र्याउने परम्परा बसेको छ (स्रोतः रेडियो चौतारी बेसीशहर, २०७२ कार्तिक ३ गतेको प्रशारण) ।

उदीपुर कालिकाको अर्को प्रसङ्ग पनि छ । कालु शाह मारिएपछि कास्कीबाट यशोब्रह्म शाहलाई ल्याएर दरबारमा राजा स्थापना नगरेसम्म पुरानोकोटमा स्थापित कालिकालाई उदीपुरमाथि डाँडाको वनमा लुकाएर राखिएको थियो । केही समयपछि ती कालिका तल सरेर मर्स्याङ्दी नदीको किनारमा बसेकी हुन् । राज्यलाई व्यवस्थित गराएपछि मात्र उदीपुरबाट कालिकालाई गाउँशहरमा ल्याएर स्थापना गरिएको थियो । त्यसपछि उदीपुरमा पनि शक्तिपीठलाई पुनः कायमै राखियो । त्यसैगरी पुरानोकोटमा पनि कालिकारूपी शक्तिपीठलाई कायमै राखियो (स्रोतः गुरूङ...) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.१३.२. पाम्चोक कालिका

लमजुङ कालिका स्थापना पश्चात् स्थापना गरिएका शक्तिपीठहरूमध्ये एक पाम्चोक कालिका हुन् । बडादशैँ र चैतेदशैँमा यी देवीको नियमित पूजा हुन्छ । बडादशैँमा फूलपातीदेखि विजया दशमीका बिहानसम्म पुजारी त्यहीँ मन्दिरमा बस्छन् । अष्टमीका दिन कालरात्रि जगाउने परम्परा पनि छ । लमजुङ मालपोत कार्यालयबाट बडादशैँमा केही रकम उपलब्ध हुन्छ । त्यहाँका कर्ता पुजारी थापा छन् भने गुरुपुरोहित पौडेल थरका ब्राह्मण छन् । (स्रोत : रामचन्द्र घिमिरे, स्थानीय बुद्धिजीवी) । यो शक्तिपीठ भएको ठाउँ सिमपानीमा पर्दछ । कालिका मन्दिरको बोर्डमा लेखिएको विवरण निम्नानुसार छः

कोट कालिका मन्दिर

सिमपानी गाविस वार्ड नं. ७, पाम्चोक, लमजुङ

यस शक्तिपीठलाई कोटकालिका पनि भन्दछन् । दसैंमा पूजाआजा गरिने भएको हुँदा कोट भन्न थालिएको हो ।

४.१३.३. कपुरिश्वर महादेव

बेसीशहर बजारबाट थोरै पर मर्स्याङ्दी नदीको नजिकै कर्पुरेश्वर महादेवको मन्दिर छ । ती महादेवको नित्य पूजा हुन्छ । शिवरात्रिका दिन विशेष पूजा गर्नुका साथै जलधारा पनि दिइन्छ । हरेक वर्ष शिवरात्रिको अवसरमा मालपोत कार्यालय लमजुङबाट सरकारी रकम पनि उपलब्ध हुन्छ । त्यहाँका पुजारी स्थानीय घिमिरे ब्राह्मण छन् ।

४.१३.४ चन्द्रेश्वर महादेव

दुराडाँडाको च्यानपाटामा चन्द्रेश्वर महादेवको मन्दिर छ । त्यहाँ नियमित शिवजीको पूजा हुन्छ । शिवरात्रिको दिनमा विशेष पूजा गरिनुका साथै जलधारा समेत दिइन्छ । हरेक वर्ष शिवरात्रिको अवसरमा मालपोत कार्यालय लमजुङ बाट सरकारी रकम उपलब्ध हुन्छ । त्यहाँका पुजारी अधिकारी थरका ब्राह्मण छन् । राज्यको तर्फबाट विभिन्न शक्तिपीठहरूको स्थापना गरिएपछि जनस्तरबाट पनि शक्तिपीठहरू स्थापना गर्ने सिलसिलामा यो शक्तिपीठ स्थापना गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.१३.५. थान्सिङकोटकी मालिका

परापूर्वकालको कुरा हो । थान्सिङकोटका गुणनिधि तथा रमा कोइरालाकी एकमात्र सन्तान सातवर्षे छोरी मालिकालाई असार १५ का दिन आफ्नै घरमा छिमेकीको रेखदेखमा छोडेर उनीहरू काँडेपानी भन्ने ठाउँमा काम गर्न गए । त्यो ठाउँ हालको धुसेनीको फेदी कोइरालाफाँटमा पर्दछ । उनीहरू धान रोप्ने काममा व्यस्त थिए । मध्य दिनमा उनीहरूले आफ्नो घर नजिकै रातो डोली देखे । साँझमा घर आउँदा छोरी मालिकालाई देखेनन् । घरबाट हराएर अलिकति पर पहराको गुफामा देवीको रूप लिएर बसिन् भन्ने कुरा विभिन्न स्रोतबाट थाहा लाग्यो । त्यो ठाउँ भनेको थान्सिङकोटको पहाड हो ।

देवदूतहरूले डोली चढाएर लगेका हुन् भन्ने विश्वास गरिएको थियो । तिनै मालिकाका बाबुले आफ्नो सम्पूर्ण अचल सम्पत्ति तत्कालीन सरकारलाई बुझाए । सरकारले गुठीको व्यवस्था मिलाइदियो । कर्म चलेका (ब्रतबन्ध गरेका) कोइराला ब्राह्मणहरूले नियमित (प्रत्येक दिन) बिहान सोही गुफामा पूजा गर्ने र सोही गुठीको जग्गा कमाएर खाने परम्परा बसालिएको हो । सरकारी लालमोहरमा पनि सोही कुरा उल्लेख भएको छ । (स्रोत : मालिकादेवीका पुजारी ९२ वर्षीय होमनाथ कोइरालाका साथमा रहेको सरकारी कागजी प्रमाण) । त्यहाँ बाखाका पाठी र परेवाका बचरामात्र बलि दिने परम्परा छ । रजस्वला भए पछिका महिलालाई त्यहाँ जान र प्रसाद ग्रहण गर्न निषेध छ । रजस्वला नभएका कुमारीहरूलाई भने निषेध छैन । यो परम्परा नै त्यहाँको विशेषता हो ।

पर्यटकीय दृष्टिकोणले यो ठाउँ ज्यादै उपयुक्त छ । यस ठाउँमा प्रशस्त जडीबुटी पनि छन् । साथै विभिन्न रङ्गका गुराँस पनि पाइन्छन् । मालिकाको घडेरीको नाउँले परिचित हुँदै आएको गराको माझमा एउटा माटाको ढिस्को छ त्यसमा केही ढुङ्गा पनि मिसिएका छन् । मालिकाको जन्मघरको अवशेषको रूपमा रहेको त्यस ढिस्कोलाई स्थानीय व्यक्तिहरू सांस्कृतिक धरोहरका रूपमा मान्दछन् । मालिकाको घडेरी भनेर त्यसलाई खन्ने तथा खोस्रिने गर्दैनन् । वैवाहिक सम्बन्ध कायम गरी अन्यत्रबाट त्यस ठाउँमा आउने नवागन्तुक बुहारीहरूले पहिलो पटक चन्दन, अक्षेता, फूलपाती लिएर त्यस ढिस्कालाई दाहिने पारेर परिक्रमा गरी सोही ढिस्कामा चढाई नमस्कार गर्ने पुरानो परम्परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिलेसम्म पनि कायमै छ । यो शक्तिपीठ नेपालको इतिहासको माध्यमिककालीन सभ्यताको एक उदाहरण हो ।

थान्सिङ नाउँ रहनमा पनि केही न केही रहस्य त पक्का छ । जुन थान सिरमा छ त्यो "थानसिर" बहुब्रीहि समासबाट यो शब्दको जन्म भएको छ। सोही शब्द अपभ्रंश भएर थान्सिर हुँदै थान्सिङ बन्न गएको हो भन्ने कुरा स्थानीय जानकारहरू बताउँछन् । हुन पनि मालिकाको स्थान गाउँको शिरमा छ । थान्सिङतर्फ मालिका र नेटातर्फ गणेश भएका यी दुई शक्तिपीठका नाउँले गणेश मालिका नामक विद्यालय स्थापना गरिएको हो । त्यस शिक्षण संस्थाको स्तरोन्नति हुँदै गएर हाल "श्री गणेश मालिका माध्यमिक विद्यालय" को नाउँले प्रख्यात भई सञ्चालन भएको छ । त्यहाँ १० जोड २ सम्मको पढाइ हुन्छ ।

धेरै वर्ष अघि नेटाका कुलमानसिंह भण्डारीले त्यो शक्तिपीठ स्थापना गरेका हुन् । हाँडीखोलाको खेतको शिरानमा तिनै गणेशको नाउँमा खेत गुठी राखिएको र स्थानीय मणि चौतारो भन्ने ठाउँमा कुटी जमाई बसेका एक जना जोगीलाई सुरुमा पुजारी बनाइएको अभिलेख भेटिन्छ । अहिले त्यो पद्धति छैन । उनै भण्डारीका सन्तानले पूजा पनि गर्छन् र खेत पनि कमाइ गरेर खान्छन् । पूजाव्यवस्थापनको घेरा चाहिँ साँघुरो छ तर धेरै टाढा टाढादेखिका भक्तजनहरूले "नेटाका गणेश" भनेर आस्था राख्दै होमादि यज्ञ गर्दा सम्झेकै हुन्छन् ।

४.१३.६ ज्वालादेवी भागिरथी

कोइरालाफाँटको पश्चिमी पाखो, कुन्छाको वनमा ज्वालादेवी भागिरथी नामको एक शक्तिपीठ छ। भागिरथीको मन्दिर नाउँले यसलाई चिनिन्छ। मन्दिरको भित्रपट्टि एउटा कुण्ड छ । त्यस कुण्डको वरिपरि भित्तामा यदाकदा आगाको ज्वाला बले जस्तो झल्झलाकार स्वरूप देखिने भएको हुनाले ती देवीलाई ज्वालादेवी भनिएको हो। त्यसलाई मृतिकाज्वाला भन्दा अत्युक्ति नहोला । त्यहाँ गुठी र पुजारीको व्यवस्था भने छैन । नियमित पूजा हुँदैन तर आंशिक रूपमा भक्तजनहरू निकै आउँछन् । भाकल गर्ने भक्तजनहरूले आ-आफैं पूजा गर्छन् ।

बाख्राका पाठापाठी, परेवाका बचरा र कुखुरा बलि दिने परम्परा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ पञ्चबलि दिने भक्तहरूको पनि निकै भीड हुन्छ। पञ्चबलि भनेको कुनै किसिमको भाकल पूरा गर्नका निम्ति देव-देवीलाई दिइने पाँच जातका पशुपक्षीहरूको बलि हो। सामान्यतय प्रयोगमा ल्याइने गरेका पञ्चबलिका वस्तुहरू यी हुन्: बोको, कुभिन्डो, राँगो, भेडाको पाठो र हाँसको फुल। कसैले भेडाको पाठाको सट्टा कुखुराको प्रयोग गरेको पनि पाइएको छ भने कसैले सोही ठाउँमा एकजोर परेवाका बचरा प्रयोगमा ल्याएको पनि पाइएको छ। त्यहाँ पूजा गरेर अर्पण गरिने वस्तुहरूमा राँगो र कुखुरो मौलामा काटेर बाहिरपट्टि भैरवको स्थानमा टाउका चढाइन्छ भने बोका र परेवा पनि मौलामा नै काटेर टाउका देवीको मन्दिरभित्र चढाउने परम्परा छ। हाँसको फुल र कुभिन्डो मन्दिर भित्र नै चढाउने परम्परा छ। भैरव भनेको देवीको वाहन हो। चैत्रवैशाखको खडेरीमा र श्रावणभाद्रको वर्षादमा पनि देवीमन्दिरभित्रको कुण्डका मूलको पानी एकै सतहमा मात्र रहिरहन्छ। न त सुक्छ न त भरिएर बाहिर जान्छ। यो कुरा त्यहाँको विशेषता नै हो। त्यस कुण्डबाट जति पानी झिकेर बाहिर लगे पनि कुण्ड रित्तिदैन। यो त्यहाँको अर्को विशेषता हो। यो मन्दिर धुसेनी र कुन्छाको सीमारेखामा पर्दछ। राजनीतिक रेखाङ्कन अनुसार यो मन्दिर कुन्छातर्फ पर्दछ भने भौगोलिक बनोट अनुसार धुसेनीतर्फ पर्दछ। धुसेनीबासीहरू पनि यो शक्तिपीठ हाम्रो हो भनी प्रगाढ ममता देखाउँछन्। त्यहाँबाट खसेको पानीको छाँगो धुसेनीतर्फ पर्दछ। यिनै देवीका नाउँले देवीमन्दिर भन्दा माथिको भन्ज्याङलाई भागिरथीभन्ज्याङ नामकरण गरिएको हो। देवीमन्दिर परिसरबाट झरेको पानी भागिरथी खोलाको नाउँले अघि बढेको छ। त्यो खोलो धुसेनी अन्तर्गतको कोइरालाफाँटबाट बग्ने पाउँदीखोलामा गएर मिसिन्छ। जनस्तरबाट स्थापित यस शक्तिपीठको नाउँमा कुनै किसिमको गुठी छैन। यो शक्तिपीठ नेपालको इतिहासको माध्यमिककालीन सभ्यताको एक उदाहरण हो।

नेपाली साहित्यका मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाले "आफ्नो कथा" भन्ने पुस्तकमा आफ्नो पुर्ख्यौली स्थलको बेसी कोइरालाफाँटलाई सम्झँदा यो शक्तिपीठका बारेमा पनि उल्लेख गरेका छन्। परापूर्व कालमा कोइरालाफाँट भन्दा उत्तर पश्चिमतर्फ पर्ने कर्तपुर भन्ने ठाउँमा मौद्गल्य नामका एक ऋषि आएर तपस्या गरेका थिए। उनले कोइरालो नाउँ गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वनस्पतिको रूख मुनि एउटा कुटी बनाएका थिए । उनी त्यसै कुटीमा बस्तथे । कोइरालाको रूखमुनि बस्ने बाजे भन्दा भन्दै छिमेकीले उनलाई कोइराला बाजे भन्न थाले । त्यसपछिका उनका सन्तानलाई कोइराला भन्न थाले । तिनीहरू तल फाँटमा गएर बस्न थाले । कोइरालाहरू आएर बसेको फाँट भएर नै कोइरालाफाँट भनिएको हो (स्रोतः कृष्णप्रसाद कोइराला, स्थानीय बुद्धिजीवी एवं समाजसेवी) । कथाकार विश्वेश्वर प्रसाद कोइरालाको आफ्नै कथा नामक पुस्तकमा पनि यी कुराको झलक पाइन्छ ।

४.१३.७ धुसेनीको बौद्धगुम्बा

मध्यनेपाल न.पा.वडा नं. १० र सुन्दरबजार न.पा.वडा नं.१० मा पर्ने कानेस्वाँरा डाँडामा २०७३। ०७४ मा एक बौद्धगुम्बा निर्माण गरिएको छ । नेटा निबासी समाजसेवी तुलबहादुर दुराको अगुवाइमाउक्त गुम्बा निर्माण गरिएको हो । त्यसलाई बौद्धदर्शन अध्ययन केन्द्रका रूपमा विस्तार गर्ने भावी योजना रहेको छ ।

४.१३.८ रायपाली कालिका

पृथ्वीनारायण शाहले मुलुकको एकीकरण गर्ने अभियान चलाए । वि.सं. १८३१ मा उनको स्वर्गारोहण भएपछि पनि त्यो अभियान जारी नै रह्यो । बहादुर शाह र राजेन्द्र लक्ष्मीको संयुक्त प्रयासमा राज्यविस्तारको अभियानले निरन्तरता पायो । वि.सं. १८३९ मा तत्कालीन लमजुङ राज्य विशाल नेपालमा समाहित भयो । गोरखा राज्यको महत्त्व बढ्दै आयो । साथै शक्तिपीठ गोरखा कालिकाको पनि महत्त्व बढ्दै आयो । गुरु गोरखनाथको महत्त्व पनि बढ्दै आयो । त्यसै प्रभावले गर्दा जिताको राईपालीमा गोरखाकालिका र गोरखनाथको प्रतीकको रूपमा दुई शक्तिपीठ स्थापना गर्ने सल्लाह भयो । स्थानीय बासिन्दाहरू त्यसबारेमा एकजुट भए । सबैको राय एक भयो । सोही रायको पालन गरी गाउँको शिरमा एक पहाडी थुम्कामा दुई शक्तिपीठ स्थापना गर्ने कार्य भयो । जनस्तरबाट स्थापना गरिएका शक्तिपीठ भएका हुँदा दशैँको पूजाका लागि सरकारी रैरकम आउँदैन । स्थानीय बासिन्दाहरूले सामूहिक रूपमा पूजा गर्ने परम्परा छ । बडादशैँ र चैतेदशैँको अष्टमीमा सामूहिक रूपमा कालिकाको पूजा गरेर एउटा बोको बलि दिने चलन छ । गोरखनाथको पूजा गरेर रोठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चढाइन्छ । नजिकै भैरवको स्थान पनि छ । कालिका र गोरखनाथको पूजा गरिसकेपछि भैरवको पूजा गरिन्छ । भैरवलाई कुखुराको वलि दिने परम्परा छ । भाकल पूजा गर्न आउने भक्तजनहरू अरू समयमा पनि आउँछन् । टाढा टाढाबाट भक्तजनहरू पूजा गर्न भनी आउँछन् । २०७२ सालको महाभूकम्पले कालिका र गोरखनाथ मन्दिरका भित्ता नराम्रोसँग चिरा फाटे । तिनलाई भत्काएर त्यहाँ पुनः दुईवटा नयाँ मन्दिर निर्माण गराइएका छन् । पूजा गर्ने परम्परा कायमै छ । त्यहाँका कर्ता स्थानीय पराजुली थापाहरू छन् । गुरुपुरोहित चाहिँ कालिकातर्फका घिमिरे ब्राह्मण छन् भने गोरखनाथ तर्फका रेग्मी ब्राह्मण छन् । ती दुई शक्तिपीठ स्थापना गर्दा स्थानीय बासिन्दाहरूको राय एक भई सो कार्यलाई पालन गरेका हुनाले त्यस ठाउँलाई राईपालीबाट रायपाली भन्न थालिएको कुरा पनि स्थानीय बासिन्दाहरू बताउँछन् । त्यतिमात्र नभई अन्य कार्यहरूमा पनि उनीहरूको राय एक हुँदै आएका अभिलेख छन् ।

नोटः यो सेरोफेरोमा अन्य धेरै शक्तिपीठहरू छन् । तीमध्ये केहीको छोटो चिनारी यसप्रकार छः

क. दुग्धेश्वर महादेवः जिताबेसीमा अवस्थित यो शक्तिपीठ वि.सं. १८२५ मा स्थापना गरिएको हो । त्यस अघि रिस्तीखोलामा प्राप्त सोही शिवलिङ्गको बारेमा जानकारी पाउनु अध्ययनको विषय बनेको छ । यो निकै पुरानो शिवलिङ्ग हो । हरेक वर्ष महाशिवरात्रिका दिन पूजाआजा गरी जलधारा दिइन्छ । रातभर जाग्राम बसिन्छ । त्यहाँका कर्ता पुजारी स्थानीय पौडेल ब्राह्मण छन् भने गुरुपुरोहित चाहिँ स्थानीय घिमिरे ब्राह्मण छन् ।

ख. जाल्पादेवीः यो शक्तिपीठ तान्द्राङको रातमाटा भन्ने ठाउँको जङ्गलमा छ । राज्यको तर्फबाट तान्द्राङकोटका नागभैरवरूपी शक्तिपीठ स्थापना पश्चात् दुनियाँदारको तर्फबाट यी देवी स्थापना गरी पूजा व्यवस्थापन गर्ने गरेको अभिलेख भेटिन्छ । हरेक वर्ष वैशाख, श्रावण र मंसिर महिनामा यी देवीको पूजा गरिन्छ । बाखाका पाठी र परेवाका बचरा भोग दिने परम्परा छ । श्रावण महिनामा पनि पूजा गरिने भएको हुँदा यी देवीलाई साउनेदेवी पनि भन्दछन् । स्थानीय गुरूङ पुजारी छन् ।

ग. शिशाघाटका महादेवः मध्यनेपाल नगरपालिका वडा नं. ४ रम्घामा शिशाघाट भन्ने बहुप्रचलित ठाउँ छ । हरेक वर्ष हरिवोधनी एकादशीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन त्यहाँ मेला लाग्दछ । टाढा टाढाबाट भक्तजनहरू मेला भर्न आउँछन् । मादी नदीमा स्नान गर्ने भक्तजनहरूको निकै भीड लाग्दछ । गङ्गाजीमा फूल तार्ने र बगाउनेको उत्तिकै भीड लाग्दछ । त्यस दिन त्यहाँ ठूलो बजार लाग्दछ । त्यसै ठाउँमा महादेवरूपी एक शक्तिपीठ छ । हरेक वर्ष महाशिवरात्रिका दिन तिनै महादेवको पूजाआजा गरी जलधारा दिने परम्परा छ । भक्तजनहरू रातमा बत्ती बालेर जाग्राम पनि बस्दछन् । त्यहाँको पूजा व्यवस्थापन समितिले पूजाको व्यवस्था मिलाउँछ ।

४.१३.८ राक्से कालिका

जिताको चिन्डे गाउँको थुम्कामा राक्से कालिका नामक एक शक्तिपीठ छ । राक्से भन्ने ठाउँमा स्थापना गरिको हुनाले यसलाई राक्से कालिका भनिएक ो हो । बगाले थापाहरू गोरखाबाट लमजुङको जितामा आएर बसोबास गर्न थालेपछि इष्टदेवी कालिका स्थापना गरेका हुन् । उनको वंशावली अनुसार वि.सं.१८१५ मा यो शक्तिपीठ स्थापना गरेको देखिन्छ । पुरानो मन्दिर जीर्ण अवस्थामा पुगेको हुँदा स्थानीय समाजसेवी बलविक्रम थापा (ध्रुव) र निजकी धर्मपत्नी निरा थापाले २०७३ सालमा ठूलो धनराशि लगानी गरी मन्दिर जीर्णोद्धार गरी पूजा व्यवस्थापन समेत मिलाएका छन् । । बडादशैँ र चैतेदशैँमा स्थानीय बगाले थापाहरूले यी देवीको पूजा गर्दछन् । बगाले थापा कर्ता हुने र स्थानीय घिमिरे ब्राह्मण गुरुपुरोहित हुने परम्परा छ । हाल चितवनको बसोबास भएर पनि जितामा यति महत्त्वपूर्ण काम गरेको हुनाले बलविक्रम थापा (ध्रुव)ले मातृभूमिको मूल्य चुकाएका छन् । साथै मन्दिरका सम्पूर्ण कार्यमा स्थानीय भक्तजनहरूले पनि धेरै पसिना भिजाएका छन् । हाल भरतपुर चितवनमा बसोबास भएका समाजसेवी बलविक्रम थापाको मातृभूमितर्फको मोहबाट प्रेरणा पाएर स्थानीय अन्य समाजसेवीहरूले पनि मन्दिरमा प्रवेश गर्ने गेट, गोरखनाथ गुफा र मूर्ति, कालिकाको शाखा मन्दिर, पाटी निर्माण गराएका छन् । स्थानीय जिताली युवा क्लबले मन्दिर परिसरमा एउटा विश्रामस्थल निर्माण गरेको छ । यस कायक्रमलाई प्रोत्साहन दिँदै मध्यनेपाल नगरपालिकाले सोही ठाउँमा एउटा राम्रो पाटी निर्माण गरेको छ ।

४.१३.१० करडे खोलाका लक्ष्मीनारायण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दर बजारको करङे खोलाका लक्ष्मीनारायण रूपी शक्तिपीठ वि.सं.१७०० मा ठाँटी चौरका बासिन्दाले स्थापना गरेका हुन्। अधिकारी ब्राह्मण त्यहाँका पूजारी छन्। त्यहाँ बिहान नित्य पूजा हुन्छ र साँझमा आरती गरिन्छ।

४.१४ राज्य र रजाइँ :

यशोब्रह्म शाहपट्टि वसन्तावतीका तीन भाइ छोरा जन्मे। बाबुका शेषपछि जेठा नरहरि शाह लमजुङ राज्यका राजा भए। माहिला नरपति शाहले उत्तरी लमजुङ पुस्तुनको रजाइँ पाए। कान्छा छोरा द्रव्य शाह आफ्नी आमाको खटन अनुसार राईनासको मोहोडाको कार्यभार सम्हालेर बसे। उनले त्यहीँ रजाइँ गरे। प्रताप शाहले दोर्दीपारि युलुङको रजाइँ पाएको कुरा माथिनै उल्लेख भएको छ। त्यो बेला लमजुङ राज्यमा घिमिरे र दुरा शक्तिशाली रहेछन् भन्ने कुरा बुझिन्छ। तत्कालीन तत्कालीन शासकका विरुद्ध जनताले विकल्पको बाटो खोजेको कुरा पनि स्पष्ट हुन आउँछ। केसर पुस्तकालयबाट प्राप्त "घिमिरेवंश वर्णन" शीर्षकको पत्रमा उल्लेख भए अनुसार लमजुङ राज्यको श्री ३ जस्तो गरिमामय उपाधि पाएका कुश्माखर घिमिरे आफैं राजा हुन पनि सक्थे। त्यसो नगरे पनि भारदारिया प्रमुख खजे दुरालाई राजा थापेर आफू राजगुरु बनी उचित सल्लाह दिँदै बस्न पनि सक्थे। त्यो पनि नगरी कुश्माखर घिमिरे मूल दरबारमा बसेर राज्य हाँक्ने र खजे दुरालाई कुनै एउटा क्षेत्रको रजाइँ दिन पनि सक्थे। यी तीन वटै कुरामा जनताको विमती हुँदैनथ्यो। त्यो शक्ति आफूहरूमा छँदाछँदै कास्कीका राजा कुलमण्डन शाहका साहिँला छोरा यशोब्रह्म शाहलाई लमजुङ ल्याएर राजा थाप्ने काम गरेबाट उनीहरूको महानता झल्किन्छ। उनीहरूको उदारता झल्किन्छ। राज्यप्रतिको त्याग, तपस्या र समर्पण देखिन्छ। उनीहरू पदलुलुप्त थिएनन् भन्ने कुरा पनि यसैबाट स्पष्ट हुन्छ। आफूहरूले हैकमवादी नीति अवलम्बन नगरी जनइच्छा पूर्ति गर्न, लमजुङबासीको ज्यूधनको सुरक्षा गर्न, अस्तित्व जोगाउन, राज्यलाई सुरक्षित गराई यसको शिर माथि उठाउनु र यसको गौरवमय इतिहास लेखाउने उद्देश्यले जनइच्छा पूर्ति गर्नका लागि उनीहरूले लमजुङमा प्रजातान्त्रिक अभ्यासको पहिलो प्रयोग गरेका थिए। यसरी प्रजातन्त्रको उद्घोष गराउनमा लमजुङ नेपालमै पहिलो पङ्क्तिमा पर्दछ। ब्राह्मण जातिको व्यक्ति राजा नबन्ने तर राजगुरु बनेर राज्यभित्र उचित सल्लाह दिन हुने भन्ने नीतिको भनाइलाई कुश्माखर घिमिरेले अवलम्बन गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ (स्रोतः लमजुङे बाघ)। यसबाट त्यति बेला नै लमजुङमा प्रजातन्त्रको प्रयोग गरेको कुरा बुझिन्छ।

पुर्खाहरूले लमजुङको माध्यमबाट विशाल नेपाललाई नै मार्ग दर्शन दिने खालका महत्त्वपूर्ण काम गरेका थिए। आजको पुस्ताले उनीहरूको उचित मूल्याङ्कन गर्नु पर्दछ। उनीहरूको गुनको पैँचो तिर्नका लागि, उनीहरूको बौद्धिक, उदारवादी र दूरदर्शी कार्यको मूल्य चुकाउनका लागि राज्य र नागरिक समाज दुवैको तर्फबाट पहल गर्नु पर्दछ। राज्यको तर्फबाट सर्वप्रथम हत्या गरिएका नारायण दुराको समेत उचित मूल्याङ्कन हुनुपर्दछ। त्यसका लागि गर्नुपर्ने कार्य निम्नानुसार छन् -

१. राजगुरु श्री ३ कुश्माखर घिमिरेलाई राष्ट्रिय विभूति घोषण गर्नु पर्ने।
२. भारदारिया प्रमुख श्री खजे दुरालाई राष्ट्रिय विभूति घोषणा गर्नु पर्ने।
३. सबैभन्दा पहिले राज्यको तर्फबाट हत्या गरिएको दुनियादारको छोरो श्री नारायण दुरालाई नेपालकै पहिलो सहिद घोषणा गर्नुपर्ने।
४. बेसीशहरदेखि पुस्तुन बाहुनडाँडासम्म पुऱ्याइएको सडकलाई "कुश्माखर घिमिरे लोकमार्ग" नामकरण गर्नुपर्ने।
५. बेसीशहरदेखि बाग्लुङपानी हुँदै घनपोखरा तथा भुजुङ पुऱ्याइएको सडकलाई "नारायण दुरा" लोकमार्ग नामकरण गर्नु पर्ने।
६. खत्रीठाँटीबाट कोइरालाफाँट निस्कने सडकको सत्रसय वनपालेको घुम्तीदेखि च्यानपाटा हुँदै सिँदुरे छिचलेको सडकलाई "खजे दुरा लोकमार्ग" नामकरण गर्नुपर्ने।
७. हाँडीखोलाको नास्के, बर्धान हुँदै भोर्लेटार निस्कने सडकलाई देउबहादुर दुरा लोकमार्ग नामकरण गर्नुपर्ने।
८. देउबहादुर दुराको सम्मानमा दुराडाँडाको सेरोफेरोमा एउटा सालिक बनाउनु पर्ने।

४.१५ पुरानोकोटको धर्मसभा

पुरानोकोटको उपल्लो दरबारमा राज्याधिकारी, धर्माधिकारी, भारदार, शेषान्त भाइ र खसान्त भाइ सबै मिलेर भारदारिया बैठक बसी गरेको निर्णयको दस्तावेजमा निम्न कुराहरू लेखिएका थिए : (तागाधारी वर्गमा चाकचकुईको व्यवहार भएमा त्यस्ता व्यक्तिको जनै झिकिदिने र उसलाई जाँड खुवाइदिने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारपाटे मुडेर दामल गरिदिने र नमासिने मदवालीमा सामेल गराइदिने। गुरुङ र मगरमा चाकचकुईको व्यवहार भएमा त्यस्ता व्यक्तिलाई मासिने मदवालीमा सामेल गराइदिने। मासिने मदवालीमा चाकचकुईको व्यवहार भएमा त्यस्ता व्यक्तिलाई दासदासीमा सामेल गराइदिने। जिया (जात) नमास्ने। मासिने जातले बिराम गरेमा त्यस्ता व्यक्तिलाई दासदासी बनाउने। चाकचकुई भनेका हाडनातामा करणी गर्ने क्रमशः छोरोमान्छे र छोरीमान्छे हुन्। तागाधारी भनेको जनै लगाउने जाति हो। नमासिने मदवाली भनेका गुरुङ र मगर हुन्। मासिने मदवाली भनेका तामाङ र भुजेल हुन्। दामल गर्ने भनेको साबिकको जातबाट पतित गराउने हो। (स्रोतः गुरुङ.....)

४.१६ लमजुङ दरबारको नीतिसभा

तत्कालीन राजा यशोब्रह्म शाह, धर्मगुरु कुश्माखर घिमिरे, भारदारिया प्रमुख खजे दुरा, शेषान्तभाइ र खसान्त भाइ जुटेर लमजुङ दरबारमा बसी नीतिगत कुराहरूलाई समेटेर एउटा सभा गरेका थिए। त्यसैलाई "लमजुङ दरबारको नीतिसभा" भनिन्छ। त्यस सभाले निर्णय गरेका कुराहरू निम्नानुसार छन्:

१. उर्बर भूमिमा खेती गर्ने र रूखो काकड जग्गा गौचरन बनाउने।
२. कसैले आफ्नो जग्गा गौचरन बनाउन चाहन्छ भने त्यस जग्गामा जल, अर्घ्य, चन्दन, अक्षता र फूलपाती चढाई भूमिदेवताको पूजा गर्ने र अब आयन्दा यस जग्गामा मैले खेती गर्ने छैन भनी भूमिमातासँग प्रतिज्ञा गरी नुन छर्ने। सम्भव भए अभिलेखका लागि शिलालेख खडा गर्ने।
३. गौचरन भनेर निर्धारण गरिएको जग्गामा पोखरी तथा ठाँटी बनाउने जहाँ चराइएका वस्तुभाउले पानी पिउन पाऊन्। यात्रुहरू रातीमा सुरक्षासाथ बास बस्न पाऊन्।
५. एक बस्तीदेखि अर्को बस्तीसम्मको सन्धिसर्पन कसैले मिच्न नमिल्ने।
६. सालको दुई पटक कार्तिकमा र चैत्रमा सरकारी झारामा जानुपर्ने।

(झारा भनेको सरकारले तोकेको ठाउँमा सामाजिक सेवा पुऱ्याउने काम हो। सार्वजनिक क्षेत्रमा श्रमदान गर्नु हो। उदाहरणः बाटो घाटो, पँधेरो निर्माण, मर्मत आदि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. आशौचमा तागाधारी वर्गले कपाल, जुँगा, दाह्री, काटेर जनै फेर्नु पर्ने र गैर तागाधारी वर्गले कपाल, जुँगा, दाह्री आँखीभूइँ र जैरे काट्नु पर्ने ।

८. लमजुङ दरबार वरिपरि सूचना प्रवाह गर्नु पर्दा प्रमुख सूचनावाहक (मूल कटुवाल) ले दरबारको पटाङ्गिनीबाट कराउनु पर्ने र अन्यत्र सूचना प्रवाह गर्नु पर्दा उप सूचनावाहक (शाखा कटुवाल) ले थुम थुमबाट सूचना प्रवाह गर्नु पर्ने ।

९. सूचना प्रवाह गर्न दमाई जातिलाई जिम्मा दिने र त्यसरी सूचना प्रवाह गर्ने व्यक्तिलाई कटुवाल भनी मानबोधक शब्दले संबोध गर्नु पर्ने ।

१०. खेतको तिरोभरो उठाउने व्यक्तिलाई जिम्मुवाल भन्ने र पाखाको तिरोभरो उठाउने व्यक्तिलाई मुखिया भनी सम्बोधन गर्ने । खेत र पाखो दुबैको तिरोभरो उठाउने व्यक्तिलाई जि.मु. भन्ने ।

११. मिरउमराउले शाखा उमराउहरूलाई अऱ्होट पऱ्होट गर्ने । साथै रैती दुनियाँको खेतबारीको तिरोभरो उठाउन आवश्यक परेमा पानी मुखिया नियुक्त गर्न सक्ने ।

१२. कोटको उमराउले जग्गाको तिरोभरो उठाउन पानी मुखियालाई खटाउने ।

१३. सार्वजनिक स्थलमा चौतारा निर्माण गर्ने , चौतारामा वरपिपल सारेर हुर्काउने, वैशाख महिनामा तिनै चौतारामा पानी पिलाउने धर्मशाला राख्ने, जसका कारण बटुवाले पानी पिउन पाऊन् ।

१४. बडादशैंको प्रतिपदादेखि नवमीसम्म दरबारको पटाङ्गिनीमा एउटा नगरा र एउटा नरसिङ्गा बजाउने तथा दुबै दशैंको अष्टमीका दिनमा सोही ठाउँमा पञ्चेबाजा (सनही, ढलकी, नरसिङ्गा, झ्याली र टयाम्को) बजाउने । त्यसको जिम्मा पटाङ्गिनीको सूचनावाहकलाई दिने ।

१५. बडादशैंको घटस्थापनादेखि नवमीसम्म दरबार वरिपरिको बस्तीमा समेत नगरा बजाउन लगाउने । त्यसको व्यवस्था मिलाउन पटाङ्गिनीको सूचनावाहकलाई जिम्मा दिने ।

१६. विभिन्न ठाउँमा चण्डी र देउराली स्थापना गर्ने ।

१७. खनखवास र घरियाकरिया केटाकेटी समेतको बसोबास भएका ठाउँको संरक्षण गर्ने ।

२०. केटाकेटी समेत अमालीको लाग्ने रकम झारा बेठ बेगार हुलाक खजन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फागुको ओलक सेर्मा सिसहर माफ गर्ने ।

२१. कार्तिक र चैत्रमा रखबारका लागि रातीमा फेरी लगाई हिंड्ने साधुलाई ऐयार कार्यको जिम्मा पनि दिने ।

२२. कालिका पूजा गर्दा तान्त्रिक विधिअनुसार पूजा गरिन्छ भने केबल आराधना गर्ने । चन्दन, अक्षता, अर्घ्य देवीका अङ्गमा नपार्ने, नजिकै चढाउने मात्र । फूलपाती चाहिँ देवीका पाउमा चढाउने । पूजा सकेपछि सोही फूल र अन्य सामग्री भक्तजनहरूले आ-आफ्ना निधारमा लगाउने । यदि वैदिक विधिअनुसार पूजा गरिन्छ भने देवीलाई जल, अर्घ्य, चन्दन, अक्षता र फूल चढाइसकेपछि मौलोमा भोग दिएर देवीको अङ्ग पूर्ण रूपले सफा गर्नु पर्ने ।

२३. देवीको पूजा गर्दा मौलाको नजिकै लहरै खुँडा, खुकुरी, तरबार राखेर अनिवार्य रूपमा मौलो र हतियारको पनि पूजा गर्नु पर्ने । पूजा गरिसकेपछि मौलोमा भोग दिनु पर्ने । मौलौ र ती हतियारहरू रगताम्य बनाउने तर देवीको शरीरमा रगत नपार्ने ।

२४. विजयादशमीका दिन दिउसो लमजुङ दरबारको पटाङ्गिनीमा सराय नाच प्रदर्शन गर्ने ।

२५. वनमा गएर खरायो,मृग जस्ता जङ्गली जन्तु मारेर तिनको छालाबाट सरकारी रकम ओसार पसार गर्ने,तोडाचर्सा बनाउने जिम्मा पाएको ठेकेदारले सालको एकचोटि राज्यमा बनकस बुझाउनु पर्ने ।

२६. राज्यको सीमासुरक्षाका लागि तथा राज्यविस्तारका लागि लडाइँ गरेर बन्धुबान्धवबीचमा हत्याहिंसा हुन गएमा राज्यको स्थिति साम्य भएपछि उत्तम तीर्थस्थलमा गएर त्यसको प्रायश्चित गरी पण्डाहरूसँग आषीर्वाद लिएर आफ्नो गोत्र परिवर्तन गर्न सक्न्या ।

२७. लमजुङ कालिकाका मौलाका धनी घिमिऱ्या र तुर्लुङ कालिकाका पुजारी अधिकारी बीच वैवाहिक सम्बन्ध कायम हुन सक्न्या (स्रोतः तषतहरण ठेली) ।

२८. लमजुङ दरबारको पटांगिनीमा उभिएर सबैभन्दा पहिले नगरा बजाएर सूचना प्रवाह गर्ने भीमसेन परियारलाई नगर्चीको उपाधि दिई भीमसेन नगर्ची भनी मानबोधक शब्द प्रयोग गरी कोटको समेत सुरक्षाको जिम्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिने। जसबाट अर्को मानबोधक शब्द कटुवाल भनी सम्बोधन गर्ने।

४.१७ कोटको महत्वः

प्राचीन कालमा राज्यको सीमा सुरक्षाको व्यवस्था गर्ने ठाउँलाई कोट नामकरण गरिएको हो। यसको अर्थ किल्ला, दुर्ग, गढी जुनसुकै पनि हुन्छ। मौलो पुज्ने घरलाई कोटघर भनिन्छ। दशैँमा यसको विशेष महत्त्व हुन्छ। यो एउटा पाटो हो। अर्को पाटो कोट भनेको प्राचीन कालको सम्बन्धित क्षेत्रको शासन चलाउने ठाउँ पनि हो। कोटमा काम गर्ने मुख्य व्यक्तिलाई कोटाली भन्दछन्। उदाहरणका लागि लमजुङको जितामा कोटाली नेवारका सन्तान भनेर अहिले पनि चिनिन्छन्।

४.१८ कोटलाई दिइएको जिम्मा

लमजुङ राज्यमा सामन्त राज्ययवस्था हुँदा राजालाई राज्याधिकारी र राजगुरुलाई धर्माधिकारी भनिन्थ्यो। बडादशैँको अवसरमा मौलो पूजा गर्दा धर्माधिकारी गुरुज्यूले मन्त्र पढ्ने र राज्याधिकारी राजाले पानी समात्ने गर्दथे। त्यो बेला सम्पूर्ण सरसल्लाह तथा निर्णयहरू कोटबाट नै गरिन्थ्यो। त्यति बेला दरबार भनिँदैनथ्यो। पछि आएर कोटलाई दरबार भन्न थालिएको हो। मूलकोट या मूलदरबार भएको ठाउँमा राज्याधिकारी र धर्माधिकारी रहन्थे भने अन्य कोटहरूमा प्रतिनिधिहरू रहने व्यवस्था थियो। राज्याधिकारीको प्रतिनिधिलाई उमराउ भनिन्थ्यो। उमराउहरू धेरै भएमा मिरउमराउले पानी समात्ने र राजगुरुका प्रतिनिधि ब्राह्मणले मन्त्र पढ्ने परम्पराको थालनी भयो। क्षेत्री, गुरुङ, दुरा, मगर, उमरा हुन्थे भने ब्राह्मणहरू गुरुज्यू हुन्थे। कोटको मौलाको वरिपरि भएको जग्गा उमराउले भोग चलन गर्थे। पछि त्यो पदवी मुखियामा परिणत भयो। मिरउमराउलाई महामुखिया भन्न थालियो। विभिन्न कोटमा मुखियालाई पूजा गर्ने जिम्मा दिइयो। यसको ज्वलन्त उदाहरण पुरानोकोटको पुजारी कर्ता गुरुङ मुखिया छन् भने गुरुपुरोहित घिमिरे ब्राह्मण छन्। तुर्लुङकोटको गुरुपुरोहित अधिकारी थरका ब्राह्म्मण छन् भने पुजारी कर्ता दुरा छन्। तुर्लुङकोटको सवैभन्दा पहिलो उमराउ रामदल दुरा हुन् (स्रोतः केशबहादुर दुरा, स्थानीय बुद्धिजीवी तथा दुराभाषा र संस्कृतिका अन्वेषक, रामदल दुराका १८ औँ पुस्ताका सन्तति)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामदल दुराकै वंशमा पछि एक शक्तिशाली उमराउ थिए। उनको नाउँ कर्णबहादुर दुरा हो। उनी ७०० दुराडाँडाका जिम्मुवाल बनेका थिए। उनलाई सबैले काजीबा भन्दथे। उनले मुद्दमामिला हेर्ने गर्थे। गोरखा, बन्दीपुर, बुटवल, पाल्पा, नुवाकोट जस्ता धेरै ठाउँबाट उनले तालिम लिएका थिए। उनी सक्षम जिम्मुवालका रूपमा स्थापित भएका थिए। दुराडाँडा स्थित दुरागाउँका ६ वटा जिम्मुवाल थिए। १. तुर्लुङ, २. मकैस्वाँरा, ३. ठूलोस्वाँरा, ४. हाँडीखोला, ५. कानेस्वाँरा र ६. खजेगाउँमा एक एक मुखिया थिए। तुर्लुङकोटको मुखियालाई महामुखिया भनिन्थ्यो। अरू ठाउँका मुखियाहरू उनका मातहतमा रहन्थे। ती महामुखियाको नाउँ कर्णबहादुर दुरा थियो। उनी कर्ने जिम्मुवालका नाउँले परिचित थिए।

४.१९ विभिन्न गढीको अवधारणा

यशोब्रह्म शाहले पहिले लमजुङ राज्यको आन्तरिक सुरक्षाको व्यवस्था मिलाए। राज्य आन्तरिक कलहबाट मुक्त भएपछि उनी बाह्य सुरक्षातर्फ लागे। कुश्माखर घिमिरेले योजना बनाउने र खजे दुराले त्यसको कार्यान्वयन गर्ने गर्थे। यी दुईको अवधारणा अनुसार यशोब्रह्म शाहलाई पहिले राजा स्थापना गरेको ठाउँ तुर्लुङकोटमा पहिलो गढी निर्माण गरे। गढी निर्माण गर्नुको आशय सेनालाई त्यसै ठाउँमा तैनाथ गरराख्नु हो। गढीको भित्री भागमा सेना लुकेर बस्ने र बाहिरी भागबाट आएका शत्रुहरूलाई गोली हान्न मिल्ने गरी सुरक्षा व्यवस्था मिलाइएको हुन्थ्यो। बाहिरबाट शत्रु आए नआएको कुरा गढीका भित्तामा राखिएका प्वालबाट हेर्न मिल्दथ्यो। आफूलाई शत्रुले नदेख्ने तर आफूले शत्रुलाई देख्न सक्ने गरी बस्ने व्यवस्था मिलाइएको हुन्थ्यो।

तुर्लुङकोटको गढीको वरिपरि तीन वटा बङ्कर छन्। तिनमा आफू सुरक्षित भएर बस्ने र शत्रुलाई गोली हान्न मिलाइएका त्रिकोणात्मक प्वाल राखिएका छन् जुन अहिले पनि देख्न सकिन्छ। लमजुङको दक्षिण पश्चिम सीमाना समेटिने गरी जिताकोट तथा तान्द्राङकोटमा एक एक वटा गढी स्थापना गरियो। त्यहाँ सुरक्षाकर्मी खटाउने काम पनि भयो।

दक्षिणी भेगको सुरक्षाको लागि तार्कुकोट र बजारकोटमा पनि गढी स्थापना गरिएको थियो। त्यस्तै पूर्वी तनहुँ र पश्चिमी गोरखालाई समेटिने गरी लमजुङको पूर्वी भेगको सुरक्षा हुने गरी राईनासकोटमा अर्को गढी खडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएिको थियो । केन्द्रवर्तीको रूपमा तुर्लुङकोट र पुरानोकोट थिए । त्यहाँ एक एक वटा गढी स्थापना गरिएका थिए । पश्चिमोत्तर सुरक्षाको लागि याङ्जामा पनि कोट खडा गरिएको थियो । पश्चिम-दक्षिण सुरक्षाको लागि जिताकोट र तान्द्राङकोट गरिएका हुन् । यसरी सुरक्षाका दृष्टिले लमजुङ राज्य मजबुत मानिन्थ्यो । द्रव्य शाहका पालामा राईनासकोटको विशेष महत्त्व थियो । द्रव्य शाहले गोरखा राज्य हातलाइ गरेपछि त्यहाँबाट अर्को डाँडामा अड्डा सार्ने काम भयो । पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिर बाट केन्द्र पर्ने ठाउँमा अड्डा सारेर सुरक्षा व्यवस्था मजबुत बनाएको बुझिन्छ । अनि त्यो ठाउँ गाँडाको नाउँले परिचित हुँदै आएको छ । तल्लो राईनासकोट हो भने माथिल्लो राईनासगाँडा हो । पछि त्यसलाई गाँडा मात्र भन्न थालिएको हो । उत्तरतर्फ पुरानोकोट गढी बनाउने काम भयो ।

त्यस्तै पश्चिमतर्फ याङ्जाकोट खडा गरी गढी समेत स्थापना गरेर पश्चिमोत्तर भेगको सुरक्षा व्यवस्था मिलाइएको थियो । त्यतिबेला याङ्जाकोट लमजुङतर्फ थियो । यसरी चारैतिर बलियो सुरक्षा व्यवस्था मिलाएका रहेछन् भन्ने कुरा यसबाट बुझिन्छ । त्यसै गरी कूटनीतिज्ञ, शक्तिशाली बलवान् तथा सुरक्षाकर्मी परिचालनको ज्ञान भएका भारदारिया प्रमुख खजे दुराले सुरक्षाकर्मीलाई कस्तो खालको तालिम दिनु पर्छ र कसरी कहाँ कहाँ सुरक्षाकर्मी खटाउनु पर्छ त्यसको व्यवस्था मिलाउँथे । त्यसकारण लमजुङको इतिहासमा यी दुईको महत्त्वपूर्ण योगदान छ । ती सबै कोट तथा गढीकिल्लाहरू नेपालको इतिहासका माध्यमिक कालीन सभ्यताका पुरातात्कि धरोहर हुन् । साथै पर्यटकीय दृष्टिले ती गढीहरूको विशेष महत्त्व छ । त्यो समयमा आ-आफ्ना राज्यको सुरक्षाका लागि लमजुङमा मात्र होइन छिमेकी राज्यहरूमा पनि कोट खडा गरी गढीकिल्ला राख्ने गरेका धेरै उदाहरण छन् । जस्तो तनहुँमा मिर्लुङकोट, क्यामिनकोट छन् भने कास्कीमा कास्कीकोट, सराङकोट छन् । जिता र तान्द्राङको बीचमा एउटा खोलो छ । त्यस खोलालाई तामाखानी खोलो भनिन्छ । त्यस ठाउँ गाउँलाई पनि तामाखानी नै भनिन्छ । अघि त्यहाँ तामाको खानी थियो । पहराबाट तामाका टुक्रा (कच्चा पदार्थ) झिकेर ल्याइन्थ्यो । गोरुका छालाको खलाँती बनाएर सालका कोइलामा आगो सल्काएर ती कच्चा पदार्थलाई आगामा तताएर प्रशोधन गरी (पक्की बनाई) टक (सिक्का, मुद्रा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काटिन्थ्यो (स्रोत : शेरबहादुर विश्वर्मा, स्थानीय बयोबृद्ध)। निर्मित मुद्रालाई निजिकै अर्को ठाउँमा लगेर सुरक्षा साथ राखिन्थ्यो। खानी भएको पहरोलाई तामाखानी, मुद्रा काट्ने (छाप्ने) ठाउँलाई टकशाला (टकसाल) मुद्रा तौलने ठाउँलाई सेरा र तयारी मुद्रा भण्डारन गर्ने (राख्ने) ठाउँलाई काभ्रेठाना भनिदै आएको कुरा सत्य तथ्य हो (स्रोत : लेखनाथ अधिकारी , स्थानीय बुद्धिजीवी एवं राजनीतिज्ञ)। त्यहाँको सेरा भन्ने ठाउँ सरकारबाट उपलब्ध भएको जग्गा हो। टक्शाला, टक्शाल शब्द अपभ्रंश भएर आजकाल टक्सार नाउँले प्रसिद्ध छ। हाल सो क्षेत्र (टक्सार, काभ्रेठाना र सेरा) तान्द्राङ टक्सार भित्र पर्दछन्। तामाखानी चाहिं जिता र तान्द्राङ टक्सारको सीमानामा पर्दछ। जिताकोटमा रहेको सुरक्षाकर्मीको टुकुडीले काभ्रेठानामा गोदाम गरी राखेको रकम लमजुङ दरबारमा लैजाने काम गर्दथ्यो।

तान्द्राङकोट, जिताकोट र कुन्छाको गढी नजिकै र लगभग एकै लहरमा देखिन्छन्। पर्यटकीय दृष्टिकोणले तिनीहरूको विशेष महत्त्व छ। पहाडको उचाइ बढी भएको हुनाले तान्द्राङकोट र जिताकोटबाट धेरै टाढा टाढासम्म देख्न सकिन्छ। पुरानोकोट, तुर्लुङकोट, थान्सिङकोट, तार्कुकोट, मोहरियाकोट, याङ्जाकोट र फल्याङकोट यी सबैकोटहरूबाट पनि धेरै टाढासम्म देख्न सकिन्छ। यी सम्पूर्ण कोटहरू नेपालका ऐतिहासिक एवं पुरातात्तिक धरोहर हुन्। पर्यटकीय दृष्टिले यिनीहरूको विशेष महत्त्व छ। माथि उल्लेख गरिएका कोटहरू मध्ये पुरानोकोट सबैभन्दा जेठो हो भने थान्सिङकोट सबैभन्दा कान्छो हो। बाङ्ग्रे, खलकछाप स्थित राजराजेश्वरीको मन्दिरमा प्राप्त कागजपत्र र मालपोत कार्यालय लमजुङमा भएको ढड्डा भिडाएर हेर्दा सो कुरा स्पष्ट नै छ।

माथि याङ्जाकोटको प्रसङ्ग उठाइएको छ। त्यसबारेमा थोरै कुरा अघि सार्दा उपयुक्त नै हुनेछ। पहिले लमजुङतर्फ भएका छ वटा गाउँलाई वि.सं. २०३२ सालमा जिल्ला काटछाँट गर्दा कास्कीतर्फ गाभिएको हो। ती गाउँहरू निम्नानुसार छन् : १. पाखुरीकोट २. नागिधारा ३. भाचोक ४. याङ्जाकोट ५. ध्याम्राङ र ६. ताङतिङ। पछि ती ६ गाउँ कास्की जिल्लाका पाँच गा.वि.स.मा विभाजित भए। ती गा.वि.स. निम्नानुसार छन् : १. मिजुरे २.भाचोक ३. सैमराङ ४. थुमाको डाँडा र ५.नामार्जुन देउराली। ती मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस क्षेत्रभित्र पर्ने सानातिना गाउँहरूलाई यसरी समेटिएको छः १.मिजुरे भित्र गोर्जे, पाखुरीकोट,नागिधारा, मुरी, रवैडाँडा र गहते पर्दछन्। २.भाचोकभित्र मकैखोला, ढोडेनी र कयरे पर्दछ। ३.सैमराङभित्र वारचोक, खेमाजे, तासे र बरालडाँडा पर्दछन्। साबिकमा बरालडाँडा कास्कीतफ नै थियो। ४.थुमाकोडाँडाभित्र याङ्जाकोट र तार्काङ पर्दछन्। ५.नामार्जुन देउराली भित्र नामार्जुन, ताङतिङ र घ्याम्राङ पर्दछन्। हाल ती सबै मादी गाउँपालिका भित्र पर्दछन्।

मादीपूर्व र रुदी पश्चिमका छ गाउँ कास्कीका राजा कुलमण्डन शाहका छोराहरूको खुवा हो। कुलमण्डन शाहका सात भाइ छोराहरू थिए। जेठा छोरा विचित्र शाह कास्कीका राजा भए। माहिला छोरा कालु शाह लमजुङका राजा भएका थिए तर तीन महिना रजाइँ गर्न नपाउँदै लमजुङका घले राजाले उनलाई मारिदिए। त्यसपछि साहिँला छोरा यशोब्रह्म शाहले लमजुङको रजाइँ थामे। बाँकी चार भाइ छोरालाई कुलमण्डन शाहले छ गाउँमा खुवा दिए। त्यसमध्ये पाखीकोट र नागीधारको खेत मनहर शाहको खुवा बनाइदिए। भाचोकको खेत भुँबर शाहको खुवा बनाइदिए। याङ्जाकोटको खेत देब्रे शाहको खुवा बनाइदिए। ताङ्तिङ् र नामजुङको खेत कान्छा जलाल शाहको खुवा बनाइदिए। कास्कीका राजा विचित्र शाह निःसन्तान परलोक हुँदा कान्छा जलाल शाहले कास्कीको रजाइँ थामे। त्यसपछि जलाल शाहको ताङ्तिङ् र नामजुङको खुवामध्ये नामजुङको खुवा कास्कीकी रानी दिदी सर्ववती र लमजुङकी रानी बहिनी जसतावतीले सापकोटा ब्राह्मणलाई ग्रहणदान दिए। गाउँको मौलो याङ्जाकोट हो। छ गाउँमा गावैपिच्छे उमराउ थिए। ती उमराउ मध्येका मिरउमराउ याङ्जाकोटको मौलोमा रहन्थे। लमजुङले कास्कीसँग युद्ध वा सन्धि गर्नु पर्‍यो भने याङ्जाकोटको मोहोडाबाट गरिन्थ्यो। याङ्जाकोटमा दुर्गा भगवतिको मन्दिर रहेको र त्यहाँ बडादशैँमा नियमित पूजा गर्ने परम्परा रहेको छ। छ गाउँ याङ्जाकोटका मिरउमराउको वंशमा नेपालका ख्याति प्राप्त संस्कृतिविद् एवं खगोलशास्त्र विशारद् श्री जगमान गुरुङज्यूको जन्म भएको हो।

दाङ्सीमराङ र हंसपुर नामका ती दुई गाउँ एक आपसमा नजिकै पर्दछन्। साबिकमा दाङ्सीमराङ लमजुङतर्फ थियो भने हंसपुर कास्की तर्फ थियो। ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई गाउँको बीचमा एउटा सानो खोलो छ। वर्षाको समयमा त्यसमा पानी हुन्छ तर हिउँदमा सुक्छ। त्यस खोलालाई साँधीखोलो भन्दछन्। लमजुङ र कास्कीको साँधमा भएको हुनाले त्यसलाई साँधीखोलो भनिएको कुरा स्थलगत अध्ययनबाट थाहा लाग्दछ। पहिले दाङ्सीमराङ लगायत फल्याङकोट, थुम्की (मोहरिया समेत), देउराली र सिद्ध गाउँ पनि लमजुङमा नै थिए। वि.सं. २०२४ सालमा जिल्ला काटछाँट गर्दा ती गाउँ पनि कास्कीतर्फ नै गाभिएका हुन्। फल्याङकोट पछि स्थापना गरिएको कोट हो। तसर्थ त्यसमा सरकारी रकम आउँदैन। राज्यको तर्फबाट स्थापना गरिएका कोटको अनुकरण गरेर स्थानीय गोदार थरका क्षेत्रीहरूले त्यहाँ कोट स्थापना गरेर गुठीको व्यवस्था मिलाएका हुन्। त्यहाँका उमराउ गोदार क्षेत्री छन्। वि.सं. २०५८ सालसम्म त्यहाँका गुरुपुरोहित ढुङ्गाना थरका ब्राह्मण थिए। त्यहाँदेखि यता हालसम्म पौडेल थरका गुरु पुरोहितले काम गर्दै आएका छन्। गोदारहरूले स्थापना गरेको गुठीका रूपको जग्गा कायमै छ (स्रोतः भद्रकृष्ण ढुङ्गाना, स्थानीय बुद्धिजीवी, सिद्ध गा.वि.स.तथा भोजराज सुवेदी स्थानीय बुद्धिजीवी एवं समाजसेवी, हंसपुर, जिल्ला पञ्चायत कास्कीका पूर्व उपसभापति)। जिल्ला काटछाँट गर्नुपूर्व माथिका गाउँहरूमध्ये बरालडाँडा मादीदेखि पूर्व भए पनि कास्की जिल्लामा थियो भने फल्याङकोट र दाङ्सीमराङ मादीदेखि पश्चिम भए पनि लमजुङ जिल्लामा थिए। लमजुङ राज्यको माध्यमिककालीन अभिलेख अनुसार तार्काङ सापकोटा, लामिछाने, ढकाल र अधिकारीको कुशबिर्ता हो। कुशबिर्ता पाउनेहरू झाराटण्टामा जानु नपर्ने, पढ्ने र पढाउने काममा मात्र व्यस्त रहनु पर्ने र गुरुकुल आश्रम सञ्चालन गर्नु पर्ने नीति बनाइएको थियो। नामार्जुन सापकोटाको ग्रहणदान हो भने गोर्जे चाहिँ अधिकारीको ग्रहणदान हो। बरालडाँडा बरालहरूको कुशबिर्ता हो (स्रोतः संस्कृतिविद् श्री जगमान गुरुङ)।

माथि उल्लेख गरिएका ६ गाउँ तथा पाँच गाविसको विवरणमात्र नभई लमजुङका विभिन्न संस्कृतिमूलक ठाउँहरूको विवरणमा पनि प्राज्ञ जगमान गुरुङको अनुभव समाविष्ट गरिएको छ।

४.२० घिमिरेलाई बिर्ता र इष्टदेवी स्थापना

बालुवावेसीबाट बाहुनडाँडातर्फ नदी तरेपछि त्यहाँ एउटा फाँट फेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ । त्यो फाँटदेखि सिमलचौरसम्म भुलभुले र बाहुनडाँडाको क्षेत्र पर्दछ । बीचमा डादी खोलो छ । ती दुबै क्षेत्र भित्र सिमलचौरको फाँट यशोब्रह्म शाहबाट कुश्माखर घिमिरेले बिर्ता पाएका थिए । सिमलचौर फाँट अहिले पनि भुलभुले र बाहुनडाँडा दुवैतिर पर्दछ ।

पुस्तुनका घिमिरे र यशोब्रह्म शाह बीच सम्बन्ध कायम भए पछि घिमिरेकी इष्टदेवी आदिशक्ति कालिका देवीको स्थापना गरिएको थियो । साविक बाहुनडाँडा ५ मा देवीस्थान थियो । बडा दशैँमा मौलो पूजा गरिन्थ्यो । ठूलीबेसीमा देवीस्थान सार्न खोज्दा दिनभरि सामग्री जम्मा गरेर राख्ने, रातभरिमा ती सामग्री अर्को ठाउँमा सर्ने भयो । उज्यालो भएपछि हेर्दा त एक ठाउँमा राखेका प्रत्येक सामग्री अर्को ठाउँमा सरेको भेटियो । अनि देवीले यो ठाउँलाई मन नपराई उक्त ठाउँलाई मन पराइन् भनी उसै ठाउँमा सामग्री जुटाएर कालिका मन्दिर निर्माण गरियो । त्यो ठाउँ साविक बाहुनडाँडा गा.वि.स. को वडा नं. ३ भिरपुस्तुनमा पर्दछ । पहिले गुठीको जग्गा धेरै थियो । हाल कुनै जग्गा रैकर बनाए भने कुनै जग्गा देवीको गुठीको रूपमा छन् । गुठीको जग्गा कमाएर खाने उपभोक्ता गुठियारहरूबाट नगद, चामल, सिन्का, टपरी, मेडोका रूपमा बाखाको पाठो ल्याउने चलन छ । मेडो भनेको देवदेवीको पूजामा बलि चढाउने बाखाको पाठो ,पाठी आदि हुन् । प्रतिपदादेखि पूजा सुरु हुन्छ । साथै सप्तशती (चण्डी) पाठ पनि गरिन्छ । प्रत्येक दिन एकएक वटा पाठा बलि दिइन्छ । महाअष्टमीका राती कालरात्रि मनाइन्छ । चैते दशैँमा भने अष्टमीका दिन सामान्य रूपले पूजा गरिन्छ । नियमित भोगको व्यवस्था छैन । भाकल गरी ल्याउनेहरूका पाठा मात्र बलि दिइन्छ । ती कालिकाका पुजारी घिमिरे छन् । कोटघर पनि त्यहीँ छ । कोटघरको मौलो पूजा पनि घिमिरेले नै गर्दछन् (स्रोतः भूमिनाथ घिमिरे, स्थानीय बुद्धिजीवी) ।

४.२१ यशोब्रह्म शाह जाबीमा कि जवानीमा ?

दुराडाँडाको च्यानपाटा खजेपार्क स्थित “खजे दुरा” को सालिकको जाबीमा बोकिएको अवस्थाको” सालिक बालक अवस्थाको देखिन्छ । उता रानी वसन्तावती गर्भिणी भएको कुरा पनि प्रमाणित भइसकेको छ । यशोब्रह्म शाह र वसन्तावती आमा र छोरा जस्ता देखिन आउँछन् । त्यसै हो भने ती दुई बीच विवाह पनि कसरी हुने ? र त्यति छिटै अरू ३ भाइ छोरा पनि कसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मिने ? यो अलि गम्भीर कुरा छ। त्यसो हुँदा यशोब्रह्म शाह लमजुङ भित्रिँदा जवानी अवस्थाको हुनु पर्छ। त्यसो भए मात्र माथिका समस्यामूलक दुवै कुराको समाधान भएको रहेछ भन्ने बुझिन्छ। यशोब्रह्म शाहलाई कास्कीबाट सुरक्षासाथ लमजुङ ल्याउँदा जवानी अवस्थाको भएर पनि सोही अनुसारको जाबी प्रयोग गर्दा अस्वाभाविक मानिदैन। यशोब्रह्म शाह बालक भएर जाबीमा राख्नैपर्ने अवस्थाका रहेनछन्। उनी जवानीमा हिंडिरहेका रहेछन्। त्यसो भएर नै कालु शाहतर्फका प्रताप शाह र यशोब्रह्म शाह तर्फका नरहरि शाह लगायतका दाजु भाइहरूको जन्म क्रम मिल्दोजुल्दो देखिन्छ। त्यसकारण जाबीमा बोकेर ल्याइए तापनि यशोब्रह्म शाह जाबीमा बोक्नै पर्ने बालक होइनन्। जवानीमा लमजुङ प्रवेश गरेका हुन्। बरू राजपरिवारका सदस्यहरूलाई भूइँमा हिंडाउने चलन नभएको हुँदा उनी ठूलै भएपनि जाबीमा बोकेर ल्याइएको कुरा सान्दर्भिक हुन आउँछ।

४.२२ राईनास मोहरियाका सम्पदा

अन्य ठाउँमा जस्तै राईनास मोहरियामा पनि महत्त्वपूर्ण सम्पदाहरू छन्। तिनका विवरण तल दिइएको छ।

४.२२.१ राईनासका सम्पदा

द्रव्य शाहका पालामा राईनासकोटमा शक्तिपीठको स्थापना गरिएको थियो। त्यहाँ कालिका, महादेव र भैरव छन्। त्यहाँका बसिन्दाहरू भैरवलाई गोरखनाथ पनि भन्दछन्। गोरखनाथ भनिएतापनि गोरखपन्थी कनफट्टा जोगीले पूजा गर्ने र रोठ चढाउने परम्परा छैन। लमजुङे राजा नरहरि शाहका पालामा धमिलीकुवाका घिमिरे ब्राह्मणलाई पुजारीमा नियुक्त गरेर पूजा व्यवस्थापनका लागि जग्गा गुठीमा राखिएको थियो। चक्रतीर्थको निबोटेमा र प्याराजुङको पाल्लेपानी, आँगेटारी भन्ने ठाउँमा देवीको नाउँमा गुठीको जग्गा राखिएको थियो। तिनै क्षेत्रका गुरुङहरूले ती जग्गा कमाउँथे। पूजाको समयमा चाहिने अक्षेताको रूपमा चामल र देवीको पूजा गरेवापत् पुजारीलाई धान ल्याइदिने परम्परा थियो। वि.सं. २००७ सालसम्म अर्थात् टीकादत्त घिमिरेले कालिका र महादेवको पूजा गरिञ्जेलसम्म प्याराजुङको पाल्लेपानी, आँगेटारी खेत कमाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवारले १२ मुरी धान पुजारीकहाँ ल्याइदिने परम्परा थियो । चक्रतीर्थका गुरुङ परिवारले गुठीको जग्गा कमाइगरी खाएका हुनाले पुजारीकहाँ अक्षेतास्वरूप चामल ल्याइदिने परम्परा थियो । पछिल्ला दिनहरूमा त्यो परम्परा पनि हटेर गयो । ती सबै जग्गा रैकर भए । हाल पूजाको समयमा राईनासकोटका जिमुवाल परिवारबाट पूजाको सामान्य व्यवस्था गर्ने चलन छ । साबिकको चलन अनुसार कालिका र महादेवको पूजा गर्दा बडादशैँ र चैतेदशैँमा प्रतिपदादेखि नवमीसम्म ९ दिन नियमित पूजा गर्ने परम्परा थियो । हाल बडादशैँको फूलपातीका दिन फूलपाती भित्र्याइन्छ । अनि दशैँका मुख्य ३ दिन अर्थात् अष्टमी, नवमी र दशमीमा मात्र दुबै दशैँमा पूजा गर्ने परम्परा बसालिएको छ । कालिका मन्दिर भित्र देवी पूजा र सप्तशती (चण्डी) पाठ गरिन्छ । बाहिर पटाङ्गिनीमा मौलो छ । मौलो पूजा गरेर त्यसैमा राँगो काटिन्छ । बाहिरपट्टिको स्थानमा भैरवको पूजा गरिन्छ र भाकल ल्याउने भक्तजनहरूका कुखुरा काटेर त्यहीँ भोग दिइन्छ । गुठीबाट आम्दानीको मूल सुकेपछि गाउँलेहरूले आवश्यक सामग्री जुटाइदिएर पूजा गर्ने गरेको पनि स्थलगत अध्ययनबाट जानकारी भएको छ । हरेक वर्ष शिवरात्रिको दिनमा त्यहाँका महादेवको पूजा गरी, रुद्री पाठ गर्दै शिवजीलाई जलधारा दिने परम्परा छ । (स्रोत : मधुविलास घिमिरे, पुजारी) । राईनासकोटका बारेमा थप सामग्री प्रस्तुत गर्दा सान्दर्भिक नै हुनेछ । राईनास शब्दको उत्पत्ति पनि विभिन्न रूपबाट भएको जस्तो देखिन्छ ।

गुरुङ भाषामा रावैको अर्थ उच्च र नासको अर्थ गाउँ हुन्छ । यस अर्थमा राईनास भनेको उच्च गाउँ हो । यो गाउँ पनि उच्च भागमा नै छ । अर्को कुरा रिसरागलाई नास गर्ने भएको हुँदा रागिनास भनिने गरेको कुरा पनि सान्दर्भिक नै देखिन्छ ।

त्यो समय भन्दा अगाडि यस ठाउँलाई के भनिन्थ्यो त्यो अध्ययनको विषय हो । राईनासका अरू थप प्रसङ्ग पनि छन् । अघि गोरखाको राज्य व्यवस्थापन स्थानीय ब्राह्मण तथा मगरले मन पराएका थिएनन् । नारायण अर्ज्याल र गणेश पाण्डेले द्रव्य शाहलाई साथ दिएका थिए । गोरखामा घले थरका मगरले राज्य गरेका थिए । हरेक वर्ष विजया दशमीमो दिनमा एक वर्षका लागि राजा छान्ने परम्परा थियो । प्रतियोगितामा दौडेर लिगलिगकोटको टुप्पामा पुग्ने व्यक्ति त्यस वर्षको लागि राजा हुन्थ्ये । सोही दौड प्रतियोगितामा सबै जना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहभागी भएको मौका पारी द्रव्य शाह दलबल र हतियारका साथ त्यस मैदानमा उपस्थित भए । गोरखालीहरू निःशस्त्र थिए । त्यसै दिन द्रव्य शाहले गोरखा राज्य हात लाए । गोरखनाथका शिष्यहरू अहिले गोरखनाथ प्रकट भएको मूल थलोको खोजीमा छन् ।

द्रव्य शाहलाई पहिले बाहुनडाँडाको लेकमा गोठ कुर्न भनी पठाइएको थियो । तल गाई भैँसी बाँध्ने र माथि आफू बस्ने गर्थे । एक दिन एक्कासी अलख निराजन भन्ने आवाज आयो । सोही आवाजलाई पछ्याएर हेर्दा झ्यालमा मान्छे उभिएको देखियो । यति अग्लो मान्छे को होला ? भनी उनी अलमलिए । त्यो मान्छे झ्यालबाट भित्र पस्यो र खिर माग्यो । त्यति बेला भने त्यो मान्छे सामान्य स्वरूपको देखियो । द्रव्य शाह फेरि अलमलिए । आगन्तुक पाहुनाको सम्मान गरी खिर खान दिए । अनि त्यो मान्छेले द्रव्य शाहतिर फर्केर तिमी यहाँ नबस । तिम्रालागि पूर्व दिशा खुलेको छ । तिमी राजा हुन्छौ भनेर अलप भयो । उनी थिए गुरु गोरखनाथ । त्यसपछि द्रव्य शाह फर्केर लमजुङ दरबार आए । आमालाई मात्र त्यस कुराको जानकारी दिए । अनि आमाको आदेशअनुसार उनी राईनास गएर बस्न थालेका हुन् । यसरी द्रव्य शाहले गुरु गोरखनाथको दर्शन पाएको र आशीर्वाद लिएको ठाउँ बाहुनडाँडा हो । पछि राईनासमा एक दिन गुरु गोरखनाथ प्रकट भएर अब तिमीलाई गोरखा जान साइत खुलेको छ भनी सङ्केत दिएका थिए भन्ने कुरा पनि चर्चामा आउँछ । त्यही साइतलाई पछ्याएर उनले गोरखा प्रस्थान गरे । नभन्दै पछि उनी गोरखाका राजा भए । यता द्रव्य शाहले बाहुनडाँडा छोडेपछि नरपति शाहलाई त्यहाँ पठाइएको थियो ।

राईनासकोट १६०० मिटरको उचाइमा छ । राईनास र मोहरियाको समान तहमा विकास भएर त्यस ठाउँलाई " राईनास मोहरिया " भनिएको हो (स्रोतः शैक्षिक पल्लव) । लमजुङ र गोरखाको सीमानामा रहेको चम्पावती नदीको किनारमा अवस्थित वसन्तावतीको मन्दिर पनि पुरातात्तिक महत्त्वको वस्तु हो

गोरखामा लिगलिगकोट छ । यी दुई कोटका बीचमा गहिरो सम्बन्ध छ । राईनास कोटको स्थापना त पहिले भएको हो तर व्यवस्थित भवन निर्माण कार्य चाहिँ द्रव्य शाहले शासन गरेको अवधिमा भएको अनुमान लगाउन सकिन्छ । त्यस कोटको किल्लाको बनौट अनुसार पर्खालका चारैतिरका कोटहरूतिर हेर्नका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि प्वाल र बन्दूक राइफल अड्याउनका लागि प्वाल सेन्ट्रीपोष्ट थिए। गोरखाको लिगलिगकोटतिर ताक्ने २ वटा प्वाल, तनहुँको मिर्लुङकोटतिर ताक्ने २ वटा प्वाल लमजुङकै गौँडाकोटतिर ताक्ने २ वटा प्वाल भएको किल्ला निर्माण गरेको कुरा पुष्टि हुन्छ। एक थरी सुरक्षाकर्मी त्यहाँ बस्तथे। त्यसको अवशेष अहिले पनि छ।

राईनासकोटमा पुग्नु भन्दा थोरै तल द्रव्य शाहका पालामा निर्मित दरबारको अवशेष छ। त्यो दरबार भन्दा माथि एउटा ठूलो खेलमैदान छ। खेलमैदान भन्दा अलिकति माथि भक्तवीर लामाको सालिक छ। त्यो सालिक २०६३ सालमा खडा गरिएको हो। त्यसको लागत/खर्च साबिक राईनास हाल शारदानगर, चितवन निबासी डिलु भनिने डिलमाया गुरुङ ले ब्यहोरेकी हुन्। त्यसका कारीगढ स्थानीय टकबहादुर लामा (गुरुङ) हुन्। यी दुबै व्यक्ति भक्तवीर लामाका तल्लो तल्लो पुस्ताका सन्तति हुन्। यस कार्यमा अन्य परिवारजनको पनि ठूलो सहयोग थियो। भक्तवीर लामा चौबिसे राजाका पालामा राईनास थुमको जि.मु. थिए (स्रोतः खड्ग गुरुङ स्थानीय बुद्धिजीवी एवं समाजसेवी, सम्बन्धित परिवारको सदस्य)। चौबिसे राजाका पालामा राईनासका भक्तवीर लामा र खड्गवीर लामा द्वारे पदमा नियुक्त भएका थिए। यी दुईका नाउँमा पछि यिनकै सन्तानले राईनासमा वरपिपल सहितका छुट्टा छुट्टै दुई वटा चौतारा र दुबै वटा आकासेपोखरी बनाएका थिए (स्रोतः राजकुमार पाण्डे, स्थानीय बुद्धिजीवी एवं समाजसेवी)।

त्यहाँभन्दा माथि ढुङ्गाले चिठेको अत्यन्त राम्रो सिँढी लगाएको उकालो बाटो छ। त्यो बाटो द्रव्य शाहका पालामा निर्माण गरिएको हो। सिँढी चढेर उकालो काटिसकेपछि पहाडको शिरो भाग समथर जगामा पुगिन्छ। शत्रुले चारैतिरबाट घेरेको अवस्थामा तथा विपत्तिको समयमा त्यसै ठाउँमा गएर सुरक्षित ढङ्गले बस्नका लागि पनि व्यवस्था मिलाइएको थियो। वास्तविक कोट चाहिँ त्यसै ठाउँमा थियो। त्यसै कोटको अलिकति पर सुरक्षाकर्मी पहरा दिएर बस्ने व्यवस्था मिलाइएको थियो। द्रव्य शाहको दरबारको सुरक्षाका लागि त्यसो गरिएको थियो। लमजुङ राज्यको पूर्वी सीमासुरक्षाका लागि यशोब्रह्म शाहकै पालामा यहाँ कोट खडा गरिएको थियो। पछि क्रमशःशक्तिपीठ पनि खडा गरियो। त्यसलाई कोटघरको रूपमा प्रयोग गरेका थिए। त्यसो हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँदेखि यता यस ठाउँलाई राईनासकोट भन्न थालिएको हो। कोटको गेटबाट भित्र पस्ता देब्रेपट्टि एउटा मन्दिर छ। त्यो देवीको देवीमन्दिर हो। त्यो मन्दिर धेरै पुरानो र जिर्ण अवस्थामा छ। २०७२ वैशाख १२ गतेको महाभूकम्पले समेत प्रभावित भएको देखिन्छ। सोही मन्दिरको पछाडि पट्टि भैरवको स्थान छ। राईनासकोटको कालिका मन्दिर राईनासकोटको योग स्तम्भ र शिवजी राईनासकोटको शिवालय र गणेशमन्दिर गेटबाट भित्र पस्ता दाहिनेपट्टि एउटा स्तम्भमाथि शिवजीको मूर्ति स्थापित अवस्थामा छ। त्यो स्तम्भ र मूर्ति "२५औँ विश्व योग दिवस"को सन्दर्भमा सर्वोदय सेवा आश्रमको अगुवाइमा निर्माण गरिएको हो। त्यसको हुबहु विवरण निम्नानुसार छः

योग सम्वत् रजत स्तम्भ

पञ्चविंशति तम योग सम्वत् नव वर्ष शुभारम्भस्य महादिने तथा पञ्च विंशतितम विश्वयोग दिवसस्य दिव्य महोत्सवोपलक्ष्ये हिमवत्खण्ड नेपालात् योग सम्वत् एवं विश्व योग दिवसस्य शुभारम्भ कर्ता तथा साधनतिगे मानसाग्नि : नाम्ना सुपरिचित : डा. हरिप्रसाद पोखरेल महोदयद्वारा रजत योग स्तम्भस्य समुद्घाटन सुसम्पन्नम्।

योग सम्वत् वाण : नेत्र २५ मकर सङ्क्रान्ति। विक्रम सम्वत् अभ्र रस खनेत्र २०६० मकर संक्रान्ति खीक्ष्टाष्ट (इ.सन्) गुण ख दैवीब्रह्म १९०३ जनबरी १४

स्तम्भ निर्माण संस्था

सर्वोदय सेवा आश्रम

लमजुङ मण्डल

नेपाल देश

योग सम्वत् रजत स्तम्भ

२५औँ योग सम्वत्को नव शुभारम्भको बडादिन एवम् २५औँ विश्योग दिवसको दिव्य महोत्सवमा हिमवत्खण्ड नेपालबाट योग सम्वत् तथा विश्व योग दिवसको शुभारम्भ गर्नु हुने योग स्रष्टा सुपरिचित डा. हरिप्रसाद पोखरेल "मानसाग्नि" का करकमलबाट "रजत योग स्तम्भ" को उद्घाटन सुसम्पन्न भयो।

योग सम्वत् २५ मकर सक्रान्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्रम सम्वत् २०६० मकर सक्रान्ति
इश्वी सम्वत् २००३ जनवरी १४
This silver yoga movement was inaugurated by the philosopher of a special yoga–formula known as Dr. Hari prasad Pokharal "manasagni" on the great occasion of 25* world yoga day-the great day of beginning 25* yoga year
sarbodaya sewaashram Lamjung, Nepal

त्यो स्तम्भ नजिकै दाहिनेतर्फ द्रव्य शाहका पालामा स्थापित शिवालयको भग्नावशेष छ। द्रव्य शाहले छाना सहितको मन्दिर निर्माण गराएर शिवलिङ्ग प्रतिस्थापन गराएका थिए। पछि अचानक त्यस मन्दिरको छाना सहित माथिल्लो भाग सबै भत्क्यो। सबै जना शिवजीले छाना भएको मन्दिर रूचाएनन् भन्ने विश्वासमा परे। त्यस मन्दिरलाई मर्मत गरिएन। क्रमशः ढुङ्गा खस्दै गए। अहिले मन्दिरको अवशेषको भाग छ। शिवलिङ्ग भने यथावत् नै छ। प्याराजुङ, कोकेगाउँ निबासी सामाजिक चिन्तन र धार्मिक आस्था भएका केही व्यक्तिहरूले कोटेश्वर शिवमन्दिर र कम्पाउन्ड निर्माण गराएका छन्। त्यहाँ स्थापित शिलालेख यस प्रकार छ। शिलामा लेखिएको हुबहु विवरण यस्तो छः

ॐ

नमः शिवायः

प्याराजुङ ८, कोकेगाउँ, लमजुङ निवासी आमा विन्दु गुरुङको सहयोगमा छोरा स्व.देवकर गुरुङको पुण्य स्मृतिमा कोटेश्वर शिव मन्दिर कम्पाउण्ड र प्रतिक्षालयको निर्माण सु–सम्पन्न गरियो।

बाजेः कालबहादुर गुरुङ
बज्यैः धन कुमारी गुरुङ
आमाः विन्दु गुरुङ
बहिनीः दिप्ती गुरुङ
भाइः भानु गुरुङ
सम्पूर्ण निर्माण रेखदेख गर्ने मामाः ध्रुव गुरुङ
सम्पन्न मितिः २०६७।१२।२५

त्यहाँ एक शिवालय छ। त्यसको छाना छैन। त्यहाँ एक सानो मन्दिर पनि छ। त्यस मन्दिर भित्र स्थानीय समाजसेवी खड्ग गुरुङले २०७३ सालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिघ्नहर्ता गणेशको मूर्ति प्रतिस्थापन गरिदिएका छन् ।

स्वर्गीय पितृहरूको सम्झनामा जमदार श्री देवबहादुर थापाले २०७१ फागुन ५ गते रोज ३ मा निर्माण कार्य सम्पन्न गराएको एउटा प्रतीक्षालय पनि त्यहीँ छ ।

२०७२ वैशाख १२ गतेका दिनको महाभूकम्पले राईनासकोटका धेरै घर क्षतविक्षत गरायो । बसोबासका लागि १४ वटा घर निर्माण गराइएका छन् । ती १४ वटै घर होम स्टेका नमुनामा तयार गरिएका छन् । साथै त्यसरी नै प्रयोगमा आएका पनि छन् । परिवारको आकार हेरेर दुई कोठादेखि सात कोठासम्मका घर निर्माण गराइएका छन् । प्रत्येक घरका भित्तामा क्रमशः House No. 1 देखि House No. 14 सम्म लेखिएका छन् । ती घरहरू भूकम्प प्रतिरोधी छन् । यी बाहेक एउटा सामुदायिक भवन पनि निर्माण गरिएको छ ।

धेरै वर्ष अगाडि बनाइएको र बसोबास गर्दै गरेको एउटा घुमाउने घर पनि त्यहाँ छ । त्यसलाई भूकम्पले असर गरेको छैन । त्यसलाई मर्मत गरेर नमुनाको रूपमा राखिएको छ । हाल त्यस घरमा मानिसको बसोबास छैन । त्यस घरलाई स्थानीय गुरुङ सङ्ग्रहालयका रूपमा विकसित गराइएको छ । सो घरको अगाडि एउटा स्तम्भमा दुई बालबालिका उभिएर पाहुनालाई स्वागत गरेका मूर्ति उभ्याइएका छन् । आन्तरिक तथा बाह्य पर्यटकहरू त्यहाँको दृश्य हेर्नमा खचाखच हुन्छन् ।

माथि उल्लेख गरिएका सम्पूर्ण काम सर्वोदय सेवा आश्रमले गराएको हो । अमेरिकाको सँगसँगै नामक संस्था सञ्चालक नतासा नामक व्यक्तिले चन्दा सहयोग जुटाएर यी भवन निर्माण कार्यमा सहयोग गरिदिएको कुरा सर्वोदय सेवा आश्रमको अभिलेखबाट जानकारी मिल्दछ । यस कार्यमा सर्वोदय सेवा आश्रम, लमजुङका अध्यक्ष कृष्णराज ओलियाको महत्त्वपूर्ण भूमिका रहेको छ । महत्त्वपूर्ण कार्य गरिदिएकामा निज ओलियालाई साधुवाद छ ।

४.२२.२ मोहरियाका सम्पदा

लमजुङ, खुदीको ढगैमा जन्मेका भक्ति थापा निकै शक्तिशाली भएर निस्के । राज्यव्यवस्थापनमा उनको ठूलो योगदान रह्यो । तसर्थ उनलाई सरकारकोतर्फबाट काजी पदको उपाधि मिलेको हो । काजी भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माध्यमिककालीन नेपालको मुख्य प्रशासक; मन्त्री वा सो सरहको पद हो। भक्ति थापाको बारेमा थप प्रसङ्ग कोट्याउँदा सान्दर्भिक नै हुनेछ। नेपाललाई विसाल राष्ट्रको रूपमा स्थापित गर्न आफ्नो रगत बगाउने बहादुर योद्धाहरूमध्ये पश्चिम नेपालको अभियानमा बडाकाजी अमरसिंह थापाको दाहिने हात जस्तै भएकोले अग्रपङ्क्तिमा नाम आउने एक वीर योद्धा सरदार भक्ति थापा हुन्। नेपालको सुदुर पशचिम एकीकरणको दौडानमा युद्धका अनेकौँ मोर्चामा नेतृत्व दिएर उनले अविस्मरणीय योगदान पुऱ्याएका थिए।

अमरसिंह थापाले हतार नगरौँ भन्दा हतारिएर युद्धमा होमिनाका कारण नैयनसिंह थापा जस्ता वीर योद्धाले ज्यान गुमाउनुपऱ्यो। जसका कारण नेपालको पश्चिम विजय अभियानमा पूर्णविराम लाग्यो। काँगडा जस्तो अत्यन्त शक्तिशाली राज्यसँग नेपाली सेनाले मुकाबिला गर्नु परेको थियो। त्यहाँका राजा संसार चन्दले राज्यविस्तार गरेका थिए। उनले आफ्नो राजधानी टिर सुजानपुर नामक काँगडा खोलाको उत्तरी ढिस्कोमा विसाल किल्ला निर्माण गरेका थिए। किल्लाभित्र विसाल दरबार थियो। सानातिना रजौटाहरू भेट नजराना, कर वा सिर्तो बुझाउन आउँथे। सो दस्तुर बुझाएर राज्य थमौती गराइमाग्थे। त्यस्ता करद राजा बाइस वटा थिए। त्यस्ता रजौटाका प्रमुख भएर नै उनी महाराजा कहलाएका थिए। आफ्नो राज्य विस्तार गर्न त्यस्ता शक्तिशाली राजासँग मुकाबिला गर्ने आँट गर्न सक्ने भक्ति थापा साच्चैनै देसभक्त र शक्तिशाली हुन्। भक्ति थापाका पुरुषार्थको कदर गर्दै सरकारले उनका सन्तानलाई लालमोहर लगाई जग्गा बिर्ता दिएको हो। लालमोहर भनेको सरकारबाट दिइने अधिकारपत्र हो। लालमोहरबाट प्राप्त जग्गा भएको हुँदा त्यस ठाउँको नाउँ मोहरिया रहन गयो। भक्तिको देहावसान भयो। उनको एक मात्र नाबालक छोरा थिए। नाबालक भतिजालाई साथमा लिएर भक्ति थापाका दाजु बन्धु थापा त्यस ठाउँमा आएर बसे। सन्तान फैलिने क्रममा भक्ति थापाका नातिहरू ८ भाइ भए। बन्धु थापाका नातिहरू १२ भाइ भए। अनि ८ भाइका सन्तान र १२ भाइका सन्तान भनिन थालियो। पहिले उनीहरूले एकै ठाउँमा कुलदेवताको पूजा गर्दथे। ठूलो गोल भएर काम गर्न असजिलो महसुस गरी पछिल्लो समयमा ८ भाइका सन्तानले एक ठाउँमा र १२ भाइका सन्तानले अर्को ठाउँमा कुलपूजा गर्ने गरेका छन् स्रोतः सिंहबहादुर थापा, स्थानीय बुद्धिजीवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवम् समाजसेवी) । उनै भक्ति थापाका सन्तानले त्यहाँ कोट स्थापना गरे । त्यस ठाउँमा कोट पनि भएको हुँदा त्यसलाई मोहरियाकोट भन्न थालियो (प्रो.राजकुमार पाण्डे, स्थानीय बुद्धिजीवी एवं समाजसेवी), (सिंहबहादुर थापा, स्थानीय बुद्धिजीवी एवं समाजसेवी) । भक्ति थापाका सन्तानले त्यहाँ गुठीको रूपमा जग्गाको व्यवस्था पनि मिलाएका थिए । यसरी हेर्दा पूर्वतर्फ राईनासकोट तथा पश्चिमतर्फ मोहरियाकोट गरी त्यहाँ दुई वटा कोट खडा भएका र ती दुई कोटले बेग्ला बेग्लै अस्तित्व बोकेका रहेछन् भन्ने बुझिन्छ ।

वीरभक्ति मा.वि., भक्ति नमुना मा.वि., भक्ति क्याम्पस जस्ता शैक्षिक संस्थाहरू भक्ति थापासँग जोडेर नामकरण गरिएका छन् । त्यसैगरी अनेकौं क्लबका नाउँ पनि भक्ति थापाको नाउँसँग जोडिएका छन् । तसर्थ यस ठाउँमा भक्ति थापाको ठूलो अस्तित्व भएको कुरा बुझिन्छ । राजेन्द्रविक्रम शाहका पालाका भारदारहरू रणजङ्ग पाण्डे, गगनसिंह आदिको नामाङ्कित लालमोहर लागेका प्रमाणहरू पनि भेटिएको पाइन्छ । यो ठाउँलाई इङ्गित गरेर "पश्चिम ३ नम्बर राईनास क्षेत्र मौजे भनेर तमसुक लेखिएका प्रमाणहरू पनि भेटिन्छन् । यो ठाउँ यस क्षेत्रको तालुकी अड्डा पनि थियो । साबिक राईनास मौजा क्षेत्र हाल राईनास नगरपालिका भित्र पर्दछ । मोहरियाकोटमा दरबारको भग्नावशेष छ । त्यहाँ एक शिवालय पनि छ । प्रत्येक वर्ष शिवरात्रिको दिनमा त्यहाँ मेला लाग्दछ । शिवजीको पूजा आराधनाका लागि टाढा टाढाबाट भक्तजनहरू त्यहाँ आउँछन् । त्यहाँका पुजारी कर्ता थापा हुन्छन् भने गुरुपुरोहित ब्राह्मण हुन्छन् । शिवजीको पूजा गरी दुग्धधारा तथा जलधारा दिने परम्परा छ ।

पहिले तिनै शिवजीको नाउँमा गुठीको जग्गा थियो । पात्लेपानी भन्ने ठाउँमा ८० मुरी माटो भएको जग्गा गुठीको रूपमा थियो । त्यसैगरी ढाँडखर्कको पुछारको खेतबाट वार्षिक २४ मुरी धान र ११ पाथी ४ माना चामल सोही शिवालयको नाउँमा आम्दानी लिने परम्परा थियो । आजकाल ती जग्गा व्यक्ति व्यक्तिका नाउँमा रैकर गराउनाका कारण आयस्रोत छैन । तसर्थ पूजाव्यवस्थापन सङ्कटमा परेको बुझिन्छ । स्थानीय बासिन्दाहरूले पूजासामग्रीको व्यवस्था मिलाउँछन् ।

मोहरियाकोटको पूर्व दिशातर्फ अलि पर रावलकोट पर्दछ । त्यसको थोरै तल दुई वटा ताल थिए । तीमध्ये एउटा ताल ठूलो, स्वच्छ र कञ्चन थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसलाई चैधन्य पोखरी भन्दथे। स्थानीय बोलीचालीमा चैधन्यको अर्थ चैत्रसम्म पनि पानी नसुक्ने हो। त्यस पोखरीमा सधैँ पानी रहन्थ्यो। संरक्षण नहुनाका कारण अहिले दुबै पोखरी पुरिएको अवस्थामा छन्। त्यसको नजिकै साउनेपानी भन्ने ठाउँमा दुर्गादेवी प्रा.वि.पर्दछ। कोटको पश्चिमतर्फ थोरै तल एउटा जङ्गल छ। त्यसलाई गुराँसे जङ्गल भन्दछन्। सोही जङ्गलको बीचमा सिद्धबाबाको मन्दिर छ। त्यसलाई सिद्धार्थ मन्दिर पनि भन्दछन्। त्यस भित्र केही शिला पनि छन्। बडादशैँ र चैतेदशैँका अष्टमीका दिन सिद्धबाबाको पूजा गरी रोठ चढाउने परम्परा छ। त्यहाँका पुजारी साधु (जोगी) छन्। सिद्धबाबाको मन्दिर नजिकै देवीको मन्दिर पनि छ। सोही समयमा देवीको पनि पूजा गरी कुखुरो काटेर भोग दिने परम्परा छ। स्थानीय बासिन्दाहरूले पूजासामग्रीको व्यवस्था मिलाउँछन्। यी दुबै मन्दिर सरदार भक्ति थापा वि.सं. (१७४५-१८१५) का सन्तानले निर्माण गराएका हुन्। त्यो ठाउँ राईनास र मोहरियाको बीचमा पर्दछ।

कोट भन्दा केही तल गाउँको नजिकै ढुङ्गो खोपेर निर्माण गरेको एउटा कुवा छ। त्यस कुवाको पानी सदाबहार, चिसो र मीठो छ। स्थानीय बासिन्दाहरू त्यसलाई मगरपानी भन्दछन्। अघि त्यस क्षेत्रमा मगर जातिको घना बस्ती थियो। तसर्थ त्यो कुवा स्थानीय मगरले बनाएका रहेछन् भन्ने पुष्टि हुन्छ तर कुन मगरले बनाएका हुन् त्यो अध्ययनको विषय हो। यस सेरोफेरोका माथि उल्लेखित वस्तुहरू र स्थानीय परम्पराहरू नेपालको इतिहासका माध्यमिककालीन सभ्यताका सम्पदा हुन्।

यी बाहेक मोहरियाकोटमा साउनेपानी स्थित दुर्गादेवी प्राथमिक विद्यालयको प्राङ्गणमा भक्ति थापा (१७४५-१८१५) को सालिक खडा गरिएको छ। वीरभक्ति मा.वि., भक्ति नमुना मा.वि.,भक्ति क्याम्पस जस्ता शैक्षिक संस्थाहरू भक्ति थापासँग जोडेर नामकरण गरिएका छन्। त्यसैगरी अनेकौँ क्लबका नाउँ पनि भक्ति थापाको नाउँसँग जोडिएका छन्। तसर्थ यस ठाउँमा भक्ति थापाको ठूलो अस्तित्व भएको कुरा बुझिन्छ। त्यो सालिक २०४५ सालमा खडा गरिएको हो। त्यसको लागत/खर्च तत्कालीन जिल्ला पञ्चायत सचिवालय र स्थानीय गाउँ पञ्चायतले संयुक्त रूपमा ब्यहोरेका थिए। त्यो सालिक बनाउने कलाकर्मी चाहिँ बेसीशहर निवासी चक्रबहादुर गुरुङ हुन् (स्रोतः शेरबहादुर थापा, तत्कालीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानीय प्रधानपञ्च) ।

राईनास अपायक भयो भनी पछि ओहोरदोहोर गर्दा मानिसको आवागमन बढी हुने ठाउँ गाँडामा अड्डा सारिएको थियो । गाँडामा अड्डा खडा गरेपछि मात्र त्यस ठाउँको नाउँ गाँडा रहन गएको हो । त्यसभन्दा अगाडिको नाउँ के थियो त्यो अध्ययनको विषय हो । चौबिसे राजाका पालामा कोटमा काम गर्नेलाई मुखिया र गाँडामा काम गर्नेलाई द्वारे भनिन्थ्यो । "कोटको मुखिया, गाँडाकोद्वारे" शब्द प्रयोग भएका लेख्यप्रमाण पनि धेरै भेटिन्छन् । तसर्थ यी दुई जना सोही गाँडाका द्वारे पदले विभूषित भएका व्यक्ति रहेछन् भन्ने बुझिन्छ । माथि उल्लेख गरिएको सालिक उनै द्वारे भक्तवीर लामाको हो ।

लमजुङमा भक्ति थापाको ठूलो बर्चश्व छ । तार्कुघाटमा २०२५ सालमा उनको नाउँबाट एक शिक्षण संस्था खोलिएको हो । त्यो शिक्षण संस्था श्री वीरभक्ति मा.वि.को नाउँले परिचित छ । त्यस विद्यालयको प्राङ्गणमा २०६७ सालमा भक्ति थापाको अर्धकदको सालिक खडा गरिएको छ ।

मोहोरियाको अर्को प्रसङ्ग शिक्षासँग सम्बन्धित छ । मोहोरियाकोटमा भैरव माध्यमिक विद्यालय छ । सो विद्यालय २०१४ मा सालमा स्थापना गरिएको हो । चीन सरकाको आर्थिक सहयोगमा नेपाली मुद्रा करिब एक अरबको लागतमा ६८ कोठा भएको विद्यालय भवन निर्माण कार्य २०७५ मा पूरा गरिएको छ । त्यहाँ १.प्रधानाध्यापक कार्य कक्ष २ शिक्षक स्टाफ कार्य कक्ष ३.विद्यार्थी कक्षा कोठा ४. कम्प्युटर ल्याब ५.विज्ञान प्रयोगशाला ६.पुस्तकालय (E Library.सहितको) ७. खेलकुद सामग्री व्यवस्थापन कोठा ८.रेडक्रसकार्य कक्ष ९. सेमिनार हल (साना २, ठूलो १), १०.विद्यालय व्यवस्थापन समिति बैठक कक्ष ११. चमेना कोठा आदि धेरै कार्यकक्ष छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिलेसम्म लमजुङमा यति ठूलो धनराशिको लगानीमा विद्यालय भवन निर्माण भएको यो पहिलो अभिलेख हो। सिन्धुपाल्चोक जिल्लामा पनि चीन सरकारकै आर्थिक लगानीमा यो सरहको विद्यालय भवन निर्माण कार्य भएको छ। पूर्व सार्क महासचिव श्री अर्जुन थापा, तत्कालीन जिल्ला शिक्षा समितिका सदस्य श्री सिंहबहादुर थापा र जिल्ला शिक्षा कार्यालय लमजुङका प्राविधिक श्री सुवोचन गुरुङको पहल र जिल्ला शिक्षा अधिकारी श्री धनसिंह धामीको सिफारिसमा यो भवनको कोटा यस ठाउँमा पारिएको हो। भक्ति थापाका तल्लो तल्लो पुस्ताका सन्तति एवं सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिंहबहादुर थापाको अगुवाइमा निर्माण कार्य अगाडि बढेको थियो।

४.२३ द्रव्य शाहको गोरखा प्रस्थान

द्रव्य शाहलाई लमजुङबाट गोरखा लैजानमा सहयोग पुऱ्याउने व्यक्ति गणेश पाण्डे हुन्। छोप्राक बेलबास निबासी गणेश पान्डेले स्वाँठे खड्कालाई पदच्युत गरी द्रव्य शाहलाई राजा बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। गोरखा शाहवंशका प्रथम काजी (प्रधानमन्त्री) उनै हुन्। वि.सं. १६१६ मा द्रव्य शाह गोरखाका राजा भए। (स्रोतः नेपालका पाण्डे घरानाको इतिहास)।

द्रव्य शाह गोरखाको राजा भएपछि त्यस राज्यका लागि पनि लमजुङ राज्यकै नमुनाको झण्डा बनाए। झण्डाको नमुना हुबहु त्यही हुँदा गोरखा राज्य लमजुङ राज्यको उपनिवेश जस्तो देखिने भयो भनेर उनले पुर्खाको ऐतिहासिक धरोहरलाई कायमै राखी लमजुङ र गोरखा बेग्ला बेग्लै राज्य हुन् भनी प्रमाणित गर्न उस्तै त्रिकोणात्मक तामाका पातामा एकैतर्फ माथि चन्द्र र तल सूर्य भएको झण्डा निर्माण गराए। सूर्यका तिनै ८ कोणलाई संशोधन गरी १२ कोण बनाइयो। त्यसको आशय द्वादशी शुभ तिथि, संख्या १२ हो। द्वादशाक्षर भएको विष्णुको मन्त्र: ॐ नमोभगवते वासुदेवाय। वैशाख आदि बाह्र महिना तथा १२ राशी (मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ, मीन) सूर्यको कान्तिवृत्त भित्र पर्दछन्। त्यस्तै भगवान् शिवजीका द्वादश ज्योतिर्लिङ्गलाई पनि यसमा महत्त्व दिइएको छ। उदाहरण– सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुन। उज्जयिन्यां महाकालमोङ्कार ममलेश्वरम् ॥१॥ परल्यां वैद्यनाथं च डाकिन्यां भीमशङ्करम्। सेतुबन्धेतु रामेशं नागेशं दारूकावने ॥२॥ वाराणस्यांतु विश्वेशं त्र्याम्बकं गौतमीतटे। हिमालयतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केदारं घुश्मेशं च शिवालय ॥ ३ ॥ यस्तै शास्त्रीय प्रमाणको आधारमा गोरखा राज्यको झण्डा तयार गरिएको थियो। चन्द्रमाको भने ८ कोण नै कायम राखिएको हो। द्रव्य शाहले गोरखामा राज्य सञ्चालन गर्न थालेपछि त्यहाँ पनि इष्टदेवी स्थापना गरेका हुन्। ती देवीलाई गोरखकाली भन्न थालिएको हो। त्यहाँको पूजा व्यवस्था पनि लमजुङकालिकाको जस्तै व्यापक छ। यस हिसाबले हेर्दा नरहरि शाह लमजुङे राजा भए भने द्रव्य शाह गोरखाली राजा भए। यी दुई राज्यको सीमाना चम्पावती नदी (चेपे नदी) कायम भयो।

मुलुकको एकीकरणको सन्दर्भमा लमजुङ दरबार छोडेर बाङ्ग्रेमा बसोबास गरेका रजौटाहरूले सम्भव भएसम्म आफ्ना साथमा भएका सामग्री तथा अन्य कागजपत्रहरू साथैमा लगेका थिए। त्यहाँ इष्टदेवी राजराजेश्वरीको मन्दिरको पूजाकोठामा रहेका सामग्रीहरूमध्ये दुई त्रिकोणत्मक तामाका पातामध्ये माथिल्लोमा आठ कोण भएको सूर्य र तल्लो पाताको अर्को भागमा आठ वटै कोण भएको चन्द्रमा भएको झण्डा छ। खगोलमा सूर्य पृथ्वीबाट टाढा भएको हुँदा राज्यको झण्डामा पनि उसलाई माथि र चन्द्रमा नजिक भएको हुँदा त्यसलाई तल राखिएको हो। त्यसैगरी सूर्य दिनमा लाग्ने भएको हुँदा त्यसलाई उज्यालोतर्फ र चन्द्रमा रातमा लाग्ने भएको हुँदा त्यसलाई अँध्यारोतर्फ अर्थात् भित्तातर्फ राखिएको हो। यो झण्डा प्रकृतिमा आधारित छ। (स्रोत : भीमनारायण शाह, राजराजेश्वरीका पुजारी)। त्यो समयमा पनि वैज्ञानिक ढङ्गले काम गरेका थिए भन्ने कुराको पुष्ट्याइँ गर्न सकिन्छ। आधुनिक वैज्ञानिक युगमा पनि विज्ञानले मान्न सक्ने खालका कार्य त्यति बेला गरिएका रहेछन्। चन्द्रमा हेर्नका लागि बडो मुस्किले भित्तामा दलिनु पर्दछ। त्यस झण्डाको पूजा गरिन्छ तर त्यसलाई सार्वजनिक गरिँदैन। त्यसैगरी त्यहाँकी देवीको पूजा गरिन्छ तर ती देवीलाई सार्वजनिक गरिदैन। सबैतिरको कुरा समेटेर भन्नु पर्दा गोरखा कालिका लमजुङ कालिका र बाङ्ग्रे कालिकाको मूर्ति र महत्त्वपूर्ण सामग्रीहरू सार्वजनिक नगर्ने परम्परा छ। तामाको पातामा अष्टकोण भएको कमलपत्र तथा अष्टकोण भएको झण्डा झिकेर हेर्न समेत मनाही छ। झण्डामा राखिएको माथिल्लो अष्टकोण सूर्यको प्रतीक हो। तामाको थालीको कमलपत्र पृथ्वीको प्रतीक हो। त्यसैगरी झण्डाको तल्लो पाताको बिम्ब चन्द्रमाको प्रतीक हो। यसरी सूर्यबाट पृथ्वी र पृथ्वीबाट चन्द्रमा उत्पत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको वैज्ञानिक त्रिकोणात्मक सम्बन्ध पनि यसमा देखिन्छ। वेदले पनि यी त्रिकोणात्मक सम्बन्धलाई मानेको छ। राजराजेश्वरीको बारेमा "बाङ्ग्रेमा राजराजेश्वरी स्थापना" शीर्षकको विवरणमा थप कुरा उल्लेख गरिएको छ।

लमजुङ राज्यको झण्डामा सूर्य र चन्द्रको बिम्ब हेर्न दुबैतर्फ फर्कनु पर्दथ्यो। ठूलो झण्डा अचल रूपमा राखिएको हुन्छ भने नमुनारूपी सानो झण्डा पूजा गर्दा अन्य सामग्री जस्तै गरी यता, उता चलाइन्छ।

गोरखा राज्यको झण्डामा एकैतिरबाट हेर्न मिल्ने भयो। त्यतिबेलाका लमजुङ र गोरखाको झण्डामा तल बिंड (ह्याण्डल) थिएन। धेरै पछि शाहवंशका उज्ज्वल नक्षत्र पृथ्वीनारायण शाहले मुलुकको एकीकरण गरेपछि मात्र त्यसको तल बिंड थप्ने काम भएको हो। सोही झण्डाले पछि आएर "सिङ्गो राज्यको" राष्ट्रिय झण्डा बन्ने सौभाग्य पायो। यसको श्रेय लमजुङलाई दिनु पर्दछ।

पछि गोरखा राज्य शक्तिशाली हुँदै आयो। नरहरि शाह र द्रव्य शाहका बीच भाइ भाइमा मनमुटाव भयो। एक आपसमा झगडा भयो। झगडाको कारण के थियो भने नरहरि शाह गोरखा रज्यलाई लमजुङमा मिसाएर एउटै राज्य बनाऊँ भन्ने, द्रब्य शाह चाहिं आफूले आर्जेको राज्यमा आफ्नै आधिपत्य जमाउन खोज्दथे। झगडाले ठूलो रूप लियो। ती दुई दाजु भाइको झगडा मेटाउन राजगुरुको सल्लाह अनुसार रानी वसन्तावतीले आफ्ना दुई भाइ छोरामध्ये नरहरि शाहलाई लमजुङतर्फ र द्रब्य शाहलाई गोरखातर्फ राखेर आफू नदीमा पसेर चक्रधारी भगवान्‌लाई साक्षी राखी आफू चेपे (चम्पावती) नदीमा पसेर आफ्ना दुवै स्तन पखालिन्। आगामी दिनहरूमा खराब नियत राखेर कुनै भाइले पनि यो नदी नतर्नु भनी मिलापत्र गराएकी थिइन्। आमाको स्तन पखालेको जल नाघेर वा कुल्चेर जान हुँदैन भन्ने धार्मिक मान्यता कायम भयो। गुरुङ समाजमा आमा आफ्ना सन्तानबाट कुपित भइन् भने आफ्नो स्तन हल्लाउँदै उनीहरूलाई श्राप दिने परम्परा छ। यस्तो क्रियाकलाप मनोवैज्ञानिक दृष्टिले सबैभन्दा घातक हो। रानी वसन्तावतीले पनि यो कुरा बुझेकी थिइन्। त्यो समय भन्दा धेरै अघिदेखि, विक्रम संवतको बाह्रौं शताब्दीदेखि नै चक्रतीर्थको अस्तित्व थियो। त्यस ठाउँको नदीको किनारमा चक्र प्राप्त भएर नै त्यसको नाउँ चक्रतीर्थ रहन गएको हो भन्ने संस्कृतिविद्‌हरूको दाबी छ। चक्र भनेको बाटुलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकारको भगवान् विष्णुको एक अस्त्र हो। लमजुङतर्फ चेपेको किनारमा अवस्थित चक्रतीर्थ नामक तीर्थाटनमा आफ्ना पिता यशोब्रह्म शाहको श्राद्ध गर्ने कार्यक्रम बन्यो। नरहरि शाहले आफ्ना भाइ द्रब्य शाहलाई श्राद्धमा बोलाए। द्रब्य शाह त्यहीँ आए। उनले एउटा केटो साथी पनि ल्याएका थिए। श्राद्धको कर्म सकियो। अनि खाना खाने समय भयो। गुरुपुरोहित, इष्टमित्र, परपाहुना बन्धुबान्धव, छरछिमेक सबैलाई भान्सामा खाना पस्केर ठीक पारेका थिए। द्रब्य शाहकी धाई दिदी पनि त्यहीँ थिइन्। अरू सबै प्रसन्न मुखमुद्रामा थिए। ती धाई दिदीको अनुहार भने निकै मलिन देखिन्थ्यो। उनले गहभरी आँसु भरेर द्रब्य शाहतर्फ हेरिरहिन् तर केही पनि बोल्न सकिनन्। द्रब्य शाहको मनमा चिसो पस्यो। उनले सोचे : दरबार र तरबार एकै हो। यहाँ केही न केही षडयन्त्र पक्का छ भन्ने उनले ठहर गरे। उनले मलाई झाडा जान मन लाग्यो , लोटामा पानी देऊ त भनेर आफ्ना साथमा आउने केटासँग पानी मागे। केटाले पनि एक लोटा पानी ल्याएर दियो। त्यो बेला अहिलेका जस्ता चर्पी थिएनन्। उनी लोटा लिएर झाडीतिर पसे। नरहरि शाहले एकछिन बाटो हेरे। त्यसपछि कुरो बुझ्दा त द्रब्य शाह चेपे तरेर गोरखातर्फ कुदिसकेछन्। नरहरि शाह पनि नदी तरेर पछेटा लागे। हातमा लोटा लिएर भाइ अघि अघि, भाइलाइ मार्न तरबार लिएर दाजु पछि पछि लखेट्दै गए। भाइलाई भेटाउन नसकेर दाजु फर्केर आए। त्यसपछि द्रब्य शाह गोरखाका शक्तिशाली राजा भए।

आमाले त्यो कुरा थाहा पाइन्। आमाबाबुका लागि सबै सन्तान बराबर हुन्। नरहरि शाहको खराब नियत देखेर, बुझेर आमाले माथि उल्लेखित श्रापको प्रयोग गरिन्। आमाको श्राप पर्नाका कारण पछिल्ला दिनहरूमा नरहरि शाहका सन्तानहरूको राज्य क्षीण हुँदै गयो। आमाको स्थितिमा रहेको हुनाले द्रब्य शाहको राज्य विस्तार हुँदै गयो। राजगुरु कुश्माखर घिमिरे गोरखामा गएर द्रब्य शाहलाई न्यायको बाटो अँगाल्नु पर्दछ भनी सल्लाह दिन्थे। (स्रोत : गुरुङ)। पछि गोरखा राज्य धेरै शक्तिशाली भयो। (स्रोतः गोरखा दरबारको अभिलेख)

शाहवंशीय राजाहरूले स्थापना गरेका शक्तिपीठहरूमध्ये स्याङ्जाको लसर्घामा आलमदेवी, कास्कीकोटमा गुह्येकाली, लमजुङमा लमजुङ कालिका भए जस्तै गोरखामा गोरखकाली स्थापना गरेको भेटिन्छ। नेपालको इतिहासमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखा दरबार र गोरखकालीको विशेष महत्त्व छ। बडादशैँको फूलपातीका दिनको गोरखा कालिकाको प्रसाद र फूलपाती काठमाडौँ स्थित हनुमानढोकामा बाजागाजाको साथ भित्र्याउने परम्परा छ। लमजुङ राज्यका दरबारिया सल्लाहकार ६ थर जस्तै गोरखा राज्यका पनि पाण्डे, पन्त, बोहरा, अर्याल, राना र बस्नेत ६ थर दरबारिया सल्लाहकार थिए।

४.२४ पृथ्वीनारायण शाहको उदय

पृथ्वी वीरविक्रम शाहले रानीलाई मन पराएका थिएनन्। उनी माइत गएर बसेकी थिइन्। नरभुपाल शाह मामाघरमा नै जन्मेका हुन्। उनी त्यहीँ हुर्केबढेका हुन्। पछि उनलाई गोरखामा ल्याएर गादी चढाउने कार्यक्रम भयो। त्यस कार्यमा पण्डित गौरेश्वर पाण्डेले नरभुपाल शाहलाई ठूलोसहयोग पुऱ्याएका थिए। सोही कारणले दरबारसँग पाण्डेहरूको सम्पर्क बढ्यो। तिनै पाण्डेका सन्तान पछि दरबारका बडागुरुज्यूहरू बने। उनै नरभुपाल शाहका कुलमा, गोरखा राज्यमा शाहवंशका उज्ज्वल नक्षत्र पृथ्वीनारायण शाहको जन्म भयो। उनले टुक्रा टुक्रामा विभाजित भएको नेपाललाई एउटै मालामा उनेर विसाल नेपाल बनाउने अभियानलाई अगाडि बढाए। गोरखाबाट पूर्वतर्फ अगाडि बढ्दै जाँदा त्रिशूली नदी तर्ने बेलामा उनलाई ठूलो समस्या पऱ्यो। कारण के थियो भने नदी तर्न सक्ने सम्भावना भएन। अहिलेको जस्तो झोलुङ्गे पुल या पक्कीपुल केही पनि थिएनन्। जँगार तर्नुको विकल्प अरू उपाय केही पनि देखिएन। जँगार तर्ने सम्भावना पनि रहेन। पृथ्वीनारायण शाहले त्यहाँका ठूलाठालु हुँ भन्ने व्यक्तिहरूलाई न कोटको उमराउ न घाटको माझी भनेर उखानको प्रयोग गरेका थिए। त्यतिखेर माझीलाई महत्त्व दिएर उनले त्यो उखान भनेका हुन्। कोटको उमराउ भएको भए एउटा न एउटा अक्कल खटाएर आदेश, निर्देश दिने काम गर्थ्यो भने घाटको माझी भएको भए खुरूक्क डुँगा तार्थ्यो। पृथ्वीनारायण शाहको भनाइको लाक्षणिक अर्थ त्यो हो। उज्यालोमा डुँगा काट्ने हो भने शत्रु पक्षले थाहा पाउने हुँदा रातीमा डुँगा काट्ने व्यवस्था मिलाए। एकै रातमा रूख काटेर डुँगा तयार गर्न सक्षम कोही भए तयार होऊ भनी उनले प्रस्ताव राखे। जलेवा माझीले त्यो काम गर्न सक्ने कुरा बतायो। यदि त्यो काम सफल गर्न सकेमा उसलाई बिर्ता दिने शर्त पनि राखेका थिए। कुलानन्द जोशीले शुभ साइत निकाल्थे। योगी नरहरिनाथद्वारा तयार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको "इतिहास प्रकाशमा सन्धिपत्र संग्रह" नामक ग्रन्थमा उल्लेख गरिएको एक उद्धरण यस्तो छ : "वाहाँ देखिन् कुलानन्द जोशी साइतले नुवाकोट हान्या साइत ठहराइ साईतका कागज श्री ५ महाराजा पृथ्वीनारायणका बाहुलीमा चढाइ यो साइतमा पाउ लाग्नु हुँदा हजूरको डुङ्गामा कपुर्कदल्या माछो पर्ला त्यस्तो माछा पऱ्यो भन्या लडाडी फत्ते भयो। नुवाकोट सर भयो भनी जानु चिन्हा जाला भनि बिन्ति गर्दा भया। वाहाँदेखिन् लस्करका घरघर मुख्य मानिस लेखि काजी कालु पांडे लेषि कागज चढाया सकल लस्कर पनि हाजिर गराया श्री महोद्दामकीर्ति साह, वेणुधरसाह, विष्णु साह, तुला साह, चन्द्रप्रताप साह, भद्रु साह, मुरभर साही, ..., कालुबषेती, भानु अर्ज्याल, कुलासन्द ढकाल, विश्वश्वर जोशी प्रभृति ४५ जना मानिस आइ हाजिर हुँदा भया। गुरुपुरोहितले दीप गणेश कलश पुण्या वाचन गरी ब्राह्मणले जयशब्द बोल्दै आशीवार्द चराय। ज्योतिर्विद कुलानन्द ढकालले साइत भयो भनि बिन्ति गऱ्या र वहाँदेषिन् श्री ५ महाराज पृथ्वीनारायण शाह डुंङ्गामा राज गर्नुभयो। जलेवा माझिले डुंगा षियाउनलाई जब वहाना चलाइ डुंगा जब चलाउन लाग्यो त्रिशुल गंगादेषि जलकपुर माछा उफ्रिकन श्री ५ महाराज (का डुँगामा आइपऱ्यो र) श्री ५ महाराजा बडो हर्षमान हुनुभयो। इ कुलानन्द ज्योतिर्विद सिद्धै रह्याछन्। अब मेरो मनसुबा सिद्ध भनि ठहराउनु भइ अत्यन्त साहस बढाउनु हुँदो भयो।... वाहाँदेषिन् लस्कर पार उत्र्यापछि जुन जुन् मोहडामा षटियाका उहि उहि मोहडामा आफ्ना तयारी सित चौतरिया काजी सरदार ज्येठाबुढा नजीकि उमारा जाँदा भया (पृ.३३५...३३७)। जलेवा माझीको नेतृत्वमा एकै रातमा डुँगा तयार गरी रातीमै ती सबैलाई नदी तार्ने काम भएको थियो। पृथ्वीनारायण शाहको फौज त्रिशूली नदी तरेर पूर्वतर्फ लाग्यो। त्यसपछि राज्यविस्तारको अभियानलाई उनले अघि बढाए। (स्रोतः योगी...)। कुलानन्द जोशी, जलेवा माझी जस्ता व्यक्तिहरूको इतिहास लेखिनु पर्दछ। उनका सन्तान को हुन् तिनको बारेमा पनि अध्ययन हुनु पर्दछ।

त्यसैगरी धेरै पटक लडाइँ गरी हार खाएका पृथ्वीनारायण शाह जनइच्छा बुझ्न भनी गाउँघरतर्फ हिंडे। एकदिन साँझमा एउटी बूढीआमैको घरमा बास बस्न पुगे। उनले आफू लाई गोठालोको रूपमा परिचय दिए। बूढीआमैले खिर पकाएर खान दिइन्। उनले खिरका भागको माझबाट झिकेर एकै गाँस खाएका थिए। हात झट्कारेर भने : "कति तातो हो खिर पनि ? हातै पोल्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुखै पोल्यो, पेटै पोल्यो।" अनि बूढीआमैले भनिन् : गोठालाले खिर खान जानेन, पृथ्वीनारायण शाहले राज गर्न जानेन।" बूढीआमैबाट यति कुरा सुनेपछि आफूले खोजेको कुरा पाइयो भनी उनी ढुक्क भए। उनले किन र आमै भनेर सोधे। तिमीले तातो खिर माझबाट झिकेर खायौ र त तिम्रो हात, मुख र पेट पोल्यो। त्यसै गरी पृथ्वीनारायण शाहले पनि कीर्तिपुरको माझमा गएर हमला गरे तर असफल भए। पहिले छेउ छेउका गाउँघरमा हमला गरी तिनलाई हातलाइ गरिसकेर मात्र शहरमा पस्नुपर्दथ्यो। पृथ्वीनारायण शाह पनि तिमी जस्तै रहेछन्। सर्वसाधारण जनमानसबाट पाउनु पर्ने यथार्थता उनले पाए। यो मूलमन्त्रलाई लागू गर्ने कुरा मनमनै प्रतिज्ञा गरे। त्यो रात त्यहीँ बास बसेर भोलिपल्ट उनी आफ्नो बाटो लागे (स्रोत : योगी नरहरिनाथ)

त्यसैगरी लडाइँ गर्दा गर्दा राज्यको ढुकुटी रित्तिएको अवस्था थियो। एक दिन पृथ्वीनारायण शाह बिसे नगर्चीको घरमा गए। ती दुई बीच भलाकुसारी भए। बाह्र सय घरधुरी भएको राज्यमा राज्यको ढुकुटी रित्तिएको, सेनालाई नयाँ खालको तालिम दिन खर्च नभएको र लडाइँका खरखजाना पनि नभएको कुरा बिसे नगर्चीलाई उनले जानकारी दिए। बिसे नगर्ची घरभित्र पसेर एक रुपियाँ ल्याएर पृथ्वीनारायणका अगाडि राखिदियो। एकछिन उनी अलमलिए। गोरखा राज्यका बाह्र सय घरमध्ये एउटा घर मेरो हो भनी उसले जानकारी दियो। पृथ्वीनारायण शाहले कुरो बुझे। त्यसपछि प्रत्येक घरबाट एक रुपियाँका दरले सहयोग लिई बाह्र सय रुपियाँ जम्मा गरी राज्यकोष बलियो बनाए। केही सेना साथ लिई उनी काशी गए। उतैबाट सैनिक तालिम र खरखजानाको व्यवस्था मिलाए। अनि नेपाल फर्के। त्यसपछि छेउ छेउका गाउँघरलाई आफ्नो कब्जामा लिइसकेर केन्द्रमा रहेका शहरमाथि विजय प्राप्त गरी गोरखामा रहेको झण्डा कीर्तिपुरमा लगेर गाडे र सबैलाई एकतामा जुटेर देसको विकास गरौँ भनी आह्वान गरे। यसरी पृथ्वीनारायण शाहले जनस्तरबाट ठूलो सहयोग पाएका थिए। आफू बालक छँदा गुरु गोरखनाथबाट पृथ्वी नारायण शाहले राज्यविस्तारको आशीर्वाद पाएका थिए। कीर्तिपुर विजय गरेपछि त्यो आशीर्वाद बल्ल पूरा भयो।

४.२५ बाङ्ग्रेमा राजराजेश्वरी स्थापना

गोरखामा लमजुङको प्रभुत्व जमाउने राजा द्रव्य शाहका वंशमा देदीप्यमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भई उदाएका राजा पृथ्वीनारायण शाहले नेपाल राज्यको एकीकरण अभियान चलाएपछि उनका शेषपछि पनि त्यो अभियान जारी नै रह्यो । बहादुर शाह र राजेन्द्रलक्ष्मीको राज्यविस्तार अभियान अगाडि बढ्यो । द्रव्य शाहका दाजु नरहरि शाहका सन्तानमध्येका लमजुङका अन्तिम राजा वीरभुपाल शाहका पालामा लमजुङ राज्य विशाल नेपालमा समाहित हुनपुग्यो । लमजुङे राजा वीरमर्दन शाहको वि.सं. १८३९ कार्तिक १९ गते तखतहरण भएको थियो । ती राजा आफ्ना सहयोगीहरूलाई साथमा लिएर पश्चिमी लमजुङको बाङ्ग्रे भन्ने ठाउँमा आए । पहिलो रात क्याउँसीघारीमा बास बसे । गुरुङभाषामा कटुसलाई क्याउसी भनिन्छ । यसको अर्थ कटुसघारीमा बास बसेको भन्ने बुझ्नुपर्दछ (स्रोत: भीमनारायण शाह नरहरि शाह तर्फका सन्तति) । यस भनाइबाट क्याउँसीघारीमा बास बसेका हुनाले त्यो ठाउँलाई क्याउँसीबास भन्न थालिएको हो । सोही शब्द अपभ्रंश भएर पछि पछि घ्याउँसीबास भन्न थालिएको हो । अहिले त्यो ठाउँ घ्याउँसीबासको नाउँले प्रख्यात छ । त्यसपछि तिनीहरू थोरै तल समथर एवं उर्वर भूमिमा बसोबास गर्न थाले । शाहवंशका राजखलकका ठकुरीहरू छापिएर बसेको ठाउँ भएको हुनाले त्यस ठाउँलाई खलकछाप भन्न थालिएको हो (स्रोत : दिलबहादुर शाह) । त्यसै ठाउँमा वीरमर्दन शाहले इष्टदेवी राजराजेश्वरीको मन्दिर बनाएर पूजाआजा गर्ने परम्परा बसालेका हुन् । लमजुङ दरबारबाट बाङ्ग्रे, खलकछापमा राजाका साथमा आउने समूहका प्रतिनिधिहरू यस प्रकार थिए– १. काजी ठकुरी (शाहवंशीय ठकुरी) युवराजको संरक्षकको रूपमा उनी आएका थिए । उनी पूजाव्यवस्थापक थिए । २. बलिथुमका ढकाल थरका ब्राह्मण : गुरुपुरोहित ३. फूलपाते थापा : पूजाका लागि फूलपाती जुटाउने व्यक्ति ४. द्वारे : मन्दिरको द्वार (ढोका) मा बस्ने र आवश्यक सामग्री ओसारपसार गर्ने व्यक्ति, खवास ५.नगरा बजाउने नगर्ची । अहिलेसम्म पनि राजराजेश्वरीको पूजा गर्दा माथि उल्लेख गरिएका व्यक्तिहरूका सन्तानले उही काम गर्ने परम्परा कायमै छ । बडादशैँ र चैतेदशैँमा ती देवीको पूजा गरिन्छ ।

४.२६ थान्सिङकोट राजेश्वरी देवी

बाङ्ग्रेमा राजराजेश्वरी देवीको स्थापना पश्चात् त्यसको केही माथि थान्सिङको डाँडामा पनि एउटा शक्तिपीठको स्थापना गरी कोट खडा गरेको भेटिन्छ । त्यहाँ राजेश्वरी नामकी देवी छन् । त्यो ठाउँ साबिक नेटा गा.वि.स.को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वार्ड नं. ६ मा पर्दछ । ती देवीको पूजा जिम्मुवाली प्रथाबाट चल्दैआएको पाइन्छ । थान्सिङ गाउँको पुछारमा रहेको निउरे घारीको गहिरो खेत र केही मात्रामा अन्यत्र पनि गुठीको जग्गा छ । बडादशैँमा व्यवस्थित ढङ्गले पूजा गर्ने परम्परा बसालेको पाइन्छ ।औँसीका दिन मन्दिर वरिपरि सफा गरिन्छ । घटस्थापनाका दिनदेखि पूजा गर्ने चलन छ । त्यसै दिनदेखि नगर्चीले नगरा बजाउने गर्दछन् । विश्वकर्माले पटाङ्गिनी सफा गर्दछन् । खड्का थरका क्षेत्री समुदायले फूलपाती ल्याउने काम गर्दछन् । फूलपाती ल्याउनका लागि चार जना युवालाई जिम्मा दिइएको हुन्छ । सप्तमीका दिन बिहान उनीहरू पहिले मिदिमखोलामा जान्छन् । त्यहाँ उनीहरू नुहाइ धुहाइ गर्दछन् । त्यहाँबाट तिनीहरू बङ्ग्रेबेसीको बाटो फर्कन्छन् । कसैसित पनि नबोली त्यो सेरोफेरोमा फूल तथा फलफूल टिप्ने, उखु काटेर ल्याउले गर्दछन् । त्यस दिनमा ती चीज ल्याउन उनीहरूलाई छुट हुन्छ । गाउँलेले नराम्रो मान्दैनन् । बाङ्गेबेसीबाट ती सामान लिएर उनीहरू वनको बाटो माथि आउँछन् । मालिकाको स्थानमुन्तिर गहिरो ठाउँमा आएर तिनीहरू थोरै समय लुक्छन् ।त्यो ठाउँलाई फूलपाते लुक्ने गहिरो भन्दछन् । गाउँबाट अर्को टोलीले त्यहाँ डोली लगेर राखिदिएका हुन्छन् । पहिले डोली लगेर राखिदिएको भए तलबाट ल्याएका सबै सामग्री त्यसै डोलीमा राख्छन् । कथंकदाचित् त्यहाँ डोली ल्याइएको रहेनछ भने फूलपातेहरू त्यसै ठाउँमा लुकेर बस्छन् । त्यसपछि डोली त्याए भने ती दुई थरीका बीच बोलचाल हुँदैन । डोली त्यहीँ राखिदिएर उनीहरू फर्कन्छन् । फूलपातेले आफूहरूले ल्याइका फूलपाती त्यसै डोलीमा राख्छन् र डोली बोकेर हिँड्छन् । त्यसै बीचमा उनीहरूलाई लिन भनी बाजामण्डली पञ्चेबाजा बजाउँदै बीचबटोसम्म जान्छ । तिनका साथमा अन्य मानिसहरू पनि हुन्छन् । बीच बाटामा दुई वटा माटाका ढिस्का छन् । ती ढिस्कामा फूलको डोलीका डाँडीका दुई छेउ अड्याएर थोरै समय विश्राम गर्छन् । त्यसलाई डोली बिसाउने ठाउँ भन्दछन् । फूलपातेहरू मिदिमखोलामा नुहाएपछिमन्दिरमा फूलपाती नभित्र्याएसम्म एकआपसमा त बोल्छन् तर अरू कसैसँग बोल्दैनन् । फूलको डोली मन्दिर बाहिर पटाङ्गिनीमा ल्याइपुऱ्याउँछन् । अनि बन्दूक पड्काइन्छ । त्यसपछि फूलको डोली मन्दिरभित्र लगिन्छ । त्यसलाई फूलपाती भित्र्याउने भन्दछन् । देवीको पूजा गरी त्यो फूल तथा नैवेद्य चढाइन्छ । त्यस मन्दिरलाई दशैँघर तथा कोटघर पनि भन्दछन् । मन्दिरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगाडि समथर ठाउँ छ । त्यसलाई पटाङ्गिनी भन्दछन् । पटाङ्गिनीमा एउटा मौलो गाडिएको छ । महाअष्टमीका दिन विशेष खालको पूजा गरिसकेपछि मन्दिरभित्र बोको काटेर देवीलाई बलि दिइन्छ । बाहिर पटाङ्गिनीमा राँगो काटेर मौलोमा बलि दिइन्छ । अष्टमीका राती कालरात्रि जगाउने परम्परा छ । नाच, गान , बजान तथा देवी महिमाका भजन कीर्तन गाइन्छन् । तिनै बलि पारेका बोको र राँगोमध्ये कसैले बोकाको मासु र कसैले राँगाको मासु प्रसादको रूपमा खान्छन् । महानवमीका दिन सामान्य पूजा हुन्छ । विजयादशमीका दिन सोही मन्दिर (कोटघर) मा पूजा सकेपछि बन्दूक पड्काइन्छ । गुरुपुरोहितले कर्ता उमराउलाई टीका जमरा लगाइदिन्छन् । अनि गाउँघरका सबैलाई टीका खुल्छ । बडादशैँका दश दिनसम्म त्यस मन्दिरमा चण्डीपाठ हुन्छ । त्यहाँका गुरुपुरोहित कोइराला थरका ब्राह्मण छन् । कर्ता उमराउ चाहिँ ठकुरी, बिस्ट थरका क्षेत्री र गुरुङ छन् । ती मध्ये बिष्ट मौलाका पुजारी हुन् भने ठकुरी र गुरुङ चाहिँ देवीका पुजारी हुन् । ती तिनै थरी कर्ता जिम्मुवाल मुखियाको काम गर्दै आएका व्यक्तिहरू हुन् । गाउँघरको तिरोभरो उठाएर त्यहाँ लाग्ने खर्च उनीहरूले नै व्यहोर्ने परम्पराबाट पूजा चल्दै आएको देखिन्छ । त्यहाँ सरकारी रकम आएको अभिलेख छैन । आजकाल जिम्मुवाली प्रथा हटेर गएको हुनाले आम्दानीको स्रोत छैन । तसर्थ पूजा व्यवस्थापन सङ्कटमा पर्दै आएको छ ।त्यसो हुँदा परम्परा, संस्कार तथा संस्कृति धान्नका लागि त्यसै वार्डका प्रत्येक घरबाट रकम उठाएर पूजा चलाउने नयाँ परम्पराको थालनी भएको छ । यथार्थमा यी देवी बाङ्गे, खलकछाप स्थित राजराजेश्वरी देवीकै शाखाका रूपमा स्थापना गरेको बुझिन्छ । खलकछापमा सरकारी रकम आउने, खलकछापको निर्देशन बमोजिम जिम्मुवाल मुखियाले स्थानीय रूपमा रकम उठाएर पूजा चलाएको जिल्ला मालपोत कार्यालय लमजुङबाट पनि थाहा लाग्दछ । पहिलेको चलन अनुसार थान्सिङकोटलाई कोटघर मानेका र खलकछापलाई राज्यको स्वरूप मानेको यथार्थता खुल्दछ । (स्रोत : कृष्णबहादुर खड्का, स्थानीय बयोबृद्ध एवं फूलपाती सङ्कलक) । थान्सिङकोटमा अवस्थित राजेश्वरीको मन्दिर यसलाई कोटघर पनि भन्दछन् ।

४.२७ अन्य केही ऐतिहासिक ठाउँहरू

लमजुङ जिल्ला ऐतिहासिक दृष्टिले धेरै धनी छ । यसका गर्भभित्र महत्त्वपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहासहरू लुकेका छन् । ऐतिहासिक धरोहर बोकेका केही ठाउँहरूलाई यहाँ चिनाउने जमर्को गरिएको छ

४.२७.१ चक्रतीर्थ

यो ठाउँ पूर्वी लमजुङको सीमावर्ती क्षेत्र हो । यसलाई अल्काटारको नाउँले पनि चिनिन्छ । राम्रो टार परेको जमिन भएको हुँदा कृषिजन्य वस्तु उत्पादन गर्न यो ठाउँ उपयुक्त छ । वास्तविक चक्रतीर्थ चाहिँ चेपेखोलाको किनार लमजुङतर्फ पर्दछ । लमजुङ र गोरखाको सिमानामा चेपे खोलो बग्दछ । यसका विभिन्न ठाउँमा माथिदेखि तलसम्म हरिबोधनी एकादशीका दिनमा मेला लाग्ने गर्दछ । त्यस दिन स्नान गर्ने, फूल तार्ने र बगाउनेको ठूलो भिड लाग्दछ ।

नैमिसारन्यदेखि चक्रतीर्थसम्म

पौराणिक कथनअनुसार देवता र दानव मिलेर समुद्र (क्षीरसागर) मन्थन गर्दा चौध रत्न उत्पन्न भए । ती रत्न निम्नानुसार छन्:

लक्ष्मी कौस्तुभ पारिजातक सुरा धन्वन्तरिश्चन्द्रमा ।
गावः कामदुधा सुरेश्वर गजो रम्भादि देवाङ्गना ॥
अश्वः सप्तमुखो विषः हरिधनु शङ्खोऽमृतचाम्बुधे ।
रत्नानीह चतुर्दश प्रतिदिनं कुर्यु सदा मङ्गलम् ॥

अर्थात् : १. लक्ष्मी २.कौस्तुभ मणि ३. पारिजात ४. सुरा (मदिरा) ५. धन्वन्तरी ६. चन्द्रमा ७. कामधेनु गाई ८. ऐरावत हात्ती ९. रम्भादि अप्सराहरू १०. उच्चैश्रवा घोडा ११. विष (कालकूट) १२. हरि धनु (श्राङ्ग धनु) १३. पाञ्चजन्य शङख १४. अमृत

ती मध्ये अमृतको घडा एक हो । अमृतको घडा दानवहरूले लुटेर लैजान्छन् कि भन्ने डरले भगवान् विष्णुले सुरक्षा गर्न भनी त्यस घडालाई आफ्नो सुदर्शन चक्रमा राखे । अनि गरुडको सवारमा वायुवेगले आकासमार्गको बाटो तताए । भारतको नैमिसारन्य क्षेत्रमा त्यो चक्र धसाए । अमृतको घडालाई त्यहीँ लुकाए । त्यहाँबाट पानीको मूल निस्क्यो । त्यस अघि त्यहाँ त्यो मूल थिएन । तसर्थ त्यस ठाउँलाई उत्तम तीर्थस्थल मान्न थालिएको हो । सोमवारे औँसीको दिनमा त्यस ठाउँमा मेला लाग्दछ । महाभारतका मूलपात्र पाण्डवहरूले पानी पिउने गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनी विश्वास गरिदै आएको एउटा इनार पनि त्यहीँ छ । अघिपछि त्यस कुवामा पानी देखिदैन । महावारूणी योग परेको समयमा माथिबाट हेर्दा त्यस इनारमा पानी देखिन्छ भन्ने विश्वास छ (स्रोतः साथमा रघुनाथ घिमिरे तीर्थयात्री, रत्ननगर ङनगरपालिका वडा नं. ९ टिकौली, चितवन) । महावारूणी योगबारे तलको प्रमाण हेरौँ:

वारूणी योगः

वारूणेन समायुक्ता मधौ कृष्णात्रयोदशी ।
गङ्गायं यदि लभ्येत सूर्यग्रहशतैसमा ॥७६॥
शनिवार समायुक्ता सा महावारूणी स्मृता ।
शुभयोग समायुक्ता शनौ शतभिषा यदि ।
महामहेति विख्याता त्रिकोटिकुलमुद्धरेत् ॥७७ ॥

नेपाली भाषामा अर्थ

चैत्रकृष्ण त्रयोदशी तिथि शततारकाले युक्त भयो भने त्यस दिन गङ्गाजीको स्नान अथवा गङ्गा प्राप्ति मात्र भयो भने पनि १०० सूर्य-ग्रहणको दान गरेको समान फल दिन्छ । शनिवारले युक्त भयो भने महावारूणीयोग जान्नु । शुभयोगयुक्त शनिश्चरवार शतभिषा नक्षत्रमा पऱ्यो भने त्यसलाई महामहावारूणीयोग जान्नु । त्यस दिन गङ्गास्नान गर्नाले तीनकोटि कुलको उद्धार हुन्छ ॥७६-७७ । (स्रोतः ज्योतिः सार) ।

त्यहाँ चार वेदका मूर्ति छन् । पुराणका प्रवक्ता शुकदेवको मूति पनि छ । अन्य विभिन्न देवदेवीका मूर्ति पनि छन् । बैङ्कटेश्वर भगवान्को मूर्ति पनि छ । वैष्णव धर्मालम्वीहरूको ठूलो अखडा पनि छ । भारतका ठूला ठूला भक्तलजनहरूले प्रत्येक दिन भण्डारा लगाउँछन् । त्यहाँ बस्ने मानिसहरू कोही पनि भोको बस्न पर्दैन । माथिको प्रसङ्गमा लुकाइराखेको अमृतको घडा केही दिनपछि भगवान् विष्णुले सुदर्शनचक्रको साथमा थुते । गरुडको सवारमा वायुवेगले अघि बढ्दै हिमालको काखमा पुगे । त्यस ठाउँमा पनि सुदर्शनचक्र धसाएर अमृतको घडा लुकाए । त्यस ठाउँमा दूधै दूधको एउटा पोखरी तयार भयो । त्यस पोखरीलाई दूधपोखरी भन्न थालियो । त्यो पोखरी उत्तम तीर्थस्थलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा स्थापित हुँदै आयो। त्यो पोखरी नेपालको मध्य पश्चिम भागको चेपे नदीको शिरमा पर्ने जनैपूर्णिमाको दिनमा मेला लाग्ने एक तीर्थ, दूधकुण्डको रूपमा परिचित छ। पहिले त्यस ठाउँमा त्यो पोखरी थिएन। दूधपोखरी चेपे नदीको उद्गमस्थल हो। त्यहाँ जनैपूर्णिमाको अवसरमा मेला लाग्दछ। त्यहाँ नुहाउँदा अमृतले नुहाएको विश्वास हुन्छ। वरिपरिका रूखबिरूवाबाट झरेका पात पोखरीमा पर्नासाथ चराले टिपेर टाढा लगेर फाल्ने गर्दछ। पोखरीमा पात नरहनु त्यहाँको एउटा ठूलो विशेषता हो। पहिले पहिलेका तीर्थयात्रीहरू त्यस पोखरीमा दूधले नै नुहाउँथे। कुनै तीर्थयात्रीले त्यो दूधमा खिर पकाएर खाएका हुनाले दूध देखिन छोडेको हो भन्ने किंवदन्ति छ। भगवान् विष्णुले अमृतको घडालाई त्यहीँ छोडी सुदर्शनचक्र मात्र थुते। अमृतको घडा छचल्किँदा केही अमृत सुदर्शनचक्रमा पनि परेको थियो। त्यो चक्र अल्काटारको एक छेउ चेपे नदीको किनारमा धसे। भगवान् विष्णुले सुदर्शनचक्रको साथमा काखीमा चेपेर ल्याएको घडाबाट उत्पन्न भएको नदी भएको हुनाले त्यसको नाउँ चेपे रहन गएको हो भन्ने किंवदन्ति छ। चक्र राखिएको तीर्थ भएको हुनाले त्यस ठाउँलाई चक्रतीर्थ भनिएको हो। भगवान् विष्णु डुल्दै गए। उनले कुनै एउटा कुवामा हात धोए। अशेषको रूपमा उनका हातमा रहेको अमृत त्यसै कुवामा पर्न गयो। दानवहरूबाट अमृतको घडालाई सुरक्षा गर्नका लागि विभिन्न ठाउँमा राखेर उनीहरूलाई अलमल्याइएको थियो। भगवान् विष्णुका पछि पछि दानवहरू पनि आउँदै थिए। विष्णुले कुवामा हात धोएको उनीहरूले देखे। विष्णु भगवान् हिँडिसकेपछि दानवहरू मिलेर त्यो कुवा खोतल्न थाले। अमृतको गन्ध पाएर सिङ्गो घडा भेटाउने आसाले निकै खोजी गरे। कुवाको पानी मात्र धमिलियो तर अमृतको घडा पाइएन। उनीहरू निरास भएर फर्के। त्यहाँदेखि त्यस कुवालाई धमिलीकुवा भन्न थालिएको हो। दानवले खोतलेर धमिलो बनाएको भए पनि त्यो कुवा भित्र अमृत परेको हुनाले त्यसलाई पवित्र मानिन्छ। आजकाल त्यस ऐतिहासिक कुवाको बाहिर पट्टि मन्दिर निर्माण गरिएको छ। त्यो कुवा मन्दिर भित्र छ। त्यस मन्दिरको भित्तामा राखिएको उद्घाटनपटको नमुना यस्तो छ : उक्त उद्घाटनपटको हुबहु विवरण यस्तो छः

ऐतिहासिक धमिलीकुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐतिहासिक धमिलीकुवा पुनः निर्माण २०६४ सालमा सम्पन्न भई आज मिती २०६६ पौष २७ गतेका दिन भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव श्री पूर्ण कडरिया ज्यूबाट उद्घाटन सु-सम्पन्न भयो ।

पछिल्ला दिनहरूमा त्यो क्षेत्र नै धमिलीकुवाको नाउँले परिचित भएको हो । त्यस गा.वि.स.को साबिक नाउँ नै धमिलीकुवा हो । योगी नरहरिनाथको लेखाइ अनुसार चेपेको किनारमा एउटा चक्र प्राप्त भएको थियो । यसबाट पनि त्यस ठाउँको महत्त्व अझ बढी झल्किन्छ । त्यस ठाउँमा चक्रधारी भगवान् विष्णुको मूर्ति सहितको एक मन्दिर छ । पहिले चक्र लुकाइएको र पछि प्राप्त भएका कारणले पनि चक्रतीर्थको महत्त्व निकै बढेको छ ।

४.२७.२ सुन्दरबजार

काठमाडौँदेखि पोखरासम्मको पुरानो हुलाकीसारको बाटामा पर्ने सुन्दरबजारमा एउटा पौवा छ । त्यस पौवालाई बरेटारको पौवा भन्दछन् । किनभने सुन्दरबजारको पुरानो नाउँ बरेटार हो । बरेटारको पौवाका निर्माता श्री भवानीदत्त थापा हुन् । अहिलेको जस्तो लज तथा होटेलको सुबिधा नभएको समयमा त्यो बाटो आवतजावत गर्ने यात्रुहरूका लागि बिश्राम गर्न तथा बास बस्न सुबिधा होओस् भनी त्यो पौवा निर्माण गराएका हुन् । त्यस पौवाको भित्तामा एक शिलालेख छ । त्यसमा अन्य विवरणका साथै पौवा स्थापना मिति र स्थापना गर्ने व्यक्तिको नाउँ यसरी लेखिएको छः

"संवत् १८६१ मिति फाल्गुन कृष्ण ८ रोज ५, निर्माताः श्री भवानीदत्त थापा ।"

यी थापा भीमसेन थापाका खलक हुन् । यस पौवाको परिसरमा एक शिवालय छ । पहिले यसको गुठीको जग्गा थियो । पछिल्ला दिनहरूमा मोहीले जग्गा रैकर बनाएर पूजा व्यवस्थापन नियमित नभएको देखिन्छ । पहिले कुँवरजोगीले शिवजीको पूजा गर्दथे । आजकाल एकजना सेढाई ब्राह्मणले साँझबिहान नित्य शिवजीको पूजाआजा गर्ने गरेका छन् । प्रत्येक वर्ष शिवरात्रिको दिनमा शिवजीको पूजा गरी जलधारा दिने परम्परा छ । सुन्दरबजारको पुरातात्त्विक महत्त्वका रूपमा यस पौवालाई लिइन्छ । जलदेवी तथा करङखोलाका शक्तिपीठ पनि यस ठाउँका सांस्कृतिक सम्पदा हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.२७.३ कालीमराङ ठानाको सैनिक हाजिरी

लमजुङ जिल्लाको पुरानो सदरमुकाम कुन्छादेखि पश्चिम तथा जिताकोटदेखि पूर्वमा कालीमराङ अवस्थित छ। वि.सं.१८३९ मा लमजुङ बृहत्तर नेपालमा समाहित भएपछि वि.सं.१८३९ आषाढ शुक्लपक्ष अष्टमी तिथि, बिहीवारका दिन कालीमराङमा ठाना कायम गरी सैनिक हाजिरी लिइएको थियो (खनाल, २०२६ : २६-३३)। माथिको विवरणको आधारमा वि.सं.१९९७ मा कुन्छामा सदरमुकाम आउनुभन्दा धेरैवर्ष अगाडि नै कालीमराङमा ठाना खडा गरेको कुरा स्पष्ट हुन आउँछ।

कुन्छाकै प्रसङ्गमा कालीमराङ भन्ने ठाउँमा घुम्ती अड्डा भएको भेटिन्छ। राणा शासनकालमा दक्षिण-पश्चिम लमजुङका मुद्दामामिला खेप्ने नागरिकहरूको सुविधाका लागि त्यहाँ शाखा राखिएको रहेछ भन्ने थाहा लाग्दछ। सानातिना मुद्दामामिलाको तारिख दिने र मुद्दा छिन्नेसमेत त्यसै ठाउँबाट हुने गरेको थाहा लाग्दछ। प्रजातन्त्रको उदय (२००७ साल) पछि पनि कुन्छा खमारीबोट निबासी धनञ्जय कोइरालाले कालीमराङको चौतारामा बसेर झगडियाहरूलाई रोहवरमा राखेर लेखापढी गर्दथे। जसका कारण उनीहरू कुन्छाभन्ज्याङ जानुपर्दैनथ्यो (स्रोतः शुभनाथ मिश्र, स्थानीय बुद्धिजीवी एवं समाजसेवी)। त्यस ठाउँलाई कालीमराङ ठाना भन्दथे। कालीमराङ ठाना भएको ठाउँ भागिरथी भञ्ज्याङ्को पश्चिमी भागमा पर्दछ। त्यहाँ एउटा पुरानो चौतारो छ। त्यसै चौतारोमा बसेर मुद्दामामिला हेर्ने चलन थियो। तीजका दिन व्रतालु महिलाहरूले त्यसै चौतारामा बसेर नाचगान गर्ने भएकाले त्यसलाई तीजको चौतारो पनि भन्दछन्। कोइराला घुम्तीठानाका अध्यक्ष थिए। सदस्यका रूपमा रहेर सहयोग पुऱ्याउने काममा कुन्छा गौली गाउँका श्रीनिधि गौलीको संलग्नता रहन्थ्यो।घुम्ती ठानाकै प्रसङ्ग उठाउँदा वि.सं.१९९७ मा कुन्छामा लमजुङको सदरमुकाम स्थापना भयो। कुन्छामै अवस्थित हालको शान्तिबजार परिसरमा पनि एउटा घुम्ती ठाना खडा गरिएको थियो। कालिमरा ठानाकै शैलीमा त्यसबाट काम गरिन्थ्यो। त्यो ठाना र कालिमराङ ठानाका सञ्चालकहरूले एकैठाउँमा भेला भएर बैठक बसी नीति नियम बनाउँथे भन्ने स्थानीय समाजसेवी शुभनाथ मिश्रको अनुभव पनि यसैमा समेटिएको छ। कुन्छा भञ्ज्याङमा अवस्थित मुख्य ठानामा धेरै भीड नहोस् भन्ने र टाढा-टाढाबाट मुद्दामामिला खेप्न आउने नागरिकहरूलाई सुविधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होस् भन्ने उद्देश्यले त्यहाँ घुम्ती ठाना स्थापना गरिएको थियो। घेर्मु, पुस्तुन बाहुन डाँडा, घनपोखरा जस्ता लेकबाट आउने जगडीयाहरूका मुद्दामामिला त्यहीँबाट छिनोफानो गरिन्थ्यो। साथै स्थानीय झगडियाहरूलाई पनि त्यहीँ मेलमिलाप गराएर फिर्ता पठाइन्थ्यो। यसको आशय झगडीयाहरू मुख्य ठानामा मुद्दा दर्ता गर्न नजाऊन् र मेलमिलापबाट नै झगडाको टुङ्गो लागोस् भन्ने थियो। स्थानीय श्रीनिधि गौली, तोयनाथ गौली लगायतका पञ्चभलाद्मी, समाजसेवीहरूले त्यसलाई सकारात्मक ढङ्गले परिचालन गरेका थिए (स्रोतः गोपाल गौली, स्थानीय बुद्धिजीवी एवम् समाजसेवी)। वि.सं.२०१७ पुस १ गतेका दिन तत्कालीन राजा महेन्द्रले नेपालमा पञ्चायती व्यवस्था लागू गरेपछि ती दुवै घुम्ती ठाना स्वतः निष्क्रिय भए।

४.२७.४ कुन्छा

नेपालको राजधानी काठमाडौँदेखि १७० कि. मि. पश्चिम र सुन्दर नगरी पोखरादेखि ८० कि.मि. पूर्वमा कुन्छा पर्दछ। यो ठाउँ समुद्र सतहदेखि करिब ३ हजार फिटको उचाइमा अवस्थित छ। जनबोलीमा यो भन्दा राम्रो ठाउँ अरू कुन छ ? भन्दाभन्दै कुन्छा नाउँ रहन गएको जनश्रुति पनि भेटिन्छ। जनरल भीमसेन थापा देशको प्रधानमन्त्री भएपछि वि.सं. १८६४ मा नेपालका एक महान् सपुत बडाकाजी अमरसिंह थापाले कुन्छाभन्ज्याङमा ऐतिहासिक पौवा निर्माण गरेका थिए। अमरसिंह थापालाई बूढाकाजी पनि भनिन्थ्यो। उनी रणबहादुर शाह र गीर्वाणयुद्धविक्रम शाहका राज्यकालमा पश्चिमी क्षेत्र विजय गर्न गएका प्रसिद्ध काजी हुन्।

कुन्छा भन्ज्याङ स्थित पौवा :

तेलिया इँटले कलात्ममक शैलीमा निर्माण गरिएको यो तीनतले पौवामा गोरखा दरबारमा जुन किसिमको इँटा प्रयोग गरिएको छ, त्यही इँटा यहाँ प्रयोग गरिएको छ। झिँगटीको छानो भएको उक्त पौवाको मर्मत गर्ने कार्य समाजसेवी श्री रत्नकुमार राजभण्डारी र कुन्छा गाउँ विकास समितिद्वारा गरिएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशवर्षे द्वन्द्वकालको समयमा २०५९ साल मंसिर २९ गते साँझ तत्कालीन विद्रोही शक्तिले त्यो भवनलाई क्षतविक्ष्यत गराएको थियो। पछि त्यसको कारण बुझ्दा केही समय त्यो भवनलाई प्रहरी चौकीको रूपमा प्रयोग गरिएको थियो। सोही कारणले त्यसो गरिएको हो भन्ने निस्कर्ष निस्केको थियो। त्यो भवन नेपालको इतिहासमा माध्यमिक कालीन सभ्यताको एउटा धरोहर हो। त्यसको महत्त्व नबुझ्नाले नै त्यो काम भएको थियो। पछि वि.सं. २०६४/०६५ मा पुरातत्व विभागले अत्यन्त राम्रोसँग मर्मत गराइदिएको छ। त्यो समयमा पोखरादेखि काठमाडौँसम्मको पैदलयात्राको क्रममा अत्यन्त लामो दूरीलाई पोखरा आरम्भ हुँदै शिशुवा, सातमुहाने द्यौराली, खाल्टेफाँट, शिशाघाट, सोतीपसल, रिस्तीफाँट, कुन्छाभन्ज्याङ, मानेचौका, तार्कुघाट, धमिलीकुवा, ठाँटीपोखरी, लुइँटेलभन्ज्याङ पौवाबजार, त्रिशूलीबजार, सेरा, ढाँडफेदी, रानीपौवा र तीनपिपले हुँदै काठमाडौँ जिल्लाको बालाजुमा आएर देशको राजधानीमा प्रवेश हुन्थ्यो। वि.सं.१९०३ को कोतपर्व पछि जङ्गबहादुर. राणा नेपालको प्रधानमन्त्री भए। वि.स. १९१३ सालमा कास्की र लमजुङको महाराजा भएर आउँदा माथि उल्लेखित क्षेत्रहरू हुँदै कतै घोडामा र कतै पैदलयात्रा गरेर पोखरा पुगेका थिए। वि.सं.१९१३ साल श्रावणमा जङ्गबहादुरलाई श्री ५ सुरेन्द्रबाट कास्की र लमजुङको श्री ३ महाराजा घोषणा गरी निम्न अधिकार दिइएको थियो :

क. प्राणदण्ड वा त्यसको माफी दिने ख. सरकारी कर्मचारीको नियुक्ती गर्ने र बर्खास्त गर्ने ग.भोट चीन कम्पनी सरकार वा अन्य विदेशी राष्ट्रहरूसँग युद्ध वा सन्धि गर्ने घ.अपराधीलाई दण्ड दिने र देवानी, फौदारी वा जङ्गी विभागका लागि कानुन बनाउने रहेका थिए (स्रोत नेपाल अधिराज्यमा तनहुँ)।

त्यो बेला कुन्छाभन्ज्याङ उत्तर दक्षिण मूलबाटोको केन्द्रविन्दु पनि रहेको थियो। दक्षिणतर्फ भारतबाट ठोरी, जुगेडी, बन्दीपुर र बयापानी हुँदै कुन्छा आएका सामानहरू उत्तरतर्फ लगिन्थ्यो। कुन्छाभन्ज्याङ भन्दा करिब १ किलो मिटर माथि विशाल समतल क्षेत्र छ। त्यसलाई आमडाँडा भनिन्छ। राणा शासनकालमा सैनिकको रसदपानी राख्ने एउट भवन थियो। त्यसलाई गोदामघर भन्दथे। अहिले त्यो घर छैन। त्यो घर भएको गरालाई गोदामेगरो भन्दछन्। विद्यालय भवनको पूर्वतर्फ टुँडिखेल भन्ने सम्म मैदान छ। त्यो मैदानमा सैनिकलाई परेड खेलाइन्थ्यो। त्यसैको थोरै माथि सैनिक ब्यारेक थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेनाका हतियार तथा खरखजाना राख्ने एउटा भवन पनि थियो। त्यसलाई कोतघर भन्दथे। सैनिक ब्यारेक र कोतघरका अवशेष त पञ्चायतकालसम्म पनि थिए स्रोतः (जनकराज मिश्र, स्थानीय बुद्धिजीवी एवं समाजसेवी)।

वि.सं. २००९ सालमा कुसीमराङ चौतारीमा प्राथमिक विद्यालय स्थापना गरिएको थियो। आधुनिक शिक्षाको सुरुवात हुनु भन्दा अगाडि लघुकौमुदी र ज्योतिष शास्त्रको पठनपाठन गराइन्थ्यो। पछि अङ्ग्रेजी शिक्षा पढाउन थालिएको हो (स्रोतः रजत स्मारिका २०४२)।

२०११ सालमा द्यौराली चौरको सानो घरमा निम्न माध्यमिक विद्यालय स्थापना गरिएको थियो। २०१७ मा त्यसको स्तर बृद्धि भएर श्री शान्ति हाई स्कुलको रूपमा स्थापित हुन पुग्यो। विद्यालयको नामकरण गर्ने व्यक्ति तत्कालिन मालपोत कार्यालयका हाकिम श्री नन्दबहादुर मल्ल हुन् (स्रोत : श्री शान्ति उ.मा वि.कुन्छाको स्वर्ण महोत्सव २०६९ को ब्रुसर)। २०१९ सालदेखि यस विद्यालयले प्रवेशिका परीक्षा दिलाएको हो। २०२३ सालदेखि २०३० सालसम्म त्रि.वि. बाट सम्बन्धन प्राप्त इन्टर कलेज पनि सञ्चालन भएको थियो। राष्ट्रिय शिक्षा पद्धतिको लहरसँगै पृथ्वीनारायण क्याम्पस पोखरामा उक्त कलेज गाभिएको हो। २०५७ सालदेखि कुन्छा आमडाँडामा १० जोड २ उच्च माध्यमिक तह खुलाइएको छ। पुरानो अभिलेख अनुसार जिल्ला भरीमा गाउँशहरको लमजुङ मा.वि. पहिलो, दुराडाँडाको सर्वोदय मा.वि. दोस्रो र कुन्छाको शान्ति मा.वि. तेस्रो विद्यालय हुन्।

२०७१ साल भदौ महिनामा शिक्षा बिरोधी विध्वंशकारी तत्त्वले शान्ति मातामाथि कु गर्‍यो। पुस्तकालय कोठा, कम्प्युटर प्रयोगशाला कोठा, विज्ञान प्रयोगशाला कोठा र शिक्षक चमेना कोठासमेत चार कोठालाई खरानीमा परिणत गरिदियो। पछि त्यसलाई यथावत् रूपमा निर्माण गरियो। त्यसै विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई पिउने पानीको व्यवस्थापन गर्न तनहुँ जिल्ला रूपाकोट ९, बिलाउने निबासी श्री मनकाजी गुरुङले आफ्नो निजी खेतमा लाग्ने पानी दिएर ठूलो गुन लगाएका छन्। विद्यालय परिवार बाहेक नजिकका स्थानीय बासिन्दाहरू पनि पिउने पानीबाट लाभान्वित भएका छन्। निज पानीदाता गुरुङलाई लिपिकै माध्यमबाट साधुवाद छ।

चौबिसे राजाका पालामा कोट, गढी,गौँडा स्थापना गरेर राज्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्फबाट सरकार तथा जनतालाई सुरक्षा दिने व्यवस्था भएको थियो। सोही समयमा जनस्तरबाट पनि राज्यको समर्थनमा पुरुषार्थी काम गरेको पाइन्छ। कुन्छाभन्ज्याङ नजिकै पूर्वतर्फ बाटाको छेउमा एउटा ठूलो र अर्को सानो गरी दुईवटा ढुङ्गा उभ्याइएको अवस्थामा छन्। ती दुई ढुङ्गा मध्ये सुत्केरी आमाले ठूलो ढुङ्गो र बालक छोराले सानो ढुङ्गो उभ्याएका हुन् भन्ने विश्वास छ। त्यसलाई सुत्केरीले उभ्याएको ढुङ्गो भन्ने चलन छ। राज्यमा अब शान्ति भयो। अब ज्यूधनको सुरक्षा हुन्छ भन्ने विश्वासले खुसीयालीमा त्यो काम गरेका हुन् भन्ने कथन छ। त्यसका अतिरिक्त दक्षिणतिरबाट कुन्छाको गढी हुँदै लमजुङ राज्यमा कुनै शक्तिले आक्रमण गर्छ कि भनी सतर्कता अपनाउँदै शक्तिको प्रदर्शन गरी किल्लास्वरूप ती ढुङ्गा उभ्याइएका हुन्। आली सुत्केरी र नवजात शिशुले त यति शक्तिशाली काम गर्न सक्छन् भने अरू अझ कति शक्तिशाली होलान् भन्ने चुनौती पनि हो। तसर्थ यति शक्तिशाली अरू कुन छ ?... अरू कुन छ ?...भन्दा भन्दै कुन्छा नाउँ रहेको हो भन्ने स्थानीय किंवदन्ति छ। गढीमा चाहिँ राज्यको तर्फबाट सेना तैनाथ गरिएको हुन्थ्यो।

४.२७.५ सुत्केरीले उभ्याएको ढुङ्गो

नेपालको इतिहासमा माध्यमिककालीन सभ्यताको धरोहर

पूर्वतर्फ नाउँदी खोलो र पश्चिमतर्फ रिस्ती खोलो कलकल गर्दै बगेका, तिनका बीचमा उच्च भागमा ठण्डा हावापानी, चारैतिर हरियाली भएको ठाउँमा मानव बस्ती रहेको, स्वच्छ वातावरणका साथ छर्लङ्ङ खुलेको हिमाल देखिने यति राम्रो ठाउँ अरू कुन छ ? भन्दा भन्दै कुन्छा नामकरण रहेको बुझिन्छ। २०५१ सालमा सुत्केरीले उभ्याएको ढुङ्गाबाट सुरु गरेर शान्ति बजार हुँदै आमडाँडा, खमारीबोटबाट जिताकोट पुऱ्याइएको बाटोलाई चेलीबेटी मार्ग नामकरण गरिएको थियो। समाजसेवी ज्ञानु शाहको अगुवाइमा कुन्छाली महिला समाज एकजुट भएर सो बाटो निर्माण गराएका हुन्। तत्कालीन स्थानीय विकास मन्त्री रामचन्द्र पौडेलले कोदालाले खनेर त्यसको उद्घाटन गरेका हुन्।

पछि खत्रीठाँटी, परेवाडाँडाबाट खन्दै ल्याएको बाटो कुन्छाको आमडाँडामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आइपुग्दा त्यसैमा जोडियो। त्यो बाटो कुन्छा हुँदै जिताकोट, तान्द्राङ, सूर्यपाल तथा समीभन्ज्याङ भएर मादीको किनारमा पुगेको छ। त्यो कृषिपर्यटकीय मार्गको नाउँले परिचित छ। सुत्केरीले उभ्याएको ढुङ्गालाई उजागर गर्नमा कुन्छाली महिला समाजको सक्रिय भूमिका छ। यी दुई ढुङ्गा तत्कालीन लमजुङ र तनहुँको सीमारेखाको नजिक पारेर उभ्याइएको हो। राज्यको सीमा सुरक्षाका लागि महिला तथा बालबालिकाको पनि योगदान रहेको कुरा देखिन्छ। यसबाट छरछिमेकी अरू जोकोही भन्दा यो ठाउँको समाज सबल छ। यो भन्दा अरू सबल ठाउँ कुन छ ? भन्दाभन्दै कुन्छा नामाकरण रहेको बुझिन्छ।

नेपालको इतिहासमा माध्यमिककालीन सभ्यताको धरोहरको रूपमा चिनिने यी दुई ढुङ्गा अघि कुनै समयमा भर्खरकी सुत्केरी आमाले ठूलो ढुङ्गो र सानी छोरीले सानो ढुङ्गो उभ्याएर इतिहास राखेका हुन् भन्ने स्थानीय किंवदन्ति छ।

चौबिसे राज्यकालमा राज्यको तर्फबाट विभिन्न ठाउँमा गढी तथा कोट खडा गरिएका थिए। गढी खडा गरेर सुरक्षा व्यवस्था मिलाइएको थियो भने कोट खडा गरेर बडादशैंमा दुर्गा भगवतीको पूजा गर्ने व्यवस्था मिलाइएको थियो। त्यसै समयमा राज्यले खडा गरेको गढी कुन्छामा छँदै छ। अन्यत्र खडा गरिएका कोटघरको सिको गरेर कुन्छामा पनि स्थानीय बासिन्दाले कोटघर स्थापना गरे। बडादशैंको फूलपातीका दिन वरपरका गाउँलेहरूले आ-आफ्ना बारीबाट फूलपाती टिपेर ल्याउँथे। तिनीहरू कोटघर नजिकैको चौतारामा जम्मा हुन्थे। सबै जना जुटेपछि एकैचोटि कोटघरमा लगेर फूलपाती भित्र्याउँथे। बस्नेत थरका क्षेत्री कोटको उमराउ थिए। उनले दुर्गा भगवतीको पूजा गर्दथे। उनकै बारीमा कोटघर थियो। फूलपाती लिएर सबै भेला हुने चौतारोलाई "फूलपाते चौतारा" भन्न थालिएको हो। कोटघरमा पूजा गर्दा पानी ल्याउने गरेको पँधेरोलाई "कोटको पँधेरा" भन्ने गरेको तथ्य खुल्दछ। पछिल्लो समयमा बस्नेत परिवारले त्यो जगा विश्वकर्मा परिवारलाई बिक्री गर्‍यो। त्यसपछि कोटघरको पुजारी वि.क. परिवार नै भए। आफ्ना पुर्खाले स्थापना गरेको कोटघर भएको हुनाले पछिल्ला दिनमा पनि यदाकदा बस्नेत उमराउका सन्तानले पूजा गर्ने गरेको अभिलेख पनि छ। जनस्तरबाट स्थापना गरिएको कोटघर भएको हुनाले बडादशैंको अवसरमा त्यहाँ सरकारी रकम आउँदैन। त्यसमा गुठीको व्यवस्था पनि छैन। आजकाल कोटघरमा पुजा गर्ने परम्परामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दी आएको छ । तैपनि कोटघर, कोटको पँधेरो र फूलपाते चौताराको अस्तित्व भने कायमै छ । (स्रोतःकृष्णबहादुर सुनार, स्थानीय बुद्धिजीवी एवं समाजसेवी)

समग्र कुन्छाको केन्द्रबिन्दु एवं पुरानो सदरमुकाम कुन्छाभन्ज्याङको नाउँले चिनिन्छ । अघि राणाशासन कालमा हरिशमशेर राणाको अगुवाइमा लमजुङ र तनहुँको सिमारेखा छुट्याइएको थियो । कुन्छाभन्ज्याङ भन्दा माथिबाट रेखाङ्कन गर्दै पश्चिमतर्फ लगिएको थियो । जोरसिमल, तीन भाइ चाप, गहतेखोरिया हुँदै बानियाडिहीसम्म सिँदुरको डोरो पारेर सीमाना छुट्याइएको थियो । अहिले पनि सिँदुर हालेको ढुङ्गो, सिँदुर हालेको सालको रूख भन्ने चलन छँदैछ । यो अभिलेख उतार गर्नमा सहयोग पुऱ्याउने कुन्छा, खमारीबोट निबासी मच्छेन्द्र शाही हुन् । निजकी मुमा ज्ञानु शाहको प्रेरणाबाट यो काम भएको हो । निजको पविारलाई साधुवाद छ ।

ऐतिहासिक एवं पुरातात्तिक महत्त्वका वस्तुहरूलाई संरक्षण, सम्बर्धन र उजागर गर्ने जस्ता महिलाका रचनात्मक कार्यक्रमलाई स्थानीय समाज, स्थानीय निकाय तथा राज्यकोतर्फबाट प्रोत्साहन दिनुपर्दछ ।

४.२७.६ जिता

कलात्मक सात वटा पानीका धारा, अत्यन्त राम्रो सालघारी, ठूलो पोखरी, धन, बल, विद्या तथा बुद्धि जस्ता हरेक क्षेत्रमा अन्य ठाउँलाई जितेको हुनाले जिता नामकरण भएको तथ्य खुल्दछ । एउटा मूलबाट निस्केको पानी सात वटा धारामा विभाजन गरी सातधारे, सप्तधारा नाउँ रहेका उदाहरण पनि यहीँ छन् । त्यस पँधेरामा छ वटा पनि होइन, आठ वटा पनि होइन सात वटा धारा बनाउनमा अवश्य पनि केही रहस्य त छ । पुराणमा उल्लेखित सप्तर्षि (गौतम, भरद्वाज, विश्वामित्र, जमदग्नि, वशिष्ट, कश्यप र अग्नि अथवा मरीचि, अत्रि, अङ्गिरा, पुलह, ऋतु, पुलस्त्य र वशिष्ट) जाडो मौसममा हिमालय पर्वतमा र गर्मी मौसममा तल सम्म भूमिमा तपस्या गर्दथे । तपस्या गर्न जाँदा यही बाटो आई रातभर यहीँ बास बसी माघेसङ्क्रान्तिको दिन बिहान यसै पँधेरामा स्नान गरी अघि बढ्दथे भन्ने किंवदन्ति पनि सुनिन्छ । उनै सप्तर्षिको सम्झनामा यस ठाउँमा सात वटा धारा बनाइएको हो । यथेष्ट पानी, सदाबहार धाराले माध्यमिककालिन सभ्यताको झलक दिँदै आएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती धारा बनाउनु अघि एउटी गाईले झाडीभित्र एउटा शिवलिङ्गमा नित्य आफ्नो दूध चढाउने गरेको कुरा स्थानीय बासिन्दाहरूले देखेपछि तिनै गाई र शिवलिङ्गको सम्झनामा तिनै सातधारा माथि शिवालय निर्माण गरी सोही शिवलिङ्ग प्रतिस्थापन गरिएको हो । त्यो समयदेखि सातसय जितालीले सामुहिक रूपमा सालको एक चोटि चैत्र-वैशाख महिनामा शिवजीको पूजा गरी जलधारा गर्ने परम्परा बसालेका हुन् जो यद्यपि कायमै छ । त्यतिमात्र नभई गण्डकी प्रस्रवणक्षेत्रको मध्य भागमा रहेको यो पँधेरो सप्तगण्डकी (त्रिशूलीगण्डकी, बुढीगण्डकी, दराँदीगण्डकी, मर्स्याङ्दीगण्डकी, माहेन्द्रीगण्डकी, शुक्लागण्डकी र कालीगण्डकी) को प्रतीकको रूपमा स्थापित हुँदै आएको छ । ऋषितर्पणीको दिनमा स्थानीय ब्राह्मणहरू भेला भई हिन्दु सनातन धर्म अनुसार वैदिक विधिले सप्तर्षिको पूजा गरी यज्ञोपवित रक्षासूत्र जनै मन्तर्ने परम्परा पनि छ । त्यहाँ एउटै मूलको पानीलाई सात वटा धारामा विभाजन गरिएको छ । सात वटा धारा भएको पँधेरो त पहिले नै निर्माण गरिएको थियो तर अहिलेका जस्ता व्यवस्थित धारा त्यति खेर थिएनन् । साबिक जिता गाविस वडा नं. ५ निबासी रत्नध्वज थापाको अगुवाइमा व्यवस्थित रूपमा सात वटा धारा भएको पधँरो निर्माण गरिएको हो । ती सात वटै धारा बनाउन काठमाडौँका कलिगढहरूलाई जितामै झिकाएर ढुङ्गा कुद्न लगाई पँधेरामा जडान गरिएको थियो । यस्ता पुरुषार्थी व्यक्तिको इतिहास लेखिनु पर्दछ । पहिले पहिले ग्रहणको समयमा दान लिने व्यक्ति आउने, दान गर्नेहरूले पनि गाई, भैँसीका पाडा, आँसी, छुरी तथा सिधा दान गर्ने यहाँको वास्तविक परम्परा हो । सूर्यग्रहण तथा चन्द्रग्रहणको समयमा गोरखा र कास्कीबाट ग्रहणको दान लिने व्यक्तिहरू पनि आउँथे । आजकाल त्यसरी दान दिने व्यक्ति पनि हुँदैनन् र दान लिने व्यक्ति पनि पाइँदैनन् । ग्रहणको समयमा स्नान गरी स्थानीय जोगीलाई दान गर्ने चलन त अहिले पनि छ । सप्तधारा जिताको मध्यविन्दुमा पर्दछ ।

लमजुङे राजा यशोब्रह्म शाहका पालामा स्थापना गरिएको कोट जसमा ७०० जितालीले हरेक वर्ष बडादशैँमा पञ्चवलिका साथ सामुहिक पूजा गर्दछन् । कोटघरमा नवदुर्गा भरी दुर्गा पूजा र चण्डीपाठ गर्ने परम्परा छ । कर्ता स्थानीय नेवार छन् भने गुरुपुरोहित स्थानीय घिमिरे ब्राह्मण छन् । सोही समयमा स्थापना गरिएका दुई शक्तिपीठ भैँयर तथा भगवती पनि जिताकोटमा छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरेक वर्ष कार्तिक र चैत्रमा जिताभरका बासिन्दाले सामुहिक पूजा गर्दछन् । भाले र पोथी गरी एकजोर कुखुरा बलि दिने परम्परा छ । अन्य भाकल पनि धेरै आउँछन् । भँयरलाई भोग दिइन्छ भने देवीलाई कोरी पूजा दिने चलन छ । दुबै शक्तिपीठका पुजारी स्थानीय गुरुङ छन् ।

वि.सं. १९९० सालमा जितामा प्रारम्भिक पाठशाला खोलियो । वि.सं. २०२१ सालमा त्यस विद्यालयलाई सप्तधारा निःशुल्क मिडिल स्कुलको रूपमा स्तरोन्नति गराइयो । २०३३ सालको चैत्र महिनामा शिक्षा विरोधी, विध्वंशकारी तत्त्वले उक्त विद्यालयलाई खरानीमा परिणत गरिदियो । पछि त्यसै ठाउँमा अर्को भवन निर्माण गरियो । २०३९ सालमा त्यस विद्यालयलाई माध्यमिक तहमा अघि बढाइयो । प्रारम्भिक पाठशाला स्थापना गर्नमा अगुवाइ गर्ने व्यक्ति साहुथर निबासी देवीप्रसाद पौडेल हुन् । सप्तधारा निःशुल्क मिडिल स्कुलस्थापनामा अगुवाइ गर्ने व्यक्ति साहुथर निबासी लक्ष्मीप्रसाद पौडेल हुन् । त्यसैगरी सप्तधारा माध्यमिक विद्यालय स्थापनामा अगुवाइ गर्ने व्यक्ति जिताकोट निबासी बलबहादुर थापा हुन् । जिताका पुराना विद्यालयहरूमध्ये यो सबैभन्दा जेठो शिक्षण संस्था हो ।

सातधारेका सात वटा धारा (सप्तधारा) को नाउँबाट त्यस विद्यालयको नाउँ राखिएको हो । हरेक वर्ष ऋषितर्पणीको दिनमा सातधारेको पँधेरामा तागाधारी समुदाय ब्राह्मण, क्षेत्री तथा ठकुरीहरू एकजुट भएर यज्ञोपवित अभिमन्त्रण गर्ने कार्यमा संलग्न हुने परम्परा छ । हरेक वर्ष श्रीकृष्ण जन्माष्टमी र तिजको दिनमा सातधारेको मैदानमा ठूलो जात्रा लाग्छ । नेवारी संस्कृति अन्तर्गत लाखेनाच लगाउने परम्परा त्यहाँको महत्त्वपूर्ण विशेषता हो । लाखेनाच लगाउँदा बाजा बजाइन्छ । त्यतिखेर प्रयोग गरिने बाजाहरू ढलकी र झ्याली हुन् । ती बाजा बजाउनमा पोख्त गुरुको नेतृत्वमा अन्य युवाशक्ति समेतले सहयोग पुऱ्याउँछन् । वि.सं.१८२० मा त्यस मैदानमा जिताकै चिन्डे गाउँ निबासी प्रतिमान थापाले एउटा विशाल पोखरी निर्माण गराएका थिए । त्यसलाई ठूली पोखरी भनिन्थ्यो । पोखरीको कारणले त्यो सेरोफेरोलाई ठूली पोखरी भन्ने गरेको इतिहास छ । हाल त्यो पोखरी खेल मैदानको गर्भमा छ ।

शिक्षा क्षेत्रमा जिता निकै अगाडि बढेको देखिन्छ । रायपालीमा अवस्थित श्री शान्ति शक्ति प्रा.वि. वि.सं. २०११ सालमा स्थानीय समाजसेवी शमशेरबहादुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घिमिरेको अगुवाइमा स्थापना गरिएको हो । विद्यालयका संस्थापक घिमिरेले आफ्नो निजी जग्गामा विद्यालय भवन निर्माण गराउने व्यवस्था समेत मिलाएका थिए । जिताका पुराना विद्यालयहरूमध्ये यो शिक्षण संस्था दोस्रो हो । पछिल्लो समयमा आएर विजयनगर, चितवनमा बसोबास भएर पनि आफ्ना पिताजीले स्थापना गरेको विद्यालयलाई ठूलो सहयोग पुऱ्याउनमा निज संस्थापक घिमिरेका सुपुत्र वीरेन्द्र घिमिरे र बुहारी निर्मला घिमिरेको ठूलो सहयोग रहेको छ । पछिल्लो समयमा त्यहाँ शिव पाञ्चायन मन्दिर बनाइएको छ ।

जिताकोटः

परम्परालाई हेर्दा यस ठाउँमा गुरुङ समुदायको बस्ती बाक्लो देखिन्छ । साउने सङ्क्रन्तिका दिनमा लुतो फ्याक्ने र त्यसको भोलिपल्ट साउन २ गतेका दिन राँको बार्ने चलन छ । राँको बार्ने भनेको साउने सङ्क्रन्तिका दिन साँझमा कण्डारक पूजा गरी लुतो फ्याँक्ने काम गरेपछि त्यसको भोलिपल्ट अर्थात् साउन २ गतेका दिन हल तथा खेतालाको काम नगर्ने भनेको हो । स्थानीय सर्वनन्दन प्रा.वि. परिसरमा एक ठूलो खेलमैदान छ । राँको बार्दाका दिनमा सोही मैदानमा चुट्का,भजन, घाटु जस्ता स्थानीय लोकसस्कृति झल्किने खालका नाचगान र वाद्यवादन प्रस्तुत गरिन्छ ।

सोही अवसरमा त्यहाँ सप्ताहव्यापी रूपमा फुटबल खेलाइन्छ । सो अवसरमा स्थानीय "गोल्डेन फ्युचर युवाक्लब ले फुटबल खेलको आयोजना गर्दछ । सर्वनन्दन प्राविको प्राङ्गणमा साउने सक्रान्तिको सन्दर्भमा खेल खेलिन्छ । त्यो विद्यालय स्थानीय समाजसेवी सुबेदार टेकबहादुर गुरूङको अगुवाइमा वि.सं.२०११ सालमा स्थापना गरिएको हो । त्यो खेलमैदान भएको सेरोफेरो जिताकोट निबासी समाजसेबी हरिबहादुर गुरुङले आफ्नो निजी जग्गा गौचरनका रूपमा छोडेका हुन् । चौरको क्षेत्र ठूलो छ । चौरको बीच बीचमा हरिगौचरन २०११ लेखेर उभ्याइएका अवस्थाका ठूला ठूला शिला स्तम्भ छन् । उक्त विद्यालय स्थानीय समाजसेवी सुबे. टेकबहादुर गुरूङको अगुवाइमा वि.सं. २०११ सालमा स्थापना गरिएको हो । जिताका पुराना विद्यालयहरूमध्ये यो तेस्रो शिक्षण संस्था हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.२७.७ तान्द्राङ टक्सार

तामाखानी, काभ्रेठाना, सेरा जस्ता नाउँ रहेका इतिहास पनि सोही समयका उपज हुन्। जिता र तान्द्राङटक्सारको सिमानामा तामाखानी भन्ने ठाउँ छ। त्यहाँबाट तामा झिकेर टकशालामा टक छापेर काभ्रेठानामा लगेर भण्डारन गर्ने र पछि लमजुङ दरबारमा पठाउने गरेका अभिलेख छन्। सेरा सरकारी जगा हो। जसले त्यो जगा कमाउँथ्यो उसले निश्चित रकम सरकारलाई बुझाउनुपर्दथ्यो। त्यहाँका जल्पादेवी तथा गुन्द्रुङपोपरी पनि माध्यमिककालीन सभ्यताका उपज मानिन्छन्। त्यस ठाउँलाई टकशाला भन्दाभन्दै शब्द अपभ्रंश भएर टक्सार नामकरण हुन आएको देखिन्छ।

४.२७.८ घलेगाउँ

यस ठाउँमा घलेहरूको आगमन भएपछि "क्याल्बो रूजी" नामक घले राजाले शासन गरेको अभिलेख भेटिन्छ। घले परिवारकी एउटी बूढीआमैले एउटै कुवामा सात वटी कन्याले नुहाएको सपना देखिन्। त्यो कुवा पहिलेदेखि नै पधेँराको रूपमा थियो तर शक्तिपीठको रूपमा भने थिएन। त्यो खबर राजाकहाँ पुऱ्याउने काम भयो। राजाले त्यसको अध्ययन गरे। त्यसपछि सोही कुवामा एक शक्तिपीठ स्थापना गर्ने आदेश दिए। देवीको आराधना गरी एउटा खरको झोपडी बनाउने काम भयो। प्रत्येक वर्ष माघेसङ्क्रान्तिको दिनमा मेला लगाउने परम्पराको थालनी भयो। त्यसैगरी प्रत्येक वर्ष श्रीपञ्चमीको दिनमा ती सात कन्या देवीलाई सम्झेर त्यसै कुण्डमा पूजा गर्ने र एक जोर परेवा मन्दिरमा उडाउने परम्परा बसालियो। त्यस जलकुण्डमा मूर्ति वा शिला केही पनि छैन। त्यसै शक्तिपीठको दक्षिणपट्टि लहरै सात वटा जलका कुण्ड पनि निर्माण गराइए। तिनै सात वटी कन्याको स्मृतिमा सात वटा कुण्ड बनाइएको कुरा स्थलगत अध्ययनबाट थाहा लाग्दछ। यति काम तिनै घले राजाको नेतृत्वमा भएको हो। (स्रोतः लीलबहादुर घले र प्रेमबहादुर घले स्थानीय बुद्धिजीवी एवं समाजसेवी द्वय)। त्यो ठाउँ हालको क्व्होलासोथार गाउँपालिका वडा नं. ३ मा पर्दछ।

पछि घले राजाको अन्त्य भयो। त्यो परम्परा यथावत् नै कायम रह्यो। त्यसपछि त्यहीँका बासिन्दा घलेहरू र घनपोखराका नरजंग सुब्बा समेत भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखरशैलीको मन्दिर निर्माण गरे। त्यस मन्दिरको जगको भाग ढुङ्गाको गाह्रो छ भने सो भन्दा माथि सबै इँटाको गाह्रो छ। छानो चाहिँ जस्तापाताको छ। छानामाथि गजुर बसालिएको छ।

त्यो समयमा काठमाडौँबाट कालिगढ झिकाई त्यसै ठाउँमा इँटा पारेर त्यो मन्दिर निर्माण गरिएको थियो। (स्रोतः प्रेमबहादुर घले, स्थानीय बुद्धिजीवी एवं समाजसेवी)। त्यस शक्तिपीठलाई सातकन्यादेवी भन्दछन्। त्यहाँबाट निस्केको मूलको पानी उत्तर दिशामा पर्ने घनपोखरा गाविसतिर बगेर गएको छ। मन्दिरको मुहुडा पनि उत्तरतिर नै फर्काएर बनाइएको छ। त्यसो हुँदा ती देवीलाई उत्तरकन्यादेवी पनि भनिन्छ। सोही आधारमा त्यस गाविसलाई उत्तरकन्या गाविस भनिएको हो। पछि मन्दिरको संरक्षणका लागि वरिपरि पर्खाल तथा तारबार लगाइएको छ। मन्दिरको गेटबाट भित्र प्रवेश गरेपछि भक्तजनहरू हिँड्नका लागि माझमा ढुङ्गा छापेको बाटो छ भने दायाँ र बायाँ दुबैतिर पोखरी छन्।

तिजे उत्तरकन्या मन्दिरको जिर्णोद्धार र कम्पाउन्ड निर्माण कार्यको उद्घाटन पटमा चन्दादाताहरूको नामावली र दान रकम पारदर्शी ढङ्गले अभिलेख राखिएको कुरा स्पष्ट नै छ।

त्यस मन्दिरको संरक्षणका लागि चन्दादाताहरू पनि सक्रिय रहेको कुरा सम्बन्धित अभिलेखबाट थाहा लागदछ। त्यो शक्तिपीठ र ती सात वटा जलकुण्ड नेपालको इतिहासको माध्यमिककालीन सभ्यताका घलेशासन कालका सभ्यताका प्रतीक हुन्। त्यसैगरी माघे सङ्क्रान्तिको दिनमा जात्रा लाग्ने र श्रीपञ्चमीको दिनमा सातकन्यादेवीको पूजा गरेर एकजोर परेवा देवीका नाउँमा त्यसै मन्दिरमा उडाउने परम्परा पनि उसै समयको उपज हो। अन्यत्र विभिन्न ठाउँका शक्तिपीठहरूमा शिला तथा मूर्ति स्थापना गरिएका छन्। यस शक्तिपीठमा शिला तथा मूर्ति नहुनु र जलकुण्डमा नै देवीको पूजा आराधना गर्नु यसको विशेषता हो। त्यसैगरी साउन-भदौको उत्तम वर्षामा पनि कुवाको पानी भरिएर कहिल्यै माथि नहाउनु र चैत-वैशाखको सुक्का खडेरीमा पनि कुवाभित्रको आधा पानी कहिल्यै सुकेर नजानु यसको अर्को विशेषता हो। त्यसैगरी देवीको पूजा गरी पशुबध नगरी शान्तिका प्रतीक एक जोडा परेवा उडाउने परम्परा पनि यसको अर्को विशेषता हो। सम्भवत् शान्तिको प्रतीक परेवा उडाउने परम्पराको थालनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै मन्दिरबाट भएको हुनसक्छ । अनि लमजुङमा फैलिएर नेपालभर नै छाएको पनि हुनसक्छ ।

अर्को कुरा तत्कालीन घले राजा क्याल्पोरूजुको दरबार यसै ठाउँमा पर्दछ । त्यहाँ केही भग्नावशेष देखिन्छ । त्यो भग्नावशेष उच्च थुम्कामा छ । त्यो भग्नावशेषको दुबै छेउमा गहिरा खाडल छन् । दोहोरै खाडल खनेर झट्ट शत्रुले आक्रमण गर्न नसकून् भनी दरबारको सुरक्षा गराइराखेको कुरा स्पष्ट हुन्छ । त्यसको तल गहिरो ठाउँमा एउटा पोखरी छ । त्यस पोखरीमा तिनै घले राजाकी रानीले नुहाउने गर्दथिन् भन्ने कुरा स्थलगत अध्ययनबाट जानकारी मिल्दछ । त्यस पोखरीको वरिपरि चारैतिर पर्खाल छ । पोखरी ठूलो पनि छ र गहिरो पनि छ । त्यस पोखरीलाई स्थानीय बासिन्दाहरू रानीले नुहाउने पोखरी भन्दछन् । हाल त्यस पोखरीलाई पार्क बनाएर माझमा "क्याल्पोरूजु" को सालिक स्थापना गरिएको छ ।

त्यसलाई "क्याल्पोरूजु पार्क" नामकरण गरिएको छ । घलेगाउँका पहिला राजा थोपकुइच्यु र अन्तिम राजा क्याल्पोरूजु हुन् । त्यो सालिक स्थापना गरिएका ठाउँको पोखरी पनि नेपालको इतिहासमा माध्यमिककालीन सभ्यताको घले शासन कालको सभ्यताको प्रतीक मानिन्छ । घले जातिका मानिसहरू आएर बसोबास गरेका हुनाले त्यस ठाउँलाई घलेगाउँ भन्ने गरिएको हो । आजभन्दा करिब ७०० वर्ष पहिलेदेखि घलेहरू त्यहाँ आएर बसेको कुरा उनीहरूकै भनाइबाट जानकारी मिल्दछ । घलेगाउँका प्रस्तावित कार्यक्रमहरू:

१. घले राजाका पालाको दरबारको भग्नावशेष भएको ठाउँमा उत्खनन गर्ने ।
२. तिजेगैरोलाई खनेर ताल बनाई तिजेताल नामकरण गर्ने । त्यो ठाउँ तिचेगैरोबाट शब्द अपभ्रंश भएर तिजेगैरो भएको हो । घलेगाउँ नामकरण हुनुभन्दा पनि अगाडिको त्यस ठाउँको पुरानो नाउँ तिचे हो । तिजेगैरो भन्ने ठाउँ चाहिँ देवीको मन्दिर अगाडि पर्दछ । मन्दिर परिसरकै जलस्रोतले त्यो ताल भरिन्छ ।
३. सातकुण्डदेखि दक्षिण र खेलमैदानदेखि उत्तरको बीच भागमा उत्खनन गर्ने । त्यस ठाउँमा पहिले एउटा कुवा थियो । त्यो कुवालाई स्थानीय बासिन्दाहरूले पधँरोको रूपमा प्रयोग गर्दथे । घले राजाका दुई दाजु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाइ बीच मनोमालिन्य भयो। दाजुले त्यसै कुवामा नुहाउन लाग्दा भाइले दाजुलाई तरबारले ठुन्क्याइदियो भन्ने किं बदन्ति छ। त्यो तरबार त्यसै कुवामा छोडेर भाइ भागेर कास्कीतिर गयो। त्यो तरबार सुरक्षासाथ राखिएको छ। त्यसमा षटकोणको चिह्न छ। त्यो चिह्न त्यति बेलाको रूाज्यको निसान हो भन्ने स्थानीय घलेहरूको दाबी छ। सालको एकचोटि बडादशैँमा त्यो तरबारको पूजा गरिन्छ तर त्यसलाई सार्वजनिक गरिदैन। त्यसैगरी उनीहरूले बडादशैँमा पूजा गर्ने ठाउँमा धेरै पुरानो जिर्ण अवस्थामा पुगेको एउटा षटकोणरूपी जिर्ण अवस्थाको निसान पनि छ। हरेक वर्ष बडादशैँको अवसरमा त्यसको पनि पूजा गरिन्छ। ती दुबै चीजलाई उनीहरू आदिशक्ति कालिकाको प्रतीक मान्दछन्। तिनको पूजा गर्दा धर्मगुरु घ्याबृँको निर्देशन अनुसार तान्त्रिक विधिको माध्यमबाट पूजा गर्ने परम्परा छ। लमजुङमा षटकोणलाई आदिशक्ति कालिकाको प्रतीक मानेर पूजा गर्ने परम्पराको थालनी घले शासकहरूबाट भएको बुझिन्छ। पछि त्यस कुवालाई पुरेर अलिकति उत्तर तर्फ सात वटा कुवा बनाइएको हो। सात कन्याको स्मृतिमा सात वटा कुवा निर्माण गरिएको प्रसङ्ग पनि यसैमा जोडिएको छ।

घलेगाउँका केही दर्शनीय वस्तुहरू

१. गोरखा टावरः

घलेगाउँको चउरमा एक टावर छ। त्यसलाई गोरखा टावर भन्दछन्। त्यसमा चढेर हेर्दाः लमजुङ भित्रका हिमालः अन्नपूर्ण २,३,४ ; लमजुङ, पक्रैँ, मनास्लु, मनास्लु भित्रका पनि डा. हर्क पिक, हिमचुली, गणेश हिमाल देखिन्छन्। गोरखाको बुद्ध हिमाल र कास्कीको माछापुच्छे तथा अन्नपूण १ हिमाल सपष्टसँग देख्न सकिन्छ। त्यसैगरी खुदी खोलो, मर्स्याङ्दी नदी तथा उपल्लो मर्स्याङ्दीको जलविद्युत आयोजना पनि सजिलै देख्न सकिन्छ। त्यस्तै पुरानोकोट, जिताकोट, तान्द्राङ्कोट, मिर्लुङकोट, करापुकोट, याङ्जाकोट जस्ता अग्ला अग्ला धेरै पहाडी श्रृङ्खला छर्लङ्ग देख्न सकिन्छ।

२. होमस्टेः

साबिक उत्तरकन्या गाविस वडा नं. १,२ र ३ मा पर्ने घलेगाउँमा ३२ वटा होमस्टे छन्। होमस्टे भनेका अतिथिगृह हुन्। स्वदेशी तथा विदेशी पर्यटकहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पाहुनाहरू) आउँदा तिनै ठाउँमा खाना खाने र बास बस्ने व्यवस्था मिलाउने गरिएको छ ।

३. तिजे उत्तरकन्या (सातकन्या) देवीको मन्दिर र सातकुण्डः
४. क्याल्बो रूजीको दरबारको भग्नावशेषः
५. रानीले नुहाउने पोखरी
६. क्याल्पो रूजुको सालिक
७. भेडीगोठः यस ठाउँमा तीन वटा भेडीगोठ छन् । त्यहाँ ८०० भन्दा बढी भेडा-बाखा छन् । तीमध्ये दुई वटा व्यक्तिगत र एउटा सामुहिक भेडीगोठ हुन् ।
८. सामुहिक गाईगोठः
९. सामुहिक चियाबगानः
१०. हस्तकलाः यसभित्र निगालाको चोयाबाट निर्मित थुन्से, भँकारी, स्याखु, डाला, नाम्ला आदि पर्दछन् ।
११. घरेलु उद्योगबाट निर्मित सामग्रीः यसभित्र भेडा,बाखा तथा बरूवालका ऊन (राँ) बाट तयार पारिएका राडी,पाखी,बखु र काम्ला पर्दछन् ।
१२. गाउँघरको दृश्यः यसभित्र १२० घरधुरी, घनाबस्ती, लगभग एकै किसिमका घर र सबैमा जस्तापाताको छाना प्रयोग गरिएका छन् ।
१३. एक घर एक धाराको रूपमा पानीको सुविधाः
१४. स्थानीय सामग्रीबाट निर्मित अर्गानिक खाद्य परिकारः
१५. रङ्गशालाका नमुनाको खेलमैदानः
१६. सूर्योदय अवलोकल
१७. घाटु, कृष्णचरित्र,.ध्याब्रे,पच्यु,सेर्गा,झ्याउरे नाच आदिको प्रदर्शन
१८. युवाक्लबको सांस्कृतिक कार्यक्रम
१९. घले राजा,गुरुपुरोहित,ध्याब्रे,पच्यु, सद्गुरुहरूको मूर्ति अवलोकन
२०. आदिम कालको गुरुङहरूको साँढेमूर्ति अवलोकन
२१. गुरुङहरूको कला तथा हस्तकला अवलोकन
२२. पाहुनाहरूलाई स्वागत तथा बिदाइ

यिनै आकर्षणका वस्तुहरू हुनाका कारणले घलेगाउँलाई नेपालको दोस्रो पर्यटकीय गाउँ भनिएको हो । स्याङ्जाको सिरूबारीलाई पहिलो पर्यटकीय गाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिएको छ। साथै दक्षिण एशियाली मुलुकहरूका राम्रा १० वटा पर्यटकीय गाउँहरू भित्र यो गाउँ पनि पर्दछ। लमजुङको सदरमुकाम बेसीशहरबाट २४ कि. मि. को दुरीमा रहेको घलेगाउँ समुद्रसतहबाट २१०० मिटरको उचाइमा पर्दछ। उत्तरकन्या गाविसका ९ वटा वडाहरूमध्ये वडा नं. १,२ र ३ एकै ठाउँमा पर्दछन्। तिन वटा वडाको संयुक्त रूप घलेगाउँ हो। माथिका सबै चीज समेटेर घलेगाउँको छायाङ्कन पनि गरिएको छ।

४.२७.८ काउलेपानी

गाउँशहरमा अवस्थित काउलेपानी भन्ने ठाउँ पर्यटकीय गाउँको रूपमा परिचित छ। यहाँका पुराना वस्तुमा पुरानोकोट गढी पर्दछन् र काउलेपानी देवी। गढीको बारेमा शाहवंशीय इतिहासमा उल्लेख भएको छ। स्थानीय बासिन्दाहरूले हरेक वर्ष कार्तिक र चैत्रमा पञ्चवलिका साथ काउलेपानी देवी को पूजा गर्दछन्। अधिपछि पनि भाकल पूजा गर्ने भक्तजनहरूको भीड लाग्दछ। टाढा टाढाबाट पनि भक्तजनहरू पूजा गर्न आउँछन् परेवा र कुखुरा भोग दिने परम्परा छ। स्थानीय गुरुङ पुजारी छन्। सूर्योदय देखिनु, मनोरम वातावरण देखिनु, स्वच्छ वातावरण हुनु र जैविक आहार खान पाइनु यहाँका विशेषता हुन्। यस ठाउँको भ्यु टावरबाट अन्नपूर्ण तथा मनास्लु रेन्जका धेरै हिमश्रृङ्खला देखिन्छन्।

४.२८ दुराडाँडामा हलोत्क्रान्ति

वि.सं. २००६ सालमा दुराडाँडामा एउटा नयाँ कार्यक्रम ल्याउने काम भयो। निकट भविष्यमा नेपालमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको उदय हुन्छ। तत्पश्चात् शिक्षण संस्थाहरू खुल्दछन्। त्यति बेला सबैका सन्तानले पढ्न पाउनुपर्दछ। यतिञ्जेल हलो जोत्नेहरू जनजाति र दलितका छोराहरूले पनि पढ्न पाउनुपर्दछ। ब्राह्मणहरूले हलो जोतेर स्वावलम्बी बन्नुपर्ने बानीको विकास गर्नुपर्दछ भन्ने त्यस अभियानको उद्देश्य थियो। प्रजातन्त्रको उदयपश्चात् मुलुकमा उद्योग धन्दा कलकारखाना तथा अनेकौँ संस्था खुल्दछन्। सबैले रोजगारीका अवसर पाउनुपर्ने उनको हकअधिकार हुन्छ। रोजगारी पाउनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि शिक्षाको खाँचो पर्दछ। छोरालेमात्र होइन, सबै जातका छोरीहरूले पनि पढ्न पाउनुपर्दछ।

पं.तोयनाथ अधिकारीले विनुवाचार्य, महात्मा गान्धी, शुक्रराज शास्त्री जस्ता अनेकौँ विज्ञ व्यक्तिहरूको सङ्गत गरेका थिए। पं.जवाहरलाल नेहरू भारतको प्रधान मन्त्री भए। त्यसको प्रभाव नेपालमा पनि परिसकेको थियो। प तोयनाथ अधिकारी, ले शेषकान्त अधिकारी र मु. हरिभक्त पौडेल बीच यसबारेमा राम्रो सल्लाह भइरहन्थ्यो। एक दिन तनहुँ सिम्पानी बाट श्रीभद्र शर्मा दुराडाँडामा आए। उनी तोयनाथको घरमा बास बसे। भोलिपल्ट बिहान तोयनाथले ले. शेषकान्त अधिकारी र मु. हरिभक्त पौडेलसँग श्रीभद्र खनाललाई भेट गराइदिए। यी चार जनाका बीचमा धेरै सल्लाह भयो। हलो जोत्दा हामी समाजबाट एक्लिन्छौँ कि भन्ने यी तीन जनाको तर्कमाथि श्रीभद्रले आत्मबल बढाइदिने काम गरे। उनले आफ्नो गाउँ सिम्पानीमा पनि ब्राह्मणले हलो जोत्ने अभियान ल्याउने विश्वास दिलाए र उनी फर्के। मिति २००६ साल श्रावण ११ गतेको दिन थियो। त्यस दिन गाउँघरका धेरै मानिस भेला भएका थिए। तारे र चम्रे हलगोरु थिए। अर्चल्यानीका मायानाथ पौडेलले गोरु नारे। पं. तोयनाथ अधिकारीले सबैका अगाडि उभिएर सामाजिक चेतनामूलक एक वक्तव्य दिएर अनौ समातेका थिए। उनले पहिलो सियो पश्चिमबाट पूर्वतर्फ लगाएका थिए। उनले जम्मा चार सिया जोतेका हुन्। पूर्वतर्फ फर्केर जोत्नुको अर्थ मुलुकमा प्रजातन्त्र आएपछि पश्चिमी देशहरूको विकास पूर्वी देशहरूमा आउँछ भनेको हो। चारवटा सिया लगाउनुको अर्थ राजनीतिक, सामाजिक, शैक्षिक र कृषि क्रान्तिमा जोडिएको थियो। नेपालमा राजनीतिक परिवर्तन गरी प्रजातन्त्र ल्याउनु छ। प्रजातन्त्र ल्याएपछि सामाजिक असमानता हटाउनु र चेतना जगाउनु छ। शैक्षिक जागरण ल्याएर नारी पुरुष सबैलाई शिक्षित गराउनु छ। साथै कृषिमा क्रान्ति ल्याएर व्यावसायिक ढङ्गले खेती गरी आयआर्जन बढाउनु पर्ने कार्यक्रम थियो। उनले तारे र चम्रे गोरु जेतेका थिए। तारे गोरु दाहिने थियो भने चम्रे गोरु देब्रे थियो। उनले तारे गोरुलाई तत्कालीन प्रधानमन्त्री मोहन शमशेरको प्रतीक मानेका थिए भने चम्रे गोरुलाई मोहन शमशेर पछि हुनेवाला प्रधानमन्त्री उनैका भाइ सिंह शमशेरको प्रतीक मानेका थिए। यसपछि क्रमशः अरूले पनि हलो जोते। त्यस दिन हलो जोत्नेहरू २७ जना थिए। तिनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामावली निम्नानुसार छ :

१. पं. तोयनाथ अधिकारी, अर्चल्यानी २. ले.शेषकान्त अधिकारी स्वाँरा ३. मु.हरिभक्त पौडेल, गिरचौर ४. श्रीकान्त अधिकारी, स्वाँरा ५. वसन्त अधिकारी, अर्चल्यानी ६. बद्रीनाथ अधिकारी, अर्चल्यानी ७. जि.मु. लट्टे साहू, चारघरे ८. हरि विलास पौडेल, अर्चल्यानी ९. लक्ष्मीप्रसाद अधिकारी, चारघरे १०. लोकनाथ अधिकारी, पाँचघरे ११. दिननाथ अधिकारी, उपल्लो गाउँ, १२. पशुपति न्यौपाने, गिरचौर १३. दुर्गाप्रसाद अधिकारी, चारघरे १४. ज्ञानशाली अधिकारी, धुवाउनेठाँटी १५. केशव अधिकारी, दुराडाँडा १६. लक्ष्मीप्रसाद (सानो नाइटे) अधिकारी, दुराडाँडा, १७. देव शर्मा अधिकारी, उपल्लागाउँ १८. जगन्नाथ अधिकारी, उपल्लागाउँ, १९. दामोदर अधिकारी, पाँचघरे, २०. ईश्वरी अधिकारी, राहुले, २१. रामचन्द्र अधिकारी, चारघरे २२. शिखरनाथ अधिकारी, चारघरे २३. विष्णुप्रसाद अधिकारी, पाँचघरे २४. डोलनाथ अधिकारी, चारघरे २५.काशीनाथ अधिकारी, गिरचौर २६. भोजराज अधिकारी, चारघरे २७. गङ्गादत्त अधिकारी, चारघरे । (स्रोतः हलोक्रान्तिका जनक... पृ.५४।५५) ।

ब्राह्मणले हलो जोते वापत तत्कालीन प्रशासनले पं. तोयनाथ अधिकारी, ले. शेषकान्त अधिकारी, मु.हरिभक्त पौडेल र श्रीकान्त अधिकारी समेत चार जनालाई पोखरामा झिकायो । धनशमशेर ज.ब.रा. बडाहाकिम थिए । उनले स्पष्टीकरण मागे । ब्राह्मणले हलो जोत्न हुँदैन भन्ने कुरा शास्त्रमा कहीँ पनि लेखिएको छैन भन्दै स्वालम्बी बन्नु पर्ने सामाजिक चेतना फैलाएको कुरा पण्डितले बताए । तीन दिन जेलमा राखेर प्रशासनले उनीहरूलाई फिर्ता पठाइदियो । मानिस मानिस बीचको छुवाछुतको पनि अन्त्य गर्नुपर्ने अभियान उनै तोयनाथ र यिनको समूहले चलाएका थिए । पं. तोयनाथ अधिकारीकै काका पर्ने अर्चल्यानीका अधिकारी साहिँलाकी छोरी चिजामायालाई साउन महिनामा तनहुँको मिर्लुङमा घर पठाउँदा आइतबहादुर सार्की (गम्भिरे सार्कीको बाबु) लाई कोसेलीको थुन्से बोकाएर पठाइएको थियो । सोही समयदेखि नै दुराडाँडामा छुवाछुतको अन्त्य गर्ने अभियानको थालनी भएको थियो । हलोक्रान्तिको परिणामस्वरूप दुराडाँडाको सेरोफेरोमा केही वर्ष छोराछोरीको विवाह गर्न र भातभान्सामा असजिलो परेको थियो (स्रोतः हलोक्रान्तिका सहयात्री ९० वर्षीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायानाथ पौडेल) ।

लोकले कविताको ढाँचामा यसरी गाउने गर्न थाल्यो :

नेपाल पश्चिम तरफ् लमजुङ् पहाड,
मध्य पहाड अति उत्तम दुरडाँडा,
सत्कर्मले सहित विप्र प्रपुज्य मान,
स्वधर्म नष्ट गरने जन तीन जना ।

शेषकान्त, तोयनाथ, वसन्त तिघ्रे
हलो जोती जोती ती डँडाली बिग्रे ।
ले.शेषकान्त घुमदै फिरदै खरदार
बुझ्यौ सभासद म हुँ हलिको त सर्दार्
नारेर गोरु दुइटा गजुवा पुवाले
होर्बाह पञ्च भनि जोतनलाई थाले ।

(स्रोत : हलोक्रान्तिका ...पृ. ५७।५८)

लोकले पक्ष विपक्षमा पनि यसरी कविता गाउन थाल्यो :

विपक्ष :

शेषकान्त लप्टन् हरिभक्त तिघ्रे
तोयनाथ पण्डित् हलो जोती बिग्रे
हलो जोत्ने हुन मुख्य तीन जना
अबदेखि खालान् पाथी बाह्रमाना

पक्ष : ए नानी टपरी भक्त तिम्रा पूर्वजहरूको,
होइन युग हो यौटा विकास र सुधारको ।

नोटः उक्त कविताका रचनाकार लमजुङ जिल्ला कोइरालाफाँट निबासी खेमकर्ण कोइराला हुन् (स्रोतः दामोदर अधिकारी, धुसेनी, लमजुङ र केदारनाथ कोइराला, साबिक कोइरालाफाँट, लमजुङ हाल गीतानगर, चितवन) ।

त्यति बेला लमजुङमा सशक्त रूपमा दुई किसिमको राजनीतिक शक्ति खडा भएको थियो । नेपाली काङ्ग्रेस बाहुनले हलो जोत्न हुन्छ भनी पक्षमा उभिएको थियो भने गोरखापरिषद् हुँदैन भनी विपक्षमा उभिएको थियो ।

सोही वर्ष पुस महिनाको ६ गते तनहुँ सिम्पानीमा श्रीभद्र शर्माको नेतृत्वमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हलोक्रान्तिको अभियान चल्यो। सुरुमा हलो जोत्नेहरू क्रमशः उमाभद्र खनाल, रामप्रसाद खनाल, भुवनेश्वर ढकाल र विष्णुहरि खनाल हुन्। पछि गोरखा, कास्की हुँदै नेपाल भरी नै हलो क्रान्ति फेसनकै रूपमा अघि बढ्यो। पछिल्ला दिनहरूमा त्यो अभियानले ठूलो महत्त्व पायो। अन्त्यमा त्यो कार्यक्रमले नेपाल भरी नै सफलता प्राप्त गऱ्यो। तोयनाथ अधिकारी आयुर्वेद शास्त्रका पनि उत्तिकै ज्ञाता थिए। आफैले जडीबुटी सङ्कलन गरेर औषधि बनाई बिरामीहरूलाई खुबाएर ठूलो सेवा पनि पुऱ्याउने गरेका थिए (स्रोत : पूर्णभद्र न्यौपाने, स्थानीय बुद्धिजीवी)। पहिले पहिले त खानपिन र लेनदेन कारोवारमा केही समय असजिलो परेको थियो। पछि पछि त भातभान्सा पनि खुल्यो र लेनदेन कारोवार पनि खुल्यो (स्रोत : मिना घिमिरे, स्थानीय अधिकारीकी चेली)। यस्ता प्रतिभाको खोजी गरी उनका कार्यको उचित मूल्याङ्कन गर्दै उनलाई राष्ट्रिय स्तरमा चिनाउने कार्यमा राज्यकोतर्फबाट पनि पहल गरिनुपर्दछ। त्यो समयमा तिनीहरूले हलोत्कर्षण गरेर ब्राह्मण जातिले हलो जोत्दा जात जाँदैन भनी बाधा नफुकाइदिएको भए अहिले कति जमिन बाँझो रहँदो हो ? यो पनि विचारणीय कुरा छ।

नेपालमा सबैभन्दा पहिले हलोत्कर्षण गरेको ठाउँ दुराडाँडा नै हो भन्ने दुराडाँडाबासीको भनाइ छ। सोही समयको सेरोफेरोमा कास्कीको पोखरामा पनि हलो जोत्ने अभियान चलेको हुँदा कुन चाहिँ पहिलो हो भन्ने बारेमा विवाद नै छ। प्रत्येक वर्ष श्रावण ११ गते दुराडाँडा अपस्थित अर्चल्यानीको बाटे गरामा हलोदिवस मनाइन्छ।

२००६ साल श्रावण ११ गतेको हलोत्कर्षणको सम्झना गर्दै सोही दिन आफूले गोरु नारिदिएर पं.श्री तोयनाथ अधिकारीले ऐतिहासिक हलोत्कर्षण शुभारम्भ गरेको सम्झनामा ६५औँ हलोदिवस मनाउने सन्दर्भमा अर्चल्यानी निबासी ९० वर्षीय मायानाथ पौडेलले पनि हलोत्कर्षण गर्नु भयो ।

दुराडाँडाबाट चलाइएको हलोक्रान्तिले छिटै राष्ट्रव्यापी रूप लियो। लमजुङका श्रीकान्त अधिकारी दौडाहादलको अध्यक्ष भएर महाकाली क्षेत्रमा पुगी त्यहाँ पनि ब्राह्मण समाज जुटाएर हलो जोत्न लगाएका थिए। त्यो अभियानले त्यस ठाउँमा पनि ठूलो हलचल ल्याएको थियो। सोही समयदेखि नै दुराडाँडाबाट छुवाछुतको अन्त्य गरिनुपर्दछ भनी अभियान चालिएको थियो। यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि अर्को महत्त्वपूर्ण पाटो हो ।

वि.सं. २०२० साल भाद्र १ गते तत्कालीन राजा महेन्द्रले नेपालामा नयाँ मुलुकी ऐन लागू गरे । त्यसको मूल उद्देश्य नेपालमा विद्यमान सामाजिक कुरीतिको अन्त्य गर्ने भन्ने थियो । छुवाछुतको अन्त्य गर्ने भन्ने कुरा पनि सोही कार्यक्रम भित्र पर्दथ्यो । त्यो समयमा लमजुङ जिल्लाको सदरमुकाम कुन्छामा थियो । सदरमुकाम वरपरका गउँघरका गन्यमान्य व्यक्तिहरूलाई बोलाई कुन्छाभन्ज्याङको मूलबाटाको आँगनमा भीमसेनस्थान नजिकै एउटा ठूलो सभाको आयोजना गरिएको थियो । प्रमुख जिल्ला अधिकारी कुलराज पाण्डे, मालपोतका हाकिम सेते घर्ती, प्रहरी प्रमुख थानेदार टेकबहादुर थापा, जिल्ला शिक्षा निरीक्षक लक्ष्मणपाण्डे लगायतका व्यक्तिहरू थिए । स्थानीय ब्यापारीहरू तथा रमिता हेर्ने सर्वसाधारण समेतले आँगन भरिएको थियो । समाजसेवी एवं राजनीतिज्ञ लेखनाथ अधिकारीले ती सबैलाई सम्बोधन गरी मानिस समय सापेक्षा हुनु पर्ने कुराको जानकारी दिँदै अब छुवाछुतको अन्त्य गरिनु पर्दछ भनेका थिए । त्यसपछि जिता राईपाली निवासी होटेले माहिला बाजे भनेर चिनिने कुन्छाभन्ज्याङमा नै होटेल चलाई बस्ने गरेका व्यक्ति श्रीनाथ घिमिरेको होटेलबाट चिसो पानी र चिया ल्याएर वितरण गरिएको थियो । त्यो समूहलाई चिसो पानी र चिया वितरण गर्ने व्यक्ति कुन्छा निवासी हरिलाल परियार हुन् । बाहुनले हलो जोत्ने प्रसङ्गमा तत्कालीन जिता गाउँपञ्चायतका प्रधानपञ्च लक्ष्मीप्रसाद पौडेलले पनि २०२१ सालमा जितामा हलो क्रान्तिको अभियान ल्याए । सातधारेको मैदानमा धेरै मान्छे जुटाएर बाहुनबाट हलोत्कर्षण गराएका थिए ।

हलोक्रान्तिकै प्रसङ्ग चलाउँदा तनहुँ, सिम्पानीको २००६ साल पुस ६ गतेको हलोक्रान्तिको सम्झनामा २०७१ साल पुस ६ गते त्यस ठाउँमा पनि हलोदिवस मनाइयो । सो कार्यक्रमका प्रमुख अतिथि माननीय सभासद् रामचन्द्र पोखरेले हलोत्कर्षणको माध्यमबाट कार्यक्रमको उद्घाटन गरेका थिए । सोही प्रसङ्गलाई पुस ८ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक (पत्रिका) ले बडो महत्त्वका साथ "हलो जोत्ने सभासद" शीर्षकमा फोटो सहित विवरण दिएको थियो । सो समाचार बन्दीपुर एफ.एम.ले पनि प्रशारण गरेको थियो हलो दिवसकै प्रसङ्गमा तनहुँको चुँदीमा निकट भविष्यमा "हलोक्रान्ति स्मारक" निर्माण गरिने कार्यक्रम रहेको छ । (स्रोतः दमौली डायरी, २०७२ वैशाख २६ मा प्रशारण) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसंहार

१

लमजुङ जिल्ला उत्तरमा अन्नपूर्ण हिमाल, लमजुङ हिमाल, हिमचुलीदेखि दक्षिणमा टार, मैदानसम्म फैलिएको विश्वको मानचित्रमा एक सानो प्रतिमूर्ति जस्तो छ । गण्डकी अञ्चलका छ वटा जिल्लाहरू मध्ये एक र दोस्रो ठूलो जिल्ला हो । गण्डकी अञ्चलको कूल क्षेत्रफलको ११.८ वर्ग कि.मी. को १६.४ प्रतिशत पर्दछ । गणतन्त्रात्मक नेपालका ७ प्रदेस मध्ये लमजुङ जिल्ला गण्डकी प्रदेशमा पर्दछ । मनाङको तिलिचो ताल र थोरो भन्ज्याङबाट बग्दै आएको लमजुङ जिल्लाको सबैभन्दा ठूलो नदी मर्स्याङ्दीले पूरै जिल्ला छिचोल्दछ । पूर्वमा गोरखा, पश्चिममा कास्की, उत्तरमा मनाङ र दक्षिणमा तनहुँ जिल्ला यसका सीमावर्ती जिल्ला हुन् । पूर्वमा चम्पावती र पश्चिममा माहेन्द्री नदी पर्दछन् । मनास्लु, अन्नपूर्ण, लमजुङचुली र बुद्ध हिमाल जस्ता हिमालबाट बग्दै आएका नदीले यसको भौगोलिक स्वरूप बनेको छ । यसको क्षेत्रफल १६९२ वर्ग कि.मि., ९१,६९,२०० हेक्टर छ । २८°०३'१९" उत्तरी अक्षांशदेखि २८°३०'३८" सम्म फैलिएको छ । त्यसै गरी ८४°११'२३" पूर्वी देशान्तरदेखि ८४°३८'१०" सम्म फैलिएको छ । समुद्र सतहदेखि ३५० मिटर उचाइ रम्घाटार, ०-८१६२ मिटर मनास्लु हिमालसम्म उचाइ पुगेको छ । यस जिल्लाको सदरमुकाम वेसीशहरमा छ । यहाँको हावापानी खासगरी उपोष्ण, समशीतोष्ण र शीतोष्ण खालको छ ।

यस जिल्लामा केन्द्रीय निर्वाचन क्षेत्र १ र प्रादेसिक निर्वाचन क्षेत्र २ छन् । साबिकलाई हेर्दा इलाका ११ र गा.वि.स. ६१ वटा हुन् । २०७१ जेष्ठमा नगरपालिका घोषणा भएको छ । यस जिल्लामा मध्य नेपाल, सुन्दरबजार, बेसीशहर तथा राईनास चार वटा नगरपालिका छन् । त्यसैगरी क्होलासोथार, मर्स्याङ्दी, दुधपोखरी तथा दोर्दी चार गाउँपालिका छन् । घलेगाउँ, घनपोखरा र भुजुङजस्ता विभिन्न पर्यटकीय गाउँ तथा दूधपोखरी, बाह्रपोखरी (वराहपोखरी), इलमपोखरी जस्ता धार्मिक एवम् पर्यटकीय पोखरीहरू छन् । गाउँशहर कालिका, कर्पुटारका ईशानेश्वर महादेव, बेसीशहरका लक्ष्मीनारायण जस्ता धार्मिक एवम् पर्यटकीय स्थलहरू छन् । मोहरियाकोट, सिँदुरेढुङ्गा, पुरानोकोट जस्ता ऐतिहासिक पर्यटकीय स्थलहरू पनि यसै जिल्लामा छन् । बेसीशहर, सुन्दरबजार, खुदी र भोर्लेटार जस्ता अनेकौं बजार पनि यसै जिल्लामा छन् । यसै जिल्लामा चेपे, मादी, मर्स्याङ्दी, मिदिम, दोर्दी, रिस्ती, पाउँदी, जस्ता नदी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा खोलाहरू छन् । मादी तथा मर्स्याङ्दी जस्ता नदीका सहायक खोलाहरू पनि धेरै छन् । सप्तगण्डकीभित्र लमजुङका मादी र मर्स्याङ्दी पर्दछन् ।

यस जिल्लामा हिउँदमा दक्षिणी-पश्चिमी वायुले प्रभाव पार्दछ भने असारदेखि भदौसम्म मन्सुनी वायुले पानी पार्दछ । ठण्डा मरुभूमिमा पाइने च्याउ, लेकाली वनस्पति, काँडेदार बुटा तथा दूर्लभ जडीबुटीहरू यहाँ पाइन्छन् । ठण्डा-शीतोष्ण हावापानीमा पाइने सल्लो, गुराँस, धुपी, निगालो आदि वनस्पति तथा जेठीमधु र पञ्चाल जस्ता जडिबुटीहरू पनि यसै जिल्लामा पाइन्छन् । सिङ्गमर्मर, अभ्रख र नुन जस्ता खनिज पनि यहाँ पाइन्छन् ।

बाइसी-चौबीसी राज्यकालदेखि नै यस ठाउँमा अनेकौँ चलखेल हुन्थे । लमजुङ, गोरखा र काठमाडौँ उपत्यकाका राज्यहरूमा लमजुङको प्रभुत्व सर्वोपरि थियो । कास्कीका राज कुलमण्डन शाहका छोरा कालु शाहीलाई पहिलो पटक राजा बनाए । उनको हत्यापछि दोस्रो पटक यशोब्रह्म शाहलाई लमजुङेले राजा बनाए । राजेन्द्र लक्ष्मी देवीको नायवी कालमा लमजुङ बृहत् नेपाल अधिराज्यको अभिन्न अङ्ग भयो । इ.सं. पन्धौँ शताब्दीदेखि गण्डकी प्रसवण क्षेत्रमा शाह वंशको उदय भएको भेटिन्छ । शाह वंशका आदि पुर्खा जैन खानले पाल्पाको हाराहारीमा उत्तरपट्टि लसर्घाको डाँडामा आफ्नो किल्ला जमाएका थिए । जसलाई तीनतिरबाट कालीगण्डकीले घेरेको थियो । त्यही कुलमा जगती खानले शाहको उपाधी धारण गरे । उनको धन, ऐश्वर्य र शक्तिमा बृद्धि भयो । उनले आफ्नो कुललाई नै मण्डन अर्थात् भूषण गरेका हुनाले उनी कुलमण्डन शाहका नामले प्रख्यात भए । कुलमण्डन शाहका सात भाइ छोराहरू मध्ये कालु शाहलाई लमजुङका घले राजाका सन्तानले मारिदिए । त्यसपछि शेषान्त र खसान्त भाइको मतो बाँधेर "घिमिरेको काम्लो र दुराको नाम्लो" कुश्माखर घिमिरे, खजे दुरा, लक्ष्मन दुरा, शुकराज क्याउसा र चामु धिङ्गाल यी पञ्चपुर्खाले कास्कीबाट कुलमण्डन शाहका साहिँला छोरा यशोब्रह्म शाहलाई ल्याएर लमजुङको गद्धीमा बसाले । यिनले मनाङसम्म आफ्नो प्रभुत्व जमाएका थिए । राईनास, लिगलिग र बाहुनडाँडासम्म यिनकै सन्तानले रजाइँ गरेका थिए । पछि द्रव्य शाहले गोरखामा आफ्नो आधिपत्य जमाए । गोरखाका खड्का थरका खसहरूको रजाइँ भएको समयमा त्यहाँका ब्राह्मण, क्षेत्री र मगर जातका मानिसहरू असन्तुष्ट थिए । विजया दशमीको दिन दौडेर राजा छानिने सन्दर्भमा मौका छोपी द्रव्य शाहले गोरखा राज्य हातलाई गरे । यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गण्डकी प्रसवण क्षेत्रमा शाह वंशको भीरकोट, गह्रौं, ढोर, नुवाकोट, सतहुँ, कास्की, लमजुङ र गोरखा यी आठ राज्य खडा भएका हुँदा यिनलाई संयुक्त रूपमा "आठटीका" भनिन्छ ।

यस जिल्लाको जनसंख्यालाई हेर्दा महिला ९१,८११, पुरुष ७५,९१३ गरी जम्मा १,६७,७२४ जना छन् । यस जिल्लाको घरपरिवार संख्या ४२,०७९ छ । नेपालको कूल जनसंख्या २,६४,९४,५०४ मा लमजुङको जनसंख्या प्रतिशत ०.६३ र जनसंख्या बृद्धिदर ०.५५ तथा जनघतन्व ९९ वर्ग कि.मि. छ । (वि.सं. २०६८ को जनगणना अनुसनर) । यस जिल्लाका नागरिकहरूको औषत आयु ६६.१९ वर्ष, जनसंख्या दोब्बर हुन लाग्ने समय ४९.१६ वर्ष र औषत परिवार सदस्य संख्या ४.८५ छ । यस जिल्लाले ओगटेको अंश ०.७७%, लैङ्गिक अनुपात ८.९७ प्रतिशत ११ महिलामा पुरुष देखिन्छ । जनघनत्व प्रति वर्ग कि.मि. १०४-७०६ छ । उत्पादनमा धान, मकै, गहुँ, कोदो, फापर, दलहन, फलफूल, तरकारी, तोरी आदिको खेती गरिन्छ । कृषि सेवा तथा पशु सेवा केन्द्र, उपकेन्द्र, कृत्रिम गर्भाधान तथा दुग्ध चिस्यान केन्द्रहरू पनि छन् । यस जिल्लाको साक्षरता दर ६४.७९ प्रतिशत छ । जसमध्ये महिला ५४.०४ प्रतिशत र पुरुष ७६.७८ प्रतिशत छन् ।

एफ.एम. रेडियो ४ वटा छन् । पत्रपत्रिकाको हकमा दैनिक पत्रिका र पाक्षिक गरी सात वटा पत्र पत्रिका छन् । यस जिल्लाका साबिक ६१ वटै गाविसहरूमा टेलिफोन सेवा पुगेको छ । नमस्ते, सिडिएमए, एनसेल, इमेल, इन्टरनेट आदि सञ्चारका साधन पनि चालू रहेका छन् । यस जिल्लामा सिंचाई गरिएको क्षेत्र १३,९७० हेक्टर, पाइपबाट खानेपानी उपयोग गर्ने ९२%, पक्की शौचालय भएका घरधुरी २५,६०३ छन् । यहाँ लौठ, सल्ला, निरमसी, पिप्ला, यार्चागुम्बा आदि जडिबुटीहरू पाइन्छन् । सडक पुगेका गाविसहरूको संख्या ५९ छ । उपजला धार क्षेत्र संख्या ५० छ । लमजुङ जिल्लामा राष्ट्रिय वाणिज्य बैंक १, नेपाल बैंक लि. २, कृषि विकास बैंक ३ र निजी तथा अन्य वित्तीय संस्थाहरू १४ वटा रहेका छन् । बचत र सहकारी २० वटा छन् । यस जिल्लाको विद्युत उत्पादनको क्षेत्र मध्य मर्स्याङ्दी ७० मेगावाट, खुदी हाइड्रो पावर ४ मेगावाट र सिउडी ५ मेगावाट, उपल्लो मर्स्याङ्दी ५० मेगावाट रहेको छ ।

जातजातिका दृष्टिले हेर्दा यस जिल्लामा बाहुन, क्षेत्री, तामाङ, कामी, सार्की, दमाई, घर्ती, दुरा, नेवार, मगर, ठकुरी, कुमाल र गुरुङ हुन् । ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहेक दशनामी, रानाभाट, वादी, माझी र चेपाङ जातिको समेत बसोबास छ। प्रायः आफ्नै जातिभित्र वैवाहिक सम्बन्ध कायम गर्ने परम्परा छ। विभिन्न धर्म र संस्कृति मान्ने समुदाय भए पनि धार्मिक तथा सांस्कृतिक सहिष्णुता छ। धर्ममा हिन्दु, बौद्ध, इस्लाम, किराँत, इसाइ, प्रकृति, वन, वहाइ मान्ने मानिसहरू रहेका छन्।

२

आफ्ना मनमा लागेका कुरा (विचारको माध्यमबाट) अरूलाई र अरूका मनका कुरा आफूलाई विचार विनिमयको रूपमा सार्थक ध्वनिका साथ प्रदान गरिनु भाषा हो। ब्रेल लिपि भएको र लिपि नै नभएर पनि सुस्त श्रवणहरूका लागि व्यवहारमा ल्याइएको साङ्केतिक प्रविधिलाई भाषा विज्ञानले भाषाको रूपमा मान्यता दिएको छ। संसारभरमा बोलिने करिव ७ हजार भाषाहरू मध्ये नेपालमा १२३ वटा भाषा छन्। ती मध्ये ४ वटाका वक्ता छैनन्। साङ्केतिक भाषा समेत समावेश गरी ११९ वटा भाषा नेपालमा चालू छन्। नेपालमा ५ वटा भाषा परिवार प्रचलित छन्। तिनलाई विभिन्न जातिले बोल्दछन्। भारोपेली, भोट बर्मेली, द्रविडेली र आग्नेली स्थापित भाषाहरू हुन् भने पाचौँ दर्जामा कुसुन्डा भाषा पर्दछ। लमजुङमा १९ वटा भाषा बोलिन्छन्।

लमजुङ जिल्ला साहित्यको उर्वर भूमि हो। पद्मविलास पन्त, कोमलनाथ अधिकारी, डिल्लीजङ्ग गुरुङ, श्रीप्रसाद घिमिरे, नेपाली साहित्यका शिखरपुरुष, राष्ट्रकवि माधवप्रसाद घिमिरे लगायत धेरै कवि/लेखकले साहित्य साधना गरेका छन्। भूगोल, इतिहास, स्वास्थ्य, राजनीति जस्ता अनेकौँ गैह्र साहित्यिक लेखकहरूले पनि कलम चलाएका छन्। यहाँ धेरै साहित्यिक संस्थाहरू छन्। धेरै पत्रपत्रिका प्रकाशित हुन्छन्। साहित्य साधकहलाई पुरस्कृत गर्दै आएका धेरै साहित्यिक पुरस्कार नामक संस्थाहरू छन्। २००७ साल अघिदेखि जमर्को गर्दै आएका र प्रजातन्त्रको उदय तथा पुनः स्थापना पश्चात् खुल्दै आएका धेरै पुस्तकालयहरू छन्। ती मध्ये वेशीसहर स्थित "लक्ष्मीनारायण सामुदायिक पुस्तकालय"को स्थान सर्वोपरि छ। यो पुस्तकालय साधन सम्पन्न, व्यवस्थित र नियमित रूपमा चल्दै आएको छ।

३

नेपाल विभिन्न जाति, धर्म, भाषा र संस्कृतिले समृद्ध मुलुक हो। सबै जाति, धर्म, भाषा र संस्कृतिका बीच एक आपसमा समन्वय र सहिष्णुता पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालका अल्पसंख्याक आदिवासी दुरा जातिको बारेमा योगी नरहरिनाथ, लक्ष्मी आचार्य, नेपाली बृहद् शब्दकोष, मेचीदेखि महाकाली, ज्वालाप्रसाद मिश्र लगायत विभिन्न विद्वान्हरूका भनाइलाई पुष्ट्याइँ गरिएको छ। किंबदन्ती, लेख्य सामग्री तथा आर्य र अनार्यको बारेमा पनि उल्लेख गरिएको छ। साथै आफ्नै संस्कृति र मातृभाषाको आधारमा जनजातिलाई चिनाउने आधार पनि यहाँ उल्लेख गरिएको छ। दुरा जाति मङ्गोल वंशको, बौद्ध धर्मावलम्बी, आफ्नै संस्कृति र मातृभाषा भएको एक जाति हो। मूल पुर्ख्यौली थलो लमजुङ भई अन्य केही जिल्लामा पनि पुगेको मातृभाषा लोप हुन लागेको, अल्प संख्यक जातिका रूपले यो चिनिन्छ। दुरा सेवा समाजको सर्वेक्षण र दुरा भाषा वर्ण निर्धारण पुस्तिकामा उल्लेख भएअनुसार १२ जिल्लामा र राष्ट्रिय जनगणना २०६८ बमोजिम तथ्याङ्क विभागले तयार गरेको अभिलेखअनुसार १० वटा जिल्लामा दुरा जातिको बसोबास भएको देखिन्छ। गुरुङ तथा मगर जातिमा विलय हुँदै जानुका कारण यस जातिको संख्या न्युन (महिला २,९८४ र पुरुष २,४१० गरी जम्मा ५,३९४) देखिएको हो। यस जातिको यथार्थ तथ्याङ्क बारे अझै सर्वेक्षण गर्न बाँकी नै छ। यथार्थमा यस जातिको कूल जनसंख्या १०,००० को हाराहारीमा हुनुपर्दछ।

जन्मदेखि मृत्युपर्यन्त गरिने सम्पूर्ण कर्महरूलाई सामाजिक संस्कार भनिन्छ। दुरा जातिमा प्रचलित संस्कारहरूको विवरण निम्नानुसार छन् : बच्चा जन्मेपछि ३ देखि ११ दिनसम्म बिजोर दिनमा न्वारन गरिन्छ। बच्चाको नाम राख्ने, होम-आहुति गर्ने, घरभित्र गहुँत छर्कने काम गरिन्छ। बच्चा जन्मेको ६ दिनको रातभर सबै जागा गरेर, नाच-गान गरेर बच्चाका छैटी उत्सव मनाइन्छ। छोराको ६ महिनामा र छोरीको पाँच महिनामा पास्नी गरिन्छ। सुरुमा ३ वटी कन्याले त्यसपछि बाबु-आमा लगायत अरूले भात खुवाउने चलन छ। छोरो ५,७ या ९ वर्षको हुँदा शुभ दिन ठहऱ्याई मामाबाट गाईगोठमा लगी छ्योर कर्म (कपाल मुण्डन) गराइन्छ। जेठो छोरा ७ वर्षदेखि १३ वर्ष सम्मको हुँदा मामलीबाट पुटपुटे झार्ने परम्परा हुन्छ। धर्मगुरुको सल्लाह अनुसार काम गरिन्छ। मालीले त्यो बालक लगायत बाबु-आमालाई टीका लगाइदिन्छन्। मामली र धर्मगुरुले बालकको सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दै नयाँ धागो उसको गलामा बाँधिदिन्छन्। सो अवसरमा राम्रो खालको भोज खुवाइन्छ। छोरी १२ वर्षको हुँदा या रजस्वला भएपछि गुन्यूचोलो दिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलन छ। विवाह गर्ने समयमा वर कन्यालाई वर्गचक्रको आधारमा शुभाशुभ हेरेर निर्णय गरिन्छ। दुराका पाँच थर पाँचे, दोर्दे, धिङ्गाल, पुइँ र क्याउसामा कुटुम्बसँगमात्र लेनदेन गरिन्छ। मागी विवाह, प्रेम विवाह र चोरी विवाह (न्युन) समेत गरी तीन किसिमबाट विवाह हुन्छन्। दुलाहाका साथ जन्ती दुलहीकहाँ गएर विधिवत् विवाह गरी दुलही ल्याइन्छ। दुलही भित्र्याएपछि कुखुरो काटेर भाग्यरेखाको रूपमा कलेजो हेरिन्छ।

दुरा जातिमा कुनै व्यक्तिको मृत्यु भएपछि धर्मगुरु (लामा)लाई बोलाएर उनकै निर्देशनअनुसार कर्म गरिन्छ। पाला, ध्वजा, पताका, कलश तथा मेन्डल स्थापना गर्नुपर्छ। पाँच रङ्गको ध्वजालाई प्रकृतिमा पञ्चतत्त्वको प्रतीक मानी लुङ्दो नामले स्थापना गरिन्छ। भगवान् बुद्धलाई मृत्युपछिका आसाका केन्द्र मानेर उनको प्रतीक बनाइन्छ। छोराहरूले लासलाई उठाएर च्यान्डाँडामा पुऱ्याउँछन्। छोरीले कारास गर्ने र प्यूरी दिने काम गर्छन्। पोलेर खाक गराउने वा माटोमूनि गाड्ने परम्परा छ। अस्तुलाई सुरक्षासाथ राखिन्छ। लामा साथैमा हुने, द्याङ्ग्रो र झ्याली बजाउने काम गरिन्छ। अन्त्यष्टिपछि समय मिलाएर अघौं थाल्दछन्। लामाहरू बोलाएर बेद पढाइएको हुन्छ। स्वर्गीय आत्माका लागि पानी, फूल, धूप, बत्ती, फलफूल, अघौं मण्डपमा राखिएको हुन्छ। झ्याली, सहनाई, रीङ, घण्ट, रतुम, थुन्दा, काङ्ली जस्ता अनेकौं बाजा बजाइन्छन्। क्रियापुत्रीहरू चोखो खाएर बस्छन्। राति दिनै वेद पढ्ने र बाजा बजाउने काम भइरहन्छ। शान्ति तथा क्रान्तिका प्रतीकका रूपमा पिठाका अनेकौं तोर्मा बाटिन्छ। ती सबै सामग्री मण्डपमै राखिन्छन्। यसरी काम गरेपछि तीन दिनमा अघौं समाप्त हुन्छ।

वैशाख शुल्क पूर्णिमा भन्दा पन्ध्र दिन अगाडिदेखि घाटु नाच नचाइन्छ। गुरुङ समाज, दुरा समाज र मगर समाजको साझा संस्कृतिको रूपमा घाटुलाई चिनिन्छ। गहना र कपडाले सिँगारिएका रजस्वला नहुँदैका दुई जना केटीलाई नचाउन तयार गरिन्छ। पर्शुराम (पासैरामा) राजा र अम्बवती रानीका प्रतीकका रूपमा तिनलाई खडा गरिएको हुन्छ। लिपपोत गरेर चोखो ठाउँमा पूजा गर्न लगाई गीत र बाद्य वादनका साथ तिनलाई नचाइन्छ। नुहाउने, कपला कोर्ने, चुल्ठी बाट्ने, धैलामा पानी भर्ने ढकियामा फूल टिप्ने जस्ता अनेकौं क्रियाकलाप गराइन्छ। ती दुईका बीचमा विवाह हुन्छ। अम्बवती पतिगृहमा प्रवेश गर्छिन्। ससुरा, सासू, जेठाजु, जेठानीले दिएका गहना कपडाको विवरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत गरिन्छ । राम लक्ष्मण नामका पात्रलाई धनुकाँड लिएर, शिकारी कुकुर सहित शिकार खेल्न जङ्गलमा पठाइन्छ । रामले मृगलाई धनुषले हान्दा एउटा खुट्टो भाचिन्छ तीन खुट्टा टेकेर मृग भाग्छ । रामलक्ष्मण एक काँधमा धनुष पर अर्को काँधमा शिकार फर्किन्छन् । राजालाई शिकार चढाउँछन् । राजाबाट घोडा बकस पाउँछन् । कलकत्ता, मधेस, दिल्ली तथा पर्वतका मैदानमा लक्ष्मणले घोडा कुदाएको प्रसङ्ग आउँछ । पासैरामा जित्ने र रानीले हार्ने खेल खेलाइन्छ । पछि ती सबै चीज रानीले जितेको खेल देखाइन्छ । अनि राजा विदेशिन्छन् । ती सबै चीज हामी दिउँला तिमी फर्केर आऊ भनी राजालाई बोलाइन्छ । राजा फर्केर आउँछन् । रानी अम्बवती गभिर्णी हुन्छिन् । नौ महिना पूरा भएपछि बालकृष्ण जन्मिन्छन् । हर्क बढाइँमा रुपियाँ, घोडा, औंठी उपहार प्राप्त हुन्छन् । अनि बाबा, आमा, फूपू मामा तथा पाहुनालाई कस्तुरीको मासु सहित भोजन गराइन्छ । पासैराजा ढाल र खुँडा लिएर सबैसंग अनुमति मागेर लडाइँमा जान्छन् । नरसिहं राजा र पासैरामा राजाका बीच दिल्ली शहर मैदानमा ठूलो लडाइँ हुन्छ । पासैरामाको दहावसान हुन्छ । कालीकौवा सरिसुगाले खबर ल्याउँछन् । गाउँघरका सबैलाई जानकारी हुन्छ । रानी सती जानुपर्ने हुन्छ । राजाले पालेका कुकुरलाई मासुभात, बिरालालाई दुधभात सरिसुगालाई झिनुवाका चामल, बाहुनलाई खटिया, जोगीलाई मण्डला, बालकलाई हियाराको दुध दिने कुरा आउँछ । छोरालाई आमाका जिम्मा लगाएर अम्बवती रानी सती जान्छिन् । कालीकाठ, कुमारीकाठ, नरिकाठ, श्रीखण्डको काठद्वारा सोला बनाइन्छ । पातपीताम्बरको ध्वजा पताका, चदुवा टाँगिन्छ । गाईको गोबरको कुण्डमा गाईकै दुध राखेर रानीलाई हेर्न लगाइन्छ । रानीले राजाको अनुहार देख्छिन् । सतित्वको पहिचान पनि हुन्छ । रानी सोलामा चाढ्दछिन् । छोराले फूल, अक्षता चढाएर तीन पटक दायाँबाट परिक्रमा गरेर आगो सल्काएको घटना प्रस्तुत गरिन्छ । लास खाक भएपछि नदीको पानीमा बगाइन्छ । सेती गण्डकी र काली गण्डकीको बीच भागलाई स्थान चिनाइएको छ । नदीले खाक बगाएर काशीमा पुऱ्याउँछ । यस अवस्थामा घाटुसारे भुइँमा अचेत जस्ता हुन्छन् । पछि उनीहरूलाई मन्त्रबलले गीतकै रूपबाट जगाइन्छ । दुखान्तः कथा वस्तु यहीं सकिन्छ । अनि यतिन्जेल प्रयोग गरिएका सामग्री लिएर चन्डी स्थानमा जाने काम हुन्छ । चण्डीको पूजा गरी सबै सामग्री – बाँसुरी, त्रिपासा, घोडा, लौरी, धुप, ध्वजा आदि) उही चढाइन्छ । यसै प्रसङ्गमा जोगी नाचको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झलक पनि देखाइन्छ । हास्य व्यङ्ग्य खालका नाच नचाइन्छन् । अनि रमाइला गीत गाउँदै सबै घर घर फर्कन्छन् । वैशाख पूर्णीमाको सेरोफेरो शुभ साइत पारेर घाटु सेलाइन्छ । मनोरन्जनका लागि घाटु सेलाउँदाका अवसरमा कुसुन्डा नाचको प्रयोग गरिन्छ । बाह्रमासे घाटुचाहिँ जुनसुकै समयमा पनि लगाउन सकिन्छ । गाउँघरमा रामरमिता गर्ने अवस्था सिर्जना भएमा यसको प्रयोग गरिन्छ । यसरी दुरा समाजमा घाटु दुई प्रकारका भएको प्रमाण भेटिन्छ ।

गाउँ-घरमा राम-रमिता गर्दा तथा संघ-संस्थाको उत्सव मनाउँदा वा कहीँ सांस्कृतिक प्रतियोगितामा सहभागी हुँदा आफ्नो जातिको पहिचान स्वरूप दुरा जातिले सोरठी नाच प्रस्तुत गर्दछ । नाच, गान र वाद्यवादन सङ्गीतका तीनवटै अङ्ग समावेश गरिएको हुन्छ । गाउँको मुखियाले आफ्नो घर-आँगनमा नाच नचाउन निम्ता गरेको हुन्छ । बटुवा ताल, तगारो खोल्ने ताल, आँगनमा आएपछि आँगन बढार्ने, गुन्द्री बिच्छ्याउने, बत्ती बाल्ने जस्ता सङ्केत गीतको बोलबाट नै प्रस्तुत गरिएको हुन्छ भने साथमा मादल पनि बजाइएको हुन्छ । ढाकान हाल्ने, थपडी ठोक्ने, चारैदिसा बाँधी नाचको गर्रा सुरक्षित हुने विश्वासको गीत गाइन्छ । तीन जना छोरा मान्छे (युवक)मध्ये एउटा राजाको भेषमा र दुईवटा रानीको भेषमा मादलको तालमा नाच्छन् । ८-१० जनाले आफ्नो भेषमा रही मादल बजाउँछन् । पहिले राजाले शिरदेखि पाउसम्म दिएको गहनाको वर्णनमा रानीहरूले फुर्तिला र हँसिला हुन्छन् । पछि राजा मतिहीन भएर तिनै गहना बेचेर खाएको हुँदा आफूहरू रित्तिएर राजाको आसा छैन, अब माइत जाऊँ भनी निस्तेज र निस्क्रिय भई विरहको गीत गाउँछन् । दुरा, गुरुङ र मगर समाजमा यो नाच नचाइन्छ । अरू सांस्कृतिक कार्यक्रममा झैँ समय सापेक्ष गराउन राजाको स्थानमा युवक र रानीको स्थानमा युवतीहरू प्रयोग गर्दा उपयुक्त नै हुन्छ । हिन्दु संस्कृतिको बालनसँगै मिल्ने, पुरुष पात्र मात्र राखिने, गीतको साथमा बाजा बजाइने, सुरक्षाको लागि चारैदिशा बाँध्ने, मूल कर्म गर्नुभन्दा अगाडि पूर्वकर्म (पूर्वाङ्ग) गरिने कुरा बौद्ध संस्कृतिमा पनि भएको हुँदा यी दुईको तुलना गर्न सकिन्छ ।

सोरठी नाच मात्र नचाउने परम्परा पनि छ । सोरठी नाच नचाउँदा "कृष्ण चरित्र"को गीत-गाथा गाउने र नाच नचाउने परम्परा पनि छ । कृष्णचरित्रको अलग्गै लीला प्रस्तुत गर्ने परम्परा पनि छ । यसमा देवकी-वसुदेवको विवाह पूर्व देवकीलाई माग्न आएको प्रसङ्गबाट गीत सुरु हुन्छ । देवकी-वसुदेवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह हुनु, कंस बहिनी पुऱ्याउन बीच बाटोसम्म पुग्नु, बीचमा विश्राम गर्नु, कंसलाई निद्रा लाग्नु, देवकीका सन्तानबाट मृत्यु हुन्छ भन्ने आकाशवाणी हुनु, बहिनीलाई काट्न खोज्नु, वसुदेवले आफ्ना सन्तान बुझाउने कबुल गरेपछि मात्र नकाट्नु, देवकी-वसुदेवलाई कारागारमा राख्नु, सातौँ गर्भसम्मका सन्तान कंसले मार्नु, आठौँ गर्भबाट कृष्ण जन्मनु, कारागार खुल्नु, सिपाही निदाउनु, कृष्ण र देवीलाई साट्नु, ढोका बन्द हुनु, पाले जाग्नु, कंसलाई खबर दिनु, देवी कंसको हातबाट आकासमा पुग्नु, आकासवाणी हुनु, यज्ञ लगाउने सल्लाह हुनु, भाञ्जालाई बोलाउनु, फूल टिप्न पठाउनु, कालीनाग बेरिनु, गरुडले नियन्त्रण गर्नु, देवीले फूल ल्याउनु, कृष्ण झिँगाको रूपले आउनु, फूलको भारी जग्गेमा चढाउँदा कालीनाग हुनु, कालीनागले डसेर कंस मर्नु जस्तो पौराणिक कथाका गीतगाथामा नाच नचाइन्छ ।

ठाडो भाका गीत लमजुङबाट सिर्जना भएको हुँदा "लमजुङे ठाडोभाका" भनिएको हो । शिवरात्रीको सन्दर्भमा कर्पुटरमा, फागुपूर्णिमाको सन्दर्भमा धुल पुरे - भोर्लेटार) मा तीजको दिनमा च्यानपाटामा चैतेदशैंको रामनवमीको दिनमा तुलुङकोट कालिका परिसरमा यो गीत गाइन्छ । गायक मुख्य दुईजना एक पुरुष र एक महिला हुन्छन् भने मादल बजाउने र गीत छोप्ने अरू दुवैथरी हुन्छन् । गायक छोरोमान्छे ठडिएर गीत गाउने र नाच्ने परम्परा भएको हुँदा यसलाई ठाडो भाका भनिएको हो । लमजुङमा यो गीत ज्यादै जनप्रिय छ । तनहुँ कास्की र गोरखामा पनि यसको प्भाव छ । ठाडोभाका गीतका स्रष्टा देउबहादुर दुरा हुन् । यी गीत क्षेत्रीय दृष्टिले लमजुङको पहिचान र सांस्कृतिक दृष्टिले दुरा जातिको निजी पहिचान हो ।

लमजुङ जिल्ला साबिक नेटा गाविस नं १ ठूलो बर्धानमा जन्मिएका देउबहादुर दुरा वि.सं १९५१-१९९३) सानै उमेरदेखि रङ्गरौसमा लाग्ने रोमान्टिक स्वभावका थिए । साथै उनी राम्रार बलिया पनि थिए । ठाडो भाकाको सुरुवात यिनैले गरेका हुन् । १७ वर्षको उमेरमा शिवरात्रीको दिनमा कर्पुटारमा पहिलो पटक यिनले "ठाडोभाका" गीत गाएका थिए । शिवरात्रिको दिन कर्पुटारमा, फागुपुर्णिमाको दिनमा धुलपुरे -भोर्लेटार)मा चैते दशैंमा तुर्लुङ कालिकाको मन्दिर परिसरमा, तिजको दिन च्यान्पाटामा, हरिबोधनी एकादशीको दिन गुम्बाघाट तथा शिशाघाटमा र यदाकदा तिजको दिन जिता सातघरेको ठूलीपोखरी मैदानमा पनि उनले गीत गाएका अभिलेख छन् । मनिराम (ठूलोस्वाँरा) ले मादल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बजाउने, देउबहादुर र पुतली दुराले गीत गाउने गर्दाको एउटा गीतको नमूना यस्तो छः

देउबहादुर तिसको मनिराम बीसको पुतली पन्ध्रकी... ।

यो पहिलो चरण कसैको नि होइन हो सूर्य चन्द्रकी...।

गीतको साथमा अभिनय पनि गर्थे ।

नेटाकी लक्ष्मी दुरा र हाँडीखोलाकै पिचारी दुरासँग उनले धेरै गीत गाएका थिए । अहिले आएर देऊबहादुर दुराको उत्तराधिकारीका रूपमा भेडीखर्के साहिँला (दीर्घराज अधिकारी) स्थापित भएका छन् । दुरा संस्कृतिको संरक्षणमा उनको ठूलो योगदान छ । ठाडोभाका गीत दुरा जातिको संस्कृतिमा आधारित निजी पहिचान र क्षेत्रीय रूपमा लमजुङको पहिचान हो ।

निश्चित परिमाणको फलामको डल्लो या डल्ले ढुङ्गालाई हत्केलामा लिएर निश्चित रेखाभित्र रहेर कुमबाट पछाडि नकटाई सकेसम्म अगाडि टाढा हुर्‍याउने खेल छेलो हो । बलिया बलिया युवाहरू बीच प्रतिस्पर्धाका रूपमा यो खेल खेलिन्छ । शिवरात्रिको भोलिपल्ट कर्पुटारमा, फागुपूर्णिमाको भोलिपल्ट धुल्पुरे (भोर्लेटार)मा, चैतेदशैंको रामनवमीको दिनमा तुर्लुङकोटमा र तीजको दिनमा च्यान्पाटामा यो खेल खेलिन्छ । पछिल्ला दिनहरूमा तिथिमिति मिलाएर सिँदुरेको मैदानमा पनि यो खेल खेलिन्छ । विजयीका टाउकामा साफा गुथाएर, नोटको फूल लगाइदिएर अबिरजात्रा गर्ने चलन छ । ठेलो हान्ने परम्परा देउबहादुर दुराबाट नै थालनी भएको हो । अहिले आएर छिमेकी जिल्लाहरूमा पनि छेलो हान्ने खेलको विकास भएको छ । छेलो हान्ने परम्परा दुरा जातिको निजी पहिचान हो भने क्षेत्रीय दृष्टिले यसको थलनी लमजुङबाट भएको हो । छेलोको आधुनिक रूप सटपुटलाई लिन सकिन्छ । कर्पुटारका महादेवको अति ठूलो महिमा छ । हरेक वर्ष महाशिवरात्रिको दिनमा त्यहाँ ठूलो मेला लाग्छ । तसर्थ कलाकर्मीहरूले आआफ्ना प्रतिभाको प्रदर्शन गर्ने मौका पाउँछन् ।

मदिराजन्य चीज उत्पादन गर्नु दुरा जतिका महिलाहरूको पुर्ख्यौली पेशा हो । त्यस्ता चीजहरूबाट इष्टमित्रहरूको स्वागतका अतिरिक्त घर-व्यवहार चलाउने काममा ठूलो सहयोग मिल्दछ । मदिराजन्य वस्तुमा जाँड र रक्सी पर्दछन् । यी चीज बनाउनका लागि मर्चाको आवश्यकता पर्दछ । विभिन्न बुटीको मात्रा (Dose) मिलाई कोदाको पिठोको साथ मर्चा बनाइन्छ । कोदो पकाएर मर्चा मिलाई जाँड पारिन्छ । जाँडकै रूपरेखाबाट रक्सी पनि पारिन्छ । यी दुबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चीजमा अल्कोहल पाइन्छ । यी चीजको सेवन गर्दा मानिसको शरीरमा लालिमा चढ्दछ । यी नशादार चीज हुन् । दुरा जातिको देवकार्य तथा पितृकार्यमा जाँड-रक्सीलाई प्रयोगमा ल्याइन्छ ।

४

घले शासकहरूले लमजुङमा शासन गर्दै आएर घेर्मु स्थित दरबारमा इटाको प्रयोग गरिएको, दरबार परिसरको पानी जमिनको सतहमुनिबाट व्यवस्थित नाला बनाएर कटाइएको पाइएको छ । त्यसैगरी घलेगाउँमा तिचे उत्तरकन्या देवी रूपी शक्तिपीठको स्थापना गर्नु, पूजाआजा गरेर शान्तिका प्रतीक एक जोर परेवा उडाउनु, पानीपँधेरो तथा पोखरीको उचित एवं नमुनादायक व्यवस्था मिलाउनु, देवीको प्रतीक षटकोण चिन्हलाई व्यवहारमा उतार्नु जस्ता उल्लेखनीय काम गरेको भेटिन्छ । लमजुङमा शाहवंशको स्थापना, राज्य सञ्चालनमा सहयोग जस्ता कार्यमा शेषान्त, खसान्त लगायत सबैको महत्त्वपूर्ण भूमिका रहेको पाइएको छ । त्यसैगरी शाहवंशको स्थापना गराउने कार्यमा र स्थापना पश्चात् पुरानोकोट कालिका, तुर्लुङको कालिका, लमजुङ कालिका लगायत अनेकौं शक्तिपीठहरूको स्थापना गरी समावेशी ढाँचाले तिनको पूजा व्यवस्थापन मिलाउने, तिनको पूजा व्यवस्थापनका लागि विभिन्न शक्तिपीठका नाउँमा विभिन्न ठाउँमा गुठीको व्यवस्था मिलाउनु जस्ता काममा कुश्माखर घिमिरेले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । साथै राज्यको आन्तरिक तथा बाह्य सुरक्षाका लागि कोट, गढीगौँडाको स्थापना गरी सुरक्षाकर्मी तैनाथ गराउने कार्यमा पनि राजगुरु कुश्माखर घिमिरेको योगदान देखिन्छ । त्यस्तै शाह वंशको स्थापना गराउन, राज्यको आन्तरिक तथा बाह्य सुरक्षाका लागि कोट, गढीगौँडाको स्थापना गरी सुरक्षाकर्मी तैनाथ गराउने कार्यमा पनि भारदारिया प्रमुख खजे दुराको योगदान देखिन्छ । शाहवंशको स्थापना गराउने तथा राज्य व्यवस्थापनमा सहयोग पुऱ्याउने कार्यमा अधिकारीको योगदान देखिन्छ । साथै लमजुङ कालिकाका २२ सुसारे तथा रोलक्रम मिलाउने अर्याल समेतको योगदान देखिन्छ । यसरी गरिएका कार्य नेपाल राज्यको विस्तार हुँदै जाँदा प्रेरणाका स्रोत बन्दै गएका हुनाले नेपाल राष्ट्रको प्रागरूप निर्माणमा लमजुङेहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भसामग्री

१. अधिकारी, ऋषिकान्तः २०३८, दुरा जातिको परिचय, ...
२. अधिकारी, वमवहादुर, २०७३, लमजुङको पर्यटनको इतिहास, हाम्रो नवोदित पुस्तक भण्डार, काठमाडौँ ।
३. अधिकारी, रेशमराज, हरिहर घिमिरे : २०६३ , नेपाली समाज र संस्कृति, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ ।
४. आचार्य, लक्ष्मीः ......देवताका सन्तान नेपाली......
५. खनाल, मोहनप्रसाद, २०२६, इतिहास प्रभात (प्रथम खण्ड), काठमाडौँ : पृ.२६–३३
६. गरिमा : श्रावण २०७०, साझाप्रकाशन , पुलचोक, ललितपुर ।
७. गुरुङ, जगमान, २०६४, गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा, पश्चिमाञ्चल विकास मञ्च, काठमाडौँ ।
८. गुरुङ, जगमान,गुरुङ २०३४, जाति तथा संस्कृति, याङ्जाकोट, लेखक स्वयम् ।
९. गुरुङ, जगमान, २०३४, कुलमण्डन शाह, माछापुच्छे, मुखपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०३३।३४, पृ. ३२–५२ ।
१०. गुरुङ, जगमान, २०४१, नेपालको एकीकरणमा गुरुङहरूको भूमिका, पोखराः श्री बौद्ध अर्घौं सदन ।
११. गुरुङ, जगमान, २०४२, शाहवंशको उदय अभिलाषा, युवा विशेषाङ्क, १४५–१५५
१२. गुरुङ, गणेशमान, २०४१, दुरा जातिको सामाजिक अध्ययन, लमजुङः सुरेशबहादुर शाही तथा दुरापरिवार ।
१३. गुरुङ, जगमान, तमु (गुरुङ) संस्कृति एक समीक्षा तमु सुँ ।
१४. घिमिरे,मुक्तिनाथ, २०४९, दुरा भाषाको व्याकरणात्मक स्वरूप, शोधपत्र, त्रि.वि. कीर्तिपुर ।
१५. घिमिरे, मुक्तिनाथ, २०७०, दुराभाषा तथा संस्कृति संरक्षण सम्बन्धी भएका प्रयासहरू र भावी कार्यक्रम, अप्रकाशित प्रतिवेदन, भाषाविज्ञान केन्द्रीय विभाग कीर्तिपुर ।
१६. घिमिरे, मुक्तिनाथ, २०७१, "भाषाविज्ञान समाज नेपाल"को ३५औँ सभा कीर्तिपुरमा प्रस्तुत कार्यपत्र, (अप्रकाशित) ।
१७. घिमिरे, मुक्तिनाथ, २०७२, "भाषाविज्ञान समाज नेपाल" को ३६औँ सभा कीर्तिपुरमा प्रस्तुत कार्यपत्र (अप्रकाशित) ।
१८. जिल्ला दूर सञ्चार कार्यालय, लमजुङ, आ.व.२०७०/२०७१
१९. जिल्ला शिक्षा कार्यालय, लमजुङ, शै.व. २०७०
२०. जिल्ला ऊर्जा तथा वातावरण इ.जि.वि.स., लमजुङ, आ.व.२०७०/०७१
२१. जिल्ला सिंचाइ कार्यालय, लमजुङ, आ.व. २०७०/०७१
२२. जिल्ला विकाश योजना,लमजुङ, आ.व.२०७०/२०७१, २०७१/२०७१, २०७२/२०७३
२३. जोन उड, २०६८/२००८, माइक्रोसफ्टदेखि वाहुनडाँडासम्म (अनुवादकः खगेन्द्र संग्रौला), फाइनप्रिन्ट आइ.एन.सी. ।
२४. ज्योतिःसारः सं.२०४१, श्रीमती कृष्णकुमारी देवी, के. २३ । ११९, दूधविनायक, वाराणसी–१
२५. ज्ञानविन्दुः २०७२, दण्डपाणि अर्ज्याल स्मृतिकेन्द, काठमाडौँ ।
२६. तिलिचोः २०५७, कर्मचारी मिलनकेन्द्र, मनाङ ।
२७. तुलसीदासः सं २०२३, रामचरितमानस ४५ औ संस्करण,मोतिलाल जालान, गीता प्रेस, गोरखपुर ।
२८. थापा, धर्मराज, २०४१, लोकसंस्कृतिको घेरामा लमजुङ, ललितपुरःसाझा प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९. दुरा, गोकुलप्रसाद, २०५६ दुरा जातिको परिचय गोकुलप्रसाद दुरा, काठमाडौँ

३०. दुरा जातिको चिनारी तथा भाषिक अवस्थाः भाषाविज्ञान समाज कीर्तिपुरको ३५औ सभा २०७१ मा प्रस्तुत कार्यपत्र

३१. दुरा जातिको भाषा, परम्परा र संस्कृतिः २०५०, दुरा सेवा समाज, बसुन्धरा, काठमाडौँ ।

३२. दुराडाँडा गा.वि.स.को वस्तुँथिति विवरण, २०६८, लमजुङ ।

३३. दुरा स्मारिका : २०७१, दुरा सेवा समाज, वसुन्धरा, काठमाडौँ

३४. दुर्गा सप्तशती : सं. २०३३, वाबू सागर शर्मा, काठमौँ,नेपाल

३५. धुसेनी गा.वि.स.को वस्तुस्थिति विवरण, २०६८, लमजुङ ।

३६. नेपालका आदिवासी जनजातिहरू : २०५७, दोस्रो संस्करण, जनजाति उत्थान प्रतिष्ठान, कार्यदल ।

३७. नेपाल आदिवासी जनजाति महासंघ : २०६९, वनजङ्जल संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी ासिया जनजातिहरूको भूमिका ।

३८. न्यौपाने, विजयराज २०६८ः लमजुङको साहित्यिक इतिहास, इन्दिरा न्यौपाने, काठमाडौँ

३९. पन्त, दिनेशराज : २०४१, गोरखाको इतिहास (पहिलो भाग), काठमाडौँः लेखक स्वयम् ।

४०. पण्डित बद्रीनाथ सुवेदी स्मृतिग्रन्थ, २०७२ः स्मृतिग्रन्थ प्रकाशन समिति, काठमाडौँ ।

४१. पाण्डे, मधुविलासः२०७१, नेपालका पाण्डे घरानाको इतिहास, नेपाल पाण्डे समाज, केन्द्रीय कार्यालय, काठमाडौँ ।

४२. प्रपन्नाचार्य : २०६४ सातौँ सं. वेदमा के छ ? साझाप्रकाशन , पुलचोक , ललितपुर ।

४३. बालचन्द्र शर्मा : नेपालको इतिहास ।

४४. बाङ्ग्रे गा.वि.स.को वस्तुस्थिति विवरण : २०६८, लमजुङ ।

४५. भक्ति आदर्श दर्पण(स्मारिका), २०७१, भक्ति आदर्श वहुमुखी क्याम्पस, भोटेहोडार, लमजुङ ।

४६. भोर्लेटार गा.वि.स.को वस्तुस्थिति विवरण : २०६८, लमजुङ ।

४७. मानव विकास प्रतिवेदन : २००४ (यु.एन.डि.पी.)

४८. मिलनबिन्दु (स्मारिका) २०७२, नेपाल संस्कृत विश्वविद्यालय , राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, वसुन्धरा, काठमाडौँ

४९. मिश्र, डिल्लीरामः २०५९ नेपाल अधिराज्यमा तनहुँ,

५०. मिश्र, ज्वालाप्रसादः संवत् १९८३, श्री वेङ्कटेश्वर स्टीम मुद्रलालय, बम्बई ।

५१. मेचीदेखि महाकाली : २०३१, भाग ३, पश्चिमाञ्चल विकास क्षेत्र, सूचना विभाग ।

५२. योगी नरहरिनाथ : २०१२, इतिहास प्रकाश, प्रथम अङ्क

५३. योगी नरहरिनाथ : २०१३, स्कन्दपुराण, हिमवत्खण्ड, काशी, योगप्रचारिणी समिति, परिशिष्ट पृ. १०७ ।

५४. योगी नरहरिनाथ : सं. २०१७ इतिहास प्रकाश, दोस्रो अङ्क, तेस्रो भाग

५५. योगी नरहरिनाथ : सं.२०१२, पृथ्वीनारायण शाहको दिव्योपदेश

५६. योगी नरहरिनाथ : सं.२०१३, इतिहासप्रकाश, अङ्क २, भाग ३, काठमाडौँ, इतिहासप्रकाशसङ्घ ।

५७. योगी नरहरिनाथ : सं.२०२२, इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १, बालाराम घर्ती मगर, रोल्पा, मिझिमटार, उपल्लो थर । अहिले सातदोबाटो १५, ललितपुर ।

५८. रजत स्मारिकाः २०४२, श्री शान्ति मा.वि. कुन्छा, लमजुङ ।

५९. रामेश्वर (स्मारिका): २०६४,रामेश्वर पुस्तकालय तथा वाचनालय, भ.न.पा.२, क्षेत्रपुर, चितवन ।

६०. रुद्र स्वर्ण समारिकाः २०७०, श्री रुद्र मा.वि. तार्कुघाट ३, हर्राबोट, लमजुङ ।

६१. रेडप्लस तालिम सहजीकरण सहयोगी पुस्तिका :दोस्रो संस्करण २०७०,नेपाल सरकार वन तथा भू- संरक्षण मन्त्रालय रेड-फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई बबरमहल, काठमाडौँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६२. लमजुङ जिल्लामा जडीबुटी : २०६१, जडीबुटी विकास समिति, जि.वि.स., लमजुङ ।
६३. लमजुङ विद्युत उपभोक्त संस्था : २०६९ ।
६४. लमजुङ संगम "स्मारिका" २०७० कार्तिक, वर्षः २०,अङ्कः ६, लमजुङ पोखरा सम्पर्क समिति पोखरा, कास्की
६५. शब्द संयोजन : २०६३, मार्ग , परिवेश प्रकाशन, काठमाडौँ ।
६६. लेखनाथ अधिकारी स्मृति ग्रन्थः (२०६९), विजया अधिकारी, काठमाडौँ ।
६७. शर्मा, जनकलाल : २०३९, हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, ललितपुर ।
६८. श्रीकान्त अधिकारी स्मृति ग्रन्थः २०७०, श्रीकान्त अधिकारी स्मृति ग्रन्थ प्रकाशन समिति,काठमाडौँ
६९. सतीघाटु, २०६९. दुरा सेवा समाज, वसुन्धरा, काठमाडौँ ।
७०. हाम्रो सिर्जना (२०७१) वर्षः २, अङ्कः १७, साउन । डी.आर. पोखरेल, भरतपुर, चितवन ।

हिन्दीतर्फ

७१. मिश्र, ज्वालाप्रसाद : सं. १९८३, जाति भास्कार, श्रीवेङ्कटेश्वर स्टीम मुद्रणालय, मुम्वई ।

संस्कृततर्फ

७२. कर्मकाण्ड प्रदीपः (इ.१९९५) गीताप्रेस, वाराणसी ।
७३. दुर्गा सप्तसतीः २०३३, गीताप्रेस, वाराणसी ।
७४. पद्मपुराण, गीताप्रेस, वाराणसी, सं. २०६७, गीताप्रेस, वाराणसी, चौबीसौँ पुनः मुद्रण ।
७५. शिवपुराण, गीताप्रेस, वाराणसी । (इ. १९९५), चौखम्बा विद्या भवन वाराणसी, चौथो प्रकाशन ।
७६. संस्कृत साहित्य कोश (इ. १९९५), चौखम्बा विद्या भवन वाराणसी, चौथो प्रकाशन ।
७७. स्कन्दपुराण, गीताप्रेस, वाराणसी सं. २०६७, गीताप्रेस, वाराणसी, चौबीसौँ पुनः मुद्रण ।
७८. हरिवंश पुराण, सं. २०६७, गीताप्रेस, वाराणसी, चौबीसौँ पुनः मुद्रण ।

अङ्ग्रेजीतर्फ

79. Ethnologue: (Languages of Nepal)/: 2012, Linguist Surveyof Nepal (linSuN)
80. Lehmann, W.P . Historical Linguisticsan Introduc
81. J.P. CROSS, (2000)THE THRONE OF STONE
82. A Reconstructed vilage virsion of the Pre–Dawn of the Gorkha Dynasty 1479–1559
83. MANDALA BOOK POINT
84. Kantipath, Kathmandu, Nepal
85. Vaidya, T.R. (1973) Prithi Narayan Shah and his times, unpublished thesis submitted in Allahabad University for D. phill.

पत्रपत्रिकाहरूः

८६. अन्नपूर्णपोस्ट (दैनिक): ५वैशाख, २०६४, काठमाडौँ
८७. अन्तरङ्ग (साप्ताहिक): १ फालुण, २०७०, वेसीशहर,लमजुङ
८८. अन्तरङ्ग (साप्ताहिक): १९ चैत्र, २०७१, बेसीशहर, लमजुङ ।
८९. कान्तिपुर (दैनिक) ८ माघ, २०५२, काठमाडौँ
९०. कान्तिपुर (दैनिक) २१ वैशाख, २०७०, काठमाडौँ
९१. कान्तिपुर (दैनिक) २८ जेठ, २०७२, काठमाडौँ
९२. गोरखापत्र (दैनिक) २१ वैशाख, २०७०, काठमाडौँ
९३. स्पेसटाइम (साप्ताहिक) २२ माघ, २०५८, काठमाडौँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गाउँशहर दरबार परिसरमा स्थापित यशोब्रह्म शाहको शालिक



थान्सिङ्कोट मालिका देवीको पूजासम्बन्धी अधिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दुरा भाषाको जिम्ती लेखन

मोहोरियाकोटमा रहेको कालिका मन्दिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याङ्जाकोटको मौलो र दुर्गा मन्दिर



मध्यनेपाल न.पा.१० हाँडीखोला स्थित देउबहादुर दुरा स्मृति भवन एवम् दुरा सङ्ग्रहालय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुर्लुङकोट गढी ।

मोहोरियाकोटका सिद्धबाबा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बेसीशहर स्थित लक्ष्मीनारायणको मन्दिर

राम शाहका पालाको न्यायप्रणाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री राजराजेश्वरी देवी मन्दिर बाँगे-४ खलकछाप, लमजुङ स्थापना वि.सं.१८३९
(तत्कालीन लमजुङे राजा वीरमर्दन शाहको वि.सं.१८३९ कार्तिक १९ गते तखत हरण पश्चात स्थापना)



वि.सं.१८३९ कार्तिक १९ गते तत्कालीन लमजुङे राजा वीरमर्दन शाहको तखत हरण पश्चात् खलकछाप,बाङ्ग्रेमा वि.सं.१८३९ मा निर्मित दरबार (राजराजेश्वरीको मन्दिर)

दुराडाँडाको च्यानपाटास्थित खजे दुराको हालको सालिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जितामा अवस्थित सातधारेको पँधेरो ।

सुन्दरबजार स्थित बरेटारको पौवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहोरियाकोटमा रहेको भैरव मन्दिर ।

गाउँशहरको बानियाँथुम्काको दलित सङ्ग्रहालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राक्सेकालिका मन्दिर ।

कुन्छा पौवा घर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लमजुङ दरबार ।

मोहोरियाकोट कालिका मन्दिर



बाहुनडाँडामा अवस्थित
कुश्माखर घिमिरेको सालिक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुरा समाजमा प्रचलित सतीघाटु नाचको एक झलक

दुडाँडामा हलोक्रान्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुर्लुङ्कोट कालिका मन्दिर ।

सुत्केरीले उभ्याएको ढुंगा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय

राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका प्रकाशनहरू











प्रकाशोन्मुख कृतिहरू

१. दुल्लु वैश्वानरज्वाला पञ्चकोशीक्षेत्रको सांस्कृतिक सम्पदा

२. किरातजनकृति : नेपालका आदिवासी तथा जनजातिहरूको भाषिक सर्वेक्षण

३. बझाडी लोकसाहित्य र संस्कृति

४. नेपाली भाषा तथा संस्कृतिको विकासमा दलित समुदायको भूमिका

9 789937 060936

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu